*"समृद्ध भीरकोटको आधार: कृषि, पर्यटन र सबल शहरी पूर्वाधार"*

# दोस्रो पञ्चवर्षीय योजना

## (आर्थिक वर्ष २०८३/८४ – २०८७/८८)

**भीरकोट नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

बयरघारी, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

आषाढ, २०८३

*“समृद्ध भीरकोटको आधार: कृषि, पर्यटन र सबल शहरी पूर्वाधार”*

# दोस्रो पञ्चवर्षीय योजना

## (आर्थिक वर्ष २०८३/८४ – २०८७/८८)

**भीरकोट नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**बयरघारी, स्याङ्जा**

**गण्डकी प्रदेश, नेपाल**

**आषाढ, २०८३**

**प्रकाशक:**

भीरकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बयरघारी, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

फोन: ०६३४००१०६, ०६३४००१०७

इमेल: info@bheerkotmun.gov.np

वेबसाइट: https://bheerkotmun.gov.np

Facebook: https://www.facebook.com/bheerkotmun

Youtube: https://www.youtube.com/channel/UCgdKm46cOYOjHrGxf6-ZaKg

**© प्रतिलिपि अधिकार**
**भीरकोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बयरघारी, स्याङ्जा**

"समृद्ध भीरकोटको आधारः कृषि, पर्यटन आँधीखोलाको उपहार"

# भीरकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बयरघारी, स्याङ्जा

पत्र संख्याः २०८२/०८३ | गण्डकी प्रदेश, नेपाल



## शुभकामना

भीरकोट नगरपालिकाको आगामी ५ बर्षको आर्थिक, सामाजिक तथा पूर्वाधार विकासका गतिविधिलाई मार्गदर्शन गर्ने गरी "समृद्ध भीरकोटको आधार, कृषि, पर्यटन र सवल शहरी पूर्वाधार" को दिर्घकालिन सोच सहित भीरकोट नगरपालिकाको दोस्रो पञ्चवर्षिय योजना (आ.व. २०८३/०८४-२०८७/०८८) तर्जुमा गरिएको छ र सोहि अनुरुप अघि बढ्ने गरी क्षेत्रगत लक्ष्य उद्देश्य, रणनीति तथा कार्यनीति तय गरेको छ । भीरकोट नगरपालिकाको विकास र समृद्धिको यात्रामा प्रथम आवधिक योजनाको कार्यान्वयनका सिलशिलामा देखा परेका चुनौतिको पहिचान गर्दै तिनको समाधानका लागि समेत स्पष्ट मार्गचित्र प्रस्तुत गरेको छ ।

योजनावद्ध विकासले सरकारका कार्यशैली तथा गन्तव्यलाई निर्धारित लक्ष्य प्राप्त गरी लक्ष्य प्राप्तितर्फ उन्मुख बनाउन महत्वपूर्ण भूमिका खेल्दछ । नागरिकको माग चाहना तथा आवश्यकतालाई औचित्यताको आधारमा संवोधन गर्दै अघि बढ्न यस आवधिक योजनाले हामीलाई मार्गप्रशस्त गर्नेछ । प्रथम आवधिक योजनाले राखेका लक्ष्यमध्ये भौतिक पूर्वाधार विकासतर्फ आशातीत प्रगति भएको तर आर्थिक, सामाजिक क्षत्रतर्फ अझै कसरत गर्नुपर्ने देखिएको छ । स्थानीय तहको राजश्व क्षमता सिमितताका कारण पनी कतिपय लक्ष्य प्राप्तिमा चुनौती देखिएको छ । यद्यापी संघ, प्रदेश सरकार सँग सहकार्य र समन्वय गर्दै समग्र भीरकोट नगरपालिकाको विकास र समृद्धिको यात्रालाई यस योजनाले थप गतिशिल बनाउनेछ । हालसम्मको योजना तर्जुमा, बजेट विनियोजन, नीतिगत प्राथमिकता तथा कार्यान्वयनको अनुभवलाई दोस्रो पञ्चवर्षिय योजना तर्जुमा गर्दा सिकाईको रुपमा ग्रहण गरिएको छ ।

नगरवासीका असिमित माग, आवश्यकता र नगरपालिकाको आम्दानिबीच तादम्यता कायम गर्दै प्राथमिकताका आधारमा भीरकोट नगरपालिकाका सबै क्षेत्रमा न्यूनतम शहरी पूर्वाधारको विकास र सोको उपयोग गर्ने गरी यस योजनालाई कार्यान्वयनयोग्य, यथार्थपरक र नतिजामूलक बनाउने प्रयास गरिएको छ । नगरपालिकाको विकास निर्माण र प्रक्रियामा देखिएका वास्तविक अवरोधलाई संवोधन गर्दै यस अवधिमा अवलम्वन गर्नुपर्ने रुपान्तरणकारी रणनीति तथा प्रमुख कार्यक्रम यस योजनामा समावेश छन् । भीरकोट नगरपालिकाको दोस्रो आवधिक योजना तयार गर्ने क्रममा अमूल्य सुझाव, सहयोग तथा राय प्रदान गर्नुहुने उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सम्पूर्ण कार्यपालिका सदस्य, शाखा प्रमुख, वडा सदस्य, वुद्धिजिवी, समाजसेवी, गै.स.स., सम्पूर्ण कर्मचारी तथा सम्बद्द सबै आम नागरिकलाई धन्यवाद ज्ञापन गर्दछु । साथै योजना निर्माणको लागि अहोरात्र खटिनुभएका परामर्शदाता श्री फोर जि इन्जिनियरिङ सोलुसन लाई समेत विशेष धन्यवाद दिदै यस योजनाको पूर्ण र सफल कार्यान्वयनको शुभकामना व्यक्त गर्दछु ।

..................
गोविन्द कुमार कर्माचार्य
नगर प्रमुख

“समृद्ध भीरकोटको आधारः कृषि, पर्यटन आँधीखोलाको उपहार”

# भीरकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बयरघारी, स्याङ्जा

पत्र संख्याः २०८२/०८३ गण्डकी प्रदेश, नेपाल

भीरकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय बयरघारी, स्याङ्जा २०७३



## शुभकामना

भीरकोट नगरपालिकाले स्थानीय सरकारको क्षेत्राधिकार भित्र रही दोस्रो आवधिक योजना (२०८३/०८४-२०८७/०८८) "समृद्ध भीरकोटको आधार कृषि, पर्यटन र सबल शहरी पूर्वाधार" को दीर्घकालीन सोचसहित तर्जुमा गरेको छ । भीरकोट नगरपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक वातावरणीय र सुशासनका विषय क्षेत्रमा यस आवधिक योजना महत्वपूर्ण कोसेढुङ्गा साबित हुने विश्वास लिएको छु ।

आवधिक योजनाले निश्चित अवधिभित्र निर्धारित लक्ष्य प्राप्त गर्नका लागि अवलम्बन गरिने रणनैतिक क्रियाकलापलाई समेट्नेछ । भीरकोट नगरपालिकाको भौगोलिक, सामाजिक, आर्थिक र सांस्कृतिक विविधतालाई सम्बोधन गर्दै समृद्ध भीरकोट र सुखी भीरकोटबासी बनाउने लक्ष्यका साथ यो आवधिक योजना तर्जुमा गरिएको छ । नागरिकका आवश्यकता र मागलाई औचित्यताको आधारमा प्राथमिकीकरण गर्दै योजनालाई वस्तुनिष्ठ र सहभागीमुलक बनाउने प्रयास गरिएको छ । जसले अन्ततोगत्वा नागरिकप्रति अपनत्वबोध सिर्जना हुने साथै जनप्रतिनिधि र कर्मचारीमा कार्यान्वयन प्रति जवाफदेहीता अभिवृद्धि हुनेछ ।

स्थानीय सरकारलाई नागरिकको घरदैलोको सरकार समेत भनिन्छ । तसर्थ नागरिकका दिनानुदिन आवश्यकता भएका विषयलाई नीतिगत र कार्यक्रमगत रुपमा नै समावेश गरिएको छ । यस क्षेत्रका बुद्धिजीवी, समाजसेवी, शिक्षक, आमा जनता, आम जनता तथा कार्यपालिका एवम् वडा तहबाट अमूल्य सुझाव लिएर अन्तरक्रियात्मक र सहभागीतापूर्ण तवरले निर्माण निर्मित यस योजनाको सफलतम कार्यान्वयनका लागि सरोकारवाला सबै पक्षको सकारात्मक र रचनात्मक सहयोग हुनेनै छ भन्ने अपेक्षा गरेको छु ।

अन्तमा भीरकोट नगरपालिकाको यो दोस्रो आवधिक योजना निर्माण कार्यमा अनवरत रुपमा खटिनुहुने नगर प्रमुख, प्रमुख प्रशासकिय अधिकृत, वडा अध्यक्षहरु, कार्यपालिका सदस्य शाखा प्रमुखहरु, वडा सदस्य, गैरसरकारी संस्थाहरु, सम्पूर्ण नागरिक वर्ग तथा परामर्शदाता संस्था श्री फोरजी इन्जिनियरिङ सोलुसन लाई हृदयदेखि आभार व्यक्त गर्दै यस योजनाको सफल कार्यान्वयनको शुभकामना व्यक्त गर्दछु ।

..................

भगवती रेग्मी अर्याल
नगर उपप्रमुख

"समृद्ध भीरकोटको आधारः कृषि, पर्यटन आँधीखोलाको उपहार"

# भीरकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बयरघारी, स्याङ्जा

पत्र संख्याः २०८२/०८३ | गण्डकी प्रदेश, नेपाल



## शुभकामना

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनासँगै मुलुकमा तिन सरकारको क्रियाशीलता छ । संविधान तथा कानून प्रदत्त अधिकारको प्रयोग गर्दै स्थानीय तहले मूलतः कानून, योजना, बजेट तर्जुमा तथा कार्यान्वयन, सेवा प्रवाह व्यवस्थापन, विकास व्यवस्थापन, सामाजिक न्याय जस्ता लोककल्याणकारी कार्यहरुमा आफ्नो क्रियाकलाप सञ्चालन गरेका छन् । भीरकोट नगरपालिकाले दोस्रो पञ्चवर्षीय आवधिक योजना (२०८३/०८४-२०८७/०८८) मार्फत नगरपालिकाको आर्थिक, सामाजिक, पूर्वाधार विकास, सुशासन तथा संस्थागत विकासका गतिविधिलाई मार्गनिर्देशन गर्ने गरी यो आवधिक योजना तर्जुमा गरेको छ ।

भीरकोट नगरपालिकाको प्रथम आवधिक योजनाको कार्यान्वयनबाट आर्थिक, सामाजिक, पूर्वाधार विकासका क्षेत्रमा आशातीत उपलब्धि हासिल भएका छन् । नागरिकको माग र आवश्यकता तथा स्रोत साधनको उपलब्धता बीचको सन्तुलन विन्दु पहिचान गरी प्रक्षेपित लक्ष्य र उपलब्धि हासिल गर्न चुनौतीपूर्ण नै छ । यद्यपी विकासका आयाममा देखिएको गतिशीलता नवीनतम प्रशासकीय अभ्यास, बढ्दो सूचना प्रविधिको विकास सँगैका नवीनतम लक्ष्यलाई पहिचान र उपयोग गर्दै दोस्रो आवधिक योजनाले लिएको "समृद्ध भीरकोटको आधार कृषि पर्यटन र सवल शहरी पूर्वाधार" को सोच तदअनुरुपका लक्ष्य, रणनीति, कार्यनीति र कार्यक्रमलाई नतिजामूलक र वस्तुनिष्ठ तवरले कार्यान्वयन हुने विश्वास लिएको छु ।

योजनागत नीति, लक्ष्य, कार्यनीति रणनीतिको पुञ्ज मात्र नभई यो लक्ष्य प्राप्तिको महत्वपूर्ण रणनैतिक औजार समेत हो । यस योजनाले अवको ५ वर्षमा भीरकोट नगरपालिकाको शासकीय गतिविधिले कस्तो रुप धारण गर्छ भन्ने चित्रलाई सगौरव प्रस्तुत गरेको छ । योजनाको लक्ष्य, नीति, कार्यनीति बमोजिम प्रत्येक आर्थिक वर्षका नीति कार्यक्रम बजेट तथा प्राथमिकता मुलप्रवाहीकरण हुन अति आवश्यक छ । तसर्थ सम्पूर्ण जनप्रतिनिधिहरु र कर्मचारी वर्गलाई यस विषयमा संवेदनशील रहन विनम्र अनुरोध गर्दछु । योजना महत्वाकांक्षी बन्ने तर कार्यान्वयनमा उदासीनता रहँदा आशातीत प्रगति हासिल हुन नसक्ने विगतदेखिको चुनौती चिर्नका लागि हामी सबै सरोकारवालाको सक्रियता र सार्थक सहभागिता अनिवार्य छ ।

स्थानीय शासनको करिव १ दशकको शासकीय अनुभव, प्रथम पञ्चवर्षीय योजना तर्जुमा र कार्यान्वयनको अनुभव र सिकाईलाई ध्यानमा राखी यस योजनाको सफलतम कार्यान्वयनले भीरकोट नगरपालिकालाई सवल शहरी पूर्वाधार सहितको उत्कृष्ट नगरपालिकाको सूचिमा समावेश हुने विश्वास लिएको छु । अन्त्यमा समग्र भीरकोटबासीको जिवनमा अनुभूतियोग्य सकारात्मक परिवर्तन ल्याउन यस दोस्रो पञ्चवर्षिय योजना तर्जुमा प्रक्रियामा आहोरात्र खटिनुभएका श्रदेय नगर प्रमुख ज्यू, नगर उपप्रमुख ज्यू, सम्पुर्ण शाखा प्रमुख, वडा अध्यक्षहरु, वडा सदस्य, सबै कर्मचारी, वुद्धिजिवी, समाजसेवी तथा परामर्शदाता संस्था श्री फोरजी इन्जिनियरिङ सोलुसनलाई हृदयदेखी नै आभार व्यक्त गर्दै यस योजनाको सफल कार्यान्वयनको शुभकामना व्यक्त गर्दछु ।

..............................
लक्ष्मण लम्साल
प्रमुख प्रशासकीय अधिकृत

# संक्षिप्त नाम (Abbreviation)

ANC = Antenatal Care
CMA= Community Medicine Assistant
COPOMIS = Cooperative and Poverty Management Information System
DHIS = District Health Information System
ECD = Early Childhood Development
EFT = Electronic Funds Transfer
E-Governance = Electronic Governance
EHMIS =Electronic Health Management Information System
EIA = Environmental Impact Assessment
GER = Gross Enrollment Rate
GIR= Gross Intake Rate
GIS = Geographic Information System
ICT = Information and Communication Technology
IEE = Initial Environmental Examination
IEMIS =Integrated Education Management Information System
MEDPA = Micro-Enterprise Devlopment for Poverty Alleviation
MTMP = Municipal Transport Master Plan
NER = Net Enrollment Rate
NIR= Net Intake Rate
NP = Nepal
O &M Survey = Organization and Management Survey
PNC = Postnatal Care
PPC = Pre-Primary Class
PRN = Provincial Road. Network
RCC =Reinforced Cement Concrete
SRN =Strategic Road Network
SuTRA = Sub-National Treasury Regulatory Application
गप्र= गण्डकी प्रदेश
गा.वि.स. = गाउँ विकास समिति
कि.मि.= किलोमिटर
मे.टन= मेट्रिक टन

# विषयसूची


१.१ पृष्ठभूमि ........ 1
१.२ आवधिक योजनाको अवधारणा ........ 1
१.३ आवधिक योजना तर्जुमाका उद्देश्य ........ 2
१.४ आवधिक योजना तर्जुमा प्रक्रिया ........ 2
१.४.१ आवधिक योजना तर्जुमा गर्ने नीतिगत निर्णय एवं पूर्व तयारी ........ 2
१.४.२ प्रारम्भिक छलफल तथा अभिमुखीकरण गोष्ठी ........ 2
१.४.३ सन्दर्भ सामग्रीहरूको सङ्कलन तथा अध्ययन ........ 2
१.४.४ वडागत योजना तर्जुमा गोष्ठी ........ 2
१.४.५ तथ्याङ्क तथा सूचनाहरूको विश्लेषण ........ 3
१.४.६ समस्या तथा चुनौती र अवसर तथा सम्भावनाहरूको पहिचान ........ 3
१.४.७ नगरपालिकास्तरीय योजना तर्जुमा गोष्ठी ........ 3
१.४.८ योजना मस्यौदा लेखन तथा प्रेषण ........ 3
१.४.९ योजना प्रमाणीकरण कार्यशाला ........ 3
१.४.१० योजनाको अन्तिम दस्तावेज स्वीकृति र प्रकाशन ........ 3
परिच्छेद २ : भीरकोट नगरपालिकाको वस्तुस्थिति विवरण ........ 4
२.१ भीरकोट नगरपालिकाको संक्षिप्त परिचय ........ 4
२.१.१ नगरपालिकाको भौगोलिक अवस्थिति ........ 4
२.१.२ भीरकोट नगरपालिकाको वडा विभाजन ........ 4
२.१.३ भू बनोट तथा हावापानी ........ 5
२.१.४ नदीनाला तथा ताल तलैया ........ 5
२.१.५ भू उपयोग अवस्था ........ 5
२.१.६ जनसाङ्ख्यिक अवस्था ........ 5
२.२ आर्थिक विकासको अवस्था ........ 8
२.२.१ कृषि तथा खाद्य सुरक्षा ........ 8
२.२.२ पशुपन्छीपालन ........ 10
२.२.३ पर्यटन तथा संस्कृति ........ 10
२.२.४ सिँचाइ पूर्वाधार ........ 11
२.२.५ पेशा, आम्दानी र रोजगारीको अवस्था ........ 12
२.२.६ स्थानीय बजार तथा व्यापारिक केन्द्र ........ 12
२.२.७ मानव विकास र गरिबी ........ 13
२.२.८ बैंक तथा वित्तीय संस्था ........ 13
२.३ सामाजिक विकासको अवस्था ........ 13

२.३.१ शैक्षिक अवस्था ........ 13
२.३.२ स्वास्थ्य ........ 14
२.३.३ खानेपानी तथा सरसफाइको अवस्था ........ 15
२.३.४ इन्धन प्रयोगको अवस्था ........ 15
२.३.५ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ........ 16
२.३.६ भाषा, साहित्य, परम्परा संस्कृति संरक्षण तथा प्रवर्द्धन ........ 16
२.३.७ युवा तथा खेलकुद ........ 16
२.४ पूर्वाधार विकासको अवस्था ........ 17
२.४.१ यातायात पूर्वाधार ........ 17
२.४.२ आवासको अवस्था ........ 17
२.४.३ सूचना सञ्चार तथा प्रविधि ........ 18
२.४.४ ऊर्जा ........ 18
२.५ वन, वातावरण तथा विपद् व्यवस्थापन ........ 19
२.६ सुशासन तथा संस्थागत व्यवस्था ........ 19
२.६.१ स्थानीय नीति, कानून तथा सुशासन ........ 19
२.६.२ संगठनात्मक विकास र आर्थिक प्रशासन ........ 20
२.६.३ स्रोत परिचालन ........ 20
२.७ प्रथम आवधिक योजना (२०७६/७७ – २०८०/८१) को समीक्षा ........ 21
परिच्छेद ३: समष्टिगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति ........ 24
३.१ पृष्ठभूमि ........ 24
३.२ प्रमुख अवसर तथा सम्भावनाहरू ........ 24
३.२.१ प्रमुख अवसरहरू ........ 24
३.२.२ प्रमुख सम्भावनाहरू ........ 25
३.३ प्रमुख समस्या तथा चुनौतीहरू ........ 26
३.३.१ प्रमुख समस्याहरू ........ 26
३.३.२ प्रमुख चुनौतीहरू ........ 27
३.४ भीरकोट नगरपालिकाको विकासका मार्गनिर्देशक सिद्धान्तहरू ........ 27
३.५ दिगो विकास लक्ष्यसँग आवधिक योजनाको सम्बन्ध ........ 28
३.६ नेपालको दीर्घकालीन सोचसँग सम्बन्ध ........ 29
३.७ सोह्रौं योजनासँगको आबद्धता ........ 29
३.८ गण्डकी प्रदेशको दोस्रो योजनासँगको आबद्धता ........ 29
३.९ दोस्रो आवधिक योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति ........ 30
३.९.१ दीर्घकालीन सोच ........ 30
३.९.२ समष्टिगत लक्ष्य ........ 30

३.९.३ समष्टिगत उद्देश्य ........ 30
३.९.४ परिमाणात्मक लक्ष्य ........ 30
३.९.५ समष्टिगत रणनीति तथा कार्यनीति ........ 32
३.१० वित्तीय व्यवस्थापन ........ 35
३.१०.१ नगरपालिकाको आय व्यय अवस्था ........ 35
३.१०.२ वित्तीय लगानी र खर्च बेहोर्ने स्रोत ........ 47
३.११ योजनाहरूको प्राथमिकीकरणका आधार ........ 51
परिच्छेद ४: आर्थिक विकास क्षेत्र ........ 52
(क) पृष्ठभूमि ........ 52
(ख) विद्यमान अवस्था, अवसर र सम्भावना ........ 52
(ग) आर्थिक विकास क्षेत्रको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ........ 52
४.१ कृषि विकास तथा खाद्य सुरक्षा ........ 53
४.१.१ पृष्ठभूमि ........ 53
४.१.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती ........ 54
४.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ........ 55
४.१.४ रणनीति र कार्यनीति ........ 55
४.१.५ विस्तृत कार्यक्रम ........ 57
४.१.६ नतिजा खाका ........ 59
४.२ पशुपन्छी तथा मत्स्य विकास ........ 63
४.२.१ पृष्ठभूमि ........ 63
४.२.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती ........ 63
४.२.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ........ 64
४.२.४ रणनीति र कार्यनीति ........ 64
४.२.५ विस्तृत कार्यक्रम ........ 66
४.२.६ नतिजा ........ 68
४.३ पर्यटन विकास ........ 71
४.३.१ पृष्ठभूमि ........ 71
४.३.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती ........ 71
४.३.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ........ 72
४.३.४ रणनीति र कार्यनीति ........ 72
४.३.५ विस्तृत कार्यक्रम ........ 74
४.३.६ नतिजा ........ 76
४.४ उद्योग, वाणिज्य तथा आपूर्ति ........ 78
४.४.१ पृष्ठभूमि ........ 78

४.४.२ विद्यमान अवस्था, सबल पक्ष दुर्बल पक्ष, अवसर र चुनौती ........ 78
४.४.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ........ 79
४.४.४ रणनीति र कार्यनीति ........ 79
४.४.५ विस्तृत कार्यक्रम ........ 81
४.४.६ नतिजा ........ 82
४.५ सहकारी तथा वित्तीय संस्था ........ 84
४.५.१ पृष्ठभूमि ........ 84
४.५.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती ........ 84
४.५.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ........ 85
४.५.४ रणनीति र कार्यनीति ........ 85
४.५.५ विस्तृत कार्यक्रम ........ 87
४.५.६ नतिजा ........ 88
४.६ भूमि व्यवस्था ........ 889
४.६.१ पृष्ठभूमि ........ 889
४.६.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती ........ 889
४.६.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ........ 90
४.६.४ रणनीति र कार्यनीति ........ 90
४.६.५ विस्तृत कार्यक्रम ........ 91
४.६.६ नतिजा ........ 92
४.७ सिँचाइ ........ 93
४.७.१ पृष्ठभूमि ........ 93
४.७.२ विद्यमान अवस्था, सबल पक्ष दुर्बल पक्ष अवसर र चुनौती ........ 93
४.७.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ........ 94
४.७.४ रणनीति र कार्यनीति ........ 94
४.७.५ विस्तृत कार्यक्रम ........ 96
४.७.६ नतिजा ........ 97
परिच्छेद ५: सामाजिक विकास क्षेत्र ........ 99
(क) पृष्ठभूमि ........ 99
(ख) विद्यमान अवस्था, अवसर र सम्भावना ........ 99
(ग) दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य र रणनीति ........ 99
५.१ शिक्षा, विज्ञान तथा प्रविधि ........ 100
५.१.१ पृष्ठभूमि ........ 100
५.१.२ विद्यमान अवस्था, सबल पक्ष दुर्बल पक्ष अवसर र चुनौती ........ 101
५.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ........ 102

५.१.४ रणनीति र कार्यनीति ........ 103
५.१.५ विस्तृत कार्यक्रम ........ 1044
५.१.६ नतिजा ........ 1077
५.२ आधारभूत स्वास्थ्य तथा पोषण ........ 110
५.२.१ पृष्ठभूमि ........ 110
५.२.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती ........ 110
५.२.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ........ 111
५.२.४ रणनीति र कार्यनीति ........ 111
५.२.५ विस्तृत कार्यक्रम ........ 113
५.२.६ नतिजा ........ 115
५.३ भाषा, साहित्य, कला, संस्कृति र सम्पदा ........ 118
५.३.१ पृष्ठभूमि ........ 118
५.३.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती ........ 118
५.३.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ........ 119
५.३.४ रणनीति र कार्यनीति ........ 119
५.३.५ विस्तृत कार्यक्रम ........ 120
५.३.६ नतिजा ........ 121
५.४ युवा तथा खेलकुद ........ 122
५.४.१ पृष्ठभूमि ........ 122
५.४.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती ........ 122
५.४.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ........ 123
५.४.४ रणनीति र कार्यनीति ........ 123
५.४.५ विस्तृत कार्यक्रम ........ 125
५.४.६ नतिजा ........ 126
५.५ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ........ 128
५.५.१ पृष्ठभूमि ........ 128
५.५.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती ........ 128
५.५.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ........ 129
५.५.४ रणनीति र कार्यनीति ........ 130
५.५.५ विस्तृत कार्यक्रम ........ 133
५.५.६ नतिजा ........ 135
५.६ खानेपानी तथा सरसफाइ ........ 139
५.६.१ पृष्ठभूमि ........ 139
५.६.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती ........ 139
५.६.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ........ 140

५.६.४ रणनीति र कार्यनीति ........ 141
५.६.५ विस्तृत कार्यक्रम ........ 142
५.६.६ नतिजा ........ 143
परिच्छेद ६: भौतिक पूर्वाधार विकास क्षेत्र ........ 145
(क) पृष्ठभूमि ........ 145
(ख) विद्यमान अवस्था, अवसर र सम्भावना ........ 145
(ग) दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति ........ 145
६.१ ऊर्जा (विद्युत् तथा वैकल्पिक ऊर्जा) ........ 146
६.१.१ पृष्ठभूमि ........ 146
६.१.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती ........ 146
६.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ........ 147
६.१.४ रणनीति र कार्यनीति ........ 147
६.१.५ विस्तृत कार्यक्रम ........ 149
६.१.६ नतिजा ........ 150
६.२ सडक तथा पुल ........ 151
६.२.१ पृष्ठभूमि ........ 151
६.२.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती ........ 151
६.२.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ........ 152
६.२.४ रणनीति र कार्यनीति ........ 152
६.२.५ विस्तृत कार्यक्रम ........ 154
६.२.६ नतिजा ........ 156
६.३ भवन निर्माण, आवास तथा शहरी विकास ........ 158
६.३.१ पृष्ठभूमि ........ 158
६.३.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती ........ 158
६.३.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ........ 159
६.३.४ रणनीति र कार्यनीति ........ 159
६.३.५ विस्तृत कार्यक्रम ........ 161
६.३.६ नतिजा ........ 162
६.४ सूचना तथा सञ्चार प्रविधि ........ 164
६.४.१ पृष्ठभूमि ........ 164
६.४.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती ........ 164
६.४.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ........ 165
६.४.४ रणनीति र कार्यनीति ........ 165
६.४.५ विस्तृत कार्यक्रम ........ 167

६.४.६ नतिजा ........ 168

परिच्छेद ७: वन, वातावरण तथा विपद् व्यवस्थापन ........ 169
(क) पृष्ठभूमि ........ 169
(ख) विद्यमान अवस्था, अवसर र सम्भावना ........ 169
(ग) दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य र रणनीति ........ 169
७.१ वन तथा जैविक विविधता ........ 170
७.१.१ पृष्ठभूमि ........ 170
७.१.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती ........ 171
७.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ........ 172
७.१.४ रणनीति र कार्यनीति ........ 172
७.१.५ विस्तृत कार्यक्रम ........ 173
७.१.६ नतिजा ........ 174
७.२ वातावरण संरक्षण र फोहरमैला व्यवस्थापन ........ 175
७.२.१ पृष्ठभूमि ........ 175
७.२.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती ........ 175
७.२.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ........ 176
७.२.४ रणनीति र कार्यनीति ........ 176
७.२.५ विस्तृत कार्यक्रम ........ 177
७.२.६ नतिजा ........ 178
७.३ विपद् व्यवस्थापन र जोखिम न्यूनीकरण ........ 180
७.३.१ पृष्ठभूमि ........ 180
७.३.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती ........ 180
७.३.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ........ 181
७.३.४ रणनीति र कार्यनीति ........ 181
७.३.५ विस्तृत कार्यक्रम ........ 182
७.३.६ नतिजा ........ 184

परिच्छेद ८: सुशासन तथा संस्थागत विकास ........ 186
(क) पृष्ठभूमि ........ 186
(ख) विद्यमान अवस्था, अवसर र सम्भावना ........ 186
(ग) दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति ........ 187
८.१ न्याय प्रणालीको सुदृढीकरण ........ 188
८.१.१ पृष्ठभूमि ........ 188
८.१.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती ........ 188
८.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ........ 189

८.१.४ रणनीति र कार्यनीति ........ 189
८.१.५ विस्तृत कार्यक्रम ........ 190
८.१.६ नतिजा ........ 190
८.२ संस्थागत विकास र सेवा प्रवाह ........ 192
८.२.१ पृष्ठभूमि ........ 192
८.२.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती ........ 192
८.२.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ........ 194
८.२.४ रणनीति र कार्यनीति ........ 194
८.२.५ विस्तृत कार्यक्रम ........ 196
८.२.६ नतिजा ........ 198
८.३ वित्तीय सुशासन ........ 200
८.३.१ पृष्ठभूमि ........ 200
८.३.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती ........ 200
८.३.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ........ 201
८.३.४ रणनीति र कार्यनीति ........ 201
८.३.५ विस्तृत कार्यक्रम ........ 202
८.३.६ नतिजा ........ 203
८.४ स्रोत परिचालन तथा योजना व्यवस्थापन ........ 204
८.४.१ पृष्ठभूमि ........ 204
८.४.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती ........ 204
८.४.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति ........ 205
८.४.४ रणनीति र कार्यनीति ........ 206
८.४.५ विस्तृत कार्यक्रम ........ 207
८.४.६ नतिजा ........ 208
परिच्छेद ९: तथ्याङ्क प्रणाली, योजना तर्जुमा र कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन ........ 209
९.१ तथ्याङ्क प्रणाली ........ 209
९.१.१ पृष्ठभूमि ........ 209
९.१.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्वल पक्ष अवसर र चुनौती ........ 209
९.१.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति ........ 210
९.१.४ रणनीति र कार्यनीति ........ 210
९.१.५ विस्तृत कार्यक्रम ........ 211
९.१.६ नतिजा ........ 211
९.२ योजना तर्जुमा र कार्यान्वयन ........ 213
९.२.१ पृष्ठभूमि ........ 213

९.२.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती ........ 213
९.२.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति ........ 214
९.२.४ रणनीति र कार्यनीति ........ 215
९.२.५ विस्तृत कार्यक्रम ........ 216
९.२.६ नतिजा ........ 216
९.३ अनुगमन तथा मूल्याङ्कन ........ 218
९.३.१ पृष्ठभूमि ........ 218
९.३.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती ........ 218
९.३.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति ........ 219
९.३.४ रणनीति र कार्यनीति ........ 219
९.३.५ विस्तृत कार्यक्रम ........ 220
९.3.६ नतिजा ........ 220
सन्दर्भ सामग्री ........ 222

# तालिका सूची



| तालिका नं | शीर्षक | पृष्ठ संख्या |
|---|---|---|
| तालिका १ | नगरपालिकाको वडागत जनसङ्ख्या | ५ |
| तालिका २ | उमेर समूह अनुसारको जनसङ्ख्या | ६ |
| तालिका ३ | जातजाति अनुसार जनसङ्ख्या | ७ |
| तालिका ४ | मातृभाषा अनुसारको जनसङ्ख्या | ७ |
| तालिका ५ | धर्म अनुसार जनसङ्ख्या | ८ |
| तालिका ६ | अपाङ्गताको आधारमा जनसङ्ख्या | ८ |
| तालिका ७ | हालको अवस्थाको आधारमा वडा अनुसार सडक विवरण | १७ |
| तालिका ८ | समष्टिगत परिमाणात्मक लक्ष्य | ३० |
| तालिका ९ | विगत ५ वर्षको आम्दानी विश्लेषण | ३७ |
| तालिका १० | विगत ५ वर्षको खर्च विश्लेषण | ४१ |
| तालिका ११ | विगत ५ वर्षको क्षेत्रगत खर्च विश्लेषण | ४४ |
| तालिका १२ | योजना अवधिको लागि बहुक्षेत्रगत अनुमानित लगानी | ४७ |
| तालिका १३ | योजना अवधिको लागि प्रक्षेपित क्षेत्रगत लगानी | ४७ |
| तालिका १४ | योजना अवधिको लागि नगरपालिकातर्फको प्रक्षेपित स्रोत अनुमान | ४९ |
| तालिका १५ | योजना अवधिको कुल स्रोतगत आय प्रक्षेपण | ५१ |

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले व्यवस्था गरे बमोजिम संघ, प्रदेश र स्थानीय तीन तहको सरकारमध्ये स्थानीय तह पनि अविछिन्न उत्तराधिकारवाला स्वशासित विधायिकी, कार्यकारी र न्यायिक अधिकार सहितको स्थानीय सरकारको रूपमा स्थापित भएको छ । संविधानले संघ, प्रदेश र स्थानीय तहका सरकारहरूको एकल तथा साझा अधिकार क्षेत्र किटान गरिदिएको छ। एकल अधिकारको हकमा प्रत्येक सरकारले स्वायत्त रूपमा विधायिकी, कार्यकारी र न्यायिक अधिकारको प्रयोग गर्न पाउँछन् भने साझा अधिकारक्षेत्रको हकमा सहअस्तित्व, समन्वय र सहकार्यको अवधारणा अनुसार सञ्चालन हुनुपर्ने संवैधानिक व्यवस्था छ। एकल तथा साझा अधिकारक्षेत्रको कार्यान्वयनका लागि बनेका स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ ले स्थानीय तहहरूलाई आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा कानून, नीति तथा योजना बनाई कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरेको छ । सोही व्यवस्था बमोजिम यस अघि वि. सं. २०७६ सालमा भीरकोट नगरपालिकाले प्रथम आवधिक योजनाको रूपमा आवधिक विकास रणनैतिक योजना (२०७६/७७ – २०८०/८१) तर्जुमा गरी कार्यान्वयनमा ल्याएको थियो । योजना दस्ताबेज गतिशील दस्ताबेज भएकोले यसलाई आवश्यकता अनुसार अद्यावधिक गर्न सकिन्छ । यस अघि तर्जुमा भई कार्यान्वयनमा रहेको प्रथम आवधिक योजनाको अवधि सकिएको छ । प्रथम पञ्चवर्षीय योजनाबाट प्राप्त अनुभव लिँदै थप परिष्कृत रूपमा अझबढी यथार्थपरक बनाउनुपर्नेछ । यसर्थ भीरकोट नगरपालिकाको समग्र समृद्धिका लागि दोस्रो पञ्चवर्षीय योजना बनाउँदा परिमार्जन गर्नुपर्ने देखिएकोले सोही बमोजिम मध्यमकालीन खर्च संरचनाको लागि आधार समावेश गरी परिमार्जन सहित आ.व. २०८३/८४- २०८७/८८ सम्मको लागि दोस्रो पञ्चवर्षीय आवधिक योजना तर्जुमा गरिएको छ। यो दोस्रो आवधिक योजना दस्ताबेज भीरकोट नगरपालिकाको समग्र समृद्धि हासिल गर्न मार्गचित्र बन्नेछ भन्ने विश्वास लिइएकोछ।

## १.२ आवधिक योजनाको अवधारणा

कुनैपनि संघ, संस्था, निकाय वा संगठनले आफूसँग उपलब्ध स्रोत र साधनहरूको विवेकशील उपयोग गरी आफ्नो सोच, लक्ष्य र उद्देश्य निश्चित समयावधिभित्र हासिल गर्न तयार गरिएको रणनीति, कार्यनीति र क्रियाकलापहरू समावेश भएको दस्तावेजलाई योजना भनिन्छ । योजनाले सम्पादन गर्नुपर्ने गतिविधि, प्रक्रिया, स्रोत साधनको आकलन, जनशक्तिको आकार र क्षमता, समयसीमा जस्ता विषयवस्तुहरू निर्देश गर्दछ । यस्तो योजना दीर्घकालीन, मध्यमकालीन तथा वार्षिक हुने गर्दछ । दीर्घकालीन योजना १५ वा २० वर्षको हुन्छ भने मध्यमकालीन वा आवधिक योजना तीन, पाँच वा सात वर्षको हुने गर्दछ । दीर्घकालीन योजनाका लक्ष्य उद्देश्य हासिल गर्न आवधिक योजना तर्जुमा गरिएको हुन्छ भने आवधिक योजनाकै आधारमा वार्षिक योजना तर्जुमा गरिन्छ । तसर्थ, आवधिक योजनाको अवधारणा आजभोलि सर्वाधिक प्रयोगमा ल्याइएको छ । विकास सम्बन्धी योजना बहुआयामिक हुन्छन् । यसले समाजको आर्थिक, सामाजिक, सांस्कृतिक, प्राकृतिक तथा मानवीय पक्षको समग्र विकास गर्न लक्षित हुनु पर्दछ । आर्थिक समृद्धि सहितको समतामूलक समाज निर्माण गर्नु योजनाको उद्देश्य हुनुपर्दछ । स्थानीय तहले तर्जुमा गर्ने आवधिक योजना संघीय तथा प्रादेशिक योजनाहरूसँग तादात्म्यता भएको हुनु पर्दछ । सन् २०३० सम्ममा हासिल हुने गरी निर्धारण भएका दिगो विकासका लक्ष्यहरू हासिल गर्न सघाउ पुग्ने गरी संघीय र प्रादेशिक योजनाहरू तर्जुमा भएका छन् र स्थानीय तहको योजना पनि संघीय र प्रादेशिक योजनाहरूको सोच र लक्ष्य हासिल गर्न सघाउ पुग्ने गरी तर्जुमा गर्नु पर्ने हुन्छ । दिगो विकास लक्ष्य हासिल गर्न तथा संघीय सरकारको सोहौँ योजनाको **"समृद्ध नेपाल: सुखी नेपाली"** र गण्डकी प्रदेश सरकारको दोस्रो आवधिक योजनाको **"आत्मनिर्भर र समुन्नत प्रदेश: सुखी प्रदेशवासी"** भन्ने दीर्घकालीन सोचलाई अधिकतम योगदान पुग्ने गरी भीरकोट नगरपालिकाको दोस्रो आवधिक योजनाको सोच, लक्ष्य र उद्देश्यहरू तय गरिएका छन्।

### १.३ आवधिक योजना तर्जुमाका उद्देश्य

स्थानीय तहको योजनाबद्ध विकास प्रयास र प्रक्रियालाई मार्गदर्शन गर्नु आवधिक योजनाको प्रमुख उद्देश्य रहेको छ। आवधिक योजना तर्जुमाका विशिष्ट उद्देश्यहरू निम्नानुसार छन्।

१. दीर्घकालीन सोच उन्मुख रही समष्टिगत लक्ष्य, रणनीतिक कार्यक्रम तथा बजेट अनुमान सहितको विकासको रणनीतिक दस्ताबेज तयार गर्नु;
२. नगरपालिकाका विकासका साझेदार र सरोकारवालाहरूको सहभागितामा नगरपालिकाको एकीकृत, नतिजामूलक र योजनाबद्ध विकासको मार्गचित्र तयार गर्नु;
३. विषयक्षेत्रगत रणनीतिक योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट तथा कार्यक्रम तयारी कार्यलाई निर्देशित गर्नु;
४. आवधिक योजनाको कार्यान्वयनका लागि वार्षिक कार्यान्वयन योजना, अनुगमन र समीक्षा सूचकहरूको खाका तयार गर्नु;
५. संघ तथा प्रदेश सरकार, विकास साझेदार, समुदाय, सहकारी तथा निजी क्षेत्रको लगानी प्रवर्द्धनका लागि मार्ग प्रशस्त गर्नु।

### १.४ आवधिक योजना तर्जुमा प्रक्रिया

आवधिक विकास योजना तर्जुमा कार्यलाई विधिवत् तथा सबै स्थानीय तहको आवधिक योजनाको ढाँचामा एकरूपता कायम गर्ने उद्देश्यले राष्ट्रिय योजना आयोगले जारी गरेको "स्थानीय तह योजना तर्जुमा दिग्दर्शन, २०७८" ले निर्दिष्ट गरेको प्रक्रिया र ढाँचामा भीरकोट नगरपालिकाको यो दोस्रो आवधिक योजना तर्जुमा गरिएको छ।

#### १.४.१ आवधिक योजना तर्जुमा गर्ने नीतिगत निर्णय एवं पूर्व तयारी

भीरकोट नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस नगरपालिकाको दोस्रो आवधिक योजना तर्जुमा गर्ने भन्ने कार्यपालिकाको मिति २०८२/१२/१९ को बैठकबाट निर्णय भै नगरपालिकाका प्रमुखज्यूको संयोजकत्वमा आवधिक योजना तर्जुमा निर्देशक समितिको गठन भएको र मिति २०८२/१२/१९ मा कार्यक्षेत्रगत शर्त (Terms of Reference-TOR) र लागत अनुमान समेत स्वीकृत भई  यस दोस्रो आवधिक योजना तर्जुमा सम्बन्धी प्रक्रिया अगाडि बढेको थियो।

#### १.४.२ प्रारम्भिक छलफल तथा अभिमुखीकरण गोष्ठी

योजना तर्जुमा निर्देशक समितिको निर्णय अनुसार नगरपालिकाका प्रमुख, उपप्रमुख, कार्यपालिकाका सम्पूर्ण सदस्यहरू, विषयगत समितिका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखा प्रमुखहरू तथा सरोकारवालाहरूको सहभागितामा आवधिक योजनाको अवधारणा, उद्देश्य, महत्व, औचित्य र योजना तर्जुमाका चरणहरूको बारेमा मिति २०८२/०२/१२ गते प्रारम्भिक छलफल तथा अभिमुखीकरण कार्यक्रम गरी योजनाको कार्यतालिका लगायतका विषयहरूको टुङ्गो लगाइएको थियो।

#### १.४.३ सन्दर्भ सामग्रीहरूको सङ्कलन तथा अध्ययन

आवधिक योजना निर्माणको प्रारम्भमा स्थानीय सरकार सञ्चालनसँग सम्बन्धित विभिन्न ऐन, कानून, नीति तथा यस नगरपालिकाका विगतका वार्षिक नीति तथा कार्यक्रम, वार्षिक बजेट तथा कार्यक्रम, प्रगति प्रतिवेदन आदिको अध्ययन गरियो। यसका अतिरिक्त संघीय सरकारको सोह्रौँ योजना, गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजना, दिगो विकास लक्ष्य, अन्य स्थानीय तहहरूका कार्यान्वयन भइरहेका आवधिक योजना, राष्ट्रिय जनगणना, २०७८, राष्ट्रिय कृषि गणना, २०७८, नेपाल जीवनस्तर सर्वेक्षण, २०२२/२३, भीरकोट नगरपालिकाको प्रोफाइल लगायतका सन्दर्भ सामग्रीहरूको अध्ययन गरी आवश्यक तथ्याङ्कहरू सङ्कलन गरिएको थियो।

#### १.४.४ वडागत योजना तर्जुमा गोष्ठी

यस नगरपालिकाका ९ वटै वडामा सम्बन्धित वडाका वडा अध्यक्ष, वडा सदस्यहरू, वडाका कर्मचारीहरू, विभिन्न राजनीतिक दलका स्थानीय प्रतिनिधिहरू, शिक्षक, क्षेत्रगत विषयविज्ञ तथा बुद्धिजीवीहरू, कृषक, उद्योगी व्यवसायीहरू, वडाभित्र रहेका सरकारी

कार्यालयका प्रतिनिधिहरू, गैरसरकारी संस्थाका प्रतिनिधिहरू तथा अन्य सरोकारवालाहरूको सहभागितामा वडाको आर्थिक, सामाजिक, सांस्कृतिक, प्राकृतिक, ऐतिहासिक विषयक्षेत्रहरूको विद्यमान अवस्था, विकासको चाहना, उपलब्ध अवसर तथा सम्भावनाको बारेमा बृहत् छलफल गरी सूचना सङ्कलन गरिएको थियो। साथै मिति २०८३ जेठ १४ गते देखि जेठ २६ गतेसम्म वडागत रूपमा प्रत्येक वडामा क्षेत्रगत योजनाहरू सङ्कलन तथा प्राथमिकीकरण गर्नका लागि कार्यक्रम सञ्चालन गरिएको थियो।

### १.४.५ तथ्याङ्क तथा सूचनाहरूको विश्लेषण

यस आवधिक योजनालाई तथ्यपरक र कार्यान्वयनयोग्य एवं नतिजामुखी बनाउन सन्दर्भ सामग्रीहरूबाट सङ्कलित सान्दर्भिक सूचना तथा तथ्याङ्क तथा प्राथमिक स्रोतबाट सङ्कलित सूचना तथा तथ्याङ्कहरूको गुणस्तर कायम गर्न विज्ञटोलीबाट निरन्तर अनुगमन र पृष्ठपोषण गरिएको थियो। विभिन्न स्रोतहरूबाट सङ्कलित तथ्याङ्कहरूको प्रमाणीकरण, शुद्धीकरण र विश्लेषण कार्य आवश्यकता अनुसार गरी सूचकहरू निर्धारण गरिएको थियो।

### १.४.६ समस्या तथा चुनौती र अवसर तथा सम्भावनाहरूको पहिचान

नगरपालिकाका विषयगत समितिहरू तथा विषयगत शाखाहरूसँग वडाहरूबाट प्राप्त सूचनाहरू समेतको अध्ययन र विश्लेषण गरी बृहत् छलफलबाट यस नगरपालिकाको विकासका लागि विद्यमान विषयक्षेत्रगत समस्या तथा चुनौतीहरू र उपलब्ध अवसर तथा सम्भावनाको पहिचान गरिएको थियो।

### १.४.७ नगरपालिकास्तरीय योजना तर्जुमा गोष्ठी

नगर प्रमुख र उपप्रमुख लगायत कार्यपालिकाका सबै सदस्यहरू, विषयगत समितिका संयोजक तथा सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत लगायत सबै विषयगत शाखाका प्रमुखहरूको सहभागितामा मिति २०८३/०३/१५ मा नगरपालिकास्तरीय योजना तर्जुमा कार्यशाला गोष्ठीमा व्यापक छलफल गरिएको गरिएको थियो। त्यसपछि मिति २०८३/०३/१७ र १८ मा विषयगत समितिमा पनि व्यापक छलफल गरिएको थियो। योजना तर्जुमा सम्बन्धी गोष्ठी, बैठक र छलफलका यी विभिन्न चरणहरूबाट नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, क्षेत्रगत तथा उपक्षेत्रगत उद्देश्य, रणनीति, कार्यनीति तथा कार्यक्रमहरू निर्धारण गरी प्राथमिकीकरण गरिएको थियो।

### १.४.८ योजना मस्यौदा लेखन तथा प्रेषण

उल्लेखित चरणहरू पूरा भएपछि विज्ञ समूहले विविध स्रोतबाट प्राप्त सूचना तथा तथ्याङ्कहरूका आधारमा "स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८" ले निर्दिष्ट गरेको ढाँचालाई अवलम्बन गर्दै यस नगरपालिकाको दोस्रो आवधिक योजनाको मस्यौदा प्रतिवेदन तयार गरी आवश्यक परिमार्जनका लागि पृष्ठपोषण प्राप्त गर्न नगर कार्यपालिकाको कार्यालयमा पेश गरिएको थियो। नगरपालिकाबाट प्राप्त सुझाव तथा पृष्ठपोषणका आधारमा मस्यौदा प्रतिवेदनलाई परिमार्जन सहित अन्तिम प्रतिवेदन तयार गरी स्वीकृतिका लागि नगर कार्यपालिकाको कार्यालयमा पेश गरियो।

### १.४.९ योजना प्रमाणीकरण कार्यशाला

योजनाको मस्यौदा प्रतिवेदन नगर कार्यपालिका तथा सरोकारवालाहरू बिच मिति २०८३/०३/२१ मा प्रस्तुत गरी प्राप्त सुझाव तथा पृष्ठपोषणको आधारमा सामान्य परिमार्जन गरी अन्तिम प्रतिवेदन तयार गरिएको थियो।


### १.४.१० योजनाको अन्तिम दस्तावेज स्वीकृति र प्रकाशन

योजना प्रमाणीकरण कार्यशालाबाट प्राप्त पृष्ठपोषण समेतका आधारमा परिमार्जन सहित तयार भई प्रस्तुत गरिएको यस दोस्रो आवधिक योजना नगर कार्यपालिकाको मिति २०८३/०३/२१ को बैठकबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ।

# परिच्छेद २ : भीरकोट नगरपालिकाको वस्तुस्थिति विवरण

## २.१ भीरकोट नगरपालिकाको संक्षिप्त परिचय

भीरकोट नगरपालिका स्याङ्जा जिल्लाको बिच देखि पश्चिमतर्फ पर्वत जिल्लाको सिमानासम्म पूर्व-पश्चिम केही लाम्चो आकारमा फैलिएर रहेको छ । संघीय शासन प्रणाली बमोजिम भएको राज्य पुनर्संरचना पछि गण्डकी प्रदेश अन्तर्गत स्याङ्जा जिल्लामा रहेको यो नगरपालिकामा ९ वटा वडाहरू रहेका छन् । मध्यकालीन आँधीखोलाको सभ्यताभित्र भीरकोट राज्यको स्थापना वि. सं. १४७५ देखि १५०० को बिचमा भएको थियो । स्याङ्जाको इतिहासमा नुवाकोट, सतहुँकोट गह्रौंकोट मध्ये भीरकोटलाई प्राचीन ऐतिहासिक किल्ला र कोट मानिएको पाइन्छ । उहिले आँधीखोलादेखि पश्चिम खिलुङ भन्ने स्थानलाई जैन खाँनले बस्ती बसालेका र त्यसैको निकट भीरकोट शीतल हावा चल्ने ठाँउमा घर, मन्दिर, निर्माण गरी कोटघरको रचनाका साथ ठकुरीहरूले राज्य चलाएको पाइन्छ ।




### २.१.१ नगरपालिकाको भौगोलिक अवस्थिति

भीरकोट नगरपालिका गण्डकी प्रदेश अन्तर्गत स्याङ्जा जिल्ला, निर्वाचन क्षेत्र नं. २ मा पर्दछ । भौगोलिक अवस्थितिको आधारमा यो नगरपालिका ८३ °४२' देखि ८३°५२' पूर्वी देशान्तर र २८°०' देखि २८°५' उत्तरी अक्षांशमा अवस्थित छ । पहाडी भेगमा अवस्थित भीरकोट नगरपालिकाको क्षेत्रफल ७८.२३ वर्ग किलोमिटर रहेको छ । सदरमुकाम बयरघारी राजधानी काठमाडौं देखि २५५.१ कि. मि. पश्चिम र प्रदेश सदरमुकाम पोखरा देखि ५४.३ कि. मि. दूरी दक्षिण पश्चिममा रहेको छ साथै समुद्र सतहबाट ७३० मिटर उचाइमा रहेको छ । यस नगरपालिकाको न्यूनतम उचाइमा रहेको छाङ्छाङ्दी फाँट समुद्री सतहबाट करिब ७१३ मिटर रहेको र अग्लो भू-भागका रूपमा वडा नं ९ स्थित नारायण गिरी मन्दिर तथा वडा नं ८ स्थित तामुको लेक समुद्री सतहबाट करिब १७३५ मिटर उचाइमा रहेको छ । भीरकोट नगरपालिकाको पूर्वमा विरुवा गाउँपालिका र पुतलीबजार नगरपालिका, पश्चिममा पर्वत जिल्ला, उत्तरमा अर्जुनचौपारी गाउँपालिका र पुतलीबजार नगरपालिका तथा दक्षिणमा वालिङ नगरपालिकासँग सिमाना जोडिएको छ ।

### २.१.२ भीरकोट नगरपालिकाको वडा विभाजन

| कायम भएको वडा नं | समावेश भएका साविक नगरपालिका र गा.वि.स.हरू | समावेश भएका वडाहरू |
|---|---|---|
| १ | भीरकोट नगरपालिका | १,५,१५ |
| २ | भीरकोट नगरपालिका | ९,१३ |
| ३ | भीरकोट नगरपालिका | ४,८,१२ |
| ४ | छाङ्छाङ्दी गा. वि. स. | २,३,७,८,९ |
| ५ | स्वरेक गा. वि. स. | १,५,६,७,९ |
| ६ | भीरकोट नगरपालिका | २,१४ |
| ७ | भीरकोट नगरपालिका | ६,१० |
| ८ | भीरकोट नगरपालिका | ३,७,११ |
| ९ | कालिकाकोट गा. वि. स. | ३,४,५,६,७,८ |

### २.१.३ भू बनोट तथा हावापानी

भीरकोट नगरपालिका नेपालको मध्य पहाडी भागमा अवस्थित छ। यहाँको धरातलीय अवस्था पहाडी भिरालो तथा सम्म फाँटले बनेको छ। आँधीखोलाको दुवै किनारका सम्म फाँट देखि डाँडाकाँडाहरू यहाँ रहेका छन्। नगरपालिकाको केन्द्र आँधीखोला किनारको फाँटमा रहेको यहाँको हावापानी उपोष्ण कटिबंधीय प्रकारको छ। यहाँ हिउँदमा सरदर न्यूनतम तापक्रम ५ डिग्री सेल्सियस र गर्मी महिनामा सरदर अधिकतम तापक्रम ३५ डिग्री सेल्सियस रहने अनुमान छ। यहाँ वार्षिक औसत वर्षा २००० देखि २५०० मिलिमिटर सम्म पर्छ।

### २.१.४ नदीनाला तथा ताल तलैया

यस नगरपालिकाको करिब मध्यभाग भएर बग्ने आँधीखोला रहेको छ। यस बाहेक साना खोला र खोल्सीहरू सामदी, बराह, बास्तारा, रोजी, भुसाहा, बाङ्खे, झारुङ, छाङ्छाङ्दी, धोबादी, रिपु, गोदी, गगने, ठुलो खोला, हाङखोला, सुनखोला पनि यसै नगरपालिकामा पर्दछन्। यी साना खोला खोल्सीहरूबाट पहाडी भेगका टारी खेतहरूमा सिँचाइ सुविधा उपलब्ध भएका छन्। यी मध्ये कतिपय खानेपानीको स्रोतको रूपमा समेत प्रयोगमा आएका छन्। जलवायु परिवर्तनका कारण आउन सक्ने नकारात्मक प्रभाव कम गर्नका लागि यी जलाधार क्षेत्रहरूको संरक्षण गर्न जरुरी छ। साथै कृषि क्षेत्रको व्यवसायीकरणका लागि उत्पादकत्व बढाउन उपयुक्त सिँचाइ प्रविधिको प्रयोग गरी सिँचाइ सुविधा विस्तार गर्नेतर्फ ध्यानाकर्षण हुनु जरुरी छ।

### २.१.५ भू उपयोग अवस्था

राष्ट्रिय कृषिगणना, २०७८ अनुसार कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल १८.६६ वर्ग कि. मि. मध्ये ११.८ वर्ग कि. मि. अर्थात ८०.९ प्रतिशत जमिन खेतीयोग्य रहेको छ। बाँकी १९.१ प्रतिशत भूभाग नदी तथा तालतलैया, आवासीय क्षेत्र, सार्वजनिक प्रयोग, व्यावसायिक प्रयोजन र सांस्कृतिक तथा पुरातात्विक प्रयोजनमा उपयोग भएको छ। Department of Forest Research and Survey बाट प्रकाशित Forest Cover Maps of Local Levels (753) of Nepal, 2018 अनुसार भीरकोट नगरपालिकाको कुल क्षेत्रफल मध्ये ३०.०१ वर्ग कि. मि. अर्थात् कुल क्षेत्रफलको ३८.४ प्रतिशत वनले ढाकिएको छ।

### २.१.६ जनसाङ्ख्यिक अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकामा कुल परिवार सङ्ख्या ६१७१ रहेको छ। यहाँको कुल जनसङ्ख्या २२६४५ मध्ये पुरुष १०२६७ (अर्थात ४५.३४ प्रतिशत) र महिला १२३७८ (अर्थात ५४.६६ प्रतिशत) रहेको छ। लैङ्गिक अनुपात ८२.९५ पुरुष प्रति १०० महिला रहेको छ भने परिवारको औसत आकार ३.६७ र नगरपालिकाको जनघनत्व प्रति वर्ग किलोमिटर २८९ जना रहेको छ।

**तालिका १ : नगरपालिकाको वडागत जनसङ्ख्या**

| वडा नं | जनसङ्ख्या | | | प्रतिशत |
|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | |
| १ | १७८५ | २१७६ | ३९६१ | १७.४९ |
| २ | १५४८ | १८१५ | ३३६३ | १४.८५ |
| ३ | १२०२ | १४६७ | २६६९ | ११.७९ |
| ४ | ६१६ | ७२४ | १३४० | ५.९२ |
| ५ | १२२२ | १४८० | २७०२ | ११.९३ |
| ६ | ९०० | १११९ | २०१९ | ८.९२ |
| ७ | ८२७ | ९८९ | १८१६ | ८.०२ |
| ८ | १२७३ | १५११ | २७८४ | १२.२९ |
| ९ | ८९४ | १०९७ | १९९१ | ८.७९ |
| **जम्मा** | **१०२६७** | **१२३७८** | **२२६४५** | **१००.००** |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

### २.१.६.१ उमेर समूह अनुसार जनसङ्ख्या विवरण

हाल नगरपालिकामा आश्रित अनुपात ६५.४ प्रतिशत रहेको र विगतका तुलनामा जनसाङ्ख्यिक लाभको अवस्था भएको हुँदा उच्चतम आर्थिक समृद्धिको लक्ष्य हासिल हुन सक्ने सम्भावना रहेको देखिन्छ। काम गर्ने जनसङ्ख्याको तुलनामा आश्रित जनसङ्ख्याको अनुपात कम भएमा जनसाङ्ख्यिक लाभ बढी भएको अवस्था मानिन्छ र यस्तो अवस्था परिवर्तनशील पनि हुन्छ। १५ देखि ६४ वर्ष उमेर समूहको जनसङ्ख्यामाथि यसभन्दा तल र माथिको उमेर समूहको जनसङ्ख्या आश्रित हुने गर्दछ। नेपालको सन्दर्भमा सामाजिक सुरक्षा र राज्यबाट प्राप्त हुने सुविधाहरूका लागि ६० वर्ष वा सोभन्दा बढी उमेरका व्यक्तिहरूलाई ज्येष्ठ नागरिकका रूपमा परिभाषित गरिने हुँदा माथिल्लो उमेर समूहमा ६५+ को सट्टा ६०+ लाई आधार मानी आश्रित अनुपात निकाल्ने गरिएको छ।

**तालिका २ : उमेर समूह अनुसारको जनसङ्ख्या (प्रतिशतमा)**

| क्र सं | उमेर समूह | पुरुष प्रतिशत | महिला प्रतिशत | जम्मा प्रतिशत | आश्रित जनसङ्ख्या अनुपात |
|---|---|---|---|---|---|
| १ | ०-०४ | ३.३ | ३.१ | ६.४ | २३.४ |
| २ | ०५-०९ | ४.० | ३.९ | ८.० | |
| ३ | १०-१४ | ४.७ | ४.३ | ९.० | |
| ४ | १५-१९ | ४.९ | ४.८ | ९.७ | ६०.५ |
| ५ | २०-२४ | ३.६ | ४.५ | ८.१ | |
| ६ | २५-२९ | २.८ | ४.६ | ७.४ | |
| ७ | ३०-३४ | २.६ | ३.७ | ६.३ | |
| ८ | ३५-३९ | २.५ | ३.९ | ६.४ | |
| ९ | ४०-४४ | २.५ | ३.७ | ६.२ | |
| १० | ४५-४९ | २.५ | ३.३ | ५.८ | |
| ११ | ५०-५४ | २.५ | ३.२ | ५.८ | |
| १२ | ५५-५९ | २.१ | २.७ | ४.८ | |
| १३ | ६०-६४ | २.१ | २.५ | ४.७ | १६.१ |
| १४ | ६५-६९ | १.८ | २.४ | ४.२ | |
| १५ | ७०-७४ | १.५ | २.० | ३.५ | |
| १६ | ७५-७९ | १.० | १.० | २.० | |
| १७ | ८०-८४ | ०.४ | ०.६ | १.० | |
| १८ | ८५-८९ | ०.२ | ०.२ | ०.४ | |
| १९ | ९०-९४ | ०.१ | ०.१ | ०.२ | |
| २० | ९५ भन्दा माथि | ०.० | ०.१ | ०.१ | |
| | **जम्मा** | **४५.३** | **५४.७** | **१००.०** | |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

### २.१.६.२ जातजाति अनुसार जनसङ्ख्या

यस नगरपालिकामा झण्डै एक चौथाइ अर्थात २५.१ प्रतिशत जनसङ्ख्या क्षेत्री जातिको रहेको देखिन्छ। त्यसपछि क्रमश: गुरुङ र ब्राह्मण पहाड (करिब बराबर अर्थात १६.६ र १६ प्रतिशत), मगर जाति १०.७ प्रतिशत, विश्वकर्मा जातिको ७.३ प्रतिशत, मिजार जाति ६ प्रतिशत, ठकुरी जाति ४.४ प्रतिशत, नेवार जाति ४.३ प्रतिशत र बाँकी अन्य जाति ५.३ प्रतिशत बसोबास रहेको देखिन्छ। यहाँ १० वटा जातजातिहरूको बसोबास रहेकाले यो नगरपालिका परम्परा तथा संस्कृतिको दृष्टिकोणले विविधतायुक्त नगरपालिकाको रूपमा रहेको छ। जातजाति सम्बन्धी विस्तृत विवरण तालिका ३ मा प्रस्तुत गरिएको छ।

**तालिका ३: जातजाति अनुसार जनसङ्ख्या (प्रतिशतमा)**

| क्र सं | जातजाति | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | क्षेत्री | २५.१ | २६.६ | २५.९ |
| २ | गुरुङ | १६.६ | १५.८ | १६.२ |
| ३ | ब्राम्हण पहाड | १६.० | १५.३ | १५.६ |
| ४ | मगर | १०.७ | १०.७ | १०.७ |
| ५ | विश्वकर्मा | ७.३ | ७.६ | ७.५ |
| ६ | मिजार | ६.० | ६.४ | ६.२ |
| ७ | ठकुरी | ४.४ | ४.४ | ४.४ |
| ८ | नेवार | ४.३ | ४.१ | ४.२ |
| ९ | परियार | २.९ | ३.१ | ३.० |
| १० | मुसलमान | २.४ | २.४ | २.४ |
| | **जम्मा** | १०० | १०० | १०० |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

### २.१.६.३ मातृभाषा अनुसार जनसङ्ख्या

यस नगरपालिकामा मातृभाषा अनुसार सबैभन्दा धेरै ८०.३ प्रतिशत नेपाली भाषा बोल्ने छन् भने दोस्रोमा १४.३ प्रतिशत गुरुङ भाषा बोल्ने रहेको छ। विस्तृत विवरण तालिका ४ मा देखाइएको छ।

**तालिका ४: मातृभाषा अनुसार जनसङ्ख्या (प्रतिशतमा)**

| क्र सं | मातृभाषा | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | नेपाली | ८०.३ | ७९.७ | ८०.८ |
| २ | गुरुङ | १४.३ | १४.७ | १४ |
| ३ | मगर ढुट | २.६ | २.५ | २.६ |
| ४ | नेवारी/नेपाल भाषा | १.२ | १.३ | १.१ |
| ५ | मुसलमान | ०.३ | ०.२ | ०.३ |
| ६ | माझी | ०.२ | ०.२ | ०.३ |
| ७ | भुजेल | ०.२ | ०.२ | ०.२ |
| ८ | खस | ०.२ | ०.२ | ०.२ |
| ९ | बोटे | ०.२ | ०.२ | ०.१ |
| | **जम्मा** | १०० | १०० | १०० |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

### २.१.६.४ धर्म अनुसार जनसङ्ख्या

यस नगरपालिका बासिन्दाले मान्ने धर्मको आधारमा सबैभन्दा धेरै ८१.९ प्रतिशत जनसङ्ख्याले हिन्दु धर्म मान्ने गरेको देखिन्छ। दोस्रो स्थानमा बुद्ध धर्म मान्नेहरू रहेका छन्। बुद्ध धर्म मान्नेहरू ९.६ प्रतिशत रहेका छन्। तेस्रो स्थानमा ५.७ प्रतिशत बोन धर्म मान्नेहरू रहेका छन्। विस्तृत विवरण तालिका ५ मा प्रस्तुत गरिएको छ।

**तालिका ५: धर्म अनुसार जनसङ्ख्या (प्रतिशतमा)**

| क्र सं | धर्म | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | हिन्दु | ८१.९ | ८१.५ | ८२.२ |
| २ | बौद्ध | ९.६ | ९.९ | ९.४ |
| ३ | वोन | ५.७ | ५.७ | ५.६ |
| ४ | इस्लाम | २.५ | २.५ | २.४ |
| ५ | क्रिश्चियन | ०.२ | ०.२ | ०.२ |
| ६ | प्रकृति | ०.१ | ०.१ | ०.१ |
| ७ | अन्य | ०.० | ०.० | ०.० |
| **जम्मा** | | १०० | १०० | १०० |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

### २.१.६.५ अपाङ्गताको आधारमा जनसङ्ख्या

यस नगरपालिकामा अपाङ्गताको आधारमा सबैभन्दा बढी ३७.१ प्रतिशत शारीरिक अपाङ्गता भएका व्यक्तिहरू रहेको देखिन्छ। त्यसपछि न्यून दृष्टियुक्तको स्थान रहेको छ। त्यसपछि बहुअपाङ्गता, न्यून श्रवणशक्ति र बहिरोपन हुने जनसङ्ख्या क्रमश: रहेको छ। हेमोफेलिया र अटिजम सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरू यस नगरपालिकामा न्यून सङ्ख्यामा रहेको देखिन्छ। अपाङ्गता सम्बन्धी जनसङ्ख्याको विस्तृत विवरण तालिका ५ मा प्रस्तुत गरिएको छ।

**तालिका ६: अपाङ्गताको आधारमा जनसङ्ख्या (प्रतिशतमा)**

| क्र सं | अपाङ्गताको प्रकार | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | शारीरिक अपाङ्गता | ३७.१ | ४०.३ | ३३.५ |
| २ | न्यून दृष्टियुक्त | १७.१ | १५.३ | १९.२ |
| ३ | बहु अपाङ्गता | ८.९ | ८.८ | ९ |
| ४ | न्यून श्रवणशक्ति | ८.० | ७.४ | ८.६ |
| ५ | बहिरोपन | ७.९ | ७.७ | ८.३ |
| ६ | स्वरमा समस्या | ६.४ | ६.७ | ६.१ |
| ७ | दृष्टिविहीन | ५.४ | ५.१ | ५.८ |
| ८ | मनोसामाजिक | ४.३ | ४.३ | ४.४ |
| ९ | बौद्धिक | १.८ | १.७ | १.९ |
| १० | बहिरोपन एवं दृष्टिविहीन | १.६ | १.५ | १.६ |
| ११ | हेमोफेलिया | ०.८ | ०.७ | ०.९ |
| १२ | अटिजम | ०.८ | ०.६ | ०.९ |
| **जम्मा** | | १०० | १०० | १०० |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

## २.२ आर्थिक विकासको अवस्था

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

यस नगरपालिकाका मानिसहरूको मुख्य पेशा कृषि नै हो। राष्ट्रिय जनगणना, २०७८ तथा राष्ट्रिय कृषि गणना, २०७८ अनुसार कुल ६१७१ घरपरिवार मध्ये ६४.२ प्रतिशत (३९६२ घरपरिवार) को मुख्य पेशा कृषि नै रहेको देखिन्छ। आम्दानीको मुख्य स्रोत कृषि हुने परिवार झण्डै ७६ प्रतिशत रहेका छन् भने आम्दानीको प्रमुख स्रोत गैर कृषि क्षेत्रबाट हुने कृषक परिवार २४ प्रतिशत मात्र रहेका छन्।

भीरकोटको कुल क्षेत्रफल ७८.२३ वर्ग कि. मि. ( ७८२३ हेक्टर) मध्ये ११.८ वर्ग कि. मि. (११८० हेक्टर) अर्थात कुल क्षेत्रफलको १५.१ प्रतिशत जमिन खेतीयोग्य रहेको छ। कुल खेतीयोग्य जमिन ११८० हेक्टर मध्ये जम्मा ५०३.३ हेक्टर अर्थात ४२.७ प्रतिशत जमिनमा मात्र सिँचाइ सुविधा पुगेको देखिन्छ। ४७२२ कृषक परिवार मध्ये आफ्नो जग्गामा मात्र कमाउने परिवार ३९५४ रहेको छ भने ६७५ घरपरिवारले आफ्नो तथा अरुको दुवै खालको जग्गा कमाउने गर्दछन्। सिँचाइको सुविधा विस्तार गरी कृषि क्षेत्रलाई व्यावसायिक बनाउन सकिएमा आर्थिक समृद्धि हासिल हुन असम्भव देखिँदैन। दलहन तथा तरकारी बालीलाई व्यावसायिक रूपमा उत्पादन गर्न सकिएमा आर्थिक समृद्धि हासिल गर्न गाह्रो छैन।

यस नगरपालिकामा खाद्यान्न बाली लगाएको क्षेत्रफल १५५६.२ हेक्टरमा, कोसे दाल बाली ९.१ हेक्टरमा, तरकारी बाली ३५.७ हेक्टरमा कन्दमूल ३५.१ हेक्टरमा तथा तेलबाली ५१.६ हेक्टरमा लगाउने गरेको देखिन्छ। मुख्य खाद्यान्न बालीमा क्षेत्रफल अनुसार सबैभन्दा बढी कृषक परिवारले लगाउने बाली मकै ४४३९ परिवारले ७१२.६ हेक्टरमा, त्यसपछि धान २५८२ परिवारले ४६३.५ हेक्टरमा, तेस्रो स्थानमा कोदो ३१०१ परिवारले २९२.४ हेक्टरमा र चौथो स्थानमा गहुँ ८७९ परिवारले ६७.७ हेक्टर जमिनमा लगाएको देखिन्छ। यहाँ लगाइने अन्य खाद्यान्न बालीमा केही कृषकले थोरै क्षेत्रफलमा फापर लगाउने गरेको पाइन्छ। यस पालिकामा दलहन बालीमा मास, मुसुरो, बोडी, सिमी, गहत; तेलहन बालीमा तोरी, तिल, सर्स्युं फलफुल एवं नगदे बालीमा केरा, सुन्तला, अदुवा, कफी, अम्रिसो प्रमुख रहेका छन् भने फलफूलमा कागती, आँप,लिची, कटहर पनि लगाएको पाइन्छ। मसला बालीमा लसुन, बेसार, प्याज र तरकारी बालीमा गोलभेंडा, काउली, बन्दा, आलु जस्ता बालीहरू लगाइन्छ। त्यसैगरी जडीबुटी एवं वनजन्य उत्पादनका रूपमा हर्रो, बर्रो, चिराइतो, अमला, लालीगुराँस, सुनगाभा लगायतका हुने गर्दछ। कृषि चलनबाट भएको प्रमुख उत्पादनको मुख्य प्रयोगको अवस्था हेर्दा कुल ४७२२ कृषक परिवार मध्ये झण्डै ८५.३ प्रतिशत (४०३२ परिवार) ले आफ्नो सबै उत्पादन घरायसी रूपमा उपभोग गर्दछन्। मुख्य घरायसी उपभोग र केही बिक्री गर्ने परिवार करिब ११ प्रतिशत (५१३ परिवार) रहेका छन्। मुख्य रूपमा आफ्नो कृषि उपज बिक्री गर्ने परिवार भने जम्मा १६३ सङ्ख्यामा र सबै उत्पादन बिक्री गर्ने परिवार जम्मा १४ रहेको देखिन्छ।

आफ्नो कृषि उत्पादनबाट भएको आम्दानीले मात्र वर्षभरि खान नपुग्ने परिवार ७८ प्रतिशत (३६८३ परिवार) रहेको छ। वर्षभरिमा १ देखि ३ महिना खान नपुग्ने २३.३ प्रतिशत (१०९८ परिवार) छन्। ४ देखि ६ महिना नपुग्ने १३५५ परिवार, ७ देखि ९ महिना नपुग्ने ८५५ परिवार र १० देखि १२ महिना खान नपुग्ने ३७५ परिवार रहेका छन्।

कृषिमा आधुनिकीकरणका लागि नवीनतम प्रविधिहरू तथा आधुनिक कृषि उपकरण एवं सामग्रीहरू हस्तान्तरण गरिएको छ। कृषिमा धान, मौरी, सुन्तलाका पकेट क्षेत्र कार्यक्रमहरू सञ्चालन गरिएकोछ। एकीकृत र व्यवस्थित रूपमा कृषि विकासका योजना सञ्चालन गर्न विज्ञहरूको सहभागितामा एकीकृत कृषि तथा पशु विकास रणनैतिक योजना कार्यान्वयनमा ल्याइएकोछ। उत्कृष्ट काम गर्ने कृषि फर्महरूलाई प्रोत्साहन अनुदान उपलब्ध गराइएको छ। दलित, जनजाति र विपन्न वर्गका नागरिकहरूलाई स्वरोजगारतर्फ आकर्षित गर्न प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गरिएको छ। विषादीरहित कृषि उपज उपलब्ध गराउन IPM कृषक पाठशाला सञ्चालन गरिएको छ। कृषि उपजहरूको बजारीकरण र प्रचार प्रसारका लागि कृषि महोत्सव आयोजना गरिएको छ। बेमौसमी आधुनिक विषादी रहित तरकारी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको छ। प्रदेश सरकारको सहकार्यमा जग्गा चक्लाबन्दी गरी एकीकृत रूपमा आधुनिक खेती गर्ने कार्य गरिएकोछ। कृषकहरूलाई मल तथा उन्नत बिउमा अनुदान तथा नमूना कृषि फर्म निर्माणमा सहयोग गरी कृषकहरूलाई व्यवसायीकरणतर्फ रूपान्तरण गर्न प्रोत्साहन गरिएको छ। यसका अतिरिक्त कृषकहरूलाई व्यवसायीकरणमा सहयोग गर्न कफी तथा सुन्तलाका बेर्ना वितरण गरिएको छ। ४,५,७ र ९ वडाहरूमा कृषि उपज सङ्कलन केन्द्र निर्माण गरी कृषि उपजको बजारीकरणमा सहयोग गरिएको छ।

### २.२.२ पशुपन्छीपालन

यस नगरपालिकाका अधिकांश घरपरिवार पशुपन्छीपालनमा संलग्न भएपनि यसलाई व्यावसायिक रूपमा विस्तार गर्न सकिएको छैन। विशेषगरी गाई, भैंसी, बाख्रा, सुँगुर बङ्गुर, कुखुरा, परेवा, हाँस यहाँका मुख्य घरपालुवा पशुपन्छी हुन्। यहाँका ४७२२ कृषकहरूले पशुपन्छीपालन गरेको देखिन्छ। ती मध्ये २९३७ कृषक परिवारले बाख्रापालन गरेका छन् भने ३३८० ले भैंसी, ६६४ ले गाई तथा ६८ परिवारले सुँगुर/बङ्गुर पालन गरेको देखिन्छ। कुखुरा भने २५३१ परिवारले पालन गरेको देखिन्छ। यो तथ्याङ्कले के सङ्केत गर्छ भने ८६ प्रतिशत कृषक परिवार पशुचौपाया पालनमा संलग्न भएपनि निर्वाहमुखी रूपमा मात्र पशुपन्छीपालन गरिएको छ व्यावसायिक रूपमा पशुपन्छीपालन गर्ने परिवार ज्यादै न्यून रहेको छ। पहिले नै यहाँको उत्पादन खासगरी खसीबोका र लोकल कुखुराले छिमेकको वालिङ बजार र पोखरा जस्ता ठुला बजारको माग पूर्ति गर्न पशुपन्छीपालनलाई व्यावसायिक बनाउन सकिएमा बजारको समस्या नहुने देखिन्छ।

कृषकहरूलाई दुध सङ्कलन एवं प्रशोधनमा सहजताका लागि वडा नं. १ मा दुध सङकलन केन्द्र सञ्चालनमा ल्याइएको छ। उन्नत जातका गाई, भैंसी खरिद गरी ल्याउने कृषकहरूलाई प्रोत्साहनका कार्यक्रमहरू गरिएकोछ। पशुपालक कृषकहरूलाई घरदैलोमा सेवा पुऱ्याउन घुम्ती पशु स्वास्थ्य शिविर सञ्चालन गरिएको साथै महामारी लगायतका रोग नियन्त्रणका लागि प्राविधिक सेवा उपलब्ध गराइएको छ।

### २.२.३ पर्यटन तथा संस्कृति

भीरकोट नगरपालिकामा पर्ने स्वरेक मैदान प्रमुख पर्यटकीय सम्भावना बोकेको स्थान हो। नगरपालिकाको वडा नं. ५ मा पर्ने यस स्थानमा पहिलो पटक अन्तर्राष्ट्रिय खुल्ला प्याराग्लाइडिङ प्रतियोगिता २०७५, राष्ट्रिय हवाइ खेलाडी छनोट प्रतियोगिता २०७४ सम्पन्न भइसकेकाले यस स्थानको नाम नेपालमा मात्र नभई विश्वमै प्रख्यात बन्दै गएको छ। सिद्धार्थ राजमार्ग अन्तर्गत भीरकोट नगरपालिका १ बयरघारीबाट ७ किलोमिटर र वालिङ नगरपालिकाको वालिङ बजारदेखि १२ किलोमिटरको कच्ची सडक हुँदै यस स्थलमा पुग्न सकिन्छ। नेपालकै पहिलो प्याराग्लाइडिङ पाइलट सानुबाबु सुनुवारले स्वरेकमा दक्षिण एशियाकै पहिलो प्याराग्लाइडिङ स्कूल स्थापना गरेका हुन्। अन्तर्राष्ट्रिय प्याराग्लाइडिङ प्रतियोगिताहरू समेत आयोजना हुने यस स्थानबाट आकाशमा उडेर मनोरम दृश्यहरूको मज्जा लिन सकिन्छ।

यस नगरपालिकाको वडा नं. ४ मा रहेको छाङ्छाङ्दी सिद्धार्थ राजमार्गको छेउमै रहेको छ। स्वस्थानी व्रतकथामा आधारित सतीदेवीको अन्तिम अङ्ग पतन भएको स्थलले यो स्थान चर्चित छ। छायाक्षेत्रको नामले समेत परिचित यस पवित्र स्थलमा भीरमा बनेको मन्दिर र शीतल वातावरण हुनुका साथै गाईको मुखजस्तै देखिने धाराबाट आउने पानी आकर्षणको केन्द्रबिन्दु मानिन्छ। सिद्धार्थ राजमार्गमा ओहोरदोहोर गर्ने जो कोहीले यस स्थानको सहजै दर्शन गर्न सक्दछन्।

नगरपालिकाको वडा नं. १ मा अवस्थित भीरकोट दरबार उहिले बाइसे चौबिसे राज्य कालमा भीरकोटे राजाको दरबार रहेको र हाल सोही नामबाट हाल चर्चित रहेको छ। नगरपालिकाको वडा नं. ७ मा प्रख्यात खिलुङ देउराली मन्दिर रहेको छ। यस मन्दिरमा बडादशैं, चैतेदशैं र अन्य विभिन्न तिथि एवं पर्वहरूमा सयौं खसी, बोकाको बलि दिइन्छ। मेलाका समयमा यहाँ हजारौं भक्तजनहरूको घुइँचो लाग्ने गर्दछ।

यहाँ विभिन्न जातजाति, धर्म, सम्प्रदाय र वेशभूषाका मानिसहरू बसोबास गर्छन्। यहाँ बस्ने जातजाति र सम्प्रदायका आ-आफ्नै धर्म, संस्कृति र चालचलन छन्। बडादशैं, तिहार, महाशिवरात्री, हरितालिका तीज, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, होली, चैतेदशैं, साउने सङ्क्रान्ति, माघे सङ्क्रान्ति ,माघी, गोठधूप, मातातिर्थ औंसी, अक्षय तृतीया, हरिशयनी एकादशी, हरिबोधिनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन, कुशे औंसी, बालाचतुर्दशी, बुद्ध जयन्ती, क्रिसमस, लोसार आदि यहाँ मनाइने चाडपर्वहरू हुन्।

नेपाल एकीकरण अघि बाइसे चौबिसे राज्यहरू मध्ये भीरकोट पनि एउटा राज्यको रूपमा रहेकोले यसको आफ्नै ऐतिहासिक महत्व छ। यहाँ महत्वपूर्ण थुप्रै धार्मिक स्थलहरू पनि रहेका छन्। यस्ता धार्मिक क्षेत्रहरूको राम्रो व्यवस्थापन गर्न सकिएमा धार्मिक पर्यटकहरूलाई आकर्षण गर्न सक्ने प्रशस्त सम्भावना छ। यो नगरपालिका पहाडी धरातल तथा सम्म फाँटले बनेको हुनाले यहाँ धरातलीय विविधता पनि छ। पर्यटन क्षेत्रको विकास र विस्तारतर्फ स्वरेक मैदानमा पर्यटन पूर्वाधार निर्माणको कार्य सम्पन्न गरिएको छ। गडहरे गुफा क्षेत्रमा भौगोलिक अध्ययन अनुसन्धान कार्य गरी सो क्षेत्रमा पर्यटन पूर्वाधार निर्माण गरिएको छ। खिलुङ कालिका तथा जन्तिढुङ्गा पर्यटन क्षेत्रमा पर्यटन पूर्वाधार विकास गरिएको छ। पर्यटकहरूलाई थप आकर्षित गर्न बयरघारी लुवाडाँडा पर्यटकीय पदमार्ग, खोलापारी दमैगाउँ पदमार्ग, गोदीखोला पुवात भाग्योदय पदमार्ग, आहाल सालघारी पदमार्ग, भालुखोला पदमार्ग, कार्कीडाँडा डाँडाथर पदमार्ग, शिवमन्दिर गहते पदमार्ग, बालवर्ष जम्दार चौतारी पदमार्ग, कोलडाँडा महेन्द्र ज्योति पदमार्ग, डुम्रीबोट मोटरबाटो पदमार्ग, गोदार थर सारु थर पदमार्ग, नयाँचौपारी पदमार्ग, पकान अग्रीडाँडा स्वरेक भञ्ज्याङ, कोलडाँडा खिलुङ पदमार्ग, खिलुङ सिमसार पदमार्ग, एकुवर पदमार्ग, काउले चौपारी पातल ताङछाङ पदमार्ग, बुढाघर पदमार्ग, फोक्सिङ पदमार्ग, भालुखोला पदमार्ग, खरिढुङ्गा पदमार्ग, चारघरथर पदमार्ग, डाँडावारी ठूली चौपारी पदमार्ग, सिमलचौर पदमार्ग, रामभण्डारी ठूलीचौपारी पदमार्ग, भाग्योदय पदमार्ग लगायतका पदमार्गहरूको निर्माण कार्य सम्पन्न भै प्रयोगमा आइसकेका छन्। दभुङ कालिका कोट मन्दिर लगायत विभिन्न मठ मन्दिर, गुम्बा, मस्जिद जस्ता धार्मिक स्थलहरूको संरक्षण एवं विकास तथा ग्रामीण सडकहरूको स्तरोन्नति गरिएको छ।

साथै विभिन्न जातजातिको संस्कृति परम्पराको संरक्षण गरी सामुदायिक होम स्टेहरू सञ्चालन लगायत अन्य पर्यटकीय गतिविधिहरूको विकास गर्न सकिएमा पर्यटन व्यवसायको राम्रै सम्भावना रहेको छ।

| वडा नं | प्राकृतिक स्थल | धार्मिक स्थल | ऐतिहासिक स्थल | मानवनिर्मित स्थल |
|---|---|---|---|---|
| १ | | भीरकोट कालिका<br>मुल्काबराह कालिका | भीरकोट दरबार | |
| २ | | भीरकोट कालिका | भीरकोट कालिका | केघा होमस्टे |
| ३ | कोखे झरना<br>जलदेवी | मुल्का बराह | देउपुजे ढुङ्गा | |
| ४ | | छायाक्षेत्र | छायाक्षेत्र<br>जन्तिढुङ्गा<br>दभुङ कोट | |
| ५ | | स्वरेक कालिका | स्वरेक कालिका<br>राजेन्द्र भवानी मन्दिर | |
| ६ | पशुपति मन्दिर लुब्दीखोला | पशुपति मन्दिर लुब्दीखोला | पशुपति मन्दिर लुब्दीखोला | |
| ७ | खिलुङ गाउँ<br>स्वरेक मैदान | खिलुङ कालिका मन्दिर | खिलुङ कालिका मन्दिर<br>चाम बराजु मन्दिर | स्वरेक प्याराग्लाइडिङ<br>खिलुङ होम स्टे |
| ८ | गडहरे गुफा | | गडहरे गुफा | ओकादी गाउँ तमुनासा होम स्टे |
| ९ | चामथुङ डाँडा<br>बुकी डाँडा | नारायण गिरी मन्दिर | गडहरे गुफा | |

### २.२.४ सिँचाइ पूर्वाधार

कुल खेतीयोग्य जमिन ११८० हेक्टर मध्ये जम्मा ५०३.३ हेक्टर अर्थात ४२.७ प्रतिशत जमिनमा मात्र सिँचाइ सुविधा पुगेको देखिन्छ। कुल कृषि चलन गरिएको जमिनको भने २७ प्रतिशतमा मात्र सिँचाइ सुविधा पुगेको छ। हालसम्म नगरपालिकाले आँधीखोला नियन्त्रण

र किनारमा हरित सडक निर्माण कार्य सञ्चालन गरेको छ । यस नगरपालिकामा विगतमा सिँचाइ सुविधा सुधारका लागि दहथुम छाङछाङ्दी सिँचाइ योजनाबाट सिँचाइ सुविधा विस्तार गरिएकोछ । डम्फेटारी, बडहरे, गोदीखोला, चापटी, ठुलोखोला, मूलपानी, गेजाबास, बलमाटा फाँट, तिवारी थर, जिमिरे, भुङभुङ्गे, बाँके, ढुनडुरे, सिंखोला, मालेबगर, तिसेदी खोला खेत, टुनीबोट, आँपखोला, मर्तमास, लामाखेत, बाहमुरे, ठुलोकुलो गैरीखेत हुँदै माझखेत, छबिसे, दहथुम, सिंहाले ढाव, कसुण्डे खोला दलित बस्ती, भञ्ज्याङ् खेतकुलो, ठुलोकुलो देउराली बगर, खादीखोला, खादीखोला एक्लेपिपल, बगरबारी दह, लामिटारी ईंटाभट्टा, लामोबाँध मजुवा, गोदार खेत, मजुवा आमडाँडा, उपल्लो चापटारी, चालिसे कुलो, कुँडहर चुचेल ढुङ्गा कुलो, सन्धिखर्क ठुलो ढुङ्गा, लामोबाँध छाङ्छाङ्दी, नयाँ बजार कुलो लगायत विभिन्न कच्ची कुलोहरूलाई निर्माण एवं मर्मत सम्भार गरी सिँचाइ प्रणालीमा सुधार गरिएको छ । पानीको स्रोत पर्याप्त नभएका स्थानहरूमा थोपा सिँचाइ लगायत वैकल्पिक सिँचाइ प्रविधिको प्रयोग गरिएको छ ।

हाल आँधीखोलामा रहेका ठुला सिँचाइ आयोजनाहरूको नियमित मर्मत सम्भार हुन नसक्दा हिउँदमा पानी कम भै सिँचाइ सुविधा भरपर्दो हुन सकेको छैन । दिगो सिँचाइ व्यवस्थापन (Green Irrigation) का लागि प्रणालीको मर्मत सम्भार गर्नुपर्ने अवस्था छ । अन्य विभिन्न खोलाहरूमा साधारण सिँचाइ प्रणालीहरू सञ्चालनमा रहेको भएपनि धेरै जसो नहर कुलाहरू कच्ची भएकाले सिँचाइ सुविधा भरपर्दो छैन । ठुला सिँचाइ प्रणालीहरूलाई सुधार गरी दिगो बनाउनु पर्ने अवस्था छ भने नगरपालिका भित्रका कच्ची सिँचाइ प्रणालीहरूलाई क्रमश: पक्की बनाउने अभियान सञ्चालन गर्नु आवश्यक देखिन्छ ।

### २.२.५ पेशा, आम्दानी र रोजगारीको अवस्था

राष्ट्रिय जनगणना, २०७८ अनुसार कृषि पेशामा मात्र लाग्ने जनसङ्ख्या करिब ७० प्रतिशत रहेको छ भने गैरकृषि क्षेत्रमा लाग्ने प्रतिशत ३० रहेको छ । कृषि पछिको थोक तथा खुद्रा व्यापार र सवारी साधन तथा मोटरसाइकल मर्मत कार्यमा संलग्न जनसङ्ख्या १०.५ प्रतिशत मात्र रहेको छ । संस्थागत क्षेत्र अनुसार हेर्दा झण्डै ६८ प्रतिशत जनसङ्ख्या घरायसी क्षेत्रमा संलग्न रहेको देखिन्छ । रोजगारीको अवस्था हेर्दा कुल जनसङ्ख्याको ९१ प्रतिशत रोजगारीमा रहेको र जम्मा ९ प्रतिशत मात्र बेरोजगारीको अवस्था छ । आर्थिक काम गर्दाको हैसियतबाट हेर्दा करिब ६७ प्रतिशतले आफ्नै काम गर्ने, १७.४ प्रतिशतले रोजगारदाता कहाँ काम गर्ने र १४.६ प्रतिशतले परिवारको सदस्यको काममा सघाउने भूमिकामा काम गरेको देखिन्छ । रोजगारीको तथ्याङ्क सन्तोषजनक देखिए तापनि निर्वाहमुखी आर्थिक क्रियाकलापमा संलग्न भएकोले आर्थिक समृद्धिमा तीव्रता आउन सकेको छैन । कृषि उत्पादनको सबै हिस्सा आफू स्वयंले मात्र उपयोग गर्ने परिवार ८५ प्रतिशत रहेको छ । यसले के सङ्केत गर्दछ भने धेरै कम घरपरिवारले मात्र कृषि पेशालाई व्यवसायको रूपमा अँगालेका छन् । प्राय सबै जसो घरपरिवारका कुनै न कुनै सदस्य वैदेशिक रोजगारीमा संलग्न छन् र विप्रेषण आम्दानीको उल्लेखनीय हिस्सा बन्न पुगेको छ । भीरकोट नगरपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमलाई मुख्य प्राथमिकतामा राखी विभिन्न विकास निर्माणका काममा सूचीकृत लाभग्राहीहरूलाई रोजगारी उपलब्ध गराइरहेको छ । यस कार्यक्रम अन्तरगत सडक नाली, खानेपानी, पैदलमार्ग, मदमार्ग, सिँचाइ कुलो, गोरेटो बाटो, सार्वजनिक शौचालय, पहिरो नियन्त्रण, ग्रामीण सडक रहेका छन् । संघीय सरकारले श्रम बजारसँग सम्बन्धित सूचनाहरूलाई एकीकृत गरी श्रमिक र रोजगारदाता बीच श्रम विनिमयको लागि समयमानै सूचना उपलब्ध गराउने उद्देश्यले श्रमिक सूचना बैंक स्थापना र सञ्चालन गर्न लागेको छ । संघीय सरकारको यो कार्यक्रमले बेरोजगारी समस्या सम्बोधन गर्न उल्लेखनीय सहयोग पुग्ने अनुमान छ । नगरपालिकामा कृषि क्षेत्रमा रहेको रोजगारीको चापलाई अन्य उत्पादनमूलक आर्थिक क्षेत्रमा स्थानान्तरण गर्न सकिएमा आर्थिक विकासमा उल्लेखनीय उपलब्धि हासिल हुन सक्ने देखिन्छ ।

### २.२.६ स्थानीय बजार तथा व्यापारिक केन्द्र

यस नगरपालिकाको करिब मध्यभाग हुँदै सिद्धार्थ राजमार्ग पार भएर गएको छ । जसले पोखरा र बुटवल जस्ता ठुला शहरहरू जोडेको छ । यस बाहेक नगरपालिका कै बयरघारी बजारले ग्रामीण उपभोक्ताहरूको लागि व्यापारिक केन्द्रको भूमिका निर्वाह गरिरहेको छ भने नजिकै पायक पर्ने वालिङ, हेलू, स्याङ्जा, गल्याङ जस्ता व्यापारिक केन्द्रहरू पनि यहाँका स्थानीय उत्पादन बिक्री तथा दैनिक उपभोग्य

वस्तुहरूको आपूर्तिको सेवा केन्द्रका रूपमा रहेका छन् । स्थानीय उत्पादनहरूको खरिद बिक्री तथा आवश्यक सामग्रीको खरिद बिक्री यिनै बजारहरूमा हुने गर्दछ । यी साना ठुला बजार केन्द्रहरूसँग भरपर्दो सडक सञ्जालले जोडिएकोले यहाँको स्थानीय उत्पादनलाई बजारको समस्या पर्ने देखिँदैन । गुणस्तरीय उत्पादन बढाउन सकिएमा यहाँको उत्पादनले राम्रो बजार पाउन सक्ने देखिन्छ ।

### २.२.७ मानव विकास र गरिबी

Nepal Living Standard Survey, 2022/23 अनुसार राष्ट्रिय खाद्य गरिबी रेखा (Food Poverty Line) रु. ३५०२९.०० र गैर खाद्य गरिबी (Non-Food Poverty Line) रु. ३७८७९.०० गरी प्रतिव्यक्ति प्रतिवर्ष गरिबीको रेखा (Poverty Line) रु. ७२९०८.०० रहेको छ । यस अनुसार नेपालको निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या २०.२७ प्रतिशत रहेको देखिन्छ । नेपाल सरकारको आर्थिक सर्वेक्षण, २०८०/८१अनुसार नेपालको ग्रामीण क्षेत्रको निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसङ्ख्या २४.६६ प्रतिशत र शहरी क्षेत्रको १८.३४ प्रतिशत रहेको देखिन्छ । गण्डकी प्रदेशको भने जम्मा ११.८८ प्रतिशत रहेको देखिन्छ । यस सम्बन्धी भीरकोट नगरपालिकको छुट्टै तथ्याङ्क उपलब्ध हुन नसकेकोले गण्डकी प्रदेशको तथ्याङ्क हेर्दा भीरकोटको निरपेक्ष गरिबीको रेखामुनी रहेको गण्डकी प्रदेशको ग्रामीण क्षेत्रको तथ्याङ्कलाई आधार मान्न उपयुक्त हुने देखिन्छ । जस अनुसार गण्डकी प्रदेशको ग्रामीण क्षेत्रको गरिबीको दर १०.२७ प्रतिशत रहेकोले यस नगरपालिकाको गरिबीको दर १०.२७ प्रतिशत रहेको अनुमान गरिएको छ । आ.व. २०८०/८१ को अन्तसम्ममा नेपालको प्रतिव्यक्ति राष्ट्रिय आय १४५६ अमेरिकी डलर पुग्ने अनुमान छ । भीरकोट नगरपालिकाको हकमा पनि आधार वर्षमा प्रतिव्यक्ति राष्ट्रिय आय १४५६ अमेरिकी डलर नै मान्न सकिने देखिन्छ । नेपाल जीवनस्तर सर्वेक्षण, २०७९/८० अनुसार नेपालको मानव विकास सूचकाङ्क ०.६०१ रहेकोले भीरकोट नगरपालिकाको लागि पनि यही तथ्याङ्क मान्न उपयुक्त हुने देखिन्छ । आर्थिक सर्वेक्षण २०८१/८२ अनुसार उक्त आवमा सबैभन्दा बढी आर्थिक वृद्धिदर हुने प्रदेश गण्डकी प्रदेश रहेको अनुमान छ ।

### २.२.८ बैंक तथा वित्तीय संस्था

भीरकोट नगरपालिकाको सदरमुकाम बजार बयरघारीमा वाणिज्य बैंकहरू रहेकाले यहाँका बासिन्दाहरूले बैंकिङ सुविधा त्यहींबाट लिने गरेका छन् । यस नगरपालिकामा ३ वटा बैंक, ११ वटा बचत तथा ऋण सहकारी संस्था, ३ वटा लघुवित्त, १ वटा दुग्ध उत्पादक सहकारी, ३ वटा बहुउद्देश्यीय सहकारी, ४ वटा साना किसान सहकारी, ४ वटा कृषि सहकारी, १ वटा अदुवा उत्पादक सहकारी, १ वटा कफी उत्पादक सहकारी रहेका छन् ।

## २.३ सामाजिक विकासको अवस्था

### २.३.१ शैक्षिक अवस्था

राष्ट्रिय जनगणना, २०७८ को अन्तिम नतिजा अनुसार भीरकोट नगरपालिकाको कुल साक्षरतादर ८२.८७ प्रतिशत रहेको छ जसमध्ये पुरुषको ९०.७५ प्रतिशत र महिलाको ७६.४६ प्रतिशत साक्षरतादर रहेकोछ । समग्र नेपालको साक्षरतादर र गण्डकी प्रदेशको साक्षरतादरको तुलनामा यहाँको साक्षरतादर बढी देखिन्छ । राष्ट्रिय कुल साक्षरतादर ७६.२ प्रतिशत रहेको छ भने गण्डकी प्रदेशको कुल साक्षरतादरः ८१.७ प्रतिशत छ । यस नगरपालिकाको IMIES प्रतिवेदन अनुसार भर्नादर प्रारम्भिक बाल विकास (ECD)/पूर्व प्राथमिक कक्षा (PPC) तर्फ कुल भर्नादर (GER) ११४.९ र खुद भर्नादर (NER) ७७.८ रहेको छ । कक्षा १ मा कुल प्रवेशदर (GIR) १४१.८ र खुद प्रवेशदर (NIR) ९४. १ छ । आधारभूत तह (कक्षा १-५) कुल भर्नादर ११९, खुद भर्नादर ९४.४, आधारभूत तह (कक्षा ६-८) कुल भर्नादर १२१.३, खुद भर्नादर ९२.८, आधारभूत तह (कक्षा १-८) कुल भर्नादर ११९.९, खुद भर्नादर ९३.८, माध्यमिक तह (कक्षा ९-१०) कुल भर्नादर ९२.२, खुद भर्नादर ७३.१, माध्यमिक तह (कक्षा ११-१२) कुल भर्नादर ४४.५, खुद भर्नादर २७.३, माध्यमिक तह (कक्षा ९-१२) ६८.९, खुद भर्नादर ५०.७ रहेको छ । टिकाउ दरतर्फ हेर्दा कक्षा ५ सम्मको ८८.१, कक्षा ८ सम्मको ८३.४ र कक्षा १० सम्मको ७०.७ रहेको छ । विद्यालय बाहिर रहेका बालबालिका संख्या १४० रहेको छ ।

यस नगरपालिकामा आधारभूत विद्यालय २७ वटा र माध्यमिक विद्यालय १२ वटा गरी कुल ३९ वटा विद्यालय छन् । यस नगरपालिकामा कुल शिक्षक दरबन्दी सङ्ख्या २६६ रहेको छ जसमध्ये करार दरबन्दी १३ र राहत दरबन्दी २९ रहेका छन् । कुल २६६ दरबन्दी मध्ये प्राथमिक तहका १८८, निम्न माध्यमिक तहका ४८ र माध्यमिक तहका ३० रहेका छन् । यसैगरी विद्यालय कर्मचारीतर्फ ४१ बाल विकास सहजकर्ता, ३९ वटा कार्यालय सहयोगी र १२ वटा विद्यालय लेखा कर्मचारी गरी कुल ९२ दरबन्दी रहेका छन् । यहाँ आधारभूत खानेपानी सुविधा सबै विद्यालयमा पुगेको छ । यहाँका केही आधारभूत विद्यालयहरू बाहेक प्राय सबै विद्यालयहरूमा विद्युत् तथा इन्टरनेट सुविधा जडान भएको छ । सूचना प्रविधिको प्रयोग गर्न सक्ने शिक्षकहरू ५० प्रतिशत भन्दा बढी छन् ।

यस नगरपालिकाको स्थानीय पाठ्यक्रम तयार गरी सोको आधारमा कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यपुस्तक तयार गरी कार्यान्वयनमा ल्याइएको छ । विद्यार्थीलाई विद्यालयमा टिकाई राख्न विभिन्न विद्यालयहरूमा शैक्षिक सामग्री, पोशाक तथा टिफ्फिन बक्स वितरण गरी प्रोत्साहन गरिएको छ । भवन अपुग भएका विद्यालयहरूको भवन तथा शौचालय निर्माण गरिएका छन् भने विभिन्न विद्यालयहरूमा आधारभूत शिशु कक्षा निर्माण गरिएको छ । विद्यालय भवनहरूको सुरक्षाका लागि विभिन्न विद्यालयमा तारवार लगायतका पूर्वाधार निर्माण भएका छन् ।

### २.३.२ स्वास्थ्य

भीरकोट नगरपालिकाको वडा नं १ मा १५ शैयाको एउटा नगर अस्पताल रहेको छ भने वडा नं १, ३, ४, ६, ८ र ९ मा गरी ६ वटा स्वास्थ्य चौकी र वडा नं २, ५, ७ र ८ मा गरी ४ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र रहेका छन् । सबै वडामा गरी कुल २६ वटा खोप केन्द्रहरू रहेका छन् । यस नगरपालिकामा निजी क्षेत्रका ४ वटा औषधि पसल सञ्चालनमा छन् । यहाँका ७० प्रतिशत जनसङ्ख्या बिमामा आबद्ध रहेका छन् । यहाँको नगर अस्पतालमा २८ करार दरबन्दी रहेको छ । ६ वटा स्वास्थ्य संस्थाको ३० स्वीकृत प्राविधिक दरबन्दी र ६ जना कार्यालय सहयोगीको दरबन्दी रहेकोछ । ४ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूमा भने ८ करार दरबन्दी रहेकोछ । यसैगरी वडा नं १ र ६ मा ४/४, वडा नं २, ४, ५ र ७ मा ५/५, वडा नं ९ मा ६ र वडा नं ३ र ८ मा ९/९ गरी जम्मा ५२ जना स्वास्थ्य स्वयं सेविकाहरू कार्यरत छन् ।

स्वास्थ्य तथ्याङ्कतर्फ ५ वर्षमुनिको बालमृत्युदर (प्रतिहजार जीवित जन्ममा) शून्य रहेको छ भने शिशु मृत्युदर पनि शून्य नै रहेकोछ । स्वास्थ्य प्रोटोकल अनुसार पूर्व प्रसूति जाँच (ANC Visit) गरेको गर्भवती महिलाको प्रतिशत ४३.२, उत्तर प्रसूति जाँच (PNC Visit) गरेका सुत्केरीको प्रतिशत ५२.७२, स्वास्थ्य संस्थामा सुत्केरी गराएका महिलाको प्रतिशत ४.०८, २६ हप्तासम्म आइरन फोलिक एसिड चक्की पाएका किशोरीको प्रतिशत २५.३३ रहेको छ । यसैगरी पूर्ण खोप प्राप्त गर्ने बालबालिकाको प्रतिशत ९४.८१ रहेको छ । वृद्धि अनुगमनका लागि दर्ता भएका बालबालिका मध्ये कम तौल भएका बालबालिकाको प्रतिशत ०.१७ रहेको छ । यस नगरपालिकामा प्रजनन्योग्य महिला ६३४२ जना रहेका छन् ।

स्वास्थ्य पूर्वाधारतर्फ वडा नं ८ को आधारभूत स्वास्थ्य सेवा केन्द्र मोहनडाँडा बाहेक सबै स्वास्थ्य संस्थाहरूको आफ्नै भवनबाट सेवा प्रवाह भैरहेको छ । सबै स्वास्थ्य संस्थाहरूमा सडक, विद्युत्, खानेपानी तथा इन्टरनेट सुविधा पुगेको छ । नगर अस्पतालमा बाहेक अन्य कुनैपनि स्वास्थ्य संस्थाहरूमा कोल्ड चेन कायम हुन सक्ने गरी पावर ब्याकअपको व्यवस्था भएको छैन । स्वास्थ्य संस्थाहरूमा निःशुल्क औषधि र स्वास्थ्य उपकरणहरूको उपलब्धता पर्याप्त रहेको छ ।

गर्भवती महिला र नवजात शिशुको स्वास्थ्यमा सुधार ल्याउने उद्देश्यले पहिलो पटक गर्भ जाँच गरे पश्चात् सुत्केरी नभएसम्मको अवधिको लागि अण्डा वितरण गर्ने कार्यक्रम सञ्चालन गरिएको, नेपाल सरकारबाट निःशुल्क रूपमा उपलब्ध हुने औषधिको अतिरिक्त दलित, गरिब र असहाय नागरिकहरूलाई लक्षित गरी नियमित रूपमा सेवन गर्ने औषधिमा सहयोग उपलब्ध गराइएको; मेडिक मोबाइल मार्फत गर्भावस्थामा रहेका महिलाहरूमा सचेतना फैलाउने कार्य भैरहेको; **आमाको माया** एप् मार्फत खोप सेवा र सुरक्षित मातृत्व कार्यक्रम सञ्चालन गरिएको, स्वास्थ्य संस्थाबाट टाढा रहेका टोलबस्तीहरूमा गाउँघर क्लिनिक सञ्चालन गरिएको छ । स्याना भञ्ज्याङ् खोप क्लिनिक भवन निर्माण, मोहन डाँडामा शहरी क्लिनिक भवन निर्माण, महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन भत्ता वितरण जस्ता

कार्यक्रमहरू पनि सञ्चालन गरिएका छन् ।

यहाँका स्वास्थ्य संस्थाहरूबाट खासगरी आधारभूत स्वास्थ्य सेवा, खोप सेवा तथा चेतनामूलक कार्यक्रमहरू मात्र उपलब्ध हुने हुनाले केही जटिल प्रकृतिको स्वास्थ्य उपचारका लागि पनि यहाँका नागरिकहरू वालिङ तथा पोखरातर्फ जानुपर्ने अवस्था छ । नागरिकलाई कम्तीमा विशेषज्ञ सेवा सहितको आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन सञ्चालनमा रहेका पालिकास्तरीय अस्पतालहरूमा सेवा विस्तार सहित स्तरोन्नति गरी गुणस्तरीय स्वास्थ्य सुविधा उपलब्ध गराउन सकिएमा आम नगरबासीहरू लाभान्वित हुने देखिन्छ ।

### २.३.३ खानेपानी तथा सरसफाइको अवस्था

राष्ट्रिय जनगणना, २०७८ अनुसार झण्डै ८५.७ प्रतिशत घरपरिवारलाई पाइप धाराको पानी उपलब्ध भएको देखिन्छ । जनगणना पछि पनि यस नगरपालिकामा खानेपानी सुविधा विस्तार गरिएकोले यो पाइप धाराको पानीको सुविधा प्रयोग गर्ने घरपरिवार सङ्ख्या केही वृद्धि भइसकेको छ । अझै करिब १४.३ प्रतिशत घरपरिवारमा आधारभूत खानेपानी सुविधा उपलब्ध गराउन बाँकी नै रहेको र आधारभूत खानेपानीको सुविधा उपलब्ध गराउनु पर्ने दायित्वलाई नगरपालिकाले प्राथमिकतामा राख्नुपर्ने अवस्था छ ।

सरसफाइको अवस्था हेर्दा यहाँका ८८.४ प्रतिशत घरपरिवारले फ्लस भएको शौचालय प्रयोग गरेको देखिन्छ । ६.९ प्रतिशत घरपरिवारले साधारण शौचालय प्रयोग गरेको देखिन्छ । सार्वजनिक ढलमा बग्ने गरी प्रयोग गरिने शौचालय ३.८ प्रतिशत छ । सार्वजनिक शौचालय प्रयोग गर्ने ०.२ प्रतिशत रहेको र शौचालय नै नभएका घरपरिवार ०.६ प्रतिशत रहेको देखिन्छ । यो प्रतिशत न्यून नै भए तापनि शतप्रतिशत शौचालय प्रयोग गर्ने बनाउनु पर्ने देखिन्छ ।

पानीको सहज स्रोत उपलब्ध नभएका विभिन्न स्थानहरूमा लिफ्टिङ मार्फत खानेपानी सुविधा उपलब्ध गराइएको छ । साथै बयरघारी सहलगानी खानेपानी योजनाबाट वडा नं १, २ र ४ का बासिन्दाहरूलाई स्वच्छ खानेपानी उपलब्ध गराइएको छ । सबै नगरबासीलाई आधारभूत खानेपानी सुविधा उपलब्ध गराउने गरी प्रदेश सरकारसँग समेतको सहकार्यमा योजनाहरू सञ्चालन गरिएका छन् ।

हाल सम्म यस नगरपालिकमा फोहर व्यवस्थापनको समस्या जटिल नभएपनि अहिलेनै सरसफाइ र फोहर व्यवस्थापन सम्बन्धी जनचेतना कार्यक्रमहरू विद्यालय तह देखि नै सञ्चालन गरी प्रत्येक बस्तीलाई सफा र स्वच्छ कायम गर्ने अभ्यास भैरहेको छ । खुला दिसामुक्त नगरपालिकाको दिगो व्यवस्थापनको लागि शौचालय नहुनेलाई र कच्ची शौचालय विस्थापन गरी पक्की शौचालय निर्माणमा सहयोग गरिएको छ । सबै घरपरिवार टोल विकास संस्थामा आबद्ध रहेकाले टोल विकास संस्थाहरूको परिचालन गरी प्रत्येक घरपरिसर र प्रत्येक टोल तथा बस्तीहरूमा सरसफाइ अभियान सञ्चालन गरी नगरपालिकालाई चाँडै नै पूर्ण सरसफाइयुक्त नगरपालिका घोषणा गर्न पहलकदमी गर्नुपर्ने देखिन्छ ।

### २.३.४ इन्धन प्रयोगको अवस्था

इन्धनको प्रयोगलाई भौतिक सुविधामा पनि राख्ने गरिन्छ तर यसले वातावरण स्वच्छता, मानिसको स्वास्थ्य र जनसाधारणको आर्थिक अवस्था समेतलाई प्रभाव पार्ने भएकाले यसलाई सामाजिक सरोकारको विषयमा पनि राख्ने गरिन्छ । घरपरिवारले प्रयोग गर्ने इन्धनको प्रकारको आधारमा राष्ट्रिय जनगणना, २०७८ अनुसार यस नगरपालिकाका ६२.२ प्रतिशत घरपरिवारले खाना पकाउनका लागि काठ/दाउराको प्रयोग गरेको देखिन्छ । ३६.३ प्रतिशत घरपरिवारले मात्र खाना पकाउनका लागि एल. पी. ग्याँसको प्रयोग गरेको देखिन्छ । बत्ती बाल्नका लागि भने ९८.८ प्रतिशत घरपरिवारमा बिजुलीको प्रयोग भएको पाइन्छ । १.२ प्रतिशत घरपरिवारमा राष्ट्रिय प्रसारणको विद्युत् सेवा उपलब्ध गराउन बाँकी नै रहेको देखिन्छ । यिनै बाँकी १.२ प्रतिशत मध्ये ०.९ प्रतिशतले सौर्य ऊर्जाको प्रयोग गरी घर उज्यालो बनाएका छन् ।

### २.३.५ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

भीरकोट नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था हेर्दा नगरपालिकाले बनाएका कानूनहरू टोल विकास समिति, उपभोक्ता समिति र संघसंस्था दर्ता नवीकरण सम्बन्धी कानूनमा ३३ प्रतिशत महिला सहभागिता अनिवार्य हुनुपर्ने व्यवस्था गरेको छ। बुटिक बनाउने जस्ता सिपमूलक तालिम लगायत क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरी आय आर्जनमा महिलाहरूको योगदानमा अभिवृद्धि गर्ने प्रयास गरिएको छ। लैङ्गिक हिंसा र घरेलु हिंसाका घटनाहरूमा अझै उल्लेख्य रूपमा कमी ल्याउन सकिएको छैन। अपाङ्गता सम्बन्धी कानून निर्माण भै परिचय पत्र वितरण गरिएको छ। अपाङ्गता भएका व्यक्तिहरूका लागि सहायक सामग्री वितरण गरिएको छ भने उनीहरूको जीवनयापनलाई सहज बनाउन क्षमता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गरिएको छ। मानवमैत्री संरचना बनाउने सम्बन्धी नीति नबनेको भएपनि बनिसकेका संरचनाहरूलाई सुधार गरिएको छ। ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरिएको छ। मेयरसँग ज्येष्ठ नागरिक सम्बन्धी कार्यविधि तर्जुमा गरी ज्येष्ठ नागरिकहरूको जीवन सम्मानजनक बनाउन कोसिस गरिएको छ। यसका साथै बृद्ध सम्मान कार्यक्रम पनि गरिएको छ। जातीय विभेदका घटनाहरूमा कमी आएको छ अझै पूर्ण रूपमा उन्मूलन हुन सकेको छैन। जातीय विभेदलाई न्यूनीकरण गरी समाजमा जातीय सद्भाव अभिवृद्धि गर्नका लागि चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएका छन्। नगरपालिका भित्र बालक्लब, बाल मञ्च, बाल सञ्जाल गठन गरी परिचालन गरिएको छ। बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण कार्यविधि तर्जुमा गरी नेपालको सातौं र गण्डकी प्रदेशको दोस्रो बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गरिएको छ। बालबालिकाको शारीरिक तथा मानसिक विकासका लागि बाल खेल मैदान निर्माण गरिएको छ। पिपलडाँडा बाल उद्यान, अन्कुना बाल उद्यान जस्ता बाल उद्यानहरूको निर्माण कार्य सम्पन्न भएको छ। बाल विवाहलाई निरुत्साहित गर्न चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएको छ। फरक क्षमता भएका नागरिकहरूको जीविकोपार्जनका कार्यक्रमहरू सञ्चालन गरिएका छन्। दलित समुदायको परम्परागत सिपको संरक्षणका लागि आरन सुधार कार्यक्रम लगायतका सहायताहरू उपलब्ध गराइएको छ।
किशोरकिशोरीहरू बिचमै पढाइ छाड्ने प्रवृत्तिलाई कम गर्न विशेष अभियान सञ्चालन गर्नुपर्ने देखिएको छ।

### २.३.६ भाषा, साहित्य, परम्परा संस्कृति संरक्षण तथा प्रवर्द्धन

यस नगरपालिकामा झण्डै एक चौथाइ अर्थात २५.१ प्रतिशत जनसङ्ख्या क्षेत्री जातिको रहेको देखिन्छ। त्यसपछि क्रमश: गुरुङ र ब्राह्मण पहाड (करिब बराबर अर्थात १६.६ र १६ प्रतिशत), मगर जाति १०.७ प्रतिशत, विश्वकर्मा जातिको ७.३ प्रतिशत, मिजार जाति ६ प्रतिशत, ठकुरी जाति ४.४ प्रतिशत, नेवार जाति ४.३ प्रतिशत र बाँकी अन्य जाति ५.३ प्रतिशत बसोबास रहेको देखिन्छ। यहाँ १० वटा जातजातिहरूको बसोबास रहेकाले यो नगरपालिका परम्परा तथा संस्कृतिको दृष्टिकोणले विविधतायुक्त नगरपालिकाको रूपमा रहेको छ। यस नगरपालिकामा मातृभाषा अनुसार सबैभन्दा धेरै ८०.३ प्रतिशत नेपाली भाषा बोल्ने छन् भने दोस्रोमा १४.३ प्रतिशत गुरुङ भाषा बोल्ने रहेको छ। यस नगरपालिकामा मान्ने धर्मको आधारमा सबैभन्दा धेरै ८१.९ प्रतिशत जनसङ्ख्याले हिन्दु धर्म मान्ने गरेको देखिन्छ। दोस्रो स्थानमा बुद्ध धर्म मान्नेहरू रहेका छन्। बुद्ध धर्म मान्नेहरू ९.६ प्रतिशत रहेका छन्। तेस्रो स्थानमा ५.७ प्रतिशत बोन धर्म मान्नेहरू रहेका छन्।

नगरपालिकामा रहेका विभिन्न जातजाति, भाषाभाषी, मौलिक संस्कृति रीतिरिवाज एवं परम्परा संरक्षणका लागि विविध कार्यक्रमहरू सञ्चालन गरिएको छ। हिन्दू, खसआर्य, जनजाति क्रियाकर्म भवन निर्माण भै सञ्चालनमा आएकोछ। गुरुङ चिहानडाँडा मर्मत गरिएको छ।

### २.३.७ युवा तथा खेलकुद

राष्ट्रिय जनगणना २०७८ अनुसार यहाँको १५ वर्ष देखि ३९ वर्षसम्मको जनसङ्ख्या ३७.९ प्रतिशत रहेको छ। जसमध्ये पुरुष १६.४ र महिला २१.५ रहेको देखिन्छ। यसले के सङ्केत गर्छ भने पुरुष युवाहरू घर बाहिर रहेका छन्। युवाहरूको सिप विकासगरी स्वरोजगार एवं व्यवसायी बनाउन युवा लक्षित विभिन्न सिपमूलक तालिमहरू प्रदान गरिएको छ। टोल तथा बस्तीहरुबाट खेलाडीहरू उत्पादन गरी

खेलक्षेत्रमा स्थापित गराउने उद्देश्यले बयरघारी खेल मैदान लगायत नगरपालिकाका विभिन्न स्थानहरूमा खेल मैदानहरूको निर्माण गरिएको छ। वडा नं १ लामाचौरमा क्रिकेट खेल मैदान निर्माण गरिएको छ। यसैगरी पखेरे खेल मैदान, लुब्धिखोला कृषक युवाक्लब एकुवर खेलमैदान लगायत विभिन्न वडाहरूमा सम्भावना र आवश्यकता अनुसार खेलमैदानहरू निर्माण गरिएका छन् भने खेलक्षेत्रको विकास र प्रवर्द्धनका लागि खेलकुद सामग्री तथा विभिन्न खेल प्रतियोगिताहरू सञ्चालन गरिएका छन्।

## २.४ पूर्वाधार विकासको अवस्था

### २.४.१ यातायात पूर्वाधार

भीरकोट नगरपालिकाको यातायात गुरुयोजना, २०८१/८२ अनुसार यस नगरपालिका भित्र पर्ने सडकहरूको सतहको अवस्था अनुसारको विवरण निम्न अनुसार छन्। यस नगरपालिकामा रहेको कुल २९५.०१ कि. मि. सडक मध्ये ३६.८६ कि. मि.कालोपत्रे, २७.८७ कि. मि. ग्राभेल, २१८.४६ कि. मि. कच्ची, ३.९८ कि. मि. ढलान, ६.३७ कि. मि. नयाँ ट्र्याक खोलिएको, ०.०६ कि. मि. ढुङ्गा सोलिङ गरिएको अवस्थामा रहेको छ। PRN सडक प्रदेश र SRN सडक संघीय सरकारको जिम्मेवारी भित्र पर्दछन्।

**तालिका ७: हालको अवस्थाको आधारमा वडा अनुसार सडक विवरण (कि. मि.मा)(SRN र PRN बाहेक)**

| वडा नं | कालोपत्रे सडक | कच्ची सडक | ग्राभेल सडक | नयाँ ट्र्याक | ढलान सडक | ढुङ्गा सोलिङ | पुल | जम्मा सडक |
|---|---|---|---|---|---|---|---|---|
| १ | १६.८७ | ८.४५ | ५.६७ | | १.१५ | | ०.०५ | ३२.१९ |
| २ | ४.७१ | १३.२६ | ८.७१ | ३.५७ | ०.२० | | | ३०.१३ |
| ३ | ०.१७ | ४०.७४ | ०.१३ | | ०.०३ | | | ४१.०६ |
| ४ | ४.८८ | १८.०७ | ०.१२ | २.८० | ०.३७ | ०.०६ | | २६.३० |
| ५ | ५.२८ | २७.७४ | | | ०.०८ | | | ३३.१० |
| ६ | २.२० | २५.७० | ०.७४ | | ०.७४ | | ०.१० | २९.४७ |
| ७ | १.३७ | १६.०५ | ८.३८ | | ०.२९ | | ०.११ | २६.२१ |
| ८ | १.३९ | ३१.७४ | ४.१३ | | १.१२ | | | ३८.३७ |
| ९ | | ३७.८५ | | | | | | ३७.८५ |
| जम्मा | ३६.८६ | २१८.४६ | २७.८७ | ६.३७ | ३.९८ | ०.०६ | ०.२५ | २९५.०१ |

*स्रोत: MTMP- २०८१/८२*

सडक पूर्वाधारतर्फ आँधीखोला किनारमा हरित सडक निर्माण कार्य गरिएको छ। नगरको नगर यातायात गुरुयोजना तयार गरी व्यवस्थित रूपमा सडक पूर्वाधार निर्माण एवं स्तरोन्नतिका कार्यहरू अगाडि बढाइएको छ। सडक पूर्वाधार निर्माणमा उपभोक्ताको सहलगानी प्रोत्साहित गरिएको छ। नगरपालिका केन्द्र र वडा केन्द्रहरू जोड्ने सडक पूर्वाधारको प्राथमिकतापूर्वक स्तरोन्नति गरिएको छ। सबै बस्तीहरूमा बाह्रै महिना यातायात सुचारु हुने गरी सडक स्तरोन्नति एवं मर्मत सम्भार कार्य गरिँदै आएको छ। बयरघारी बजारमा फुटपाथ पैदल मार्ग निर्माण गरिएको छ। यसैगरी वडा नं. १ मा भीरकोट बसपार्क निर्माण गरी व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि बसपार्क सञ्चालन कार्यविधि समेत कार्यान्वयनमा ल्याइएको छ। नगरपालिकाको विकासका लागि महत्वपूर्ण सडक, नदीनयन्त्रण लगायतका पूर्वाधार निर्माणका लागि विस्तृत परियोजना प्रस्तावहरू तयार गरिएको छ। घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि कार्यान्वयनमा ल्याइएको छ।

### २.४.२ आवासको अवस्था

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस नगरपालिकाका ८९.२ प्रतिशत घरपरिवार आफ्नै घरमा बस्छन्। ९.५ प्रतिशत घरपरिवार मात्र भाडामा बस्ने गरेको देखिन्छ। घरको बनोट अनुसार ६४.६ प्रतिशत घरपरिवार बस्ने गरेको घरको जग माटोको जोडाइ भएको र इँटा/ढुङ्गाबाट बनेको छ। १८.१ प्रतिशत सिमेन्टको जोडाइ भएको इँटा ढुङ्गाको जगमा बनेको घरमा बस्ने गरेको देखिन्छ। १७ प्रतिशत

आरसिसि पिल्लर सहितको जग भएको घरमा बस्ने गरेको देखिन्छ । ५९.६ प्रतिशत घरहरूको बाहिरी गारो माटोको जोडाइ भएको ईँटा/ढुङ्गाबाट बनेको देखिन्छ। सिमेन्टको जोडाइ भएको ईँटा/ढुङ्गाबाट बनेको गारो भएको घरमा बस्ने घरपरिवार ३९.८ प्रतिशत रहेको छ। घरको भुईं माटोले बनेको घरमा ५७ प्रतिशत घरपरिवार बस्छन् भने सिमेन्ट प्रयोग गरिएको भुईं हुने घरमा ३९.४ प्रतिशत बस्ने गर्दछन् ।

छानोको बनोट अनुसार ६८ प्रतिशत घरपरिवारहरू जस्ताको छानो भएको घरमा बस्छन् २९.२ प्रतिशत घरपरिवार ढलान गरेको घरमा बसेको देखिन्छ। RCC ढलान गरिएका घरहरू खासगरी बजार क्षेत्रमा रहेका छन्। अझै २.१ प्रतिशत घरपरिवार खरको छानो भएको घरमा बस्छन्।

यस नगरपालिकामा भवन संहिता तथा घर नक्सापास सम्बन्धी व्यवस्था लागु भएको भएपनि कार्यान्वयनको अवस्था कमजोर रहेको देखिन्छ। नगरपालिका स्थापना हुनुपूर्व निर्माण भएका घरहरूको अभिलेखीकरणका लागि कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । सुरक्षित आवासको लागि पनि भवन संहिता प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने हुन्छ । खरका छाना विस्थापित गर्नका लागि सुरक्षित आवास कार्यक्रम सञ्चालन गरिएकोछ।

यहाँका संरचनाहरू मानवमैत्री बनाउने सम्बन्धी नीति जारी नभएको भएपनि नयाँ निर्माण भएका सरकारी संरचनाहरू मानवमैत्री बनाउने गरिएको छ भने मौजुदा मानवमैत्री नभएका सरकारी संरचनाहरू सुधार गरी मानवमैत्री बनाउने गरिएको छ । नगरपालिकाको प्रमुख प्रशासकीय भवन तथा सबै वडाहरूका वडा कार्यालय भवनहरू निर्माण सम्पन्न भै प्रयोगमा आइसकेका छन्। वडा नं २ मा सिटी हल निर्माण गरिएको छ। विभिन्न सामुदायिक भवनहरू, प्रतिक्षालयहरू, पाटीपौवा तथा सार्वजनिक शौचालयहरू निर्माण गरिएका छन्।

### २.४.३ सूचना सञ्चार तथा प्रविधि

यस नगरपालिकामा नेपाल टेलिकम र एनसेल कम्पनीहरूको सञ्चार नेटवर्क उपलब्ध भएपनि पर्याप्त पूर्वाधार नहुँदा कतिपय स्थानहरूमा यथेष्ट सञ्चार नेटवर्क पुग्न नसकी सञ्चार सुविधा कमजोर रहेको छ । सञ्चार सुविधाको सबै ठाउँमा सहज पहुँच स्थापित गर्न दुवै कम्पनीहरूसँग पहलकदमी गर्नुपर्ने देखिन्छ। नगरपालिकाको सबै वडामा इन्टरनेटको पहुँच पुगेको छ। नगर कार्यपालिकाको कार्यालय, सबै वडा कार्यालयहरू, सबै स्वास्थ्य संस्थाहरू, सबै सामुदायिक विद्यालयहरूमा इन्टरनेट जडान भएका छन्। विद्यालयहरूमा IEMIS र सबै स्वास्थ्य संस्थाहरूमा EHMIS सफ्टवेयर सञ्चालनमा आएका छन्। सबै विद्यालयहरूले IEMIS अपडेट गरिसकेका छन् भने स्वास्थ्य संस्थाहरूले DHIS र EHMIS बाट तथ्याङ्क प्रविष्टि गरिरहेका छन्। सबै वडाहरूले कर सङ्कलन तथा व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षाको लाभग्राही प्रविष्टि र नवीकरण गरिरहेका छन्। नगरपालिकाको लेखा प्रणाली पूर्ण रूपले विद्युतीय प्रणालीमा आधारित छ। लेखा प्रणालीमा SuTRA को प्रयोग गरिएको छ भने राजस्व सङ्कलनमा पनि विद्युतीय प्रणालीको प्रयोग गरिएको छ। भुक्तानी प्रणालीमा नगरपालिका विस्तारै विद्युतीय शासन प्रणालीतर्फ अगाडि बढिरहेको छ। नगरपालिकाका ९ वटै वडाबाट सम्पादन हुने काममा सूचना प्रविधिको उपयोग गरी प्रविधिमैत्री बनाइएको छ। नगरपालिकाको तथ्याङ्कीय प्रणालीलाई व्यवस्थित र अद्यावधिक गर्न नगरपालिकाको अनलाइन डिजिटल प्रोफाइल सञ्चालनमा ल्याइएको छ।

### २.४.४ ऊर्जा

यस नगरपालिकामा विद्युत्को पहुँच ९९ प्रतिशत घरपरिवारमा पुगेको छ। वैकल्पिक ऊर्जाको रूपमा १ प्रतिशत घरपरिवारले सौर्य ऊर्जा र बायोग्याँसको प्रयोग गरेको देखिन्छ। यस नगरपालिकामा बुटवल पावर कम्पनी र राष्ट्रिय प्रसारण लाइनबाट विद्युत् आपूर्ति भैरहेको छ । नगर क्षेत्रका विभिन्न स्थानहरूमा सडक बत्तीको व्यवस्था गरिएको छ । योजना अवधिमा विद्युत् सेवा शतप्रतिशत घरपरिवारमा प्राथमिकतापूर्वक उपलब्ध गराउन र विद्युत् आपूर्ति पुगेर पनि कमजोर पूर्वाधारका कारण विद्युत् सेवा नियमित र भरपर्दो हुन नसकेको अवस्थालाई पूर्वाधारको क्षमता वृद्धि गरी सेवा भरपर्दो बनाउन नेपाल विद्युत् प्राधिकरणसँग समन्वय गर्नुपर्ने देखिन्छ। विद्युत् सेवा पुऱ्याउन

सम्भव नहुने घरपरिवार भए ऊर्जाका वैकल्पिका स्रोतहरू सौर्य तथा बायोग्याँस जस्ता स्रोतहरू मार्फत पुऱ्याइनेछ।

## २.५ वन, वातावरण तथा विपद् व्यवस्थापन

यस नगरपालिकाको कुल क्षेत्रफल ७८.२३ वर्ग कि. मि. मध्ये ३०.०१ वर्ग कि. मि. (३८.४ प्रतिशत) भूभाग वनले ढाकिएको छ। यहाँ विभिन्न प्रकारका प्रजातिका वनस्पतिहरू तथा जडीबुटीहरू पाइने हुनाले यिनको संरक्षण र दिगो उपयोगको व्यवस्था गर्नुपर्ने देखिन्छ। यहाँ ४७ वटा सामुदायिक वन रहेका छन्। तर संघीय कानूनहरू वन सम्बन्धी कानून र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बाझिएका कारण सामुदायिक वनहरू नगरपालिकासँग पूर्ण रूपमा आबद्ध हुन सकेका छैनन्। डढेलो, चोरी पैठारी र जथाभावी वन फडानी गम्भीर समस्याको रूपमा रहेकाले यसको समाधान जरुरी छ। वनको दिगो उपयोग गर्न सकिएमा वातावरण स्वच्छता कायम हुन सक्ने र वन पैदावारबाट आर्थिक लाभ लिन सकिन्छ। वन संरक्षणले भूक्षय रोक्न तथा जलाधार संरक्षणमा सहयोग पुग्नेछ।

यस नगरपालिका क्षेत्रमा उत्सर्जित फोहरमैलालाई कुहिने र नकुहिने फोहर वर्गीकरण गरी कुहिने फोहरबाट जैविक मल उत्पादन र नकुहिने पुनः प्रयोगमा आउने फोहर बिक्री वितरण गरी फोहरबाट मोहर उत्पादन गर्ने कार्य भएको छ। वडा नं ४ मा सरसफाइ केन्द्र एवं पार्क निर्माण कार्य सम्पन्न गरिएको छ। जुकेपानी, कनिके, वारदी, भयरथान, टुनीगैरा लगायतका मूल संरक्षण कार्यक्रमबाट जलाधार संरक्षणमा थप योगदान पुऱ्याइएको छ। परम्परागत पँधेराहरूको संरक्षण गरिएको छ। बगालेटोल मुखिया चौपारी संरक्षण, दलित बस्ती कोलडाँडा चौतारी संरक्षण, रामभञ्ज्याङ् पार्क निर्माण, थुम्की चौपारी निर्माण जस्ता पर्यावरणीय र सामाजिक महत्वका पार्क, चौतारी र विश्रामस्थल निर्माण, मर्मत एवं वरपीपलको संरक्षण गरिएको छ।

यहाँको अधिकांश भूभाग भिरालो पहाडी धरातलीय भएकोले विपद्को मुख्य घटनाको रूपमा वर्षायाममा पहिरो तथा बाढीको उच्च जोखिम रहन्छ। जसले बस्ती, खेतीयोग्य जमिन, सडक लगायतका पूर्वाधारमा ठुलो क्षति पुऱ्याउने गरेको छ। हिउँदमा खडेरीका कारण कृषि उत्पादन र खानेपानीको आपूर्तिमा असर पर्नेगर्छ। सुख्खा याममा डढेलो तथा आगलागीका घटनाहरू हुने गरेको छ। यी प्राकृतिक विपद्हरुको असर न्यून गर्न पूर्वाधार सुधार, प्रभावकारी विपद् व्यवस्थापन र समुदायस्तरमा सचेतनाका कार्यक्रमहरूलाई प्राथमिकता दिन आवश्यक देखिन्छ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

### २.६.१ स्थानीय नीति, कानून तथा सुशासन

संविधानमा नै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने प्रतिबद्धता अभिव्यक्त भएकोले हरेक स्थानीय तह सुशासन स्थापनाका लागि जिम्मेवार रहेको छ। सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ मा भएको व्यवस्था अनुसार संविधान र प्रचलित कानूनहरूमा भएका व्यवस्थाहरूको अलावा राष्ट्र र जनताको बृहत्तर हित, समन्वय र समावेशीकरण, कानूनको शासन, मानव अधिकारको प्रत्याभूति, पारदर्शिता, जबाफदेहिता, वस्तुनिष्ठता, इमान्दारिता, आर्थिक अनुशासन एवं भ्रष्टाचारमुक्त, चुस्त र जनमुखी प्रशासन, तटस्थता, निष्पक्षता, प्रशासनिक संयन्त्र र निर्णयमा सर्वसाधारणको पहुँच, विकेन्द्रीकरण र अधिकार निक्षेपण, जनसहभागिता तथा स्थानीय स्रोतहरूको अधिकतम उपयोग आदिलाई ध्यानमा राखी कार्य सम्पादन गर्नुपर्ने अनिवार्यता छ। सुशासनका यी मान्यताहरूलाई व्यवहारमा ल्याई सुशासनयुक्त समाज स्थापना गर्नका लागि यस नगरपालिकाले स्थानीय कानूनहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। हालसम्म १ आचार संहिता, १० वटा ऐन, ३७ वटा कार्यविधि, १ दिग्दर्शन, ३ नियमावली, ८ निर्देशिका, ३ मापदण्ड निर्माण भई कार्यान्वयन भइरहेको छ। अझै धेरै कानूनहरू तर्जुमा गर्न बाँकी नै रहेकाले प्राथमिकतापूर्वक बाँकी कानूनहरू क्रमश: तर्जुमा गर्दै कार्यान्वयनमा ल्याउनु पर्ने भएको छ।

### २.६.२ संगठनात्मक विकास र आर्थिक प्रशासन

संविधान र प्रचलित कानूनले स्थानीय तहको जिम्मेवारीको रूपमा निर्दिष्ट गरेका व्यवस्थाहरूलाई कार्यान्वयन गर्नका लागि आफ्नो संगठनात्मक संरचना र प्रणाली मितव्ययी र सन्तुलित हुनु जरुरी छ। स्थानीय तहहरू गठनको प्रारम्भिक चरणमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले एक खालको दरबन्दी प्रत्येक स्थानीय तहका लागि स्वीकृत गरी पठाएको अवस्था थियो। यसरी मन्त्रालयले स्वीकृत गरेका दरबन्दीहरू स्थानीय तहको स्थानीय विशेषता बमोजिम कार्य सम्पादनका लागि सन्तुलित नहुन पनि सक्ने हुनाले स्थानीय तह आफैले संगठन तथा व्यवस्थापन अध्ययन गरी दरबन्दी हेरफेर गर्न सक्ने अधिकार पनि छ। सोही अधिकार बमोजिम यस नगरपालिकाले Organization and Management को अध्ययन गरी सिफारिस बमोजिम दरबन्दी स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ।

स्थानीय तहहरू गठन भै सञ्चालनमा आएको झण्डै ८ वर्ष बितिसक्दा पनि जनप्रतिनिधि तथा कर्मचारीहरूको दक्षता अझै हासिल भैसकेको छेन। कर्मचारी प्रशासन सम्बन्धी संघीय तथा प्रदेश कानूनहरूमा रहेका कमजोरीका कारण पनि भीरकोट जस्ता तुलनात्मक रूपले मूलधारबाट केही ओझेलमा परेका नगरपालिकामा स्थायी पदपूर्ति भएका पदहरू संघ तथा प्रदेश सरकारहरूले जथाभावी काज तथा सरुवा गरिँदिँदा यस्ता स्थानीय तहहरूमा जहिले पनि जनशक्तिको अभाव भैरहने अवस्था छ। यसका लागि जुन स्थानीय तहको लागि स्थायी नियुक्ति गरी पठाइएको हो सोही तहमा कम्तीमा पाँच वर्ष अनिवार्य सेवा गर्नुपर्ने व्यवस्था गरी कडाइका साथ कार्यान्वयन गर्नुपर्ने देखिएको छ।

नगरपालिकाको भुक्तानी भने पूर्ण रूपमा विद्युतीय प्रणालीमा आधारित छ। नगद कारोबार पूर्ण रूपमा बन्द भएको छ। हरेक भुक्तानी प्रणालीबाट नै सिधै भुक्तानी पाउनेको बैंक खातामा जाने भएकोले भुक्तानी छिटो र सरल भएको छ।

नगरपालिकाबाट प्रवाह हुने विकास निर्माण कार्य तथा सेवाहरू अझ थप गुणस्तरीय बनाउन आवश्यक छ। केही सेवाप्रवाहमा अनलाइन प्रणाली प्रयोग भएको भएपनि अझै धेरै अनलाइन प्रणालीहरू तत्काल प्रयोगमा ल्याउन जरुरी छ। शासन प्रणालीलाई भ्रष्टाचारमुक्त बनाउन तथा नगरपालिका तथा मातहतका निकायहरूबाट हुने सेवा प्रवाहलाई सरल सहज र गुणस्तरीय बनाउन पूर्ण विद्युतीय शासन प्रणालीमा रूपान्तरण गर्न जरुरी छ।

### २.६.३ स्रोत परिचालन

नेपालको संविधानको अनुसूची ८ मा व्यवस्था गरिएको एकल राजस्व अधिकार र अनुसूची ९ मा व्यवस्था भएको साझा राजस्व अधिकारबाट उपलब्ध स्रोतहरू प्रत्येक स्थानीय तहका आयका स्रोतहरू हुन्। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार बाँडफाँट भई आउने राजस्वको साथै संघीय तथा प्रदेश सरकारहरूबाट समानीकरण, सशर्त, समपूरक र विशेष अनुदानहरूबाट प्रत्येक वर्ष तोकिएबमोजिमको विधिबाट आम्दानी प्राप्त हुन्छ। स्थानीय तहको एकल अधिकार अन्तर्गतका शीर्षकहरूबाट कानून बनाई प्रत्येक स्थानीय तहले कर, शुल्क र दण्ड जरिवानाका माध्यमबाट आन्तरिक आम्दानी गर्न सक्दछ। यस नगरपालिकामा आन्तरिक आम्दानीको अवस्था केही न्यून रहेको छ। यसका लागि राजस्व परिचालन सम्बन्धी अध्ययन गरी प्राप्त यथार्थपरक प्रतिवेदनका आधारमा करदाताको क्षमता अनुसार कर शुल्क लगाई आन्तरिक आम्दानीको स्रोत मजबुत बनाउनु पर्ने देखिएको छ।

संघ, प्रदेश तथा नगरपालिकाको आन्तरिक स्रोतबाट प्राप्त हुने सीमित वित्तीय स्रोतको विवेकशील विनियोजन गरी दक्षतापूर्वक खर्च गरी अधिकतम उपलब्धि हासिल गर्नुपर्ने हुन्छ। अन्यथा आम नागरिक प्रति अन्याय हुन जान्छ। यसका लागि तथ्यपरक दीर्घकालीन तथा आवधिक योजना, मध्यमकालीन खर्च संरचना, विषयगत योजनाहरू तर्जुमा गरी सोही आधारमा नगरपालिकालाई समृद्धितर्फ रूपान्तरण गर्ने गरी वार्षिक विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ।

### २.६.३.१ आय अवस्था

यस नगरपालिकाका आम्दानीका प्रमुख स्रोतहरुमा संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण, सशर्त, समपूरक, र विशेष अनुदान हुन् । यी शीर्षकहरू मध्ये समानीकरण अनुदान प्रस्तावित सीमाको शतप्रतिशत प्राप्त हुनु पर्ने हो । आ.व. २०७७/७८ देखि नै प्रस्तावित भन्दा कम वास्तविक आय भएको देखिन्छ । आ.व. २०७७/७८ देखि २०८१/८२ सम्म ५ वर्षको समानीकरण अनुदानतर्फ औसत वास्तविक आय ९६.१७ प्रतिशत मात्र हुन सकेको देखिन्छ । समग्रमा संघीय सरकारबाट प्राप्त हुने (राजस्व बाँडफाँट बाहेक) प्रस्तावित आयको तुलनामा वास्तविक आम्दानी अवस्था ९४.४५ प्रतिशत मात्र रहेको छ । यसमा संघीय सरकारबाट प्राप्त हुने समानीकरण, सशर्त, समपूरक र विशेष अनुदान समावेश गरिएको छ ।

यसैगरी प्रदेश सरकारबाट प्राप्त हुने अनुदानतर्फ पनि सुरु देखि आ.व. २०७८/०७९ सम्म समानीकरण अनुदान प्रस्तावित आयको शतप्रतिशत प्राप्त भएकोमा आ.व. २०७९/८० देखि प्रस्तावित भन्दा वास्तविक आय कम भएको देखिन्छ । राजस्व बाँडफाँट बाहेक प्रदेश सरकारबाट प्राप्त हुने आय प्रस्तावित सीमाको तुलनामा ८२.६७ प्रतिशत मात्रा वास्तविक आय प्राप्त भएको देखिन्छ ।

संघीय र प्रदेश सरकारसँग बाँडफाँट भै प्राप्त हुने राजस्व बाँडफाँटतर्फको आय प्रस्तावको तुलनामा ८१.३० प्रतिशत मात्र वास्तविक आय भएको देखिन्छ ।

यस नगरपालिकाको आन्तरिक आय स्थिति ज्यादै कमजोर रहेको छ । आन्तरिक आय प्रक्षेपण पनि त्यति यथार्थपरक हुन सकेको छैन । सम्पत्तिकर, मालपोत (भूमिकर), व्यवसायकर लगायतका आन्तरिक आयका दिगो स्रोतहरू ज्यादै न्यून मात्रामा परिचालन भएकोले आन्तरिक आयको अवस्था कमजोर हुन गएको छ । समग्रमा ५ आर्थिक वर्षको खुद आन्तरिक आयतर्फ रु. १८ करोड ८३ लाख ५९ हजार प्रस्ताव भएकोमा रु. १५ करोड २८ लाख ५३ हजार (८१.१५ प्रतिशत) वास्तविक आम्दानी भएको छ । आन्तरिक आय मजबुत नभएसम्म स्रोत सुनिश्चित हुन नसकि कतिपय प्रस्तावित योजना/कार्यक्रम कार्य सम्पन्न भएपनि भुक्तानी हुन नसक्ने अवस्था आउन सक्छ । आन्तरिक आय स्रोतलाई दिगो र भरपर्दो बनाउन आफ्नो अधिकार क्षेत्रभित्रका राजस्व आम्दानी शीर्षकहरूको पहिचान गरी परिचालन गर्न जरुरी देखिन्छ ।

यसरी विगत ५ वर्षको कुल आय रु. २ अर्ब ९१ करोड ५८ लाख ४८ हजार प्रस्तावित भएकोमा रु. २ अर्ब ७१ करोड ८८ लाख ८ हजार अर्थात ९३.२४ प्रतिशत मात्र वास्तविक आय भएको छ ।

### २.६.३.२ खर्च अवस्था

कुनै पनि सरकार वा संघ संस्थाको समृद्धि वा सफलता त्यसको विवेकशील खर्च गर्न सक्ने क्षमतामा भर पर्छ । विनियोजित बजेट जति बढी खर्च गर्न सकियो त्यति लक्ष्य उद्देश्य हासिल हुने सम्भावना बढी हुन्छ । खासगरी साधारण खर्च भन्दा विकास खर्चले प्रतिफल दिन्छ । यस नगरपालिकाको खर्च अवस्था हेर्दा विगत ५ वर्षमा कुल औसत खर्च ८६.३० प्रतिशत मात्र भएको देखिन्छ । यसमा पनि चालुतर्फको खर्च प्रतिशत धेरै (५ वर्षको औसत ८८.१६ प्रतिशत) छ जबकी पुँजीगततर्फको विगत ५ वर्षको औसत खर्च जम्मा ८१.५५ प्रतिशत प्रतिशत मात्र भएको देखिन्छ । यसरी यस नगरपालिकाको पुँजीगत खर्च क्षमता कमजोर देखिएकोछ । पुँजीगत खर्च क्षमता सबल हुनु पर्दछ ।

## २.७ प्रथम आवधिक योजना (२०७६/७७ – २०८०/८१) को समीक्षा

भीरकोट नगरपालिकाले आर्थिक वर्ष २०७६/७७ – २०८०/८१ सम्मका लागि **"समृद्ध भीरकोटको आधार: कृषि, पर्यटन आँधीखोलाको उपहार"** भन्ने दीर्घकालीन सोच तयगरी ५ वर्षका लागि प्रथम आवधिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको थियो । उक्त योजनामा गण्डकी प्रदेश सरकारको परिमाणात्मक लक्ष्यका आधारमा भीरकोट नगरपालिकाको परिमाणात्मक लक्ष्य निर्धारण गरिएको थियो ।

योजना अवधिको अन्तसम्ममा आर्थिक वृद्धि १०.२ प्रतिशत हासिल गर्ने लक्ष्य रहेकोमा विश्वव्यापी रूपमा देखापरेको मन्दीका कारण ४.१ प्रतिशतमा सीमित रहेको छ । प्रति व्यक्ति वार्षिक आय १४०० अमेरिकी डलर पुग्ने लक्ष्य रहेकोमा १५९६ अमेरिकी डलर पुगी लक्ष्य हासिल भएको छ । बहु आयामिक गरिबीको दर ३ प्रतिशतमा झार्ने लक्ष्य भने हासिल हुन सकेन । यो दर अझै ११ प्रतिशत नै रहेको अनुमान गरिएको छ । यसैगरी ९९ प्रतिशत सक्षरता दरको लक्ष्य पनि हासिल हुन सकेन । बेरोजगारीको दर १ प्रतिशतमा झार्ने लक्ष्य पनि हासिल हुन सकेन । ९५ प्रतिशत घरपरिवारमा आधारभूत खानेपानी सुविधा पुऱ्याउने लक्ष्य पनि हासिल हुन सकेको छैन । शौचालय नभएको परिवार १० प्रतिशतबाट शून्यमा झार्ने लक्ष्य भने लगभग हासिल भएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार १.५ प्रतिशत घरपरिवारमा मात्र शौचालय सुविधा पुग्न बाँकी देखिन्छ । पूर्ण सरसफाइ अभियान सञ्चालन भैरहेकोले यो लक्ष्य चाँडै पूरा हुनेछ । औसत आयु भने आधार वर्षकै अवस्थामा (७२ प्रतिशत) छ । शतप्रतिशत घरपरिवारमा विद्युत् सेवाको पहुँच हुने लक्ष्य रहेकोमा हासिल हुने अवस्थामा छ । सडकतर्फ कालोपत्रे (ढलान सहित) ३० कि.मि. पुग्ने लक्ष्य रहेकोमा ४०.८४ कि.मि., ग्राभेल सडक ८० कि.मि. लक्ष्य रहेकोमा २७.८७ कि.मि., कच्ची सडक ४५० कि. मि. लक्ष्य रहेकोमा २१८.४६ कि.मि. भएको छ । यसरी हेर्दा सडक कालोपत्रे गर्ने लक्ष्य भन्दा १०.८४ कि.मि. बढी प्रगति भएको छ । ग्राभेल र कच्ची सडकको हकमा भने लक्ष्य हासिल हुन सकेन ।

तथ्याङ्कगत रूपमा योजनाको सूचकगत प्रगति सन्तोषजनक देखिएको छैन । यसो हुनुको कारण योजना तर्जुमाका बखत नगरपालिकाको आफ्नै तथ्याङ्क उपलब्ध हुन सक्ने पूर्वाधार तयार नभएकोले गण्डकि प्रदेशका सापेक्षित सूचकहरूको आधार तथा केहीमा अनुमानित तथ्याङ्कहरू आधार मानिएकोले पनि हुन सक्छ । तथापि विगत ८ वर्षको अवधिमा आर्थिक, सामाजिक, पूर्वाधार तथा संस्थागत विकास क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल भएका छन् । धेरै कानूनहरू बनिसकेका छन्, सडक सञ्जालहरूको विकास भएको छ । कृषि क्षेत्रमा पनि धेरै परिवर्तन भएको छ । कृषि क्षेत्रमा केही व्यवसायीहरू जन्मिएका छन् । पशुपन्छीपालनमा पनि व्यवसायीकरणको सुरुवात भएको छ । नगरपालिकाले कृषि तथा पशुपन्छीपालन क्षेत्रलाई आधुनिकीकरण र व्यवसायीकरणतर्फ रूपान्तरण गर्नका लागि उपयुक्त प्रविधिहरूको हस्तान्तरण गरिएको छ । आँधीखोला किनारमा फैलिएको सम्म उर्वर कृषि भूमिमा पहिलेनै ठुला सिँचाइ आयोजनाहरू सम्पन्न भै सञ्चालन हुँदै आएकोमा नियमित मर्मत सम्भारको अभावमा हिउँदमा हुने पानीको सङ्कटलाई व्यवस्थापन गर्न संघीय सरकार तथा प्रदेश सरकारसँगको सहकार्य र समन्वयमा सिँचाइ प्रणाली सुधार गरिएको छ । साना खोला खोल्सीहरूबाट सिञ्चित हुने परम्परागत कुलाहरूलाई मर्मत सम्भार गरी सिँचाइ सुविधामा सुधार गरिएको छ । धार्मिक पर्यटनको विकासका लागि विभिन्न धर्मावलम्बीहरुका धर्मिक संरचनाहरू (मन्दिर, गुम्बा आदि) को निर्माण तथा मर्मत सम्भार गरिएको छ । सांस्कृतिक विविधताको संरक्षण सम्बन्धी कार्यहरू भएका छन् । संस्कृति परम्पराको संरक्षणलाई आय आर्जनसँग जोड्नका लागि ३ वटा वडाका केही घरपरिवारमा सामुदायिक घरबास कार्यक्रम (होम स्टे) सञ्चालनमा ल्याइएको छ ।

शिक्षा क्षेत्रमा विद्यार्थी सङ्ख्या ज्यादै न्यून भएका विद्यालयहरू गाभिएका छन् भने दरबन्दी अभाव खेपिरहेका विद्यालयहरूमा नगरपालिकाको आफ्नै स्रोतमा शिक्षक व्यवस्थापन गरिएको छ । विद्यालयहरूको भौतिक पूर्वाधार निर्माण तथा ICT ल्याव, विज्ञान प्रयोगशाला, पुस्तकालय व्यवस्थापन जस्ता कार्यक्रमहरू सबै विद्यालयसम्म पुऱ्याउने गरी निरन्तर रूपमा सञ्चालन भैरहेका छन् । शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग अभिवृद्धि गर्दै लैजानका लागि सामुदायिक विद्यालयहरूमा कार्यरत शिक्षकहरूको ICT प्रयोग क्षमता विकास गरिएको छ । सबै विद्यालयहरूमा इन्टनरनेट सेवा जडान गरिएको छ । माध्यमिक विद्यालयहरूमा पावर ब्याकअप जडान गरिएको छ । प्राय सबै जसो विद्यालयहरू सडक सञ्जालबाट जोडिएका छन् । शिक्षा क्षेत्रको व्यवस्थापन प्रणाली IMEIS प्रयोगमा ल्याइएको छ । स्वास्थ्य क्षेत्रमा दुईवटा अस्पताल, स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रले सेवा पुऱ्याउन नसकेका बस्तीहरूमा आधारभूत स्वास्थ्य सेवा पुऱ्याउन सामुदायिक स्वास्थ्य एकाइहरू नगरपालिकाले आफ्नै स्रोतबाट सञ्चालन गरिरहेको छ । स्वास्थ्य बिमामा आबद्धता बढाउँदै लगिएको छ । हालसम्म झण्डै ६० प्रतिशत जनसङ्ख्या स्वास्थ्य बिमामा आबद्ध भैसकेका छन् र थप जनसङ्ख्याको आबद्धता बढाउनेतर्फ नगरपालिका क्रियाशील छ । खोप सेवालाई भरपर्दो बनाउन खोपकेन्द्रहरू सम्म खोपलाई

सुरक्षितसाथ पुऱ्याउनका लागि Cold chain नटुट्ने व्यवस्था मिलाइएको छ । बर्थिङ सेन्टरमा दक्ष जनशक्ति व्यवस्था गर्न बर्थिङ सेन्टरहरूमा तालिम प्राप्त जनशक्तिको व्यवस्था गरिएको छ । स्वास्थ्य क्षेत्रको तथ्याङ्क प्रणाली विश्वसनीय बनाउन DHIS र EHMIS अनलाइन तथ्याङ्क प्रणाली प्रयोगमा ल्याइएको छ । नागरिकलाई आधारभूत खानेपानी सुविधा पुऱ्याउँदै क्रमशः शुद्ध खानेपानीको पहुँच वृद्धि गर्दै लैजाने नगरपालिकाको सङ्कल्प अनुसार विभिन्न खानेपानी योजनाहरू मार्फत खानेपानी सुविधा विस्तार गर्दै लगिएको छ । सामाजिक सद्भाव कायम गरी विकासको मूल प्रवाहमा महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति लगायत विपन्न वर्गलाई विकासको मूल प्रवाहमा समाहित गराउन उनीहरूको सिप तथा दक्षता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरू सञ्चालन भएका छन् ।

पूर्वाधारको क्षेत्रमा रणनीतिक सडक तथा प्रादेशिक सडक सञ्जालहरूको स्तरवृद्धि भई कालोपत्रे भएको छ । आवश्यकता अनुसार स्थानीय सडकहरूको निर्माण, स्तरोन्नति तथा नियमित तथा आकस्मिक मर्मत सम्भार गरिएको छ । नगरपालिकाको मुख्य प्रशासकीय भवन लगायत सबै वडाहरूमा आफ्नै भवनबाट सेवा प्रवाह भइरहेका छन् । आवश्यकता अनुसार सामुदायिक भवनहरू र सार्वजनिक शौचालयहरू निर्माण भएका छन् । नेपाल विद्युत् प्राधिकरणसँग समन्वय गरी विद्युत् सेवा विस्तार गर्दै ९९ प्रतिशत भन्दा बढी घरपरिवारमा विद्युत् पहुँच पुऱ्याइएको छ । सूचना तथा सञ्चार क्षेत्रमा सेवा प्रदायकहरूसँगको समन्वयमा नगरपालिकाका प्राय: सबै बस्तीमा सञ्चार नेटवर्क पुऱ्याइएको छ साथसाथै इन्टरनेट सेवाको विस्तार पनि भैरहेको छ । नगरपालिकाका सबै विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालय तथा मुख्य प्रशासकीय कार्यालयमा इन्टरनेट सेवा जडान भैसकेको छ । व्यक्तिगत घटना दर्ता तथा कर शुल्क सङ्कलन कार्यहरूमा अनलाइन प्रणालीको प्रयोग भै सकेको छ । नगरपालिकाको भुक्तानी पूर्ण रूपमा विद्युतीय प्रणालीमा आधारित छ । ठेक्का प्रक्रियामा पूर्ण रूपमा E-Bidding प्रणालीको प्रयोग भएको छ । योजना प्रणाली तथा नगरपालिकाको वस्तुगत विवरण पनि अनलाइन प्रणालीमा आधारित छ । नगरपालिकाको यातायात गुरुयोजना तर्जुमा भैसकेको छ । योजना अवधिको अन्तसम्ममा आर्थिक तथा सामाजिक विकासमा एवं सुशासन र सेवा प्रवाहमा गुणात्मक सुधार भएको छ ।

समग्रमा यस नगरपालिकाको प्रथम आवधिक रणनैतिक योजना भीरकोट नगरपालिकाको विकास पथको कोसे ढूङ्गाको रूपमा स्थापित भएको छ । नगरपालिकाको सीमित स्रोत साधनको अधिकतम उपयोगका लागि महत्तम बजेट विनियोजनद्वारा उपलब्धि हासिल गर्ने आधार दिएको छ । साथसाथै नगरपालिकाको दोस्रो आवधिक योजना तर्जुमाका लागि पनि महत्वपूर्ण आधार प्रदान गरेको छ ।

# परिच्छेद ३: समष्टिगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

## ३.१ पृष्ठभूमि

योजनाबद्ध विकास सन्तुलित, दिगो र समन्यायिक विकासको आधार हो। आवधिक योजनाले विकास प्रयासलाई निर्दिष्ट गर्दछ। संघीय शासन प्रणाली अनुरूप भीरकोट नगरपालिकाले नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारले अवलम्बन गरेका समष्टिगत आर्थिक नीति र दीर्घकालीन सोचसँग तादात्म्यता तथा दिगो विकास लक्ष्य हासिल हुने गरी योजना तर्जुमा गरेको छ। तीनै तहको सरकारको समन्वय र सहकार्यमा राष्ट्रिय लक्ष्य हासिल हुन सक्दछ। राष्ट्रिय तथा प्रादेशिक सङ्कल्प, समृद्धि र समुन्नतिका लागि सार्वजनिक क्षेत्रका अतिरिक्त अन्य विकास साझेदारहरू, निजी क्षेत्र, सहकारी क्षेत्र तथा गैरसरकारी संघसंस्थाहरूसँग समेत सहकार्य र साझेदारीका कार्यहरूलाई एकैसाथ लिएर जानुपर्ने अवस्था छ। भीरकोट नगरपालिकाको आवधिक योजनाले स्थानीय नागरिक र स्थानीयस्तरका आर्थिक, सामाजिक, भौगोलिक परिवेश बिच अन्तरसम्बन्ध कायम गरी नागरिकको आर्थिक तथा सामाजिक सुविधा र समृद्धिलाई प्रवर्द्धन गर्न सहजता प्रदान गर्नेछ साथसाथै यो योजना नगरपालिकाको सुन्दरता, प्रकृतिको संरक्षण, सद्भावपूर्ण समाज निर्माण तथा मानव र प्रकृति बिचको तालमेलको रूपरेखा पनि हुनेछ।

दीर्घकालीन सोचले नगरपालिका पुग्न चाहेको र प्राप्त गर्न खोजेको आदर्श अवस्थालाई सङ्केत गर्दछ। नेपाल सरकारले वि.सं.२१०० सम्मको लक्ष्यको रूपमा तय गरेको "**समृद्ध नेपाल, सुखी नेपाली**" को २५ वर्षे सोचलाई पूरा गर्ने लक्ष्यका साथ **"सुशासन, सामाजिक न्याय र समृद्धि"** सोच तय गरी सोह्रौँ योजना कार्यान्वयनमा ल्याएको छ। यसका साथै सन् २०२६ मा नेपाललाई अतिकम विकसितबाट विकासशील मुलुकमा स्तरोन्नति गर्ने र सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्दै मध्यम आय मुलुकमा पुग्ने लक्ष्य तय गरिएको छ। त्यसैगरी गण्डकी प्रदेश सरकारले **"आत्मनिर्भर र समुन्नत प्रदेश: सुखी प्रदेशवासी"** भन्ने सोच तय गरी दोस्रो आवधिक योजना कार्यान्वयनमा ल्याइसकेको छ। नेपाल सरकार र गण्डकी प्रदेश सरकारका उल्लेखित दीर्घकालीन सोचहरू पूरा गर्ने लक्ष्यलाई योगदान पुग्ने गरी भीरकोट नगरपालिकाको दीर्घकालीन सोच तय गरी सोलाई पूरा गर्ने उद्देश्य र लक्ष्य तय गरिएको छ। यी उद्देश्य हासिल गर्नका लागि रणनीति, कार्यनीति र प्राथमिकता निर्धारण गरिएको छ।

## ३.२ प्रमुख अवसर तथा सम्भावनाहरू

### ३.२.१ प्रमुख अवसरहरू

भीरकोट नगरपालिका मध्य पहाडी भागमा अवस्थित भएपनि ठुला राजमार्गहरूसँग जोडिनु र कृषि उत्पादनका लागि ठुला सिँचाइ प्रणाली उपलब्ध हुनु लगायतका निम्नानुसारका अवसरहरू भीरकोट नगरपालिकामा विद्यमान छन्।

(क) यो नगरपालिका नेपालकै दोस्रो पर्यटकीय राजधानी पोखरा शहर नजिकै हुनु र सिद्धार्थ राजमार्ग यसको बिच भाग भएर पार हुनु र सडक सञ्जालले छिमेकी स्थानीय तहहरु र पर्वत जिल्ला समेत जोडिनु;

(ख) नगरपालिकाको बिचबाट आरपार हुँदै पोखरा देखि स्याङ्जा बजार, नगरपालिकाकै बयरघारी बजार, वालिङ, गल्याङ, पाल्पा हुँदै तराईको महेन्द्र राजमार्गमा बुटवल र भैरहवा हुँदै भारतसँगको सीमासम्म जोड्ने सिद्धार्थ राजमार्ग पर्यटकीय नगर पोखरा र बुद्धजन्मस्थल लुम्बिनी जोड्ने लिङ्क रोडका रूपमा समेत रहेको;

(ग) नगरपालिकाका सबै वडाका अधिकांश बस्तीहरूमा सडक सञ्जालको पहुँच हुनु;

(घ) धार्मिक तथा सांस्कृतिक विविधतायुक्त जातजाति तथा समुदायहरूको बसोबास हुनु;

(ङ) आँधीखोला नगरपालिकाको बिच भएर बहनु, ठुला सिँचाइ प्रणालीहरूबाट सिँचाइ सुविधा उपलब्ध हुनु र कृषि उत्पादनका लागि उर्वर सम्म फाँट रहनु;

(च) विद्युत् तथा सूचना प्रविधि पूर्वाधारको पहुँच नगरपालिकाका अधिकांश बस्तीहरूमा पुग्नु;

(छ) नगरपालिकामा उत्पादन हुने सुन्तलाको माग पोखरा जस्तो ठुलो शहरमा स्थापित भै सक्नु;

(ज) अझैपनि परम्परागत बिउ, बिजन र मलखादको प्रयोग कायमै रहनु।

### ३.२.२ प्रमुख सम्भावनाहरू

भीरकोट नगरपालिकाको धरातलीय बनोट विविधतायुक्त छ। यहाँ आँधीखोला किनारमा कृषिको लागि उपयुक्त ठुला सिँचाइ प्रणालीको सुविधा प्राप्त उर्वर सम्म भूमि देखि मध्यम प्रकारको भिरालो जमिन रहेको र हरिया रमणीय दृश्यावलोकन गर्न सकिने पहाडी भूभाग रहेको छ। यहाँ उपलब्ध अवसरहरूको उपयोग गरी आर्थिक तथा सामाजिक समृद्धि हासिल गर्न सकिने सम्भावना छ।

**(क)** **कृषि:** यस नगरपालिकाको फाँट र टारहरूमा सिँचाइ प्रणालीको उपलब्धता छ। तर बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध नहुँदा कृषि उत्पादन र उत्पादकत्व अपेक्षित रूपमा वृद्धि गर्न सकिएको छैन। प्रणालीमा सुधार गरी बाह्रै महिना सिँचाइ सुविधा तथा उपयुक्त नवीन प्रविधि उपलब्ध गराउन सकिएमा कृषि क्षेत्रको व्यवसायीकरण सम्भव छ। पहाडी ग्रामीण क्षेत्रमा अझैपनि रैथाने बालीहरू र परम्परागत मलखादहरूको प्रयोग कायमै रहेकाले यसको जगेर्ना र प्रवर्द्धन गरी प्राङ्गारिक खेती प्रणालीलाई अभिवृद्धि गर्न सकिने सम्भावना देखिन्छ।

(ख) **पशुपालन:** पशुपन्छीपालन भीरकोटवासीहरूको परम्परा देखि कै पेशाको रूपमा रही आएको छ। यहाँका कुल ४७२२ कृषक परिवार मध्ये ४०८४ अर्थात ८६ प्रतिशत कृषक परिवारले पशुपन्छीपालन गर्दछन्। मुख्य गरेर यहाँ गाईगोरु, भैंसी, बाख्रा, सुँगुर/बङ्गुर, कुखुरापालन गरिन्छ। यति धेरै कृषक परिवारले पशुपन्छीपालन गर्ने भएपनि व्यावसायिक रूपमा पालन गर्ने कृषकहरू ज्यादै कम छन्। निर्वाहमुखी पशुपालनलाई व्यावसायिकतामा रूपान्तरण गर्न सकिएमा पशुपालन समृद्धिको प्रमुख आधारहरू मध्ये एक हुन सक्ने सम्भावना छ।

**(ग)** **पर्यटन:** पोखरा नेपालकै दोस्रो ठुलो पर्यटकीय शहर हो। यहाँ वर्षेनी लाखौं बाह्य तथा आन्तरिक पर्यटकहरू आउँछन्। झण्डै ५०/६० कि.मि. को दूरीमा रहेको यस नगरपालिकामा पर्यटन पूर्वाधारको राम्रो विकास गर्न सकिएमा २/३ प्रतिशत मात्र पर्यटक भित्र्याउन सकियो भने पनि पर्यटन क्षेत्रबाट वर्षेनी करोडौं आम्दानी गर्न सकिने देखिन्छ। सिद्धार्थ राजमार्ग हुँदै पोखरा आवागमन गर्ने भारतीय पर्टकहरूको बढ्दो चापलाई यहाँ आकर्षित गर्न सकिने सम्भावना छ। भीरकोट नगरपालिका आफ्नै ऐतिहासिक महत्व बोकेको नगरपालिका हो। सांस्कृतिक विविधतायुक्त यस नगरपालिकामा परम्परा/संस्कृतिको संरक्षण र प्रवर्द्धन, धार्मिक स्थलहरूको विकास, प्राकृतिक सुन्दरताको व्यवस्थापन तथा यहाँका धार्मिक एवं ऐतिहासिक पर्यटकीय स्थलहरूको विकास गर्न सकिएमा सहज सडक सञ्जालमा आबद्ध यस नगरपालिकामा पर्यटक आगमन बढाउन सकिने सम्भावना छ।

**(घ)** **सडक तथा यातायात:** यस नगरपालिकाका सबै वडाका सबैजसो बस्तीहरूमा सडक सञ्जालको पहुँच स्थापित भैसकेको छ। सडकको स्तरवृद्धि गरी सबैजसो सडकहरूलाई बाह्रै महिना सञ्चालन हुन सक्ने बनाउन सकिएमा सबै बस्तीहरूमा यातायात पहुँच विस्तार गर्न सकिन्छ। यहाँ मुख्य सडक सिद्धार्थ राजमार्गका अलावा रणनीतिक सडक एवं प्रादेशिक सडकहरूमा समेत पहुँच रहेको छ भने नगरपालिका भित्रको सडक सञ्जाललाई आगामी ५ वर्ष भित्रमा स्तरवृद्धि गरी सबै बस्तीहरूमा बाह्रै महिना यातायात सञ्चालन हुन सक्ने बनाउन सकिने सम्भावना छ।

**(ङ)** **उद्योग व्यवसाय:** यस नगरपालिकामा मझौला तथा ठुला उद्योग स्थापनाको सम्भावना तत्काल नदेखिए पनि लघु, घरेलु तथा साना उद्यमहरूको विकास गर्न सकिन्छ। उद्यमशीलताको विकास गरी खासगरी कृषि उत्पादनमा आधारित (दुग्ध प्रशोधन, फलफुल प्रशोधन, हस्तकला, बाँस तथा काष्ठजन्य, जडीबुटी सङ्कलन तथा प्रशोधन उद्यम जस्ता लघु, घरेलु तथा साना उद्योगधन्दाहरू सञ्चालन गर्न सकिने सम्भावना प्रबल छ।

**(छ)** **सिप विकास:** यस नगरपालिकामा आधुनिक घरहरूको निर्माण बढ्दो छ । विद्युत् तथा सञ्चार पूर्वाधारको पहुँच पनि सबै बस्तीहरूमा पुगिसकेको छ । कृषि क्षेत्रमा विस्तारको सम्भावना पनि बढ्दो छ । यी सबै क्षेत्रमा दक्ष जनशक्तिको माग बढ्दो छ । त्यसैले नगरपालिकावासी युवा जनशक्तिलाई सिप विकास तथा तालिमको माध्यमबाट दक्ष बनाउन सकिएमा नगरपालिका भित्र आवश्यक पर्ने जनशक्ति नगरपालिकामा उत्पादन हुने र स्थानीय युवाहरूले रोजगारी पनि पाउने बनाउन सकिने सम्भावना देखिन्छ ।

**(ज)** **विद्युतीय शासन प्रणाली:** भीरकोट नगरपालिकाका प्राय सबै बस्तीहरूमा इन्टरनेट सेवाको पहुँच पुगिसकेको छ । नगर कार्यपालिकाको कार्यालय लगायत सबै वडा कार्यालयहरू, सबै स्वास्थ्य संस्थाहरू, सबै विद्यालयहरूमा विद्युतीय शासन प्रणालीको पूर्वाधार इन्टरनेट सेवा जडान भैसकेको र अधिकांश घरधुरीमा मोबाइल मार्फत इन्टरनेट सेवाको उपयोग भैसकेको छ । त्यसैले नगरपालिका तथा मातहतका निकायहरूबाट प्रवाह हुने सेवा तथा सञ्चालन हुने कार्यहरूलाई क्रमश: विद्युतीय शासन प्रणालीमा रूपान्तरण गर्दै जान सकिएमा प्रणालीकै माध्यमबाट सुशासन कायम गर्न सकिन्छ । सेवाग्राहीले पाउने सेवालाई क्रमश: अनलाइन प्रणाली लागु गर्न सकिएमा सेवाग्राहीले जहाँसुकैबाट सेवा लिन सक्ने छन् भने कर तथा शुल्क भुक्तानीलाई पनि अनलाइन गर्न सकिएमा करदाताहरूलाई सहज भई जहाँसुकैबाट कर भुक्तानी गर्न पाउने छन् र कर/शुल्क सङ्कलनमा सुधार भई आन्तरिक आय भरपर्दो हुन पुग्नेछ । विद्युतीय शासन प्रणालीलाई आवश्यक पर्ने सूचना प्रविधिका पूर्वाधारको पहुँच भएकोले पालिकालाई विद्युतीय शासन प्रणालीमा रूपान्तरण गर्न सकिने सम्भावना छ । विद्युतीय शासन प्रणालीमा रूपान्तरण गर्न सकिएमा भ्रष्टाचार तथा अनियमितताहरू स्वत: न्यूनीकरण हुँदै जानेछन् । यसै गरी विद्यालय शिक्षाको सिकाइ प्रक्रियामा सूचना प्रविधिको अधिकतम प्रयोग गरी शिक्षाको गुणस्तरमा सुधार ल्याउन सकिने सम्भावना पनि छ ।

## ३.३ प्रमुख समस्या तथा चुनौतीहरू

भीरकोट नगरपालिकाको समग्र विकास प्रक्रियामा निम्न समस्या तथा चुनौतीहरू रहेका छन्:

### ३.३.१ प्रमुख समस्याहरू

(क) आवधिक योजनाको आधारमा वार्षिक योजना बनाउने अभ्यास नहुनु;

(ख) कृषि तथा पशुपन्छीपालनको क्षेत्र अझै परम्परागत र निर्वाहमुखी हुनु;

(ग) कृषि तथा पशुजन्य उत्पादनको भण्डारण तथा बजारीकरणको व्यवस्था नहुनु;

(घ) सिँचाइ पूर्वाधार पर्याप्त नहुनु र भएका सिँचाइ पूर्वाधार पनि समयमा मर्मत सम्भार हुन नसकी बाह्रै महिन सिँचाइ सुविधा प्राप्त हुन नसक्नु;

(ङ) पर्यटन पूर्वाधारहरूको विकास नहुनु;

(च) सामुदायिक विद्यालयरुमा शैक्षिक गुणस्तरमा सुधार गर्न कठीनाई हुनु र बालबालिका घट्दै जानु;

(छ) स्वास्थ्य संस्थाहरूमा विशेषज्ञ जनशक्ति तथा पर्याप्त उपकरण सहितको सेवा उपलब्ध गराउन नसक्नु;

(ज) लैङ्गिक तथा सामाजिक समावेशीकरणको क्षेत्रमा अपेक्षाकृत सुधार ल्याउन नसक्नु;

(झ) दिगो भौतिक पूर्वाधारको अवधारणा लागु हुन नसक्नु;

(ञ) सडक सञ्जालको अपेक्षाकृत स्तरोन्नति हुन नसक्नु;

(ण) भूक्षय तथा पहिरोको प्रकोप रोकथाम गर्न नसक्नु;

(ट) विपद् व्यवस्थापन, जलवायु परिवर्तन, वातावरण संरक्षणमा पर्याप्त ध्यान दिन नसक्नु;

(ठ) कमजोर विनियोजन कुशलता, कार्यदक्षता तथा वित्तीय अनुशासन;

(ढ) लैङ्गिक तथा सामाजिक हिंसाको स्वरूपमा परिवर्तन;

(त) जलवायु परिवर्तनको असर तथा वातावरणजन्य बहुप्रकोपमा वृद्धि।

### ३.३.२ प्रमुख चुनौतीहरू

(क) परम्परागत कृषि तथा पशुपन्छीपालनमा आधुनिकीकरण र व्यवसायीकरण गर्नु;

(ख) लघु, घरेलु तथा साना उद्योग तथा व्यवसायहरू बजार प्रतिस्पर्धामा टिकाई राख्नु र दिगो रूपमा सञ्चालन गर्नु;

(ग) सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तरमा सुधार ल्याउनु र शिक्षित, सिपयुक्त एवं दक्ष मानव संसाधनको उत्पादन गर्नु;

(घ) पहाडी धरातलयुक्त ठाउँहरूमा नगरपालिका भित्रका कच्ची सडकहरूमा बाह्रै महिना यातायात सञ्चालन हुन सक्ने बनाउनु;

(ङ) आय आर्जन र रोजगारी बढाई बसाइँसराइ रोक्नु;

(च) युवाहरूलाई विदेश पलायनबाट रोकी स्थानीयस्तरमै रोजगार तुल्याउनु;

(छ) नगरपालिकाको शासन प्रणाली र कार्यसम्पादनलाई प्रभावकारी, सुशासनयुक्त र नतिजामुखी बनाउनु;

(ज) वन विनाश रोक्नु र जलवायु परिवर्तनको असर घटाउनु;

(झ) सीमित स्रोत साधनको सन्तुलित उपयोगबाट अधिकतम नतिजा हासिल गर्नु;

(ञ) पर्यटन क्षेत्रको विकास गरी आय आर्जनमा सुधार ल्याउनु;

(ट) विकास साझेदारहरूको लगानी आकर्षित गरी लगानीको स्रोत अभिवृद्धि गर्नु।

### ३.४ भीरकोट नगरपालिकाको विकासका मार्गनिर्देशक सिद्धान्तहरू

**(१)** **कृषि, शिक्षा, स्वास्थ्य र पर्यटन क्षेत्रमा प्राथमिकता:** कृषिमा आधुनिकीकरण तथा व्यवसायीकरण, गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्यमा पहुँच, पर्यटन पूर्वाधारको विकास र प्रवर्द्धनद्वारा समृद्धिको आधार तयार गरिने, कृषि उत्पादन, प्रशोधन र स्थानीय श्रम, सिप र कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योग लगायतका आर्थिक पुनर्लाभका कार्यक्रम प्राथमिकतापूर्वक सञ्चालन गरिनेछ। साथै पालिकाभित्र रहेको सांस्कृतिक विविधता जगेर्ना गर्दै पर्यटन पूर्वाधारहरूको विकास गरिनेछ।

**(२)** **सबल पूर्वाधारको विकासः** कृषिमा व्यवसायीकरण, गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्यमा सबै नागरिकको पहुँच तथा पर्यटन क्षेत्रको विकासबाट मात्र समृद्धि हासिल हुन सक्छ भन्ने भीरकोट नगरपालिकाको विकास अवधारणालाई साकार पार्न सबल अर्थात दिगो पूर्वाधारको विकास हुनु जरुरी छ। सबै बस्तीमा बाह्रैमहिना यातायात चल्न सक्ने सडक सञ्जाल स्तरोन्नति र निजी तथा सरकारी भवन तथा आवासलाई सुरक्षित बनाउने सङ्कल्पका साथ पूर्वाधारहरूको निर्माण तथा स्तरोन्नति गरिनेछ।

**(३)** **स्थानीय अर्थतन्त्रको विकास र विस्तार:** संघ सरकारको दीर्घकालीन सोच, संघ र प्रदेश सरकारका विकास सम्बन्धी सोच, लक्ष्य र उद्देश्य तथा दिगो विकास लक्ष्य प्राप्त गर्न समन्वय, सहयोग र सहकार्यको माध्यमबाट स्थानीय अर्थतन्त्रको विकास र विस्तार गरी समृद्धिको आधार तयार गरिनेछ।

**(४)** **व्यवस्थित भू-उपयोग र योजनाबद्ध विकास:** राष्ट्रिय भू-उपयोग नीति, २०७६ बमोजिम भूमिको बनोट, क्षमता र उपयुक्तता, आवश्यकता र वर्तमान उपयोग समेतको आधारमा भू-उपयोगको नीति तथा कानून तर्जुमा गरी कार्यान्वयन प्रभावकारी बनाउन संस्थागत संयन्त्रको व्यवस्था गरिनेछ र जमिनको वर्गीकरण अनुसार जुन प्रयोजनमा वर्गीकृत गरिएको छ सोही प्रयोजनमा मात्र जमिनको उपयोग गरिने व्यवस्था मिलाइनेछ।

**(५)** **उत्पादनमूलक, जलवायु तथा विपद् उत्थानशील पूर्वाधारः** भू-उपयोग योजनाको आधारमा बस्ती तथा भौतिक पूर्वाधार विकास, पर्यटन तथा कृषि विकास जस्ता विषयक्षेत्रगत रणनीतिक/गुरुयोजना तर्जुमा गरी सो अनुसार पूर्वाधार विकास र सुविधा अभिवृद्धि गरिनेछ। पूर्वाधार तथा संरचना निर्माण गर्दा रोजगार, उत्पादन तथा आयमूलक क्षेत्रमा जोड दिने नीति अवलम्बन

गरिनेछ । साथै पूर्वाधार निर्माण गर्दा जलवायु अनुकूलन आयोजनामा विशेष प्राथमिकता दिने तथा संरचना निर्माण गर्दा वातावरण संरक्षण ऐन, नियम र कार्यविधि अनुसार बायोइन्जिनियरिङ र संरक्षण सम्बन्धी प्रविधिको प्रयोगमा जोड दिइनेछ र भवन संरचनाहरू भवन संहिताको पूर्ण पालना गरिने र मानवमैत्री बनाउने नीति लिइनेछ ।

(६) **प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनः** सूचना प्रविधिको प्रयोगमा क्रमशः अभिवृद्धि गर्दै विद्युतीय शासन प्रणाली अवलम्बन गरी नगरपालिका र वडा कार्यालयलाई प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनको आधार केन्द्रको रूपमा विकास गरी नगरपालिका तथा मातहतका निकायहरूबाट प्रवाह हुने सेवालाई गुणस्तरीय, छिटो छरितो, सरल र सहज बनाई आम सेवाग्राहीहरूलाई सुशासनको प्रत्याभूति दिलाउने, तथ्याङ्क, प्रमाण र ज्ञानमा आधारित ठोस योजना तर्जुमा, प्रभावकारी कार्यान्वयन र प्राप्त उपलब्धिको नतिजामूलक अनुगमन र प्रभावको लेखाजोखाको व्यवस्था मिलाइनेछ ।

(७) **अन्तर सरकार, निजी, गैर सरकारी तथा समुदाय साझेदारी र सहकार्यः** पूर्वाधार निर्माण तथा सञ्चालन, सेवा प्रवाहमा अन्तर सरकार, निजी, गैरसरकारी संस्था, सहकारी र समुदायसँग साझेदारी र सहकार्य गरी विकास उपलब्धिलाई प्रभावकारी गरिनेछ; कृषि, पशुपालन, सेवा, उत्पादन तथा बजारीकरण, खानेपानी तथा सरसफाइका क्षेत्रमा गैर सरकारी तथा सहकारी संस्थाहरूसँग करार गरी वैकल्पिक प्रणालीमा आधारित सेवा प्रवाहको व्यवस्था गरिनुका साथै विकास निर्माण कार्यमा पनि निजी, गैरसरकारी, सहकारी र समुदायको लगानी र साझेदारी अभिवृद्धि गरिनेछ ।

(८) **समावेशीकरण, सुशासन तथा सदाचार प्रवर्द्धनः** सुशासन, विकास र समृद्धि मुलुक निर्माणको पूर्व शर्तको रूपमा रहेको छ । सुशासनका लागि विद्यमान सबै खालका विभेद तथा बहिष्करणको अन्त्य, कानून तथा विधिको शासन, सरकारी, निजी, सहकारी र सामुदायिक साझेदारी, पारदर्शिता र जबाफदेहिताको उच्चतम अभ्यास गरिनेछ । राजनीति तथा समाजमा बढ्दै गइरहेको अराजकता र भ्रष्टाचारको विरुद्ध सदाचार पद्धति अवलम्बन र सामाजिक जबाफदेहिता सम्बन्धी संयन्त्रहरूको एकीकृत र सचेत अभ्यास गरिनेछ र यस प्रक्रियामा नागरिक समाजसँग साझेदारी गरिनेछ ।

(९) **सूचना तथा नतिजामा आधारित विकास व्यवस्थापनः** विकास व्यवस्थापन प्रक्रियालाई सूचना, प्रमाण तथा ज्ञानमा आधारित तथा नतिजामूलक बनाइनेछ र यस प्रक्रियामा सूचना प्रविधि, अनुभव र सफल अभ्यासलाई अधिकतम परिचालन गरिनेछ ।

### ३.५ दिगो विकास लक्ष्यसँग आवधिक योजनाको सम्बन्ध

पृथ्वीको धान्न सक्ने क्षमताभित्र रहेर मानिसको जीवनमा समृद्धि हासिल गर्न र समाजमा शान्ति कायम गर्न विश्व समुदायले अवलम्बन गरेको विश्वव्यापी साझा विकासको रूपान्तरणकारी खाका नै दिगो विकासका लक्ष्यहरू हुन् । दिगो विकासको एजेन्डा आर्थिक, सामाजिक र वातावरणीय गरी ३ वटा आयामहरूमा विकास गरिएका छन् र यिनले समावेशिता र समतामा केन्द्रित भएर मानव जीवनमा रूपान्तरण ल्याउने अपेक्षा गरिएको छ । दिगो विकास लक्ष्यले पाँच P: People (लक्ष्य १,२,३,४,५), Prosperity (लक्ष्य ६,७,८,९,१०,११), Planet (१२,१३,१४,१५), Peace (लक्ष्य १६) र Partnership (लक्ष्य १७) जस्ता विषयमा विश्वव्यापी सहकार्य र समन्वयको अपेक्षा गर्दछ । नेपालले दिगो विकास लक्ष्यको कार्यान्वयन गरी समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय लक्ष्य प्राप्त गर्ने उद्देश्य लिएको छ । भीरकोट नगरपालिकाको यस दोस्रो आवधिक योजनाले यी लक्ष्यहरू हासिल गर्न नेपाल सरकारले तय गरेको राष्ट्रिय लक्ष्य प्राप्त गर्न सहयोग पुग्ने गरी आफ्ना विकास क्रियाकलापहरू केन्द्रित गरेको छ । दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिका २०७७ ले व्यवस्था गरे बमोजिम दिगो विकास लक्ष्य कार्यान्वयन र अनुगमनका लागि केन्द्रमा प्रधानमन्त्री र प्रदेशमा मुख्यमन्त्रीको नेतृत्वमा दिगो विकास लक्ष्य कार्यान्वयन समितिको व्यवस्था भई कार्य गरिरहेको छ । सोही स्रोत पुस्तिकामा भएको व्यवस्था बमोजिम भीरकोट नगरपालिकामा पनि नगरपालिका प्रमुखको संयोजकत्वमा दिगो विकास लक्ष्य कार्यान्वयन समिति गठन गरी दिगो विकास लक्ष्यको कार्यान्वयन तथा अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।

भीरकोट नगरपालिकाको यो दोस्रो आवधिक योजना अवधिको अन्तिम वर्ष (आ.व. २०८६/८७) दिगो विकास लक्ष्य हासिल गर्न

निर्धारण गरिएको अन्तिम वर्ष (सन् २०३०) पनि सँगसँगै सकिने भएकोले दिगो विकासका लागि तोकिएका सबै लक्ष्य हासिल हुन सक्ने गरी नगरपालिकाको लक्ष्य उद्देश्य रणनीति तथा कार्यनीतिहरू तय गरिनु पर्ने भएकाले सोही बमोजिम यस आवधिक योजनाको दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिहरू तय गरिएको छ।

"**कसैलाई पनि पछाडि नछोडौं**" भन्ने विश्वव्यापी विकास एजेण्डाको रूपमा स्वीकार गरिएको दिगो विकास लक्ष्यका सत्रवटा मूल लक्ष्य मध्ये **लक्ष्य १४** सामुद्रिक जीवनसँग सम्बद्ध भएकोले सो लक्ष्य बाहेक बाँकी १६ वटा लक्ष्यहरू **दिगो विकास लक्ष्य एकः** गरिबीको अन्त्य, **लक्ष्य दुईः** भोकमरीको अन्त्य, **लक्ष्य तीनः** सुस्वास्थ्य तथा समृद्ध जीवन, **लक्ष्य चारः** गुणस्तरीय शिक्षा, **लक्ष्य पाँचः** लैङ्गिक समानता, **लक्ष्य छः** स्वच्छ पिउने पानी तथा सरसफाइ, **लक्ष्य सातः** किफायती र स्वच्छ ऊर्जा, **लक्ष्य आठः** मर्यादित काम र आर्थिक वृद्धि, **लक्ष्य नौः** उद्योग, नवीन खोज र पूर्वाधार, **लक्ष्य दशः** असमानता न्यूनीकरण, **लक्ष्य एघार र बाहः** दिगो शहर तथा समुदाय र जिम्मेवार उत्पादन तथा उपयोग, **लक्ष्य तेहः** जलवायु सम्बन्धी कार्य, **लक्ष्य पन्ध्रः** वन, जलाधार र जैविक विविधता, **लक्ष्य सोह र सत्रः** शान्ति न्याय तथा सशक्त संस्था र लक्ष्य प्राप्तिमा साझेदारी। यी लक्ष्यहरू प्राप्त गर्नु स्थानीय सरकारको जिम्मेवारी भित्र पनि पर्दछ। भीरकोट नगरपालिकाको दोस्रो आवधिक योजनामा दिगो विकास लक्ष्य हासिल गर्न उच्चतम योगदान पुग्ने गरी दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति कार्यक्रम तथा सूचकहरू मार्फत आबद्धता कायम गरिएको छ।

### ३.६ नेपालको दीर्घकालीन सोचसँग सम्बन्ध

नेपालको दीर्घकालीन सोच विक्रम सम्वत् २१०० "**समृद्ध नेपाल, सुखी नेपाली**" रहेको छ। यो दीर्घकालीन सोचमध्ये समृद्धिको लागि चार मुख्य सूचकः उच्च र समतामूलक राष्ट्रिय आय, मानवपुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग, सर्वसुलभ तथा आधुनिक पूर्वाधार एवम् आबद्धता र उच्च उत्पादन र उत्पादकत्व तथा सुखी नेपालीको लागि छ वटा प्रमुख सूचकहरुः परिष्कृत तथा मर्यादित जीवन ; सुखी, सभ्य र न्यायपूर्ण समाज ; स्वस्थ र सन्तुलित पर्यावरण; सुशासन; सबल लोकतन्त्र; राष्ट्रिय एकता र सम्मान चयन गरिएका छन्। यी राष्ट्रिय सूचकहरू प्राप्तिलाई उच्च प्राथमिकता दिँदै नगरपालिकाको दोस्रो आवधिक योजनाका दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रमहरू तयार गरिएको छ। जसले नेपालको दीर्घकालीन सोचलाई यथार्थमा बदल्न समपूरक र परिपूरकको भूमिका निर्वाह गर्नेछ।

### ३.७ सोह्रौँ योजनासँगको आबद्धता

यस दोस्रो आवधिक योजनामा नगरपालिकाको सूचक रणनीति र कार्यक्रममार्फत नेपालको सोह्रौँ योजनासँग अन्तरआबद्धता कायम गरिएको छ। सोह्रौं योजनाका लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिहरू र प्राथमिकताका क्षेत्रहरूलाई यस योजनाको मूल आधारका रूपमा ग्रहण गरिएको छ। योजना कार्यान्वयनमा तहगत साझेदारी तथा अन्तरसम्बन्धको अवधारणा अवलम्बनमा जोड दिइएको छ।

### ३.८ गण्डकी प्रदेशको दोस्रो योजनासँगको आबद्धता

गण्डकी प्रदेश सरकारले प्रथम पञ्चवर्षीय योजना कार्यान्वयन गरी दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनमा ल्याएको छ। नेपालको दीर्घकालीन सोच र सोह्रौँ योजनासँग तादात्म्यता हुने गरी गण्डकी प्रदेशले दोस्रो योजनाका सूचक, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा कार्यक्रमहरू तय गरेको छ। भीरकोट नगरपालिकाको दोस्रो आवधिक योजनाका सूचक, दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा कार्यक्रमहरू गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजनासँग अन्तरआबद्धता हुने गरी तय गरिएको र यसको कार्यान्वयनबाट प्रदेशको दीर्घकालीन सोच लक्ष्य उद्देश्य हासिल गर्नमा उच्चतम योगदान पुग्नेछ।

### ३.९ दोस्रो आवधिक योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

नेपाल सरकारको दीर्घकालीन सोच २१०० "**समृद्ध नेपाल, सुखी नेपाली**", सोह्रौँ योजनाको "**सुशासन, सामाजिक न्याय र समृद्धि**" तथा

गण्डकी प्रदेशको दोस्रो आवधिक योजनाको सोच **"आत्मनिर्भर र समुन्नत प्रदेश: सुखी नागरिक"** सँग तादात्म्यता हुनेगरी भीरकोट नगरपालिकाको दोस्रो आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य तथा रणनीति तय गरिएको छ।

### ३.९.१ दीर्घकालीन सोच (Vision)

**"समृद्ध भीरकोटको आधार: कृषि, पर्यटन र सबल शहरी पूर्वाधार"**

### ३.९.२ समष्टिगत लक्ष्य

कृषिमा व्यवसायीकरण, गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता र पर्यटन क्षेत्रको विकासका लागि दिगो पूर्वाधारको विकास गर्ने।

### ३.९.३ समष्टिगत उद्देश्य

(१) कृषि तथा पशुपन्छीपालन विकासमा आधुनिकीकरण तथा पर्यटन पूर्वाधारको विकास गरी रोजगारी र आयमा दिगो वृद्धि गर्नु;

(२) अर्थपूर्ण समावेशीकरण एवं स्वस्थ, शिक्षित र सिपयुक्त मानव संसाधनको विकास गर्नु;

(३) दिगो, सुरक्षित र भरपर्दो पूर्वाधारको विकास गरी अन्तरआबद्धता सबल बनाउनु;

(४) वन, वातावरण तथा जैविक विविधताको संरक्षण गर्दै वातावरणमैत्री विकास नीति अवलम्बन गरी जलवायु परिवर्तन एवं विपद् उत्थानशील समाज निर्माण गर्नु;

(५) गुणस्तरीय सार्वजनिक सेवा प्रवाह र सुशासन अभिवृद्धि गर्नु।

### ३.९.४ परिमाणात्मक लक्ष्य

**तालिका ८: समष्टिगत परिमाणात्मक लक्ष्य**

| क्र सं | सूचक | एकाई | आधार वर्ष २०८१/८२ | लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | योजनाको लक्ष्य २०८७/८८ | दिगो विकासको लक्ष्य २०८७ | दीर्घकालीन लक्ष्य २१०० |
| १ | मानव विकास सूचकाङ्क | | ०.६०१ (NP) | ०.६१ | ०.६८ | ०.७६ |
| २ | लैङ्गिक विकास सूचकाङ्क | | ०.८८५ (NP) | ०.९८ | ०.९८ | ०.९९ |
| ३ | लैङ्गिक असमानता सूचकाङ्क | | ०.४९५ | ०.३१ | ०.३१ | ०.२५ |
| | **आर्थिक विकास** | | | | | |
| १ | समष्टिगत आर्थिक वृद्धि | प्रतिशत | ४.७ | १० | १० | १५ |
| २ | प्रतिव्यक्ति आय (US $) | डलर | १५९६ (गप्र) | २००० | २९०० | १२१०० |
| ३ | गरिबीको दर | प्रतिशत | ११ (गप्र) | ८ | ४.९ | ० |
| ४ | कृषि क्षेत्रको आर्थिक वृद्धि | प्रतिशत | ३.३ (गप्र) | ६ | ५.८ | ५.९ |
| ५ | उद्योग क्षेत्रको आर्थिक वृद्धि | प्रतिशत | -१.४५ (गप्र) | ५ | १४.९ | १४.९ |
| ६ | बेरोजगारी दर | प्रतिशत | ५ | ३ | | |
| ७ | सेवा क्षेत्रको आर्थिक वृद्धि | प्रतिशत | ५.३ (गप्र) | ७ | १०.४ | १०.६ |
| | **सामाजिक विकास** | | | | | |
| १ | साक्षरता दर | प्रतिशत | ८२.८७ | ९५ | ९७ | ९९ |
| २ | अपेक्षित आयु | वर्ष | ७२ | ७५ | ७५ | ८० |
| ३ | ५ वर्ष मुनिको बाल मृत्युदर प्रति हजार जीवित जन्ममा | जना | २३ (गप्र) | ८ | १८ | ८ |
| ४ | स्वास्थ्य बिमामा आबद्ध जनसङ्ख्या | प्रतिशत | ७० | ९० | ८५ | ९५ |
| ५ | मातृ मृत्युदर प्रतिलाख जीवित जन्ममा | जना | १५० | ७० | ७० | २० |
| ६ | माध्यमिक तहमा खुद भर्नादर (कक्षा ९ - १२) | प्रतिशत | ५०.७ | ७० | ८० | ९५ |

| क्र सं | सूचक | एकाई | आधार वर्ष २०८१/८२ | लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | योजनाको लक्ष्य २०८७/८८ | दिगो विकासको लक्ष्य २०८७ | दीर्घकालीन लक्ष्य २१०० |
| ७ | आधारभूत तह खुद भर्नादर (कक्षा १ - ८) | प्रतिशत | ९३.८ | १०० | | |
| ८ | कुल प्रजनन् दर | प्रति महिला | २.१ | २.१ | २.१ | २.१ |
| ९ | आधारभूत खानेपानीबाट लाभान्वित जनसङ्ख्या | प्रतिशत | ८५.७ | ९० | ९० | ९५ |
| १० | ३० मिनेटको दूरीमा स्वास्थ्य संस्थामा पहुँच घरपरिवार | प्रतिशत | ६० | ९५ | ९५ | १०० |
| ११ | महिलाको नाममा घर वा जग्गा वा घरजग्गा दर्ता परिवार | प्रतिशत | २७.१ | ४० | | |
| १२ | ५ वर्षमुनिका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ७३.८ | ९० | | |
| १३ | शौचालय नभएको परिवार | प्रतिशत | ०.८ | ० | | |
| | **पूर्वाधार विकास** | | | | | |
| १ | ३० मिनेटसम्मको दूरीमा सडक यातायात पहुँच परिवार | प्रतिशत | | ९७ | ९७ | ९९ |
| २ | इन्टरनेट पहुँच प्राप्त जनसङ्ख्या | प्रतिशत | ४५.९ | ९५ | ९५ | १०० |
| ३ | कालोपत्रे सडक (SRN & PRN) | कि. मि. | ३६.८६ | ५५ | | |
| ४ | ग्राभेल सडक | कि. मि. | २७.८७ | ५० | | |
| ५ | कच्ची सडक | कि. मि. | २१८.४६ | २२० | | |
| ६ | ढलान सडक | कि. मि. | ३.९८ | | | |
| ७ | विद्युत् पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | ९९ | १०० | १०० | १०० |
| | **उच्च र दिगो उत्पादन र उत्पादकत्व** | | | | | |
| १ | कृषिको उत्पादकत्व | (मे. टन/हे.) | ३.१ (NP) | ४ | ४.५ | ५ |
| २ | कृषि श्रमिकको उत्पादकत्व | US $ प्रति श्रमिक | १२२४ | १५०० | ३२०० | १३००० |
| ३ | सिँचाइयोग्य भूमिमध्ये वर्षभरि सिँचाइ पुगेको भूमि | प्रतिशत | २७ | ४५ | ८० | ८५ |
| ४ | बैंकिङ तथा वित्तीय सेवामा पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | | ९० | ९० | ९७ |
| | **सुशासन तथा विधिको शासन** | | | | | |
| १ | दर्ता भएका मध्ये लेखा राख्ने आर्थिक प्रतिष्ठानको अनुपात | प्रतिशत | | ८५ | ८५ | ९५ |
| २ | न्यायिक समितिमा दर्ता भएका निवेदनमा फछ्यौंट | प्रतिशत | ८३.३३ | ९५ | | |
| ३ | कुल विनियोजनमा खर्चको अनुपात | प्रतिशत | ८६.३० | ९० | | |
| ४ | बेरुजु (कुल खर्चको अनुपातमा) | प्रतिशत | ०.११ | ० | | |
| ५ | विद्यतीय सरकार विकास सूचकाङ्क | प्रतिशत | ०.५१२ (NP) | ०.६ | | |

*स्रोत: संघीय सरकारको पन्ध्रौं र सोह्रौं योजना, गण्डकी प्रदेशको पहिलो र दोस्रो योजना, राष्ट्रिय जनगणना, २०७८ र राष्ट्रिय कृषि गणना, २०७८, भीरकोट न. पा. को MTMP – २०८१/८२, वस्तुगत विवरण, IEMIS, DHIS, EHMIS*

### ३.९.५ समष्टिगत रणनीति तथा कार्यनीति

| रणनीति नं. | रणनीति | कार्यनीति नं. | कार्यनीति | SDG सङ्केत |
|---|---|---|---|---|
| उद्देश्य १ | कृषि तथा पशुपन्छीपालनमा आधुनिकीकरण तथा पर्यटन पूर्वाधारको विकास गरी रोजगारी र आयमा दिगो वृद्धि गर्नु | | | |
| १.१ | परम्परागत कृषि तथा पशुपन्छीपालनलाई व्यवसायीकरण तथा आधुनिकीकरण गर्न सहयोग गर्ने | १.१.१ | कृषि तथा पशुपन्छीपालन क्षेत्रलाई आधुनिकीकरण र व्यावसायिक बनाउन प्रविधि र कृषकको क्षमता विकास गरी व्यवस्थित बजारीकरण सुनिश्चित गरिनेछ। | २ |
| | | १.१.२ | उत्पादकत्व र उत्पादकत्व उच्च भएका तथा उच्च मूल्य भएका कृषि बालीहरूको पहिचान गरी त्यस्ता बालीहरूको उत्पादन बढाइनेछ। | २ |
| | | १.१.३ | कृषि तथा पशुपालनलाई प्रोत्साहन गर्नका लागि **"जहाँ कृषक, त्यहाँ कृषि प्राविधिक"** अवधारणालाई लागु गर्दै स्थलगत रूपमै कृषकहरूलाई कृषि सम्बन्धी ज्ञान, सिपका साथै प्राविधिक सहायता प्रदान गरिनेछ। | २ |
| १.२ | पर्यटन सम्भाव्य क्षेत्रहरूमा पूर्वाधार विकास गरी दिगो रूपमा स्थानीय रोजगारी तथा आय वृद्धि गर्ने कार्य गर्ने | १.२.१ | नगरपालिका भित्र रहेका पर्यटकीय सम्भावनाहरूको खोजी गरी पूर्वाधार निर्माणमा जोड दिइनेछ। | २ |
| | | १.२.२ | पर्यटन व्यवसायमा संलग्न व्यक्तिहरूको क्षमता अभिवृद्धि गरी पर्यटन प्रवर्द्धनका लागि प्रचार प्रसार तथा पर्यटन शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ। | २ |
| १.३ | स्थानीय नागरिकहरूलाई सहकारीमा पहुँच तथा क्रियाशीलता बढाउनका लागि सहकारी नियमन गर्न स्थानीय ऐन, नियम तथा कार्यविधि तर्जुमा एवं परिमार्जन गरी सहकारी संस्थाहरूको क्षमता विकासमा सहयोग गर्ने | १.३.१ | सहकारी संस्थाहरूको नियमन र व्यवस्थापनका लागि सहकारी सम्बन्धी ऐन, नियम तथा कार्यविधिको तर्जुमा एवं परिमार्जन गरिनेछ। | १ |
| | | १.३.२ | सहकारी संस्थाको दर्ता र नवीकरण नियमित गराउने र सहकारी तथ्याङ्क प्रणालीलाई सुचारु गर्ने कार्य गरिनेछ। | १ |
| | | १.३.३ | सहकारी संस्थाहरूको नियमन र सहजीकरणका लागि सहकारी एकाइको स्थापना गरी अनुगमन, सुपरीवेक्षण र क्षमता विकास गर्ने कार्यहरू गरिनेछ। | १ |
| १.४ | नगरपालिका भित्र रहेका सिँचाइ कुलोहरूको सुधार तथा स्तरोन्नति एवं थप सिँचाइका स्रोतहरूको पहिचान गरी सिँचाइ सुविधा विस्तार गर्ने | १.४.१ | नगरपालिका भित्र सञ्चालनमा रहेका सिँचाइ कुलोहरूको नियमित रूपमा मर्मत सम्भार कार्यक्रम सञ्चालन गरिनेछ र आगामी १० वर्ष भित्र **कच्ची कुलो मुक्त** नगरपालिका घोषणा गर्ने गरी सिँचाइ कुलोहरूको स्तरोन्नति गरिनेछ। | २ |
| | | १.४.२ | मझौला सिँचाइ आयोजनाहरूलाई नयाँ प्रविधिमा आधारित (Green Irrigation) सिँचाइ आयोजनाको रूपमा कार्यान्वयन गर्न संघीय तथा प्रदेश सरकारसँग अनुरोध गरिनेछ। | २ |
| १.५ | स्थानीय स्रोत, साधन तथा कच्चा पदार्थ एवं कृषि उत्पादनमा आधारित लघु, घरेलु तथा साना उद्योगहरूको पहिचान, विस्तार र सञ्चालनका लागि प्रवर्द्धन गर्ने | १.५.१ | कृषि तथा पशुपन्छीजन्य उपजमा आधारित लघु, घरेलु तथा साना उद्योगहरू सञ्चालनका लागि उद्यमशीलता तथा सिप विकास तालिम एवं उपयुक्त प्रविधि सहयोग गरिनेछ। | ८ |
| | | १.५.२ | कृषि तथा पशुपन्छी क्षेत्रका व्यवसायहरूलाई नियमित रूपमा प्राविधिक सहयोग गर्ने जनशक्ति उत्पादनमा लगानी गरिनेछ। | ८ |
| | | १.५.३ | व्यवसाय सुरु गर्न इच्छुक तथा व्यवसाय गरिरहेका उद्यमीहरूलाई उद्यमशीलता एवं व्यावसायिक सिप तालिम उपलब्ध गराइनेछ। | ८ |
| | | १.५.४ | स्थानीय उद्योगबाट उत्पादन भएका उपजहरूलाई स्थानीय सरकारी निकायहरूमा उपभोगको लागि प्रोत्साहन गरिनेछ। | ८ |
| | | १.५.५ | उद्योग व्यवसायमा Start-up र नवप्रवर्तनलाई प्रोत्साहन गरिनेछ। | ८ |
| १.६ | मजदुर तथा लक्षित वर्गहरूका लागि श्रम रोजगारी संरक्षण र सामाजिक सुरक्षाको व्यवस्था मिलाइने | १.६.१ | श्रम बैंकको स्थापना गरी श्रमिकहरूको क्षमता विकास, हित कोष स्थापना र श्रमिक तथ्याङ्क व्यवस्थापन जस्ता कार्य गरिनेछ। | १ |
| | | १.६.२ | सबै दक्ष वा कोरा मजदुरहरूको लगत अद्यावधिक गर्ने र नगरपालिकाबाट परिचयपत्र उपलब्ध गराइनेछ। | १ |
| उद्देश्य २ | अर्थपूर्ण समावेशीकरण एवं स्वस्थ, शिक्षित र सिपयुक्त मानव संसाधनको विकास गर्नु | | | |
| २.१ | नगरपालिका भित्र आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्नका लागि दक्ष जनशक्ति, स्वास्थ्य सेवा र स्वास्थ्य सामग्रीहरूको आपूर्ति तथा स्वास्थ्य संस्थाको पूर्वाधार विकासमा लगानी | २.१.१ | विशेषज्ञ सेवा सहितको आधारभूत अस्पताल सञ्चालन गरिनेछ। | ३ |
| | | २.१.२ | सबै आमाहरूको स्वास्थ्य सेवामा पहुँचका लागि प्रत्येक वडामा दक्ष जनशक्ति सहितको १/१ वटा बर्थिङ सेन्टर सञ्चालन गरिनेछ। | ३ |
| | | २.१.३ | आधारभूत स्वास्थ्य सेवाका मुख्य क्षेत्रहरू जस्तै आधारभूत खोप, पोषण, क्षयरोग नियन्त्रण, गाउँघर क्लिनिक, महामारी नियन्त्रण जस्ता कार्यक्रमहरू सञ्चालन | ३ |

| रणनीति नं. | रणनीति | कार्यनीति नं. | कार्यनीति | SDG सङ्केत |
|---|---|---|---|---|
| | बढाउने | | गरिनेछ। | |
| | | २.१.४ | मौजुदा स्वास्थ्य संस्थाहरूमा निःशुल्क औषधिहरू तथा आधारभूत स्वास्थ्य उपकरण र जनशक्तिको आपूर्ति सुनिश्चित गरिनेछ। | ३ |
| २.२ | गुणस्तरीय आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चितताका लागि शिक्षकको क्षमता अभिवृद्धि, विद्यालय व्यवस्थापनमा सुधार तथा सिकाइ प्रक्रियामा सूचना प्रविधिको प्रयोग बढाउने | २.२.१ | शैक्षिक गुणस्तर बढाउनका लागि शिक्षक विद्यार्थी अनुपात मिल्ने गरी दरबन्दी व्यवस्थापन गरी दरबन्दी अनुसारका शिक्षकहरूको आपूर्ति र विषयगत शिक्षकहरूको व्यवस्थापन गरिनेछ। | ४ |
| | | २.२.२ | सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन सिकाइमा सूचना प्रविधिको प्रयोगमा प्रोत्साहन गर्न शिक्षकहरूको प्रविधिमैत्री क्षमता अभिवृद्धि गरिनेछ। | ४ |
| | | २.२.३ | बालबालिकाहरूको सिकाइ उपलब्धि र शिक्षकहरूको शिक्षण प्रभावकारिता सुधार गर्न नियमित अनुगमन तथा सुपरीवेक्षण कार्य गरिनेछ। | ४ |
| | | २.२.४ | आधारभूत तथा माध्यमिक शिक्षामा विज्ञान, प्रविधि र नवप्रवर्तनलाई प्रोत्साहन गरिनेछ। | ४ |
| २.३ | सबै नगरपालिकावासीलाई आधारभूत खानेपानीको उपलब्धता सुनिश्चित गर्ने र क्रमशः स्वच्छ खानेपानीको आपूर्तिको व्यवस्था मिलाउने कार्य गरिनेछ र नगरपालिकाको सबै बस्तीलाई स्वच्छ र सरसफाइयुक्त बनाउने | २.३.१ | खानेपानी योजनाहरूको दिगोपनका लागि सम्बन्धित उपभोक्ताहरूलाई मर्मत सम्भार तालिम तथा जिम्मेवारी प्रदान गरिनेछ र खानेपानी योजनाको मर्मत सम्भार तथा मुहान संरक्षण गरिनेछ। | ६ |
| | | २.३.२ | आधारभूत खानेपानी सुविधाबाट बञ्चित बस्तीहरूमा नयाँ स्रोतको खोजी गरी प्राथमिकताका साथ खानेपानी योजना सञ्चालन गरिनेछ। | ६ |
| | | २.३.३ | खानेपानी सुविधा पुगेका बस्तीहरूमा क्रमशः **"एक घर एक धारा"** को व्यवस्था गर्दै लगिनेछ र नयाँ योजनाहरूमा पनि यो व्यवस्था कार्यान्वयनमा ल्याइनेछ। | ६ |
| | | २.३.४ | नगरपालिकाका सबै बस्तीलाई स्वच्छ र सरसफाइयुक्त बनाउन पूर्ण सरसफाइ अभियान सञ्चालन गरी सबै वडा तथा नगरपालिकालाई पूर्ण सरसफाइयुक्त वडा तथा नगरपालिका घोषणा गर्ने अभियान सञ्चालन गरिनेछ। | ६ |
| | | २.३.५ | व्यक्तिगत सरसफाइ तथा फोहर व्यवस्थापन सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। | ६ |
| | | २.३.६ | दिगो फोहर व्यवस्थापनका लागि उपयुक्त स्थानको खोजी गरी ल्याण्डफिल साइटको व्यवस्था गरिनेछ। | ६ |
| २.४ | महिला बालबालिका तथा लक्षित वर्गको संरक्षण तथा क्षमता विकास गरी आर्थिक तथा सामाजिक सशक्तीकरण गर्ने | २.४.१ | लैङ्गिक हिंसा विरुद्धका अभियानहरू सञ्चालन गरिनेछ। | ५ |
| | | २.४.२ | महिलाहरूलाई व्यावसायिक सिप तालिम तथा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी आत्मनिर्भर बनाइनेछ। | ५ |
| | | २.४.३ | सबै विद्यालयहरूलाई बालमैत्री बनाई बाल सञ्जालमा संगठित गरी सामाजिक जिम्मेवारी बोध गराइनेछ र बालमैत्री नगरपालिका घोषणा गर्ने अभियान सञ्चालन गरिनेछ। | ५ |
| | | २.४.४ | सबै बालबालिकालाई विद्यालय शिक्षा सुनिश्चित गरी बाल विवाह तथा निकृष्ट बालश्रमबाट मुक्त गराउन जोड दिइनेछ। | ५ |
| | | २.४.५ | दलित, आदिवासी तथा विपन्न वर्गको सशक्तीकरण र क्षमता विकास गरी सामाजिक सद्भाव कायम गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ। | ५ |
| | | २.४.६ | अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकहरूको संरक्षण, सम्मान तथा स्वास्थ्योपचारमा सहयोग गरिनेछ। | ५ |
| २.५ | युवाहरूको क्षमता विकास तथा सशक्तीकरण गरी विकासमा युवाको सहभागिता सुनिश्चित गर्ने | २.५.१ | युवाहरूमा उद्यमशीलता, नेतृत्व क्षमता, व्यावसायिक सिप सम्बन्धी तालिम प्रदान गरी आत्मनिर्भर बनाइनेछ। | ८ |
| | | २.५.२ | विकासको मूल प्रवाहमा युवाहरूलाई जोडिनेछ। | ८ |
| | | २.५.३ | युवाहरूलाई उद्यम सञ्चालनमा प्रोत्साहन गरिनेछ। | ८ |
| | | २.५.४ | खेलकुद पूर्वाधारहरूको निर्माण र विकास तथा खेलकुद प्रतियोगिताहरू सञ्चालन गरिनेछ। | ४ |
| २.६ | स्थानीय संस्कृति परम्परा तथा | २.६.१ | स्थानीय संस्कृति एवं परम्परा जगेर्नाका लागि सांस्कृतिक संग्रहालय स्थापना गरिनेछ। | ११ |

| रणनीति नं. | रणनीति | कार्यनीति नं. | कार्यनीति | SDG सङ्केत |
|---|---|---|---|---|
| | सांस्कृतिक सम्पदाहरूको संरक्षण र प्रवर्द्धन गर्ने | २.६.२ | स्थानीय मौलिक संस्कृति र परम्परालाई पर्यटन र उत्पादनसँग जोडेर धार्मिक तथा ऐतिहासिक स्थलहरूको संरक्षण र प्रवर्द्धनमा जोड दिइनेछ। | ११ |
| उद्देश्य ३ | दिगो, सुरक्षित र भरपर्दो पूर्वाधारको विकास गरी अन्तरआबद्धता सबल बनाउनु | | | |
| ३.१ | स्थानीय पहिचान, उत्पादन तथा निर्माण सामग्रीको संरक्षण प्रवर्द्धन गर्दै सुरक्षित बस्तीको सुनिश्चितता गर्ने | ३.१.१ | विकास निर्माणका कार्य गर्दा गुठी, मठ, मन्दिर, धार्मिक, सांस्कृतिक सम्पदाहरू लगायत सार्वजनिक जग्गाहरूको संरक्षण गरिनेछ। | ११ |
| | | ३.१.२ | मौलिक पहिचान सहितको बस्ती विकास गरिनेछ। | ११ |
| | | ३.१.३ | घर निर्माण गर्दा स्थानीय पहिचान संरक्षण तथा स्थानीय निर्माण सामग्रीको प्रयोगलाई प्रोत्साहन गरिनेछ। | ११ |
| | | ३.१.४ | विपन्न र सीमान्तकृत वर्ग तथा जोखिममा रहेका घर परिवारको सुरक्षित आवासको व्यवस्था मिलाइनेछ। | ११ |
| | | ३.१.५ | भवन संहिता पूर्ण रूपमा कार्यान्वियन गरी निजी तथा सरकारी आवासहरूलाई सुरक्षित बनाइनेछ। | ११ |
| ३.२ | विकास अक्षमा पर्ने बजार केन्द्रहरू (SRN र PRN मा पर्ने) तथा विकास केन्द्र (नगरपालिका केन्द्र, वडा केन्द्र) लाई व्यवस्थित गर्ने | ३.२.१ | रणनीतिक तथा प्रादेशिक सडकमा पर्ने बजार केन्द्रहरू तथा नगरपालिका केन्द्र तथा वडा केन्द्रहरूलाई आर्थिक केन्द्रको रूपमा विकास गरिनेछ। | ११ |
| | | ३.२.२ | पालिकाभित्रको उत्पादन आर्थिक केन्द्रमा सहजै पुग्नका लागि सडक पूर्वाधारको अन्तरआबद्धता सबल बनाइनेछ। | ११ |
| ३.३ | रणनीतिक तथा प्रादेशिक सडक तथा स्थानीय सडकहरूको प्राथमिकताको आधारमा निर्माण, स्तरोन्नति तथा मर्मत सम्भार गरी बस्ती तथा विकास केन्द्रहरू बिचको अन्तर आबद्धता सबल बनाउने | ३.३.१ | रणनीतिक तथा प्रादेशिक सडकहरूको स्तरवृद्धि, निर्माण तथा मर्मत सम्भारका लागि संघ र प्रदेश सरकारसँग सघन पहल गरिनेछ। | ९ |
| | | ३.३.२ | रणनीतिक तथा प्रादशिक सडक सञ्जाल बाहेक अन्य सडकहरूको प्राथमिकताका आधारमा स्तरोन्नति एवं मर्मत सुधार गरी बस्तीहरूलाई स्वास्थ्य केन्द्र तथा विकास विन्दुहरूसँगको आबद्धता सबल बनाइनेछ। | ९ |
| ३.४ | शतप्रतिशत घरपरिवारमा विद्युत् सेवाको पहुँच सुनिश्चित गर्ने | ३.४.१ | भरपर्दो विद्युत् सेवाको पहुँच सबै बस्तीका सबै घरपरिवारमा सुनिश्चित गर्न नेपाल विद्युत् प्राधिकरणसँग समन्वय गरिनेछ। | ७ |
| | | ३.४.२ | विद्युत् सेवाको पहुँच उपलब्ध गराउन सम्भव नहुने स्थानहरूमा वैकल्पिक ऊर्जाको पहुँच सुनिश्चित गरिनेछ। | ७ |
| ३.५ | सञ्चार तथा सूचना प्रविधिको उपयोग सहज बनाई सूचना प्रविधिलाई उत्पादन, रोजगारी र सेवा प्रवाहसँग आबद्ध गर्ने | ३.५.१ | सञ्चार Network Coverage बढाउन नेपाल टेलिकम र एनसेलसँग समन्वय गरिनेछ | १६ |
| | | ३.५.२ | नगरपालिकाभित्रका सबै सरकारी निकायहरूमा इन्टरनेट सेवा जडान गरी क्रमशः विद्युतीय शासन प्रणाली अवलम्बन गरिनेछ। | १६ |
| | | ३.५.३ | स्थानीय उत्पादनलाई बजारसँगको सम्बन्ध सबल बनाउन कृषक तथा व्यवसायीहरूको क्षमता अभिवृद्धि गरिनेछ। | १६ |
| उद्देश्य ४ | वन, वातावरण तथा जैविक विविधताको संरक्षण गर्दै वातावरणमैत्री विकास नीति अवलम्बन गरी जलवायु परिवर्तन एवं विपद् उत्थानशील समाज निर्माण गर्नु | | | |
| ४.१ | वन तथा जैविक विविधता संरक्षण गरी उत्पादन तथा पूर्वाधार निर्माणका कार्यहरू वातावरणमैत्री बनाउने | ४.१.१ | सामुदायिक वन उपभोक्ता समितिहरूको क्षमता अभिवृद्धि गरी व्यवस्थित वन संरक्षण र उपयोगको सुनिश्चतता गरिनेछ र सामुदायिक वनहरूलाई नगरपालिकामा आबद्ध गराइनेछ | १२ |
| | | ४.१.२ | जैविक विविधता संरक्षण सम्बन्धी चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ | १५ |
| ४.२ | वातावरणमैत्री विकास नीति अवलम्बन गरी विकास निर्माण कार्यलाई उत्थानशील बनाउने | ४.२.१ | सडक लगायतका विकास निर्माण सम्बन्धी कार्यहरू गर्दा बायोइन्जिनियरिङ लगायतका वातावरण उत्थानशील प्रविधिहरूको प्रयोग गरिनेछ। | १२ |
| ४.३ | जलवायु परिवर्तनका सवालहरूलाई पालिकाका सम्पूर्ण विषयगत नीति तथा कार्यक्रमहरूमा आन्तरिकीकरण गर्दै अनुकूलन तथा न्यूनीकरण गर्ने | ४.३.१ | नगरपालिकाका सम्पूर्ण विषयगत नीति तथा कार्यक्रमहरूमा जलवायु परिवर्तनका सवालहरूलाई आन्तरिकीकरण गरिनेछ। | १३ |
| | | ४.३.२ | जलवायु परिवर्तन न्यूनीकरण र स्वच्छ ऊर्जाका कार्यक्रम विस्तार गरी निजी क्षेत्रको सहभागिता र लगानी वृद्धि गरिनेछ। | १३ |
| ४.४ | जोखिम क्षेत्रको पहिचान गरी | ४.४.१ | विपद् जोखिम कम गर्न विपद् जोखिम व्यवस्थापनलाई विकास निर्माणमा मूलप्रवाहीकरण एवं योजना बनाई जोखिम व्यवस्थापनफाई आन्तरिकीकरण गरिनेछ | १५ |

| रणनीति नं. | रणनीति | कार्यनीति नं. | कार्यनीति | SDG सङ्केत |
|---|---|---|---|---|
| | जोखिम न्यूनीकरणका लागि योजना निर्माण एवं कार्यान्वयन गर्ने र विपद् पश्चात् पुनर्लाभ, पुनर्थापना र पुनर्निर्माण कार्यलाई सबल र उत्थानशील बनाउने | ४.४.२ | विपद् पश्चात् आधारभूत आवश्यकताक परिपूर्ति गर्न आपत्कालीन सेवा सहितको प्रतिकार्य गरिनेछ। | १५ |
| | | ४.४.३ | विपद् पश्चात् क्षति र आवश्यकताको लेखाजोखा गरी समुदायको प्रकोपको सामना गर्न सक्ने र पुनःआफ्नो पूर्व अवस्थामा फर्कन सक्ने क्षमताको विकास गरिनेछ। | १५ |
| उद्देश्य ५ | गुणस्तरीय सार्वजनिक सेवा प्रवाह र सुशासन अभिवृद्धि गर्नु | | | |
| ५.१ | संविधान प्रदत्त स्थानीय तहलाई प्राप्त अधिकार एवं जिम्मेवारी पूरा गर्न आवश्यक नीति, ऐन, नियम, कार्यविधि, मापदण्ड, निर्देशिका, योजना तर्जुमा गरी नागरिकलाई विकास निर्माणमा अधिकतम सहभागिता गराई कानूनी शासनको प्रत्याभूति दिलाउने | ५.१.१ | संघीय तथा प्रदेश कानूनसँग नबाझिने गरी नीति तथा कानून निर्माण एवं समयसापेक्ष परिमार्जन गरी जनप्रतिनिधि तथा कर्मचारीको कानून कार्यान्वयन क्षमता अभिवृद्धि गरिनेछ। | १६ |
| | | ५.१.२ | आवश्यक दीर्घकालीन, आवधिक वा रणनीतिक, विषयगत तथा वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ। | १६ |
| | | ५.१.३ | कार्यबोझ सन्तुलित तुल्याई कर्मचारी व्यवस्थापन गर्न संगठन तथा व्यवस्थापन औजार प्रयोग गरी चुस्त, दुरुस्त प्रशासनिक संयन्त्रको व्यवस्था गरिनेछ र कर्मचारीको मनोबल उच्च बनाई सेवाप्रति समर्पित गराउन उत्प्रेरणामूलक विधिहरू अवलम्बन गरिनेछ। | १६ |
| | | ५.१.४ | सेवा प्रवाह एवं विकास निर्माणका कार्य गुणस्तरीय रूपमा सम्पादन गर्न क्षमता विकास योजना तर्जुमा गरी जनप्रतिनिधि तथा कर्मचारीको दक्षता एवं क्षमता अभिवृद्धि गरिनेछ | |
| | | ५.१.५ | सेवा प्रवाहलाई छिटो, छरितो, सरल, सहज बनाउन सूचना प्रविधिको अधिकतम उपयोग गरिनेछ। | |
| ५.२ | नगरपालिकाको आय स्रोतको दक्षतापूर्ण व्यवस्थापन गरी आन्तरिक आय क्षमतालाई सुदृढ तुल्याउने | ५.२.१ | नगरपालिकाको सबै स्रोतहरूको व्यवस्थित विनियोजन गरी अधिकतम नतिजा हासिल गर्नका लागि मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयनमा ल्याइनेछ। | १६ |
| | | ५.२.२ | राजस्व सुधार कार्ययोजना तर्जुमा गरी करको दायरालाई फराकिलो र करका दरलाई लचिलो बनाई आन्तरिक आम्दानी क्षमता मजबुत तुल्याइनेछ। | १६ |
| | | ५.२.३ | आन्तरिक राजस्व प्रशासन क्षमता अभिवृद्धि गरी करदाता तथ्याङ्क तथा करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ र सूचना प्रविधिको प्रयोगद्वारा करभुक्तानी प्रक्रियालाई सहज बनाइनेछ। | १६ |

## ३.१० वित्तीय व्यवस्थापन

### ३.१०.१ नगरपालिकाको आय व्यय अवस्था

**(१) आय विश्लेषण**

आवधिक योजनाको दीर्घकालीन सोच अनुसारका लक्ष्य तथा उद्देश्यकरु प्राप्तिका लागि तय गरिएका कार्यक्रमहरूको लागि आवश्यक स्रोतहरूको व्यवस्थापन गर्न सम्भाव्य सबै स्रोतहरूको पहिचान र आकलन गरी परिचालन र उपयोग गर्नुपर्ने हुन्छ। स्थानीय तहको आम्दानीको प्रमुख स्रोत संघीय तथा प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भै प्राप्त हुने समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान, संघ, प्रदेश र स्थानीय राजस्व बाँडफाँट प्राप्त हने आय र संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन बमोजिम उठाउन पाउने कर, शुल्क तथा दण्डजरिवाना आदिबाट प्राप्त हुने आन्तरिक आय हुन्। यसका साथै संघ तथा प्रदेशबाट अन्तरसरकारी अख्तियारी मार्फत कार्यक्रम सहित प्राप्त हुने रकम पनि नगरपालिकाको स्रोतको रूपमा लिइएको छ। यसका अतिरिक्त निजी क्षेत्र तथा गैरसरकारी संस्थाद्वारा नगरपालिकाभित्र सञ्चालन हुने योजनाहरूले पनि योजनाको लक्ष्य, उद्देश्य हासिल गर्न सहयोग पुग्ने भएकोले अधिकतम स्रोत जुटाउन स्थानीय तहको आन्तरिक स्रोतसंगै संघीय तथा प्रदेश सरकार र निजी तथा गैरसरकारी संस्थाहरूसँगको सहकार्य र साझेदारी महत्वपूर्ण हुन्छ।

विगतका आर्थिक वर्ष २०७७/७८ देखि २०८१/८२ सम्म ५ वर्षको आय अवस्था हेर्दा संघीय सरकारबाट प्राप्त हुने आय नै यस नगरपालिकाको कुल आयको प्रमुख हिस्सा रहेको छ। प्रस्तावित कुल आयमा संघीय सरकार अनुदानको हिस्सा ६९.६५ प्रतिशत, प्रदेश सरकार अनुदानको हिस्सा ४.०१ प्रतिशत, राजस्व बाँडफाँटबाट प्राप्त हुने (संघीय सरकार, प्रदेश सरकार र स्थानीय राजस्व बाँडफाँट) आम्दानीको हिस्सा १७.५१ र खुद आन्तरिक आम्दानीको हिस्सा ४.६४ प्रतिशत रहेको छ। यथार्थ आयको अवस्था हेर्दा वास्तविक कुल आयमा संघीय सरकार अनुदानको हिस्सा ७०.५५ प्रतिशत, प्रदेश सरकार अनुदानको हिस्सा ३.५६ प्रतिशत, राजस्व बाँडफाँट प्राप्त हुने १५.२७ प्रतिशत र खुद आन्तरिक आय (बैंक मौज्दात/नगद मौज्दात बाहेक) को हिस्सा ५.२ प्रतिशत रहेको छ। कुल आयमा आन्तरिक आयको हिस्सा ज्यादै न्यून रहेको छ। यसको प्रमुख कारण यस नगरपालिकाको अधिकार क्षेत्र भित्रका कतिपय क्षेत्रहरू राजस्वको दायराभित्र समावेश गर्न सकिएको छैन। यसले नगरपालिकाको आन्तरिक राजस्व सङ्कलन क्षमता कमजोर देखिएकोले राजस्व प्रशासनको क्षमता अभिवृद्धि गर्नुपर्ने देखिन्छ। अर्कोतर्फ आन्तरिक राजस्वको मेरुदण्डको रूपमा रहेका सम्पत्ति कर, भूमिकर, व्यवसाय कर, नक्सापास दस्तुर, व्यवसाय कर जस्ता प्रमुख राजस्व शीर्षकहरूको परिचालन अवस्था ज्यादै कमजोर रहेकाले राजस्व सुधार कार्य योजना तर्जुमा गर्नुपर्ने देखिन्छ। साथसाथै कर भुक्तानी प्रणालीलाई सहज र सरल बनाउन करदातालाई अनलाइन करभुक्तानी गर्न सक्ने प्रणाली अवलम्बन गर्नुपर्ने देखिन्छ।

## तालिका ९: विगत ५ वर्षको आम्दानी विश्लेषण (रु. हजारमा)

| क्र. सं | आम्दानीको स्रोत | आर्थिक वर्ष | | | | | | | | | | | | प्रस्तावितको वास्तविक आय % | कुल आयमा हिस्सा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | | २०८०/८१ | | २०८१/८२ | | ५ वर्षको जम्मा आय | | | | |
| | | प्रस्तावित | वास्तविक | प्रस्तावित | वास्तविक | प्रस्तावित | वास्तविक | प्रस्तावित | वास्तविक | प्रस्तावित | वास्तविक | प्रस्तावित | वास्तविक | | प्रस्तावित | वास्तविक |
| क | संघीय सरकार | | | | | | | | | | | | | | | |
| १ | समानीकरण अनुदान | १०२२०० | १०६१५० | १०८००० | १०८००० | ११५९०० | १०७१०८ | १०११०० | ९४०२३ | १०२२०० | ९३८२४ | ५२९४०० | ५०९१०५ | 96.17 | | |
| २ | समपूरक अनुदान | ७९०० | ९७२० | ६६०० | ६६०० | ८००० | ५०९७ | ६००० | ६००० | १४००० | १०६९० | ४२५०० | ३८१०७ | 89.66 | | |
| ३ | विशेष अनुदान चालु | २५००० | २४५०० | १२५०० | १२५०० | १०००० | ८८६९ | ७००० | ६५०७ | १५००० | १४८२१ | ६९५०० | ६७१९६ | 96.68 | | |
| | विशेष अनुदान पुँजीगत | ० | ० | ० | ० | ० | ० | ११५०० | ९१३० | ६५०० | ५५०७ | १८००० | १४६३७ | 81.32 | | |
| ४ | सशर्त अनुदान चालु | २३६८६६ | २४८३४९ | २६०६०३ | २३२९८९ | २६५९२३ | २४६८४२ | २५३९७८ | २३९९५५ | २५८५७९ | २३६९८४ | १२७५९४९ | १२०५११९ | 94.45 | | |
| ५ | सशर्त अनुदान पुँजीगत | ० | ० | २९८५० | २९६९० | ३३३१६ | २४४६९ | १९६०० | १८५६९ | १२८०० | ११२९९ | ९५५६६ | ८४०२७ | 87.93 | | |
| ६ | अन्य अनुदान चालु | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | 0.00 | | |
| संघीय सरकारबाट प्राप्त जम्मा अनुदान | | ३७१९६६ | ३८८७१९ | ४१७५५३ | ३८९७७९ | ४३३१३९ | ३९२३८४ | ३९९१७८ | ३७४१८३ | ४०९०७९ | ३७३१२५ | २०३०९१५ | १९१८१९० | 94.45 | 69.65 | 70.55 |
| ख | प्रदेश सरकार | | | | | | | | | | | | | | | |
| १ | समानीकरण अनुदान | १२०५० | १२०५० | १२३५५ | १२३५५ | १३०८५ | ११४४९.३८ | १३१३० | ९८४८ | १३०५५ | १३०५५ | १६६४९० | १५४४१५ | 92.75 | | |
| २ | समपूरक अनुदान | १२६२४ | ८५९२ | ८७४४ | ४७४४ | १०००० | ९३४५ | ६००० | ४५७० | ६००० | ४००८ | ४१३६८ | २७०११ | 65.29 | | |
| ३ | विशेष अनुदान | ० | ० | ० | ० | ० | ० | ० | ० | ४००० | २००० | १४००० | १०८६९ | 77.63 | | |
| ४ | सशर्त अनुदान चालु | ० | ० | ० | ० | ० | ० | ४००० | २८१३ | ० | ० | २६९९२३ | २४९६५५ | 92.49 | | |
| ५ | सशर्त अनुदान पुँजीगत | ० | ० | २००० | १९३६ | ० | ० | ० | ० | ० | ० | ३५३१६ | २६४०५ | 0.00 | | |
| | प्रदेश सरकारबाट प्राप्त जम्मा अनुदान | २४६७४ | २०६४२ | २३०९९ | १९०३५ | २३०८५ | २०७९४ | २३१३० | १७२३१ | २३०५५ | १९०६३ | ११७०४३ | ९६७६४ | 82.67 | 4.01 | 3.56 |
| ग | राजस्व बाँडफाँट | | | | | | | | | | | | | | | |
| १ | मूल्य अभिवृद्धि कर | ७०९८२ | ६१९७८ | ३५७४१ | ५१५५१ | ८६५९१ | ४५४०२ | ८४८४८ | ५२७८४ | ६६०९४ | ५६१५७ | ३४४२५५ | २६७८७१ | 77.81 | | |
| २ | अन्तशुल्क | ० | ० | ३५७४१ | १५०२५ | ० | ० | ० | ० | २४००६ | २४२४४ | ५९७४७ | ३९२६८ | 65.72 | | |
| ३ | सवारी साधन कर | ३४६८ | ३४२८ | ११२११ | ६८४९ | १३४५४ | १२९६४ | १७७८० | १७३९६ | १७६२६ | १३०९४ | ६३५३९ | ५३७३२ | 84.56 | | |
| ४ | विज्ञापन कर | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | 0.00 | | |
| ५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३५४५ | ० | ३५४५ | | | |
| ६ | दहत्तर बहत्तर बिक्री आय | ० | ० | २४०० | २४०० | ० | ० | १६००० | १७९२० | २४५९० | ३०३२८ | ४२९९० | ५०६४९ | 117.81 | | |
| | राजस्व बाँडफाँटबाट प्राप्त जम्मा आय | ७४४५० | ६५४०६ | ८५०९२ | ७५८२५ | १०००४५ | ५८३६५ | ११८६२८ | ८८१०० | १३२३१६ | १२७३६८ | ५१०५३१ | ४१५०६५ | 81.30 | 17.51 | 15.27 |

| क्र. सं | आम्दानीको स्रोत | आर्थिक वर्ष | | | | | | | | | | | | प्रस्तावितको वास्तविक आय % | कुल आयमा हिस्सा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | | २०८०/८१ | | २०८१/८२ | | ५ वर्षको जम्मा आय | | | | |
| | | प्रस्तावित | वास्तविक | प्रस्तावित | वास्तविक | प्रस्तावित | वास्तविक | प्रस्तावित | वास्तविक | प्रस्तावित | वास्तविक | प्रस्तावित | वास्तविक | | प्रस्तावित | वास्तविक |
| घ | आन्तरिक स्रोत | | | | | | | | | | | | | | कुल खुद आन्तरिकमा हिस्सा | |
| १ | सम्पत्ति कर | २३००० | २०७१२ | १००० | ११६४५ | १८०० | ६५२४ | ३००० | ९९ | ४०० | १६७ | २९२०० | ३९१४७ | 134.06 | 15.50 | 25.61 |
| २ | भूमिकर/मालपोत कर | ० | ० | १२५० | २०७९ | १८०० | ४३३५ | २५०० | ८०३ | ८०० | ९८८ | ६३५० | ८२०५ | 129.21 | 3.37 | 5.37 |
| ३ | बहाल कर | ० | ० | ५०० | ५५० | ७०० | १०२६ | २००० | ९८१ | ११०० | १२९४ | ४३०० | ३८५० | 89.54 | 2.28 | 2.52 |
| ४ | बहाल विटौरी कर | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | 0.00 | 0.00 | 0.00 |
| ५ | साना सवारी साधन कर | ० | ० | ० | ० | ० | ० | ५०० | १५ | | | ५०० | १५ | 3.00 | 0.27 | 0.01 |
| ६ | अन्य मनोरञ्जन कर | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | 0.00 | 0.00 | 0.00 |
| ७ | व्यवसाय कर | ० | ० | ७५० | १०६१ | १२०० | १२२९ | ० | ० | ० | ० | १९५० | २२८९ | 117.40 | 1.04 | 1.50 |
| ८ | कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोबारमा लाग्ने कर | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | 0.00 | 0.00 | 0.00 |
| ९ | अन्य कर | ० | ० | ० | ० | ४००० | ६६८८ | ० | ० | ० | ० | ४००० | ६६८८ | 167.19 | 2.12 | 4.38 |
| १० | अन्य संस्थागत आन्तरिक अनुदान | ० | ० | ६५०० | ० | ० | ० | ० | ० | ० | ० | ६५०० | ० | 0.00 | 3.45 | 0.00 |
| ११ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | 0.00 | 0.00 | 0.00 |
| १२ | पर्यटन शुल्क | ० | ० | ० | ० | ० | ० | १०० | ४७७ | ५० | ३८२ | १५० | ८६० | 573.10 | 0.08 | 0.56 |
| १३ | अन्य सेवा शुल्क तथा बिक्री | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | 0.00 | 0.00 | 0.00 |
| १४ | अन्य बिक्रीबाट प्राप्त रकम | ० | ० | ० | ० | २६५०० | ११४१६ | ३९००० | २०२० | ५०० | ० | ६६००० | १३४३६ | 20.36 | 35.04 | 8.79 |
| १५ | न्यायिक दस्तुर | ० | ० | ० | ० | ० | ० | १०० | १५ | १०० | १० | २०० | २५ | 12.45 | 0.11 | 0.02 |
| १६ | शिक्षा क्षेत्रको आम्दानी | ० | ० | ० | ० | ० | ० | २०० | ६७ | १०० | ४४ | ३०० | १११ | 36.86 | 0.16 | 0.07 |
| १७ | परीक्षा शुल्क | ० | ० | ० | ० | ० | ० | २०० | १३ | ५० | ३२ | २५० | ४५ | 17.84 | 0.13 | 0.03 |
| १८ | अन्य प्रशासनिक सेवा शुल्क | ० | ० | ० | ० | ० | ० | ५०० | ११२ | २०० | ९६ | ७०० | २०८ | 29.71 | 0.37 | 0.14 |
| १९ | नक्सापास दस्तुर | ० | ० | ० | ० | ० | ० | १५०० | १६३६ | १५०० | ७३९ | ३००० | २३७५ | 79.16 | 1.59 | 1.55 |
| २० | सिफारिश दस्तुर | ० | ० | १००० | २४०३ | २५०० | २९०६ | ३०८९ | १७९९ | २००० | १८५३ | ८५८९ | ८९६० | 104.32 | 4.56 | 5.86 |
| २१ | व्यक्तिगत घटना दर्ता दस्तुर | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | 0.00 | 0.00 | 0.00 |
| २२ | नाता प्रमाणित दस्तुर | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | 0.00 | 0.00 | 0.00 |
| २३ | अन्य दस्तुर | ० | ० | ० | ० | ० | ० | ४००० | १८५७ | ५०० | २०१५ | ४५०० | ३८७२ | 86.05 | 2.39 | 2.53 |
| २४ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ० | ० | ० | ० | ० | ० | २४०० | ३४९ | १००० | २८६ | ३४०० | ६३४ | 18.65 | 1.81 | 0.41 |
| २५ | अन्य क्षेत्रको आय | ० | ० | २८००० | २२५३६ | १५०० | १९२३ | ० | ० | ० | ० | २९५०० | २४४५९ | 82.91 | 15.66 | 16.00 |

| क्र. सं | आम्दानीको स्रोत | आर्थिक वर्ष | | | | | | | | | | | | प्रस्तावितको वास्तविक आय % | कुल आयमा हिस्सा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | | २०८०/८१ | | २०८१/८२ | | ५ वर्षको जम्मा आय | | | | |
| | | प्रस्तावित | वास्तविक | प्रस्तावित | वास्तविक | प्रस्तावित | वास्तविक | प्रस्तावित | वास्तविक | प्रस्तावित | वास्तविक | प्रस्तावित | वास्तविक | | प्रस्तावित | वास्तविक |
| २६ | न्यायिक दण्ड जरिवाना र जफत | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | 0.00 | 0.00 | 0.00 |
| २७ | प्रशासनिक दण्ड जरिवाना र जफत | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | 0.00 | 0.00 | 0.00 |
| २८ | धरौटी सदरस्याहा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | 0.00 | 0.00 | 0.00 |
| २९ | पुँजीगत हस्तान्तरण | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | 0.00 | 0.00 | 0.00 |
| ३० | अन्य राजस्व | ० | ० | २५०० | ३९३७ | ० | ० | ३००० | ३१८५५ | १३४७० | १८८३ | १८९७० | ३७६७६ | 198.61 | 10.07 | 24.65 |
| ३१ | बेरुजु | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | 0.00 | 0.00 | 0.00 |
| ३२ | जनसहभागिता | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | 0.00 | 0.00 | 0.00 |
| ३३ | नगद मौज्दात | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | 0.00 | 0.00 | 0.00 |
| | खुद आन्तरिक स्रोत जम्मा | २३००० | २०७१२ | ४१५०० | ४४२१० | ४०००० | ३६०४४ | ६२०८९ | ४२०९८ | २१७७० | ९७८९ | १८८३५९ | १५२८५३ | 81.15 | 6.46 | 5.62 |
| ३४ | बैंक मौज्दात | ० | ० | ११००० | ३३१४७ | ३५००० | ७००८९ | ११००० | १७४५७ | १२००० | १५२४३ | ६९००० | १३५९३६ | 197.01 | | |
| आन्तरिक स्रोतबाट प्राप्त जम्मा आय (बैंक मौज्दात समेत) | | २३००० | २०७१२ | ५२५०० | ७७३५७ | ७५००० | १०६१३३ | ७३०८९ | ५९५५५ | ३३७७० | २५०३२ | २५७३५९ | २८८७८९ | 112.21 | 8.83 | 10.62 |
| कुल आय | | ४९४०९० | ४९५४७९ | ५७८२४४ | ५६१९९५ | ६३१२६९ | ५७७६७७ | ६१४०२५ | ५३९०६९ | ५९८२२० | ५४४५८८ | २९१५८४८ | २७१८८०८ | 93.24 | 100.00 | 100.00 |

### (२) खर्च विश्लेषण

विगत ५ आर्थिक वर्षको खर्चको अवस्था विश्लेषण गर्दा कुल बजेटमा पुँजीगत बजेटको हिस्सा २७.९६ प्रतिशत मात्र रहेको छ। यथार्थ खर्चमा कुल खर्चको २६.४२ प्रतिशत मात्र पुँजीगत खर्चको हिस्सा रहेको छ। पुँजीगत खर्चको अंश ज्यादै कमजोर छ। यही अवस्था कायम रहेमा यस नगरपालिकाको विकासमा फड्को मार्ने सपना सपनामै सीमित रहनेछ। तालिका १० मा विगत ५ वर्षमा भीरकोट नगरपालिकाको समष्टिगत खर्च विवरण (शीर्षक अनुसार चालु र पुँजीगत खर्च) र तालिका ११ मा विषय क्षेत्रगत खर्च विवरण प्रस्तुत गरिएको छ। क्षेत्रगत खर्चको अवस्था हेर्दा कुल विनियोजनमा आर्थिक विकास क्षेत्रको हिस्सा ९.२९ प्रतिशत, सामाजिक विकास क्षेत्रको हिस्सा ४७.७८ प्रतिशत, पूर्वाधार विकास क्षेत्रको हिस्सा १८.६० प्रतिशत, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रको हिस्सा ६.२९ प्रतिशत र कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च १८.०४ प्रतिशत रहेको छ। शिक्षकहरूको तलब भत्ता समेत संलग्न भएकोले सामाजिक विकास क्षेत्रको हिस्सा बढी हुन गएको छ।

## तालिका १०: विगत ५ वर्षको खर्च विश्लेषण

| क्र सं | खर्च शीर्षक | आर्थिक वर्ष | | | | | | | | | | | | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | | २०८०/८१ | | २०८१/८२ | | ५ वर्षको जम्मा खर्च | | |
| | | वार्षिक बजेट | खर्च | वार्षिक बजेट | खर्च | वार्षिक बजेट | खर्च | वार्षिक बजेट | खर्च | वार्षिक बजेट | खर्च | वार्षिक बजेट | खर्च | |
| क | **चालु खर्च** | | | | | | | | | | | | | |
| १ | पारिश्रमिक कर्मचारी | ४४०९१.०० | ३३९७०.९२ | १६६१२५.०० | १४७७७८.७ | २१०६६.०० | २१०६६.०० | २३५००.०० | २३५००.०० | २३५१०.१३ | २२७२६.४७ | २७८२९२.१३ | २४९०४२.०९ | 89.49 |
| २ | पारिश्रमिक पदाधिकारी | ०.०० | ०.०० | १६५००.०० | १६०७२.४६ | १२५००.०० | ११२५४.२१ | १२८३०.९७ | १२८३०.९७ | १२५००.०० | १२१०८.५१ | ५४३३०.९७ | ५२२६६.१५ | 96.20 |
| ३ | पोशाक | ८२०.०० | ७६०.०० | ८३०.०० | ८२०.०० | ५००.०० | ३५०.०० | ७००.०० | ६९०.०० | १५००.०० | १०१०.०० | ४३५०.०० | ३६३०.०० | 83.45 |
| ४ | औषधि उपचार खर्च | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | 0.00 |
| ५ | स्थानीय भत्ता | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | 0.00 |
| ६ | महँगी भत्ता | ७००.०० | ६१२.०० | ७००.०० | ६३२.०० | ७००.०० | ३४७.०७ | ५००.०० | ५००.०० | ५००.०० | ४८९.४८ | ३१००.०० | २५८०.५५ | 83.24 |
| ७ | वैदेशिक भत्ता | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | 0.00 |
| ८ | फिल्ड भत्ता | ४०.०० | ०.०० | ४०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ८०.०० | ०.०० | 0.00 |
| ९ | कर्मचारीको बैठक भत्ता | १००.०० | १००.०० | १०००.०० | ५६२.२४ | १०००.०० | १०००.०० | १०००.०० | ७३३.५० | ५००.०० | ५००.०० | ३६००.०० | २८९५.७४ | 80.44 |
| १० | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | 0.00 |
| ११ | अन्य भत्ता | २०००.०० | १९९९.९१ | १२००.०० | ११५६.६५ | १५००.०० | १५००.०० | १०००.०० | ९९१.९६ | १०००.०० | ६९६.९० | ६७००.०० | ६३४५.४२ | 94.71 |
| १२ | कर्मचारीको योगदानमा आधारित बिमा कोष खर्च | ०.०० | ०.०० | २००.०० | ०.०० | २००.०० | ०.०० | ५००.०० | ०.०० | ५००.०० | ०.०० | १४००.०० | ०.०० | 0.00 |
| १३ | पदाधिकारी बैठक भत्ता | १००.०० | ०.०० | ९००.०० | २९८.०० | ३५००.०० | १८४२.०६ | २२००.०० | २९२.०० | २०००.०० | ३११.५० | ८७००.०० | २७४३.५६ | 31.54 |
| १४ | पदाधिकारी अन्य सुविधा | ११०००.०० | ९१०९.३१ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ११०००.०० | ९१०९.३१ | 82.81 |
| १५ | कर्मचारी कल्याण कोष | ५००.०० | ०.०० | ५००.०० | ३८४.०० | ५००.०० | ०.०० | ५००.०० | ०.०० | १०००.०० | १०००.०० | ३०००.०० | १३८४.०० | 46.13 |
| १६ | अन्य सामाजिक सुरक्षा खर्च | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | 0.00 |
| १७ | पानी तथा बिजुली | ६००.०० | ६००.०० | ११५६.०० | ११५६.०० | १५००.०० | १३९४.३४ | १५००.०० | १३४७.४८ | १५००.०० | १४८६.०० | ६२५६.०० | ५९८३.८२ | 95.65 |
| १८ | सञ्चार महसुल | १२०५.०० | ११२७.३१ | २००५.०० | १९६९.४६ | २०००.०० | १०४३.३७ | १५००.०० | १०९७.५१ | १५००.०० | ९६९.०१ | ८२१०.०० | ६२०६.६६ | 75.60 |
| १९ | सार्वजनिक उपयोगिताको सेवा खर्च | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | 0.00 |
| २० | इन्धन (कार्यालय प्रयोजन) | ६७००.०० | ६७००.०० | १००००.०० | ७०८९.६० | १२०००.०० | १०४४६.६४ | ८०००.०० | ८०००.०० | ९०००.०० | ८३९९.९८ | ४५७००.०० | ४०६३६.२२ | 88.92 |
| २१ | इन्धन पदाधिकारी | २०००.०० | १२०८.७० | ४०००.०० | ४०००.०० | २०००.०० | २०००.०० | ३१३८.०० | २७१६.७५ | ५००.०० | ५००.०० | ११६३८.०० | १०४२५.४५ | 89.58 |
| २२ | इन्धन (अन्य प्रयोजन) | १००.०० | ५४.२५ | २००.०० | १०९.४३ | २००.०० | २००.०० | ४००.०० | ४०.०० | ४००.०० | ४००.०० | १३००.०० | ८०३.६८ | 61.82 |
| २३ | सवारी साधन मर्मत खर्च | ४८००.०० | ४८००.०० | ६०००.०० | ६०००.०० | ८१८६.३८ | ७९०३.९९ | ५३८०.०० | ३७५८.९८ | ७५०३.०० | ५७४८.९८ | ३१८६९.३८ | २८२११.९५ | 88.52 |
| २४ | बिमा तथा नवीकरण खर्च | ५००.०० | २४८.२४ | ५००.०० | ५००.०० | ७००.०० | ५५१.४५ | ८००.०० | ७०१.४८ | ९००.०० | ८२९.६७ | ३४००.०० | २८३०.८४ | 83.26 |
| २५ | मेसिनरी/औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ६००.०० | ५९७.६८ | ६००.०० | ६००.०० | ६००.०० | ५४०.८४ | ६००.०० | ३९५.८२ | ८००.०० | ७८४.९८ | ३२००.०० | २९१९.३२ | 91.23 |
| २६ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | १.०० | ०.०० | १००.०० | ४५.६० | ५००.०० | २७४.४९ | ५००.०० | ४३१.१४ | ५००.०० | ०.०० | १६०१.०० | ७५१.२३ | 46.92 |
| २७ | अन्य सम्पत्तिहरूको सञ्चालन तथा सम्भार खर्च | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | 0.00 |
| २८ | मसलन्द तथा कार्यालय सामग्री | ४५६४.६६ | ४५६४.६६ | ७३८०.०० | ७३७९.८६ | ७१२०.०० | ७१२०.०० | ५५८०.०० | ५४१२.३९ | ५०८०.०० | ५००७.३८ | २९७२४.६६ | २९४८४.२९ | 99.19 |
| २९ | पशुपन्छीहरूको आहार | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | 0.00 |

| तालिका १०: विगत ५ वर्षको खर्च विश्लेषण | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र सं | खर्च शीर्षक | आर्थिक वर्ष | | | | | | | | | | | | खर्च प्रतिशत |
| | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | | २०८०/८१ | | २०८१/८२ | | ५ वर्षको जम्मा खर्च | | |
| | | वार्षिक बजेट | खर्च | वार्षिक बजेट | खर्च | वार्षिक बजेट | खर्च | वार्षिक बजेट | खर्च | वार्षिक बजेट | खर्च | वार्षिक बजेट | खर्च | |
| ३० | पुस्तक तथा सामग्री खर्च | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | 0.00 |
| ३१ | पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन खर्च | २४२५.०० | २३३६.३७ | २५००.०० | २०७२.६२ | २५००.०० | २४०५.४३ | २०००.०० | १०४४.३९ | १८००.०० | १७९८.६४ | १०७९७.६२ | ९६५७.४५ | 89.44 |
| ३२ | अन्य कार्यालय सञ्चालन खर्च | २०६.०० | १०५.९७ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २०६.०० | १०५.९७ | 51.44 |
| ३३ | सेवा र परामर्श खर्च | ४१११.०० | ३१६६.९२ | ६०००.०० | ५५३२.१७ | ३०००.०० | २९५६.६५ | २०००.०० | १७४२.४६ | ३००.०० | २६२.१८ | १५४११.०० | १३६६०.३८ | 88.64 |
| ३४ | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | ८००.०० | ८००.०० | ७२६.०० | ६६५.०० | ६००.०० | ६००.०० | ६००.०० | २६३.०१ | ६००.०० | ५५५.५० | ३३२६.०० | २८८३.५१ | 86.70 |
| ३५ | करार सेवा शुल्क | १४०९८.०० | १४०८३.३३ | २४०००.०० | २३५६८.०८ | २५०००.०० | २०२५९.७९ | २१०००.०० | २०९९२.८९ | २१०००.०० | १७११६.७८ | १०५०९८.०० | ९६०२०.८७ | 91.36 |
| ३६ | सरसफाइ सेवा शुल्क | ५००.०० | ५००.०० | २००.०० | २१.०० | ५००.०० | ०.०० | ३००.०० | २४८.१२ | ३००.०० | २४७.३५ | १८००.०० | १०१६.४७ | 56.47 |
| ३७ | अन्य सेवा शुल्क | १००.०० | ८९.८४ | २००.०० | ०.०० | २००.०० | ०.०० | २००.०० | ०.०० | | | ७००.०० | ८९.८४ | 0.00 |
| ३८ | कर्मचारी तालिम खर्च | ५००.०० | ४७५.५० | ७००.०० | ६२३.९४ | १०००.०० | ३८७.५६ | ३५२.०० | ८१.८५ | ३००.०० | २१७.३५ | २८५२.०० | १७८६.२० | 62.63 |
| ३९ | सिप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ४८९१.०० | ३६८०.८३ | २२९६.०० | २१६०.५० | १५००.०० | ५४५.२० | २११.६७ | २०३.९१ | ३००.०० | ३००.०० | ९१९८.६७ | ६८९०.४४ | 74.91 |
| ४० | उत्पादन सामग्री/सेवा खर्च | १४०.०० | १३७.१८ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १४०.०० | १३७.१८ | 97.99 |
| ४१ | कार्यक्रम खर्च | ७३११७.२९ | ५८९०१.८८ | ११०५७७.० | ८५९१६.३० | ७५९२०.२७ | ४९६२८.४८ | ५३१५४.३३ | ४२५२७.०६ | ६९८९८.१८ | ५४५४४.९३ | ३८२६६७.०७ | २९१५१८.६५ | 76.18 |
| ४२ | विविध कार्यक्रम खर्च | ६५१७.०० | ४९९९.४७ | २५६५.०० | २२१०.०० | १०००.०० | ९९९.१० | ३१४७.०० | २६२७.३७ | | | १३२२९.०० | १०८३५.९४ | 81.91 |
| ४३ | अनुगमन मूल्याङ्कन खर्च | २२४९.०० | ११२४.४३ | ३१८०.०० | २३८९.६५ | ३०००.०० | १५४३.८२ | १३००.०० | ४५४.६२ | १०००.०० | ८५४.१० | १०७२९.०० | ६३६६.६२ | 59.34 |
| ४४ | भ्रमण खर्च | ३००.०० | ७६.६५ | ३००.०० | ३००.०० | ३००.०० | १७.२० | २००.०० | २००.०० | २००.०० | ९१.४० | १३००.०० | ६८५.२५ | 52.71 |
| ४५ | अन्य भ्रमण खर्च | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | 0.00 |
| ४६ | विविध खर्च | २३२२.०० | २३१८.७८ | १८००.०० | १६३६.५० | २०००.०० | १८५३.४३ | १६००.०० | १५८९.०६ | १६००.०० | १२९४.४४ | ९३२२.०० | ८६९२.२१ | 93.24 |
| ४७ | सभा सञ्चालन खर्च | ५००.०० | ५००.०० | ५००.०० | ५००.०० | ७००.०० | ६२५.०० | ५००.०० | ३७४.०० | ४००.०० | ३९१.९३ | २६००.०० | २३९०.९३ | 91.96 |
| ४८ | गैर वित्तीय संस्थाहरूलाई चालु सहायता | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १५००.०० | १५००.०० | 100.00 |
| ४९ | वित्तीय व्यवसायहरूलाई चालु सहायता | ०.०० | ०.०० | १५००.०० | १५००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ९०२५.०० | ८२११.३५ | 90.98 |
| ५० | शैक्षिक संस्थाहरूलाई सहायता | १३७२४६.० | १३२८१७.७२ | ९०२५.०० | ८२११.३५ | ०.०० | ०.०० | ०.०० | ०.०० | १००.०० | ७४.७० | १४६३७१.०० | १४११०३.७७ | 96.40 |
| ५१ | उपभोक्ता समिति तथा गैर सरकारी संस्था सहायता | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | 0.00 |
| ५२ | स्वास्थ्य संस्थाहरूलाई सहायता | ८३०८.०० | ८१८०.७२ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ८३०८.०० | ८१८०.७२ | 98.47 |
| ५३ | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | १७८०.०० | १७८०.०० | २८८०.०० | २४५०.०० | १५००.०० | ११५०.०० | ०.०० | ०.०० | १०००.०० | २९४.४५ | ५६६०.०० | ५६७४.४५ | 100.26 |
| ५४ | अन्य संस्था सहायता | ५००.०० | ४७५.०० | ६५०५.०० | १९१५.०३ | ०.०० | ०.०० | ०.०० | ०.०० | १०००.०० | ७५२.५० | ८००५.०० | ३१४२.५३ | 39.26 |
| ५५ | स्थानीय तह निशर्त चालु अनुदान | ०.०० | ०.०० | ६९.०० | ६९.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ६९.०० | ६९.०० | 100.00 |
| ५६ | स्थानीय तहलाई सशर्त चालु अनुदान | १७३४.०० | १७३४.०० | ९४६.०० | ५८५.४९ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २६८०.०० | २३१९.४९ | 86.55 |
| ५७ | अन्य संस्थालाई सशर्त चालु अनुदान | १२६२४.०० | ८५९२.०० | २२३००.०० | २२३००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३४९२४.०० | ३०८९२.०० | 88.45 |
| ५८ | अन्य संस्थालाई सशर्त पुँजीगत | १०००.०० | ९७०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १०००.०० | ९७०.०० | 97.00 |

**तालिका १०: विगत ५ वर्षको खर्च विश्लेषण**

| क्र सं | खर्च शीर्षक | आर्थिक वर्ष | | | | | | | | | | | | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | | २०८०/८१ | | २०८१/८२ | | ५ वर्षको जम्मा खर्च | | |
| | | वार्षिक बजेट | खर्च | वार्षिक बजेट | खर्च | वार्षिक बजेट | खर्च | वार्षिक बजेट | खर्च | वार्षिक बजेट | खर्च | वार्षिक बजेट | खर्च | |
| | अनुदान | | | | | | | | | | | | | |
| ५९ | सशर्त अनुदान चालु | ०.०० | ०.०० | ०.०० | ०.०० | २६५११२.६४ | २४८०२४.१९ | २५१८३१.०० | २३८११९.९१ | २५८४७९.०० | २३६९०९.३२ | ७७५४२२.६४ | ७२३०५३.४२ | 93.25 |
| ६० | सामाजिक सुरक्षा | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | 0.00 |
| ६१ | छात्रवृत्ति | २२५.०० | ०.०० | २२५.०० | २२५.०० | २२५.०० | १५.०० | ४००.०० | १९०.६५ | ४००.०० | ३७०.०० | १४७५.०० | ८००.६५ | 54.28 |
| ६२ | उद्धार राहत तथा पुनर्स्थापना खर्च | ०.०० | ०.०० | ३३४०.०० | २७४०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३३४०.०० | २७४०.०० | 82.04 |
| ६३ | औषधि खरिद खर्च | २९७५.०० | २९७५.०० | १५००.०० | १४०३.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ४४७५.०० | ४३७८.०० | 97.83 |
| ६४ | अन्य सामाजिक सुरक्षा | ०.०० | ०.०० | ९००.०० | ८७३.६० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ९००.०० | ८७३.६० | 97.07 |
| ६५ | अन्य सामाजिक सहायता | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १०००.०० | ९५९.०५ | १०००.०० | ९५९.०५ | 95.91 |
| ६६ | जग्गाको भाडा | ४००.०० | २६२.९३ | ५००.०० | २६८.९३ | ६००.०० | ५८१.०९ | ७००.०० | ५६६.१७ | ७००.०० | ५४५.५७ | २९००.०० | २२२४.६९ | 76.71 |
| ६७ | घर भाडा | ११००.०० | ११००.०० | ७००.०० | ५७७.२१ | ७००.०० | ४९७.५५ | ७००.०० | ६२०.०५ | ५००.०० | ४९२.०० | ३७००.०० | ३२८६.८१ | 88.83 |
| ६८ | सवारी साधन तथा मेसिनरी औजार मर्मत | १२००.०० | ११६७.३० | ७००.०० | ७००.०० | ५००.०० | ४४०.१९ | ०.०० | ०.०० | ०.०० | ०.०० | २४००.०० | २३०७.४९ | 96.15 |
| ६९ | सवारी सधान तथा मेसिनरी औजार भाडा | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५००.०० | ४६३.१७ | ५००.०० | ४६७.४० | १०००.०० | ९३०.५७ | 93.06 |
| ६१ | भैपरी आउने चालु खर्च | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | 0.00 |
| | **जम्मा चालु खर्च** | **३६२७८९.९५** | **३१९८०४.८** | **४२६५७०.०** | **३६७९६८.३७** | **४६२१३०.२९** | **४०१३६४.१४** | **४१०८२४.९७** | **३७५७४८.६७** | **४३२०७०.३१** | **३८१५०८.४५** | **२०९४३८५.५२** | **१८४६३९४.४३** | **88.16** |
| **ख** | **पुँजीगत** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **0.00** |
| १ | आवासीय भवन निर्माण/खरिद | ६१०.०० | ६१०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ६१०.०० | ६१०.०० | 100.00 |
| २ | गैर आवासीय भवन निर्माण/खरिद | १०१५५.५० | ९९०९.९९ | २०९८०.०० | २०९७५.०९ | ५०००.०० | ५३०४.९७ | ०.०० | ०.०० | ८९५०.०० | २११८.२० | ४५०८५.५० | ३८३८८.२५ | 85.15 |
| ३ | सवारी साधन | ४६५६.०० | ४६५६.०० | ९७०.०० | ९७०.०० | ५००.०० | ०.०० | ०.०० | ०.०० | ५०००.०० | ०.०० | १११२६.०० | ५६२६.०० | 50.57 |
| ४ | मेसिनरी तथा औजार | १३५३२.०० | १३३२४.९१ | २०२३.६० | २०२३.०० | ९००.०० | ८९८.८९ | १०००.०० | ७०७.३८ | १०००.०० | ९४०.२६ | १८४५५.६० | १७८९४.४४ | 96.96 |
| ५ | फर्निचर तथा फिक्स्चर्स | ६३२०.०० | ६३१५.०९ | ३०७४.०० | ३०७४.०० | १८५२.९७ | १८४४.१० | ५०८.४१ | ५०८.४१ | १०००.०० | ७२.३२ | १२७५५.३८ | ११८१३.९२ | 92.62 |
| ६ | पशुधन तथा बागवानी विकास खर्च | ११३५८.०० | ११०१५.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ४००.०० | ४००.०० | ८००.०० | ६३५.५० | १२५५८.०० | १२०५०.५० | 95.96 |
| ७ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिद खर्च | ०.०० | ०.०० | ४८५.०० | ४८५.०० | १८००.०० | १२८९.८० | ४५०.०० | ४५०.०० | ०.०० | ०.०० | २७३५.०० | २२२४.८० | 81.35 |
| ८ | सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | 0.00 |
| ९ | सडक तथा पुल निर्माण | ८०९९.५० | ७१५८.५१ | १७२४४.०० | ६६८०.०० | ४८६०२.७४ | ४४०६९.२६ | ४८१००.०० | ३९९७८.४९ | ४४४००.०० | ३७५४९.७५ | १६६४४६.२४ | १३५४३६.०१ | 81.37 |
| १० | रेल तथा हवाइ मैदान निर्माण | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | 0.00 |
| ११ | विद्युत् संरचना निर्माण | १९४.०० | १९४.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ६४००.०० | ६४००.०० | ०.०० | ०.०० | ६५९४.०० | ६५९४.०० | 100.00 |
| १२ | तटबन्ध तथा बाँध निर्माण | ०.०० | ०.०० | ०.०० | ०.०० | १००००.०० | ६७६८.२४ | ११५००.०० | ९१३०.२८ | १०००.०० | ३००.०० | २२५००.०० | १६१९८.५२ | 71.99 |
| १३ | सिँचाइ संरचना निर्माण | १५५२.०० | १४१८.७५ | ०.०० | ०.०० | ०.०० | ०.०० | ४१५०.०० | ३७८४.०० | १४५०.०० | ११६३.८५ | ७१५२.०० | ६३६६.६० | 89.02 |
| १४ | खानेपानी संरचना निर्माण | ३७३४.५० | ३५३६.९२ | ०.०० | ०.०० | १७१६.०० | १३२०.०० | २३००.०० | १६६९.७७ | २७००.०० | १८३०.२३ | १०४५०.५० | ८३५६.९२ | 79.97 |
| १५ | वन तथा वातावरण संरक्षण | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १०००.०० | १०००.०० | १०५०.०० | ९३६.७० | २०५०.०० | १९३६.७० | 94.47 |
| १६ | सरसफाइ संरचना निर्माण | २४२.५० | १९४.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १०५०.०० | १०४४.१६ | ८१५०.०० | ५२१८.१९ | ९४४२.५० | ६४५६.३५ | 68.38 |
| १७ | अन्य सार्वजनिक निर्माण | ५३२२७.०० | ४३८३६.८१ | १०२३७२.४० | ८८१५६.८१ | ९२२६७.०० | ८४१८३.४७ | १२५२९१.५९ | ९८७७२.०१ | ८५९५०.०० | ५७६६३.२५ | ४५९१०७.९९ | ३७२६१२.३५ | 81.16 |

## तालिका १०: विगत ५ वर्षको खर्च विश्लेषण

| क्र सं | खर्च शीर्षक | आर्थिक वर्ष | | | | | | | | | | | | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | | २०८०/८१ | | २०८१/८२ | | ५ वर्षको जम्मा खर्च | | |
| | | वार्षिक बजेट | खर्च | वार्षिक बजेट | खर्च | वार्षिक बजेट | खर्च | वार्षिक बजेट | खर्च | वार्षिक बजेट | खर्च | वार्षिक बजेट | खर्च | |
| १८ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | १४३३६.०० | १०८३२.८७ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ८५०.०० | ७४१.५० | १५१८६.०० | ११५७४.३७ | 76.22 |
| १९ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २६५०.०० | २३६३.१० | २६५०.०० | २३६३.१० | 89.17 |
| २० | अनुसन्धान तथा विकास सम्बन्धी खर्च | २७६४.५० | २६७६.४७ | २००.०० | १६२.३० | ०.०० | ०.०० | ८५०.०० | ७४८.७६ | १२००.०० | ७३८.५० | ५०१४.५० | ४३२६.०३ | 86.27 |
| २१ | बहुमूल्य सामानहरू | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २००.०० | २००.०० | ०.०० | ०.०० | २००.०० | २००.०० | 100.00 |
| २३ | जग्गा विकास कार्य | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | 0.00 |
| २४ | पुँजीगत सुधार खर्च सार्वजनिक निर्माण | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | 0.00 |
| २५ | पुँजीगत अनुसन्धान तथा परामर्श | ४८.५० | ४८.५० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ४८.५० | ४८.५० | 100.00 |
| २६ | पुँजीगत परामर्श खर्च | ०.०० | ०.०० | ०.०० | ०.०० | ५००.०० | ४९४.६० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५००.०० | ४९४.६० | 98.92 |
| २७ | जग्गा प्राप्ति खर्च | ४७०.०० | ७३.३० | १९२५.०० | १४१२.२८ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २३९५.०० | १४८५.५८ | 62.03 |
| २८ | भैपरी आउने पुँजीगत | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | 0.00 |
| | जम्मा पुँजीगत खर्च | १३१३००.०० | ११५८०१.१२ | १४९२७४.०० | १२३९३८.४८ | १६३१३८.७१ | १४६१७३.३३ | २०३२००.०० | १६४७९३.२६ | १६६१५०.०० | ११२३५१.३५ | ८१३०६२.७१ | ६६३०५७.५४ | 81.55 |
| ग | वित्तीय | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५००.०० | ०.०० | ०.०० | ०.०० | ५००.०० | ०.०० | 0.00 |
| १ | संस्थानमा शेयर लगानी | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५००.०० | ०.०० | ०.०० | ०.०० | ५००.०० | ०.०० | 0.00 |
| | जम्मा वित्तीय लगानी | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५००.०० | ०.०० | ०.०० | ०.०० | ५००.०० | ०.०० | 0.00 |
| | कुल खर्च | ४९४०८९.९५ | ४३५६०५.९२ | ५७५८४४.०० | ४९१९०६.८५ | ६२५२६९.०० | ५४७५३७.४७ | ६१४५२४.९७ | ५४०५४१.९३ | ५९८२२०.३१ | ४९३८५९.८० | २९०७९४८.२३ | २५०९४५१.९७ | 86.30 |

## तालिका ११: विगत ५ वर्षको विषय क्षेत्रगत खर्च विश्लेषण

| क्र. सं. | विषय क्षेत्र | आ व २०७७/७८ | | आ व २०७८/७९ | | आ व २०७९/८० | | आ व २०८०/८१ | | आ व २०८१/८२ | | ५ वर्षको जम्मा | | | विनियोजन मा क्षेत्रगत अंश | खर्चमा क्षेत्रगत अंश |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च | खर्च प्रतिशत | | |
| क | आर्थिक विकास | | | | | | | | | | | | | | | |
| १ | कृषि | २०६००. | १६७०२. | २२९१५.२५ | १५५२५.०५ | २६५३७.६४ | ११९३१.५ | ८००५०. | ७०९२४.८५ | १०७८५. | ८६६३.६७ | १६०८८७.८९ | १२२९४७.०७ | 76.42 | | |
| २ | उद्योग | ७४००. | ६८०५.२७ | ३३००. | ३१०१.६४ | ३१५०. | २८१५.०९ | १३००. | १०४६.११ | १२६०. | ७००.९२ | १६४१०. | १४४६९.०३ | 88.17 | | |
| ३ | पर्यटन | २५००. | ९७०. | ० | ० | ४६००. | ४१६०.१ | ० | ० | ५०००. | ० | १२१००. | ५१३०.१ | 42.4 | | |
| ४ | वित्तीय क्षेत्र | १५०००. | १०६५९.९६ | ९७. | ९७. | २००. | ० | ६९५०. | ६४७७.०६ | २५०. | १३८.४२ | २२४९७. | १७३७२.४४ | 77.22 | | |
| ५ | जलस्रोत तथा सिँचाइ | १८१५.५ | १५४८.२५ | ८४८.७५ | ५५७.७५ | १२४५०. | ९२०७.०५ | २९००. | २६४७. | १७५५०. | १६३८१.४३ | ३५५६४.२५ | ३०३४१.४८ | 85.31 | | |
| ६ | वन | ० | ० | ० | ० | ५००. | ५००. | ० | ० | २००. | २००. | ७००. | ७००. | 100 | | |
| ७ | पशुपन्छी विकास | ५०९७. | ४३४९.१ | ० | ० | ११५०. | ११०८.५४ | ५००. | १८२. | ३६८०. | ११४१.७६ | १०४२७. | ६७८१.४ | 65.04 | | |

| तालिका ११: विगत ५ वर्षको विषय क्षेत्रगत खर्च विश्लेषण | | | | | | | | | | | | | | | विनियोजन मा क्षेत्रगत अंश | खर्चमा क्षेत्रगत अंश |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | विषय क्षेत्र | आ व २०७७/७८ | | आ व २०७८/७९ | | आ व २०७९/८० | | आ व २०८०/८१ | | आ व २०८१/८२ | | ५ वर्षको जम्मा | | | | |
| | | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च | खर्च प्रतिशत | | |
| ८ | भूमि व्यवस्था | १००. | ० | १९२५. | १४१२.२८ | ० | ० | ० | ० | ० | ० | २०२५. | १४१२.२८ | 69.74 | | |
| ९ | वाणिज्य तथा आपूर्ति | ० | ० | ० | ० | ७५२४.९१ | ७२९६.८५ | ७००. | ६७२.२ | ० | ० | ८२२४.९१ | ७९६९.०५ | 96.89 | | |
| | **आर्थिक विकास जम्मा** | **५२५१२.५** | **४१०३४.५८** | **२९०८६.** | **२०६९३.७२** | **५६११२.५५** | **३६२१९.१३** | **९२४००.** | **८१९४९.२२** | **३८७२५.** | **२७२२६.२** | **२६८८३६.०५** | **२०७१२२.८५** | **77.04** | **९.२९** | **८.२९** |
| **ख** | **सामाजिक विकास** | | | | | | | | | | | | | | | |
| १ | शिक्षा | १६१७४८. | १४९५८१.४३ | २११९९३. | १८४९९१.२६ | २३९६३१. | २२०८६०.१५ | १७६३६८. | १६६४२६.२४ | २२०२१९. | २०५६०६.८५ | १००९९५९. | ९२७४६५.९३ | 91.83 | | |
| २ | स्वास्थ्य | ४४४५६.५ | ३७३१२.१ | ४०५८६.५ | ३७७४८.८३ | ४४३९८.३३ | ३९७९०.४५ | ४४२९५. | ४११५६.१८ | १३८३९. | १२२३५.६९ | १८७५७५.३३ | १६८२४३.२५ | 89.69 | | |
| ३ | खानेपानी तथा सरसफाइ | ६०५९. | ५८५३.७२ | २९३५.२५ | २१६३.७१ | ५८६६. | ५४२१.९८ | २२००. | १४७२.७७ | ८२५०. | ५१०२.६२ | २५३१०.२५ | २००१४.८ | 79.08 | | |
| ४ | भाषा तथा संस्कृति | १२४५२. | १०२५१.७६ | ९०५०.७५ | ८५८०.०१ | ८५०. | ८५०. | १०५००. | ८३७५.९४ | १४३७५. | ७९७५.६ | ४७२२७.७५ | ३६०३३.३१ | 76.3 | | |
| ५ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ९००७.५ | ८२७२.५७ | १९७. | ९७. | १२०००. | १०४६२.५७ | ३७००. | ३६८२.२४ | १७३९०. | १४५१६.२३ | ४२२९४.५ | ३७०३०.६१ | 87.55 | | |
| ६ | युवा तथा खेलकुद | १०९६. | १०२०.७५ | ४३४३.७५ | ४२३३.६५ | १६००. | १५८८.३ | १६३८.३३ | १६३२.४९ | ४४००. | ३९६६.२३ | १३०७८.०८ | १२४४१.४२ | 95.13 | | |
| ७ | जनसङ्ख्या तथा बसाइँसराइ | ० | ० | ० | ० | ० | ० | १४५०. | १३१४.१६ | १८५०. | १८३५.९३ | | | | | |
| ८ | सामाजिक सुरक्षा तथा संरक्षण | १०४००. | ८६७०.५१ | १८३८९.७५ | ११९३१.७२ | ४५३७.६६ | ४५०१.०९ | १४७८१. | १२७२५.७१ | ५५५०. | ३६८१.२९ | ५३६५८.४१ | ४१५१०.३२ | 77.36 | | |
| | **सामाजिक विकास जम्मा** | **२४५२१९.** | **२२०९६२.८४** | **२८७४९६.** | **२४९७४६.१८** | **३०८८८२.९९** | **२८३४७४.५४** | **२५४९३२.३३** | **२३६७८५.७३** | **२८५८७३.** | **२५४९२०.४४** | **१३८२४०३.३२** | **१२४५८८९.७३** | **90.12** | **४७.७८** | **४९.८६** |
| **ग** | **पूर्वाधार विकास** | | | | | | | | | | | | | | | |
| १ | यातायात पूर्वाधार | २१६८२. | १६७२४.०१ | ४४३०९. | ३११५२.५५ | ७१९५२.७४ | ६६९४२.५४ | १४३३४१.६ | ११३४२६.४६ | ३७४००. | ३२९२२.३ | ३१८६८५.३४ | २६११६७.८६ | 81.95 | | |
| २ | भवन आवास तथा शहरी विकास | २९४९३.७५ | २५३७०.३६ | १५००५. | १४८३३. | ८६६२.३६ | ८३२१.०८ | ३७००. | ३७००. | ४२९००. | २४४२७.३६ | ९९७६१.११ | ७६६५१.८ | 76.84 | | |
| ३ | ऊर्जा | ८९२४. | ८९२४. | २२५५. | २१४९.९१ | ८००. | ८००. | ८००. | ८००. | ० | ० | १२७७९. | १२६७३.९१ | 99.18 | | |
| ४ | सम्पदा पूर्वाधार | ० | ० | १३८२.२५ | १३८१.७५ | ९५०. | ९४४.६ | ३०००. | १०४६.३४ | ७४५०. | ४२९६.५७ | १२७८२.२५ | ७६६९.२६ | 60 | | |
| ५ | सञ्चार तथा सूचना प्रविधि | ० | ० | ३४०५७.५ | २३७९०.०१ | ० | ० | ० | ० | ० | ० | ३४०५७.५ | २३७९०.०१ | 69.85 | | |
| ६ | पुनर्निर्माण | २१६७५.५ | १९२२१.९६ | १८१८.७५ | १७५५.६९ | ३५७६७. | ३१००५.१८ | ३००. | ३००. | ५००. | ० | ६००६१.२५ | ५२२८२.८३ | 87.05 | | |
| | **पूर्वाधार विकास जम्मा** | **८१७७५.२५** | **७०२४०.३३** | **९८८२७.५** | **७५०६२.९१** | **११८१३२.१** | **१०८०१३.४** | **१५११४१.६** | **११९२७२.८** | **८८२५०.** | **६१६४६.२३** | **५३८१२६.४५** | **४३४२३५.६७** | **80.69** | **१८.६** | **१७.३८** |
| **घ** | **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र** | | | | | | | | | | | | | | | |
| १ | वन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | 0 | | |
| २ | विपद् व्यवस्थापन | ३२४२.५ | १८८०.२४ | ० | ० | १०००. | ८५८.७८ | ० | ० | १७००. | १३३५. | ५९४२.५ | ४०७४.०२ | 68.56 | | |

**तालिका ११: विगत ५ वर्षको विषय क्षेत्रगत खर्च विश्लेषण**

| क्र. सं. | विषय क्षेत्र | आ व २०७७/७८ | | आ व २०७८/७९ | | आ व २०७९/८० | | आ व २०८०/८१ | | आ व २०८१/८२ | | ५ वर्षको जम्मा | | | विनियोजनमा क्षेत्रगत अंश | खर्चमा क्षेत्रगत अंश |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च | खर्च प्रतिशत | | |
| ३ | गरिबी निवारण | ० | ० | १००. | ० | १०००. | ० | ० | ० | १५००. | ७६९.२२ | २६००. | ७६९.२२ | 29.59 | | |
| ४ | श्रम तथा रोजगारी | ३२५८. | २६०२.२९ | ० | ० | ७९५७. | ७८८८.५३ | ० | ० | ७८५. | ७३१.६५ | १२०००. | ११२२२.४७ | 93.52 | | |
| ५ | योजना तर्जुमा र कार्यान्वयन | ५००. | ४५६.३५ | २३३७.४ | २२६१.७९ | ० | ० | ० | ० | ० | ० | २८३७.४ | २७१८.१४ | 95.8 | | |
| ६ | वातावरण तथा जलवायु | ९८. | ९७. | ० | ० | ० | ० | ९००. | ७६०. | ७५०. | ३००. | १७४८. | ११५७. | 66.19 | | |
| ७ | मानव संसाधन विकास | ७१२.५ | ३१५.८ | ६०. | ६०. | ५०. | ५०. | ७००. | ६६९. | १९९०. | १७२६.४ | ३५१२.५ | २८२१.२ | 80.32 | | |
| ८ | शान्ति तथा सुव्यवस्था | ३०००. | २५१५.७९ | १४५.५ | १४५.५ | १००. | १००. | ० | ० | ५७००. | १००. | ८९४५.५ | २८६१.२९ | 31.99 | | |
| ९ | कानून तथा न्याय | ० | ० | ० | ० | ५००. | ६०. | ० | ० | ० | ० | ५००. | ६०. | 12 | | |
| १० | शासन प्रणाली | ० | ० | ० | ० | ५००. | ० | ७०५६१.६७ | ५८१७३.९४ | ७५०. | २४२.५५ | ७१८११.६७ | ५८४१६.४९ | 81.35 | | |
| ११ | तथ्याङ्क प्रणाली | २५२२. | २५२२. | १४३६. | १३०२.८४ | ० | ० | ८००. | ७७४.४ | ० | ० | ४७५८. | ४५९९.२४ | 96.66 | | |
| १२ | अनुगमन तथा मूल्याङ्कन | ० | ० | ० | ० | ० | ० | ० | ० | १९६७. | १६९८.९४ | १९६७. | १६९८.९४ | 86.37 | | |
| १३ | वित्तीय सुशासन | ० | ० | १९४०. | १९४०. | २०००. | १९७४.४२ | ० | ० | १००. | ० | ४०४०. | ३९१४.४२ | 96.89 | | |
| १४ | प्रशासकीय सुशासन | १००. | १००. | ० | ० | १२००२.९७ | ७७५०.८ | ४२३३९.३७ | ४१९५६.८ | ७०२८. | ६१५०.७७ | ६१४७०.३४ | ५५९५८.३७ | 91.03 | | |
| | **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र जम्मा** | **१३४३३.** | **१०४८९.४७** | **६०१८.९** | **५७१०.१३** | **२५१०९.९७** | **१८६८२.५३** | **११५३०१.०४** | **१०२३३४.१४** | **२२२७०.** | **१३०५४.५३** | **१८२१३२.९१** | **१५०२७०.८** | **82.51** | **६.२९** | **६.०१** |
| **ङ** | **कार्यालय सञ्चालन तथा प्रशासनिक** | | | | | | | | | | | | | | | |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०११५०.२ | ९२८७८.७१ | १५४४१५.६ | १४०६९३.७५ | ११७०३१.३८ | १०११४७.८८ | २५०. | २००. | १४९१०२. | १२६३२२.६४ | ५२१९४९.१८ | ४६१२४२.९८ | 88.37 | | |
| **कार्यालय सञ्चालन तथा प्रशासनिक जम्मा** | | **१०११५०.२** | **९२८७८.७१** | **१५४४१५.६** | **१४०६९३.७५** | **११७०३१.३८** | **१०११४७.८८** | **२५०.** | **२००.** | **१४९१०२.** | **१२६३२२.६४** | **५२१९४९.१८** | **४६१२४२.९८** | **88.37** | **१८.०४** | **१८.४६** |
| **कुल जम्मा** | | **४९४०८९.९५** | **४३५६०५.९३** | **५७५८४४.** | **४९१९०६.६९** | **६२५२६८.९९** | **५४७५३७.४८** | **६१४०२४.९७** | **५४०५४१.८९** | **५८४२२०.** | **४८३१७०.०४** | **२८९३४४७.९१** | **२४९८७६२.०३** | **86.36** | **१००** | **१००** |

### ३.१०.२ वित्तीय लगानी र खर्च बेहोर्ने स्रोत

#### (१) कुल वित्तीय लगानी

भीरकोट नगरपालिकाको समग्र आर्थिक विकास क्षेत्र, समाजिक विकास क्षेत्र, भौतिक पूर्वाधार विकास क्षेत्र, वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र र सुशासन तथा संस्थागत विकास क्षेत्रका लागि आवधिक योजना अन्तर्गतका कार्यक्रम सञ्चालनका लागि कुल रु. ४,२०,०५,९८,०००।- वित्तीय लगानीको माग हुने अनुमान छ । जसमध्ये नगरपालिकाको अन्तरसरकारी वित्तीय हस्तान्तरण तथा आन्तरिक स्रोतबाट कुल रु. ३ अर्ब १० करोड ९९ लाख ४३ हजार व्यवस्थापन हुने अनुमान गरिएको छ भने न्यून हुन आउने रु. ९९,९७,६७,०००।- संघीय सरकार, प्रदेश सरकार, गैरसरकारी संस्था र उपभोक्ता समितिहरूबाट स्रोत व्यवस्थापन गरी लगानी गरिने अनुमान गरिएको छ। योजनाको कुल लगानीमा सबैभन्दा ठुलो हिस्सा (७४.०४%) नगरपालिकाको रहनेछ भने दोस्रोमा (१२.२६%) संघीय सरकारको र तेस्रोमा (१०.२३%) गण्डकी प्रदेश सरकारको लगानी रहनेछ।

**तालिका १२: योजना अवधिको लागि बहुक्षेत्रगत अनुमानित लगानी (रु. हजारमा)**

| क्र.सं. | स्रोत | रकम | लगानी प्रतिशत |
|---|---|---|---|
| १ | सार्वजनिक क्षेत्र नगरपालिका | ३१०९९४३ | ७४.०४ |
| २ | सार्वजनिक क्षेत्र संघ | ४२९५७५ | १५.२६ |
| ३ | सार्वजनिक क्षेत्र प्रदेश | ६४१०७० | १०.२३ |
| ४ | निजी क्षेत्र/गैर सरकारी संघसंस्था/ | ८५०० | ०.२० |
| ५ | उपभोक्ता समिति | ११५१० | ०.२७ |
| | **कुल लगानी** | **४२००५९८** | **१००** |

यस आवधिक योजनाको लगानीको ठुलो हिस्सा ९९.५२ प्रतिशत सार्वजनिक क्षेत्रबाट हुने र ०.४८ प्रतिशत मात्र निजी क्षेत्र, गैर सरकारी संघ संस्था तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थासँगको साझेदारीमा लगानी गरिने अनुमान गरिएको छ।

#### (२) क्षेत्रगत लगानी मागको प्रक्षेपण

भीरकोट नगरपालिकाको यस दोस्रो आवधिक योजनामा प्रस्ताव गरिएका कार्यक्रमहरूमा हुने लगानीलाई क्षेत्रगत मागका आधारमा सबैभन्दा बढी सामाजिक विकास क्षेत्रमा कुल लगानीको ३६.९२ प्रतिशत लगानी माग हुने अनुमान गरिएको छ। दोस्रो स्थानमा पूर्वाधार विकास क्षेत्रमा ३३.०३ प्रतिशत र तेस्रो स्थानमा आर्थिक विकास क्षेत्रमा १३.१६ प्रतिशत लगानी माग हुने अनुमान गरिएको छ । प्रशासनिक खर्चलाई भने कुल लगानीको १२.९८ प्रतिशत सीमित राख्ने लक्ष्य लिइएको छ। विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका १३: योजना अवधिको लागि प्रक्षेपित क्षेत्रगत लगानी (रु. हजारमा)**

| क्र सं | विषय क्षेत्र/उपक्षेत्र | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | कुल लगानीमा क्षेत्रगत हिस्सा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | | |
| | | विनियोजन | विनियोजन | विनियोजन | विनियोजन | विनियोजन | विनियोजन | |
| **क** | **आर्थिक विकास** | | | | | | | |
| १ | कृषि | १५२००.०० | २४९००.०० | १७४९०.०० | २५३९०.०० | १८६९०.०० | १०१६७०.०० | |
| २ | उद्योग वाणिज्य तथा आपूर्ति | ९९२५.०० | ८८७५.०० | ६५२५.०० | ६३७५.०० | ३९२५.०० | ३५६२५.०० | |
| ३ | पर्यटन | २३०७०.०० | २०३००.०० | २४९००.०० | २०१००.०० | २१५००.०० | १०९८७०.०० | |
| ४ | सरकारी तथा वित्तीय क्षेत्र | १२००.०० | १४००.०० | ९००.०० | १४००.०० | ९००.०० | ५८००.०० | |
| ५ | सिँचाइ | ५८५५०.०० | ५८०००.०० | ४७४००.०० | ४०६००.०० | ३९१००.०० | २४३६५०.०० | |
| ६ | पशुपन्छी विकास | १२५००.०० | ९७००.०० | ९७००.०० | १०३००.०० | ९३५०.०० | ५१५५०.०० | |
| ७ | भूमि व्यवस्था | १८७०.०० | ६९०.०० | ६९०.०० | ७४०.०० | ७४०.०० | ४७३०.०० | |
| | **आर्थिक विकास जम्मा** | **१२२३१५.००** | **१२३८६५.००** | **१०७६०५.००** | **१०४९०५.००** | **९४२०५.००** | **५५२८९५.००** | **१३.१६** |
| **ख** | **सामाजिक विकास** | | | | | | | |

| क्र सं | विषय क्षेत्र/उपक्षेत्र | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | कुल लगानीमा क्षेत्रगत हिस्सा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | | |
| | | विनियोजन | विनियोजन | विनियोजन | विनियोजन | विनियोजन | विनियोजन | |
| १ | शिक्षा, विज्ञान तथा प्रविधि | २२०७७०.०० | २२०८७०.०० | २१९८३०.०० | २२००८०.०० | २१९९८०.०० | ११०१५३०.०० | |
| २ | आधारभूत स्वास्थ्य तथा पोषण | २५२५०.०० | २३५५०.०० | २४५५०.०० | २०५५०.०० | १९२५०.०० | ११३१५०.०० | |
| ३ | खानेपानी तथा सरसफाइ | ५२६५०.०० | ४६९५०.०० | ४६९५०.०० | ४७१५०.०० | ५०९५०.०० | २४४६५०.०० | |
| ४ | भाषा तथा संस्कृति | ३१५०.०० | २९००.०० | २९००.०० | ३१००.०० | ३०००.०० | १५०५०.०० | |
| ५ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ३६२५.०० | ३०२५.०० | ३१७५.०० | ३१२५.०० | ३१७५.०० | १६१२५.०० | |
| ६ | युवा तथा खेलकुद | ७०५०.०० | १६०००.०० | १६०५०.०० | १६०००.०० | ५०५०.०० | ६०१५०.०० | |
| | **सामाजिक विकास जम्मा** | **३१२४९५.००** | **३१३२९५.००** | **३१३४५५.००** | **३१०००५.००** | **३०१४०५.००** | **१५५०६५५.००** | **३६.९२** |
| **ग** | **पूर्वाधार विकास** | | | | | | | |
| १ | यातायात पूर्वाधार (सडक तथा पुल) | २०१२७०.०० | २८२०२०.०० | २७९२५८.०० | २६८७२०.०० | २७१२२०.०० | १३०२७८८.०० | |
| २ | भवन आवास तथा शहरी विकास | १४३७५.०० | १२०७५.०० | १४३२५.०० | ११०७५.०० | १३३२५.०० | ६५१७५.०० | |
| ३ | ऊर्जा | ५००.०० | २७००.०० | ५००.०० | २७००.०० | ५००.०० | ६९००.०० | |
| ५ | सञ्चार तथा सूचना प्रविधि | ३२००.०० | २१००.०० | २२००.०० | ३१००.०० | २२००.०० | १२८००.०० | |
| | **पूर्वाधार विकास जम्मा** | **२१९३४५.००** | **२९८८९५.००** | **२९६२८३.००** | **२८५५९५.००** | **२८७२४५.००** | **१३८७६६३.००** | **३३.०३** |
| **घ** | **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र** | | | | | | | |
| १ | वन तथा जैविक विविधता | ४२००.०० | ४०००.०० | ३६००.०० | ४०००.०० | ३९००.०० | १९७००.०० | |
| २ | विपद् व्यवस्थापन | १८८७५.०० | १८८७५.०० | १८८७५.०० | १८८७५.०० | १८८७५.०० | ९४३७५.०० | |
| ३ | स्रोत परिचालन तथा योजना व्यवस्थापन | १३५०.०० | ६००.०० | ८५०.०० | ७००.०० | ७५०.०० | ४२५०.०० | |
| ४ | योजना तर्जुमा र कार्यान्वयन | १२००.०० | ८००.०० | १३५०.०० | ८००.०० | २८५०.०० | ७०००.०० | |
| ५ | वातावरण तथा फोहरमैला व्यवस्थापन | २२५०.०० | २३५०.०० | २२५०.०० | २३००.०० | २२५०.०० | ११४००.०० | |
| ६ | न्याय प्रणाली सुदृढीकरण | ९००.०० | ७५०.०० | ८००.०० | ८००.०० | ५००.०० | ३७५०.०० | |
| ७ | संस्थागत विकास तथा सेवाप्रवाह | ३५२५.०० | ३०००.०० | २९००.०० | २९००.०० | २९००.०० | १५२२५.०० | |
| ८ | तथ्याङ्क प्रणाली | ८५०.०० | ८००.०० | ८५०.०० | ८००.०० | ८५०.०० | ४१५०.०० | |
| ९ | अनुगमन तथा मूल्याङ्कन | ३००.०० | २००.०० | २००.०० | ३००.०० | ५५०.०० | १५५०.०० | |
| १० | वित्तीय सुशासन | ६००.०० | ६५०.०० | ५५०.०० | ५५०.०० | ५५०.०० | २९००.०० | |
| | **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र जम्मा** | **३४०५०.००** | **३२०२५.००** | **३२२२५.००** | **३२०२५.००** | **३३९७५.००** | **१६४३००.००** | **३.९१** |
| ङ | कार्यालय सञ्चालन तथा प्रशासनिक | | | | | | | |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०७३८५.०० | १०८०००.०० | १०९०००.०० | ११००००.०० | १११०००.०० | ५४५३८५.०० | |
| | **कार्यालय सञ्चालन तथा प्रशासनिक जम्मा** | **१०७३८५.००** | **१०८०००.००** | **१०९०००.००** | **११००००.००** | **१११०००.००** | **५४५३८५.००** | **१२.९८** |
| | **कुल जम्मा** | **७९५५९०.००** | **८७६०८०.००** | **८५८५६८.००** | **८४२५३०.००** | **८२७८३०.००** | **४२००५९८.००** | **१००.००** |

### (३) स्रोत प्रक्षेपण

यस आवधिक योजना अन्तर्गत प्रक्षेपित खर्च जुटाउन अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त हुने अनुदान रकम र आन्तरिक स्रोतको परिचालन गरिनेछ। हरेक स्थानीय तहमा जस्तै यस नगरपालिकाको आम्दानीको मुख्य स्रोत संघीय सरकारबाट प्राप्त हुने अनुदान नै हो। नगरपालिकाको कुल आयको ६६.२० प्रतिशत हिस्सा संघीय सरकारको अनुदानले नै ओगटेको छ भने राजस्व बाँडफाँटबाट २०.०९ प्रतिशत प्राप्त हुने अनुमान छ। प्रदेश अनुदानबाट ५.३० प्रतिशत र आन्तरिक स्रोतको परिचालनबाट ८.४१ प्रतिशत मात्र प्राप्त हुने अनुमान गरिएको छ। समृद्धिको लागि नगरपालिकाको नियमित कार्यक्रमहरूले मात्र हालको अवस्थाबाट रूपान्तरण गर्न नसकिने भएकोले रूपान्तरणकारी कार्यक्रमहरूको सञ्चालनका लागि न्यून हुन आउने स्रोत संघ तथा प्रदेश सरकार र निजी क्षेत्र, गैर सरकारी क्षेत्र लगायतका विकास साझेदारहरूसँग साझेदारी गरिनेछ।

**तालिका १४: योजना अवधिको लागि नगरपालिकातर्फको प्रक्षेपित स्रोत अनुमान (रु. हजारमा)**

| क्र सं | आम्दानीको स्रोत | आर्थिक वर्ष | | | | | | औसत आय | कुल आयमा हिस्सा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | ५ वर्षको जम्मा आय | | |
| | | प्रस्तावित आय | प्रस्तावित आय | प्रस्तावित आय | प्रस्तावित आय | प्रस्तावित आय | प्रस्तावित आय | प्रस्तावित | प्रस्तावित |
| **क** | **संघीय सरकार** | | | | | | | | |
| १ | समानीकरण अनुदान | ९९५०० | १०५००० | ११०००० | ११२५०० | ११५००० | ५४२००० | १०८४०० | |
| २ | समपूरक अनुदान | ५००० | १०००० | १०००० | १०००० | १०००० | ४५००० | ९००० | |
| ३ | विशेष अनुदान | १३५०० | १०००० | १०००० | १०००० | १०००० | ५३५०० | १०७०० | |
| ४ | सशर्त अनुदान | २८०३०० | २८१००० | २८२००० | २८५००० | २९०००० | १४१८३०० | २८३६६० | |
| **संघीय सरकारबाट प्राप्त जम्मा अनुदान** | | **३९८३००** | **४०६०००** | **४१२०००** | **४१७५००** | **४२५०००** | **२०५८८००** | ४११७६० | **६६.२०** |
| ख | प्रदेश सरकार | | | | | | | | |
| १ | समानीकरण अनुदान | १२८०० | १३५०० | १४००० | १४५०० | १५००० | ६९८०० | १३९६० | |
| २ | समपूरक अनुदान | ४९६९ | १०००० | १०००० | १०००० | १०००० | ४४९६९ | ८९९४ | |
| ३ | विशेष अनुदान | ४००० | ५००० | ६००० | ७००० | ८००० | ३०००० | ६००० | |
| ५ | सशर्त अनुदान | ० | ५००० | ५००० | ५००० | ५००० | २०००० | ४००० | |
| | **प्रदेश सरकारबाट प्राप्त जम्मा अनुदान** | **२१७६९** | **३३५००** | **३५०००** | **३६५००** | **३८०००** | **१६४७६९** | ३२९५४ | **५.३०** |
| ग | राजस्व बाँडफाँट | | | | | | | | |
| १ | मूल्य अभिवृद्धि कर | ८२५८१ | ८५००० | ८७५०० | ९०००० | ९५००० | ४४००८१ | ८८०१६ | |
| २ | अन्तशुल्क | ० | ० | ० | ० | ० | ० | ० | |
| ३ | सवारी साधन कर | १५०९८ | १६००० | १६५०० | १७००० | १७५०० | ८२०९८ | १६४२० | |
| ४ | विज्ञापन कर | ० | ० | ० | ० | ० | ० | ० | |
| ५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ३५४५ | ४००० | ४५०० | ५००० | ५५०० | २२५४५ | ४५०९ | |
| ६ | दहत्तर बहत्तर बिक्री आय | १५००० | १५५०० | १६००० | १६५०० | १७००० | ८०००० | १६००० | |
| | **राजस्व बाँडफाँटबाट प्राप्त जम्मा आय** | **११६२२४** | **१२०५००** | **१२४५००** | **१२८५००** | **१३५०००** | **६२४७२४** | १२४९४५ | **२०.०९** |
| **घ** | **आन्तरिक स्रोत** | | | | | | | | |
| १ | सम्पत्ति कर | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | ३.०२ |
| २ | भूमिकर/मालपोत कर | ९८८ | ९९० | ९९० | ९९० | ९९० | ४९४८ | ९९० | ५.९७ |
| ३ | बहाल कर | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १५०० | ९.०५ |
| ४ | बहाल बिटौरी कर | ० | ० | ० | ० | ० | ० | ० | ०.०० |
| ५ | साना सवारी साधन कर | ५० | ५० | ५० | ५० | ५० | २५० | ५० | ०.३० |
| ६ | अन्य मनोरञ्जन कर | ० | ० | ० | ० | ० | ० | ० | ०.०० |
| ७ | व्यवसाय कर | ११०० | ११०० | ११०० | ११०० | ११०० | ५५०० | ११०० | ६.६४ |
| ८ | कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोबारमा लाग्ने कर | ० | ० | ० | ० | ० | ० | ० | ०.०० |
| ९ | अन्य कर | ० | ० | ० | ० | ० | ० | ० | ०.०० |
| १० | अन्य संस्थागत आन्तरिक अनुदान | ० | ० | ० | ० | ० | ० | ० | ०.०० |

**तालिका १४: योजना अवधिको लागि नगरपालिकातर्फको प्रक्षेपित स्रोत अनुमान (रु. हजारमा)**

| क्र सं | आम्दानीको स्रोत | आर्थिक वर्ष | | | | | | औसत आय | कुल आयमा हिस्सा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | ५ वर्षको जम्मा आय | | |
| | | प्रस्तावित आय | प्रस्तावित आय | प्रस्तावित आय | प्रस्तावित आय | प्रस्तावित आय | प्रस्तावित आय | प्रस्तावित | प्रस्तावित |
| ११ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | ५० | ५० | ५० | ५० | ५० | २५० | ५० | ०.३० |
| १२ | पर्यटन शुल्क | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ४०० | २.४१ |
| १३ | अन्य सेवा शुल्क तथा बिक्री | २०० | २०० | २०० | २०० | २०० | १००० | २०० | १.२१ |
| १४ | अन्य बिक्रीबाट प्राप्त रकम | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | ३.०२ |
| १५ | न्यायिक दस्तुर | १५ | १५ | १५ | १५ | १५ | ७५ | १५ | ०.०९ |
| १६ | शिक्षा क्षेत्रको आम्दानी | ७० | ७० | ७० | ७० | ७० | ३५० | ७० | ०.४२ |
| १७ | परीक्षा शुल्क | २५ | २५ | २५ | २५ | २५ | १२५ | २५ | ०.१५ |
| १८ | अन्य प्रशासनिक सेवा शुल्क | ११५ | ११५ | ११५ | ११५ | ११५ | ५७५ | ११५ | ०.६९ |
| १९ | नक्सापास दस्तुर | २००० | २००० | २००० | २००० | २००० | १०००० | २००० | १२.०७ |
| २० | सिफारिश दस्तुर | ३५०० | ३५०० | ३५०० | ३५०० | ३५०० | १७५०० | ३५०० | २१.१२ |
| २१ | व्यक्तिगत घटना दर्ता दस्तुर | १०० | १०० | १०० | १०० | १०० | ५०० | १०० | ०.६० |
| २२ | नाता प्रमाणित दस्तुर | १०० | १०० | १०० | १०० | १०० | ५०० | १०० | ०.६० |
| २३ | अन्य दस्तुर | २००० | २००० | २००० | २००० | २००० | १०००० | २००० | १२.०७ |
| २४ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० | ६.०३ |
| २५ | अन्य क्षेत्रको आय | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | ३.०२ |
| २६ | न्यायिक दण्ड जरिवाना र जफत | १० | १० | १० | १० | १० | ५० | १० | ०.०६ |
| २७ | प्रशासनिक दण्ड जरिवाना र जफत | २०० | २०० | २०० | २०० | २०० | १००० | २०० | १.२१ |
| २८ | धरौटी सदरस्याहा | ५० | ५० | ५० | ५० | ५० | २५० | ५० | ०.३० |
| २९ | पुँजीगत हस्तान्तरण | ० | ० | ० | ० | ० | ० | ० | ०.०० |
| ३० | अन्य राजस्व | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १५०० | ९.०५ |
| ३१ | बेरुजु | १०० | १०० | १०० | १०० | १०० | ५०० | १०० | ०.६० |
| ३२ | जनसहभागिता | ० | ० | ० | ० | ० | ० | ० | ०.०० |
| | **खुद आन्तरिक स्रोत जम्मा** | **१६५७३** | **१६५७५** | **१६५७५** | **१६५७५** | **१६५७५** | **८२८७३** | **१६५६७** | **२.६६** |
| ३४ | बैंक मौज्दात | ३८७७७ | ३५००० | ३५००० | ३५००० | ३५००० | १७८७७७ | ३५७५५ | |
| **आन्तरिक स्रोतबाट प्राप्त जम्मा आय (बैंक मौज्दात समेत)** | | **५५३५०** | **५१५७५** | **५१५७५** | **५१५७५** | **५१५७५** | **२६१६५०** | **५२३३०** | **८.४१** |
| **कुल आय** | | **५९१६४३** | **६११५७५** | **६२३०७५** | **६३४०७५** | **६४९५७५** | **३१०९९४३** | **६२१९८९** | **१००.००** |

**तालिका १५: योजना अवधिको कुल स्रोतगत आय प्रक्षेपण (रु. हजारमा)**

| क्र.सं. | आय स्रोत | आर्थिक वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | ५ वर्षको जम्मा |
| १ | संघीय सरकार अनुदान | ३९८३०० | ४०६००० | ४१२००० | ४१७५०० | ४२५००० | २०५८८०० |
| २ | प्रदेश सरकार अनुदान | २१७६९ | ३३५०० | ३५००० | ३६५०० | ३८००० | १६४७६९ |
| ३ | राजस्व बाँडफाँट | ११६२२४ | १२०५०० | १२४५०० | १२८५०० | १३५००० | ६२४७२४ |
| ४ | खुद आन्तरिक स्रोत | १६५७३ | १६५७५ | १६५७५ | १६५७५ | १६५७५ | ८२८७३ |
| **सार्वजनिक क्षेत्र नगरपालिका जम्मा आय** | | **५५२८६६** | **५७६५७५** | **५८८०७५** | **५९९०७५** | **६१४५७५** | **२९३११६६** |
| **बैंक मौज्दात** | | ३८७७७ | ३५००० | ३५००० | ३५००० | ३५००० | १७८७७७ |
| **नगरपालिकाको जम्मा आय** | | **५९१६४३** | **६११५७५** | **६२३०७५** | **६३४०७५** | **६४९५७५** | **३१०९९४३** |
| ५ | सार्वजनिक क्षेत्र संघ | ६१७७५ | ९६५७५ | ९४३२५ | ८९८२५ | ८७०७५ | ४२९५७५ |
| ६ | सार्वजनिक क्षेत्र प्रदेश | ९८६५५ | १४०७०५ | १४०९०५ | १३२०५० | १२८७५५ | ६४१०७० |
| ७ | गैर सरकारी क्षेत्र | १५०० | १५०० | २००० | २००० | १५०० | ८५०० |
| ८ | उपभोक्ता समिति | २१४० | २१४० | २१४० | २५५० | २५४० | ११५१० |
| **कुल आय** | | **७९५५९०** | **८७६०८०** | **८५८५६८** | **८४२५३०** | **८२७८३०** | **४२००५९८** |

### ३.११ योजनाहरूको प्राथमिकीकरणका आधार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा २४ को उपदफा ३ बमोजिम निम्न आधारमा वडा तथा बस्तीहरूबाट प्रस्ताव भै आएका योजनाहरूको प्राथमिकीकरण गरिएको छ।

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने;
- उत्पादनमूलक र छिटो प्रतिफल दिने;
- राजस्व परिचालनमा योगदान पुग्ने;
- सेवा प्रवाह, संस्थागत क्षमता अभिवृद्धि र सुशासनमा योगदान पुऱ्याउने;
- स्थानीय स्रोत साधनमा आधारित जनसहभागिता जुट्न सक्ने;
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको प्रवर्द्धन गरी समतामूलक समाजको निर्माण गर्ने;
- वातावरण संरक्षण तथा जलवायु अनुकूलन, विपद् व्यवस्थापनमा योगदान पुग्ने;
- दिगो विकास लक्ष्य हासिल गर्न योगदान पुऱ्याउने।

# परिच्छेद ४: आर्थिक विकास क्षेत्र

## (क) पृष्ठभूमि

भीरकोट नगरपालिकाको समग्र आर्थिक विकासको अग्रणी क्षेत्र (उत्पादन, रोजगारी र आयको प्रमुख स्रोत) कृषि, पशुपन्छी, उद्योग व्यवसाय, पर्यटन जस्ता क्षेत्रमा विकास प्रयासलाई डोऱ्याउन आर्थिक विकास क्षेत्रको विद्यमान अवस्था, सबल र दुर्बल पक्ष तथा अवसर, सम्भावना र चुनौतीहरूको पृष्ठभूमिमा आवधिक विकासको प्रभाव तहको लक्ष्य, विषय क्षेत्रगत असर तहको उद्देश्य, लक्ष्य परिमाण तथा सोको प्राप्तिका लागि अवलम्बन गर्नुपर्ने रणनीति र विषय क्षेत्रगत प्रमुख कार्यक्रमहरू तय गरिएका छन्।

## (ख) विद्यमान अवस्था, अवसर र सम्भावना

भीरकोट नगरपालिकाको अर्थतन्त्र मुख्यतयाः कृषि र पशुपन्छीपालन क्षेत्रमा निर्भर रहेको छ। उद्योग, व्यापार, नोकरी, होटल, रेष्टुरेन्ट जस्ता क्षेत्रहरू अर्थतन्त्रका सहयोगी क्षेत्र हुन्। वैदेशिक रोजगार यहाँको अर्को महत्वपूर्ण आय स्रोतको रूपमा रहेको छ। राष्ट्रिय जनगणना,२०७८ अनुसार यस नगरपालिकाको जनसङ्ख्याको ठुलो हिस्सा (झण्डै ७० प्रतिशत जनसङ्ख्या) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि कार्यमा संलग्न रहेका छन्। घरपरिवारको हिसाबले झण्डै ७६.५ प्रतिशत घरपरिवार कृषिकर्ममा संलग्न रहेका छन्। नगरपालिकाको यति ठुलो हिस्सा कृषि कार्यमा संलग्न रहेपनि कृषि प्रणाली अझैपनि परम्परागत र निर्वाहमुखी भएकोले कृषि उत्पादनमा नगरपालिका आत्मनिर्भर भने हुन सकेको छैन। यहाँको भूमि उर्वर भएको र पानीको स्रोतको व्यवस्थित परिचालनबाट साना सिँचाइ प्रणालीहरूको प्रबन्ध र कृषकको दक्षतामा अभिवृद्धि गरी आधुनिक र व्यावसायिक रूपमा कृषि क्षेत्रको विकास गर्न सकिएमा नगरपालिकाको अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान अभिवृद्धि गर्न सकिने देखिन्छ। कृषिक्षेत्रमा निर्भर घरपरिवार पछिल्ला दिनमा वैदेशिक रोजगार, व्यापार व्यवसाय, नोकरी जस्ता अन्य वैकल्पिक क्षेत्रतर्फ स्थानान्तरण हुने क्रम भने बढ्दै गइरहेकोछ।

सडक सञ्जालले यस नगरपालिकालाई सिद्धार्थ राजमार्ग र पूर्व पश्चिम राजमार्ग मार्फत पोखरा, वालिङ् र बुटवल जस्ता ठुला शहरहरूसँग जोडेकोले यहाँको उत्पादनको लागि बजार व्यवस्थापन गर्न सहज हुने देखिन्छ। कृषिमा प्रविधिको प्रयोग, प्राङ्गारिक मल, उन्नत जातका उच्च उत्पादन दिने बिउ बिजन, कृषि सम्बन्धी प्राविधिक ज्ञानजस्ता सेवा सुविधाहरू सहज र सर्वसुलभ रूपमा उपलब्ध गराई कृषि क्षेत्रलाई आधुनिकीकरण गरी व्यवसायीकरण गर्न कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि भई आर्थिक समृद्धि हासिल हुन सक्ने देखिन्छ। यस नगरपालिकाको अधिकांश भूभाग पहाडी धरातलीय भएको र वन क्षेत्र पर्याप्त भएकोले पशुपन्छीपालन अर्थतन्त्रको रूपान्तरणकारी क्षेत्र बन्न सक्ने सम्भावना पनि उत्तिकै छ। यहाँका पशुपन्छीजन्य उत्पादन खासगरी खसीबोका र स्थानीय जातको कुखुरा एवं कृषिजन्य उत्पादनमा सुन्तलाको बजार पोखरा जस्तो ठुलो शहरमा स्थापित भै सकेको हुनाले कृषि र पशुपन्छीपालन क्षेत्रलाई व्यवसायीकरण गरी उत्पादन र उत्पादकत्व बढाउन सकिएमा र कृषि क्षेत्रमा सूचना प्रविधिको प्रयोग गर्न सकिएमा कृषि र पशुपन्छीपालन व्यवसाय यहाँको अर्थतन्त्रको मेरुदण्ड बन्न सक्नेछ। कृषि क्षेत्रमा रहेको जनसङ्ख्याको चापलाई अर्थतन्त्रका वैकल्पिक क्षेत्र पर्यटन, उद्योग, व्यवसाय क्षेत्रमा स्थानान्तरण गर्न सकिएमा पनि नगरपालिकाको आर्थिक समृद्धिमा थप योगदान पुग्ने देखिन्छ। बहुसंस्कृतिको धनी यस नगरपालिकामा पर्यटकीय क्षेत्रको पहिचान र पूर्वाधारहरूको विकास गर्न सकिएमा कृषिक्षेत्रको विकल्पको रूपमा पर्यटन क्षेत्र बन्न सक्ने देखिन्छ। कृषि तथा स्थानीय उत्पादनमा आधारित लघु, घरेलु तथा साना उद्योगहरूको प्रवर्द्धन गर्न सकिएमा पनि कृषिमा आधुनिकीकरण भै जगेडा हुन जाने जनशक्तिको उपयोग भई कृषि क्षेत्रको बजारीकरणमा सहयोग पुग्न जाने र उद्योग व्यवसाय क्षेत्र भीरकोट समृद्धिको दरिलो आधार हुन सक्ने सम्भावना छ।

## (ग) आर्थिक विकास क्षेत्रको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

### दीर्घकालीन सोच

"स्रोत, सिप, प्रविधि र सूचनाको उपयोगिता: आर्थिक विकासको लागि नागरिकको नेतृत्व र सहभागिता"

**लक्ष्य**

नगरपालिकामा उपलब्ध आर्थिक, सामाजिक, प्राकृतिक, सांस्कृतिक तथा मानवीय स्रोतको सदुपयोग गरी विभेदरहित समाज र वातावरणीय सन्तुलन सहितको समृद्ध नगरपालिकाको निर्माण गर्ने समष्टिगत आर्थिक लक्ष्य रहेको छ।

**उद्देश्य**

- उच्च उत्पादन र उत्पादकत्व हासिल गरी निर्वाहमुखी कृषिबाट व्यावसायिक कृषिमा रूपान्तरण गरी पालिकाको अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान वृद्धि गर्नु;
- गैर कृषि पेशामा संलग्न परिवार वृद्धि गरी पालिकाको समृद्धिमा गैर कृषि क्षेत्रको हिस्सा वृद्धि गर्नु;
- स्थानीय स्रोतसाधनमा आधारित लघु, घरेलु तथा साना उद्योग विस्तार गरी रोजगारीको अवसर सिर्जना गर्नु;
- पर्यटन क्षेत्रको विकास गरी आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउनु।

**रणनीति**

- आर्थिक क्षेत्र अन्तर्गतका कृषि, खाद्य सुरक्षा, पर्यटन, उद्योग, व्यापार, वित्तीय क्षेत्र लगायतका क्रियाकलापहरू निर्बाधरूपमा सञ्चालन गर्न अनुकूल वातावरण तयार हुने गरी पालिकाको अधिकार क्षेत्रभित्रका नीति, कानून, संरचना, योजना तथा मापदण्डहरू निर्माण गरी कार्यान्वयनमा ल्याउने;
- कार्यान्वयनमा ल्याइएका नीति, कानून, योजनाहरू आवधिक योजनाका परिमाणात्मक लक्ष्यहरू हासिल गर्नेतर्फ लक्षित भए नभएको निरन्तर अनुगमन गर्न अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास गर्ने;
- संघ र प्रदेश सरकारसँग सहकारिता, सहअस्तित्व र समन्वयको आधारमा सहकार्य गर्दै सुशासनका आधारस्तम्भहरू जनसहभागिता, जबाफदेहिता, पारदर्शिताको सुनिश्चित गरी आर्थिक विकास क्षेत्र अन्तर्गतका सेवा तथा सुविधाहरू गुणस्तरीय सरल र सहज रूपमा प्रवाह गर्ने;
- लैङ्गिक समानता तथा सशक्तीकरण, सामाजिक समावेशीकरण, सुशासन, जलवायु अनुकूलन, विपद् व्यवस्थापन, गरिबी निवारण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई आर्थिक विकास अन्तर्गतका सबै उपक्षेत्रमा समावेश र सम्बोधन गर्ने।

## ४.१ कृषि विकास तथा खाद्य सुरक्षा

### ४.१.१ पृष्ठभूमि

दिगो विकास लक्ष्यले सन् २०३० सम्ममा भोकमुक्त विश्व बनाउने लक्ष्य लिएको सन्दर्भमा नेपाल सरकारले वि. सं. २०७७ भित्र खाद्यान्नमा आत्मनिर्भर हुने घोषणा गरेको र ५ वर्ष भित्रमा कृषि उत्पादकत्व दोब्बर गर्ने प्रतिबद्धता जनाएको छ। यसका लागि कृषिमा यन्त्रिकीकरण, आधुनिकीकरण र व्यवसायीकरण गर्ने उद्देश्यले १५ वर्षे कृषि विकास रणनीति कार्यान्वयनमा छ। यो पृष्ठभूमिमा भीरकोट नगरपालिकाले अधिकतम लाभ लिनु पर्ने हुन्छ। यहाँ आर्थिक रूपले सक्रिय जनसङ्ख्याको झण्डै ८२ प्रतिशत कृषि पेशामा लागेका छन् भने कृषिमा आश्रित जनसङ्ख्या त्यो भन्दा बढी नै छन्। राष्ट्रिय जनगणना २०७८ अनुसार गण्डकी प्रदेशको ग्रामीणबासी मध्ये सबैभन्दा गरिबले कुल उपभोग खर्चको झण्डै दुई तिहाई खर्च खानाको लागि गर्दछन्। यी दुई परिवेशमा नगरपालिकाले सही कृषि नीति अवलम्बन गर्न सकेन उपयुक्त योजना बनाउन सकेन भने कृषि क्षेत्रको रूपान्तरण सम्भव हुने देखिँदैन। अतः दिगो विकास लक्ष्य हासिल गर्ने मार्गमा अगाडि बढ्न संघीय सरकार तथा प्रदेश सरकारले कृषि क्षेत्रको विकासमा गर्ने प्रयासका अवसरबाट भीरकोट नगरपालिकाले अधिकतम लाभ लिनुपर्ने हुन्छ।

### ४.१.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती

(१) **विद्यमान अवस्था**

राष्ट्रिय कृषि गणना, २०७८ अनुसार भीरकोट नगरपालिकाको लगभग ६१७१ घरपरिवार मध्ये ४७२२ (७६.५ प्रतिशत ) घरपरिवार कृषि कार्यमा संलग्न छन् । यहाँको कुल कृषि योग्य जमिन ११८० हेक्टर रहेको छ भने कृषि कर्यमा संलग्न घर परिवार ४७२२ रहेका छन् । कृषि योग्य भूमि मध्ये स्थायी बाली १९९.४ हेक्टरमा र अस्थायी बाली ९६९.३ हेक्टरमा लगाउने गरेको देखिन्छ । यहाँको कुल खेतीयोग्य भूमि मध्ये ५०३.३ हेक्टर जमिनमा मात्र सिँचाइ सुविधा उपलब्ध छ ।

कृषि कार्यमा लाग्ने कुल परिवार ४७२२ मध्ये आम्दानीको मुख्य स्रोत कृषि हुने परिवार ३५७१ र गैरकृषि हुने परिवार ११५० देखिन्छ । आम्दानीको मुख्य स्रोत कृषि भएका मध्ये ३७५ घरपरिवार मात्र आफ्नो कृषि उत्पादनले वर्षभरि खान पुग्छ ।

जनसङ्ख्याको ठुलो हिस्सा कृषि कार्यमा लागेको भए तापनि कृषि कार्यमा लागेका कुल ४७२२ घरपरिवार मध्ये कृषि आम्दानीबाट वर्षभरि खानपुग्ने परिवार जम्मा १०३८ (२२ प्रतिशत) रहेका छन् । यसले के इंगित गर्छ भने कृषि पेशा परम्परागत र निर्वाहमुखी छ । सिञ्चित क्षेत्रफल बढाई प्राविधिक ज्ञान, आधुनिक कृषि प्रविधि, बजार व्यवस्थापन जस्ता आधारभूत सेवाहरू उपलब्ध गराउन सकिएमा कृषिक्षेत्र व्यावसायिकतातर्फ रूपान्तरण हुन गई कृषि क्षेत्रको उत्पादकत्व उच्च बनाउन सकिने सम्भावना देखिन्छ ।

**(२) सबल पक्ष**

(क) कृषियोग्य जमिनको उपलब्धता;
(ख) अधिकांश घरपरिवार कृषि कार्यमा संलग्न रहनु;
(ग) सिँचाइ सुविधा विस्तार गर्न जलाधार क्षेत्र उपलब्ध हुनु;
(घ) यहाँको मास लगायतका दलहन बालीको माग स्थापित भै सक्नु;

**(३) दुर्बल पक्ष**

(क) रोजगारीका लागि युवा जनशक्ति विदेश पलायन हुनु;
(ख) कृषि उपजको व्यवस्थित बजार व्यवस्था हुन नसक्नु;
(ग) सिँचाइ सुविधाको कमी;
(घ) प्राविधिक जनशक्तिको कमी;
(ङ) कृषिमा यान्त्रिकीकरण गर्न नसक्नु;
(च) कृषकहरूमा प्राविधिक ज्ञान र सिपको कमी;
(छ) कृषि उत्पादनको भण्डारणको उचित व्यवस्था नहुनु;
(ज) कृषकहरूलाई निर्वाहमुखीबाट व्यावसायिक बनाउन नसक्नु;

**(४) अवसर**

(क) कृषि उत्पादनका लागि अनुकूल भूबनोट र हावापानी;
(ख) जलाधार क्षेत्र रहेकोले सिँचाइ सुविधा विस्तार गर्न सकिने;
(ग) ठुला शहरहरूसँग सडक सञ्जाल मार्फत जोडिनाले कृषि उपजको बजार विस्तार गर्न सकिने;
(घ) सुन्तला लगायतका स्थानीय कृषि उपजको माग स्थापित भैसकेकोले उत्पादन बढाउन सकिने;

### (५) चुनौती

(क) आयातित वस्तुसँग प्रतिस्पर्धा गर्नु;
(ख) बाँदर लगायतका वन्यजन्तुहरूबाट कृषि उत्पादन संरक्षण गर्नु;
(ग) सिँचाइ सुविधा दिगो बनाउनु तथा विस्तार गर्नु;
(घ) कृषि उपजको बजार सुनिश्चित गर्नु;
(ङ) जलवायु परिवर्तनका कारण मौसमी विषमता सामना गर्नु;
(च) भिरालो धरातलमा यान्त्रिकीकरण गर्नु ।

### ४.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि, भीरकोट नगरपालिकाको समृद्धि"

**लक्ष्य**

कृषिको यान्त्रिकीकरण र व्यवसायीकरणको माध्यमबाट उच्च उत्पादन र उत्पादकत्वमा वृद्धि गरी कृषि उपजको आयात कम गर्ने ।

**उद्देश्य**

१ उच्च उत्पादन र उत्पादकत्व हासिल गरी कृषि उपजको आयात घटाउनु;
२ कृषिलाई नाफामूलक, गुणस्तरीय, दिगो एवं व्यावसायिक प्रणालीमा रूपान्तरण गर्नु;
३ कृषिलाई पर्यटन र उद्योगसँग जोड्दै आय तथा रोजगारीको अवसर वृद्धि गरी गरिबी न्यूनीकरणमा सहयोग गर्नु;
४ खाद्य सुरक्षा तथा पोषण केन्द्रित कार्यक्रम कार्यान्वयन गर्नु;
५ उत्पादन देखि बजारीकरण सम्मको मूल्य शृङ्खलालाई मजबुत तुल्याउनु ।

### ४.१.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: उच्च्व उत्पादन र उत्पादकत्व हासिल गरी कृषि उपजको आयात घटाउनु** | |
| १.१ भूमिको वैज्ञानिक उपयोग तथा कृषक वर्गीकरण सहितको कृषि प्रसार सेवाद्वारा उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने | १.१.१ कृषक पहिचान तथा वर्गीकरण कार्यविधि तर्जुमा गरी कृषक वर्गीकरणको आधारमा अनुदान तथा अन्य सेवा उत्पादनमा लक्षित गरिनेछ;<br>१.१.२ कृषि तथ्याङ्क प्रणालीलाई व्यवस्थित गरिनेछ । |
| १.२ प्रतिस्पर्धी क्षमता विकास गरी आधारभूत खाद्य वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने | १.२.१ कृषि उपज बजारीकरणलाई सहजीकरण गर्न बनेका कृषिमैत्री नीति र कानूनहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ;<br>१.२.२ उपयुक्त स्थानमा भण्डारण तथा शीतगृहको व्यवस्था गरिनेछ;<br>१.२.३ लगानी सुनिश्चित गराउन कृषि बिमा कार्यक्रमलाई सरल र सहज बनाउन पहल गरिनेछ;<br>१.२.४ कृषकहरूलाई प्राङ्गारिक मलको उत्पादन र प्रयोगमा प्रोत्साहन गरिनेछ;<br>१.२.५ कृषि सिप विकासका माध्यमबाट कृषकहरूको क्षमता अभिवृद्धि गरिनेछ । |
| १.३ उत्पादन र उत्पादकत्व बढाउन सकिने बालीको पहिचान तथा खेतीयोग्य जमिनमा सम्भव भएसम्म सिँचाइ सुविधा उपलब्ध गराउने | १.३.१ माटो परीक्षण गरी पहाडी क्षेत्रमा उपयुक्त हुने बालीहरूको पहिचान गरी उपयुक्त बाली लगाउन प्रोत्साहन गरिनेछ;<br>१.३.२ सिँचाइ सम्भव क्षेत्रहरूमा सिँचाइ सुविधा विस्तार गरिनेछ;<br>१.३.३ सिँचाइका ठुला प्रणालीहरूमा स्तरोन्नति गरी Green Irrigation प्रणाली |

| रणनीति | कार्यनीति |
|---|---|
| | बनाउन पहल गरिनेछ र सिँचाइ सुविधालाई दिगो बनाउन कच्ची कुलोहरूलाई क्रमशः पक्की बनाउँदै लगिनेछ। |
| **उद्देश्य २: कृषिलाई नाफामूलक, गुणस्तरीय, दिगो एवं व्यावसायिक प्रणालीमा रूपान्तरण गर्नु** | |
| २.१ तुलनात्मक लाभ हुन सक्ने बाली तथा वस्तुको व्यवसायीकरण गर्ने | २.१.१ तुलनात्मक लाभ हुनसक्ने स्थानीय बाली तथा वस्तुको सघन व्यावसायिक खेती प्रणाली अघि बढाइनेछ;<br>२.१.२ उत्पादन वा आम्दानीको आधारमा अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ;<br>२.१.३ कृषि उपज बजारीकरणका लागि आवश्यक संरचनाको व्यवस्था गरिनेछ;<br>२.१.४ उत्पादन र उत्पादकत्व बढाउन उपयुक्त प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ;<br>२.१.५ कृषि प्राविधिक सेवाको पहुँच विस्तार गरिनेछ;<br>२.१.६ बाँदरबाट कृषि बाली संरक्षणको व्यवस्था मिलाइनेछ। |
| **उद्देश्य ३: कृषिलाई पर्यटन र उद्योगसँग जोड्दै आय तथा रोजगारीको अवसर वृद्धि गरी गरिबी न्यूनीकरणमा सहयोग गर्नु** | |
| ३.१ कृषिलाई पर्यटन र उद्योगसँग जोड्ने नीति तर्जुमा गरी कृषक र पर्यटन व्यवसायी बिचमा समन्वय र सहकार्य गर्ने | ३.१.१ पर्यटन क्षेत्रमा स्थानीय कृषि उत्पादनको अधिकतम उपयोग गर्ने र कृषिमा आधारित उद्योगलाई प्रोत्साहन गर्ने नीति तर्जुमा गरी लागु गरिनेछ;<br>३.१.२ कृषक र पर्यटन व्यवसायी तथा उद्योग व्यवसायीहरू बिच समन्वय गरिनेछ र स्थानीय कृषि उपजको अधिकतम प्रयोग गर्ने व्यवसायीहरूलाई प्रोत्साहन गरिनेछ। |
| **उद्देश्य ४: खाद्य सुरक्षा तथा पोषण केन्द्रित कार्यक्रम कार्यान्वयन गर्नु** | |
| ४.१ खाद्य अधिकार, खाद्य सम्प्रभुता, खाद्य सुरक्षा र पोषण सम्बन्धी नीति निर्माण गर्ने | ४.१.१ खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ;<br>४.१.२ परम्परागत पोषणयुक्त खाद्यान्न बालीको संरक्षण, प्रवर्द्धन र उपभोगमा प्रोत्साहन गरी कृषि प्रसार सेवालाई पोषणसँग जोडिनेछ र खानेबानी परिवर्तन गर्न सचेतना वृद्धि गरिनेछ;<br>४.१.३ बहुक्षेत्रीय पोषण कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। |
| ४.२ खाद्य तथा पोषण असुरक्षित समूहहरूको पहिचान गरी जनचेतना अभिवृद्धि गर्ने | ४.२.१ संघीय खाद्य सुरक्षा अनुगमन प्रणाली बमोजिम खाद्य तथा पोषण स्थितिको नियमित अनुगमन गरिनेछ;<br>४.२.२ पोषण सम्बन्धी जनचेतना अभिवृद्धि गरिनेछ। |
| **उद्देश्य ५: उत्पादन देखि बजारीकरण सम्मको मूल्यशृङ्खलालाई मजबुत तुल्याउनु** | |
| ५.१ स्थानीय कृषि उपजको प्रवर्द्धनका लागि मूल्य शृङ्खलामा आधारित बजार व्यवस्थापन गर्ने | ५.१.१ मूल्य शृङ्खलामा आधारित सहलगानी कार्यक्रम कार्यविधि तयार गरिनेछ;<br>५.१.२ मूल्य सिर्जनाको प्रक्रियालाई पारदर्शी र न्यायोचित बनाउन स्थानीय कृषि बालीहरूको पहिचान गरी मूल्य शृङ्खलाका कर्ताहरू (मलखाद बिक्रेता, किसान, सङ्कलनकर्ता, थोक बिक्रेता, खुद्रा बिक्रेता, नर्सरी, एग्रोभेट, कृषि व्यवसायी) सँग सहलगानीको व्यवस्था गरिनेछ;<br>५.१.३ पहिचान भएका बाली लगाउन कृषकहरूलाई उद्यमशीलता तालिम दिई व्यावसायिक योजना तयार गर्ने क्षमता अभिवृद्धि गरिनेछ। |

## ४.१.५ विस्तृत कार्यक्रम

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र सं | कार्यक्रम | एकाइ | स्थान | आधार वर्ष | योजनाको कुल लक्ष्य | लागत (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| **क. व्यावसायिक कृषि प्रवर्द्धन कार्यक्रम** | | | | | | | | | | | | | | | |
| १ | १.१ | १.१.१ | १ | कृषक पहिचान तथा वर्गीकरण कार्यविधि तर्जुमा | पटक | सबै वडा | ० | १ | ५० | ० | ० | ० | ० | **५०** | **पालिका** |
| | | | २ | कृषक परिचयपत्र वितरण कार्यक्रम | पटक | सबै वडा | ० | निरन्तर | ५० | २० | १० | १० | १० | **१००** | **पालिका** |
| | | १.१.२ | १ | कृषि तथ्याङ्क प्रणाली सञ्चालन र अद्यावधिक | सङ्ख्या | सबै वडा | ० | १ | ३०० | ३० | ३० | ३० | ३० | **४२०** | **पालिका** |
| | १.२ | १.२.१ | १ | कृषि व्यवसाय प्रवर्द्धन ऐन निर्माण | सङ्ख्या | पालिका | ० | १ | १०० | ० | ० | ० | ० | **१००** | **पालिका** |
| | | १.२.२ | १ | शीत गृह सञ्चालन | सङ्ख्या | | ० | १ | ० | १००० | ० | १००० | ० | **२०००** | **पालिका** |
| | | १.२.३ | १ | कृषि बिमामा सहयोग कार्यक्रम | पटक | सबै वडा | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **पालिका** |
| | | १.२.४ | १ | प्राङ्गारिक मल तथा जैविक विषादी बनाउने तालिम | वडा | सबै वडा | ० | ५ | २५० | २५० | २५० | २५० | २५० | **१२५०** | **पालिका** |
| | | १.२.५ | १ | व्यावसायिक कृषि तालिम | वडा | पालिका | ९ | ९ | २०० | २०० | २०० | २०० | २०० | **१०००** | **पालिका** |
| | १.३ | १.३.१ | १ | माटो परीक्षण कार्यक्रम | पटक | पालिका | निरन्तर | निरन्तर | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका/प्रदेश** |
| | | | २ | आइपियम कृषि पाठशाला | वटा | पालिका | ० | ३ | ३०० | ० | ३०० | ० | ३०० | **९००** | **पालिका** |
| | | | ३ | मौरी प्रवर्द्धन कार्यक्रम | पटक | पालिका | निरन्तर | निरन्तर | ५०० | १००० | १००० | १५०० | १००० | **५०००** | **पालिका** |
| | | १.३.२ | १ | आधुनिक सिँचाइ प्रविधि सहयोग कार्यक्रम (५० प्रतिशत अनुदान) | पटक | सबै वडा | ० | ९ | १५०० | १५०० | १५०० | १५०० | १५०० | **७५००** | **पालिका/प्रदेश** |
| | | | २ | कच्ची कुलो पक्की बनाउने अभियान | वडा | सबै वडा | ६ | ९ | ४०० | ४०० | ४०० | ४०० | ४०० | **२०००** | **पालिका/प्रदेश** |
| २ | २.१ | २.१.१ | १ | तुलनात्मक लाभ हुने बालीमा अनुदान सहयोग | वडा | सबै वडा | ९ | ९ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **पालिका** |
| | | २.१.२ | १ | उत्पादनका आधारमा अनुदान कार्यक्रम | पटक | सबै वडा | | ५ | २०० | २०० | २०० | २०० | २०० | **१०००** | **पालिका** |
| | | २.१.३ | १ | साप्ताहिक हाट बजार सञ्चालन | पटक | उपयुक्त १ स्थान | ० | २३४ | २०० | २०० | २०० | २०० | २०० | **१०००** | **पालिका** |
| | | २.१.४ | १ | कृषि उपजको प्रशोधन उद्योग स्थापना सहयोग कार्यक्रम | सङ्ख्या | उपयुक्त २ स्थान | ० | २ | ० | १००० | ० | ० | १००० | **२०००** | **पालिका** |
| | | | २ | कृषि उपज सङ्कलन केन्द्र सञ्चालन | सङ्ख्या | सबै वडा | १ | १ | ० | ४००० | ३००० | ६००० | ३००० | **१६०००** | **पालिका/प्रदेश** |
| | | | ३ | प्याकेजिङ तथा ब्रान्डिङमा सहयोग | पटक | सबै वडा | ० | ५ | ० | २०० | ० | २०० | २०० | **६००** | **पालिका** |
| | | | ४ | ५०% साझेदारीमा यान्त्रीकरण हस्तान्तरण | पटक | सबै वडा | १ | ५ | २००० | २००० | २००० | २००० | २००० | **१००००** | **पालिका/प्रदेश** |

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | स्थान | आधार वर्ष | योजनाको कुल लक्ष्य | लागत (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| | | | ५ | कृषकसँगको साझेदारीमा उन्नत बीउ र बिरूवा वितरण | पटक | सबै वडा | ४ | २० | १५०० | १५०० | १५०० | १५०० | १५०० | **७५००** | **पालिका** |
| | | २.१.५ | १ | प्रत्येक वडामा कृषि/पशु प्राविधिक सेवा व्यवस्था | जना | सबै वडा | १ | २ | ८०० | ८०० | ८०० | ८०० | ८०० | **४०००** | **पालिका** |
| | | २.१.६ | १ | बाँदर तथा जङ्गली जनावरबाट बाली संरक्षण | पटक | सबै वडा | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **पालिका** |
| | | | २ | बाली संरक्षण अभियान कार्यक्रम | पटक | सबै वडा | १ | ५ | २०० | २०० | २०० | २०० | २०० | **१०००** | **पालिका** |
| ३ | ३.१ | ३.१.१ | १ | कृषि पर्यटन सम्बन्धी नीति तथा कार्यविधि निर्माण | सङ्ख्या | सबै वडा | ० | २ | २०० | ० | ० | ० | ० | **२००** | **पालिका** |
| | | ३.१.२ | १ | कृषि पर्यटनका लागि प्राङ्गारिक कृषि सहितको सामुदायिक होम स्टे सञ्चालनमा प्रोत्साहन | सङ्ख्या | ४ वटा वडा | ३ | ४ | २०० | १०० | १०० | १०० | १०० | **६००** | **पालिका** |
| | | | २ | स्थानीय कृषि उपज ९० प्रतिशत उपयोग गर्ने होटल तथा पर्यटन व्यवसायीलाई अनुदान सहयोग | पटक | सबै वडा | ० | ३ | ५०० | ० | ५०० | ० | ५०० | **१५००** | **पालिका** |
| | | | ३ | स्थानीय कृषि उपज कच्चा पदार्थको रूपमा प्रयोग गर्ने गरी स्थापना भएको उद्योगलाई प्रोत्साहन अनुदान | पटक | सबै वडा | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **पालिका** |
| ४ | ४.१ | ४.१.१ | १ | पोषण तथा खाद्य सुरक्षा सम्बन्धी नीति तथा ऐन तर्जुमा | सङ्ख्या | पालिका | ० | १ | १०० | ० | ० | ० | ० | **१००** | **पालिका** |
| | | ४.१.२ | १ | पोषणयुक्त स्थानीय रैथाने बालीको उत्पादनमा सहयोग | पटक | सबै वडा | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **पालिका** |
| | | | २ | पोषणयुक्त खानेबानी बसाल्न सचेतना कार्यक्रम | पटक | सबै वडा | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | | ४.१.३ | १ | बहुक्षेत्रीय पोषण कार्यक्रम | पटक | सबै वडा | | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | | ४.२.१ | १ | खाद्य अभाव रहेको क्षेत्र र घरपरिवारको पहिचान | पटक | सबै वडा | ० | १ | १०० | ० | ० | ० | ० | **१००** | **पालिका** |
| | | | २ | पोषण तथा खाद्य सुरक्षाका लागि वार्षिक योजना निर्माण | सङ्ख्या | पालिका | ० | १ | १०० | ० | ० | ० | ० | **१००** | **पालिका** |
| | | | ३ | खाद्य बस्तुको गुणस्तर कायम गर्न बजार अनुगमन | पटक | सबै वडा | ० | ५ | २०० | २०० | २०० | २०० | २०० | **१०००** | **पालिका** |
| | | ४.२.२ | १ | पोषण सम्बन्धी सचेतना कार्यक्रम | पटक | पालिका | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | | ५.१.१ | १ | मूल्यशृङ्खलामा आधारित सहलगानी कार्यक्रम सञ्चालन कार्यविधि निर्माण | सङ्ख्या | पालिका | ० | १ | ५० | ० | ० | ० | ० | **५०** | **पालिका** |

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | स्थान | आधार वर्ष | योजनाको कुल लक्ष्य | लागत (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| ५ | ५.१ | ५.१.२ | १ | मूल्यशृङ्खलामा सहलगानी उत्पादन र उत्पादकत्व बढाउन सकिने र बजार सहजै उपलब्ध हुने बालीहरूको पहिचान गर्ने | पटक | सबै वडा | १ | १ | १०० | ० | ० | ० | ० | **१००** | **पालिका** |
| | | ५.१.३ | १ | पहिचान भएका बालीको मूल्यशृङ्खलाका कर्ताहरूसँग व्यावसायिक योजनाका आधारमा सहलगानी | पटक | सबै वडा | ० | ५ | २००० | २००० | २००० | २००० | २००० | **१००००** | **पालिका** |
| | | | २ | चक्लाबन्दी कार्यक्रम | पटक | सबै वडा | १ | ९ | ० | ५००० | ० | ४००० | ० | **९०००** | **पालिका** |
| | | | ३ | पहिचान भएका बाली लगाउने कृषकलाई व्यावसायिक बनाउन उद्यमशीलता तालिम | पटक | पालिका | ० | ५ | २०० | २०० | २०० | २०० | २०० | **१०००** | **पालिका** |
| | **जम्मा लागत** | | | | | | | | **१५२००** | **२४९००** | **१७४९०** | **२५३९०** | **१८६९०** | **१०१६७०** | |
| | **नगरपालिकाको हिस्सा** | | | | | | | | **१३२००** | **२२९००** | **१५४९०** | **२३३९०** | **१६६९०** | **९१६७०** | |
| | **प्रदेश सरकारको हिस्सा** | | | | | | | | **२०००** | **२०००** | **२०००** | **२०००** | **२०००** | **१००००** | |

## ४.१.६ नतिजा खाका

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| प्रभाव | कृषिको यान्त्रीकरण व्यावसायीकरणको माध्यमबाट उच्च उत्पादन र उत्पादकत्वमा वृद्धि भई आयात कम भएको हुने | नगरपालिका भित्र कृषिजन्य वस्तुको आयातमा कमी हुने | प्रतिशत | | २५ | ३० | ३५ | ५० | ५५ | ५५ | कृषि तथ्याङ्क | कृषि शाखा | |
| | | कृषिमा आधारित व्यवसायमा वृद्धि | सङ्ख्या | | १०० | १०० | १०० | १०० | १०० | ५०० | ,, | ,, | |
| असर १ | उच्च उत्पादन र उत्पादकत्व दोब्बर वृद्धि भएको हुने | मुख्य खाद्यान्न बालीको उत्पादकत्व | प्रतिशत | | १० | २५ | ५० | ७५ | १०० | १०० | ,, | ,, | |
| | | तरकारी बालीको उत्पादकत्व | प्रतिशत | | १० | २५ | ५० | ७५ | १०० | १०० | ,, | ,, | |
| | | फलफुलबालीको उत्पादकत्व | प्रतिशत | | १० | २५ | ५० | ७५ | १०० | १०० | ,, | ,, | |
| प्रतिफल १.१ | कृषक परिचयपत्र वितरण कार्यविधि तर्जुमा भई परिचयपत्र वितरण भएको हुने | कृषक परिचयपत्र वितरण कार्यविधि | सङ्ख्या | ० | ३ | २ | ० | ० | ० | ५ | वार्षिक प्रतिवेदन | ,, | |
| | | कृषक वर्गीकरण र परिचयपत्र वितरण गरिएको वडा | सङ्ख्या | ० | ३ | २ | ० | ० | ० | ५ | ,, | ,, | |
| प्रतिफल | कृषि तथ्याङ्क प्रणाली व्यवस्थित भएको हुने | कृषि सम्बन्धी GIS सहितको | पटक | | १ | १ | १ | १ | १ | ५ | कृषि | ,, | |

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| १.२ | | तथ्याङ्क सङ्कलन र अध्यावधिक | | | | | | | | | तथ्याङ्क | | |
| प्रतिफल १.३ | कृषि व्यवसाय प्रवर्द्धन ऐन जारी भएको हुने | कृषि व्यवसाय प्रवर्द्धन ऐन | सङ्ख्या | | १ | ० | ० | ० | ० | १ | | | |
| प्रतिफल १.४ | शीतगृको स्थापना भएको हुने | शीतगृहको सङ्ख्या | सङ्ख्या | १ | ० | ० | ० | ० | ० | १ | ,, | कृषिःशाखा | |
| प्रतिफल १.५ | लगानी सुनिश्चित र जोखिम न्यूनीकरण भएको हुने | कृषि बिमाको नीतिगत व्यवस्था | सङ्ख्या | ० | १ | ० | ० | ० | ० | १ | ,, | कार्यपालिका | |
| | | व्यावसायिक कृषकलाई कृषि बिमाको प्रिमियममा अनुदान | सङ्ख्या | | १०० | १०० | १०० | १०० | १०० | ५०० | ,, | कृषि शाखा | |
| प्रतिफल १.६ | प्राङ्गारिक मलको प्रयोग गर्न कृषकहरू प्रोत्साहित भएको हुने | प्राङ्गारिक मल प्रयोग गर्ने कृषक परिवार | सङ्ख्या | | १०० | २०० | २०० | २०० | २०० | ९०० | ,, | ,, | |
| प्रतिफल १.७ | कृषि तालिमबाट कृषकहरूको क्षमता अभिवृद्धि भएको हुने | व्यावसायिक कृषि तालिम लिएको कृषक | सङ्ख्या | | १०० | १०० | १०० | १०० | १०० | ५०० | ,, | ,, | |
| प्रतिफल १.८ | माटोको परीक्षण भई उत्पादन र उत्पादकत्व बढाउन सकिने बालिको पहिचान भएको हुने | माटो परीक्षण गरी उपयुक्त बाली लगाएको क्षेत्रफल | हेक्टर | | ० | १०० | १०० | १०० | १०० | ५०० | ,, | ,, | |
| | | थोपा सिँचाइ पुगेको क्षेत्र | हेक्टर | ० | ० | ५ | १० | १० | १५ | ४० | ,, | ,, | |
| प्रतिफल १.९ | खेतीयोग्य जमिनमा सिँचाइ सुविधा विस्तार भएको हुने | लिफ्ट सिँचाइ सुविधा पुगेको क्षेत्र | हेक्टर | ० | ० | ३० | ० | ६० | ८० | ८० | ,, | ,, | |
| | | सिँचाइ सुविधा पुगेको क्षेत्र | प्रतिशत | २७ | २७ | ३० | ३५ | ४० | ४५ | ४५ | ,, | ,, | |
| असर २ | कृषिक्षेत्र नाफामूलक गुणस्तरीय दिगो एवं व्यावसायिक प्रणालीमा रूपान्तरण भएको हुने | खाद्यान्न बालीबाट मुनाफा (प्रति एकाइ लागतमा) | रु. हजारमा | | ११ | १३ | १५ | १७ | १९ | १९ | ,, | ,, | |
| | | तरकारी बालीबाट मुनाफा | रु हजार /हे | | २२५ | २५० | २७५ | ३०० | ३२५ | ३२५ | ,, | ,, | |
| | | परम्परागत खेतीबाट व्यावसायिक खेती गर्ने किसानको सङ्ख्या | सङ्ख्या | | १०० | २०० | ३०० | ४०० | ५०० | ५०० | ,, | ,, | |
| प्रतिफल २.१ | तुलनात्मक लाभ हुने एक वडामा एक उपजको पहिचान भएको हुने | तुलनात्मक लाभ हुने उपजले ओगटेको क्षेत्रफल | प्रतिशत | | ५ | ५ | ५ | १० | १० | ३५ | ,, | ,, | |
| प्रतिफल २.२ | उत्पादनमा आधारित अनुदान दिने व्यवस्था भएको हुने | उत्पादनमा आधारित अनुदान प्राप्त गर्ने लाभग्राही | सङ्ख्या | | १० | १० | १० | १० | १० | ५० | ,, | ,, | |
| प्रतिफल २.३ | साप्ताहिक हाट बजार सञ्चालन भएको हुने | साप्ताहिक हाट बजार सञ्चालन भएको | पटक | | २६ | ५२ | ५२ | ५२ | ५२ | २३४ | ,, | ,, | |
| प्रतिफल २.४ | कृषि उपजको प्रशोधन उद्योग स्थापना भएको हुने | कृषि उपज प्रशोधन उद्योग | सङ्ख्या | | ० | १ | ० | ० | १ | २ | ,, | ,, | |

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| प्रतिफल २.५ | कृषि उपज सङ्कलन केन्द्र स्थापना भई सञ्चालन भएको हुने | कृषि उपज सङ्कलन केन्द्र | सङ्ख्या | | ० | २ | ० | ३ | ० | ५ | ,, | ,, | |
| प्रतिफल २.६ | कृषि उपजहरूको प्याकेजिङ तथा ब्राण्डिङ गरी बिक्री वितरण भएको हुने | प्याकेजिङ्ग तथा ब्रान्डिङ तालिम पाएको कृषक | सङ्ख्या | | ५० | ५० | ५० | ५० | ५० | २५० | ,, | ,, | |
| प्रतिफल २.७ | कृषिमा आधुनिक प्रविधि प्रयोग भएको हुने | कृषि प्रविधि प्राप्त गर्ने कृषक/कृषक समूह | सङ्ख्या | | ३० | ३० | ३० | ३० | ३० | १५० | ,, | ,, | |
| प्रतिफल २.८ | प्रत्येक वडाका कृषकले कृषि प्राविधिक सेवा प्राप्त गरेको हुने | कृषि प्राविधिक सेवा उपलब्ध भएको वडा | सङ्ख्या | | ५ | ५ | ५ | ५ | ५ | ५ | ,, | ,, | |
| प्रतिफल २.९ | बाँदरबाट बालीमा हुने क्षतिमा कमी आएको हुने | बाँदर नियन्त्रण भएको महसुस गर्ने कृषक | सङ्ख्या | | | | | | | | | | |
| असर ३ | कृषिलाई पर्यटन तथा उद्योगसँग जोड्ने नीति तर्जुमा भई कृषक र पर्यटन तथा उद्योग व्यवसायीबिच समन्वय र सहकार्य भई आय तथा रोजगरीको अवसर वृद्धि भइ गरिबी न्यूनीकरणमा सहयोग पुगेको हुने | प्राङ्गारिक कृषि उपज सहितको होम स्टे | सङ्ख्या | | २ | १ | ० | ० | ० | ३ | ,, | ,, | |
| | | होटल व्यवसायीलाई स्थानीय र अर्गानिक उपज बिक्री गर्ने कृषक | सङ्ख्या | | ० | १० | १० | १० | १० | ४० | ,, | ,, | |
| | | स्थानीय कृषि उपजमा आधारित उद्योग | सङ्ख्या | | ० | २ | २ | २ | २ | ८ | ,, | ,, | |
| प्रतिफल ३.१ | कृषि पर्यटन सम्बन्धी नीति तथा कार्यविधि निर्माण भएक हुने | कृषि पर्यटन सम्बन्धी नीति तथा कार्यविधि निर्माण | सङ्ख्या | ० | २ | ० | ० | ० | ० | २ | ,, | ,, | |
| प्रतिफल ३.२ | कृषि पर्यटन प्रवर्द्धन भएको हुने | प्राङ्गारिक कृषि सहितको होमस्टे | सङ्ख्या | | २ | १ | ० | ० | ० | ३ | ,, | ,, | |
| प्रतिफल ३.३ | होटल व्यवसायीले स्थानीय अर्गानिक कृषि उपज उपयोग गरेको हुने | स्थानीय अर्गानिक कृषि उपज उपयोग गर्ने होटल | सङ्ख्या | | ५ | ० | ५ | ० | ५ | १५ | ,, | ,, | |
| प्रतिफल ३.४ | स्थानीय कृषि उपजमा आधारित उद्योग सञ्चालन भएको हुने | स्थानीय कृषि उपजमा आधारित उद्योग | सङ्ख्या | | ५ | ५ | ५ | ५ | ५ | २५ | ,, | ,, | |
| असर ४ | खाद्य सुरक्षा तथा पोषण केन्द्रित कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भई पोषण स्थितिमा सुधार भएको हुने | खाद्य अभाव रहेको क्षेत्र र घरपरिवार | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | बहुक्षेत्रीय पोषण तथा खाद्य सुरक्षा कार्यक्रमबाट लाभान्वित | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ४.१ | पोषण तथा खाद्य सुरक्षा सम्बन्धी ऐन तर्जुमा भई कार्यान्वयन भएको हुने | पालिकाको पोषण तथा खाद्य सुरक्षा सम्बन्धी ऐन तर्जुमा भएको हुने | सङ्ख्या | | १ | ० | ० | ० | ० | १ | ,, | ,, | |
| प्रतिफल ४.२ | पोषणयुक्त स्थानीय रैथाने बालीको पहिचान भै संरक्षण र उपभोग भएको हुने | संरक्षण भएको स्थानीय रैथाने बाली | सङ्ख्या | | | | | | | | ,, | ,, | |

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| प्रतिफल ४.३ | स्थानीय गाउँ/टोलबासीहरूमा पोषणयुक्त वस्तु खानेबानी बसेको हुने | पोषणयुक्त खाना खानेबानी सम्बन्धी सचेतना तालिममा सहभागी | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ४.४ | बहुक्षेत्रीय कार्यक्रम नियमित रूपमा सञ्चालन भएको हुने | बहुक्षेत्रीय कार्यक्रम सञ्चालन भएको वडा | सङ्ख्या | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ | ,, | ,, | |
| प्रतिफल ४.५ | खाद्य अभाव रहेको क्षेत्र र घरपरिवारको पहिचान भएको हुने | खाद्य अभाव भएको क्षेत्र र घरपरिवार | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ४.६ | पोषण तथा खाद्य सुरक्षाका लागि वार्षिक योजना निर्माण भएको हुने | पोषण तथा खाद्य सुरक्षाका लागि वार्षिक योजना | सङ्ख्या | ० | १ | ० | ० | ० | ० | १ | ,, | ,, | |
| प्रतिफल ४.७ | खाद्य तथा पोषण सम्बन्धी तथ्य तथा सूचना प्रणालीको विकास गरी तथ्यमा आधारित नीति तथा योजना निर्माण भएको हुने | तथ्यमा आधारित नीति तथा वार्षिक योजना | सङ्ख्या | | १ | ० | ० | ० | ० | १ | ,, | ,, | |
| प्रतिफल ४.८ | पोषण सम्बन्धी जनचेतना अभिवृद्धि भएको हुने | बहुक्षेत्रीय पोषण सम्बन्धी जनचेतना कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | ५ | ,, | ,, | |
| प्रतिफल ४.९ | स्थानीय खाद्य सुरक्षा समिति गठन भई परिचालन भएको हुने | स्थानीय खाद्य सुरक्षा समिति | सङ्ख्या | | १ | ० | ० | ० | ० | १ | ,, | ,, | |
| प्रतिफल ४.१० | नियमित रूपमा बजार अनुगमन भई खाद्य गुणस्तरमा सुधार भएको हुने | बजार अनुगमन | पटक | | २० | २५ | २५ | २५ | २५ | १२० | ,, | ,, | |
| | | बजार अनुगमनबाट कारबाही गरिएको | सङ्ख्या | | | | | | | | | | |
| असर ५ | मूल्य सिर्जना प्रक्रिया पारदर्शी र न्यायोचित भई मूल्यशृङ्खलाका कर्ताहरू बिचको सम्बन्ध सुदृढ भएको हुने | सहलगानीका लागि पहिचान भएको बाली | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | सहलगानी भएका मूल्यशृङ्खलाका कर्ता | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ५.१ | मूल्यशृङ्खलामा आधारित सहलगानी कार्यविधि निर्माण भै कार्यान्वयन भएको हुने | कार्यविधि | सङ्ख्या | | १ | ० | ० | ० | ० | १ | ,, | ,, | |
| प्रतिफल ५.२ | मूल्यशृङ्खलामा आधारित सहलगानी भई शृङ्खलाका कर्ताहरूबिच सुमधुर सम्बन्ध स्थापित भएको हुने | सहलगानी भएका कर्ता | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ५.३ | सहलगानीका लागि पहिचान भएका बालीको मूल्यशृङ्खलाकर्ताहरूलाई उद्यमशीलता तालिम प्रदान गरी व्यावसायिक योजना बनाउन सक्ने भएको हुने | उद्यमशीलता तालिम प्राप्त गर्नेको | सङ्ख्या | | | | | | | | ,, | ,, | |

## ४.२ पशुपन्छी तथा मत्स्य विकास

### ४.२.१ पृष्ठभूमि

भीरकोट नगरपालिकामा अधिकांश पशुपन्छी पालक कृषकहरू निर्वाहमुखी रूपमानै पशुपालन गरी रहेका छन् । व्यावसायिक रूपमा पशुपन्छीपालन कृषकहरू न्यून मात्रामा रहेका छन् । खासगरी बाख्रा, गाई, भैंसी, कुखुरा, बङ्गुर केही सीमित मात्रामा व्यावसायिक रूपमा पालन गरेको देखिन्छ । यहाँको झण्डै ४० प्रतिशत भूभाग जङ्गलले ढाकिएको हुँदा पशुपालनको लागि चरन क्षेत्र उपलब्ध छ । साथसाथै पोखरा तथा स्याङ्जा, वालिङ, बुटवल जस्ता ठुला शहरहरूसँग यो नगरपालिका बाह्रै महिना यातायात चल्ने सडकले जोडिएको छ । पशुपन्छीपालनको लागि अनुकूल अवस्था रहेको र ठुला बजारहरू सम्म पुग्न सहज भएकोले पशुपन्छीपालन व्यवसायमा यस नगरपालिकाले ठुलो लाभ लिन सक्ने देखिन्छ ।

### ४.२.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती

**(१) विद्यमान अवस्था**

राष्ट्रिय कृषि गणना २०७८ अनुसार यहाँका कुल ६१७१ घरपरिवार मध्ये ४७२२ (९२.२५ प्रतिशत) कृषक परिवार रहेको र त्यसमा पनि ४०८४ घरपरिवारले पशुपन्छीपालन गरिरहेका छन् । यी मध्ये गाईगोरु पाल्ने ६६४, राँगाभैंसी पाल्ने ३३८०, बाख्रा पाल्ने २९३७, सुँगुर/बङ्गुर पाल्ने ६८ र कुखुरा पाल्ने २५३१ रहेको देखिन्छ । पशुपन्छी सङ्ख्याको हिसाबले यहाँ गाईगोरु ११५१, राँगाभैंसी ६५५३, बाख्रा १७३०४, सुँगुर/बङ्गुर ३२९, कुखुरा ३९६९४ रहेका छन् । भैंसी, बाख्रा र कुखुरामा केही मात्रामा व्यावसायिक उत्पादन हुने गरेको भएपनि अधिकांश पशुपन्छी पालक कृषकहरू परम्परागत र निर्वाहमुखी रूपमै रहेको देखिन्छ ।

यस नगरपालिका पोखरा, स्याङ्जा, वालिङ, तानसेन र बुटवल जस्ता पहुँचका बजारहरू केही घण्टामा पुग्न सकिने भएकोले पशुपन्छीजन्य उत्पादनको बजारको समस्या हुने देखिँदैन । यहाँको ३८.४ प्रतिशत भूभाग जङ्गलले ढाकिएको हुँदा पशुपालनको लागि चरन क्षेत्र पनि सहज नै छ । आधुनिक प्रविधिको पहुँच, कृषकको दक्षतामा अभिवृद्धि, सडक तथा खानेपानी पूर्वाधारको विकास, मूल्यशृङ्खलामा आधारित बजार व्यवस्थापन जस्ता पक्षहरूमा ध्यान दिन सकिएमा दुध तथा मासु उत्पादनमा आत्मनिर्भर भई निर्यात समेत गर्न सकिने सम्भावना छ ।

**(२) सबल पक्ष**

(क) यहाँको ३८.४ प्रतिशत भूभाग जङ्गलले ढाकिएकोले चरन क्षेत्रको उपलब्धता;

(ख) पोखरा, वालिङ र बुटवल जस्ता ठुला शहरहरू नजिक हुनु र भरपर्दो सडक सञ्जालद्वारा जोडिनु;

(ग) झण्डै ८६ प्रतिशत घरपरिवार पशुपन्छीपालनमा संलग्न हुनु;

(घ) यहाँ उत्पादित सुन्तलाको माग नजिकका ठुला बजारमा स्थापित भैसकेको ।

**(३) दुर्बल पक्ष**

(क) युवा जनशक्ति रोजगारीका लागि विदेश पलायन हुनु;

(ख) व्यवस्थित बजारको व्यवस्थापन हुन नसक्नु;

(ग) परम्परागत पशुपालक कृषकलाई व्यावसायिक बनाउन नसक्नु;

(घ) प्राविधिक जनशक्तिको अभाव;

(ङ) कृषकहरूमा प्राविधिक ज्ञानको कमी ।

**(४) अवसर**

(क) पशुपन्छीपालनको लागि अनुकूल भूबनोट र हावापानी;

(ख) प्रदेश सरकारबाट पनि पशुपन्छीपालन क्षेत्रमा लगानी;

(ग) ठुला शहरहरूसँग सहज पहुँच भएकोले बजार व्यवस्थापन गर्न सम्भव;

(घ) यहाँको उत्पादनको पहिलेनै माग स्थापित भैसकेकोले उत्पादन वृद्धि गर्न सकिने ।

**(५) चुनौती**

(क) व्यवस्थित बजार व्यवस्थापन गर्नु;

(ख) पुँजीमा कृषकको सहज पहुँच स्थापित गर्नु;

(ग) स्वस्थ पशुपन्छी उत्पादन गर्नु;

(घ) परम्परागत रूपमा पशुपन्छीपालन गर्ने कृषकहरूलाई व्यावसायिक बनाउनु ।

### ४.२.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"पशुपन्छीजन्य उत्पादन र उत्पादकत्वमा वृद्धिः भीरकोटको समृद्धि"

**लक्ष्य**

स्वच्छ एवं गुणस्तरीय पशुपन्छीजन्य उत्पादनमा भीरकोट नगरपालिकालाई आत्मनिर्भर बनाई रोजगारीको अवसर सिर्जना गर्ने ।

**उद्देश्य**

१ नगरपालिकालाई पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर बनाई निर्यात प्रवर्द्धन गर्नु;

२ पशुपन्छी व्यवसायलाई प्रविधियुक्त, व्यावसायिक र प्रतिस्पर्धी बनाउनु;

३ पशुपन्छीपालनलाई सबै वर्गको स्वरोजगारको माध्यमका रूपमा विकसित गर्दै आयआर्जनको दिगो स्रोतको रूपमा विकास गर्नु;

४ पशुपन्छी र पशुपन्छीजन्य पदार्थबाट मानव स्वास्थ्यमा पर्न सक्ने नकारात्मक असर न्यूनीकरण गर्नु ।

### ४.२.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: नगरपालिकालाई पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर बनाई निर्यात प्रवर्द्धन गर्नु** | |
| १.१ पशुपन्छीजन्य खाद्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी नगरपालिकालाई यी वस्तुमा आत्मनिर्भर बनाउने | १.१.१ पशुपन्छी तथा मत्स्यपालन सम्बन्धी नीति तथा कानून बनाई कार्यान्वयन गरिनेछ;<br>१.१.२ घाँसेबाली स्रोत केन्द्रको स्थापनालाई प्राथमिकता जोडिनु;<br>१.१.३ पशुपन्छीपालनको पकेट क्षेत्र तथा स्रोत केन्द्र स्थापना गरिनेछ;<br>१.१.४ पशुपन्छीको नश्लसुधार, पौष्टिक दाना आहाराको व्यवस्था र पशुपन्छी स्वास्थ्य सेवा एकीकृत रूपमा प्रदान गरिनेछ;<br>१.१.५ पाडापाडी तथा बाच्छाबाच्छी हुर्काउने कार्यक्रम सञ्चालन गरिनेछ;<br>१.१.६ दुध, मासु जस्ता उच्चमूल्यका पशुपन्छीजन्य पदार्थको पहिचान गरी मूल्य शृङ्खलामा आधारित उद्योग प्रवर्द्धन गरिनेछ; |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.१.७ पशुपन्छीजन्य पदार्थको उत्पादन देखि बजारीकरणसम्मको मूल्य शृङ्खलाका हरेक विन्दुमा पशु कल्याणका आधारभूत अवधारणा अवलम्बन गरिनेछ;<br>१.१.८ सम्भावित पशुजन्य उत्पादनहरूको पहिचान एवं उत्पादन वृद्धि गरी उत्पादनको ब्राण्ड प्रवर्द्धन गर्दै बजारीकरणका लागि सहजीकरण गरिनेछ। |
| **उद्देश्य २: पशुपन्छीपालन व्यवसायलाई प्रविधियुक्त, व्यावसायिक र प्रतिस्पर्धी बनाउनु** | |
| २.१ पशुपन्छीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न प्रविधि, प्राविधिक, वित्तीय तथा अन्य सेवा उपलब्ध गराउने तथा यान्त्रिकीकरणमा जोड दिने | २.१.१ विशेष उत्पादन क्षेत्र तोकी त्यस्ता क्षेत्रमा आवश्यक पूर्वाधारको विकास गर्दै उन्नत नश्ल, पशु आहारा, पशु सेवा, पशु स्वास्थ्य र बिमा सहितको प्राविधिक सेवा प्रदान गरिनेछ;<br>२.१.२ चरन खर्कको बहन क्षमता (Carrying Capacity) मा अभिवृद्धि गरिने तथा बाँझो जग्गामा घाँस खेती गर्न सरोकारवालाहरूसँग समन्वय गरिनेछ;<br>२.१.३ पशुपालन व्यवसायलाई प्रविधियुक्त र प्रतिस्पर्धी बनाउनको लागि उन्नत प्रविधिको प्रयोगमा जोड दिइनेछ। |
| **उद्देश्य ३: पशुपन्छीपालनलाई सबै वर्गको स्वरोजगारको माध्यमका रूपमा विकसित गर्दै आयआर्जनको दिगो स्रोतको रूपमा विकास गर्नु** | |
| ३.१ पशुपन्छीपालन क्षेत्रमा निजी, सहकारी तथा सरकारी क्षेत्रको लगानी अभिवृद्धि गर्ने | ३.१.१ पशुपन्छीपालन क्षेत्रमा निजी, सहकारी तथा सरकारी क्षेत्रको लगानी अभिवृद्धि गर्ने नीति तथा कार्यक्रम लागु गरिनेछ;<br>३.१.२ पशुपन्छीपालन क्षेत्रको विकासको लागि उन्नत प्रविधिको प्रयोगको लागि निजीक्षेत्र तथा सहकारीलाई उत्प्रेरित गरिनेछ भने नगरपालिकाबाट पनि लगानी बढाइनेछ। |
| ३.२ पशुपन्छीपालनलाई महिला, युवा तथा सबै वर्गको स्वरोजगारको रूपमा विकास गर्न विशेष कार्यक्रमहरू सञ्चालन गर्ने | ३.२.१ विदेशिने युवाहरूलाई रोक्ने तथा पशुपालनमा आकर्षण गर्न विशेष कार्यक्रमको व्यवस्था गरिनेछ;<br>३.२.२ पशुपन्छीपालनक्षेत्रमा बढ्दो युवा तथा महिला सहभागितालाई दृष्टिगत गर्दै साना तथा व्यावसायिक युवा तथा महिलामुखी तालिम तथा स्वरोजगारमूलक कार्यक्रम सञ्चालनमा ल्याइनेछ। |
| **उद्देश्य ४: पशुपन्छी र पशुपन्छीजन्य पदार्थबाट मानव स्वास्थ्यमा पर्न सक्ने नकारात्मक असर न्यूनीकरण गर्नु** | |
| ४.१ पशुपन्छीजन्य वस्तुहरूबाट जनस्वास्थ्यमा पर्ने नकारात्मक असरको न्यूनीकरण गर्ने | ४.१.१ जुनोटिक रोगहरूको रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउन व्यापक जनचेतना अभिवृद्धिका लागि संघ तथा प्रदेश सरकारसँगको समन्वयमा नगरपालिकाका पशुपन्छी सेवा समूहमातर्फ कार्यरत प्राविधिकहरूको क्षमता अभिवृद्धि गरिनेछ;<br>४.१.२ पशुपन्छीका विद्यमान महामारीजन्य रोगहरू बिरुद्ध बृहत् खोप कार्यक्रम सञ्चालन गरिनेछ। |
| ४.२ स्वस्थ्य पशुपन्छीजन्य खाद्यवस्तुहरू उपभोक्तासम्म पुऱ्याउन आवश्यक नीति बनाई लागु गर्ने | ४.२.१ स्वच्छतालाई कायम राख्न "**बधशालादेखि भान्छासम्म स्वच्छ र स्वस्थ्य मासु**" तथा **"गोठदेखि ओठसम्म स्वच्छ र स्वस्थ दुध"** कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गरिनेछ;<br>४.२.२ पशुपन्छीजन्य रोगहरूको रोकथाम उपचार तथा फिड सप्लिमेन्टको रूपमा प्रयोग गरिने औषधिलाई नियमन तथा व्यवस्थित गरिनेछ;<br>४.२.३ पशुपन्छी उत्पादन सामग्री तथा उत्पापदनको गुणस्तर नियमन गर्न आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ। |

## ४.२.५ विस्तृत कार्यक्रम

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | स्थान | आधार वर्ष | योजनाको | लागत (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | कुल लक्ष्य | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| **क. व्यावसायिक पशुपन्छीपालन व्यवसाय प्रवर्द्धन कार्यक्रम** | | | | | | | | | | | | | | | |
| | | १.१.१ | १ | पशुपन्छी विकास तथा स्वास्थ्य सम्बन्धी नीति, ऐन, नियम, कार्यविधि तयार गर्ने | सङ्ख्या | पालिका | ० | ३ | १०० | ० | ० | ० | ० | **१००** | पालिका |
| | | १.१.२ | १ | घाँसको जात अनुसार स्रोतकेन्द्र स्थापना सहयोग | सङ्ख्या | उपयुक्त स्थान | ० | २ | २०० | ० | २०० | ० | २०० | **६००** | पालिका |
| | | | २ | डालेघाँस नर्सरी स्थापना सहयोग | सङ्ख्या | ,, | १ | २ | १०० | ० | १०० | ० | १०० | **३००** | पालिका |
| | | १.१.३ | १ | दुध उत्पादन पकेटक्षेत्र विकास तथा फलोअप कार्यक्रम (पकेट) | सङ्ख्या | १, २, ५ र ६ नं वडा | ४ | ४ | १००० | १००० | १००० | १००० | १००० | **५०००** | पालिका/प्रदेश |
| | | | २ | मासु उत्पादन (बाख्रा) पकेटक्षेत्र विकास तथा फलोअप कार्यक्रम (पकेट) | सङ्ख्या | ३, ४, ७, ८ र ९ नं. वडा | १ | २ | १००० | १००० | १००० | १००० | १००० | **५०००** | पालिका/प्रदेश |
| | | | ३ | मासु उत्पादन (बङ्गुर) प्रवर्द्धन तथा फलोअफ कार्यक्रम | सङ्ख्या | उपयुक्त स्थान | ० | २ | ४०० | ४०० | ४०० | ४०० | ४०० | **२०००** | पालिका/प्रदेश |
| | १.१ | | ४ | बाख्रा स्रोत केन्द्र सञ्चालन सहयोग कार्यक्रम | सङ्ख्या | उपयुक्त स्थान | ० | १ | १००० | ५०० | ३०० | ० | ० | **१८००** | पालिका |
| | | | ५ | पशु प्रयोगशाला स्थापना र सञ्चालन | सङ्ख्या | नगरपालिका | ० | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | पालिका |
| | | | ६ | स्थानीय कुखुरा प्रवर्द्धन कार्यक्रम | पटक | सबै वडा | ० | ५ | २०० | २०० | २०० | २०० | २०० | **१०००** | पालिका |
| | | १.१.४ | १ | गाई, भैंसी, बाख्रा, बङ्गुरमा कृत्रिम गर्भाधान सेवा | पटक | सबै वडा | निरन्तर | निरन्तर | ४०० | ४०० | ४०० | ४०० | ४०० | **२०००** | पालिका |
| | | १.१.५ | १ | उन्नत नश्लका गाई भैंसी विकास (पाडी बाच्छी हुर्काउने) कार्यक्रम | पटक | सबै वडा | निरन्तर | निरन्तर | २०० | २०० | २०० | २०० | २०० | **१०००** | पालिका |
| १ | | १.१.६ | १ | पशुपन्छीजन्य उद्योग सञ्चालनमा सहयोग | पटक | सबै वडा | | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | पालिका |
| | | १.१.७ | १ | पशुकल्याण सम्बन्धी प्रसार कार्यक्रम | पटक | पालिका | ० | ५ | १०० | ० | १०० | ० | ० | **२००** | पालिका |
| | | | २ | पशु कल्याण अनुगमन तथा नियमन | पटक | ढुवानी नाका | १ | निरन्तर | ५० | ५० | ५० | ५० | ५० | **२५०** | पालिका |
| | | १.१.८ | १ | पशुपन्छीजन्य उद्योगको ब्राण्डिङ र बजारीकरणमा सहयोग | पटक | उपयुक्त स्थान | ० | ५ | ० | १०० | ० | १०० | ० | **२००** | पालिका |
| २ | २.१ | २.१.१ | १ | पशुपन्छी प्याकेज कार्यक्रम (एकीकृत सेवा) | सङ्ख्या | उपयुक्त स्थान | ० | ५ | १००० | १००० | १००० | १००० | १००० | **५०००** | पालिका |

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | स्थान | आधार वर्ष | योजनाको | लागत (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | कुल लक्ष्य | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| | | | २ | दुग्ध चिस्यान केन्द्र स्थापना | सङ्ख्या | उपयुक्त स्थान | ० | १ | १००० | ० | ० | १००० | ० | **२०००** | पालिका |
| | | | ३ | उत्पादनमा आधारित अनुदान कार्यक्रम (दूध) | पटक | १,२,४,५ र ६ वडा | १ | ५ | ८०० | ८०० | ८०० | ८०० | ८०० | **४०००** | पालिका |
| | | | ४ | उत्पादनमा आधारित अनुदान कार्यक्रम (मासु) | पटक | २,३, ५, ७ र ९ वडा | ० | २ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | पालिका |
| | | | ५ | पशपंछी बिमा सहयोग कार्यक्रम | पटक | सबै वडा | | ५ | २०० | २०० | २०० | २०० | २०० | **१०००** | पालिका |
| | | २.१.२ | १ | बाँझो जग्गामा घांसखेती गर्न प्रोत्साहन अनुदान | पटक | सबै वडा | ० | ५ | २०० | २०० | २०० | २०० | २०० | **१०००** | पालिका |
| | | २.१.३ | १ | मागमा आधारित प्रविधि सहयोग कार्यक्रम (बाख्रा) | पटक | सबै वडा | १ | ५ | २०० | २०० | २०० | २०० | २०० | **१०००** | पालिका |
| ३ | ३.१ | ३.१.१ | १ | पशुपन्छी पालन क्षेत्रमा निजी सहकारी लगानी प्रवर्द्धन नीति | सङ्ख्या | सबै वडा | ० | १ | १०० | ० | ० | ० | ० | **१००** | पालिका |
| | | ३.१.२ | १ | पशुपन्छी पालन क्षेत्रमा लगानी गर्न सहकारीहरूलाई प्रोत्साहन | पटक | उपयुक्त स्थान | ० | ५ | ५० | ५० | ५० | ५० | ५० | **२५०** | पालिका |
| | ३.२ | ३.२.१ | १ | वैदेशिक रोजगारबाट फर्केका तथा अन्य युवा तथा महिलाहरूलाई उद्यमशीलता तथा पशुपन्छी पालन तालिम | जना | पालिका | २० | २०० | ४०० | ४०० | ४०० | ४०० | ४०० | **२०००** | पालिका |
| | | | २ | महिला व्यवसायीलाई व्यवसाय करमा ५० प्रतिशत छुट कार्यक्रम | पटक | पालिका | ० | ५ | ५०० | ३०० | २०० | ४०० | ३०० | **१७००** | पालिका |
| | | ३.२.२ | १ | पशुपन्छी पालन सम्बन्धी साना युवा व्यवसायीहरूलाई तालिम | पटक | पालिका | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | पालिका |
| ४ | ४.१ | ४.१.१ | १ | एकीकृत पशुपन्छी स्वास्थ्य नीति रणनीति तर्जुमा | सङ्ख्या | पालिका | ० | १ | १०० | ० | ० | ० | ० | **१००** | पालिका |
| | | | २ | जुनोटिक रोग सम्बन्धी जनचेतना कार्यक्रम | पटक | पालिका | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | **२५०** | पालिका |
| | | | ३ | पशुपन्छी शाखामा कार्यरत प्राविधिक क्षमता विकास कार्यक्रम | जना | पालिका | १ | ३ | ५० | ५० | ५० | ५० | ५० | **२५०** | पालिका |
| | | ४.१.२ | १ | पशुमा महामारी रोग विरुद्ध खोप कार्यक्रम | पटक | सबै वडा | १ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | पालिका |
| | ४.२ | ४.२.१ | १ | प्रतिजैविक प्रतिरोध नियन्त्रण कार्यक्रम | पटक | सबै वडा | १ | ५ | २०० | २०० | २०० | २०० | २०० | **१०००** | पालिका |

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | स्थान | आधार वर्ष | योजनाको | लागत (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | कुल लक्ष्य | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| | | | २ | बधशाला/बधस्थल स्थापना सहयोग | सङ्ख्या | बजार केन्द्रहरू | ० | १ | ५०० | २०० | २०० | २०० | २०० | **१३००** | पालिका |
| | | | ३ | कोल्डरुम स्थापना सहयोग | सङ्ख्या | बजार केन्द्रहरू | ० | १ | ५०० | ४०० | ४०० | ४०० | ३५० | **२०५०** | पालिका |
| | | ४.२.२ | १ | औषधि तथा जैविक पदार्थ पसल पशुपन्छी फार्म मासुपसल आदिको अनुगमन | पटक | सबै वडा | १ | १५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | पालिका |
| | | ४.२.३ | १ | पशुपन्छी उत्पादन सामग्री तथा उत्पादनको गुणस्तर नियमन सम्बन्धी मापदण्ड तर्जुमा | सख्या | पालिका | ० | १ | १०० | ० | ० | ० | ० | **१००** | पालिका |
| | **जम्मा लागत** | | | | | | | | **१२५००** | **९७००** | **९७००** | **१०३००** | **९३५०** | **५१५५०** | |
| | **नगरपालिकाको हिस्सा** | | | | | | | | **११३००** | **८५००** | **८५००** | **९१००** | **८१५०** | **४५५५०** | |
| | **प्रदेश सरकारको हिस्सा** | | | | | | | | **१२००** | **१२००** | **१२००** | **१२००** | **१२००** | **६०००** | |

## ४.२.६ नतिजा

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| प्रभाव | स्वच्छ एवं गुणस्तरीय पशुपन्छीजन्य उत्पादनमा भीरकोट नगरपालिका आत्मनिर्भर भई खाद्य तथा पोषण सुरक्षणमा सहयोग पुगेको हुने | आफ्नै उत्पादनले मासु, दूध, उपभोगको आपूर्ति | प्रतिशत | | | | | | | | कृषि तथ्याङ्क | पशु सेवा शाखा | |
| | | मौसमी अल्पकालीन रूपमा खाद्य असुरक्षित जनसङ्ख्या | प्रतिशत | | | | | | | | ,, | ,, | |
| | | पशुजन्य वस्तुको निर्यातमा वृद्धि | प्रतिशत | | | | | | | | ,, | ,, | |
| | | प्रतिव्यक्ति/प्रतिवर्ष दुधको उपलब्धता | लिटर | | | | | | | | ,, | ,, | |
| | | प्रतिव्यक्ति/प्रतिवर्ष मासुको उपलब्धता | के.जी. | | | | | | | | ,, | ,, | |
| असर १ | नगरपालिका पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रवर्द्धन समेत भएको हुने | पशुपन्छीजन्य वस्तुको आयातमा कमी | प्रतिशत | | | | | | | | ,, | ,, | |
| | | पशुपन्छीजन्य वस्तुको आयातमा वृद्धि | प्रतिशत | | | | | | | | ,, | ,, | |
| | | प्रतिव्यक्ति प्रतिवर्ष दुधको उपलब्धता | लिटर | | | | | | | | ,, | ,, | |
| | | प्रतिव्यक्ति प्रतिवर्ष मासुको उपलब्धता | केजी | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.१ | पशुपन्छी सम्बन्धी नीति तथा कानून बनाई कार्यान्वयन गरिने | पशुपन्छी विकास सम्बन्धी नीति तथा कानून | सङ्ख्या | | ४ | ० | ० | ० | ० | ४ | वार्षिक प्रतिवेदन | ,, | |
| प्रतिफल १.२ | घाँसेवाली स्रोत केन्द्रको स्थापना भएको हुने | घाँसेवाली स्रोतकेन्द्र | सङ्ख्या | | २ | ० | ० | ० | ० | २ | ,, | ,, | |
| | | डालेघाँस नर्सरी | सङ्ख्या | | १ | ० | ० | ० | ० | १ | ,, | ,, | |
| प्रतिफल | पशुपन्छीको पकेट क्षेत्र स्थापना भएको हुने | दुग्ध उत्पादन पकेट क्षेत्र | सङ्ख्या | | १ | ० | ० | ० | ० | १ | ,, | ,, | |

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १.३ | | बाख्रा पकेट क्षेत्र | सङ्ख्या | | २ | ० | ० | ० | ० | २ | ,, | ,, | |
| | | बङ्गुर पकेट क्षेत्र | सङ्ख्या | | २ | ० | ० | ० | ० | २ | ,, | ,, | |
| प्रतिफल १.४ | बाख्रा स्रोत केन्द्र स्थापना भई पाठापाठीको आपूर्तिमा आत्मनिर्भर भएको हुने | बाख्रा स्रोत केन्द्र | सङ्ख्या | | १ | ० | ० | ० | ० | १ | ,, | ,, | |
| प्रतिफल १.५ | स्थानीय जातको कुखुरा उत्पादन भई निर्यात समेत भएको हुने | स्थानीय जातको कुखुरा उत्पादन | के.जी. | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.६ | पशुपन्छीको नश्ल सुधार पौष्टिक आहाराको व्यवस्था र पशुपन्छी स्वास्थ्य सेवा एकीकृत प्रदान भएको हुने | कृत्रिम गर्भाधान भएको पशु | सङ्ख्या (हजार) | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.७ | पाडापाडी तथा बाच्छाबाच्छी हुर्काउने कार्यक्रम सञ्चालन भएको हुने | उन्नत नश्लका गाईभैंसी (पाडी बाच्छी) | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.८ | दुग्ध प्रशोधन उद्योग स्थापना भई दुग्ध पदार्थ निर्यात समेत भएको हुने | दुग्ध प्रशोधन उद्योग | सङ्ख्या | | १ | | | | | १ | ,, | ,, | |
| प्रतिफल १.९ | पशुकल्याण सम्बन्धमा कृषकहरू सचेत भएको हुने | पशुकल्याण सम्बन्धी सचेतना कार्यक्रममा सहभागी कृषक | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.१० | पशुपन्छीजन्य उद्योगको ब्राण्डिङ र बजारीकरणमा सहयोग पुगेको हुने | ब्राण्डिङमा सहयोग प्राप्त फर्म | सङ्ख्या | | | | | | | | | | |
| असर २ | पशुपन्छीपालन व्यवसाय प्रविधियुक्त, व्यावसायिक र प्रतिस्पर्धी बनेको हुने | पशुपन्छी क्षेत्रमा पूर्वाधार विकास र प्रविधिको प्रयोगमा वृद्धि | प्रतिशत | | | | | | | | ,, | ,, | |
| | | पशुपन्छीपालन व्यवसायीको वृद्धि हुने | प्रतिशत | | | | | | | | ,, | ,, | |
| | | पशु बिमा सेवा प्राप्त व्यवसायी सङ्ख्या | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | मासु आयातमा आएको कमी | प्रतिशत | | | | | | | | ,, | ,, | |
| | | मासु निर्यात | के. जी. | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.१ | उन्नत नश्ल, पशु आहारा, पशु सेवा, पशु स्वास्थ्य, बिमा जस्ता सेवाहरू एकीकृत रूपमा प्रदान भएको हुने | पशुपन्छी एकीकृत सेवा प्रवाह प्राप्त गरेको व्यवसायी/ कृषक | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | बिमा सेवामा आबद्ध कृषक | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | दुग्ध उत्पादनमा अनुदान प्राप्त कृषक | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | मासु उत्पादनमा अनुदान प्राप्त कृषक | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | दुग्ध चिस्यान केन्द्र | सङ्ख्या | | १ | ० | ० | ० | ० | १ | ,, | ,, | |
| प्रतिफल २.२ | बाँझो जग्गामा घाँस खेती भई पशु आहार आपूर्तिमा सुधार भएको हुने | घाँस लगाकइएको बाँझो जग्गाको क्षेत्रफल | रोपनी | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.३ | उन्नत प्रविधिको विकास, प्रसार तथा प्रयोग भएको हुने | उन्नत प्रविधि प्रयोग गर्ने व्यवसायी/कृषक | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| असर ३ | पशुपन्छीपालनमा महिला तथा युवा वर्गको स्वरोजगारी सिर्जना भई आय आर्जनमा वृद्धि भएको हुने र निजी क्षेत्र तथा सहकारीको समेत लगानी | महिला तथा युवाहरू पशुपन्छीपालनमा स्वरोजगार भएको | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | महिला तथा युवाहरूको | प्रतिशत | | | | | | | | ,, | ,, | |

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | | | | |
| | भएको हुने | पशुपन्छीपालनबाट आम्दानीमा वृद्धि | | | | | | | | | | | |
| | | सहकारीको लगानी भएको व्यवसायी | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ३.१ | पशुपन्छी पालन क्षेत्रमा निजी सहकारी लगानी प्रवर्द्धन नीति तर्जुमा भै कार्यान्वयन भएको हुने | पशुपन्छी पालन क्षेत्रमा निजी सहकारी लगानी प्रवर्द्धन नीति | सङ्ख्या | | १ | | | | | १ | ,, | ,, | |
| प्रतिफल ३.२ | पशुपन्छी पालन क्षेत्रमा लगानी गर्न सहकारीहरू प्रोत्साहित भै लगानी भएको हुने | पशुपन्छी क्षेत्रमा लगानी गर्ने सहकारी | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ३.३ | युवाहरूलाई विदेश जानबाट रोक्न र विदेशमा सिकेको सिपको पशुपालनमा उचित प्रयोग गर्न विशेष कार्यक्रमको व्यवस्था भएको हुने | युवा तथा महिला स्वरोजगारका लागि सिप विकास तालिम प्राप्त व्यवसायी/कृषक | सङ्ख्या | | ४० | ४० | ४० | ४० | ४० | २०० | ,, | ,, | |
| | | सहकारीबाट ऋण प्राप्त पशुपन्छी पालक कृषक/व्यवसायी | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ३.४ | पशुपन्छी तथा मत्स्यपालक कृषक/ व्यवसायीले उन्नत प्रविधि प्रयोग गरेको हुने | पशुपन्छीपालक महिला लक्षित तालिम प्राप्त सहभागी | सङ्ख्या | | ३० | ३० | ३० | ३० | ३० | १५० | ,, | ,, | |
| | | महिला व्यवसायीलाई नगरपालिकाले दिएको कर छुट सुविधा प्राप्त | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | ब्याजदर अनुदान प्राप्त महिला व्यवसायी | सङ्ख्या | | | | | | | | | | |
| | | नवीनतम प्रविधि प्राप्त कृषक | सङ्ख्या | | | | | | | | | | |
| असर ४ | पशुपन्छीजन्य/मत्स्यजन्य पदार्थबाट मानव स्वास्थ्यमा पर्न सक्ने नकारात्मक असरको न्यूनीकरण भएको हुने | पशुजन्य तथा मत्स्यजन्य पदार्थबाट स्वास्थ्यमा नकारात्मक असर परेका जनसङ्ख्या | प्रतिशत | | | | | | | | ,, | ,, | |
| प्रतिफल ४.१ | जुनोटिक तथा महामारी रोगको नियन्त्रण भएको हुने | एकीकृत नीति तर्जुमा भएको हुने | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ४.२ | पशुपन्छी प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धि भएको हुने | जुनोटिक रोग सम्बन्धी जनचेतनामा सहभागी | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | तालिम प्राप्त पशुपन्छी प्राविधिक | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ४.३ | पशुपन्छीमा विद्यमान महामारीजन्य रोगहरूको खोप कार्यक्रम सञ्चालन भएको हुने | खोप प्रदान गरिएको पशुपन्छी | सङ्ख्या (हजार) | | | | | | | | | | |
| प्रतिफल ४.४ | पशुपन्छीजन्य रोगहरूको रोकथाम उपचार तथा फिड सप्लिमेन्टको रूपमा प्रयोग गरिने औषधिलाई नियमन तथा व्यवस्थित भएको हुने | मापदण्ड अनुसारका बधशाला | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | स्वच्छ तथा सुधार भएका मासुपसल | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ४.५ | पशुपन्छी उत्पादन सामग्री तथा उत्पादनको गुणस्तर नियमन सम्बन्धी मापदण्ड तर्जुमा भै कार्यान्वयन भउको हुने | पशुपन्छी उत्पादन सामग्री तथा उत्पादनको गुणस्तर नियमन सम्बन्धी मापदण्ड | सङ्ख्या | | | | | | | | ,, | ,, | |

## ४.३ पर्यटन विकास

### ४.३.१ पृष्ठभूमि

भीरकोट नगरपालिका पर्यटनको राम्रै सम्भावना रहेको पालिका हो। पर्यटकीय राजधानी पोखरासँग रणनीतिक सडक मार्फत जोडिएकोले पर्यटकीय पूर्वाधारहरू निर्माण गर्न सकिएमा पोखरा आउने पर्यटकहरूलाई यहाँसम्म ल्याउन सकिने प्रबल सम्भावना रहेको छ। भीरकोट नगरपालिका सांस्कृतिक एवं प्राकृतिक विविधतामा धनी छ। यहाँ धेरै जातजाति र धर्मावलम्बीहरूको बसोबास रहेकाले सांस्कृतिक सामुदायिक होम स्टेहरू सञ्चालन गर्न सकिने सम्भावना पनि छ। मध्यपहाडी भागमा रहेको र आँधीखोला किनार देखि स्वेरेक जस्ता ट्रेकिङ र प्याराग्लाइडिङका लागि समेत उपयुक्त भौगोलिक विविधता पनि रहेको छ। आँधीखोलामा ड्याम बाँधी जलविहार (र्‍याफ्टिङ) र दृश्यावलोकनको पनि सम्भावना देखिन्छ। साथै नेपाल एकीकरण पूर्व बाइसे चौबिसे राज्यहरू मध्ये भीरकोट छुट्टै राज्यको रूपमा रहेको र नेपालका शाह वंशीय राजाहरूको उद्गमस्थल भन्ने ऐतिहासिक महत्वको कथन पनि छ। प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, धार्मिक तथा मानव निर्मित पर्यटकीय क्षेत्रहरूको गुणस्तरीय विकास गर्न सकिएमा सिद्धार्थ राजमार्ग हुँदै पोखरा आवागमन गर्ने आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षण गर्न सकिने सम्भावना देखिन्छ।

### ४.३.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती

**(१) विद्यमान अवस्था**

यहाँको अधिकांश भूभाग पहाडी धरातलीय उच्च भूभाग भएकोले यहाँबाट रमणीय प्राकृतिक दृश्यावलोकन गर्न सकिने डाँडाहरू प्रशस्त छन्। यहाँ क्षेत्री, गुरुङ, ब्राह्मण र मगर समुदायको क्रमश: बाहुल्यता रहेको छ भने जनजाती समुदायको जनसङ्ख्या मात्र करिब एक तिहाइ छ। यी समुदायहरू लगायतका १० जातीय समुदायहरू तथा ७ वटा धर्मावलम्बीहरूको बसोबास रहेकाले यो नगरपालिका परम्परागत, सांस्कृतिक तथा धार्मिक विविधतायुक्त छ। यहाँ दृश्यावलोकन गर्न सकिने थुप्रै स्थानहरूमा पार्क निर्माण गर्न सकिने अवस्था छ भने यस नगरपालिकाको प्रमुख पर्यटकीय गन्तव्यको रूपमा स्वेरेक मैदान रहेको छ। जल विहारको लागि सम्भावना बोकेको आँधीखोला यहींबाट बगेको छ। सिद्धार्थ राजमार्ग नजिकै रहेको र सडक सञ्जालद्वारा जोडिएकोले ठुलो सङ्ख्यामा आउने पर्यटकहरूलाई आकर्षित गर्ने सक्ने गरी पर्यटन पूर्वाधारको विकास गर्न सकिएमा पर्यटन क्षेत्रबाट पनि यस नगरपालिकाले राम्रै लाभ लिन सकिने देखिन्छ।

**(२) सबल पक्ष**

(क) जातीय तथा धार्मिक संस्कृति, परम्पराले विविधतायुक्त नगरपालिका;
(ख) होम स्टेहरू सञ्चालनमा रहनु;
(ग) प्राकृतिक सुन्दरताले भरिपूर्ण डाँडाहरू रहनु तथा आफ्नै गौरवपूर्ण इतिहास रहेको;
(घ) राजमार्गले नगरपालिका हुँदै पार हुनु र राजमार्ग मार्फत पोखरा र तराई जोडिनु;
(ङ) धार्मिक महत्व बोकेको तथा जलविहारका लागि उपयुक्त आँधीखोला यही नगरपालिका भएर बग्नु;
(च) परम्परागत उत्पादन पद्धतिबाट स्थानीय जातका वस्तुहरूको उत्पादन भैरहनु।

**(३) दुर्बल पक्ष**

(क) पर्यटकीय गन्तव्यहरूको उचित विकास गर्न नसकिनु;
(ख) पर्यटकीय गन्तव्यहरू भएर पनि प्रचार प्रसार गर्न नसकिनु;
(ग) युवा पुस्तामा संस्कृति र परम्परा हस्तान्तरण गर्न नसक्नु;

(घ) नगरपालिकाको पर्यटन गुरुयोजनाको निर्माण नहुनु;

(ङ) मुख्य पर्यटकीय गन्तव्य स्वरेक मैदान र नेपालका शाह वंशीय राजाहरूको सुरुवाती राज्य ऐतिहासिक भीरकोट दरबार बारे यथोचित प्रचार प्रसार हुन नसक्नु।

**(४) अवसर**

(क) पर्यटकीय राजधानी शहर पोखरा डेढ घण्टाको दूरीमा रहनु;

(ख) भारतीय पर्यटकहरू आवतजावत गर्ने सिद्धार्थ राजमार्ग यही नगरपालिका हुँदै पोखरा, कालीगण्डकी ड्याम, तानसेन र तराई लगायतका पर्यटकीय स्थानहरुमा आन्तरिक र वाह्य पर्यटकका लागि आवतजावत गर्ने रुट हुनु;

(ग) नेपालीहरूमा यात्रा र अवलोकन गर्ने बानी विकास हुनु।

**(५) चुनौती**

(क) पर्यटकीय पूर्वाधारको गुणस्तरीय विकास गर्नु;

(ख) परम्परागत खेतीमा लागेका नागरिकलाई पर्यटन व्यवसायमा समेत आकर्षित गर्नु;

(ग) लोप हुन लागेका परम्परा संस्कृतिहरूको संरक्षण गर्नु;

(घ) पर्यटनलाई कृषिजन्य लगायतका स्थानीय उत्पादनसँग जोड्नु।

### ४.३.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"भीरकोट समृद्धिको आधार, पर्यटनको दिगो विकास"

**लक्ष्य**

दिगो पर्यटनको विकासबाट उत्पादन र रोजगारीमा वृद्धि गरी भीरकोट नगरपालिकाको समृद्धि सुनिश्चत गर्ने।

**उद्देश्य**

१ पर्यटन क्षेत्र र स्थानीय कृषि उत्पादन बिच सघन सहकार्य स्थापित गर्नु;

२ पर्यटन पूर्वाधार र पर्यटकीय उपजको विकास र प्रवर्द्धन गर्नु;

३ पर्यटन मार्फत जनताको आय र रोजगारीमा उल्लेखनीय वृद्धि गर्नु।

### ४.३.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: पर्यटन क्षेत्र र स्थानीय कृषि उत्पादन बिच सघन सहकार्य स्थापित गर्नु** | |
| १.१ पर्यटन व्यवसायीलाई स्थानीय उत्पादकसँग सघन सहकार्य गरी Backward र Forward सम्बन्ध सुदृढ गर्न प्रोत्साहन गर्ने | १.१.१ पर्यटन व्यवसायी र स्थानीय उत्पादकबिच सम्बन्ध विस्तार गर्न आवश्यक नीतिगत तथा कानूनी व्यवस्था गरिनेछ;<br>१.१.२ पर्यटन व्यवसायीलाई आफ्ना होटेल तथा रेष्टुरेन्टहरूमा प्रयोग हुने खाद्य सामग्री आफै उत्पादन गर्न तथा स्थानीय उत्पादकसँग खरिद गर्न सहजीकरण गरिनेछ। |
| **उद्देश्य २: पर्यटन पूर्वाधार र पर्यटकीय उपजको विकास र प्रवर्द्धन गर्नु** | |
| २.१ पर्यटनको विकास र प्रवर्द्धनका लागि नीति निर्माण | २.१.१ पर्यटन गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ;<br>२.१.२ पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनका लागि संस्थागत संरचनाको व्यवस्था गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| तथा संस्थागत व्यवस्था गर्ने | |
| २.२ पर्यटन क्षेत्रका लगानीकर्तालाई लगानीमैत्री वातावरण सिर्जना गर्ने | २.२.१ पर्यटन व्यवसायीहरूलाई व्यवसाय करमा छुट दिने व्यवस्था गरिनेछ;<br>२.२.२ पर्यटन पूर्वाधार विकासमा निजी लगानी आकर्षित गरिनेछ;<br>२.२.३ पर्यटकीय गन्तव्यहरूको पहिचान र विकास गरिनेछ। |
| २.३ आकर्षक पर्यटकीय गन्तव्यहरूमा पूर्वाधारको स्तरोन्नति गरी बाह्रै महिना पर्यटक जान सक्ने बनाउने | २.३.१ सडक, पुल, भवन लगायतका पूर्वाधार निर्माण गर्दा स्थानीय संस्कृति र मौलिकता प्रवर्द्धन गर्न प्रोत्साह गरिनेछ;<br>२.३.२ रणनीतिक महत्वका पर्यटन पदमार्गहरूको पहिचान विकास र सौन्दर्यकरण गरिनेछ;<br>२.३.३ प्राकृतिक तथा सांस्कृतिक पर्यटकीय गन्तव्य र उपजहरूको दिगो उपयोग र संरक्षण गरिनेछ;<br>२.३.४ आकर्षक पर्यटक गन्तव्यमा पुग्ने सडक तथा पदमार्गहरू बाह्रै महिना सञ्चालन हुने व्यवस्था गरिनेछ। |
| २.४ पर्यटकीय वस्तु तथा उपजहरूको प्रवर्द्धन तथा प्रचार प्रसार गर्ने | २.४.१ पर्यटन गन्तव्य तथा वस्तुहरूको प्रचार प्रसारको लागि प्रचार सामग्री तथा सामाजिक सञ्जालको प्रयोगमा प्रोत्साहन गरिनेछ;<br>२.४.२ ग्रामीण पर्यटकीय गन्तव्यहरूमा आन्तरिक पर्यटक आकर्षण गर्न ट्राभल एजेन्सीहरूसँग सहकार्य गर्न प्रोत्साहित गरिनेछ;<br>२.४.३ पर्यटकहरूलाई बिक्री गरिने कोसेलीहरू उत्पादन गर्न प्रोत्साहन गरिनेछ। |
| **उद्देश्य ३: पर्यटन मार्फत जनताको आय र रोजगारीमा उल्लेखनीय वृद्धि गर्नु** | |
| ३.१ पर्यटकको बसाइ अवधि लम्ब्याउने र खर्च बढाउने वातावरण निर्माण गर्ने | ३.१.१ नजिकका शहरमा रहेका ट्राभल एजेन्सीहरूसँग सहकार्य गरी पर्यटन कनेक्टिभिटी सञ्जालहरू विकास गरी प्रवर्द्धन गरिनेछ;<br>३.१.२ पदमार्गहरूलाई सुरक्षित र आकर्षक बनाइनेछ;<br>३.१.३ पर्यटकीय गन्तव्यहरूलाई प्याकेज प्याकेजमा व्यवस्थित गरिनेछ। |
| ३.२ ग्रामीण पर्यटनको विविधीकरण गर्ने | ३.२.१ ग्रामीण घरबासहरूलाई (होम स्टे) सांस्कृतिक विविधताका आधारमा विस्तार गरी गुणस्तरीय तथा घरवास सञ्चालकहरूको क्षमता अभिवृद्धि गरिनेछ। |

## ४.३.५ विस्तृत कार्यक्रम

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | स्थान | आधार वर्ष | योजनाको कुल लक्ष्य | लागत (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| **क. पर्यटन क्षेत्र विकास कार्यक्रम** | | | | | | | | | | | | | | | |
| १ | १.१ | १.१.१ | १ | पर्यटन व्यवसायमा स्थानीय उत्पादन प्रवर्द्धन सहितको पर्यटन नीति तर्जुमा | सङ्ख्या | पालिका | ० | १ | १०० | ० | ० | ० | ० | १०० | पालिका |
| | | १.१.२ | १ | पर्यटन व्यवसायीलाई आफूले प्रयोग गर्ने सामग्री आफै उत्पादन गर्न तालिम दिने | पटक | पालिका | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | पालिका |
| २ | २.१ | २.१.१ | १ | पर्यटन गुरुयोजना तर्जुमा | सङ्ख्या | पालिका | ० | १ | ५०० | ० | ० | ० | ० | ५०० | पालिका |
| | | २.१.२ | १ | पालिकाको पर्यटन क्षेत्रको समग्र विकासका लागि पर्यटन व्यवसायी तथा स्थानीय उत्पादकहरू समेत रहेको पर्यटन समिति गठन | सङ्ख्या | पालिका | ० | १ | २० | ० | ० | ० | ० | २० | पालिका |
| | २.२ | २.२.१ | १ | पर्यटन व्यवसायीहरूलाई प्रवर्द्धन गर्न व्यवसाय करमा ५० प्रतिशत छुट दिने | पटक | पालिका | ० | १ | ० | ० | ० | ० | ० | ० | पालिका |
| | | २.२.२ | १ | उपयुक्त स्थानहरूमा पार्क निर्माण | पटक | उपयुक्त स्थानहरू | २ | ५ | २४०० | २४०० | २४०० | १५०० | १४०० | १०१०० | पालिका/प्रदेश/उस |
| | | २.२.३ | १ | पदमार्ग निर्माण | पटक | उपयुक्त स्थानहरू | १ | ५ | २१०० | २१०० | २१०० | २१०० | २१०० | १०५०० | पालिका/प्रदेश/संघ |
| | | | २ | भीरकोट पार्क स्तरोन्नति | सङ्ख्या | ४ नं वडा | १ | ३ | २००० | ० | ० | ५०० | ५०० | ३००० | प्रदेश/संघ |
| | | | ३ | कोखे झरना, देउपुजे ढुङ्गा, मुल्का बराह, जलदेवी मन्दिर एकीकृत पर्यटन विकास कार्यक्रम | सङ्ख्या | ३ नं. वडा | १ | ५ | १५०० | १५०० | ५००० | १५०० | १५०० | ११००० | पालिका/प्रदेश |
| | | | ४ | स्वरेक मैदान स्तरोन्नति | सङ्ख्या | ५ नं वडा | १ | १ | २००० | २००० | २००० | १००० | ० | ७००० | प्रदेश/संघ |
| | | | ५ | गडहरे गुफा पर्यटन पूर्वाधार निर्माण तथा प्रवर्द्धन | सङ्ख्या | ९ नं. वडा | १ | १ | २००० | २००० | २००० | २००० | २००० | १०००० | पालिका/प्रदेश |
| | | | ६ | छाङ्छाङ्दी मन्दिर पूर्वाधार निर्माण तथा प्रवर्द्धन | सङ्ख्या | ४ नं वडा | १ | १ | २००० | २००० | ३००० | २००० | ५००० | १४००० | पालिका |
| | | | ७ | खिलुङकालिका मन्दिर पूर्वाधार निर्माण तथा प्रवर्द्धन | सङ्ख्या | ७ नं. वडा | १ | १ | १००० | १५०० | १००० | २००० | २००० | ७५०० | पालिका/प्रदेश |
| | | | ८ | सुन्दरचौर बनस्पति सूचना केन्द्र स्तरोन्नति | पटक | ६ नं. वडा | १ | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | पालिका/प्रदेश |
| | | | ९ | भीरकोट कालिका मन्दिर पूर्वाधार निर्माण | पटक | सबै वडा | १ | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | पालिका/प्रदेश/उस |
| | २.३ | २.३.१ | १ | सडक, पुल, भवन लगायतका संरचना निर्माणगर्दा स्थानीय संस्कृति र | प्याकेज | पालिका | १ | १ | १०० | ० | ० | ० | ० | १०० | पालिका |

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | स्थान | आधार वर्ष | योजनाको कुल लक्ष्य | लागत (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| | | | | मौलिकता झल्किने नीति निर्माण | | | | | | | | | | | |
| | | २.३.२ | १ | रणनीतिक हिसाबले महत्वपूर्ण पदमार्ग पहिचान, विकास एवं सौन्दर्यकरण | पटक | उपयुक्त स्थान | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | पालिका/प्रदेश |
| | | २.३.३ | १ | पर्यटकीय वस्तु, उपज तथा गन्तव्यहरूको उपयोग र संरक्षण गर्न **"पर्यटन आचार संहिता"** निर्माण | सङ्ख्या | पालिका | ० | १ | ५० | ० | ० | ० | ० | ५० | पालिका |
| | | | २ | पर्यटकीय स्थलहरूको दिगोपनको लागि नियमित मर्मत सम्भार | पटक | सबै वडा | १ | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | पालिका |
| | | २.३.४ | १ | आकर्षक पर्यटन गन्तव्यमा पुग्ने बाटो स्तरोन्नति | पटक | उपयुक्त स्थानहरूमा | | ५ | ० | ० | ० | ० | ० | | सडक उपशीर्षकमा समेटिने |
| | २.४ | २.४.१ | १ | गन्तव्य तथा पर्यटन वस्तुहरूको प्रवर्द्धनका लागि सामग्री निर्माण र प्रचार प्रसारमा सहयोग | पटक | पालिका | ० | ५ | ५०० | ० | ५०० | ५०० | ५०० | २००० | पालिका |
| | | | २ | नगरपालिकाको पर्यटकीय डकुमेन्ट्री निर्माण | पटक | पालिका | | ३ | ३०० | ० | ० | ३०० | ० | ६०० | पालिका |
| | | २.४.२ | १ | बजारीकरणका लागि पर्यटन व्यवसायीको क्षमता विकास | पटक | पालिका | ० | ५ | २०० | ० | २०० | ० | २०० | ६०० | पालिका |
| | | | २ | ग्रामीण पर्यटन व्यवसायीलाई पोखरामा रहेका ट्राभल एजेन्सीहरूसँग सहकार्य गर्न प्रोत्साहन | प्याकेज | पालिका | ० | १ | १०० | ० | १०० | ० | १०० | ३०० | पालिका |
| | | २.४.३ | १ | स्थानीय पर्यटकीय कोसेली वस्तुहरू उत्पादन तालिम | पटक | पालिका | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | पालिका |
| | | | २ | पर्यटक कोसेली घर सञ्चालन | सङ्ख्या | उपयुक्त स्थान | १ | १ | ० | ४०० | ४०० | ४०० | ० | १२०० | पालिका |
| ३ | ३.१ | ३.१.१ | १ | छिमेकी शहरका ट्राभल एजेन्सी र पालिकाका पर्टन व्यवसायीबीच सम्झौता | पटक | पालिका | ० | १ | ० | १०० | ० | ० | ० | १०० | पालिका |
| | | ३.१.२ | १ | पदमार्गहरू सुरक्षित र आकर्षक बनाउन स्तरोन्नति | पटक | उपयुक्त स्थान | | ५ | ० | ० | ० | ० | ० | ० | पदमार्ग स्तरोन्नतिले समेट्ने |
| | | ३.१.३ | १ | पर्यटकहरूको बसाई दिन र खर्च बढाउनको लागि पालिकाका गन्तव्यहरूको समूहिकृत गरी एकीकृत भ्रमण प्याकेज निर्माण | पटक | पालिका | ० | १ | ० | १०० | ० | १०० | ० | २०० | पालिका |
| | ३.२ | ३.२.१ | १ | खिलुङ, केघा, ओकादी, ढापुक होम स्टेहरूलाई मापदण्ड अनुसारको गुणस्तरीय बनाउन सञ्चालकहरूको क्षमता विकास | पटक | २, ७,८ नं. वडा | २ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | पालिका |
| | **जम्मा लागत** | | | | | | | | **२३०७०** | **२०३००** | **२४९००** | **२०१००** | **२१५००** | **१०९८७०** | |

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | स्थान | आधार वर्ष | योजनाको कुल लक्ष्य | लागत (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| | **पालिकाको हिस्सा** | | | | | | | | १२७५० | १०७३० | १३८३० | ११५२५ | १३९८० | ६२८१५ | |
| | **प्रदेश सरकारको हिस्सा** | | | | | | | | ८१८० | ७४३० | ८९३० | ७०२५ | ६४८० | ३८०४५ | |
| | **संघीय सरकारको हिस्सा** | | | | | | | | १७०० | १७०० | १७०० | १२०० | ७०० | ७००० | |
| | **पार्क निर्माण र मठमन्दिर मर्मत उपभोक्ता समितिको १० प्रतिशत** | | | | | | | | ४४० | ४४० | ४४० | ३५० | ३४० | २०१० | |

## ४.३.६ नतिजा

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| प्रभाव | दिगो पर्यटन विकासबाट उत्पादन र रोजगारीमा वृद्धि भई भीरकोट नगरपालिकाको समृद्धिमा योगदान पुगेको हुने | आन्तरिक पर्यटन आगमन | सङ्ख्या | | | | | | | | वार्षिक प्रतिवेदन | आर्थिक विकास शाखा | |
| | | बाह्य पर्यटक आगमन | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | पर्यटन क्षेत्रले सिर्जना गरेको रोजगारी | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| असर १ | नगरपालिकाको अर्थतन्त्रमा Backward र Forward सम्बन्ध सुदृढ भएको हुने | होटेल रेष्टुरेण्टमा खपत हुने खाद्यान्न तथा तरकारीमा स्थानीय उत्पादनको हिस्सा | प्रतिशत | | | | | | | | ,, | ,, | |
| | | आफ्ना होटल/रेष्टुरेण्टमा प्रयोग हुने खाद्य सामग्री आफै उत्पादन गर्ने होटल | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.१ | पर्यटनमैत्री नीति तथा कानूनी व्यवस्था भई होटल/रेस्टेरेण्ट व्यवसायीले स्थानीय खाद्य सामग्री प्रयोग गरेको ने | पर्यटन व्यवसायमा स्थानीय उत्पादन प्रवर्द्धन नीति निर्माण | सङ्ख्या | | १ | ० | ० | ० | ० | १ | ,, | ,, | |
| | | स्थानीय खाद्य सामग्री उत्पादन सम्बन्धी तालिमप्राप्त होटल व्यवसायी | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| असर २ | पर्यटन पूर्वाधार र पर्यटकीय उपजको विकास र प्रवर्द्धन भएको हुने | पर्यटकीय गन्तव्य | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | पदमार्गको लम्बाइ | कि. मि. | | | | | | | | ,, | ,, | |
| | | पर्यटन व्यवसायी | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.१ | पर्यटन गुरुयोजना निर्माण भै कार्यान्वयन भएको हुने | पर्यटन गुरुयोजना | सङ्ख्या | | १ | ० | ० | ० | ० | १ | ,, | ,, | |
| प्रतिफल २.२ | पर्यटनको विकास प्रवर्द्धनको लागि संस्थागत संरचनाको व्यवस्था भएको हुने | स्थानीय पर्यटन विकास समिति | सङ्ख्या | | १ | ० | ० | ० | ० | १ | ,, | ,, | |
| प्रतिफल २.३ | पर्यटन व्यवसायीले कर छुट सुविधा पाई पर्यटन व्यवसायमा संलग्न हुन प्रोत्साहित भएको हुने | कर छुट पाउने पर्यटन व्यवसायी | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.४ | पर्यटकीय गन्तव्यसम्म पुग्ने पूर्वाधारको विकास भएको हुने | पर्टकीय गन्तव्यसम्म पुग्ने सडकको लम्बाइ | कि. मि. | | | | | | | | ,, | ,, | |
| | | पर्यटकीय क्षेत्रमा खानेपानी योजना | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | पदमार्गको लम्बाइ | कि. मि. | | | | | | | | ,, | ,, | |

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | | | | |
| | | संग्रहालय | सङ्ख्या | | १ | ० | ० | ० | ० | १ | ,, | ,, | |
| | | मठमन्दिर निर्माण तथा मर्मत गरिएको | सङ्ख्या | | | | | | | | | | |
| प्रतिफल २.५ | सडक पुल भवन लगायतका संरचना निर्माणमा स्थानीय संस्कृति र मौलिकता प्रवर्द्धन भएको हुने | पहिचानयुक्त पर्यटन पूर्वाधार निर्माण नीति | सङ्ख्या | | १ | | | | | १ | ,, | ,, | |
| प्रतिफल २.६ | रणनीतिक महत्वका पदमार्गहरूको पहिचान विकास र सौन्दर्यकरण भएको हुने | पदमार्ग | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | पदमार्ग लम्बाइ | कि. मि. | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.७ | प्राकृतिक तथा सांस्कृतिक पर्यटकीय गन्तव्य र उपजहरूको दिगो उपयोग र संरक्षण भएको हुने | पर्यटन आचार संहिता निर्माण | सङ्ख्या | | १ | | | | | १ | ,, | ,, | |
| | | पर्यटकीय स्थलहरू नियमित मर्मत सम्भार | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.८ | आकर्षक पर्यटन गन्तव्यमा पुग्ने सडक तथा पदमार्गहरू बाह्रै महिना सञ्चालनमा आएको हुने | पर्यटन गन्तव्यमा पुग्ने सडकको स्तरोन्नति भएको | कि. मि. | | | | | | | | ,, | ,, | |
| | | पदमार्गको स्तरोन्नति भएको | कि. मि. | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.९ | पर्यटन वस्तुहरूको प्रवर्द्धनका लागि प्रचार सामग्री निर्माण र प्रचार प्रसार भएको हुने | स्थानीय रेडियो तथा सामाजिक सञ्जाल मार्फत प्रचार प्रसार | प्याकेज | | | | | | | | ,, | ,, | |
| | | डकुमेन्ट्री सङ्ख्या | सङ्ख्या | | १ | | | १ | | २ | | | |
| प्रतिफल २.१० | बजारीकरणका लागि स्थानीय पर्यटन व्यवसायीहरू र ट्राभल एजेन्सीसँग सहकार्य भएको हुने | सहकार्य भएको पर्यटन व्यवसायी र ट्राभल एजेन्सी | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.११ | पर्यटकहरूलाई बिक्री गरिने कोसेली उत्पादन गर्न स्थानीयबासी प्रोत्साहित भएको हुने | कोसेली घरको स्थापना र सञ्चालन | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| असर ३ | पर्यटन मार्फत आय र रोजगारीमा उल्लेखनीय वृद्धि भएको हुने | होम स्टे | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | पर्यटन क्षेत्रमा सिर्जित रोजगारी | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ३.१ | पर्यटकको बसाइ लम्ब्याउने र खर्च बढाउन पालिकाभित्रका पर्यटन गन्तव्यहरूको एकीकृत प्याकेज निर्माण भएको | पर्यटन प्याकेज | सङ्ख्या | | ० | १ | ० | १ | ० | २ | | | |
| | | पर्यटकहरूको सरदर बसाइ दिन | दिन | | | | | | | | | | |
| प्रतिफल ३.२ | विभिन्न समुदायको छुट्टा छुट्टै होमस्टे स्थापना तथा सञ्चालन भएको हुने | विभिन्न समुदायले सञ्चालन गरेको होम स्टे | सङ्ख्या | २ | १ | १ | ० | ० | ० | ४ | ,, | ,, | |

## ४.४ उद्योग, वाणिज्य तथा आपूर्ति

### ४.४.१ पृष्ठभूमि

भीरकोट नगरपालिकाको अधिकांश भूभाग पहाडी भिरालो धरातल भएकोले यहाँ मुख्य बजारका रूपमा बयरघारी बजार बाहेक केवल साना बजार केन्द्र रहेका छन् भने ठुलो शहरी बस्ती छैन । यस बाहेक नगरपलिकाबाट नजिकका ठुला बजार केन्द्रहरू मध्ये सबैभन्दा नजिक वालिङ रहेको छ । पोखरा, स्याङ्जा, वालिङ, गल्याङ, तानसेन, बुटवल, भैरहवा र नारायणघाट जस्ता शहरसँग सिद्धार्थ राजमार्ग मार्फत सहज सडक सञ्जालले जोडिएकोल छ । यहाँ विरुवा गाउँपालिका र चापाकोट नगरपालिका अन्तर्गतका स्थानीय बजारसम्म पनि सडक सञ्जाल मार्फत जोडिएको हुँदा बयरघारी बजारसँग थोक तथा खुद्रा व्यापारको व्यापारिक सम्बन्ध जोडिएको छ । यसका साथै साना साना होटल रेष्टुरेण्टहरू पनि सञ्चालनमा छन् । यहाँ उद्योगको हकमा केही साना साना कुटानी पिसानी मिलहरू बाहेक उल्लेख्य ठुला उद्योगहरू छैनन् । कृषि तथा पशुपन्छीपालनका केही व्यावसायिक फर्महरू मात्र सञ्चालनमा छन् । अधिकांश घरपरिवार कृषि तथा पशुपन्छीपालन कार्यमा संलग्न भएको भएपनि परम्परागत र निर्वाहमुखी रूपमा यस पेशामा संलग्न छन् । व्यावसायिक रूपमा यो पेशामा लाग्नेहरू नगण्य मात्रामा छन् ।

अर्थतन्त्र मजबुत हुन व्यापार भन्दा बढी उद्योग क्षेत्रको विकास आवश्यक छ । यहाँ स्थानीयस्तरमा उपलब्ध हुने कृषिपशुपन्छीजन्य तथा अन्य कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योगहरू सञ्चालन गर्न सकिने प्रबल सम्भावना छ । खासगरी कृषि तथा पशुपन्छीजन्य पदार्थको प्रशोधन उद्योगहरू स्थापना गर्न सकिएमा कृषि तथा पशुपन्छीवन्य स्थानीय उत्पादनको बजार उपलब्ध भई उत्पादनमा प्रोत्साहन पुग्न सक्ने देखिन्छ । उद्योग स्थापना भन्दा व्यापार व्यवसायको स्थापना सहज हुन्छ । उद्योग स्थापनाका लागि लगानीकर्ताहरूलाई आकर्षित गर्न नगरपालिकाले लगानीमैत्री वातावरण सिर्जना गर्नुपर्ने हुन्छ ।

### ४.४.२ विद्यमान अवस्था, सबल पक्ष दुर्बल पक्ष, अवसर र चुनौती

**(१) विद्यमान अवस्था**

राष्ट्रिय जनगणना,२०७८ अनुसार यहाँको झण्डै ७० प्रतिशत जनसङ्ख्या कृषि पेशामा लागेका छन् । कृषि बाहेकको व्यवसाय/पेशामा लाग्ने घरपरिवार ३० प्रतिशत छन् । जसमध्ये थोक तथा खुद्रा व्यापार र सवारी साधन मर्मतमा संलग्न १०.५ प्रतिशत, निर्माण क्षेत्रमा संलग्न ५.१ प्रतिशत, सेवा क्षेत्रमा संलग्न ३.१ प्रतिशत, शिक्षा क्षेत्रमा संलग्न ३.० प्रतिशत, यातायात तथा भण्डारण क्षेत्रमा संलग्न २.३ प्रतिशत, औद्योगिक उत्पादन क्षेत्रमा संलग्न १.३ प्रतिशत रहेका छन् । विदेशमा रहेका मध्ये ८५.१ प्रतिशत जनसङ्ख्या कामको लागि विदेश गएका छन् । कुल जनसङ्ख्याको ६८.२ प्रतिशत घरायसी कार्यमा संलग्न रहेको देखिन्छ ।

राष्ट्रिय कृषिगणना,२०७८ अनुसार यहाँको ७५.६ प्रतिशत कृषक परिवारको आम्दानीको मुख्य स्रोत कृषि रहेको छ । अधिकांश जनसङ्ख्या कृषि पेशामा संलग्न रहेको र अन्य वैकल्पिक क्षेत्रहरूमा स्थान्तरण गर्न नसक्दा कृषि क्षेत्रमा जनसङ्ख्याको चाप रहेको देखिन्छ । भीरकोट नगरपालिकामा कृषि उत्पादनबाट भएको आम्दानीले मात्र वर्षभरि परिवारलाई खान नपुग्ने कृषक परिवार ६४ प्रतिशत रहेका छन् । आफ्नो उत्पादन पूर्ण रूपमा बिक्री गर्ने घरपरिवार जम्मा ०.२८ प्रतिशत रहेको र आफ्नो कृषि उत्पादनको केही अंशमात्र बिक्री गर्ने घरपरिवार १०.९ प्रतिशत मात्र रहेकोले धैरै जसोले दैनिक उपभोग्य वस्तुहरू बजारबाट नै खरिद गर्ने गरेको देखिन्छ । कृषि क्षेत्रमा व्यापक आधुनिकीकरण तथा व्यवसायीकरण गर्न सकिएमा यहाँको अर्थतन्त्रमा ठुलो फड्को मार्न सकिने सम्भावना छ । ग्रामीण क्षेत्रमा कमसल वस्तुहरू आपूर्ति हुने हुनाले जनस्वास्थ्यमा गम्भीर असर पुग्ने अवस्था पनि छ । अतः दैनिक उपभोग्य वस्तुहरू गुणस्तरीय बनाउन नगरपालिकाले बजार अनुगमन कार्यलाई प्रभावकारी बनाउनु पर्ने हुन्छ । नगरपालिकाका कम पहुँच क्षेत्रमा अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरूको आपूर्ति अभाव हुन नदिन सडक

पूर्वाधारहरूको पहुँच दिगो बनाउनु गर्नुपर्ने देखिन्छ।

**(२) सबल पक्ष**

(क) नगरपालिकाका सबै बस्तीहरू सडक सञ्जालबाट जोडिनु;

(ख) स्थानीयस्तरमा उद्यमका लागि कृषिजन्य तथा अन्य कच्चा पदार्थका स्रोत उपलब्ध हुनु;

(ग) सहकारी तथा वित्तीय संस्थाहरूको उपस्थिति हुनु;

**(३) दुर्बल पक्ष**

(क) वर्षायाममा कतिपय बस्तीहरूमा यातायात सञ्चालन हुन नसक्नु;

(ख) अधिकांश आर्थिक रूपले सक्रिय जनशक्तिमा उद्यमशीलताको अभाव हुनु;

(ग) परम्परागत र निर्वाहमुखी कृषि पेशामा लागेकाहरूलाई उद्यम व्यवसायमा आकर्षित गर्न नसक्नु;

(घ) वित्तीय साक्षरता कमजोर हुनु।

**(४) अवसर**

(क) पोखरा, बुटवल जस्ता ठुला शहरहरू नजिक हुनु र राजमार्गद्वारा भारतीय सीमासम्म सहजै जोडिनु;

(ख) उपभोक्तामा अर्गानिक उत्पादनलाई ग्राह्यता दिने मानसिकताको विकास हुनु;

(ग) कृषि क्षेत्रमा रहेको श्रमको चापलाई उद्योग क्षेत्रमा स्थानान्तरण गर्न सकिने अवस्था हुनु।

**(५) चुनौती**

(क) स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना गर्नु;

(ख) पलायन उन्मुख युवाहरूको सोचलाई उद्यमशील बनाउनु;

(ग) कृषि उपजमा आधारित उद्यम सञ्चालन गर्नु;

(घ) गुणस्तरीय उपभोग्य वस्तुको आपूर्ति सुनिश्चित गर्नु।

### ४.४.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको विस्तार, भीरकोटको आर्थिक वृद्धिको आधार"

**लक्ष्य**

स्थानीय स्रोत तथा कच्चा पदार्थमा आधारित उद्योग, वाणिज्यको प्रवर्द्धन गरी जनताको आयस्तरमा वृद्धि गर्ने।

**उद्देश्य**

**१** स्थानीय स्रोत कच्चा पदार्थ सिप र साधनमा आधारित उद्योगहरूको प्रवर्द्धन गर्नु;

**२** उद्योग क्षेत्रमा लगानी वृद्धि गरी रोजगारीको अवसर सिर्जना गर्नु;

**३** गुणस्तरीय वस्तु/सेवा सहज सुलभ र नियमित आपूर्तिको व्यवस्था गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रोत्साहित गर्नु।

### ४.४.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: स्थानीय स्रोत, कच्चा पदार्थ, सिप र साधनमा आधारित उद्योगहरूको प्रवर्द्धन गर्नु** | |
| १.१ स्थानीय स्रोत साधन तथा कच्चा पदार्थमा आधारित थोरै | १.१.१ स्थानीय स्रोत साधन एवं सिपको उपयोग गरी लघु, घरेलु तथा साना उद्योग स्थापना एवं प्रवर्द्धन गरिनेछ; |

| रणनीति | कार्यनीति |
| --- | --- |
| पुँजीबाट छिटो प्रतिफल प्राप्त हुने लघु, घरेलु तथा साना उद्योग स्थापना र प्रवर्द्धन गर्दै आय तथा रोजगारीका अवसर सिर्जना गर्ने | १.१.२ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई विस्तार गरिनेछ;<br>१.१.३ महिला तथा युवाहरूलाई उद्यमशीलता तालिम दिई उद्योग व्यवसायमा लाग्न उत्प्रेरित गरी स्वरोजगार सिर्जना गरिनेछ। |
| **उद्देश्य २: उद्योग क्षेत्रमा लगानी वृद्धि गरी रोजगारीको अवसर सिर्जना गर्नु** | |
| २.१ औद्योगिक पूर्वाधार तयार गरी उद्योग क्षेत्रमा लगानी प्रोत्साहन गर्ने | २.१.१ औद्योगिक ग्रामको स्थापना गरी औद्योगिक पूर्वाधार तयार गरी उद्योगको लाग अनुकूल वातावरण तयार गरिनेछ;<br>२.१.२ उद्योगी व्यवसायी एवं लगानीकर्तालाई उद्योग दर्ता देखि बजारीकरण सम्मका सेवाहरू सहज रूपमा उपलब्ध गराइनेछ;<br>२.१.३ स्थानीय उत्पादनलाई व्यवसायीकरण गर्दै बजारीकरणा र मूल्य अधिवृद्धिमा जोड जोडिनु;<br>२.१.४ उत्पादनको गुणस्तर सुधार र बजार पहुँच सुनिश्चित गरिनेछ। |
| **उद्देश्य ३: गुणस्तरीय वस्तु तथा सेवा सहज, सुलभ र नियमित आपूर्तिको व्यवस्था गर्ने सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रोत्साहित गर्नु** | |
| ३.१ उपभोक्ताको हकहित तथा अधिकार संरक्षण गर्ने | ३.१.१ उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गरिनेछ;<br>३.१.२ उपभोक्ता हकहित प्रवर्द्धनको लागि तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ। |
| ३.२ आपूर्ति व्यवस्थापनलाई सहज बनाउन सहज उत्पादन हुने वस्तु/सेवाको नगरपालिका भित्रै उत्पादन गर्न प्रोत्साहन गर्ने | ३.२.१ आपूर्ति व्यवस्थालाई आत्मनिर्भरतातर्फ उन्मुख गर्न स्थानीयस्तरमा उपभोग/उपयोग हुने सहज रूपमा उत्पादन हुने वस्तु/सेवाको नगरपालिका भित्रै उत्पादन गर्न प्रोत्साहन गरिनेछ;<br>३.२.२ वस्तु तथा सेवाको सहज आपूर्ति सुनिश्चित गर्न र कृत्रिम मूल्य वृद्धि नियन्त्रण गर्न उपभोक्ता तथा सरोकारवालाहरू संलग्न अनुगमन टोलीद्वारा नियमित अनुगमन गरिनेछ। |

## ४.४.५ विस्तृत कार्यक्रम

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष २०८२/८३ | योजनाको कुल लक्ष्य | लक्ष्य २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **क. उद्यम विकास कार्यक्रम** | | | | | | | | | | | | | | | |
| १ | १.१ | १.१.१ | १ | स्थानीय स्रोतसाधनमा आधारित सम्भाव्य लघु उद्यमीहरूलाई उद्यमशीलता तालिम | पटक | पालिका | २ | १० | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **पालिका** |
| | | | २ | स्थानीय उत्पादनको ब्राण्डिङ सम्बन्धी कार्यविधि निर्माण | सङ्ख्या | पालिका | ० | १ | १०० | ० | ० | ० | ० | **१००** | **पालिका** |
| | | | ३ | स्थानीय तरबुजा एवं अन्य उत्पादन ब्राण्डिङ | पटक | पालिका | ० | १ | ३०० | १०० | १०० | १०० | १०० | **७००** | **पालिका** |
| | | १.१.२ | १ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) लाई विस्तार गरी सञ्चालन | पटक | छनोट भएका स्थान | १ | ५ | १९०० | १९०० | १९०० | १९०० | १९०० | **९५००** | **पालिका** |
| | | | २ | लघु उद्यमीहरूको क्षमता र दक्षता अभिवृद्धि (Scale up) | पटक | MEDPA लागु भएको | १ | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | **१५००** | **पालिका** |
| | | १.१.३ | १ | महिला तथा युवाहरूलाई उद्यमशीलता तालिम | सङ्ख्या | पालिका | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| २ | २.१ | २.१.१ | १ | औद्योगिक ग्रामको स्थापना | सङ्ख्या | उपयुक्त क्षेत्र | ० | १ | ५००० | ५००० | २५०० | २५०० | ० | **१५०००** | **प्रदेश/संघ** |
| | | २.१.२ | १ | उद्योग तथा व्यवसाय दर्ता सूचना प्रणालीको विकास | प्याकेज | पालिका | ० | १ | ३०० | ० | ० | ० | ० | **३००** | **पालिका** |
| | | | २ | उद्योग व्यवसाय दर्ता सचेतना कार्यक्रम | पटक | पालिका | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | | २.१.३ | १ | परम्परागत सिप व्यवसायीकरणका लागि तालिम | पटक | पालिका | ० | ५ | १५० | १५० | १५० | १५० | १५० | **७५०** | **पालिका** |
| | | | २ | परम्परागत सिप व्यवसायीकरणका लागि उपयुक्त प्रविधि हस्तान्तरण | पटक | पालिका | ० | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | **१५००** | **पालिका** |
| | | २.१.४ | १ | ठुला बजारमा माग भएका वस्तुहरू उत्पादन गर्ने उद्यमीहरूको सूचीकरण गर्ने र उत्पादन बढाउन थप प्रोत्साहन | पटक | पालिका | ० | ३ | २०० | ० | २०० | ० | २०० | **६००** | **पालिका** |
| | | | २ | महिला तथा सीमान्तकृत उद्यमीहरूलाई उद्यम स्थापना वित्तीय सहयोग | पटक | पालिका | ० | ५ | ५०० | ३०० | २०० | ३०० | १०० | **१४००** | **पालिका** |
| | | | ३ | स्थानीय मौलिक पहिचान झल्किने वस्तु उत्पादन गर्ने उद्यमी प्रवर्द्धन कार्यक्रम | पटक | पालिका | ० | ५ | ५० | ५० | ५० | ५० | ५० | **२५०** | **पालिका** |
| | ३.१ | ३.१.१ | १ | गुणस्तरीय वस्तुको उपभोग सम्बन्धमा उपभोक्ता सचेतना कार्यक्रम | पटक | पालिका | ० | ५ | २५ | २५ | २५ | २५ | २५ | **१२५** | **पालिका** |
| | | ३.१.२ | १ | उपभोक्ता हकहित प्रवर्द्धनका लागि उद्योगी | पटक | पालिका | ० | ३ | ५० | ० | ५० | ० | ५० | **१५०** | **पालिका** |

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष | योजनाको कुल लक्ष्य | लक्ष्य | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| ३ | | | | व्यवसायीहरूलाई तालिम तथा प्रशिक्षण कार्यक्रम | | | | | | | | | | | |
| | ३.२ | ३.२.१ | १ | स्थानीयस्तरमा उपयोग/उपभोग हुने वस्तु उत्पादकलाई ५० प्रतिशत कर छुट दिने | पटक | पालिका | ० | ५ | ० | ० | ० | ० | ० | **०** | **पालिका** |
| | | | २ | उपभोक्ता सहकारी संस्था मार्फत शुपथ मूल्य पसलको व्यवस्था | सङ्ख्या | पालिका | १ | १ | ५० | ५० | ५० | ५० | ५० | **२५०** | **पालिका** |
| | **जम्मा लागत** | | | | | | | | **९९२५** | **८८७५** | **६५२५** | **६३७५** | **३९२५** | **३५६२५** | |
| | **नगरपालिकाको हिस्सा** | | | | | | | | **४९२५** | **३८७५** | **४०२५** | **३८७५** | **३९२५** | **२०६२५** | |
| | **प्रदेश सरकारको हिस्सा** | | | | | | | | **२५००** | **२५००** | **१२५०** | **१२५०** | **०** | **७५००** | |
| | **संघ सरकारको हिस्सा** | | | | | | | | **२५००** | **२५००** | **१२५०** | **१२५०** | **०** | **७५००** | |

## ४.४.६ नतिजा

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| प्रभाव | उद्योग क्षेत्रको विकास भई आय तथा रोजगारी वृद्धि भएको हुने | उद्योग क्षेत्रको आम्दानीमा वृद्धि | प्रतिशत | | | | | | | | | आर्थिक विकास शाखा | |
| | | उद्योग क्षेत्रमा रोजगारीमा वृद्धि | प्रतिशत | | | | | | | | ,, | ,, | |
| असर १ | स्थानीय स्रोत साधनमा आधारित लघु घरेलु तथा साना उद्योग स्थापनाको माहोल सिर्जना भएको हुने | उद्योग दर्ता सङ्ख्या | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | प्रमुख उद्योगमा उपलब्ध रोजगार | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.१ | लघु, घरेलु तथा साना उद्योग स्थापना भई सञ्चालन भएको हुने | लघु, घरेलु तथा साना उद्योग | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.२ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन भएको हुने | MEDPA कार्यक्रम सञ्चालन भएको बस्ती | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | कार्यक्रमबाट सिर्जना भएका उद्यमी | सङ्ख्या | | | | | | | | | | |
| | | कार्यक्रमबाट स्तरोन्नति भएका उद्यमी | सङ्ख्या | | | | | | | | | | |
| प्रतिफल १.३ | लघु उद्यमीहरूको क्षमता विकास भएको हुने | लघु उद्यमीहरूको उत्पादकत्व वृद्धि | | | | | | | | | ,, | ,, | |
| असर २ | उद्योग क्षेत्रमा लगानी प्रोत्साहत गर्न नीतिगत तथा | उद्योग क्षेत्रमा भएको लगानी वृद्धि | प्रतिशत | | | | | | | | ,, | ,, | |

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| | कार्यगत सहजीकरणको व्यवस्था भएको हुने | | | | | | | | | | | | |
| प्रतिफल २.१ | उद्योग क्षेत्रमा लगानी प्रोत्साहन गर्न नीतिगत व्यवस्था भएको हुने | उद्योगमैत्री कानूनको निर्माण | सङ्ख्या | | १ | | | | | १ | ,, | ,, | |
| प्रतिफल २.२ | उद्योग तथा व्यवसाय दर्ता प्रक्रिया सूचना प्रविधिको प्रयोग सहित सरल र सहज भएको हुने | उद्योग तथा व्यवसाय दर्ता प्रक्रियामा सूचना प्रविधिको प्रयोग | सङ्ख्या | | १ | | | | | १ | ,, | ,, | |
| असर ३ | वाणिज्य व्यापार क्षेत्रको विकास र विस्तार भई नगरपालिकाको आर्थिक समृद्धिमा योगदान पुगेको हुने | वाणिज्य क्षेत्रको आम्दानीमा वृद्धि | प्रतिशत | | | | | | | | ,, | ,, | |
| प्रतिफल ३.१ | वाणिज्य तथा व्यापारको प्रवर्द्धन मार्फत ग्रामीण तहसम्म रोजगारी विस्तार भएको हुने | तालिम तथा अनुदान प्राप्त परम्परागत पेशा व्यवसाय | सङ्ख्या | ५ | १० | १० | १५ | २० | २० | ७५ | ,, | ,, | |
| प्रतिफल ३.२ | उच्च माग भएका वस्तुहरूको उत्पादन गर्ने लघु घरेलु तथा साना उद्योगहरूको सूचीकरण भएको हुने | सूचीकृत उद्योग | पटक | | | | | | | | ,, | ,, | |
| प्रतिफल ३.३ | महिला तथा सीमान्तकृत वर्गबाट सञ्चालित उद्योगहरूको बजारीकरणमा सहयोग भएको हुने | महिला तथा सीमान्तकृत वर्गबाट सञ्चालित उद्योग | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ३.४ | स्थानीय कला संस्कृति र मौलिक पहिचान झल्किने वस्तुहरूको उत्पादन भएको हुने | स्थानीय कला संस्कृति र मौलिक पहिचान झल्किने वस्तुहरू उत्पादन गर्ने उद्योग | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| असर ४ | गुणस्तरीय वस्तु तथा सेवा सहज सुलभ र नियमित रूपमा आपूर्ति हुने व्यवस्था भएको हुने | वस्तु तथा सेवा सहज सुलभ र नियमित रूपमा आपूर्ति छ भनी विश्वास गर्ने उपभोक्ता | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ४.१ | उपभोगयोग्य मिति बिक्रीमूल्य सम्बन्धी सूचना प्रवाह भएको हुने | मूल्य सूची टाँस भएको पसल | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ४.२ | उपभोक्ता सचेत भएको हुने | उपभोक्ता सचेतना कार्यक्रममा सहभागी | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ४.३ | सहजरूपले स्थानीयस्तरमा उत्पादन भई स्थानीयस्तरमा नै खपत हुने वस्तुको उत्पादन भएको हुने | उपभोक्ता सहकारी संस्था मार्फत सुपथ मूल्य पसल | सङ्ख्या | | | १ | | | | १ | ,, | ,, | |

## ४.५ सहकारी तथा वित्तीय संस्था

### ४.५.१ पृष्ठभूमि

आर्थिक विकासमा पुँजीको महत्वपूर्ण भूमिका हुन्छ। पुँजीबिना कुनैपनि आर्थिक क्रियाकलापको कल्पना गर्न सकिंदैन। आफूसँग भएको पुँजीले मात्र उद्योग व्यवसाय वा अन्य कुनै आर्थिक क्रियाकलाप सञ्चालन गर्न पर्याप्त नहुन सक्छ। पुँजीको यो न्यूनता (माग) को आपूर्ति वित्तीय क्षेत्र (बैंक, सहकारी, लघुवित्त, वित्तीय संस्था) बाट हुन्छ। भीरकोट नगरपालिकामा ४ वटा बैंक रहेको र बैंकिङ् प्रक्रिया पूरा गरी ऋण प्राप्त गर्न साना व्यवसायी तथा साना कृषकहरूको क्षमताले नभ्याउन सक्छ। यसका लागि आफै सदस्य रहेर सञ्चालनमा ल्याएको सहकारी उपयुक्त हुन्छ। खासगरी साना पुँजी लगानीमा सञ्चालन हुने व्यवसायहरूको लागि सहकारी अत्यन्त उपयुक्त हुन सक्छ। सहकारीलाई अर्थतन्त्रको सरकारी र निजी सरहको एक महत्वपूर्ण आधारस्तम्भको रूपमा मानिएको छ। सहकारी कानून, सहकारीको सिद्धान्त, मूल्य, मान्यताको भावना अनुरूप यस क्षेत्रमा छरिएर रहेका श्रम, सिप, पुँजी, प्रविधि र ज्ञानलाई उत्पादनशील क्षेत्रमा परिचालन गरी गरिबी न्यूनीकरण, स्वरोजगारी तथा उत्पादनमूलक रोजगारीको सिर्जना, सामाजिक एकीकरण तथा वातावरण संरक्षण, उत्पादन तथा उत्पादकत्व वृद्धि गर्दै आयमा वृद्धि गर्न सहकारीको भूमिका हुन्छ।

### ४.५.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती

**(१) विद्यमान अवस्था**

भीरकोट नगरपालिकामा ग्रामीण क्षेत्र समेत भएकोले यहाँ बैंकिङ् क्षेत्रको लगानी विस्तार हुन सहज छैन। यहाँ ४ वटा बैंक रहेका छन् भने ६ वटा लघु वित्तहरू क्रियाशील छन्। यहाँ ठुला लगानीकर्ताहरू न्यून रहेकाले सहकारी संस्था यहाँको लागि उपयुक्त वित्तीय संस्था हुन सक्छ। यसले साना लगानीकर्ताहरूको वित्तीय समस्या समाधान गर्न सक्छ। सरकारले सहकारीलाई अर्थतन्त्रको तेस्रो खम्बाको रूपमा स्वीकार गरेको छ। सहकारीको सिद्धान्त मूल्य र मान्यता बमोजिम परिचालन गर्न सकिएमा उत्पादन क्षेत्रका साना लगानीकर्ताहरूलाई पुँजी व्यवस्थापन गर्न सहज हुने देखिन्छ। यस नगरपालिकामा दर्ता भै सञ्चालनमा रहेका सहकारी संस्थाहरूको संख्य २३ रहेको छ, जसले स्थानीय आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पार्दै आएको छ। यी सहकारी संस्थाहरूले स्थानीयस्तरमा बचत र ऋण सुविधा प्रदान गरी उद्यमशीलता बढाउन मद्दत गरीरहेको छ। यदि सहकारी संस्था लगायतका वित्तीय संस्थाहरूको सुदृढीकरण र पुँजी पहुँचलाई अझ व्यापक गर्न सकिएमा स्थानीय व्यवसाय, कृषि तथा अन्य उद्यमहरूलाई थप प्रवर्द्धन गर्न सकिनेछ। सहकारीको सिद्धान्त मूल्य र मान्यता बमोजिम परिचालन गर्न सकिएमा उत्पादन क्षेत्रका साना लगानीकर्ताहरूलाई पुँजी व्यवस्थापन गर्न सहज हुने देखिन्छ।

**(२) सबल पक्ष**

(क) नगरपालिकामा बैंक सहकारी तथा अन्य वित्तीय संस्थाहरू हुनु;
(ख) सहकारी तथा वित्तीय संस्थाहरूको बारेमा आम नागरिकमा चेतना बढ्दै जानु;
(ग) सहकारी संस्था दर्ता तथा नियमन गर्ने अधिकार नगरपालिकालाई हुनु;
(घ) व्यक्ति तथा समूहहरू सहकारीमा आबद्ध हुन सक्ने अवस्था हुनु;
(ङ) विपन्न व्यक्ति पनि सहकारी संस्थाको सदस्य बन्न पाउने अवस्था हुनु।

**(३) दुर्बल पक्ष**

(क) आम नागरिकमा सहकारीको उपयोग र उपादेयता बारेमा पर्याप्त जानकारी नहुनु;
(ख) नगरपालिकामा सहकारी तथा वित्तीय संस्थाको उपस्थिति न्यून हुनु;

(ग) सहकारी संस्थाहरू सहकारीको नीति, सिद्धान्त र मान्यता अनुसार सञ्चालन नहुनु;

(घ) सहकारी क्षेत्रको पुँजी उत्पादनशील क्षेत्रमा लगानी परिचालन हुन नसक्नु ।

**(४) अवसर**

(क) सहकारी दर्ता, नियमन तथा व्यवस्थापन सम्बन्धी कानून बनाई व्यवस्थापन गर्न सकिने अधिकार नगरपालिकालाई हुनु;

(ख) सहकारी क्षेत्रको पुँजी उत्पादनशील क्षेत्रमा परिचालन गर्न सकिने;

(ग) निजी क्षेत्र र सहकारी क्षेत्र बिच सहकार्य वृद्धि हुँदै जानु;

(घ) सहकारी प्रति स्थानीय नागरिहरूको आबद्धता र चासो बढ्दै जानु;

(ङ) सानासाना बचत प्रोत्साहन हुनु;

(च) सहज र सरल प्रक्रियाबाट पुँजीमा सबैको पहुँच स्थापित हुनु;

(छ) सहकारी सञ्चालकहरू उत्पादनशील क्षेत्रमा लगानी गर्न उत्सुक हुनु ।

**(५) चुनौती**

(क) साना बचतकर्ताको बचत सुरक्षित हुने सुनिश्चतता गर्नु;

(ख) सहकारी क्षेत्रको पुँजी उत्पादनशील क्षेत्रमा परिचालन गर्नु;

(ग) सहकारी तथा वित्तीय क्षेत्रको नियमन गर्नु ।

### ४.५.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"सहकारीको परिचालन, समृद्धिमा टेवा"

**लक्ष्य**

स्थानीय श्रम, सिप, पुँजी, प्रविधि, ज्ञान र बजारको अधिकतम परिचालनमा सहकारीको योगदान सुनिश्चित गर्ने ।

**उद्देश्य**

**१** सहकारी क्षेत्रमा सुशासन कायम गर्नु;

**२** सहकारीको स्रोत पहिचान गरी उत्पादनको क्षेत्रमा लगानी गर्नु;

**३** स्वरोजगार एवं रोजगार सिर्जना गरी गरिबी न्यूनीकरण गर्नु ।

### ४.५.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: सहकारी क्षेत्रमा सुशासन कायम गर्नु** | |
| १.१ नीति, कानून र संस्थागत संरचनाको व्यवस्था गर्ने | १.१.१ सरकारी सम्बन्धी स्थानीय नीति कानून तथा मापदण्ड तर्जुमा गरिनेछ;<br>१.१.२ सहकारी शाखा स्थापना गरी प्रशिक्षण, नियमन तथा सूचना प्रणाली प्रयोगमा ल्याइनेछ । |
| **उद्देश्य २: सहकारीको स्रोत पहिचान गरी उत्पादनको क्षेत्रमा लगानी गर्नु** | |
| २.१ लगानीको सम्भाव्य क्षेत्र पहिचान गर्ने | २.१.१ सहकारी क्षेत्रसँग समन्वय तथा सहकार्य गरी स्थानीय श्रम, सिप, पुँजी, प्रविधि ज्ञान र बजारको साथै लगानीको क्षेत्र पहिचान गरिनेछ । |
| २.२ उत्पादन क्षेत्रमा लगानी अभिवृद्धि गर्ने | २.२.१ सहकारी खेती, उद्योग, सेवा र व्यवसायको विकास तथा प्रवर्द्धन गरिनेछ;<br>२.२.२ सहकारीको माध्यमबाट कृषि क्षेत्रको व्यवसायीकरणमा प्रवर्द्धन गरिनेछ र एक सहकारी एक उत्पादन नीतिलाई कार्यान्वयन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य ३: स्वरोजगार एवं रोजगार सिर्जना गरी गरिबी न्यूनीकरण गर्नु** | |
| ३.१ आर्थिक/सामाजिक रूपमा पछिपरेका व्यक्ति तथा समुदायको सहकारीमा पहुँच वृद्धि गर्ने | ३.१.१ विपन्न तथा पिछडिएका बञ्चितिकरणमा परेका वर्ग क्षेत्र र समुदायको पहिचान गरिनेछ;<br>३.१.२ विपन्न महिला, सीमान्तकृत, गरिब, अपाङ्गता भएका व्यक्ति, भूमिहीन तथा पिछडिएको समुदाय र श्रमिकको सहकारीमा पहुँच विस्तार गरिनेछ। |
| ३.२ व्यवसायी युवा तथा लक्षित वर्गले सञ्चालन गर्ने सहकारी र व्यवसायको उत्थान तथा प्रवर्द्धनमा सहयोग गर्ने | ३.२.१ युवा, महिला, गरिब सीमान्तकृत अपाङ्गता भएका व्यक्ति भूमिहीन तथा पिछडिएका वर्ग र श्रमिकको जीवनस्तरमा सुधार ल्याउन सहकारी पद्धतिको व्यवसायमा पहुँच वृद्धि गरिनेछ। |

## ४.५.५ विस्तृत कार्यक्रम

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष | योजनाको कुल लक्ष्य | लागत (रु हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| **क. वित्तीय क्षेत्र विकास कार्यक्रम** | | | | | | | | | | | | | | | |
| १ | १.१ | १.१.१ | १ | सहकारी सम्बन्धी नगरपालिकाको नीति एवं कानूनहरूको तर्जुमा | सङ्ख्या | पालिका | ० | २ | १०० | ० | **०** | **०** | **०** | **१००** | **पालिका** |
| | | १.१.२ | १ | सहकारी सम्बन्धी सूचना प्रणाली (COPOMIS) सञ्चाल तालिम | पटक | पालिका | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | | | २ | सहकारी सचेतना, पूर्व सहकारी शिक्षा, सशक्तीकरण, दिगो जीविकोपार्जन, संस्था गठन, सञ्चालन र विकास समबन्धी सहकारी शिक्षा र तालिम | पटक | पालिका | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | | | ३ | सहकारी संघसंस्था सम्बन्धित तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन, निष्क्रिय सहकारी पहिचान तथा खारेजी | पटक | पालिका | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| २ | २.१ | २.१.१ | १ | लगानी क्षेत्रको पहिचानको लागि अध्ययन | सङ्ख्या | पालिका | ० | १ | १०० | ० | **०** | **०** | **०** | **१००** | **पालिका** |
| | २.२ | २.२.१ | १ | उत्पादन सङ्कलन प्रशोधन तथा बजारीकरण गर्ने सहकारीलाई तालिम तथा प्रविधि सहयोग | पटक | पालिका | ० | २ | ० | १०० | ० | १०० | ० | **२००** | **पालिका** |
| | | | २ | उत्कृष्ट कार्य गर्ने सहकारीलाई पुरस्कृत गर्ने | पटक | पालिका | ० | ५ | ५० | ५० | ५० | ५० | ५० | **२५०** | **पालिका** |
| | | २.२.२ | १ | एक सहकारी एक उत्पादनको लागि आवश्यक सहयोग, सङ्कलन, प्रशोधन, बजार व्यवस्थापनमा सहयोग | पटक | पालिका | १ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **पालिका** |
| ३ | ३.१ | ३.१.१ | १ | विपन्न तथा पिछडिएका, बञ्चितिकरणमा परेका वर्ग, क्षेत्र र समुदायको पहिचान | पटक | पालिका | ० | १ | १०० | ० | ० | ० | ० | **१००** | **पालिका** |
| | | ३.१.२ | १ | सहकारी दर्तामा सहजीकरण तथा सहकारीमा आवद्धता | पटक | पालिका | नियमित | नियमित | ५० | ५० | ५० | ५० | ५० | **२५०** | **पालिका** |
| | ३.२ | ३.२.१ | १ | माग र आवश्यकताका आधारमा सहयोग (सिपमूलक तालिम, प्रविधि तथा प्राविधिक सहयोग) | पटक | पालिका | १ | २ | ० | ४०० | ० | ४०० | ० | **८००** | **पालिका** |
| | **जम्मा** | | | | | | | | **१२००** | **१४००** | **९००** | **१४००** | **९००** | **५८००** | **पालिका** |
| | **पालिकाको हिस्सा** | | | | | | | | **१२००** | **१४००** | **९००** | **१४००** | **९००** | **५८००** | |

## ४.५.६ नतिजा

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| प्रभाव | स्थानीय श्रम, सिप, पुँजी, प्रविधि, ज्ञान र बजारको परिचालन मार्फत उत्पादन र उत्पादकत्व वृद्धि भई जनताको आयस्तरमा सुधार भएको हुने | उत्पादन क्षेत्रमा सहकारीको लगानी वृद्धि | प्रतिशत | | | | | | | | सर्वेक्षण प्रतिवेदन | सहकारी शाखा | |
| | | खाद्यान्नको उत्पादकत्वमा वृद्धि | टन/हे | | | | | | | | | | |
| असर १ | सहकारी क्षेत्रमा सुशासन कायम भएको हुने | हैसियत बिग्रेको सहकारी | सङ्ख्या | | | | | | | | वार्षिक प्रतिवेदन | ,, | |
| | | COPOMIS प्रयोग गर्ने सहकारी | सङ्ख्या | | | | | | | | | ,, | |
| प्रतिफल १.१ | सहकारी सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा भएको हुने | सहकारी समबन्धी नीति, कानून र मापदण्ड तर्जुमा | सङ्ख्या | | २ | ० | ० | ० | ० | २ | ,, | ,, | |
| | | सहकारी शाखाको स्थापना | सङ्ख्या | | १ | ० | ० | ० | ० | १ | ,, | ,, | |
| प्रतिफल १.२ | प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास भई सहकारी क्षेत्रमा कानून, सिद्धान्त, मूल्य, मान्यता परिपालनामा जनचेतना अभिवृद्धि भएको हुने | सहकारी शिक्षा र तालिम | पटक | | १ | ० | १ | ० | १ | ३ | ,, | ,, | |
| | | निष्क्रिय सहकारी पहिचान तथा खारेजी | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| असर २ | सहकारीको स्रोत पहिचान भई उत्पादन क्षेत्रमा लगानी भएको हुने | उत्पादन क्षेत्रमा लगानी गरेको सहकारी | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.१ | सहकारीको माध्यमबाट कृषि क्षेत्रको व्यवसायीकरणमा सहयोग पुगेको हुने | लगानी क्षेत्रको पहिचान अध्ययन | सङ्ख्या | | १ | ० | ० | ० | ० | १ | ,, | ,, | |
| | | उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने पुरस्कृत सहकारी | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | उत्पादन/सङ्कलन /प्रशोधन, बजारीकरण गर्ने सहकारी | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.२ | एक सहकारी एक उत्पादनको नीति कार्यान्वयन भएको हुने | विशेष प्रोत्साहन प्राप्त उत्पादनमूलक सहकारी | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| असर ३ | स्वरोजगार/रोजगार सिर्जना भई गरिबी न्यूनीकरणमा सहयोग पुगेको हुने | स्वरोजगार | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | रोजगारमा वृद्धि | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ३.१ | विपन्न तथा पिछडिएका बञ्चितीकरणमा परेका वर्ग क्षेत्र र समुदायको पहिचान भएको हुने | विपन्न/पिछडिएका/बञ्चिती करणमा परेका वर्ग/क्षेत्र/समुदाय | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ३.२ | विपन्न महिला, सीमान्तकृत, गरिब, अपाङ्गता भएका व्यक्ति ,भूमिहीन तथा पिछडिएको समुदाय र श्रमिकको सहकारीमा पहुँच भएको हुने | लक्षित वर्गको लागि सञ्चालित सहकारी | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ३.३ | युवा/महिला/सीमान्तकृत/विपन्न/अपाङ्ग/श्रमिक /पिछडिएको वर्गको जीवनस्तरमा सुधार ल्याउन सहकारी पद्धतिको व्यवसायमा पहुँच बढेको हुने | प्राविधिक सहयोग वा सहभागितामा आधारित पुँजीगत अनुदान प्राप्त लक्षित वर्ग | सङ्ख्या | | | | | | | | ,, | ,, | |

## ४.६ भूमि व्यवस्था

### ४.६.१ पृष्ठभूमि

संविधानले व्यवस्था गरेको सम्पत्तिको हक, खाद्य सुरक्षा र खाद्य सम्प्रभुताको हक र भूमिहीनहरूको हक कार्यान्वयन गर्न तथा दिगो विकासले निर्दिष्ट गरेको लक्ष्य हासिल गर्न उपलब्ध सीमित भूमि तथा भूमिस्रोतको संरक्षण र यसबाट प्राप्त हुने लाभलाई न्यायोचित रूपमा वितरण तथा प्रभावकारी व्यवस्थापन गर्न आवश्यक छ। भूमिको समुचित उपयोग सुनिश्चित गर्न भूमि वर्गीकरण एवं भू-उपयोग योजना तयार गरी कृषक वर्गको भूमिमा पहुँच बढाई यस क्षेत्रमा लगानी अभिवृद्धि गर्दै जानुपर्ने हुन्छ। खाद्य सम्प्रभुता अधिकार सुनिश्चित गर्न जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गर्नुपर्ने हुन्छ। भूमिहीनहरूको पहिचान गरी बसोबासको समुचित व्यवस्थापन तथा जीविकोपार्जनको प्रबन्ध गर्दै सामाजिक न्याय र समृद्धिका लागि भूमिको वैज्ञानिक व्यवस्थापन गर्ने र अव्यवस्थित बसोबासीको उचित व्यवस्थापन गरी भूमि सम्बन्धी सबै समस्याको समाधान गर्न जरुरी छ। साथै आधुनिक प्रविधिको प्रयोग मार्फत नापनक्सामा शुद्धता कायम गरी जग्गा प्रशासनलाई व्यवस्थित गर्न आवश्यक छ।

### ४.६.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती

**(१) विद्यमान अवस्था**

जमिनको प्रकृति अनुसार उपयोग गर्न सकिएमा अधिकतम लाभ लिन सकिन्छ। हाल भूउपयोग ऐन, २०७६ लागु भैसकेको छ र सोही बमोजिम नगरपालिकाको जग्गा वर्गीकरण गर्ने कार्य पनि सम्पन्न भैसकेको छ। सोही वर्गीकरण अनुसार भूउपयोगको व्यवस्था कडाइका साथ कार्यान्वयन गरिनेछ। कृषि भूमिको उत्पादकत्व बढाई उच्चतम उपयोग गरी नगरपालिकाको समृद्धि हासिल गर्नेतर्फ विशेष ध्यान दिइनु जरुरी छ। अन्यत्र जस्तै यहाँपनि भूमिहीन तथा अव्यवस्थित बसोबासी रहेकाले भूमि आयोगको सक्रियता बढाई यथाशीघ्र दलित भूमिहीन तथा भूमिहीनलाई कानून बमोजिम जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्नुपर्ने अवस्था छ। नगरपालिकाले प्राथमिकतापूर्वक उक्त कार्य सम्पन्न गर्नुपर्नेछ।

**(२) सबल पक्ष**

(क) भूउपयोग ऐन २०७६ अनुसार जग्गाको वर्गीकरण भै सक्नु;

(ख) भूमि सम्बन्धी समस्या समाधान आयोगबाट लगत सङ्कलन गर्ने, नापजाँच गर्ने तथा जग्गा उपलब्ध गराउने सम्बन्धी कार्य प्रारम्भ हुनु।

**(३) दुर्बल पक्ष**

(क) नागरिकहरूमा जग्गा वर्गीकरण र उपयोग सम्बन्धी ज्ञानको कमी;

(ख) कृषि भूमिको गैरकृषि कार्यमा प्रयोग हुनु;

(ग) भूमि सम्बन्धी समस्या समाधान आयोगको कार्य सुस्त हुनु र भूमि आयोगका पदाधिकारी परिवर्तन भै रहनु;

(घ) अव्यवस्थित बसोबास र सार्वजनिक जग्गा अतिक्रमण बढ्दै जानु।

**(४) अवसर**

(क) भूमिहीन नगरपालिकावासीलाई जग्गा उपलब्ध गराउन भूमि सम्बन्धी समस्या समाधान आयोगले कार्य प्रारम्भ गर्नु;

(ख) जमिनको वर्गीकरण अनुसार उपयोगमा केन्द्रित हुन सकिने अवस्था बन्नु,

(ग) सार्वजनिक जग्गाको संरक्षण गर्न सकिने अवस्था तयार हुनु;

(घ) अव्यवस्थित बसोबासी समस्या समाधान हुने अवस्था रहनु;

(ङ) कृषि भूमिको संरक्षण हुने अवस्था बन्नु ।

**(५) चुनौती**

(क) वर्गीकरणको प्रयोजन अनुसार जमिनको उपयोग गर्नु;
(ख) भूमिमा सबैको पहुँच स्थापित गर्नु;
(ग) भूमिहीनहरूलाई जग्गा उपलब्ध गराउनु;
(घ) सुरक्षित बस्ती विकास गर्नु;
(ङ) भौतिक पूर्वाधार विकासका लागि भूमिको उपयोग गर्नु;
(च) बाँझो तथा उपयोगमा नभएको जमिन प्रयोगमा ल्याउनु;
(छ) सार्वजनिक जग्गाको संरक्षण गर्नु ।

### ४.६.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"न्यायपूर्ण भूमि व्यवस्थापनको सार, नगर समृद्धिको आधार"

**लक्ष्य**

भूमि र भू-उपयोग प्रणालीलाई व्यवस्थित गरी समृद्धिको संवाहकको रूपमा विकास गर्ने ।

**उद्देश्य**

१ वैज्ञानिक भू-उपयोग प्रणाली लागु गरी भूमिस्रोतको विवेकशील प्रयोगको वातावरण सिर्जना गर्नु;
२ विकास निर्माणका लागि आवश्यक नाप, नक्सा तथा भौगोलिक सूचना सर्वसुलभ बनाउनु;
३ भूमिहीन तथा अव्यवस्थित बसोबास सम्बन्धी समस्या समाधान गर्नु ।

### ४.६.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: वैज्ञानिक भू-उपयोग प्रणाली लागु गरी भूमिस्रोतको विवेकशील प्रयोगको वातावरण सिर्जना गर्नु** | |
| १.१ नगरपालिकाको भू-उपयोग सम्बन्धी नीति, मापदण्ड र योजना निर्माण गर्ने | १.१.१ भू-उपयोग सम्बन्धी नीति, मापदण्ड र योजना निर्माण गरिनेछ;<br>१.१.२ सरकारी तथा सार्वजनिक जग्गा प्रयोग सम्बन्धी नीतिगत व्यवस्था गरिनेछ;<br>१.१.३ भूमिको वर्गीकरण अनुसारको भूउपयोग प्रभावकारी बनाइनेछ । |
| **उद्देश्य २: विकास निर्माणका लागि आवश्यक नाम नक्सा तथा भौगोलिक सूचना सर्वसुलभ बनाउनु** | |
| २.१ भूउपयोग सूचना प्रणालीको विकास गर्ने | २.१.१ भू उपयोग नक्सा तथा तथ्याङ्कको व्यवस्थित अभिलेख तयार गरी राखिनेछ । |
| **उद्देश्य ३: भूमिहीन तथा अव्यवस्थित बसोबास सम्बन्धी समस्या समाधान गर्नु** | |
| ३.१ भूमिहीन तथा भूमिहीन दलितहरूलाई जग्गा उपलब्ध गराउने | ३.१.१ भूमि सम्बन्धी समस्या समाधान आयोगसँग समन्वय गरी भूमिहीन र भूमिहीन दलितहरूलाई मापदण्ड अनुसार जग्गा उपलब्ध गराइनेछ । |
| ३.२ अव्यवस्थित बसोबासीलाई भूस्वामित्व स्थापित गराउने | ३.२.१ भूमि सम्बन्धी समस्या समाधान आयोगसँग समन्वय गरी अव्यवस्थित बसोबासीहरूलाई मापदण्ड अनुसार जग्गाधनी प्रमाणपत्र उपलब्ध गराइनेछ;<br>३.२.२ मापदण्डको प्रतिकूल अतिक्रमण भएका जग्गाहरूबाट अव्यवस्थित बसोबासीलाई हटाइनेछ । |

## ४.६.५ विस्तृत कार्यक्रम

| उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | क्र.सं. | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष | योजनाको कुल लक्ष्य | लागत (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| **क. भूउपयोग व्यवस्थापन कार्यक्रम** | | | | | | | | | | | | | | | |
| १ | १.१ | १.१.१ | १ | जग्गाको वर्गीकरण अद्यावधिक गरी भूउपयोग सम्बन्धी नीति मापदण्ड र योजना निर्माण | प्याकेज | पालिका | ० | १ | १०० | ० | ० | ० | ० | **१००** | **पालिका** |
| | | १.१.२ | १ | सरकारी तथा सार्वजनिक जग्गा प्रयोग सम्बन्धी नीति तर्जुमा | प्याकेज | पालिका | ० | १ | ५० | ० | ० | ० | ० | **५०** | **पालिका** |
| | | १.१.३ | १ | सरकारी तथा सार्वजनिक जग्गा पहिचान, संरक्षण र उपयोग | पटक | पालिका | ० | निरन्तर | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **पालिका** |
| २ | २.१ | २.१.१ | १ | भूमि सम्बन्धी सेवा तथा अभिलेख व्यवस्थापन शाखा स्थापना | सङ्ख्या | पालिका | ० | १ | ३०० | ० | ० | ० | ० | **३००** | **पालिका** |
| | | | २ | भूउपयोग नक्सा तथा तथ्याङ्क अभिलेख तयार गरी नियमित अद्यावधिक गर्ने | पटक | पालिका | १ | ५ | ५०० | २० | २० | २० | २० | **५८०** | **पालिका** |
| ३ | ३.१ | ३.१.१ | १ | निवेदन परेका भूमिहीन तथा भूमिहीन दलितहरूको निवेदन छानबिन तथा यकिन | प्याकेज | पालिका | ० | १ | ३०० | ५० | ५० | ५० | ५० | **५००** | **पालिका** |
| | | | २ | यकिन भएका भूमिहीन तथा भूमिहीन दलितहरूको जग्गा नापजाँचमा सहजीकरण | प्याकेज | | ० | १ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | | | ३ | यकिन भएका भूमिहीन तथा भूमिहीन दलितहरूलाई जग्गा उपलब्ध गराउन सहजीकरण | प्याकेज | | ० | १ | २० | २० | २० | २० | २० | **१००** | **पालिका** |
| | ३.२ | ३.२.१ | १ | निवेदन परेका अव्यवस्थित बसोबासीहरूको मापदण्ड अनुसारको जग्गा यकिन | प्याकेज | | ० | १ | | कार्यनीति ३११ ले समेट्ने | | | | **०** | **पालिका** |
| | | | २ | मापदण्ड अनुसार यकिन भएका जग्गाहरूको नापजाँचमा सहजीकरण | प्याकेज | | ० | १ | | कार्यनीति ३११ ले समेट्ने | | | | **०** | **पालिका** |
| | | | ३ | मापदण्ड अनुसार यकिन भएका अव्यवस्थित बसोबासीहरूलाई नियमानुसार मूल्य तथा दस्तुर लिई जग्गाधनी प्रमाण पत्र उपलब्ध गराउन सहजीकरण | प्याकेज | | ० | १ | | कार्यनीति ३११ ले समेट्ने | | | | **०** | **पालिका** |
| | | ३.२.२ | १ | मापदण्ड अनुसार जग्गाधनी प्रमाण पत्र उपलब्ध गराउन नसकिने नकारात्मक सूचीमा परेका जग्गामा अव्यवस्थित बसोबास गर्नेहरूलाई हटाउने | प्याकेज | | ० | १ | ० | ० | ० | ५० | ५० | **१००** | **पालिका** |
| | **जम्मा** | | | | | | | | **१८७०** | **६९०** | **६९०** | **७४०** | **७४०** | **४७३०** | |
| | **पालिकाको हिस्सा** | | | | | | | | **१८७०** | **६९०** | **६९०** | **७४०** | **७४०** | **४७३०** | |

## ४.६.६ नतिजा

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| प्रभाव | भूमिको वैज्ञानिक वर्गीकरण भई सामाजिक न्यायमा आधारित भूस्वामित्व स्थापना भएको हुने | भूमिहीन जनसङ्ख्या | प्रतिशत | | | | | | | | वार्षिक प्रतिवेदन | नापी शाखा | |
| | | भूमिको वर्गीकरण | सङ्ख्या | | | | | | | | | | |
| असर १ | वैज्ञानिक भूउपयोग प्रणाली लागु भई भूमिस्रोतको विवेकशील प्रयोग भएको हुने | भूउपयोग प्रणालीको विकास | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | भू उपयोग प्रणाली लागु वडा | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.१ | भूउपयोग सम्बन्धी नीति, मापदण्ड र योजना निर्माण भएको हुने | भूउपयोग सम्बन्धी नीति, मापदण्ड र योजना | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.२ | सरकारी तथा सार्वजनिक जग्गाको उपयोग सम्बन्धी नीति तर्जुमा भई सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण हटेको हुने | सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण | रोपनि | | | | | | | | ,, | ,, | |
| असर २ | विकास निर्माणका लागि आवश्यक नाप, नक्सा तथा भौगोलिक सूचना सर्वसुलभ भएको हुने | जग्गा सम्बन्धी नाप नक्सा तथा भौगोलिक सूचना उपलब्धता | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.१ | छुट्टै शाखा स्थापना भई भूउपयोग नक्सा तथ्याङ्क र भूउपयोग सूचना सेवा उपलब्ध भएको हुने | भूमि सम्बन्धी सेवा तथा अभिलेख व्यवस्थापन शाखा स्थापना | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| असर ३ | भूमिहीन तथा अव्यवस्थित बसोबास सम्बन्धी समस्या समाधान भएको हुने | जग्गा प्राप्त गरेका भूमिहीन | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | जग्गाधनी प्रमाणपत्र प्राप्त गरेका अव्यवस्थित बसोबासी | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ३.१ | नगरपालिकाका भूमिहीन तथा दलित भूमिहीनले भूमि सम्बन्धी समस्या समाधान आयोगमार्फत जग्गा प्राप्त गरेको हुने | जग्गा प्राप्त गर्ने भूमिहीन तथा दलित भूमिहीन | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ३.२ | नगरपालिकाका अव्यवस्थित बसोबासीले मापदण्ड अनुसार भूमि सम्बन्धी समस्या समाधान आयोग मार्फत जग्गाधनी प्रमाण पत्र प्राप्त गरेको हुने | जग्गाधनी प्रमाण पत्र प्राप्त अव्यवस्थित बसोबासी | सङ्ख्या | | | | | | | | ,, | ,, | |

## ४.७ सिँचाइ

### ४.७.१ पृष्ठभूमि

राष्ट्रिय जनगणना, २०७८ अनुसार भीरकोट नगरपालिकाको कुल खेतीयोग्य जमिन ११८० हेक्टर मध्ये ५०३.३ हेक्टर (४३ प्रतिशत) मा मात्र सिँचाइ सुविधा उपलब्ध छ । नयाँ कृषि प्रणाली तथा ढाँचाहरूको अभ्यास गर्न र उत्पादकत्व बढाई खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान पुऱ्याउन सिँचाइको मुख्य भूमिका रहने हुँदा सिँचाइ क्षेत्रलाई उच्च प्राथमिकतामा राखी कार्य गर्नुपर्ने हुन्छ ।

### ४.७.२ विद्यमान अवस्था, सबल पक्ष दुर्बल पक्ष अवसर र चुनौती

**(१) विद्यमान अवस्था**

भीरकोट नगरपालिकामा आँधीखोला फाँटमा ठुला सिँचाइ आयोजनाहरू सञ्चालनमा आइसकेका छन् । साना खोला खोल्सीहरूबाट अन्य साना सिँचाइ प्रणालीहरू पनि सञ्चालनमा छन् । हाल सञ्चालनमा रहेका सिँचाइ आयोजनाहरूमा पकान फाँट वृहत् सिँचाइ आयोजना, दहथुम खा.पा. सिँचाइ १, २, ४, लामाखेत सिँचाइ योजना, सिमलचौर सिँचाइ आयोजना, फर्दबास सिँचाइ, छाङ्छाङ्दी सिँचाइ, सामदी सिँचाइ, बराहखोला सिँचाइ, नौबिसे टारी, सेपाह टारी, बलमाटा/ मतेमास/ मुलपानी, रहेका छन् । कुलोका अतिरिक्त फाँट तथा टारी खेतहरूमा साना साना पक्की कच्ची सिँचाइ प्रणालीहरूबाट सिँचाइ सुविधा उपलब्ध छ । भीरकोट नगरपालिकाको कुल खेतीयोग्य जग्गा ११८० हेक्टर मध्ये ५०३.३ हेक्टर अर्थात ४३ प्रतिशत जमिनमा सिँचाइ सुविधा उपलब्ध छ भने कृषक परिवारले चलन गरेको जग्गा १८६६ हेक्टर मध्ये ५०३.३ हेक्टर (२७ प्रतिशत) मा मात्र सिँचाइ सुविधा उपलब्ध छ । ठुला सिँचाइ प्रणालीमा हिउँदको समयमा पानीको मात्रा कम भई सिँचाइ सुविधामा कठिनाइ आउने गरेको छ । सिँचाइ प्रणालीमा सुधार गरी बाह्रै महिना सञ्चालनमा ल्याउन सकिने गरी ठुला सिँचाइ प्रणालीबाट सम्म फाँटहरूमा पानीको उपलब्धता गराउन सकिएमा कृषि क्षेत्रको उत्पादकत्व र उत्पादन दुवै बढाउन सकिने अवस्था छ । यसका अतिरिक्त अन्य खोला किनारका फाँट तथा टारी खेतहरूमा सिँचाइ प्रणाली स्तरोन्नति गर्न सकिएमा र पानीको स्रोतकम हुने स्थानहरूमा सिँचाइका वैकल्पिक प्रविधिहरूको प्रयोग गर्न सकिएमा सिञ्चित क्षेत्र विस्तार हुन गई उत्पादन र उत्पादकत्व बढ्न सक्नेछ ।

**(२) सबल पक्ष**

(क) पानीको स्रोत पर्याप्त मात्रामा उपलब्ध हुनु;
(ख) खेतीयोग्य जमिन उपलब्ध हुनु;
(ग) वैकल्पिक सिँचाइ प्रविधि प्रति चासो बढ्दै जानु ।

**(३) दुर्बल पक्ष**

(क) साना सिँचाइ प्रणालीहरू कच्ची हुनु;
(ख) पहाडी क्षेत्रमा सिँचाइ सुविधा उपलब्ध गराउन नसक्नु;
(ग) सिँचाइका वैकल्पिक उपायहरूमा कृषकहरूलाई आकर्षिक गर्न नसक्नु ।

**(४) अवसर**

(क) ठुला सिँचाइ प्रणालीमा सुधार गर्न सकिएमा बाह्रै महिना सिँचाइ सुविधा सुनिश्चत गर्न सकिने;
(ख) वैकल्पिक सिँचाइ प्रणालीको लाभ लिई पानीको स्रोत कम हुने क्षेत्रमा पनि सिँचाइ सुविधा उपलब्ध गराउन सकिने;
(ग) जलस्रोतको बहुउपयोग विधिबाट खानेपानीको आपूर्ति सँगै सिँचाइ सुविधा विस्तार गर्न सकिने ।

**(५) चुनौती**

(क) बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराउनु;

(ख) पहाडी भिरालो धरातलका कारण सबै कृषि भूमिमा सिँचाइ सुविधा उपलब्ध गराउनु;

(ग) उच्च लागतमा सिँचाइ पूर्वाधार निर्माण गर्नु;

(घ) जटिल एवं खर्चिलो लिफ्टिङ् सिँचाइ प्रणालीबाट सिँचाइ सुविधा विस्तार गर्नु ।

### ४.७.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

'खाद्यान्न उत्पादन र उत्पादकत्व वृद्धिको मूल आधार, दिगो सिँचाइ पूर्वाधार"

**लक्ष्य**

सिँचाइ प्रणाली विकास र कुशल व्यवस्थापन गरी कृषि उत्पादकत्व वृद्धि गर्ने ।

**उद्देश्य**

१ सिञ्चित कृषि क्षेत्रको विस्तार र परम्परागत तथा जीर्ण सिँचाइ पूर्वाधारको सुधार तथा पुनर्स्थापना गर्नु;

२ पहाडी क्षेत्रमा सिँचाइ सुविधाको विस्तार गर्नु;

३ सिँचाइ प्रणाली तथा नदीको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु ।

### ४.७.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: सिञ्चित कृषि क्षेत्रको विस्तार र परम्परागत तथा जीर्ण सिँचाइ पूर्वाधारको सुधार तथा पुनर्स्थापना गर्नु** | |
| १.१ उत्पादन र उत्पादकत्व वृद्धिको सम्भावना रहेका क्षेत्र तथा खाद्य असुरक्षित क्षेत्रलाई प्राथमिकतामा राखेर सिँचाइ प्रणालीको विकास गर्ने | १.१.१ कृषि पकेट क्षेत्र, ब्लक, जोन तथा निजी कृषि फार्ममा आवश्यकताको आधारमा सिँचाइको व्यवस्था गरिनेछ;<br>१.१.२ साना कमाण्ड क्षेत्र भएका क्षेत्रमा एक योजनाले खानेपानी र सिँचाइ दुवै सुविधा पूरा हुने सम्भावना रहेका क्षेत्र पहिचान गरी एकीकृत योजना सञ्चालन गरिनेछ;<br>१.१.३ परम्परागत कृषक कुलोहरू तथा जीर्ण सिँचाइ योजनाहरूको स्तरोन्नति वा आधुनिकीकरण गरी वर्षभरि सिँचाइ सुविधा पुऱ्याइनेछ;<br>१.१.४ कच्ची कुलोलाई पक्की बनाई सिँचाइ सुविधा दिगो बनाउँदै लगिनेछ । |
| **उद्देश्य २: पहाडी क्षेत्रमा सिँचाइ सुविधाको विस्तार गर्नु** | |
| २.१ पहाडी तथा टारहरूको खेतीयोग्य जमिनहरूमा सिँचाइ सुविधाको विस्तार गर्न प्राथमिकता दिने | २.१.१ सतह सिँचाइ सम्भावना नभएका पाखो, बेसी र टारहरूमा विद्युत्‌तथा सोलार लिफ्टिङ सिँचाइ, साना जलाशय तथा पोखरी निर्माण, थोपा सिँचाइ, वर्षात्‌को पानी सङ्कलन गरी सिञ्चित क्षेत्रको व्यापक विस्तार गरिनेछ । |
| **उद्देश्य ३ सिँचाइ प्रणाली तथा नदीको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु** | |
| ३.१ सिँचाइ प्रणालीको व्यवस्थापनको लागि संस्थागत संरचना सुदृढीकरण गर्ने | ३.१.१ जल उपभोक्ता संस्थाहरूको व्यवस्थापन क्षमता अभिवृद्धि गरिनेछ;<br>३.१.२ सिँचाइ योजनाको सञ्चालन र व्यवस्थापनलाई दिगो बनाउन सिँचाइ सेवा शुल्क निर्धारण गरी सङ्कलन गर्ने कार्यलाई कानूनी र प्रक्रियागत व्यवस्था गर्न आवश्यक कानून निर्माण गरिनेछ;<br>३.१.३ ठुला सिँचाइ प्रणालीहरूको मर्मत सम्भार एवं सुधार गरी दिगो सिँचाइ (Green Irrigation) सुविधा उपलब्ध गराइनेछ । |
| ३.२ सिञ्चित क्षेत्रको संरक्षण तथा | ३.२.१ सिँचाइ सुविधा पुगेको भूमिको खण्डीकरण तथा अव्यवस्थित बस्ती विस्तार हुने कार्यलाई |

| रणनीति | कार्यनीति |
|---|---|
| पानीको कुशल प्रयोग दक्षता वृद्धि गर्ने | निरुत्साहित गरिनेछ;<br>३.२.२ सिँचाइ कुशलतापूर्वक प्रयोग गरी उत्पादकत्व बढाउन भूमिका खेल्न सक्ने नयाँ प्रविधिहरूको पहिचान गरी कृषक तथा समुदायलाई हस्तान्तरण गरिनेछ;<br>३.२.३ सिँचाइ सुविधा पुगेका क्षेत्रमा उच्च मूल्यका बाली लगाउन प्रोत्साहन गरिनेछ। |
| ३.३ सिँचाइ आयोजनाहरूको मुहान संरक्षण गर्ने | ३.३.१ मानवीय हस्तक्षेप तथा जलवायु परिवर्तनका कारण आयोजनामा परेको असर न्यूनीकरण गर्ने विभिन्न उपायहरू खोजी गरी अवलम्बन गरिनेछ। |
| ३.४ नदी तथा खोलाहरूको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्ने | ३.४.१ नदी कटान दिगो रूपमा नियन्त्रणको प्रभावकारी व्यवस्थापन गरिनेछ। |

## ४.७.५ विस्तृत कार्यक्रम

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र सं | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष | योजनाको कुल लक्ष्य | लागत (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| **क. सिँचाइ विकास कार्यक्रम** | | | | | | | | | | | | | | | |
| १ | १.१ | १.१.१ | १ | मुख्य कृषि कार्यक्रम (पकेट, ब्लक, जोन, निजी कृषि फर्म) संचालित क्षेत्रमा सिँचाइ कार्यक्रम | पटक | सबै वडा | १ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **पालिका/ प्रदेश** |
| | | १.१.२ | १ | करेसावारी सिचाई कार्यक्रम (धाराबाट खेर गैरहेको र आकाशको पानी पोखरीमा सङ्कलन गरी घरपरिवारका करेसावारीमा सिँचाइ गर्ने) | पटक | सबै वडा | ० | ५ | १०० | ० | १०० | ० | १०० | **३००** | **पालिका** |
| | | १.१.३ | १ | परम्परागत सिँचाइ कुलोहरू तथा जीर्ण सिँचाइ योजनाहरूको मर्मत, सम्भार र सुदृढीकरण | पटक | सबै वडा | नियमित | ५ | २५०० | २५०० | २५०० | २५०० | २५०० | **१२५००** | **पालिका/प्रदेश** |
| | | १.१.४ | १ | कच्चीकुलो पक्की बनाउने अभियान | पटक | सबै वडा | नियमित | ५ | ८००० | ८००० | ८००० | ८००० | ८००० | **४००००** | **पालिका/प्रदेश** |
| २ | २.१ | २.१.१ | १ | बयरघारी छाङ्छाङ्दी बृहत् सिँचाइ योजना स्तरोन्नति | सङ्ख्या | १, २ र ४ नं. वडा | १ | १ | १००० | १००० | १००० | १००० | १००० | **५०००** | **प्रदेश** |
| | | | २ | छाङ्छाङ्दी टारीखेत सिँचाइ योजना | सङ्ख्या | ४ नं. वडा | १ | १ | २००० | २००० | २००० | १००० | १००० | **८०००** | **प्रदेश** |
| | | | ३ | फर्दवास सिँचाइ योजना स्तरोन्नति | सङ्ख्या | १ र २ नं. वडा | १ | १ | ५००० | ५००० | २००० | १००० | १००० | **१४०००** | |
| | | | ४ | पखतखेत सिँचाइ योजना स्तरोन्नति | सङ्ख्या | ३ नं. वडा | १ | १ | ५००० | ५००० | २००० | १००० | १००० | **१४०००** | **पालिका** |
| | | | ५ | नौविसे टारी सिँचाइ चौरासी पाट सिँचाइ योजना | सङ्ख्या | ३ नं. वडा | १ | १ | २००० | २००० | २००० | २००० | २००० | **१००००** | **पालिका** |
| | | | ६ | पकानफाँट बृहत् सिँचाइ योजना स्तरोन्नति | सङ्ख्या | ५ नं. वडा | १ | १ | ५००० | ५००० | ३००० | २००० | १००० | **१६०००** | **पालिका** |
| | | | ७ | सिमलचौर एकुवार आँधिखाल्टा सिँचाइ योजना स्तरोन्नति | सङ्ख्या | ६ नं. वडा | १ | १ | १००० | १००० | १००० | १००० | १००० | **५०००** | **पालिका** |
| | | | ८ | बलमाटा सिँचाइ योजना स्तरोन्नति | सङ्ख्या | ७ नं. वडा | १ | १ | २००० | २००० | ५०० | ५०० | ५०० | **५५००** | **पालिका** |
| | | | ९ | मर्तमास गेजावास सिँचाइ योजना | सङ्ख्या | ७ नं. वडा | १ | १ | २००० | २००० | ५०० | ५०० | ५०० | **५५००** | **पालिका** |
| | | | १० | विरुवा कुडुले ढाँड सिँचाइ योजना स्तरोन्नति | सङ्ख्या | ८ नं. वडा | १ | १ | १००० | १००० | १००० | ५०० | ५०० | **४०००** | **पालिका** |
| | | | ११ | बाहमुरे लामाखेत सिँचाइ योजना | सङ्ख्या | ८ नं. वडा | १ | १ | १००० | १००० | १००० | ५०० | ५०० | **४०००** | **पालिका** |
| | | | १२ | अलैँचेखोला बडहरे सिँचाइ योजना | सङ्ख्या | ८ नं. वडा | १ | १ | १००० | १००० | १००० | ५०० | ५०० | **४०००** | |
| | | | १३ | बेशीखेत सिँचाइ योजना स्तरोन्नति | सङ्ख्या | ९ नं. वडा | १ | १ | २००० | २००० | २००० | १००० | ५०० | **७५००** | **पालिका** |
| | ३.१ | ३.१.१ | १ | जल उपभोक्ता समितिको क्षमता र दक्षता विकास कार्यक्रम | पटक | १ र ४ नं वडा | ० | ३ | १०० | ० | ० | १०० | ० | **२००** | **पालिका** |
| | | ३.१.२ | १ | नगरपालिकाको सिँचाइ प्रणालि व्यवस्थापन कार्यविधि तर्जुमा तथा | सङ्ख्या | सबै वडा | ० | १ | ५० | ० | ० | ० | ० | **५०** | **पालिका** |

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष २०८२/८३ | योजनाको कुल लक्ष्य | लागत (रु. हजारमा) २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | | | | कार्यान्वयन | | | | | | | | | | | |
| | | ३.१.३ | १ | विभिन्न सिँचाइ कुलो निर्माण मर्मत सुधार | पटक | सबै वडा | १ | ५ | १०००० | १०००० | १०००० | १०००० | १०००० | **५००००** | **पालिका** |
| | ३.२ | ३.२.१ | १ | सिँचाइ सुविधा पुगेको भूमिको खण्डकीकरण तथा अव्यवस्थित बस्ती विस्तार नियन्त्रण | कार्यनीति ३१२ मा बन्ने कार्यविधिमा यो व्यवस्था समेटिने | | | | | | | | | | **पालिका** |
| | | ३.२.२ | १ | सिँचाइ पानीको कुशलतापूर्वक प्रयोग गर्न अति उपयोगी हुने नयाँ प्रविधिहरूको खोज गरी तालिम र प्रोत्साहन कार्यक्रम | पटक | सबै वडा | १ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **पालिका** |
| | | ३.२.३ | १ | वर्षभरि सिँचाइ सुविधा पुगेका तर वर्षको १ खेती मात्र भईरहेको ठाउँहरूमा उच्च मूल्य पर्ने कम्तीमा २ खेती गर्न प्रोत्साहन कार्यक्रम | पटक | सबै वडा | ० | २ | ३०० | ० | ३०० | ० | ० | **६००** | **पालिका** |
| | ३.३ | ३.३.१ | १ | जोखिममा रहेका सिँचाइ प्रणालीहरूको मुहान संरक्षण कार्यक्रम | प्याकेज | सबै वडा | १ | २ | १५०० | १५०० | १५०० | १५०० | १५०० | **७५००** | **पालिका** |
| | ३.४ | ३.४.१ | २ | नदी/खोल कटान नियन्त्रण कार्यक्रम | प्याकेज | आवश्यकता अनुसार | १ | ५ | ५००० | ५००० | ५००० | ५००० | ५००० | **२५०००** | **प्रदेश/संघ** |
| | **जम्मा** | | | | | | | | **५८५५०** | **५८०००** | **४७४००** | **४०६००** | **३९१००** | **२४३६५०** | |
| | **पालिकाको हिस्सा** | | | | | | | | **४५०५०** | **४४५००** | **३३९००** | **२८१००** | **२६६००** | **१७८१५०** | |
| | **प्रदेश सरकारको हिस्सा** | | | | | | | | **११०००** | **११०००** | **११०००** | **१००००** | **१००००** | **५३०००** | |
| | **संघीय सरकारो हिस्सा** | | | | | | | | **२५००** | **२५००** | **२५००** | **२५००** | **२५००** | **१२५००** | |

## ४.७.६ नतिजा

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | गुणस्तरीय र भरपर्दो सिँचाइ प्रणालीको विकास तथा कुशल व्यवस्थापन भई कृषि उत्पादन र उत्पादकत्व वृद्धि भएको हुने | खेतीयोग्य जमिन मध्ये सिँचाइ पुगेको जग्गा | प्रतिशत | २७ | २७ | ३० | ३५ | ४० | ४५ | ४५ | अध्ययन प्रतिवेदन | पूर्वाधार शाखा | |
| | | खेतीयोग्य जमिन मध्ये वर्षभरि सिँचाइ सुविधा पुगेको जग्गा | प्रतिशत | २३.४५ | २५ | २७ | २९ | ३१ | ३३ | ३३ | ,, | ,, | |
| असर १ | मुख्य कृषि कार्यक्रम सञ्चालित क्षेत्रमा सिँचाइ सुविधा विस्तार तथा स्तरोन्नति भएको हुने | मुख्य कृषि कार्यक्रम सञ्चालित क्षेत्रमा सिँचाइ सुविधा पुगेको जग्गा | प्रतिशत | | | | | | | | ,, | ,, | |

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| प्रतिफल १.१ | मुख्य कृषि कार्यक्रम सञ्चालित क्षेत्रमा आवश्यकता अनुसार सिँचाइको व्यवस्था भएको हुने | सिँचाइ व्यवस्था भएका मुख्य कृषि कार्यक्रम सञ्चालित क्षेत्र | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.२ | परम्परागत कुलोहरू तथा जीर्ण सिँचाइ योजनाहरू स्तरोन्नति वा आधुनिकीकरण भई वर्ष भरि सिँचाइ सुविधा पुगको हुने | सिँचाइ प्रणालीको मर्मत सम्भार नवीकरण र सुदृढीकरण कार्यक्रम सञ्चालन | हेक्टर | | | | | | | | वार्षिक प्रतिवेदन | ,, | |
| प्रतिफल १.३ | कच्ची कुलाहरू पक्की भै सिँचाइ सुविधा दिगो भएको हुने | कच्चीकुलो पक्की भएको | सङ्ख्या | | | | | | | | वार्षिक प्रतिवेदन | ,, | |
| असर २ | नगरपालिकाका पहाडी खेतीयोग्य जमिनमा सिँचाइ सुविधा विस्तार भएको हुने | सिञ्चित पहाडी तथा टार क्षेत्रफल | हेक्टर | | | | | | | | अध्ययन प्रतिवेदन | ,, | |
| प्रतिफल २.१ | सतह सिँचाइ सम्भावना नभएको पाखो, बेसी र टारहरूमा वैकल्पिक सिँचाइ प्रणालीको प्रयोगबाट सिँचाइ सुविधा पुगेको हुने | थोपा सिँचाइ पुगेको क्षेत्रफल | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | सिँचाइ सुविधा विस्तार तथा दिगो सिँचाइ सुविधा पुगेको क्षेत्रफल | हेक्टर | | | | | | | | | | |
| | | नयाँप्रविधिमा आधारित सिँचाइ कार्यक्रम | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | वर्षाको पानी सङ्कलन पोखरी | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| असर ३ | सिँचाइ प्रणालीको दिगो तथा कुशलतापूर्वक सञ्चालन र व्यवस्थापन भएको हुने | कुल सिञ्चित क्षेत्र मध्ये वर्षभरि सिँचाइ हुने क्षेत्रफल | प्रतिशत | | | | | | | | अध्ययन प्रतिवेदन | ,, | |
| प्रतिफल ३.१ | जल उपभोक्ता समिति सुदृढ भएको हुने | क्षमताअभिवृद्धि तालिम लिएका जल उपभोक्ता समिति | सङ्ख्या | | | | | | | | वार्षिक प्रतिवेदन | ,, | |
| प्रतिफल ३.२ | आयोजनाको दिगो व्यवस्थापनको लागि सिँचाइ सेवा शुल्क सङ्कलन गर्ने कार्य प्रभावकारी भएको हुने | नगरपालिकाको सिँचाइ व्यवस्थापन कार्यविधि निर्माण | सङ्ख्या | | १ | ० | ० | ० | ० | १ | ,, | ,, | |
| प्रतिफल ३.३ | ठुला सिँचाइ प्रणालीहरूको नियमित मर्मत सम्भार एवं सुधार भई सिँचाइ सुविधा दिगो भएको हुने | मर्मत एवं सुधार भएका ठुला सिँचाइ प्रणाली | संख्षा | | | | | | | | | | |
| प्रतिफल ३.४ | पानीको कुशल प्रयोग दक्षता वृद्धि भएको हुने | नयँ प्रविधिको प्रयोग गर्ने सिँचाइ प्रणाली | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ३.५ | वर्षभरि सिँचाइ सुविधा पुगेको क्षेत्रमा कम्तीमा दुई खेती गरिएको हुने | कम्तीमा दुई खेती गरिएको जग्गा | प्रतिशत | | | | | | | | ,, | ,, | |
| प्रतिफल ३.६ | सबै सिँचाइ आयोजनाहरूको मुहान संरक्षण भएको हुने | मुहान संरक्षण गरिएका योजना | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| ३.७ | नदी तथा खोलाहरूको कटानबाट हुने क्षति न्यूनीकरण भई नदी/खोलाको वहाव व्यवस्थित भएको हुने | नदी कटानबाट हुने क्षतिमा आएको कमी | प्रतिशत | | | | | | | | ,, | ,, | |

# परिच्छेद ५: सामाजिक विकास क्षेत्र

## (क) पृष्ठभूमि

सामाजिक क्षेत्र आर्थिक समृद्धिको आधार हो भने आर्थिक समृद्धिको उद्देश्य सामाजिक क्षेत्रको समृद्धि हो । सामाजिक विकास क्षेत्रमा शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, युवा, बालबालिका, महिला, अपाङ्गता, ज्येष्ठ नागरिक, धर्म, कला, संस्कृति, जनसङ्ख्या जस्ता उपक्षेत्रहरू समेटिएका हुन्छन् । आर्थिक विकासको लागि गुणस्तरीय स्वस्थ जनशक्तिको आवश्यकता पर्दछ भने आर्थिक समृद्धि बिना सामाजिक क्षेत्रको विकास प्राय असम्भव हुन्छ । विपन्नताले सामाजिक कुरीति, विसंगति, असमानता, भेदभाव जस्ता विषयहरू मौलाउँछन् । अतः आर्थिक समृद्धिका लागि सामाजिक समानता, गुणस्तरीय शिक्षा, पहुँचयोग्य स्वास्थ्य सुविधा, सामाजिक समावेशीकरण, सामाजिक सद्भाव आवश्यक पर्दछ । आर्थिक वृद्धि मात्र समृद्ध समाजको सूचक हुन सक्दैन । समृद्धि भनेको आर्थिक तथा सामाजिक क्षेत्रमा समग्रमा हासिल हुने विकास हो । त्यसैले सामाजिक समृद्धि सबै तहका सरकारका प्राथमिकता क्षेत्र हुन् ।

## (ख) विद्यमान अवस्था, अवसर र सम्भावना

भीरकोट नगरपालिका जातीय, भाषिक, धार्मिक, सांस्कृतिक विविधतायुक्त नगरपालिका हो । यहाँ विभिन्न संस्कृति र परम्परा अँगाल्ने जातजाति, भाषाभाषी, धर्मावलम्बीको बसोबास छ । यहाँको साक्षरता दर ८२.९ प्रतिशत भएपनि स्नातक र सो भन्दा माथिल्लो शैक्षिकस्तर उत्तीर्ण गर्ने ४.९ प्रतिशत, प्राविधिक विषय अध्ययन गर्ने ९.४६ प्रतिशत, उच्च माध्यमिक वा सो सरह र सो भन्दा माथि उत्तीर्ण गर्ने १८.१ प्रतिशत मात्र रहेको छ । अतः शिक्षा क्षेत्रमा नगरपालिकाको ध्यान जानुपर्ने देखिन्छ । यस पालिकामा २ वटा वडामा अस्पताल, २ वटा वडामा प्राथमिक स्वास्थ्य केन्द्र, ७ वटा वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्र र थप २ वटा सामुदायिक स्वास्थ्य एकाइ रहेका छन् । यसै गरी २६ वटा खोप केन्द्रहरूबाट खोप कार्यक्रम सञ्चालन भैरहेको छ । केही जटिल प्रकृतिका विशेषज्ञ स्वास्थ्य सेवाका लागि यहाँका नागरिकहरू पोखरा, वालिङ, पाल्पा जस्ता ठुला शहरहरूमा धाउनु पर्ने अवस्था छ । जातीय विभेदका सन्दर्भमा धेरै सुधार भएको भएपनि अझै केही मात्रामा विद्यमान छ । विभेद रहित सामाजिक सद्भाव कायम गर्नेतर्फ पनि नगरपालिकाको ध्यान जानु जरुरी छ । लैङ्गिक तथा सामाजिक सुरक्षाको क्षेत्रमा अन्तर्राष्ट्रिय महासन्धिहरूमा मुलुकले प्रतिबद्धता जनाएको र सोही बमोजिमको कानूनी तथा संरचनागत आधारहरू तयार भइसकेको भए पनि कार्यान्वयनमा अझै प्रभावकारिता ल्याउन आवश्यक छ ।

## (ग) दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य र रणनीति

### दीर्घकालीन सोंच

"गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य, समावेशी तथा समतामूलक समाज स्थापनामा साझा प्रयास"

### लक्ष्य

गुणस्तरीय, प्रविधिमैत्री, प्राविधिक तथा व्यावसायिक शिक्षा, सर्वसुलभ आधारभूत स्वास्थ्य एवं पोषण, युवा परिचालन, रोजगारी, सशक्तीकरण, खेलकुद विकास, स्वच्छ खानेपानी तथा सरसफाइ, लैङ्गिक समानता, सामाजिक समावेशीकरण र संरक्षण सुनिश्चित गरी सभ्य र समतामूलक र समुन्नत समाज निर्माण गर्ने ।

### उद्देश्य

- सबै तहको शिक्षाको गुणस्तर एवं सान्दर्भिकता अभिवृद्धि गर्नु;
- विद्यालय शिक्षामा सुशासन तथा जबाफदेहिता सुनिश्चित गर्नु;
- माध्यमिक शिक्षालाई निःशुल्क एवं पहुँचयोग्य बनाउनु;

- नगरपालिकाभित्रका सबै वडाहरूमा सर्वसुलभ रूपले आधारभूत गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु;
- प्रजनन् स्वास्थ्य तथा पोषण प्रवर्द्धन गर्नु;
- स्वास्थ्य सेवालाई पहुँचयोग्य बनाउनु;
- लैङ्गिक समानता कायम गर्न नगरपालिकाभित्र लैङ्गिकमैत्री वातावरण तयार गर्नु;
- **एक घर एक धारा** अवधारणा अनुसार नगरपालिकाभित्र आधारभूत खानेपानीको आपूर्ति सुनिश्चित गर्नु;
- नगरपालिकालाई बालमैत्री, महिलामैत्री वातावरण सिर्जना गर्नु र ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको जीवनयापन सम्मानयोग्य बनाउनु;
- युवाहरूलाई उत्पादनशील बनाई प्रतिस्पर्धायोग्य खेलकुदको विकास गर्नु ।

**रणनीति**

- गुणस्तरीय एवं सान्दर्भिक प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिमको अवसर वृद्धि गरी सबै वर्ग क्षेत्र र समुदायको समतामूलक पहुँच सुनिश्चित गर्ने;
- शैक्षिक गुणस्तर अभिवृद्धि र सुशासनका लागि सबै प्रकारका शिक्षण संस्थाहरूको प्रभावकारी अनुगमन सुपरिवेक्षण मूल्याङ्कन तथा नियमन प्रणालीको व्यवस्था गर्ने;
- निःशुल्क माध्यमिक शिक्षाको व्यवस्थापनका लागि मापदण्डको विकास गरी आवश्यक स्रोत साधनको व्यवस्था गर्ने;
- शैक्षिक संस्थाहरूमा सुशासन पारदर्शिता र जबाफदेहिता सुनिश्चित गराउन आवश्यक कानूनी व्यवस्था मिलाई प्रभावकारी कार्यान्वयन गर्ने;
- स्वास्थ्य बिमा कार्यक्रमलाई अनिवार्य गरी अतिविपन्न तथा सीमान्तकृत वर्गलाई प्रोत्साहनका लागि सहयोग गर्ने;
- पोषण तथा प्रजनन् स्वास्थ्य सुधारका लागि आमा किशोरीहरू तथा प्रजनन् उमेरका महिलाहरूलाई पोषणयुक्त खानपान तथा परिवार स्वास्थ्य कार्यक्रम अभियानको रूपमा सञ्चालन गर्ने;
- विकास प्रक्रियामा समाजका सबै वर्ग र समुदायको सहभागिता गराई मूलप्रवाहीकरण गर्न समावेशी कानूनी संरचना निर्माण गरी कार्यान्वयन गर्ने;
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको जीवनयापनलाई सम्मानयोग्य बनाउन ज्येष्ठ नागरिकहरूको अनुभवलाई उपयोग गर्ने तथा अपाङ्गता भएका व्यक्तिहरूलाई आर्थिक रूपले आत्मनिर्भर बनाउन क्षमता अभिवृद्धि गर्ने ।

## ५.१ शिक्षा, विज्ञान तथा प्रविधि

### ५.१.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले आधारभूत शिक्षा अनिवार्य र निःशुल्क माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गर्नुको साथै संविधानको अनुसूची ८ मा आधारभूत तथा माध्यमिक शिक्षालाई स्थानीय तहको एकल अधिकार सूचीमा समावेश गरेको छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहको अधिकार सूचीलाई २३ वटा बुँदामा उल्लेख गरेको छ । नेपालको संविधान, संघीय सरकारको सोह्रौं आवधिक योजना, गण्डकी प्रदेशको दोस्रो आवधिक योजना, विद्यालय शिक्षा क्षेत्र योजना, दिगो विकास लक्ष्य नेपाल राष्ट्रिय प्रारूप लगायतले मार्गदर्शन गरे अनुरूप भीरकोट नगरपालिकाको दोस्रो आवधिक योजनामा शिक्षा क्षेत्रका लक्ष्य उद्देश्य रणनीति कार्यनीतिहरू तय गरिएका छन् ।

## ५.१.२ विद्यमान अवस्था, सबल पक्ष दुर्बल पक्ष अवसर र चुनौती

### (१) विद्यमान अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार साक्षरता दर ८२.९ प्रतिशत छ जसमध्ये पुरुष साक्षरता दर ९०.८ प्रतिशत र महिला साक्षरता दर ७६.५ प्रतिशत रहेको छ । यहाँका अझै २३.५ प्रतिशत महिलाहरू साधारण लेखपढ गर्न नजान्ने रहेका छन् । अध्ययन क्षेत्रको आधारमा १०+२ वा सो भन्दा उच्च तह उत्तीर्ण गरेको अध्ययन क्षेत्र अनुसार प्राविधिक शिक्षा उत्तीर्ण गर्ने ज्यादै न्यून करिब ९.४६ प्रतिशत मात्र रहेको देखिन्छ । व्यवस्थापनतर्फ ४७ प्रतिशत, शिक्षा विषयमा ३०.७ प्रतिशत, मानविकी तथा सामाजिक शास्त्रतर्फ ४.६ प्रतिशत उत्तीर्ण भएको देखिन्छ । यो तथ्याङ्क हेर्दा यस नगरपालिकामा प्राविधिक जनशक्तिको उत्पादन ज्यदै कम भएको देखिन्छ । आर्थिक समृद्धिका लागि सिपयुक्त जनशक्ति आवश्यक हुने हुनाले नगरपालिकाले प्राविधिक जनशक्तिको उत्पादन बढाउनु पर्ने देखिन्छ ।

यस नगरपालिकाको IEMIS प्रतिवेदन अनुसार भर्ना दर प्रारम्भिक बाल विकास (ECD)/पूर्व प्राथमिक कक्षा (PPC) तर्फ कुल भर्नादर ११४.९ र खुद भर्नादर ७७.८ रहेको छ । कक्षा १ मा कुल प्रवेश दर (GIR) १४१.८ र खुद प्रवेशदर (NIR) ९४. १ छ । आधारभूत तह (कक्षा १-५) कुल भर्नादर ११९, खुद भर्नादर ९४.४, आधारभूत तह (कक्षा ६-८) कुल भर्नादर १२१.३, खुद भर्नादर ९२.८, आधारभूत तह (कक्षा १-८) कुल भर्नादर ११९.९, खुद भर्नादर ९३.८, माध्यमिक तह (कक्षा ९-१०) कुल भर्नादर ९२.२, खुद भर्नादर ७३.१, माध्यमिक तह (कक्षा ११-१२) कुल भर्नादर ४४.५, खुद भर्नादर २७.३, माध्यमिक तह (कक्षा ९-१२) ६८.९, खुद भर्नादर ५०.७ रहेको छ । टिकाउ दरतर्फ हेर्दा कक्षा ५ सम्मको ८८.१, कक्षा ८ सम्मको ८३.४ र कक्षा १० सम्मको ७०.७ रहेको छ । विद्यालय बाहिर रहेका बालबालिका १४० रहेको छ ।

### (२) सबल पक्ष

(क) प्राय सबै विद्यालयको भौतिक पूर्वाधार तयार हुनु;
(ख) संविधानतः माध्यमिक शिक्षासम्मको अधिकार स्थानीय तहलाई प्राप्त हुनु;
(ग) झण्डै सबैजसो विद्यालयमा सूचना प्रविधि पूर्वाधारको पहुँच हुनु;
(घ) सिकाइमा सूचना प्रविधिको प्रयोग बढ्दै जानु;
(ङ) स्थानीय सरकारको शिक्षालाई गुणस्तरीय बनाउने तर्फ समाजमा चासो बढ्दै जानु;
(च) नगरपालिकामा हालसम्म हासिल भएका शैक्षिक उपलब्धि तथा मौजुदा संयन्त्र,
(छ) शिक्षासँग जोडिने प्राकृतिक स्रोत, साधन तथा रैथाने ज्ञान, सिप र प्रविधि उपयोगको प्रचुर सम्भावना ।

### (३) दुर्बल पक्ष

(क) सबै विद्यालयमा संघीय अनुदानको बालविकास केन्द्र स्थापना हुन नसक्नु;
(ख) सबैको लागि गुणस्तरीय विद्यालय शिक्षामा पहुँच सुनिश्चित गर्न नसक्नु;
(ग) प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासको पर्याप्त व्यवस्थापन गर्न नसक्नु;
(घ) सामुदायिक विद्यालयप्रति आम समुदायको विश्वास जागृत गर्न नसक्नु;
(ङ) विद्यार्थी सङ्ख्या न्यून हुँदै गई विद्यालय गाभ्नुपर्ने अवस्था सिर्जना हुनु;
(च) सूचना प्रविधिसँग परिचित तथा आधुनिक शिक्षण शैलीसँग परिचित हुनेगरी शिक्षकको क्षमता विकास गर्न नसक्नु;
(छ) विद्यालय शिक्षामा सुशासनको प्रत्याभूति दिलाउन नसक्नु;
(ज) निजी लगानीका शैक्षिक संस्थाको उचित नियमन र व्यवस्थापन गर्न नसकिनु ।

**(४) अवसर**

(क) संविधानतः माध्यमिक शिक्षासम्मको व्यवस्थापनको अधिकार स्थानीय तहलाई हुनु;

(ख) विद्यालय व्यवस्थापनका लागि आवश्यक स्थानीय कानून निर्माण हुनु;

(ग) स्थानीय पाठ्यक्रम विकास हुनु;

(घ) संघीय सरकारबाट पाठ्यक्रम पाठ्यपुस्तक शिक्षक व्यवस्थापन तालिम विद्यार्थी प्रोत्साहन कार्यक्रम विद्यार्थी मूल्याङ्कन तथा परीक्षा जस्ता क्षेत्रमा प्राविधिक तथा आर्थिक सहयोग प्राप्त हुनु;

(ङ) शिक्षामा समावेशी सहभागिता अभिवृद्धि हुनु;

(च) सामुदायिक विद्यालय प्रति चासो र अपेक्षा बढ्दै जानु;

(छ) विद्यालय विज्ञान प्रयोगशाला पुस्तकालय र सूचना सञ्चार प्रविधिमैत्री बनाउनका लागि तीनै तहका सरकारका साथै विभिन्न सहयोगीहरूबाट लगानीको वातावरण सिर्जना हुनु;

(ज) प्राविधिक तथा व्यावसायिक सिपप्रति युवाको आकर्षण बढ्दै जानु।

**(५) चुनौती**

(क) प्रारम्भिक बालविकास तथा शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रूपमा व्यवस्थित गरी गुणस्तरीय बनाउनु;

(ख) आधारभूत शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षालाई निःशुल्क गर्नका लागि आवश्यक पर्ने दीर्घकालीन स्रोतको व्यवस्थापन गर्नु;

(ग) कक्षा छाड्ने दर शून्यमा झारी अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नु;

(घ) शिक्षण सिकाइ पद्धतिलाई गुणस्तरीय व्यावहारिक बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु;

(ङ) विद्यालयमा तहगत र विषयगत रूपमा दक्ष एवं प्रतिबद्ध शिक्षकको व्यवस्थापन गर्नु;

(च) कुशल नेतृत्व गर्न सक्षम हुने गरी प्रधानाध्यापकको क्षमता विकास गर्नु;

(छ) विद्यालयहरूको एकीकरण समायोजन र पुनर्मिलन गर्नु;

(ज) स्थानीय आवश्यकता र सम्भावनाको आधारमा स्थानीय पाठ्यक्रम निर्माण गरी सोको प्रभावकारी कार्यान्वयन गर्नु;

(झ) सूचना प्रविधिलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा स्थापित गर्नु;

(ञ) प्राविधिक तथा व्यवसायिक शिक्षाको उचित व्यवस्थापन गरी गुणस्तर पहुँच र सक्षमताको विकास गर्नु;

(ट) सामुदायिक विद्यालय शिक्षाप्रति जनविश्वास अभिवृद्धि गर्नु;

(ठ) निजी लगानीमा सञ्चालित विद्यालयहरूलाई सरकारको पूरक प्रणालीका रूपमा व्यवस्थित गरी सेवा प्रदायक संस्थाको रूपमा सञ्चालनमा ल्याउनु;

(ड) शिक्षाको हरेक तह र क्षेत्रमा सुशासनको प्रत्याभूति गराउनु।

### ५.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"भीरकोट नगरपालिकाको इच्छा: व्यावहारिक, प्रविधिमैत्री एवं गुणस्तरीय शिक्षा"

**लक्ष्य**

गुणस्तरीय विद्यालय शिक्षामा सबैको पहुँच सुनिश्चितता मार्फत गतिशील जीवनयापनका लागि आवश्यक आधारभूत सिप सहितको जनशक्ति उत्पादन गरी आर्थिक तथा सामाजिक रूपमा समृद्ध नगरपालिका निर्माणमा योगदान पुऱ्याउने।

**उद्देश्य**

१ चार वर्ष उमेर समूहका सबै बालबालिकाहरूको चौतर्फी विकासका लागि गुणस्तरीय प्रारम्भिक बालशिक्षाको अवसर सुनिश्चित गरी कक्षा १ मा प्रवेशका लागि तयार गराउनु;

२ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको सर्वसुलभ पहुँच सुनिश्चित गर्नु;

३ सबै तहको शिक्षाको गुणस्तर एवं सान्दर्भिकतामा अभिवृद्धि गरी प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिमको पहुँच विस्तार गर्नु;

४ विद्यालय शिक्षामा सुशासन तथा जबाफदेहिताको सुनिश्चितता गर्नु।

### ५.१.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: चार वर्ष उमेर समूहका सबै बालबालिकाहरूको चौतर्फी विकासका लागि गुणस्तरीय प्रारम्भिक बालशिक्षाको अवसर सुनिश्चित गरी कक्षा १ मा प्रवेशका लागि तयार गराउनु** | |
| १.१ गुणस्तरीय प्रारम्भिक बालशिक्षाको अवसर सुनिश्चित गरी कक्षा १ मा प्रवेशका लागि तयार गर्ने | १.१.१ प्रत्येक विद्यालयमा कम्तीमा १ प्रारम्भिक बालविकास केन्द्रको व्यवस्था गरिनेछ;<br>१.१.२ प्रारम्भिक बाल विकास केन्द्रमा चार वर्ष उमेरका सबै बालबालिकाहरूको पहुँच सुनिश्चित गरिनेछ;<br>१.१.३ प्रारम्भिक बाल विकास केन्द्रमा गुणस्तर सुनिश्चित गर्न न्यूनतम मापदण्डहरू पालना गरिनेछ। |
| **उद्देश्य २: अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको सर्वसुलभ पहुँच सुनिश्चित गर्नु** | |
| २.१ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा पहुँच सुनिश्चित गर्ने | २.१.१ सबै बालबालिकालाई अनिवार्य रूपमा विद्यालय ल्याउनका लागि वडा समितिको परिचालन गरिनेछ;<br>२.१.२ आधारभूत शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गरिनेछ;<br>२.१.३ अनिवार्य र निःशुल्क शिक्षाको व्यवस्थापनका लागि मापदण्डको व्यवस्था गरिनेछ। |
| २.२ माध्यमिक शिक्षालाई निःशुल्क एवं पहुँचयोग्य बनाउने | २.२.१ निःशुल्क माध्यमिक शिक्षाका लागि आवश्यक स्रोत साधनको व्यवस्था गरिनेछ;<br>२.२.२ विद्यालयमा बालमैत्री शैक्षिक, भौतिक एवं सिकाइ वातावरण सिर्जना गरिनेछ;<br>२.२.३ अपाङ्गता भएका तथा विभिन्न कारणले सिकाइ सम्बन्धी समस्यामा रहेका बाल बालिकाहरूलाई समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक वातावरण सिर्जना गरिनेछ। |
| **उद्देश्य ३: सबै तहको शिक्षाको गुणस्तर एवं सान्दर्भिकतामा अभिवृद्धि गरी प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिमको पहुँच विस्तार गर्नु** | |
| ३.१ सबै तहको शिक्षाको गुणस्तर एवं सान्दर्भिकता अभिवृद्धि गर्ने | ३.१.१ कक्षा कोठामा आधारित सिकाइलाई प्रवर्द्धन गरिनेछ;<br>३.१.२ सबै विद्यालयमा भौतिक पूर्वाधार र सूचना प्रविधिको न्यूनतम पहुँच सुनिश्चित गरिनेछ;<br>३.१.३ विद्यार्थी मूल्याङ्कन तथा उपलब्धि परीक्षण प्रणालीमा सुधार ल्याइनेछ। |
| ३.२ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिमको पहुँच विस्तार गर्ने | ३.२.१ निरक्षरहरूको पहिचान गरी आवश्यकतामा आधारित कार्यक्रम सञ्चालन गरिनेछ;<br>३.२.२ गुणस्तरीय एवं सान्दर्भिक प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिमको अवसर वृद्धि गरी सबै वर्ग क्षेत्र र समुदायको समतामूलक पहुँच सुनिश्चित गर्ने। |
| **उद्देश्य ४: विद्यालय शिक्षामा सुशासन तथा जबाफदेहिताको सुनिश्चितता गर्नु** | |
| ४.१ विद्यालय शिक्षामा सुशासन तथा जबाफदेहिताको सुनिश्चितता गर्ने | ४.१.१ विद्यालयको समग्र सञ्चालन तथा व्यवस्थापन कार्यमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र वडा समितिलाई जिम्मेवार बनाइनेछ;<br>४.१.२ शैक्षिक गुणस्तर अभिवृद्धि र सुशासनका लागि सबै प्रकारका शिक्षण संस्थाहरूको प्रभावकारी अनुगमन, सुपरीवेक्षण, मूल्याङ्कन तथा नियमन प्रणालीको व्यवस्था गरिनेछ;<br>४.१.३ शैक्षिक संस्थाहरूमा सुशासन, पारदर्शिता र जबाफदेहिता सुनिश्चित गराउन आवश्यक कानूनी व्यवस्था मिलाई प्रभावकारी कार्यान्वयन गरिनेछ। |

## ५.१.५ विस्तृत कार्यक्रम

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष | योजना को कुल लक्ष्य | लागत (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| **क. शिक्षा विकास कार्यक्रम** | | | | | | | | | | | | | | | |
| १ | १.१ | १.१.१ | १ | प्रारम्भिक बालविकास केन्द्रको नक्साङ्कन र पुनवितरण | पटक | सबै वडा | १ | २ | ० | ५० | **०** | **५०** | **०** | **१००** | **पालिका** |
| | | | २ | बालविकास सहजकर्ताको पारश्रमिक सशर्त | जना | सबै वडा | ४१ | ४१ | ६३९६ | ६३९६ | ६३९६ | ६३९६ | ६३९६ | **३१९८०** | **पालिका** |
| | | | ३ | बालविकास सहजकर्ताका लागि थप प्रोत्साहन | जना | सबै वडा | ४१ | ४१ | २६६५ | २६६५ | २६६५ | २६६५ | २६६५ | **१३३२५** | **पालिका** |
| | | १.१.२ | १ | अभिभावक शिक्षा (प्रारम्भिक बाल विकास तह) | केन्द्र | सबै केन्द्र | ३ | ३ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | | | २ | सुरक्षित वसाई व्यवस्थापन | केन्द्र | सबै वडा | १५ | ४१ | ३०० | ३०० | ३५० | ३५० | ३५० | **१६५०** | **पालिका** |
| | | १.१.३ | १ | नमूना बालविकास केन्द्र विकास | केन्द्र | | ० | २ | १००० | १००० | २०० | २०० | २०० | **२६००** | **पालिका** |
| | | | २ | प्रारम्भिक बालशिक्षामा शैक्षिक पूर्वाधार, सिकाइ तथा खेल सामग्री व्यवस्थापन सहयोग | केन्द्र | सबै केन्द्र | ३५ | ४१ | २०० | २५० | २५० | २५० | १५० | **११००** | **पालिका** |
| | | | ३ | सहजकर्ताको क्षमता विकास | पटक | पालिका | ३ | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | | २.१.१ | १ | आधारभूत तह सबै विद्यार्थीलाई विद्यालय भर्ना अभियान | पटक | सबै वडा | २ | ५ | ० | ० | ० | ० | ० | **०** | **पालिका** |
| | | | २ | प्रति विद्यार्थीका आधारमा शैक्षिक सामग्री व्यवस्थापन अनुदान (आधारभूत) | विद्यार्थी | विद्यालय | १३५२ | १५०० | १९५ | १९५ | १९५ | १९५ | १९५ | **९७५** | **पालिका** |
| | | | ३ | सिकाइ सामग्री तथा विद्यालयको आधारभूत खर्च व्यवस्थापन अनुदान (आधारभूत) | विद्यालय | विद्यालय | ४१ | ४१ | ७८० | ७८० | ७८० | ७८० | ७८० | **३९००** | **पालिका** |
| | | | ४ | विद्यालय सञ्चालन व्यवस्थापन खर्च (आधारभूत/माध्यमिक) | विद्यालय | विद्यालय | ४१ | ४१ | ३४०० | ३४०० | ३४०० | ३४०० | ३४०० | **१७०००** | **पालिका** |
| | | | ५ | अभिभावक गुमाएका तथा अप्ठेरो अवस्थामा रहेका बालबालिकाका लागि सहयोग | जना | सबै वडा | ५ | ० | ५० | ५० | ५० | ५० | ५० | **२५०** | **पालिका** |
| | | | ६ | विद्यालय मिलान | पटक | पालिका | १ | ३ | १०० | ० | १०० | ० | १०० | **३००** | **पालिका** |
| | | | ७ | दिवा खाजा (आधारभूत) | विद्यार्थी | सबै सामुदायिक विद्यालय | ७८० | ९०० | ४७२३ | ४७२३ | ४७२३ | ४७२३ | ४७२३ | **२३६१५** | **पालिका** |
| | | | ८ | दिवा खाजा (कक्षा ६) | विद्यार्थी | सबै सामुदायिक विद्यालय | १६७ | १८० | ७०० | ७०० | ७०० | ७०० | ७०० | **३५००** | **पालिका** |

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष | योजना को कुल लक्ष्य | लागत (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| २ | २.१ | | ९ | अभिभावक शिक्षा कार्यक्रम (आधारभूत तथा माध्यमिक तह) | विद्यालय | सबै विद्यालय | ३ | ४१ | १२० | १२० | १४० | १४० | १४० | **६६०** | **पालिका** |
| | | | १० | छात्रा छात्रबृत्ति | विद्यार्थी | सबै वडा | ९४४ | १००० | ४०० | ४०० | ४०० | ४०० | ४०० | **२०००** | **पालिका** |
| | | | ११ | दलित छात्रवृत्ति | विद्यार्थी | सबै वडा | ४०० | ४५० | १६० | १६० | १७० | १८० | १८० | **८५०** | **पालिका** |
| | | | १२ | अपाङ्गता छात्रवृत्ति | विद्यार्थी | सबै वडा | २३ | २० | ६० | ६० | ६० | ६० | ६० | **३००** | **पालिका** |
| | | | १३ | अपाङ्गता भएका बालबालिकाहरूका लागि दिवा सेवा केन्द्र स्थापना | सङ्ख्या | उपयुक्त स्थान | ० | १ | २०० | २०० | २०० | २०० | २०० | **१०००** | **पालिका** |
| | | २.१.२ | १ | कार्य सम्पादन तथा सिकाइ उपलब्धि परीक्षण एवं विश्लेषण गरी सुधार पक्षको पहिचान | विद्यालय | सबै माध्यमिक विद्यालय | ३ | १२ | २१० | २१० | २१० | २१० | २१० | **१०५०** | **पालिका** |
| | | | २ | विज्ञान प्रयोगशाला स्थापना तथा सुदृढीकरण सहयोग | विद्यालय | | २ | १२ | २०० | २०० | २०० | २०० | २०० | **१०००** | **पालिका** |
| | | | ३ | पुस्तकालय व्यवस्थापनमा सहयोग | विद्यालय | | ५ | १५ | २०० | २०० | २०० | २०० | २०० | **१०००** | **पालिका** |
| | | २.१.३ | १ | अनिवार्य तथा निःशुल्क शिक्षाको व्यवस्थापन मापदण्ड निर्माण | सङ्ख्या | पालिका | ० | १ | ० | ५० | ० | ० | ० | **५०** | **पालिका** |
| | २.२ | २.२.१ | १ | सिकाइ सामग्री तथा विद्यालयको आधारभूत खर्च व्यवस्थापन अनुदान (माध्यमिक) | विद्यालय | | १२ | १२ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **पालिका** |
| | | | २ | शिक्षक पारिश्रमिक | सङ्ख्या | सबै विद्यालय | २७७ | २७७ | १८११८६ | १८११८६ | १८११८६ | १८११८६ | १८११८६ | **९०५९३०** | **पालिका** |
| | | | ३ | विद्यालय कर्मचारी पारिश्रमिक | जना | | ५० | ५० | ७२१५ | ७२१५ | ७२१५ | ७२१५ | ७२१५ | **३६०७५** | **पालिका** |
| | | २.२.२ | १ | विपन्न लक्षित छात्रवृत्ति | विद्यार्थी | सबै विद्यालय | १०० | ९५ | ६०० | ६०० | ५८० | ५७० | ५७० | **२९२०** | **पालिका** |
| | | | २ | शैक्षिक गुणस्तर सुधारका लागि गणित प्रयोगशाला व्यवस्थापन | विद्यालय | | ० | १२ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **पालिका** |
| | | | ३ | प्रति विद्यार्थीका आधारमा शैक्षिक सामग्री व्यवस्थापन अनुदान (माध्यामिक) | विद्यार्थी | | ५७३ | ६५० | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | | | ४ | शैक्षिक मेला तथा प्रदरुशनी | पटक | पालिका | ० | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | **१५००** | **पालिका** |
| | | २.२.३ | १ | अपाङ्गता भएका/सिकाई समस्या भएका व्यक्तिहरूको लागि विशेष शिक्षा छात्रवृत्ति | पटक | पालिका | | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र सं | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष | योजना को कुल लक्ष्य | लागत (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| ३ | ३.१ | ३.१.१ | १ | सूचना प्रविधिमा आधारित सिकाइ | विद्यालय | सबै विद्यालय | ६ | ११ | १५० | १५० | १५० | १५० | १५० | **७५०** | **पालिका** |
| | | | २ | शिक्षकको आवश्यकतामा आधारित क्षमता विकास | पटक | पालिका | १ | ५ | २०० | २०० | २०० | २०० | २०० | **१०००** | **पालिका** |
| | | | ३ | विषयगत समिति गठन तथा परिचालन | पटक | पालिका | १ | १ | ५० | ५० | ५० | ५० | ५० | **२५०** | **पालिका** |
| | | | ४ | विद्यार्थी प्रोत्साहन | पटक | पालिका | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | | | ५ | शिक्षकले गरेका असल अभ्यास/अनुभव आदान प्रदान प्रोत्साहत र प्रकाशन | पटक | पालिका | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | | ३.१.२ | १ | नमूना विद्यालयलाई भौतिक/ शैक्षिक/व्यवस्थापकीय सहयोग | सङ्ख्या | नमूना विद्यालय | १ | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **पालिका** |
| | | | २ | विद्यालय भौतिक पूर्वाधार सुधार | विद्यालय | आवश्यकता अनुसार | आवश्यकता अनुसार | १० | २००० | २००० | २००० | २००० | २००० | **१००००** | **संघ/पालिका** |
| | | | ३ | खानेपानी व्यवस्थापन | विद्यालय | | निरन्तर | १० | १००० | ११०० | ११०० | ११०० | ११०० | **५४००** | **संघ/पालिका** |
| | | | ४ | इन्टरनेट जडान र सञ्चालन | विद्यालय | | निरन्तर | ४१ | ५३५ | ५३५ | ५३५ | ५३५ | ५३५ | **२६७५** | **पालिका** |
| | | | ५ | ICT Lab व्यवस्थापन | विद्यालय | | ६ | १६ | १६०० | १६०० | १६०० | १६०० | १६०० | **८०००** | **संघ** |
| | | | ६ | विज्ञान प्रयोगशाला व्यवस्थापन | विद्यालय | | | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | **१५००** | **संघ** |
| | | ३.१.३ | १ | सिकाइ उपलब्धि अध्ययन तथा विश्लेषण | पटक | पालिका | ० | २ | ० | १०० | ० | ० | १५० | **२५०** | **पालिका** |
| | ३.२ | ३.२.१ | १ | निरक्षरहरूको पहिचान तथा आवश्यकताको आधारमा कार्यक्रम | पटक | सबै वडा | ० | ३ | ५० | ० | ५० | ० | ५० | **१५०** | **पालिका** |
| | | | २ | सामुदायिक नागरिक साक्षरता कार्यक्रम | पटक | सबै वडा | ० | १ | ० | १५० | ० | ० | ० | **१५०** | **पालिका** |
| | | ३.२.२ | १ | प्राविधिक तथा व्यावसायिक शिक्षाका लागि छात्रबृत्ती | विद्यार्थी | | ८ | १० | २०० | २०० | २०० | २०० | २०० | **१०००** | **पालिका** |
| | | ४.१.१ | १ | विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका अध्यक्षहरूको क्षमता विकास | पटक | | १ | १० | १५० | १५० | १५० | १५० | १५० | **७५०** | **पालिका** |
| | | | २ | नगरपालिका र प्रधानाध्यापक बीच र प्रधानाध्यापक र शिक्षक बीच कार्यसम्पादन करार र सोको आवधिक समीक्षा | पटक | | ० | ५ | २५ | २५ | २५ | २५ | २५ | **१२५** | **पालिका** |

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष | योजनाको कुल लक्ष्य | लागत (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| ४ | ४.१ | ४.१.२ | १ | अभिलेख तथा प्रतिवेदन प्रणालीलाई सुदृढ गर्ने | विद्यालय | | ० | ४१ | ३०० | ० | ० | ३०० | ० | **६००** | **पालिका** |
| | | | २ | विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन | विद्यालय | | ० | १२ | ३५० | ३५० | ३५० | ३५० | ३५० | **१७५०** | **पालिका** |
| | | | ३ | अनुगमन तथा मूल्याङ्कन साधनको विकास | पटक | | ० | १ | ५० | ० | ० | ५० | ० | **१००** | **पालिका** |
| | | | ४ | शिक्षा शाखाको जनशक्ति, विद्यालय तहका कर्मचारीको क्षमता विकास | पटक | | १ | २ | ० | १०० | ० | ० | १०० | **२००** | **पालिका** |
| | | ४.१.३ | १ | विद्यालय स्वमूल्याङ्कन र लेखाजोखा | पटक | | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | | | २ | कार्यक्रमको समीक्षा तथा प्रतिवेदन | पटक | | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | | | ३ | विद्यालयहरूको लेखा परीक्षण तथा सामाजिक परीक्षण र प्रतिवेदन विश्लेषण | पटक | | १ | ५ | १५० | १५० | १५० | १५० | १५० | **७५०** | **संघ** |
| | **जम्मा** | | | | | | | | **२२०७७०** | **२२०८७०** | **२१९८३०** | **२२००८०** | **२१९९८०** | **११०१५३०** | |
| | **पालिकाको हिस्सा** | | | | | | | | **२१७२२०** | **२१७२७०** | **२१६२३०** | **२१६४८०** | **२१६३८०** | **१०८३५८०** | |
| | **संघीय सरकारको हिस्सा** | | | | | | | | **३५५०** | **३६००** | **३६००** | **३६००** | **३६००** | **१७९५०** | |

## ५.१.६ नतिजा

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२/८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | | | | |
| प्रभाव | चार वर्ष उमेर समूहका सबै बालबालिकाले प्रारम्भिक बालशिक्षाको अनुभव हासिल गरेको हुने | प्रारम्भिक बालशिक्षाको कुल भर्नादर | प्रतिशत | ६३.९ | ७० | ७५ | ८० | ९० | १०० | १०० | IEMIS | शिक्षा शाखा | |
| | | प्रारम्भिक बाल शिक्षाको अनुभव सहित कक्षा १ मा नवप्रवेशी | प्रतिशत | ८८.८ | ९० | ९५ | ९८ | ९९ | १०० | १०० | | | |
| असर १ | ४ वर्ष मुनिका सबै बालबालिकाले बालशिक्षाको अवसर पाई कक्षा १ मा प्रवेशका लागि तयार हुने | बालविकास केन्द्र सञ्चालन भएको विद्यालय | सङ्ख्या | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ | ,, | ,, | |
| | | बालविकास केन्द्रमा भर्ना भएका ४ वर्ष मुनिका बालबालिका | प्रतिशत | ६३.९ | ७० | ७५ | ८० | ९० | १०० | १०० | ,, | ,, | |
| प्रतिफल १.१ | प्रारम्भिक बालविकास केन्द्रको नक्साङ्कन | बालविकास केन्द्र | सङ्ख्या | २३ | २३ | २४ | २५ | २६ | २६ | २६ | ,, | ,, | |

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२/८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | | | | |
| | भएको हुने | | | | | | | | | | | | |
| प्रतिफल १.२ | सहजकर्ताको क्षमता विकास भएको हुने | सहजकर्तालाई तालिम | जना | २३ | २३ | २४ | २५ | २६ | २६ | २६ | वार्षिक प्रतिवेदन | ,, | |
| प्रतिफल १.३ | नमूना बालविकास केन्द्र सञ्चालन भएको हुने | नमूना बाल विकास केन्द्र | सङ्ख्या | | ० | १ | ० | १ | ० | २ | | ,, | |
| प्रतिफल १.४ | प्रारम्भिक बाल विकास केन्द्रमा सिकाइ र खेलसामग्री सहित शैक्षिक पूर्वाधारको विकास भएको हुने | पूर्वाधार विकास गरिएको बालविकास केन्द्र | सङ्ख्या | | २३ | २४ | २५ | २६ | २६ | २६ | ,, | ,, | |
| असर २ | आधारभूत तहको विद्यालय उमेरका सबै बालबालिकाहरूले निःशुल्क आधारभूत शिक्षा प्राप्त गरेको हुने | आधारभूत तहको शिक्षामा पहुँच | प्रतिशत | ९५.७ | ९६ | ९७ | ९८ | ९९ | १०० | १०० | IEMIS | ,, | |
| | माध्यमिक शिक्षाको खुद भर्नादर र टिकाउदर वृद्धि भएको हुने | माध्यमिक शिक्षाको खुद भर्नादर | प्रतिशत | ५४.९ | ६० | ६२ | ६४ | ६६ | ७० | ७० | ,, | ,, | |
| | | माध्यमिक शिक्षाको टिकाउ दर | प्रतिशत | ३५ | ३८ | ४० | ४३ | ४६ | ५० | ५० | ,, | ,, | |
| प्रतिफल २.१ | आधारभूत तहका सबै बालबालिकाहरू विद्यालय भर्ना भएको हुने | आधारभूत तहको खुद भर्नादर | प्रतिशत | ९५.७ | ९६ | ९७ | ९८ | ९९ | १०० | १०० | ,, | ,, | |
| प्रतिफल २.२ | अभिभावक गुमाएका तथा अप्ठेरो अवस्थामा रहेका बालबालिकाहरूले सहयोग प्राप्त गरेको हुने | अप्ठेरो अवस्थामा रहेका बाल बालिकाहरू | सङ्ख्या | १० | १० | १० | १० | १० | १० | १० | ,, | ,, | |
| प्रतिफल २.३ | छात्रा, दलित तथा अपाङ्गता भएका व्यक्तिहरूले छात्रवृत्ति प्राप्त गरेको हुने | छात्रा छात्रवृत्ति वितरण | विद्यार्थी | १००० | १००० | १००० | १००० | १००० | १००० | १००० | ,, | ,, | |
| | | दलित विद्यार्थी छात्रवृत्ति वितरण | प्रतिशत | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ,, | ,, | |
| | | अपाङ्गता छात्रवृत्ति वितरण | प्रतिशत | २० | २० | २० | २० | २० | २० | २० | ,, | ,, | |
| प्रतिफल २.४ | अपाङ्गता भएका व्यक्तिहरूलाई दिवा सेवा केन्द्र सञ्चालनमा आएको हुने | दिवासेवा सञ्चालन केन्द्र | सङ्ख्या | ० | १ | ० | ० | ० | ० | १ | वार्षिक प्रतिवेदन | ,, | |
| प्रतिफल २.५ | विद्यालयमा बालमैत्री शैक्षिक भौतिक एवं सिकाइ वातावरण सिर्जना भएको हुने | सिकाइ उपलब्धि विश्लेषणबाट पहिचान भएका सुधार पक्ष | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| असर ३ | गुणस्तरीय एवं सान्दर्भिक प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार भएको हुने | न.पा. मा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएको विद्यालय | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ३.१ | नमूना विद्यालय छनोट भई सञ्चालन भएको हुने | नमूना विद्यालय | सङ्ख्या | १ | ० | ० | ० | ० | ० | १ | ,, | ,, | |
| प्रतिफल ३.२ | सिकाइ प्रक्रियामा सूचना प्रविधिको प्रयोग भएको हुने | सूचना प्रविधि प्रयोग गर्ने विद्यालय | प्रतिशत | ६६.६७ | ८५ | ० | ० | ० | ० | ८५ | ,, | ,, | |
| प्रतिफल ३.३ | सबै विद्यालयमा भौतिक पूर्वाधारको विकास भएको हुने | सुविधा सम्पन्न भवन भएका विद्यालय | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ३.४ | सबै निरक्षरहरू पहिचान भई तिनको आवश्यकताको आधारमा क्षमता अभिवृद्धि भएको हुने | क्षमता अभिवृद्धि भएका निरक्षर | प्रतिशत | | | | | | | | ,, | ,, | |

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२/८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | | | | |
| प्रतिफल ३.५ | छात्रवृत्ति प्राविधिक तथा व्यावसायिक शिक्षा सिप विकास भएको हुने | प्राविधिक तथा व्यावसायिक शिक्षामा छात्रवृत्ति प्राप्त | जना | | २ | २ | २ | २ | २ | १० | ,, | ,, | |
| प्रतिफल ३.६ | नगरपालिका भित्रका विद्यालयहरूमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएको हुने | प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएका विद्यालय | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ३.७ | व्यावसायिक दक्षता हासिल गरेका व्यक्तिहरू हुने | व्यावसायिक तालिम प्राप्त | जना | | | | | | | | ,, | ,, | |
| असर ४ | विद्यालय प्रशासनमा सुशासनको प्रत्याभूति भएको हुने | लेखापरीक्षण र सामाजिक परीक्षण भएको विद्यालय | सङ्ख्या | | | | | | | | वार्षिक प्रतिवेदन | ,, | |
| प्रतिफल ४.१ | सबै विद्यालयले अभिलेख अध्यावधिक गरी नियमित प्रतिवेदन गरेको हुने | नियमित अभिलेख अद्यावधिक तथा प्रतिवेदन गर्ने विद्यालय | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ४.२ | अनुगमन सूचक विकास भएको हुने | सूचक अनुसार अनुगमन भएको विद्यालय | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ४.३ | सबै विद्यालयको लेखापरीक्षण/सामाजिक परीक्षण भएको हुने | लेखापरीक्षण तथा सामाजिक परीक्षण भएको विद्यालय | सङ्ख्या | | | | | | | | ,, | ,, | |

## ५.२ आधारभूत स्वास्थ्य तथा पोषण

### ५.२.१ पृष्ठभूमि

संविधानको मर्मअनुसार मानव विकास सूचकाङ्कमा अपेक्षित उपलब्धि हासिल गर्नु पर्ने देखिन्छ। मानव विकास सूचकाङ्कमा सुधार हुनका लागि नागरिकको स्वास्थ्य सम्बन्धी सूचकहरूमा सुधार हुनु पर्दछ अर्थात् अपेक्षित आयुमा सुधार हुनुपर्दछ। समृद्ध नगरपालिका बनाउने सोचलाई साकार पार्ने सङ्कल्प राखी यो आवधिक योजनालाई तथ्यपरक व्यावहारिक र सर्वस्वीकार्य बनाउनु पर्ने देखिन्छ। फलस्वरूप स्वस्थ नागरिक र स्वच्छ समाजको रूपमा विकास भई दिगो विकास लक्ष्य हासिल गर्न मद्दत पुग्नेछ।

### ५.२.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती

**(१) विद्यमान अवस्था**

भीरकोट नगरपालिकामा सरकारी वा सामुदायिक रूपमा २ वटा अस्पताल, २ वटा प्राथमिक स्वास्थ्य केन्द्र, ७ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, २ वटा शहरी सामुदायिक स्वास्थ्य एकाइ बाट सेवा प्रवाह भैरहेको छ भने निजी स्वास्थ्य संस्थाहरू पोलिक्लिनिक १, क्लिनिक २, औषधि पसलहरू ६ वटा र एउटा ल्याब समेतबाट सेवा उपलब्ध रहेको छ।

**(२) सबल पक्ष**

(क) सबै वडामा स्वास्थ्य एकाइहरू सञ्चालनमा आउनु;
(ख) दुईवटा वडामा अस्पताल सञ्चालन हुनु;
(ग) आधारभूत तहको स्वास्थ्य सेवा व्यवस्थापनको जिम्मेवारी नगरपालिकालाई प्राप्त हुनु;
(घ) खोप केन्द्रहरूको भवन निर्माण हुँदै जानु;
(ङ) स्वास्थ्य सूचना तथा तथ्याङ्कहरूमा विद्युतीय प्रणालीको प्रयोग हुनु;
(च) महिला स्वास्थ्य स्वयंसेविकाहरूबाट सबै जसो बस्तीमा स्वास्थ्य सेवाको पहुँच पुग्नु।

**(३) दुर्बल पक्ष**

(क) गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा कमी;
(ख) सबै स्वास्थ्य एकाइहरूमा दरबन्दी अनुसारको जनशक्ति व्यवस्था गर्न नसकिनु;
(ग) सबै स्वास्थ्य एकाइहरूमा आवश्यक उपकरण तथा पर्याप्त औषधिहरू उपलब्ध गराउन नसकिनु;
(घ) सबै वडामा मापदण्ड अनुसारको स्वास्थ्य संस्था भवन नहुनु;
(ङ) विशेषज्ञ तथा दक्ष स्वस्थ्यकर्मीको व्यवस्थापन गर्न नसकिनु।

**(४) अवसर**

(क) स्वास्थ्य सेवा सम्बन्धी कानूनी आधारहरू तयार हुँदै जानु;
(ख) संघीय सरकारको प्रत्येक स्थानीय तहमा एक आधारभूत अस्पताल नीति रहनु;
(ग) आधारभूत अस्पताल निर्माणको लागि संघीय सरकारले वित्तीय स्रोत व्यवस्थापन गर्नु;
(घ) अत्यावश्यक निःशुल्क औषधिहरू संघीय सरकार/प्रदेश सरकारबाट उपलब्ध हुनु
(ङ) बिमा सेवाको विस्तार हुँदै जानु।

**(५) चुनौती**

(क) संघीयताको मर्म अनुरूप नगरपालिकाको सबै क्षेत्रको नागरिकमा स्वास्थ्य सेवाको समतामूलक पहुँच स्थापित गर्नु;
(ख) निःशुल्क आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु;

(ग) सबै स्वास्थ्य संस्थाहरूमा आवश्यकता अनुसारको उपकरण र दक्ष जनशक्ति उपलब्ध गराउनु;

(घ) खानपान र जीवनशैलीमा आएको परिवर्तनले बढाउँदै लगेको नसर्ने रोगहरूको नियन्त्रण गर्नु;

(ङ) स्वास्थ्य उपचारमा रहेको उच्च व्यक्तिगत खर्च घटाउनु ।

### ५.२.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"गुणस्तरीय र सर्वसुलभ आधारभूत स्वस्थ सेवाको उपलब्धताः भीरकोट नगरपालिकाको प्रतिबद्धता"

**लक्ष्य**

गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकहरूको पहुँच विस्तार गर्ने ।

**उद्देश्य**

१ गुणस्तरीय निःशुल्क आधारभूत स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार गर्नु;

२ आम नागरिकमा स्वास्थ्य सम्बन्धी सचेतना अभिवृद्धि गर्नु;

३ स्वास्थ्य सम्बन्धी विपद् जोखिम न्यूनीकरण गर्नु;

४ स्वास्थ्य सेवाको व्यवस्थापन सुदृढीकरण गर्नु ।

### ५.२.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: गुणस्तरीय निःशुल्क आधारभूत स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार गर्नु** | |
| १.१ निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउने | १.१.१ आधारभूत नगर अस्पताल विशेषज्ञ सेवा सहित सञ्चालन गरिनेछ;<br>१.१.२ स्वास्थ्य सेवालाई सुधार गर्दै ज्येष्ठ नागरिक, लैङ्गिक तथा अपाङ्गमैत्री बनाइनेछ;<br>१.१.३ सबै ज्येष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति तथा विपन्न परिवारका व्यक्तिहरूको स्वास्थ्य प्रोफाइल बनाई वार्षिक कम्तीमा १ पटक स्वास्थ्य परीक्षण गरिनेछ;<br>१.१.४ स्वास्थ्य उपकरण औषधि तथा औषधिजन्य सामग्रीको प्राप्ति, भण्डारण, वितरण तथा प्रयोगको व्यवस्थापन तथा नियमन गरिनेछ;<br>१.१.५ निःशुल्क रूपमा उपलब्ध हुने सबै प्रकारका खोपहरूको सुरक्षित ढुवानी तथा भण्डारण व्यवस्था मिलाई कुनैपनि बालबालिका खोप सेवाबाट नछुट्ने व्यवस्था मिलाइनेछ;<br>१.१.६ आयुर्वेद चिकित्सा पद्धति तथा सेवाहरूलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ । |
| १.२ गुणस्तरीय विशिष्टीकृत स्वास्थ्य सेवामा नागरिकको पहुँच सुनिश्चित गर्ने | १.२.१ विशेषज्ञ स्वास्थ्य सेवालाई बिमा मार्फत उपलब्ध गराइनेछ;<br>१.२.२ विशेषज्ञ घुम्ती स्वास्थ्य सेवा तथा शिविर कार्यक्रम सञ्चालन गरिनेछ । |
| **उद्देश्य २: आम नागरिकमा स्वास्थ्य सम्बन्धी सचेतना अभिवृद्धि गर्नु** | |
| २.१ जनताको व्यवहार परिवर्तनको लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने | २.१.१ **मेरो स्वास्थ्य मेरो जिम्मेवारी** भन्ने अवधारणालाई प्रभावकारी बनाइनेछ;<br>२.१.२ स्वास्थ्यलाई प्रतिकूल असर पार्ने सुर्तीजन्य, मदिरा, विषादी तथा अखाद्य वस्तुहरूको मिसावट र प्रयोगलाई नियन्त्रण तथा नियमन गरिनेछ;<br>२.१.३ कुपोषण न्यूनीकरण गर्न गुणस्तरीय एवं स्वास्थ्य बर्द्धक खाद्य पदार्थको पहुँच र उपभोग बढाउँदै स्वस्थ बानी र व्यवहारलाई प्रवर्द्धन गरिनेछ । |
| **उद्देश्य ३: स्वास्थ्य सम्बन्धी विपद् जोखिम न्यूनीकरण गर्नु** | |

| रणनीति | कार्यनीति |
|---|---|
| ३.१ जनस्वास्थ्य विपद् व्यवस्थापनका एकीकृत उपायहरू अवलम्बन गर्ने | ३.१.१ विपद् तथा महामारीको तत्काल सम्बोधन, एम्बुलेन्स सेवाको एकीकृत विकास, साधन सम्पन्न, तालिम प्राप्त चिकित्सक र स्वास्थ्यकर्मीको टोली परिचालन,<br>३.१.२ विपद्को प्रभावकारी व्यवस्थापनका लागि जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरिनेछ। |
| **उद्देश्य ४: स्वास्थ्य सेवाको व्यवस्थापन सुदृढीकरण गर्नु** | |
| ४.१ स्वास्थ्य सम्बन्धी घटनाहरूको अभिलेख तथ्यमा आधारित बनाउने र सबै विकास कार्यक्रममा स्वास्थ्यलाई एकीकृत गर्दै लैजाने | ४.१.१ हरेक स्वास्थ्य एकाइहरूमा आउने सर्ने तथा नसर्ने रोगहरूको यथार्थ परक अभिलेख राखी अद्यावधिक गर्दै लगिनेछ;<br>४.१.२ एकीकृत स्वास्थ्य सूचना प्रणाली तथा रोगको निगरानीलाई प्रविधिमैत्री बनाउँदै यसको अधिकतम प्रयोग गरिनेछ;<br>४.१.३ तथ्याङ्कहरूको विश्लेषण गरी आवश्यकता अनुसार स्वास्थ्य सेवाको विस्तार गरिनेछ। |

## ५.२.५ विस्तृत कार्यक्रम

| उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | क्र.सं. | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष २०८२/८३ | योजनाको कुल लक्ष्य | लगत (रु. हजारमा) २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **क. स्वास्थ्य सेवा कार्यक्रम** | | | | | | | | | | | | | | | |
| १ | १.१ | १.१.१ | १ | नगर अस्पताल सञ्चालन | सङ्ख्या | १ नं वडा | १ | १ | ५००० | ५००० | ५००० | ३५०० | ३५०० | **२२०००** | **पालिका** |
| | | | २ | आधारभूत स्वास्थ्य सेवा केन्द्र जनशक्ति व्यवस्थापन (CMA, अनमी र का.स.) | सङ्ख्या | २, ५, ७ र ८ नं. वडा | ४ | निरन्तर | ५००० | ५००० | ५००० | ५००० | ५००० | **२५०००** | **पालिका** |
| | | | ३ | स्वास्थ्य संस्थाहरूमा आवश्यकता अनुसार उपकरण उपलब्ध गराउने | पटक | सबै स्वास्थ्य संस्था | निरन्तर | ५ | २००० | २००० | २००० | २००० | २००० | **१००००** | **पालिका** |
| | | | ४ | स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि | पटक | पालिका | १ | ५ | २०० | २०० | २०० | २०० | २०० | **१०००** | **पालिका** |
| | | | ५ | स्वास्थ्य संस्थाहरूमा सेवा विस्तार | पटक | सबै स्वास्थ्य संस्था | निरन्तर | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | **७५००** | **पालिका** |
| | | १.१.२ | १ | स्वास्थ्य संस्थाले ज्येष्ठनागरिक लैंङ्गिक तथा अपाङ्गमैत्री बनाउन कार्यविधि निर्माण | सङ्ख्या | पालिका | ० | १ | ० | ० | ० | ० | ० | **०** | **पालिका** |
| | | १.१.३ | १ | प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो कार्यक्षेत्रभित्रका ज्येष्ठ नागरिक विपन्न व्यक्ति तथा अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य प्रोफाइल निर्माण तथा अध्यावधिक | पटक | सबै स्वास्थ्य संस्था | ० | ५ | ५० | ५० | ५० | ५० | ५० | **२५०** | **पालिका** |
| | | | २ | प्रोफाइलमा समावेश ज्येष्ठ नागरिक विपन्न व्यक्ति तथा अपाङ्गता भएका व्यक्तिहरूको वर्षको कम्तिमा १ पटक नियमित स्वास्थ्य परीक्षण | पटक | सबै स्वास्थ्य संस्था | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **पालिका** |
| | | १.१.४ | १ | आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक उपकरण तथा औषधिहरूको आपूर्ति (ढुवानी व्यवस्थापन) | पटक | सबै स्वास्य संस्था | निरन्तर | ५ | २०० | २०० | २०० | २०० | २०० | **१०००** | **पालिका** |
| | | | २ | औषधि खरिद | पटक | पालिका | १ | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | **७५००** | **पालिका** |
| | | | ३ | औषधि तथा उपकरणहरूको सुरक्षित भण्डारण र उपयोगको नियमित अनुगमन | पटक | पालिका | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | | १.१.५ | १ | सबै प्रकारका खोपहरूको सुरक्षित ढुवानी र भण्डारणको लागि पावर ब्याक अप व्यवस्था | सङ्ख्या | सबै स्वास्थ्य संस्था | २ | ११ | १५०० | १५०० | १००० | ० | ० | **४०००** | **पालिका** |
| | | | २ | खोप केन्द्र भवन निर्माण | सङ्ख्या | | ५ | ८ | ३००० | ३००० | ३००० | ३००० | ० | **१२०००** | **पालिका** |

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष | योजनाको कुल लक्ष्य | लगत (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| | | १.१.६ | १ | आयुर्वेद स्वास्थ्य संस्था स्तरोन्नति (सेवा विस्तार) | पटक | पालिका | १ | १ | १५०० | ० | १५०० | ० | १५०० | **४५००** | **पालिका** |
| | | | २ | आयुर्वेद तथा बैकल्पिक चिकित्सा पद्धतिको विकासका लागि उपकरण तथा औषधि खरिद | पटक | पालिका | १ | ५ | १००० | १००० | १००० | १००० | १००० | **५०००** | **पालिका** |
| | १.२ | १.२.१ | १ | बिमा सेवा सम्न्धी चेतनामूलक कार्यक्रम | पटक | सबै वडा | | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | | १.२.२ | १ | विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन अन्य संस्थासँगको सहकार्यमा | पटक | उपयुक्त स्थान | ५ | २५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | **१५००** | **पालिका** |
| | | | २ | घरघरमा निःशुल्क प्रसुती जाँच सेवा | पटक | सबै वडा | निरन्तर | निरन्तर | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **संघ** |
| २ | २.१ | २.१.१ | १ | Electronic Family Health Profile तयार पार्ने | पटक | सबै वडा | ० | १ | १०० | ० | ० | ० | १०० | **२००** | **पालिका** |
| | | | २ | मेरो स्वस्थ मेरो गाउँघर टोल स्वस्थ कार्यक्रम | पटक | सबै वडा | १ | ५ | २५० | २५० | २५० | २५० | २५० | **१२५०** | **संघ** |
| | | २.१.२ | १ | स्वास्थ्यलाई असर पार्ने मदिरामा विषादी रासायनिक पदार्थ तथा अखाद्यवस्तुको मिसावट र प्रयोगलाई नियन्त्रण र नियमन | पटक | सबै वडा | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | | २.१.३ | १ | कुपोषण न्यूनीकरणका लागि स्वस्थ बानी र व्यवहार प्रवर्द्धन (सचेतना कार्यक्रम) | पटक | सबै वडा | १ | ५ | २५० | २५० | २५० | २५० | २५० | **१२५०** | **पालिका** |
| | | | २ | बहुक्षेत्रीय पोषण समिति गठन तथा पुनर्गठन | सङ्ख्या | पालिका | १ | १ | ० | ० | ० | ० | ० | **०** | **पालिका** |
| ३ | ३.१ | ३.१.१ | १ | विपद् तथा महामारीको तत्काल सम्बोधन गर्न चिकित्सकहरूको टोली गठन र परिचालन | पटक | पालिका | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | | | २ | एम्बुलेन्सको एकीकृत सञ्चालन कार्यविधि तर्जुमा | सङ्ख्या | पालिका | ० | १ | ० | ० | ० | ० | ० | **०** | **पालिका** |
| | | ३.१.२ | १ | विपद् प्रतिकार्य तथा पूर्वतयारीका लागि जिल्ला विपद् व्यवस्थापन समितिसँग सहकार्य | पटक | पालिका | १ | ५ | २०० | २०० | २०० | २०० | २०० | **१०००** | **पालिका** |
| ४ | ४.१ | ४.१.१ | १ | सर्ने तथा नसर्ने रोगको अभिलेख व्यवस्थापन | पटक | सबै स्वास्थ्य संस्था | १ | ५ | ० | ० | ० | ० | ० | **०** | **पालिका** |
| | | | २ | क्षयरोग, कुष्ठरोग, औलो, HIV/एड्स रोगको एकीकृत सर्भिलेन्स कार्यक्रम | पटक | पालिका | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **संघ** |
| | | ४.१.२ | १ | सूचना प्रविधिमा आधारित स्वास्थ्य सम्बन्धी सूचना प्रणालीलाई अध्यावधिक गर्न स्वास्थ्यकर्मीको क्षमता विकास | पटक | सबै स्वास्थ्य संस्था | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष | योजनाको कुल लक्ष्य | लगत (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| | | ४.१.३ | १ | तथ्यहरूको आधारमा नीति अध्यावधिक गर्ने | पटक | पालिका | ० | २ | १०० | ० | ० | ० | १०० | **२००** | **पालिका** |
| | **जम्मा** | | | | | | | | **२५२५०** | **२३५५०** | **२४५५०** | **२०५५०** | **१९२५०** | **११३१५०** | |
| | **पालिकाको हिस्सा** | | | | | | | | **२४४००** | **२२७००** | **२३७००** | **१९७००** | **१८४००** | **१०८९००** | |
| | **संघीय सरकारको हिस्सा** | | | | | | | | **८५०** | **८५०** | **८५०** | **८५०** | **८५०** | **४२५०** | |

## ५.२.६ नतिजा

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| प्रभाव | गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच विस्तार भएको हुने | मातृमृत्यु दर प्रति लाख जीवित जन्ममा | दर | १५० | | | | | | ७० | DHIS | स्वास्थ्य शाखा | |
| | | ५ वर्ष मुनिका बाल मृत्युदर प्रतिहजार जीवित जन्ममा | दर | २३ | | | | | | १८ | ,, | | |
| | | शिशु मृत्युदर प्रतिहजार जीवित जन्ममा | दर | | | | | | | | ,, | ,, | |
| | | नवजात शिशु मृत्युदर प्रति हजार जीवित जन्ममा | दर | | | | | | | | ,, | ,, | |
| असर १ | निःशुल्क गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सबे नागरिकको पहुँच विस्तार भएको हुने | दक्ष प्रसुतीकर्मीको सहयोगमा बच्चा जन्मेको अनुपात | अनुपात | १३ | | | | | | ३० | ,, | ,, | |
| | | मापदण्ड अनुसार ४ पटक प्रसवपूर्व स्वास्थ्य जाँच गर्ने महिला | प्रतिशत | ५३ | | | | | | ७५ | ,, | ,, | |
| | | स्वास्थ्य संस्थामा बच्चा जन्माउने | प्रतिशत | १७ | | | | | | ५० | ,, | ,, | |
| | | मापदण्ड अनुसार प्रसवोत्तर सेवा प्राप्त गर्ने महिला | प्रतिशत | ४२.६६ | | | | | | ७५ | ,, | ,, | |
| | | हेपाटाइटिस 'बी' खोपको तीन डोज प्राप्त गर्ने शिशु | प्रतिशत | | | | | | | | ,, | ,, | |
| | | घरबाट स्वास्थ्य संस्था पुग्न ३० मिनेट वा सोभन्दा कम समय लाग्ने घरपरिवार | प्रतिशत | ४० | | | | | | ९५ | नगर प्रोफाइल | ,, | |
| | | पारिवारिक आम्दानीको ठुलो हिस्सा स्वास्थ्यका लागि खर्च गर्ने जनसङ्ख्या | प्रतिशत | | | | | | | | ,, | ,, | |
| | | राष्ट्रिय कार्यक्रममा समावेश गरिएको सबै खोपहरूले समेटेको लक्षित जनसङ्ख्या | अनुपात | २२१ | | | | | | | DHIS | ,, | |
| | | बालबच्चा जन्माउने औसत उमेर | वर्ष | | | | | | | | ,, | ,, | |
| | | किशोरी अवस्थाको प्रजनन योग्य उमेरका महिलाको अनुपात | प्रतिशत | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.१ | आधारभूत अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा आवश्यकता अनुसार जनशक्ति तथा उपकरणको व्यवस्था भएको हुने | सेवा विस्तार भएको स्वास्थ्य संस्था | सङ्ख्या | | | | | | | | वार्षिक प्रतिवेदन | ,, | |
| | | क्षमता वृद्धि भएको स्वास्थ्यकर्मी | सङ्ख्या | | | | | | | | ,, | ,, | |

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| प्रतिफल १.२ | स्वास्थ्य सेवा ज्येष्ठ नागरिक, लैङ्गिक तथा अपाङ्गमैत्री भई जीवनपथको अवधारणा अनुरूप स्वास्थ्य सेवा सुधार भएको हुने | ज्येष्ठ नागरिक, लैङ्गिक तथा अपाङ्गमैत्री स्वास्थ्य संस्थाहरू | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.३ | नगरपालिकाका सबै ज्येष्ठ नागरिक, विपन्न व्यक्ति तथा अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य प्रोफाइल बनेको हुने | स्वास्थ्य प्रोफाइलमा समावेश ज्येष्ठ नागरिक, विपन्न र अपाङ्गता भएका व्यक्तिहरूको | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.४ | सबै ज्येष्ठ नागरिक, विपन्न व्यक्ति र अपाङ्गता भएका व्यक्तिहरूको नयमित स्वास्थ्य परीक्षण भएको हुने | नियमित स्वास्थ्य परीक्षण भएको ज्येष्ठ नागरिक, विपन्न व्यक्ति र अपाङ्गता भएका व्यक्ति | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.५ | आधारभूत स्वास्थ्य सेवाको लागि आवश्यक सबै उपकरण तथा औषधिहरू उपलब्ध भई उचित प्रयोग भएको हुने | स्वास्थ्य संस्थाहरूमा उपकरण र औषधिको उपलब्ध स्वास्थ्य संस्था | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.६ | पालिकाका सबै बालबालिकाले राष्ट्रिय कार्यक्रममा समावेश भएको सबै खोप गुणस्तरयुक्त रूपमा प्राप्त गरेको हुने | सबै खोप प्राप्त गरेका बालबालिकाको अनुपात | प्रतिशत | १०० | | | | | | १०० | DHIS | ,, | |
| प्रतिफल १.७ | आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धति सञ्चालन भएको हुने | विकास गरिएका आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धति सङ्ख्या | सङ्ख्या | | | | | | | | वार्षिक प्रतिवेदन | ,, | |
| प्रतिफल १.८ | विशेषज्ञ स्वास्थ्य सेवा तथा अन्य स्वास्थ्य सेवा बिमा मार्फत उपलब्ध भएको हुने | स्वास्थ्य बिमा मार्फत सेवा प्राप्त गर्ने व्यक्ति | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.९ | विशेषज्ञ घुम्ती स्वास्थ्य सेवा/ शिविर कार्यक्रम सञ्चालन भएको हुने | स्वास्थ्य शिविर तथा घुम्ती स्वास्थ्य सेवा सञ्चालन | पटक | | | | | | | | ,, | ,, | |
| असर२ | आम नागरिकमा स्वास्थ्य सम्बन्धी सचेतना अभिवृद्धि भएको हुने | क्षयरोग लाग्ने दर | जना | | | | | | | | DHIS | ,, | |
| | | औलो लाग्ने दर प्रतिहजार | जना | | | | | | | | ,, | ,, | |
| | | कुष्ठरोग लाग्ने दर प्रति दश हजार जनसङ्ख्यामा | जना | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.१ | मेरो स्वास्थ्य मेरो जिम्मेवारी अवधारणा प्रभावकारी भएको हुने | एकीकृत स्वास्थ्य सेवा कार्यक्रमको सञ्चालन | पटक | | | | | | | | वार्षिक प्रतिवेदन | ,, | |
| | | Electronic Family Health Profile तयार | प्याकेज | | | | | | | | | ,, | |
| प्रतिफल २.२ | स्वास्थ्यमा प्रतिकूल असर पार्ने सुर्तीजन्य, मदिरा, रासायनिक, विषादी/अखाद्य वस्तुहरूको मिसावटमा नियन्त्रण भएकोहुने | सुर्तीजन्य, मदिरा, विषादी, रासायनिक पदार्थ तथा अखाद्यवस्तुहरूको मिसावट र प्रयोगलाई नियन्त्रण र नियमन | पटक | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.३ | कुपोषण न्यूनीकरण गर्न गुणस्तरीय र स्वास्थ्य वर्द्धक खाद्य पदार्थको पहुँच र उपभोग बढ्दै स्वस्थबानी र व्यवहारको प्रवर्द्धन भएको हुने | कुपोषण न्यूनीकरणका लागि स्वस्थ बानी र व्यवहार प्रवर्द्धन कार्यक्रम | प्याकेज | | | | | | | | ,, | ,, | |
| असर ३ | स्वास्थ्य विपद् जोखिम न्यूनीकरण भएको हुने | स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ३.१ | विपद्मा स्वास्थ्यकर्मीको परिचालन भएको हुने | टोली परिचालन अवस्था | पटक | | | | | | | | ,, | ,, | |

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| | | एकीकृत रूपमा एम्बुलेन्स सेवा परिचालन कार्यविधि | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ३.२ | जिल्ला विपद् व्यवस्थापन समितिसँग सहकार्य | जिल्ला विपद् व्यवस्थापन समितिसँग सहकार्य | पटक | | | | | | | | ,, | ,, | |
| असर ४ | स्वास्थ्य सेवाको व्यवस्थापन सुदृढ भएको हुने | स्वास्थ्य संस्थामा पुग्न ३० मिनेट वा सो भन्दा कम समय लाग्ने जनसङ्ख्या | प्रतिशत | ४० | | | | | | ९५ | ,, | ,, | |
| प्रतिफल ४.१ | सर्ने तथा नसर्ने रोगहरूको नियन्त्रण कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भएको हुने | स्वास्थ्य सम्बन्धी अध्ययन अनुसन्धान | पटक | | | | | | | | ,, | ,, | |
| प्रतिफल ४.२ | एकीकृत स्वास्थ्य सूचना प्रणाली प्रविधिमैत्री बन्दै यसको अधिकतम प्रयोग भएको हुने | स्वास्थ्य सूचना प्रणालीलाई अध्यावधिक गर्ने | पटक | | | | | | | | ,, | ,, | |

## ५.३ भाषा, साहित्य, कला, संस्कृति र सम्पदा

### ५.३.१ पृष्ठभूमि

राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार भीरकोट नगरपालिकामा १० किसिमका जात जातीहरूको बसोबास रहेको छ भने ९ वटा भाषा मातृभाषाको रूपमा बोलिन्छ। यहाँ ६ धर्मका धर्मावलम्बीहरू बसोबास गर्छन्। विभिन्न जातजातिहरूको बसोबास भएकोले आ-आफ्नो जातीय तथा धार्मिक परम्परा अनुसार सांस्कृतिक विविधता पनि भएकोले भाषा संस्कृति तथा परम्पारको धनी नगरपालिकाको रूपमा रहेकोछ। यहाँका विभिन्न जातजाति भाषाभाषीको मौलिक एवं परम्परागत संस्कृतिको जगेर्नाका साथै भावी पुस्तालाई समयानुकूल हस्तान्तरण गर्नु आवश्यक छ भने पुरातात्विक र ऐतिहासिक सम्पदाको संरक्षण र संवर्द्धन गर्न पनि उतिकै जरुरी छ।

### ५.३.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती

**(१) विद्यमान अवस्था**

यस नगरपालिकामा सबैभन्दा धैरै क्षेत्री जाति, दोस्रोमा गुरुङ, तेस्रोमा ब्राह्मण, चौथोमा मगर, त्यसपछि क्रमशः विश्वकर्मा, मिजार, ठकुरी, नेवार परियार र मुसलमान समुदायका मानिसहरू बसोबास गर्छन्। यहाँ ७ प्रकारका धर्मावलम्बीहरू तथा ६ वटा मातृभाषा बोल्ने जातजातिहरू छन्। जातीय तथा धार्मिक विविधताका कारण संस्कृति, परम्परा, रीतिरिवाजमा पनि विविधता छ। विभिन्न जातजातिको मौलिक परम्परागत संस्कृतिको जगेर्ना गरी भावी पुस्तालाई समयानुकूल हस्तान्तरण गर्नु आवश्यक छ। नयाँ पिढीले संस्कृति, परम्परा, रीतिरिवाज एवं भाषाको प्रयोग कम गर्न थालेका छन्। यसो हुँदै गएमा संस्कृति, परम्परा, रीतिरिवाज एवं भाषा लोप हुन सक्ने जोखिम बढेर गएकोछ। यी भाषा, संस्कृति, परम्पराको संरक्षण र संवर्द्धन गर्ने कार्य चुनौतीपूर्ण छ। यस नगरपालिकाले नेपाल एकीकरण अघिको बाइसे राज्यको रूपमा आफ्नो छुट्टै इतिहास बोकेको छ। यो ऐतिहासिक महत्वलाई संरक्षण र संवर्द्धन गर्न पनि उतिकै जरुरी छ।

**(२) सबल पक्ष**

(क) गुरुङ भाषा बोल्ने जनसङ्ख्या नेपाली भाषा पछिको दोस्रो बरियतामा र उल्लेख्य सङ्ख्यामा रहनु;

(ख) विभिन्न जातजातिको मौलिक परम्परामा अभ्यस्त पुस्ता अझै रहनु;

(ग) भाषा, संस्कृति, परम्पराको संरक्षण र प्रवर्द्धन गर्ने जिम्मेवारी स्थानीय तहमा पनि आउनु;

(घ) भाषा, संस्कृति, परम्पराको संरक्षण गर्नु पर्छ भन्ने सोच जागृत हुँदै जानु।

**(३) दुर्बल पक्ष**

(क) नगरपालिकाभित्र बोलिने भाषाहरू समान रूपमा विकसित नहुनु;

(ख) अल्पसङ्ख्यक समुदायले बोल्ने भाषा लोप हुने खतरामा हुनु;

(ग) विभिन्न जातजातिहरूको मौलिक परम्परागत संस्कृतिमा बाह्य संस्कृतिको प्रभाव बढ्दै जानु;

(घ) युवा पुस्ताले मौलिक परम्परागत संस्कृति छाड्दै जानु।

**(४) अवसर**

(क) भाषा तथा मौलिक परम्परागत संस्कृतिको संरक्षण गर्ने जिम्मेवारी तीनै तहको सरकारमा भएकोले समन्वयात्मक रूपमा स्रोतसाधनको परिचालन गर्न सहज हुनु;

(ख) सांस्कृतिक धार्मिक ऐतिहासिक एवं पुरातात्विक सम्पदाहरू मार्फत पर्यटन क्षेत्रको विकास गर्न सकिने।

**(५) चुनौती**

(क) लोपोन्मुख भाषा साहित्य र संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्नु;

(ख) विश्वव्यापीकरणले प्राचीन सम्पदा र संस्कृतिमा थपिएको अतिक्रमणको सामना गर्नु;

(ग) नगरपालिकामा बोलिने सबै भाषाको समतामूलक विकास गर्नु;

(घ) नगरपालिकाभित्र रहेका पुरातात्विक तथा सांस्कृतिक सम्पदाको प्रामाणिक अभिलेख तयार गर्नु ।

### ५.३.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"भाषा, धर्म र सांस्कृतिक विविधताका बीच एकता"

**लक्ष्य**

नगरपालिकाका सबै भाषा, धर्म, कला, साहित्य, संस्कृति, पुरातात्विक एवं ऐतिहासिक सम्पदाहरूको संरक्षण, संवर्द्धन र विकास गर्ने ।

**उद्देश्य**

१ नगरपालिका भित्रका जात जाति र समुदायको धर्म भाषा संस्कृति कला साहित्य र परम्पराको संरक्षण र संवर्द्धन गर्नु;

२ नगरपालिकामा रहेका विभिन्न ऐतिहासिक पुरातात्विक धार्मिक र सांस्कृतिक सम्पदाको पुनर्निर्माण जीर्णोद्धार र व्यवस्थापन गर्नु ।

### ५.३.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: नगरपालिका भित्रका जात जाति र समुदायको धर्म भाषा संस्कृति कला साहित्य र परम्पराको संरक्षण र संवर्द्धन गर्नु** | |
| १.१ नगरपालिकामा रहेका सबै जातजाति र समुदायका धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको संरक्षण गरी भावी पुस्तामा हस्तान्तरण हुने व्यवस्था गर्ने | १.१.१ धार्मिक सहिष्णुता कायम राख्दै प्रत्येक समुदायको धार्मिक एवं सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने व्यवस्था गरिनेछ;<br>१.१.२ भाषा, कला र संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्ने नीति तथा कानून तर्जुमा गरी कार्यान्वयन गरिनेछ;<br>१.१.३ धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको विकासमा उल्लेखनीय योगदान गर्ने व्यक्तित्वहरूको नामबाट निर्मित संरचनाहरूको नामाकरण गरिनेछ । |
| १.२ भाषा, कला र साहित्य बहुसंस्कृतिको संरक्षण, संवर्द्धन र विकास गरी धार्मिक एवं सांस्कृतिक पर्यटनको प्रवर्द्धन गर्दै आर्थिक समृद्धिमा टेवा पुऱ्याउने | १.२.१ नगरपालिका भित्र रहेका धार्मिक सम्पदा एवं तिर्थस्थलहरूलाई व्यवस्थापकीय सुधार गरी दिगो रूपमा सञ्चालन गरिनेछ;<br>१.२.२ यहाँ बोलिने भाषा र संस्कृतिको विकास गरी भाषा र संस्कृतिलाई पर्यटन प्रवर्द्धनसँग जोडिनेछ,<br>१.२.३ नगरपालिकाका सबै जातजातिको संस्कृति, रीतिरिवाज र परम्पराको संरक्षणको लागि बहुसांस्कृतिक सङ्ग्रहालयको स्थापना गरी पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ । |
| **उद्देश्य २: नगरपालिकामा रहेका विभिन्न ऐतिहासिक पुरातात्विक धार्मिक र सांस्कृतिक सम्पदाको पुनर्निर्माण जीर्णोद्धार र व्यवस्थापन गर्नु** | |
| २.१ जीर्ण अवस्थामा रहेका ऐतिहासिक पुरातात्विक तथा सांस्कृतिक महत्वका सम्पदाहरूको पहिचान गरी तिनीहरूको जीर्णोद्धार संरक्षण र विकास गर्ने | २.१.१ नगरपालिकाभित्र रहेका सम्पदाहरूको खोज, अन्वेषण गरी जीर्णोद्धार र संरक्षण गरिनेछ । |
| २.२ भौतिक एवं अभौतिक संस्कृतिको संरक्षण गर्न सांस्कृतिक प्रोफाइल तयार गरी अद्यावधिक गर्ने | २.२.१ नगरपालिकाका सबै पुरातात्विक तथा धार्मिक क्षेत्र र स्थानसँग सम्बन्धित संस्कृतिहरूको श्रव्यदृश्य सहितको प्रोफाइल तयार गरी संरक्षण गरिनेछ;<br>२.२.२ विभिन्न जातजातिसँग सम्बन्धित मौलिक एवं स्थानीय सामग्रीहरूलाई उत्पादन र प्रवर्द्धन गरिनेछ । |

## ५.३.५ विस्तृत कार्यक्रम

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष | योजनाको कुल लक्ष्य | लागत (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| **क. भाषा, संस्कृति, साहित्य, कला तथा सम्पदा संरक्षण र प्रवर्द्धन कार्यक्रम** | | | | | | | | | | | | | | | |
| १ | १.१ | १.१.१ | १ | धार्मिक एवं सांस्कृतिक सम्पदाको संरक्षण तथा प्रवर्द्धन | पटक | सबै वडा | १ | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | **१५००** | **पालिका** |
| | | १.१.२ | १ | भाषा कला र संस्कृति सम्बन्धी स्थानीय नीति निर्माण | प्याकेज | पालिका | ० | १ | ५० | ० | ० | ० | ० | **५०** | **पालिका** |
| | | १.१.३ | १ | भीरकोट प्रज्ञा प्रतिष्ठान मार्फत साहित्यिक कार्यक्रम सञ्चालन | पटक | सबै वडा | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **पालिका** |
| | १.२ | १.२.१ | १ | धार्मिक तथा सांस्कृतिक धरोहर (मन्दिर, कोट, कालिका, सिमे, भुमे, मस्जिद, गुम्बा, चर्च) को व्यवस्थापन सहयोग | पटक | सबै वडा | १ | ५ | १००० | १००० | १००० | १००० | १००० | **५०००** | **पालिका** |
| | | १.२.२ | १ | भाषा तथा संस्कृति संरक्षण र पर्यटन प्रवर्द्धन कार्यक्रम | पटक | सबै वडा | १ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **पालिका** |
| २ | २.१ | २.१.१ | १ | नगरपालिकाभित्रका सम्भावित सम्पदाहरूको पहिचान एवं महत्वपूर्ण सम्पदाहरूको संरक्षण | पटक | सबै वडा | १ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **पालिका** |
| | २.२ | २.२.१ | १ | सम्पदा र संस्कृतिहरूको श्रव्यदृश्य प्रोफाइल निर्माण | सङ्ख्या | पालिका | १ | १ | ० | ० | ० | ० | १०० | **१००** | **पालिका** |
| | | २.२.२ | १ | विभिन्न जातजातिसँग सम्बन्धित मौलिक एवं सांस्कृतिक सामग्रीहरू उत्पादन तथा प्रवर्द्धन | पटक | पालिका | १ | ३ | ३०० | १०० | १०० | ३०० | १०० | **९००** | **पालिका** |
| | **जम्मा** | | | | | | | | **३१५०** | **२९००** | **२९००** | **३१००** | **३०००** | **१५०५०** | |
| | **पालिकाको हिस्सा** | | | | | | | | **३१५०** | **२९००** | **२९००** | **३१००** | **३०००** | **१५०५०** | |

## ५.३.६ नतिजा

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | | | | |
| प्रभाव | नगरपालिका भित्रका सबै भाषा, धर्म, कला, साहित्य, संस्कृति, पुरातात्विक एवं ऐतिहासिक सम्पदाहरको संरक्षण, संवर्द्धन र विकास भएको हुने | बहुसांस्कृतिक संग्रहालयको स्थापना र भाषा संस्कृतिको संवर्द्धन | सङ्ख्या | | ० | ० | १ | ० | ० | १ | वार्षिक प्रतिवेदन | सामाजिक शाखा | |
| असर १ | नगरपालिका भित्रका विभिन्न जातजाति र समुदायको धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र संवर्द्धन भएको हुने | मर्मत तथा व्यवस्थापनमा सुधार गरिएका धार्मिक सम्पदा एवं तीर्थस्थलहरू | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.१ | धार्मिक सहिष्णुता कायम भई सबै समुदायको धार्मिक एवं सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने व्यवस्था भएको हुने | नगरपालिकास्तरीय संस्कृति झल्कने लोकगीत तथा लोकनृत्यको प्रदर्शनी | पटक | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.२ | भाषा, कला, संस्कृति संरक्षण र संवर्द्धन गर्ने नीति निर्माण भएको हुने | भाषा कला र संस्कृति सम्बन्धी नीति | सङ्ख्या | | १ | ० | ० | ० | ० | १ | ,, | ,, | |
| प्रतिफल १.३ | धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको विकासमा उल्लेखनीय योगदान गर्ने व्यक्तित्वहरूको नामबाट संरचनाहरूको निर्माण एवं नामाकरण भएको हुने | उल्लेखनीय योगदान गर्ने विशिष्ट व्यक्तिहरूको नामबाट संरचना निर्माण एवं नामाकरण | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.४ | धार्मिक तिर्थस्थलहरूको व्यवस्थानमा सहयोग भएको हुने | सहयोग प्राप्त धार्मिक तिर्थस्थलहरू | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.५ | भाषा तथा संस्कृतिको संरक्षणबाट पर्यटकीय गन्तव्यको विकास भएको हुने | पर्यटकीय गन्तव्यको रूपमा विकास भएका सांस्कृतिक स्थान | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.६ | बहुसांस्कृतिक संग्रहालयको स्थापना भएको हुने | बहुसांस्कृतिक संग्रहालयको | स्ख्या | | | | | | | | ,, | ,, | |
| असर २ | नगरपालिका भित्र रहेका विभिन्न ऐतिहासिक पुरातात्विक धार्मिक र सांस्कृतिक सम्पदाहरूको पुनर्निर्माण जीर्णोद्धार र व्यवस्थापन भएको हुने | संरक्षण र संवर्द्धन भएका पुरातात्विक महत्वका वस्तु तथा सम्पदाहरू | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.१ | नगरपालिका भित्रका सम्पदाहरूको पहिचान भई महत्वपूर्ण सम्पदाहरूको संरक्षण भएको हुने | संरक्षण गरिएका पुरातात्विक महत्वका सम्पदाहरू | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | मर्मत सम्भार भएका मन्दिर, गुम्बा, मस्जिद, चर्च | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.२ | नगरपालिका भित्रका सबै पुरातात्विक तथा धार्मिक सम्पदा एवं संस्कृतिहरूको श्रव्यदृश्य सहितको प्रोफाइल तयार गरी संरक्षण भएको हुने | तयार पारिएका सम्पदा र संस्कृतिहरूको श्रव्य दृश्य सहितको प्रोफाइल | सङ्ख्या | | १ | ० | ० | ० | ० | १ | ,, | ,, | |

## ५.४ युवा तथा खेलकुद

### ५.४.१ पृष्ठभूमि

व्यक्तिगत, शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक पक्षको सन्तुलित विकासमा खेलकुदको महत्वपूर्ण भूमिका रहन्छ। वर्तमान सन्दर्भमा "**सबैका लागि खेलकुद**" भन्ने अवधारणा विस्तार हुँदै गइरहेको छ। समाजमा रहेका खेलाडी, प्रशिक्षक, बालबालिका, युवा, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू सबैलाई खेलकुदको माध्यमबाट निरोगी एवं अनुशासित तुल्याई देश विकासको पथमा संलग्न गराउनु अहिलेको प्रमुख आवश्यकता हो। खेलकुदलाई मनोरञ्जनका रूपमा मात्र नलिई मानव विकास सूचकाङ्कको रूपमा लिई यस क्षेत्रमा लगानी बढाउन सकेको खण्डमा देशको विकासमा महत्वपूर्ण योगदान सावित हुन सक्दछ। खेलाडीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धी बनाई राष्ट्रको गौरव बढाउने तथा खेलकुद मार्फत पर्यटनको प्रवर्द्धन गर्न सकिएमा नगरपालिकाको आर्थिक समृद्धिमा खेलकुद क्षेत्रको पनि योगदान पुग्नेछ।

### ५.४.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती

**(१) विद्यमान अवस्था**

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस नगरपालिकामा युवा (१६-४० उमेर समूह) का जनसङ्ख्या ३८.० प्रतिशत रहेको छ। विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण तयार गरी युवाहरूको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गरिनु पर्दछ। व्यक्तिको शारीरिक मानसिक सामाजिक र संवेगात्मक पक्षको सन्तुलित विकासका लागि खेलकुद अपरिहार्य छ। साथसाथै खेलाडीको प्रतिस्पर्धी क्षमता वृद्धि गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नगरपालिका, प्रदेश र राष्ट्रको गौरव बढाउने अवसर सिर्जना गर्नु आवश्यक छ।

जनसाङ्ख्यिक पुँजीको रूपमा रहेका युवाहरूको विदेश पलायन रोक्दै विकासको हरेक क्षेत्रमा युवाहरूको पहुँच बढाउने र सामाजिक-आर्थिक रूपान्तरणमा युवाहरूलाई मूलप्रवाहीकरण गर्दै शिक्षित, दक्ष, लगनशील, अनुशासिन युवाहरूबाट नगरपालिकाको विकासमा योगदानको वातावरण सिर्जना गर्नु आजको अपरिहार्य आवश्यकता हो।

यस नगरपालिकामा युवाहरूको सिप तथा क्षमता अभिवृद्धि तथा खेलकुद विकासको क्षेत्रमा विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। तथापी युवा उद्यमशीलता तथा रोजगारीको क्षेत्रमा उल्लेख्य प्रगति भने हुन सकेको छैन। स्थानीयस्तरमा नगरपालिका तथा विभिन्न क्लब तथा विद्यालयहरूमा साना साना प्रतियोगितात्मक खेलकुद कार्यक्रमहरू हुने गरेका छन्। खासगरी भलिबल प्रतियोगिताहरू सञ्चालन हुने गरेका छन्। वार्षिक रूपमा राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता हुँदै आएको छ सो प्रतियोगितामा विद्यालयस्तरका खेलाडीहरू सहभागी हुने गरेका छन्। उपयुक्त जमिन तथा स्रोत साधनको अभावमा स्तरीय खेलमैदमाहरूको विकास गर्न सकिएको छैन।

**(२) सबल पक्ष**

(क) खेलकुद क्षेत्रको प्रोत्साहनको लागि नगरपालिकाले विभिन्न खेलकुद प्रतयोगिता आयोजना गर्ने गरेको;

(ख) युवाक्लबहरू गठन तथा सञ्चालन भएको;

(ग) युवाहरूको आयआर्जन तथा रोजगारीको लागि विभिन्न सिप विकास तालिमहरू प्रदान गरिएको,

(घ) निर्वाहमुखी भएपनि खेलमैदानहरू निर्माण भएको;

(ङ) युवाहरूमा स्वदेशमै केही गरौं भन्ने भावनाको विकास हुँदै गएको।

### (३) दुर्बल पक्ष

(क) मापदण्ड अनुसार खेलमैदान निर्माण हुन नसक्नु;

(ख) पर्याप्त खेल अभ्यास तथा तालिम दिन नसकिनु;

(ग) विविध खेलविधामा प्रतिस्पर्धात्मक अवसर दिन नसकिनु;

(घ) तालिम अनुसारको रोजगारीको अवसर सिर्जना गर्न नसकिनु ।

### (४) अवसर

(क) खेलकुद क्षेत्रको विकास गरी युवाहरूलाई जीविकोपार्जनको अवसर दिलाउन सकिने;

(ख) खेलकुद क्षेत्रमा तीनै तहको सरकारको लगानी साझेदारी हुन सक्ने,

(ग) संविधान मै युवा विकास सम्बन्धी व्यवस्था हुनु;

(घ) जनसङ्ख्यामा युवाहरूको बाहुल्यता हुनु;

(ङ) विदेशमा रोजगारीको सिलसिलामा सिकेको सिपलाई आफ्नै भूमिमा उपयोग गर्न सकिने अवस्था हुनु;

(च) खेलकुद विकासका लागि पूर्वाधार र खेल सामग्रीको कमी हुनु र भएका पूर्वाधार गुणस्तरीय, आधुनिक र सुविधायुक्त नहुनु ।

### (५) चुनौती

(क) युवाहरूलाई स्थानीय तह मै रोजगारीको अवसर सिर्जना गर्नु;

(ख) खेल मार्फत जीवनयापनको अवसर सिर्जना गर्नु;

(ग) राष्ट्रिय/अन्तर्राष्ट्रिय मापदण्डका खेल मैदान तथा प्रशिक्षणको व्यवस्था गर्नु;

(घ) नियमित रूपमा विभिन्न खेल प्रतियोगिता कार्यक्रम सञ्चालन गर्नु;

(ङ) युवाहरूलाई नेतृत्वदायी भूमिका र विकासको मूल प्रवाहमा ल्याउनु;

(च) युवाहरूलाई लागु पदार्थ तथा दुर्व्यसनबाट बचाउनु;

(छ) युवाहरूको मानसिक स्वास्थ्य र अनुशासन सुदृढ राख्नु ।

## ५.४.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

### दीर्घकालीन सोच

“युवाहरूमा व्यावसायिक सिप र जाँगरः भीरकोट समृद्धिको आधार”

### लक्ष्य

खेलकुद तथा सिप विकासको माध्यमबाट युवाहरूलाई नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा मूलप्रवाहीकरण गर्ने ।

### उद्देश्य

१ युवाहरूलाई उद्यमशीलता, स्वरोजगार र स्वावलम्बी बनाउँदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु;

२ खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यावसायिक बनाउनु ।

## ५.४.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: युवाहरूलाई उद्यमशीलता, स्वरोजगार र स्वावलम्बी बनाउँदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु** | |
| १.१ युवामा सकारात्मक सोच | १.१.१ विभिन्न क्लबहरूको गठन र सञ्चालन मार्फत युवाहरूको नेतृत्व र व्यक्तित्व विकास गरिनेछ; |

| रणनीति | कार्यनीति |
|---|---|
| सिर्जनशीलता र नेतृत्व क्षमता विकास गर्ने | १.१.२ नगरपालिकाका नीति तथा कार्यक्रम निर्माण तथा अनुगमन-मूल्याङ्कनमा युवा सहभागिता अभिवृद्धि गरिनेछ;<br>१.१.३ सिर्जनात्मक अन्वेषण गरी राष्ट्रको गौरव बढाउन योगदान दिन युवाहरूलाई प्रोत्साहन गरिनेछ |
| १.२ युवा केन्द्रित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासका अवसरहरू विस्तार गरी उद्यमशील बनाउने | १.२.१ स्वदेश तथा विदेशी श्रम बजारको माग अनुरूप प्राविधिक सिप क्षमता विकास गरिनेछ;<br>१.२.२ वैदेशिक अध्ययन तथा रोजगारीबाट आर्जन भएका पुँजी, ज्ञान, सिप, प्रविधि र अनुभवलाई स्वदेशमा नै उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ;<br>१.२.३ परम्परागत पेशा र व्यवसायको जगेर्ना, आधुनिकीकरण र व्यवसायीकरण गर्न युवाहरूलाई प्रोत्साहन गरिनेछ। |
| १.३ युवाहरूलाई लागु पदार्थ दुर्व्यसनबाट बचाउने | १.३.१ युवाहरूलाई परिवार र समाजप्रति जिम्मेवार बनाउन अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ;<br>१.३.२ युवाहरूलाई लागु पदार्थ दुर्व्यसन तथा नियन्तण सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। |
| **उद्देश्य २: खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यावसायिक बनाउनु** | |
| २.१ खेलकुदको विकासका लागि आवश्यक पूर्वाधारको निर्माण र स्तरोन्नति गर्ने | २.१.१ नगरपालिका भित्र गुणस्तरीय खेलकुद मैदान तथा अन्य पूर्वाधारहरू निर्माण गरिनेछ;<br>२.१.२ एक वडा एक खेलमैदान निर्माण गरिनेछ;<br>२.१.३ नगरपालिका भित्र एक रङ्गशाला निर्माण गरिनेछ। |
| २.२ संघ तथा प्रदेश सरकार र खेल सम्बद्ध संघ संस्थाहरूसँग समन्वय र सहकार्य गरी खेलकुद विकास गर्ने | २.२.१ खेलकुद विकासका लागि संघ तथा प्रदेश सरकार तथा खेल सम्बद्ध संघसंस्थाहरूसँग सहकार्य गरिनेछ;<br>२.२.२ खेलकुद प्रशिक्षकहरूको सूची तयार गरी प्रशिक्षणको व्यवस्था गरिनेछ। |
| २.३ प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास र प्रोत्साहन गर्ने | २.३.१ राष्ट्र तथा नगरपालिकाको गौरव राख्न सफल खेलाडीहरूलाई सम्मान एवं पुरस्कारको व्यवस्था गरिनेछ;<br>२.३.२ स्थानीयस्तरमा खेलकुद प्रतियोगिता सञ्चालन गर्दै प्रतिभावान खेलाडीहरूको पहिचान तथा विकास गरिनेछ;<br>२.३.३ माध्यमिक विद्यालय तहमा खेलकुद पूर्वाधारको विकास गरी खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ। |

## ५.४.५ विस्तृत कार्यक्रम

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष | योजनाको कुल लक्ष्य | लागत (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| **क. युवा तथा खेलकुद विकास कार्यक्रम** | | | | | | | | | | | | | | | |
| १ | १.१ | १.१.१ | १ | युवाक्लब गठन | पटक | सबै वडा | २० | ५ | ० | ० | ० | ० | ० | ० | पालिका |
| | | | २ | युवाक्लब नेतृत्व विकास कार्यक्रम | पटक | पालिका | ० | ३ | १०० | ० | १०० | ० | १०० | ३०० | पालिका |
| | | १.१.३ | १ | Startup उद्यमी युवा सम्मान कार्यक्रम | पटक | पालिका | ० | ३ | ० | ५० | ० | ५० | ० | १०० | पालिका |
| | १.२ | १.२.१ | १ | युवा लक्षित सिप विकास तालिम | वडा | पालिका | ५ | ९ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | पालिका |
| | | १.२.२ | १ | विदेशबाट फर्किएर नगरपालिकाभित्रै व्यवसायमा लाग्ने युवाहरूलाई सहयोग | पटक | पालिका | २ | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | पालिका |
| | | १.२.३ | १ | परम्परागत पेशा प्रवर्द्धन कार्यक्रम | पटक | सबै वडा | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | पालिका |
| | १.३ | १.३.१ | १ | परिवार र समाजप्रति युवाको जिम्मेवारी सचेतनामूलक कार्यक्रम | पटक | पालिका | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | पालिका |
| | | १.३.२ | १ | लागु पदार्थ तथा दुर्व्यसन नियन्त्रण सम्बन्धी सचेतनामूलक कार्यक्रम | पटक | पालिका | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | पालिका |
| २ | २.१ | २.१.२ | १ | एक वडा एक खेलमैदान निर्माण | सङ्ख्या | पालिका | १ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | पालिका/प्रदेश |
| | | २.१.३ | १ | रङ्गशाला निर्माण | सङ्ख्या | पालिका | ० | १ | ० | १०००० | १०००० | १०००० | ० | ३०००० | प्रदेश/संघ |
| | | | २ | पूर्वाधारयुक्त व्याटमिन्टन कोर्ट निर्माण | सङ्ख्या | पालिका | १ | २ | २००० | १००० | १००० | १००० | ० | ५००० | पालिका/प्रदेश |
| | २.२ | २.२.१ | १ | जिल्ला, प्रदेश तथा राष्ट्रियस्तरमा आयोनामा हुने खेलकुद प्रतियोगितामा खेलाडी सहभागिता | पटक | | १ | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | पालिका |
| | | | २ | खेल आबद्ध संस्थाहरूसँग विभिन्न खेलकुद प्रतियोगिता सहआयोजना | पटक | पालिका | १ | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | पालिका |
| | | | ३ | नगरस्तरीय रनिङ्शिल्ड प्रतियोगिता | | | १ | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | पालिका |
| | | २.२.२ | १ | नगरपालिकामा रहेका खेल प्रशिक्षकहरूको सूचीकरण | पटक | पालिका | ० | १ | ० | ० | ० | ० | ० | ० | पालिका |
| | | | २ | विभिन्न खेलकुद प्रशिक्षण | पटक | पालिका | ० | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | पालिका |
| | २.३ | २.३.१ | १ | गौरव खेलाडी सम्मान कार्यक्रम | पटक | पालिका | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | पालिका |
| | | २.३.२ | १ | विविध खेलकुद प्रतियोगता | पटक | पालिका | १ | ५ | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | पालिका |

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष | योजनाको कुल लक्ष्य | लागत (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| | | | २ | उत्कृष्ट खेलाडी छनोट | पटक | पालिका | ० | ५ | ५० | ५० | ५० | ५० | ५० | **२५०** | **पालिका** |
| | | २.३.३ | १ | विद्यालय खेलकुद पूर्वाधार निर्माण | सङ्ख्या | सबै वडा | १० | २५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **पालिका/प्रदेश** |
| | **जम्मा** | | | | | | | | **७०५०** | **१६०००** | **१६०५०** | **१६०००** | **५०५०** | **६०१५०** | |
| | **पालिकाको हिस्सा** | | | | | | | | **५५५०** | **५०००** | **५०५०** | **५०००** | **४५५०** | **२५१५०** | |
| | **प्रदेशको हिस्सा** | | | | | | | | **१५००** | **६०००** | **६०००** | **६०००** | **५००** | **२००००** | |
| | **संघीय सरकारको हिस्सा** | | | | | | | | **०** | **५०००** | **५०००** | **५०००** | **०** | **१५०००** | |

## ५.४.६ नतिजा

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२/८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | | | | |
| प्रभाव | स्थानीय युवाहरू आर्थिक तथा सामाजिक रूपमा सक्रिय भई नगरपालिकाको समृद्धिमा योगदान पुगेको हुने | रोजगारीमा संलग्न नगरपालिकाभित्रका युवा | सङ्ख्या | | | | | | | | वार्षिक प्रतिवेदन | शिक्षा शाखा | |
| असर १ | युवाहरूमा उद्यमशीलता अभिवृद्धि भई स्वावलम्बी भएको हुने र विकासको मूल प्रवाहमा सहभागी भएको हुने | स्वरोजगारमा संलग्न युवा | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | उपभोक्ता समितिको अनुगमनमा सहभागी युवा | प्रतिशत | | | | | | | | | | |
| प्रतिफल १.१ | युवाक्लब गठन भई युवाहरूमा नेतृत्व क्षमता विकास भएको हुने | युवाक्लब | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | नेतृत्व विकास तालिम प्राप्त युवा | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.२ | बस्तीस्तरीय योजना तर्जुमा प्रक्रिया र योजना अनुगमनमा युवा सहभागिता भएको हुने | योजना तर्जुमा गोष्ठीमा युवा सहभागिता | प्रतिशत | | | | | | | | ,, | ,, | |
| | | अनुगमन संयन्त्रमा युवा सहभागिता | प्रतिशत | | | | | | | | | | |
| प्रतिफल १.३ | सिर्जनात्मक अन्वेषण गरी राष्ट्रको गौरव बढाउने युवा सम्मानित भई प्रोत्साहित भएको हुने | सम्मानित अन्वेषक युवा | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.४ | नगरपालिकाका युवाहरूमा स्वदेश तथा विदेशी श्रम बजारमा बिक्न सक्ने दक्षता वृद्धि भएको हुने | सिप विकास तालिम प्राप्त युवा | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.५ | वैदेशिक अध्ययन तथा रोजगारीबाट आर्जन भएको पुँजी ज्ञान सिप प्रविधि र अनुभव नगरपालिकाकै उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन भएको हुने | वैदेशिक रोजगारीबाट फर्केर स्वरोजगारीमा लागेका युवा | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | विदेशमा आर्जन गरेको पुँजीबाट सञ्चालन भएको स्वव्यवसायी | सङ्ख्या | | | | | | | | | | |
| प्रतिफल १.६ | परम्परागत पेशा व्यवसाय प्रवर्द्धन भई आधुनिकीकरण र व्यवसायीकरण भएको हुने | परम्परागत पेशा व्यवसायीकरणमा लागेका युवा | सङ्ख्या | | | | | | | | | | |
| प्रतिफल १.७ | सचेतनामूलक कार्यक्रमबाट युवाहरू परिवार र | परिवार र समाजप्रति जिम्मेवार भएका | सङ्ख्या | | | | | | | | | | |

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| | समाजप्रति जिम्मेवार भएको हुने | युवा | | | | | | | | | | | |
| प्रतिफल १.८ | लागु पदार्थ दुर्व्यसन नियन्त्रणमा युवाहरूको योगदान भएको हुने | लागु पदार्थ दुर्व्यशन नियन्तरण सम्बन्धी चेतनामूलक कार्यक्रममा सहभागी युवा | सङ्ख्या | | | | | | | | | | |
| असर २ | खेलकुद पूर्वाधार निर्माण भै खेलाडीहरू उच्च प्रतिस्पर्धी र व्यवसायी भएको हुने | खेलमैदान नभएको वडा | सङ्ख्या | | | | | | | ० | ,, | ,, | |
| | | रंगशाला | सङ्ख्या | | ० | ० | १ | ० | ० | १ | | | |
| | | खेल प्रशिक्षक सङ्ख्या | सङ्ख्या | | | | | | | | | | |
| | | प्रतिभावान खेलडी | सङ्ख्या | | | | | | | | | | |
| प्रतिफल २.१ | नगरपालिकाभित्र प्रत्येक वडामा खेलकुद पूर्वाधार निर्माण एवं स्तरोन्नति भएको हुने | रंगशाला | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | खेल मैदान भएको वडा | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.२ | जिल्ला प्रदेश तथा राष्ट्रिय खेलकुद प्रतियोगितामा नगरपालिकाबाट खेलाडी सहभागी भएको हुने | जिल्ला प्रदेश तथा राष्ट्रिय प्रतियोगितामा नगरपालिकाबाट सहभागी खेल | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.३ | नगरपालिकाभित्र खेल सम्बन्धी संघसंस्थासँग सहआयोजना भै खेलकुद प्रतियोगिता भएको हुने | सहआयोजनामा सञ्चालन भएको खेल | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.४ | नगरपालिकाभित्रका खेल प्रशिक्षकहरू सूचीकृत भै खेल प्रशिक्षण भएको हुने | खेल प्रशिक्षक | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | प्रशिक्षण भएका खेल | सङ्ख्या | | | | | | | | | | |
| प्रतिफल २.५ | राष्ट्र तथा नगरपालिकाको गौरव राख्न सफल खेलाडीहरू सम्मानित भएको हुने | सम्मानित खेलाडी | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.६ | स्थानीयस्तरमा विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन भै उत्कृष्ट खेलाडीहरू जिल्ला प्रदेश तथा राष्ट्रिय खेल प्रतियोगितामा सहभागी भएको हुने | नगरपालिकामा सञ्चालन भएका खेल प्रतियोगिताहरूको | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | माथिल्लो तहको प्रतियोगिताको लागि छनोट भएका खेलाडी | सङ्ख्या | | | | | | | | ,, | ,, | |

## ५.५ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

### ५.५.१ पृष्ठभूमि

नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गर्ने सङ्कल्पसहित महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक लगायत मौलिक हकको प्रत्याभूति गरेको छ। नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि १९७९ अनुमोदन गरिसकेको छ। यसैगरी दिगो विकास लक्ष्यमा लैङ्गिक समानता तथा सशक्तीकरणको विषय समावेश भएको छ। यसैगरी संविधानले बालबालिकाको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको हुँदा बाल बचाउ, बाल संरक्षण, बाल विकास र बालसहभागिता जस्ता बाल अधिकारका आधार स्तम्भहरू प्रत्याभूत गर्नुपर्ने दायित्व राज्यको हुन आउँछ। बाल अधिकार सम्बन्धी ऐन, २०७५ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्थाको साथै दिगो विकास लक्ष्यमा समेत बालबालिकाको गुणस्तरीय शिक्षा, स्वास्थ्य, बालबालिका माथि हुने हिंसा, शोषण, दुर्व्यवहार, उपेक्षाको अन्त्य र सुरक्षित र पहुँचयोग्य वातावरण तथा किशोरकिशोरी माथि हुने सबै प्रकारका विभेदको अन्त्य गर्ने राष्ट्रिय लक्ष्यमा समावेश गरिएकाले सोही अनुरूप यस नगरपालिकाले पनि उक्त विषयहरू सम्बोधन गर्नुपर्ने आवश्यकता रहेको छ। ज्येष्ठ नागरिकहरूले आफ्नो जीवनकालमा कुनै न कुनै प्रकारले समाज र देशका लागि केही न केही योगदान गरेकै हुन्छ। ज्येष्ठ नागरिकको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरी राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको प्रत्याभूति गरेकोले ज्येष्ठ नागरिकहरूको जीवन सहज सुरक्षित एवं सम्मानित बनाई सामाजिक न्याय कायम गर्नु राज्यको दायित्व हुन आउँछ। यस्तै अपाङ्गता भएका व्यक्तिहरूको सन्दर्भमा नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि २००६ मा हस्ताक्षर गरिसकेको र संविधानले पनि अपाङ्गता भएका व्यक्तिहरूको हकको बारेमा व्यवस्था गरेको हुँदा त्यस्ता व्यक्तिहरूको जीवन सहज र मर्यादित बनाउन पनि सरकारको कर्तव्य हुन आउँछ। यसरी महिला, बालबालिका, किशोर किशोरी, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई विकासको मूल प्रवाहमा समाहित गर्नु आवश्यक छ।

### ५.५.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती

**(१) विद्यमान अवस्था**

राष्ट्रिय जनगणना २०७८ अनुसार भीरकोट नगरपालिकाको महिला जनसङ्ख्या ५४.७ प्रतिशत रहेको छ। महिला जनसङ्ख्या धैरै हुनुको प्रमुख कारण महिला भन्दा पुरुषहरू वैदेशिक रोजगारीमा धैरै जानु हो। महिला जनसङ्ख्या बढी भएपनि प्राय महिलाहरू घरधन्दाका काम तथा निर्वाहमुखी कृषिमा संलग्न छन्। अझैपनि महिला हिंसाका घटनाहरू भइनै रहेका छन् र व्यवहारगत विभेद पनि कायमै छ। बालबालिका तथा किशोरकिशोरीहरू पनि असहज वातावरणमा जीवन यापन गर्नुपर्ने अवस्था अझै कायमै छ। बालविवाहका दुष्परिणामका बारेमा उचित ज्ञान दिलाउन नसक्दा उमेर नपुग्दै किशोर किशोरीहरू वैवाहिक सम्बन्ध स्थापित गरिरहेका छन्। अहिलेका बालविवाह बाबुआमाको करकापले भन्दा बढी स्वइच्छाले गर्ने गरेको अवस्था छ। ज्येष्ठ नागरिकलाई परिवारको बोझको रूपमा व्यवहार गर्ने प्रवृत्ति बढ्दो छ र उनीहरूको जीवनयापन अपमानजनक र कष्टकर हुँदै गइरहेको छ। यस नगरपालिकामा ६० वर्ष र सोभन्दा माथिको जनसङ्ख्या १६.१२ प्रतिशत रहेको छ। अपाङ्गता भएका व्यक्तिहरू प्रति समाजको दृष्टिकोण अझे सकारात्मक हुन सकिरहेको छैन। उनीहरूको उपयुक्त क्षमता विकास गरी आत्मनिर्भर बनाउन सकिएको छैन। यस नगरपालिकामा अपाङ्गता भएका व्यक्तिहरूको जनसङ्ख्या कुल जनसङ्ख्याको ३.३ प्रतिशत रहेको छ। यहाँ ११ प्रकारका अपाङ्गता भएका व्यक्तिहरू छन्। समाजमा विद्यमान लैङ्गिक तथा अन्य जुनसुकै प्रकारको विभेद न्यूनीकरण गर्दै विभेदरहित समतामूलक समाजको स्थापना गरी विकासको मूल प्रवाहमा समतामूलक समावेशीकरण गर्नु राज्यको प्रमुख दायित्वको रूपमा रहेको छ र यो दायित्व पूरा गर्न चुनौतीपूर्ण छ।

**(२) सबल पक्ष**

(क) महिला हिंसा विरुद्धको १६ दिने अभियान लगायत महिला सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन हुने गरेको;

(ख) महिलाको नेतृत्व तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएको;

(ग) गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालनमा रहेको;

(घ) बालबालिकाहरू तथा किशोर किशोरीहरूलाई सम्पूर्ण खोप लगाइएको;

(ङ) ज्येष्ठ नागरिकहरूलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइएको;

(च) ज्येष्ठ नागरिकहरूको जीवन मर्यादित र सहज बनाउन विभिन्न कार्यक्रमहरू हुन थालेको;

(झ) अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकास तथा जीवन सहज बनाउन विभिन्न कार्यक्रमहरू सञ्चालन हुन थालेको।

**(३) दुर्बल पक्ष**

(क) महिला बालबालिका किशोर किशोरी ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्ति केन्द्रित नीति तथा कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन हुन नसक्नु;

(ख) आय आर्जन उद्यमशीलता रोजगारी जस्ता कार्यक्रमहरू लक्षित वर्गको समतामूलक पहुँच स्थापित गर्न नसकिनु;

(ग) नीति निर्माण तहमा लक्षित वर्गको अर्थपूर्ण सहभागिता गराउन नसकिनु;

(घ) परिवार भित्र र समाजमा विभिन्न प्रकारका विभेद कायमै रहनु;

(ङ) भौतिक सुविधाको विकासले असमानता तथा विभेदहरूको प्रकृति र प्रवृत्ति जटिल हुँदै जानु।

**(४) अवसर**

(क) महिला बालबालिका लगायत लक्षित वर्गको संरक्षण सशक्तीकरण र विकासका लागि संविधानमै सुनिश्चित गरिनु;

(ख) महिला बालबालिका तथा लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरू हुनु;

(ग) लैङ्गिक हिंसा तथा अन्य सामाजिक कुरीतिजन्य व्यवहारको बारेमा विद्यालयस्तरबाट नै चेतना अभिवृद्धि हुँदै आउनु;

(घ) सूचना प्रविधिको विकासले जीवन सहज हुँदै जानु।

**(५) चुनौती**

(क) लैङ्गिक तथा सामाजिक समावेशीकरण बजेट तर्जुमा र कार्यान्वयन;

(ख) महिला बालबालिका तथा लक्षित वर्गको आर्थिक तथा सामाजिक सशक्तीकरण गर्नु;

(ग) समाजको हरेक क्षेत्रमा महिलाको समतामूलक नेतृत्वदायी भूमिका स्थापित गर्नु;

(घ) ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको जीवन आत्मनिर्भर र सम्मानित बनाउनु;

(ङ) नगरपालिकालाई बालमैत्री पालिकाको रूपमा घोषणा गर्नु।

### ५.५.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"विभेदरहित, समतामूलक, आत्मनिर्भर र सद्भावपूर्ण समाजको निर्माण"

**लक्ष्य**

समाजमा रहेको सबैप्रकारका विभेदको अन्त्यगरी, समतामूलक, आत्मनिर्भर र मर्यादित जीवन पद्धतिको सुनिश्चतता गर्ने।

**उद्देश्य**

१ महिला विरुद्ध हुने सबै प्रकारका विभेद हिंसा र शोषणको अन्त्य गर्दै महिलाको सम्मानित जीवनयापन सुनिश्चित गर्नु;

२ लैङ्गिक उत्तरदायी बजेट तथा शासन व्यवस्था मार्फत आर्थिक समृद्धि र दिगो विकासका लागि महिलाको समान अग्रसरता र

नेतृत्वदायी भूमिका विकास गर्दै स्रोत साधन र अवसर तथा लाभमा लैङ्गिक न्याय सहितको पहुँच सुनिश्चित गर्नु;

३ बालबालिका तथा किशोरकिशोरीको समग्र अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै बालबालिका तथा किशोरकिशोरीमैत्री वातावरण सिर्जना गरी उनीहरूको चौतर्फी विकासको सुनिश्चितता गर्नु;

४ ज्येष्ठ नागरिकको हक संरक्षण र प्रवर्द्धन गर्दै सम्मानित जीवन सुनिश्चित गर्नु;

५ आधारभूत सेवा, स्रोत र प्रविधिमा अपाङ्गता भएका व्यक्तिहरूको सहज पहुँच अभिवृद्धि गरी आर्थिक र सामाजिक सशक्तीकरण मार्फत जीवनयापनमा सहजता प्रदान गर्नु;

६ जातीय तथा वर्गीय विभेद अन्त्य गरी सद्भावपूर्ण समाज निर्माण गर्नु।

### ५.५.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: महिला विरुद्ध हुने सबै प्रकारका विभेद हिंसा र शोषणको अन्त्य गर्दै महिलाको सम्मानित जीवनयापन सुनिश्चित गर्नु** | |
| १.१ लैङ्गिक हिंसा अन्त गर्ने कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्ने | १.१.१ यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरू प्रतिको सामाजिक विभेद हटाउन सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ;<br>१.१.२ महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद रोकथाम एवं नियन्त्रणका लागि कानूनी उपचार प्रणालीलाई सहज, छिटो र पहुँचयोग्य बनाइनेछ;<br>१.१.३ सारभूत लैङ्गिक समानता प्राप्तिका लागि पुरुषको सक्रिय सहभागितामा वृद्धि गरिनेछ। |
| **उद्देश्य २: लैङ्गिक उत्तरदायी बजेट तथा शासन व्यवस्था मार्फत आर्थिक समृद्धि र दिगो विकासका लागि महिलाको समान अग्रसरता र नेतृत्वदायी भूमिका विकास गर्दै स्रोत साधन र अवसर तथा लाभमा लैङ्गिक न्याय सहितको पहुँच सुनिश्चित गर्नु** | |
| २.१ सबै क्षेत्रमा लैङ्गिक उत्तरदायी बजेट र शासन पद्धति अवलम्बन गर्ने | २.१.१ नगरपालिकाको नीति तथा कार्यक्रम र बजेट निर्माण र कार्यान्वयन तहमा महिलाहरूको सारभूत<br>प्रतिनिधित्व र सहभागितामा अभिवृद्धि गरिनेछ;<br>२.१.२ टोल विकास संस्था तथा उपभोक्ता समितिहरूमा महत्वपूर्ण जिम्मेवारीको पद सहितको समान सहभागिता हुने नीतिगत व्यवस्था गरिनेछ। |
| २.२ आर्थिक रूपले विपन्न र सामाजिक रूपले पछाडि परेका महिलालाई विशेष प्राथमिकता दिँदै आर्थिक र सामाजिक सशक्तीकरण गर्ने | २.२.१ हिंसापीडित तथा प्रभावित महिलाको लागि एकीकृत सेवा सहितको अल्पकालीन पुनर्स्थापना केन्द्र सञ्चालन गरिनेछ;<br>२.२.२ उद्यमशीलताको माध्यमबाट पिछडिएका तथा विपन्न महिलाको आर्थिक सशक्तीकरणका लागि जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गरिनेछ;<br>२.२.३ महिला विकास कार्यक्रमलाई निरन्तरता दिनुका साथै महिला समूहद्वारा प्रवर्द्धित महिला सहकारी संस्थालाई उत्पादनमूलक व्यवसाय तथा स्वरोजगार क्षेत्रमा परिचालन गर्ने वातावरण सिर्जना गरिनेछ;<br>२.२.४ सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य अधिकारलाई थप सुनिश्चित गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ;<br>२.२.५ लैङ्गिक समानता तथा सशक्तीकरण मापन सूचकहरू तयार गरी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइनेछ। |
| **उद्देश्य ३: बालबालिका तथा किशोरकिशोरीको समग्र अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै बालबालिका तथा किशोरकिशोरीमैत्री वातावरण सिर्जना गरी उनीहरूको चौतर्फी विकासको सुनिश्चितता गर्नु** | |
| ३.१ बाल स्वास्थ्यमा सुधार ल्याई बाल मृत्युदरमा कमी ल्याउने | ३.१.१ बालबालिका तथा किशोरकिशोरीहरूको पोषण अवस्थामा सुधार ल्याउन बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गरिनेछ;<br>३.१.२ किशोरकिशोरीहरूलाई स्वास्थ्य तथा प्रजनन स्वास्थ्य शिक्षा सेवा उपलब्ध गराइनेछ; |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३.१.३ बालबालिकाहरूलाई पूर्ण खोपको सुनिश्चितता तथा गुणस्तरीयता स्वास्थ्य सेवाको पहुँच बढाई बाल मृत्युदर घटाइनेछ । |
| ३.२ सबै प्रकारका विभेद हिंसा उत्पीडन शोषणबाट सबै प्रकारका (विपन्न परिवारका, अपाङ्गता भएका, असहाय, अनाथ, विशेष संरक्षणको आवश्यकता भएका) बालबालिका तथा किशोर किशोरीलाई उचित संरक्षण गर्ने | ३.२.१ बालबालिका तथा किशोरकिशोरीहरू विरुद्ध हुने हिंसा, बाल यौनदुर्व्यवहार, बालश्रम, बालविवाह, बलात्कार, बेचबिखन जस्ता अपराध विरुद्ध कानूनी व्यवस्था बमोजिम शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ;<br>३.२.२ बालबालिका तथा किशोरकिशोरीहरू विरुद्धका अपराध नियन्त्रण सम्बन्धी कानूनी प्रावधानका विषयहरूमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ;<br>३.२.३ हिंसा प्रभावित बालबालिका तथा किशोरकिशोरीको उचित संरक्षण तथा पुनर्स्थापनाका लागि विशेष व्यवस्था गरिनेछ । |
| ३.३ बाल तथा किशोर किशोरीको शारीरिक मानसिक संवेगात्मक तथा संज्ञानात्मक विकासका लागि प्रभावकारी उपायहरू अवलम्बन गर्ने | ३.३.१ प्रत्येक विद्यालयमा बालबालिकाको शारीरिक र मानसिक विकासका लागि उमेर र कक्षा अनुसार खेलकुद, मनोरञ्जन तथा अतिरिक्त क्रियाकलापहरू सञ्चालनका लागि वार्षिक क्यालेण्डर बनाई सञ्चालन गरिनेछ;<br>३.३.२ विद्यालय तहको शिक्षामा स्वास्थ्य, यौन तथा प्रजनन् अधिकारका विषयहरू, बालविवाहका नकारात्मक असर सम्बन्धी विषय समावेश गरिनेछ । |
| ३.४ बालबालिका तथा किशोरकिशोरीको सहभागिता प्रवर्द्धन गर्ने | ३.४.१ बाल सहभागिताको सुनिश्चितताको लागि नगरपालिकास्तरीय बाल सञ्जाल प्रवर्द्धन गरिनेछ;<br>३.४.२ बालक्लब, बाल सञ्जाल ,किशोरकिशोरी समूहको गठन, विस्तार तथा परिचालन गरी बालबालिका र किशोरकिशोरीहरूको सहभागिता बढाइनेछ;<br>३.४.३ बालबालिकाको शारीरिक मानसिक र शैक्षिक विकासमा अवरोध तथा बाधा नपर्ने गरी बाल सहभागिता प्रवर्द्धन गरिनेछ । |
| ३.५ बाल तथा किशोरकिशोरी-मैत्री वातावरणको विकास गर्ने | ३.५.१ बालमैत्री स्थानीय शासनको लागि आवश्यक पूर्वाधार तथा बाल अधिकार सूचकहरू पूरा गर्न बालमैत्री वडा तथा बालमैत्री नगरपालिका घोषणा गर्ने व्यवस्था मिलाइनेछ;<br>३.५.२ इन्टरनेटको दुरूपयोगबाट बालबालिका माथि पर्ने सबै प्रकारका नकारात्मक असरहरू न्यूनीकरण गर्ने उपायहरूको खोजी गरी कार्यान्वयनमा ल्याइनेछ । |
| **उद्देश्य ४: ज्येष्ठ नागरिकको हक संरक्षण र प्रवर्द्धन गर्दै सम्मानित जीवन सुनिश्चित गर्नु** | |
| ४.१ ज्येष्ठ नागरिकको लागि हेरचाह स्याहार सुसार र उपयुक्त वातावरण सिर्जना गर्ने | ४.१.१ ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरिनेछ;<br>४.१.२ आफ्ना आमाबाबुलाई सन्तानले हेरचाह तथा उचित व्यवस्थापन गर्नुपर्ने पद्धतिको प्रवर्द्धन गरिनेछ;<br>४.१.३ ज्येष्ठ नागरिकहरूकोलागि विश्रामस्थल, भलाकुसारी स्थल जस्ता संरचनाहरूको विकास गरिनेछ । |
| ४.२ ज्येष्ठ नागरिकको ज्ञान, सिप र अनुभवलाई उपयोग गर्ने | ४.२.१ ज्येष्ठ नागरिकहरूको ज्ञान, सिप र अनुभव सङ्कलन र उपयोग गरिनेछ;<br>४.२.२ ज्येष्ठ नागरिकलाई सम्मान, आदर र सहजताका लागि विभिन्न सेवा र सुविधामा विशेष छुट र<br>सहुलियतको व्यवस्था गरिनेछ । |
| **उद्देश्य ५: आधारभूत सेवा, स्रोत र प्रविधिमा अपाङ्गता भएका व्यक्तिहरूको सहज पहुँच अभिवृद्धि गरी आर्थिक र सामाजिक सशक्तीकरण मार्फत जीवनयापनमा सहजता प्रदान गर्नु** | |
| ५.१ अपाङ्गमैत्री भौतिक संरचना निर्माण तथा सुधार गरी | ५.१.१ नगरपालिकाभित्र बन्ने सरकारी तथा निजी भौतिक संरचनाहरू अपाङ्गमैत्री बनाई दैनिक क्रियाकलाप गर्न सहज हुने वातावरण निर्माण गरिनेछ; |

| रणनीति | कार्यनीति |
|---|---|
| सार्वजनिक सेवामा सहज पहुँच बढाउने | ५.१.२ शिक्षण सिकाइ पद्धति अपाङ्गमैत्री बनाई गुणस्तरीय शिक्षामा अपाङ्गता भएका बालबालिकाहरूको पहुँच वृद्धि गरिनेछ। |
| ५.२ अपाङ्गता भएका व्यक्तिहरू प्रति गरिने विभिन्न प्रकारका हानिकारक अभ्यास तथा परम्परागत विभेद र हिंसा आदिको न्यूनीकरण गर्ने | ५.२.१ अपाङ्गता भएका व्यक्तिहरूप्रति गरिने विभिन्न प्रकारका अन्धविश्वास, विभेद र सबै प्रकारका हिंसा नियन्त्रण र निराकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ;<br>५.२.२ अपाङ्गता भएका व्यक्तिहरूप्रति प्रयोग गरिने परम्परागत अभद्र शब्दावलीहरूको प्रयोग अन्त्य गरी सभ्य शब्दावलीको प्रयोग गर्ने वातावरण तयार गरिनेछ। |
| ५.३ अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक र सामाजिक सशक्तीकरण मार्फत जीवनयापनमा सहजता प्रदान गर्ने | ५.३.१ सहायक सामग्री उपलब्ध गराई उनीहरूको गमनशीलता वृद्धि गर्दै लगिनेछ;<br>५.३.२ अपाङ्गता भएका व्यक्तिहरूको क्षमता अभिवृद्धि गरी आत्मनिर्भर बनाइनेछ,<br>५.३.३ गम्भीर प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको लागि पुनर्स्थापना सेवा र स्वास्थ्योपचारको व्यवस्था गरिनेछ। |
| **उद्देश्य ६: जातीय तथा वर्गीय विभेद अन्त्य गरी सद्भावपूर्ण समाज निर्माण गर्नु** | |
| ६.१ समाजमा रहेको जातीय तथा वर्गीय विभेद अन्त्य गरी सद्भावपूर्ण समाज निर्माण गर्नृ | ६.१.१ जातीय तथा वर्गीय विभेद न्यूनीकरण गर्दै लैजान चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ;<br>६.१.२ छुवाछुत जस्ता सामाजिक कुरीति निराकरण गर्न प्रचलित कानूनको कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ। |

## ५.५.५ विस्तृत कार्यक्रम

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष | योजनाको कुल लक्ष्य | लागत (रु. हजार) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| **क. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम** | | | | | | | | | | | | | | | |
| १ | १.१ | १.१.१ | १ | यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूप्रतिको विभेद हटाउने सम्बन्धी सचेतनामूलक कार्यक्रम | पटक | पालिका | २ | २ | १०० | ० | ० | १०० | ० | **२००** | **पालिका** |
| | | १.१.२ | १ | महिला हिंसा, शोषण र विभेद सम्बन्धी न्यायिक समितिमा परेका उजुरीलाई प्राथमिकतामा राखी निरूपण गर्ने | पटक | पालिका | ३ | १५ | ० | ० | ० | ० | ० | **०** | **पालिका** |
| | | १.१.३ | १ | महिला हकहित सम्बन्धी पतिपत्नीको सहभागितामा चेतनामूलक कार्यक्रम | पटक | पालिका | २ | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| २ | २.१ | २.१.१ | १ | बस्तीस्तरीय योजना तर्जुमा गोष्ठीमा कम्तिमा ३३% महिला सहभागिता अनिवार्य गर्ने | पटक | सबै वडा | ९ | ९ | ० | ० | ० | ० | ० | ० | **पालिका** |
| | २.२ | २.२.२ | १ | पिछडिएका र विपन्न महिलाका लागि उद्यमशीलता तथा जीविकोपार्जन कार्यक्रम | पटक | पालिका | २ | ५ | २०० | २०० | २०० | २०० | २०० | **१०००** | **पालिका** |
| | | २.२.३ | १ | महिला विकास कार्यक्रम | पटक | पालिका | ५ | ९ | ३०० | ३०० | ३०० | ३०० | ३०० | **१५००** | **पालिका** |
| | | | २ | महिलाद्वारा प्रवर्द्धित सहकारीलाई उत्पादनमूलक तथा स्वरोजगारी क्षेत्रमा लगानी गर्न प्रोत्साहन कार्यक्रम | पटक | पालिका | ० | २ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | | २.२.४ | १ | सुरक्षित मातृत्व सम्बन्धी विशेष कार्यक्रम | पटक | पालिका | ५ | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | | २.२.५ | १ | लैङ्गिक समानता तथा सशक्तीकरण मापन सूचक तयार | पटक | पालिका | ० | १ | ५० | ० | ० | ० | ० | **५०** | **पालिका** |
| | | | २ | सूचक अनुसार अनुगमन | पटक | सबै वडा | ० | ५ | ० | ० | ० | ० | ० | **०** | **पालिका** |
| | | ३.१.२ | १ | किशोरकिशोरी प्रजनन् स्वास्थ्य सम्बन्धी चेतनामूलक कार्यक्रम | पटक | पालिका | २ | ५ | १२५ | १२५ | १२५ | १२५ | १२५ | **६२५** | **पालिका** |
| | | ३.१.३ | १ | पूर्णखोपयुक्त नगरपालिका घोषणा | पटक | पालिका | १ | १ | ० | १०० | ० | ० | ० | **१००** | **पालिका** |
| | ३.२ | ३.२.१ | १ | बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने हिंसा यौन दुर्व्यवहार बलात्कार बेचबिखन लगायतका निकृष्ट अपराध विरुद्ध शून्य सहनशीलता कार्यक्रम | पछक | पालिका | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | **२५०** | **पालिका** |
| | | ३.२.२ | १ | बालबालिका तथा किशोर किशोरी विरुद्ध हुने अपराध नियन्त्रण सम्बन्धी कानूनको विषयमा सचेतनामूलक कार्यक्रम | पटक | पालिका | २ | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष २०८२/८३ | योजनाको कुल लक्ष्य | लागत (रु. हजार) २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | | ३.२.३ | १ | हिंसा प्रभावित बालबालिका तथा किशोर किशोरीको संरक्षण तथा पुनर्स्थापनाका लागि सहयोग कार्यक्रम | पटक | पालिका | २ | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | ३.३ | ३.३.१ | १ | विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन सम्बन्धी वार्षिक क्यालेण्डर निर्माण | पटक | पालिका | १ | ५ | २५ | २५ | २५ | २५ | २५ | **१२५** | **पालिका** |
| | | ३.३.२ | १ | विद्यालय तहको शिक्षामा यौन तथा प्रजनन अधिकार सम्बन्धी विषय समावेश गर्ने | पटक | पालिका | १ | ५ | ० | ० | ० | ० | ० | **०** | **पालिका** |
| | ३.४ | ३.४.१ | १ | बाल सञ्जालको संयोजनमा बालबालिकासँग प्रमुख कार्यक्रम | पटक | पालिका | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | | ३.४.२ | १ | बालक्लब बाल मञ्च तथा बाल सञ्जाल गठन र परिचालन | पटक | सबै वडा/ पालिका | १ | १ | १५० | ० | ० | ० | ० | **१५०** | **पालिका** |
| | | ३.४.३ | १ | बालबालिकाकोको सहभागितामा नमूना नगर कार्यपालिका तथा नगरसभा गठन अभ्यास | पटक | पालिका | ० | ३ | १५० | ० | १५० | ० | १५० | **४५०** | **पालिका** |
| | ३.५ | ३.५.१ | १ | बालमैत्री नगरपालिका घोषणा सूचक मापन र निरन्तरता | सङ्ख्या | पालिका | १ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **पालिका** |
| ४ | ४.१ | ४.१.१ | १ | ज्येष्ठ नागरिक परिचयपत्र वितरण | पटक | पालिका | निरन्तर | निरन्तर | २५ | २५ | २५ | २५ | २५ | **१२५** | **पालिका** |
| | ४.२ | ४.२.१ | १ | ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र मार्फत अन्तरपुस्ता अनुभव आदान प्रदान कार्यक्रम | पटक | पालिका | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| ५ | ५.१ | ५.१.१ | १ | अपाङ्गतामैत्री भौतिक संरचना निर्माण मापदण्ड निर्माण | सङ्ख्या | पालिका | ० | १ | ५० | ० | ० | ० | ० | **५०** | **पालिका** |
| | ५.२ | ५.२.१ | १ | अपाङ्गता सम्बन्धी अन्ध विश्वास र विभेद निराकरण सम्बन्धी सचेतना कार्यक्रम | पटक | पालिका | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | | ५.२.२ | १ | अपाङ्गता भएका व्यक्तिहरूप्रति प्रयोग गरिने अभद्र शब्दावली विरुद्ध सम्मानित शब्दावलीको सूची छपाई तथा वितरण | पटक | पालिका | ० | २ | १०० | ० | ० | १०० | ० | **२००** | **पालिका** |
| | ५.३ | ५.३.१ | १ | अपाङ्गता सहायक सामग्री वितरण | पटक | पालिका | १ | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | **१५००** | **पालिका** |
| | | ५.३.२ | १ | अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकास कार्यक्रम | पटक | पालिका | १ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **पालिका** |
| | | ५.३.३ | १ | गम्भिर प्रकृतिका अपाङ्गता भएका व्यक्तिहरूको लागि पुनर्स्थापना सेवा तथा स्वास्थ्योपचार सहयोग कार्यक्रम | पटक | पालिका | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष | योजनाको कुल लक्ष्य | लागत (रु. हजारा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| ६ | ६.१ | ६.१.१ | १ | जातीय विभेद न्यूनीकरण सम्बन्धी चेतनामूलक कार्यक्रम | पटक | पालिका | १ | ३ | १०० | ० | १०० | ० | १०० | **३००** | **पालिका** |
| | | ६.१.२ | १ | छुवाछुत लगायतका जातीय कुरीति विरुद्धको कानून कार्यान्वयनमा शून्य सहनशीलता (न्यायिक समिति) | पटक | पालिका | ० | ५ | ० | ० | ० | ० | ० | **०** | **पालिका** |
| | **जम्मा** | | | | | | | | **३६२५** | **३०२५** | **३१७५** | **३१२५** | **३१७५** | **१६१२५** | |
| | **पालिकाको हिस्सा** | | | | | | | | **३६२५** | **३०२५** | **३१७५** | **३१२५** | **३१७५** | **१६१२५** | |

## ५.५.६ नतिजा

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२/८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | | | | |
| प्रभाव | समाजमा रहेका सबै प्रकारका विभेदको अन्त्य भई समतामूलक आत्मनिर्भर र मर्यादित जीवन पद्धतिको सुनिश्चितता भएको हुने | लैङ्गिक विभेद सम्बन्धी उजुरीमा आएको कमी | प्रतिशत | | | | | | | | वार्षिक परतिवेदन | सामाजिक विकास शाखा | |
| | | बाल विवाहमा आएको कमी | प्रतिशत | | | | | | | | अध्ययन प्रतिवेदन | | |
| | | हिंसा पीडित बालबालिका र किशोरकिशोरी | सङ्ख्या | | | | | | | | | | |
| | | परिवारबाट अलगिएका ज्येष्ठ नागरिक | सङ्ख्या | | | | | | | | ,, | | |
| | | रोजगार/स्वरोजगारमा लागेका अपाङ्गता भएका व्यक्ति | सङ्ख्या | | | | | | | | ,, | | |
| | | छुवाछुत सम्बन्धी उजुरी/मुद्दामा आएको कमी | प्रतिशत | | | | | | | | ,, | ,, | |
| असर १ | महिला विरुद्ध हुने सबै प्रकारका विभेदको अन्त्य भई महिलाहरूले सम्मानित जीवनयापन गरेको हुने | मर्यादित जीवनयापन गरिरहेका यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरू | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | महिला हिंसा विरुद्धको कानूनी उपचार नपाएका पीडित महिला | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.१ | यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरू प्रति विभेद हटाउने कार्यक्रम सञ्चालन भै विभेदमा कमी आएको हुने | चेतनामूलक कार्यक्रममा सहभागी | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.२ | महिला हिंसा/शोषण/विभेद सम्बन्धी उजुरीहरूको प्राथमिकतापूर्वक निरूपण भएको हुने | निवेदन/उजुरी दर्ता र फछर्यौट अनुपात | प्रतिशत | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.३ | महिला हकहित सम्बन्धी चेतनामूलक कार्यक्रममा महिला पुरुषको सहभागिता भई महिला हकको संरक्षण भएको हुने | महिला हक सम्बन्धी कार्यक्रममा सहभागी महिला/पुरुषको अनुपात | प्रतिशत | | | | | | | | ,, | ,, | |

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| असर २ | लैङ्गिक उत्तरदायी बजेट तर्जुमा भई आर्थिक विकासको मूल प्रवाहमा महिलाहरूको संलग्नता रही स्रोत साधन अवसर र लाभमा न्यायपूर्ण पहुँच स्थापित भएको हुने | महिल अध्यक्ष भएका टोल विकास संस्था | प्रतिशत | | | | | | | | ,, | ,, | |
| | | महिला अध्यक्ष भएको उपभोक्ता समितिको अनुपात | प्रतिशत | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.१ | लैङ्गिक उत्तरदायी बजेट तर्जुमा भै महिला विकास सम्बन्धी कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भएको हुने | योजना तर्जुमा गोष्ठीमा महिलाहरूक सहभागिता अनुपात | प्रतिशत | | | | | | | | ,, | ,, | |
| | | महिला अध्यक्ष रहेको टोल विकास संस्था | प्रतिशत | | | | | | | | ,, | ,, | |
| | | महिला अध्यक्ष रहेको उपभोक्ता समिति | प्रतिशत | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.२ | आर्थिक तथा सामाजिक रूपले पछाडि परेका महिलाहरूले विशेष प्राथमिकता पाई सशक्तीकरण भएको हुने | अल्पकालीन पुनर्स्थापना केन्द्र स्थापना | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | स्वरोजगारमा लागेका पिछडिएका महिला | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | उत्पादनमूलक तथा स्वरोजगारीमा लगानी गर्ने महिलाद्वारा प्रवर्द्धित सहकारी | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.३ | सुरक्षित मातृत्व सम्बन्धी विशेष कार्यक्रम सञ्चालन भै मातृमृत्युदरमा कमी आएको हुने | मातृमृत्युदरमा आएको कमी | प्रतिशत | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.४ | लैङ्गिक समानता तथा सशक्तीकरण मापन गर्ने सूचक विकास भै अनुगमनमा प्रयोग भएको हुने | लैङ्गिक सूचकको आधारमा अनुगमन भएको योजना | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| असर ३ | बालबालिका/किशोरकिशोरीको समग्र अधिकारको संरक्षण भई बालबालिका तथा किशोरकिशोरीमैत्री वातावरण सिर्जना भई उनीहरूको चौतर्फी विकास भएको हुने | बालमैत्री वडा घोषणा | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | बालमैत्री नगरपालिका घोषणा | सङ्ख्या | | २ | २ | १ | ० | ० | ५ | ,, | ,, | |
| | | बालमैत्री नगरपालिका घोषणा | सङ्ख्या | | ० | ० | १ | ० | ० | १ | | | |
| प्रतिफल ३.१ | बालबालिका तथा किशोर किशोरीको पोषण अवस्थामा सुधार ल्याउन बहुक्षेत्रीय पोषण कार्यक्रम तथा अन्य पोषण कार्यक्रमको विस्तार भएको हुने | बहुक्षेत्रीय पोषण सम्बन्धी सचेतना कार्यक्रम | पटक | | १ | ० | १ | ० | १ | ३ | ,, | ,, | |
| प्रतिफल ३.२ | किशोर किशोरीलाई स्वास्थ्य तथा प्रजनन् स्वास्थ्य शिक्षा सेवा उपलब्ध भएको हुने | किशोर किशोरी प्रजनन् स्वास्थ्य कार्यक्रम सञ्चालन | पटक | | १ | १ | १ | १ | १ | ५ | ,, | ,, | |
| प्रतिफल ३.३ | बालबालिकालाई पूर्ण खोपको सुनिश्चितता तथा गुणस्तरीय स्वास्थ्य सेवा पहुँच बढेको हुने | पूर्ण खोपयुक्त नगरपालिका घोषणा | सङ्ख्या | | ० | १ | ० | ० | ० | १ | ,, | ,, | |
| प्रतिफल ३.४ | बालबालिका हिंसा विरुद्ध शून्य सहनशीलताको नीति कार्यान्वयन भएको हुने | बालबालिका विरुद्ध हुने अपराधमा सजाय पाएको | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ३.५ | बालबालिका सम्बन्धी कानूनी प्रावधानका विषयमा सचेतनामूलक कार्यक्रम भएको हुने | सचेतना कार्यक्रममा सहभागी | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ३.६ | हिंसा प्रभावित बालबालिका तथा किशोर किशोरीको उचित संरक्षण तथा पुनर्स्थापनाको विशेष व्यवस्था भएको | संरक्षण र पुनर्स्थापना सहयोग | सङ्ख्या | | | | | | | | ,, | ,, | |

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| | हुने | | | | | | | | | | | | |
| प्रतिफल ३.७ | विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन सम्बन्धी क्यालेण्डर निर्माण भै कार्यान्वयन भएको हुने | क्यालेण्डर निर्माण | सङ्ख्या | | १ | १ | १ | १ | १ | ५ | ,, | ,, | |
| प्रतिफल ३.८ | विद्यालय तहको शिक्षामा यौन तथा प्रजनन् अधिकारका विषयहरू बाल विवाहका नकारात्मक असर सम्बन्धी विषय समावेश भएको हुने | यौन तथा प्रजनन् अधिकार सम्बन्धी अध्यापन गराउने विद्यालय | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ३.९ | बाल सञ्जालको संयोजनमा बालबालिकासँग प्रमुख कार्यक्रम सञ्चालन भएको हुने | बालबालिकासँग प्रमुख कार्यक्रम | सङ्ख्या | | १ | १ | १ | १ | १ | ५ | ,, | ,, | |
| प्रतिफल ३.१० | बालक्लब बालमञ्च र बाल सञ्जाल गठन भै परिचालन भएको हुने | बालक्लब र बाल मञ्च | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | बाल सञ्जाल | सङ्ख्या | | १ | ० | ० | ० | ० | १ | ,, | ,, | |
| प्रतिफल ३.११ | नमूना नगरसभा र नगरकार्यपालिका गठन अभ्यास भई शासकीय प्रबन्धको बारेमा बालबालिका जानकारी भएको हुने | नमूना नगरसभा र नगर कार्यपालिका गठन अभ्यास कार्यक्रम | पटक | | १ | ० | १ | ० | १ | ३ | ,, | ,, | |
| प्रतिफल ३.१२ | बालमैत्री नगरपालिका घोषणा भै बालबालिका तथा किशोरकिशोरीहरूको चौतर्फी विकास हुन सक्ने वातावरण तयार भएको हुने | बालमैत्री वडा घोषणा | सङ्ख्या | | २ | २ | १ | ० | ० | ५ | ,, | ,, | |
| | | बालमैत्री नगरपालिका घोषणा | सङ्ख्या | | ० | ० | १ | ० | ० | १ | ,, | ,, | |
| प्रतिफल ३.१३ | इन्टरनेटको दुरूपयोगबाट हुने दुष्परिणामको सम्बन्धमा चेतनामूलक कार्यक्रम सञ्चालन भई बालबालिका तथा किशोरकिशोरीहरू सचेत भएको हुने | कार्यक्रममा सहभागी | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| असर ४ | ज्येष्ठ नागरिकको हक संरक्षण र प्रवर्द्धन भई ज्येष्ठ नागरिकहरूको जीवनयापन सम्मानित भएको हुने | परिवारबाट पीडित ज्येष्ठ नागरिक | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ४.१ | ज्येष्ठ नागरिकको हेरचाह र स्याहारसुसार सम्बन्धी वतावरण सिर्जना भएको हुने | ज्येष्ठ परिचयपत्र वितरण सङ्ख्या | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ४.२ | आमाबाबुलाई आफ्ना सन्तानले हेरचाह तथा उचित व्यवस्थापन गरेको हुने | परिवारबाट पीडित ज्येष्ठ नागरिक | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ४.३ | ज्येष्ठनागरिकहरूको लागि विश्रामस्थल र भलाकुशारी केन्द्र निर्माण भई ज्येष्ठ नागरिकहरू लाभान्वित भएको हुने | विश्राम तथा भलाकुसारी केन्द्र | सङ्ख्या | | १ | १ | १ | १ | १ | ५ | ,, | ,, | |
| प्रतिफल ४.४ | ज्येष्ठ नागरिकहरूको ज्ञान सिप र अनुभव सङ्कलन भै उपयोग गरिएको हुने | अनुभव आदानप्रदान कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | ५ | ,, | ,, | |
| प्रतिफल ४.५ | ज्येष्ठ नागरिकहरूले विभिन्न सेवा सुविधामा छुट पाएको हुने | छुट पाउने ज्येष्ठ नागरिक | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| असर ५ | आधारभूत सेवा स्रोत र प्रविधिमा अपाङ्गता भएका व्यक्तिहरूको सहज पहुँच अभिवृद्धि भई आत्मनिर्भर र सम्मानजनक जीवनयापन भएको हुने | अपाङ्गतामैत्री सरकारी भौतिक संरचना निर्माण | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | सुधार गरिएका अपाङ्गतामैत्री नभएका | सङ्ख्या | | | | | | | | ,, | ,, | |

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| | | भौतिक संरचनाहरू | | | | | | | | | | | |
| | | अपाङ्गता भएका व्यक्तिहरूप्रति सम्मानजनक शब्दावलीको प्रयोग गर्ने जनसङ्ख्या अनुपात | प्रतिशत | | | | | | | | ,, | ,, | |
| | | रोजगार/स्वरोजगारमा लागेका अपाङ्गता भएका व्यक्ति | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ५.१ | बनेका सरकारी भौतिक संरचनाहरू अपागतामैत्री भई अपाङ्गता भएका व्यक्तिहरूको सहज पहुँच भएको हुने | अपाङ्गतामैत्री भौतिक संरचना | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ५.२ | अपाङ्गता भएका व्यक्तिहरूप्रति गरिने विभिन्न प्रकारका हानिकारक अभ्यास तथा परम्परागत विभेद र हिंसा न्यूनीकरण भएको हुने | विभेद भएको महशुस गर्ने अपाङ्गता भएका व्यक्तिहरू | प्रतिशत | | | | | | | | ,, | ,, | |
| प्रतिफल ५.३ | अपाङ्गता भएका व्यक्तिहरूलाई सभ्य शब्दावली प्रयोग भएको हुने | सभ्य शब्दावली जानकारी भएको जनसङ्ख्या अनुपात | प्रतिशत | | | | | | | | ,, | ,, | |
| प्रतिफल ५.४ | अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक र सामाजिक सशक्तीकरण भई जीवनयापनमा सहजता आएको हुने | रोजगारी प्राप्त अपाङेगता भएको व्यक्ति | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ५.५ | गम्भीर प्रकृतिको अपाङ्गता भएका व्यक्तिहरूले पुनर्स्थापना सेवा र स्वास्थ्योपचार प्राप्त गरेको हुने | पुनर्स्थापना र स्वास्थ्योपचार पाएका अपाङ्गता भएका व्यक्ति | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| असर ६ | जातीय तथा वर्गीय विभेद अन्त्य भई सद्भावपूर्ण समाज निर्माण भएको हुने | छुवाछुत र विभेद सम्बन्धी उजुरी | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ६.१ | समाजमा रहेको जातीय तथा वर्गीय विभेद अन्त्य भई सद्भावपूर्ण समाजको निर्माण भएको हुने | छुवाछुत तथा भेदभाव सम्बन्धमा न्यायिक समिति तथा प्रहरीमा परेको उजुरी | सङ्ख्या | | | | | | | | ,, | ,, | |

## ५.६ खानेपानी तथा सरसफाइ

### ५.६.१ पृष्ठभूमि

मानव आवश्यकताहरू मध्ये खानेपानी एक आधारभूत आवश्यकतामा पर्दछ। नेपालको संविधानले यसलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार यस नगरपालिकाका २९.३ प्रतिशत घरपरिवारले मात्र आफ्नै घर परिसरभित्र पानीको सुविधा उपभोग गरिरहेका छन्। घरपरिसर बाहिर धारा वा पाइपको पानी प्रयोग गर्ने ५६.४ प्रतिशत छन्। यसरी ८५.७ प्रतिशत घरपरिवारले मात्र पाइपधाराको पानी प्रयोग गरिरहेकाले आधारभूत खानेपानी सुविधाबाट अझै झण्डै १४.३ प्रतिशत घरपरिवारलाई सम्बोधन गर्न बाँकी नै रहेको देखिन्छ।

यस नगरपालिकामा समाहित सबै गाउँ विकास समितिहरू संघीयता कार्यान्वयन आउनु अघि नै खुला दिसामुक्त क्षेत्र भैसकेका थिए। त्यसैले यस नगरपालिकालाई खुला दिसामुक्त क्षेत्र घोषणा भए सरह मान्न सकिन्छ। शौचालय प्रयोगको प्रकार अनुसार यस नगरपालिकाका अझै ०.६ प्रतिशत घरपरिवारको शौचालय छैन। शौचालय प्रयोग गर्ने मध्ये ०.०२ प्रतिशत ले सार्वजनिक शौचालय प्रयोग गर्दछन्। शौचालय प्रयोग गर्ने ९९.३ प्रतिशत मध्ये साधारण शौचालय प्रयोग गर्ने ६.९ प्रतिशत, फ्लस भएको शौचालय प्रयोग गर्ने ८८.४ प्रतिशत छन्। शौचालय प्रयोग गर्ने सङ्ख्या तुलनात्मक रूपमा राम्रो मान्न सकिन्छ यद्यपि अझै पनि आफ्नो शौचालय नभएका घरपरिवारलाई शौचालय निर्माण गरी प्रयोग गर्न प्रोत्साहन गर्नु पर्ने देखिएको छ।

### ५.६.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती

**(१) विद्यमान अवस्था**

खानेपानी मानिसको आधारभूत आवश्यकतामा पर्ने हुनाले नगरपालिकाको सबै बस्तीमा आधारभूत खानेपानी सुविधा उपलब्ध गराउनु नगरपालिकाको प्रमुख जिम्मेवारीभित्र पर्छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार २९.३ प्रतिशत घरपरिवारले मात्र आफ्नै घर परिसरभित्र पानीको सुविधा उपभोग गरिरहेका छन्। घर परिसर बाहिर धारा वा पाइपको पानी प्रयोग गर्ने ५६.४ प्रतिशत छन्। यसरी ८५.७ प्रतिशत घरपरिवारले मात्र पाइपधाराको पानी प्रयोग गरिरहेकाले आधारभूत खानेपानी सुविधाबाट अझै झण्डै १४.३ प्रतिशत घरपरिवारलाई सम्बोधन गर्न बाँकी नै रहेको देखिन्छ। यस योजना अवधिमा सबै घरपरिवारमा आधारभूत खानेपानी उपलब्ध गराई क्रमशः व्यक्तिगत धारा र खानेपानीको शुद्धीकरण सुविधा पनि विस्तार गर्नुपर्ने आवश्यकता छ।

सरसफाइतर्फ यो नगरपालिका खुल्ला दिसामुक्त क्षेत्र भैसकेको भएपनि अझै ०.६ प्रतिशत घरपरिवारको शौचालय छैन। शौचालय प्रयोग गर्ने मध्ये ०.०२ प्रतिशत ले सार्वजनिक शौचालय प्रयोग गर्दछन्। शौचालय प्रयोग गर्ने ९९.३ प्रतिशत मध्ये साधारण शौचालय प्रयोग गर्ने ६.९ प्रतिशत, फ्लस भएको शौचालय प्रयोग गर्ने ८८.४ प्रतिशत छन्। आफ्नो शौचालय नभएका घरपरिवारलाई शौचालय निर्माण गरी प्रयोग गर्न प्रोत्साहन गरी शौचालय प्रयोगकर्ता शतप्रतिशत पुऱ्याउनु पर्ने देखिएको छ। फोहर व्यवस्थापनका सन्दर्भमा यस नगरपालिकामा बजार क्षेत्र कम भएकोले हालसम्म फोहर व्यवस्थापनको समस्या जटिल भैसकेको छैन। तर बजार क्षेत्रमा फोहर व्यवस्थापनको समस्या देखिन थालेको छ। बेलैमा फोहर व्यवस्थापन व्यवस्थित गर्न सकिएन भने पछि यसले जटिल रूप लिन सक्छ।

**(२) सबल पक्ष**

(क) अधिकांश घरपरिवारमा आधारभूत सुविधा पुगेको;

(ख) **एकघर एक धारा** अभियान कार्यान्वयनमा रहेको;

(ग) सबै घरपरिवार टोल विकास संस्थामा आबद्ध भएको;

(घ) खुला दिसामुक्त क्षेत्र घोषणा भैसकेको;

(ङ) अधिकांश बस्ती ग्रामीण क्षेत्र रहेको;

(च) लिफ्टिङ प्रविधिको प्रयोगबाट खानेपानी सुविधा उपलब्ध गराउन सकिने गरी स्रोत उपलब्ध भएको।

**(३) दुर्बल पक्ष**

(क) शुद्ध खानेपानी सुविधा उपलब्ध गराउन नसकिनु;

(ख) भौगोलिक विकटताले कतिपय बस्तीमा खानेपानी सुविधा व्यवस्था गर्न नसकिनु;

(ग) लिफ्टिङ प्रविधिबाट खानेपानी आपूर्ति महँगो पर्नु;

(घ) अझै शौचालय नभएका घरहरू रहनु;

(ङ) फोहर व्यवस्थापन सम्बन्धी चेतना जागृत गर्न नसकिनु;

(च) प्लाष्टिकजन्य सामग्रीको प्रयोगमा वृद्धिले फोहर व्यवस्थापन जटिल बन्दै जानु।

**(४) अवसर**

(क) प्रदेश सरकारको प्राथमिकतामा आधारभूत खानेपानी आपूर्ति पर्नु;

(ख) लिफ्टिङ प्रविधिबाट खानेपानी आपूर्तिको लागि पर्याप्त स्रोत उपलब्ध हुनु;

(ग) फोहर व्यवस्थापनका नवीन प्रविधिहरूको विकास हुनु;

(घ) सरसफाइ प्रति सबैको चासो बढ्दै जानु;

(ङ) टोल विकास संस्था मार्फत सरसफाइ कार्यक्रम घरघरमा पुऱ्याउन सकिनु।

**(५) चुनौती**

(क) सबै घरपरिवारमा खानेपानी सुविधा पुऱ्याउनु;

(ख) शुद्ध खानेपानीको आपूर्ति गर्नु;

(ग) पूर्ण सरसफाइ अभियान सञ्चालन गर्नु;

(घ) शौचालय विहीनहरूको घरमा शौचालयको व्यवस्था गर्नु;

(ङ) फोहरको वैज्ञानिक व्यवस्थापन गर्नु।

### ५.६.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"स्वास्थ्य र स्वच्छताको लागि गुणस्तरीय खानेपानी तथा सरसफाइ"

**लक्ष्य**

भरपर्दो, गुणस्तरीय र सर्वसुलभ खानेपानी तथा सरसफाइ सेवा विस्तार गर्ने।

**उद्देश्य**

१ आधारभूत खानेपानी सुविधा शतप्रतिशत घर परिवारमा पुऱ्याउनु;

२ गुणस्तरीय खानेपानी सुविधाको पहुँच विस्तार गर्नु;

३ फोहर व्यवस्थापन व्यवस्थित गरी पूर्ण सरसफाइयुक्त नगरपालिका घोषणा गर्नु।

### ५.६.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: आधारभूत खानेपानी सुविधा शतप्रतिशत घर परिवारमा पुऱ्याउनु** | |
| १.१ आधारभूत खानेपानी सुविधा नपुगेको क्षेत्रलाई उच्च प्राथमिकतामा राखी खानेपानी आयोजनाहरू निर्माण तथा सुविधा विस्तार गर्ने | १.१.१ सतही, लिफ्टिङ तथा आकाशे पानी सङ्कलन (Rain Water Harvesting) जस्ता विकल्पहरू प्रयोग गरी खानेपानी सुविधा नपुगेका घरहरूमा पुऱ्याई शतप्रतिशत आधारभूत खानेपानीको व्यवस्था गरिनेछ;<br>१.१.२ निजी तथा गैर सरकारी संस्थासँगको सहकार्यमा खानेपानी योजना निर्माण तथा स्तरवृद्धि गरिनेछ;<br>१.१.३ जलवायु परिवर्तन तथा मानवीय कारणले जलाधार तथा मुहान क्षेत्रमा पर्न गएको असर न्यूनीकरणका उपाय पहिचान गरी खानेपानी आयोजनाहरूको जलाधार क्षेत्र तथा मुहान संरक्षण गरिनेछ;<br>१.१.४ खानेपानी आयोजनामा उपभोक्ताको लागत सहभागिता गराई उपभोक्ता समूहलाई मर्मत सम्भार तथा व्यवस्थापनको जिम्मेवारी लिन प्रोत्साहन गरिनेछ। |
| **उद्देश्य २: गुणस्तरीय खानेपानी सुविधाको पहुँच विस्तार गर्नु** | |
| २.१ खानेपानीको गुणस्तर क्रमशः वृद्धि गर्दै शुद्ध खानेपानीको पहुँच विस्तार गर्ने | २.१.१ आधारभूत खानेपानीको पहुँच पुगेका बस्तीहरूमा क्रमशः Treatment Plant लगायत खानेपानी शुद्धीकरणका उपायहरू अवलम्बन गरी खानेपानीको गुणस्तर वृद्धि गर्दै लगिनेछ;<br>२.१.२ व्यवस्थित खानेपानीको रेखदेख र सञ्चालनका लागि उपभोक्ता समितिहरूमा जनशक्ति विकास गरिनेछ। |
| **उद्देश्य ३: फोहर व्यवस्थापन व्यवस्थित गरी पूर्ण सरसफाइयुक्त नगरपालिका घोषणा गर्नु** | |
| ३.१ नगरपालिका भित्रका शत प्रतिशत घरहरूमा आधारभूत शौचालय तथा सरसफाइ सुविधाको व्यवस्था गर्ने | ३.१.१ सबै सामुदायिक भवन, सार्वजनिक स्थल, विद्यालय तथा व्यक्तिगत घरहरूमा आधारभूत शौचालयको व्यवस्था गरिनेछ;<br>३.१.२ व्यक्तिगत सरसफाइ सम्बन्धी चेतनालाई बस्तीस्तरसम्म विस्तार गरिनेछ। |
| ३.२ फोहर व्यवस्थापन व्यवस्थित गरी स्वच्छ र सफा भीरकोट निर्माण गर्ने | ३.२.१ प्रदूषणको न्यूनीकरणका लागि 3R (Reuse, Recycle, Reduce) प्रक्रियाबाट फोहरमैला व्यवस्थापन गर्ने कार्यलाई अभियानका रूपमा सञ्चालन गरिनेछ;<br>३.२.२ फोहरमैला दिगो व्यवस्थापनका लागि उचित स्थानको पहिचान गरी फोहर व्यवस्थापन गरिनेछ;<br>३.२.३ पूर्ण सरसफाइ कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गरी पूर्ण सरसफाइयुक्त नगरपालिका घोषणा गरिनेछ;<br>३.२.४ विद्यालयका विद्यार्थी तथा समुदाय लक्षित सरसफाइ सम्बन्धी तालिम तथा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ। |

## ५.६.५ विस्तृत कार्यक्रम

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष | योजनाको कुल लक्ष्य | लगात (रु. जारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| **क. खानेपानी विस्तार तथा स्तरोन्नति कार्यक्रम** | | | | | | | | | | | | | | | |
| १ | १.१ | १.१.१ | १ | बयरघारी सहलगानी खानेपानी योजना स्तरोन्नति | सङ्ख्या | १, २ र ४ नं वडा | १ | १ | १०००० | ५००० | ५००० | १००० | ५००० | **२६०००** | **संघ** |
| | | | २ | सानोखोल्सा लिफ्टिङ खानेपानी योजना स्तरोन्नति | सङ्ख्या | ३ नं वडा | १ | १ | २००० | २००० | २००० | २००० | २००० | **१००००** | **प्रदेश** |
| | | | ३ | केघा लिफ्टिङ खानेपानी आयोजना | सङ्ख्या | २ नं वडा | ० | १ | २००० | २००० | २००० | २००० | २००० | **१००००** | **प्रदेश** |
| | | | ४ | छाङ्छाङ्दी दलित बस्ती लिफ्टिङ खानेपानी आयोजना मर्मत सम्भार | सङ्ख्या | ४ नं वडा | १ | १ | २००० | २००० | २००० | २००० | २००० | **१००००** | **प्रदेश** |
| | | | ५ | मलेवा बस्ने कैनी लिफ्टिङ खानेपानी योजना मर्मत सम्भार | सङ्ख्या | ५ नं. वडा | १ | १ | २००० | २००० | २००० | २००० | २००० | **१००००** | **प्रदेश** |
| | | | ६ | मिनाउदीखोला लिफ्टिङ खानेपानी योजना | सङ्ख्या | ५ नं. वडा | ० | १ | २००० | २००० | २००० | २००० | २००० | **१००००** | **पालिका** |
| | | | ७ | सिमलचौर एकुवार लिफ्टिङ खानेपानी योजना | सङ्ख्या | ६ नं वडा | १ | १ | २५०० | २५०० | २५०० | २५०० | २५०० | **१२५००** | **प्रदेश** |
| | | | ८ | बृहत् खानेपानी योजना वडा नं. ७ | सङ्ख्या | ७ नं वडा | १ | १ | २००० | २००० | २००० | २००० | २००० | **१००००** | **पालिका** |
| | | | ९ | ८ नं. वडा खानेपानी योजना | सङ्ख्या | ८ नं. वडा | १ | १ | २००० | २००० | २००० | २००० | २००० | **१००००** | **प्रदेश** |
| | | | १० | भुतभुते गडहरे लिफ्टिङ खानेपानी योजना मर्मत सम्भार | सङ्ख्या | ९ नं वडा | १ | १ | २५०० | २००० | २००० | १००० | १००० | **८५००** | **प्रदेश** |
| | | | ११ | योजना खानेपानी मर्मत सम्भार तथा पुनर्निर्माण | पटक | सबै वडा | १ | ९ | ३००० | ३००० | ३००० | ३००० | ३००० | **१५०००** | **पालिका/प्रदेश/उस** |
| | | १.१.२ | १ | आधारभूत खानेपानी नपुगेका बस्तीहरूमा खानेपानी योजना (संघ, प्रदेश, गैरसरकारी संस्था, उपभोक्ता समितिसँग सहकार्यमा) | पटक | सबै वडा | १ | ५ | १२५०० | १२५०० | १२५०० | १७५०० | १७५०० | **७२५००** | **पालिका/प्रदेश/संघ/ गैर सरकारी संस्था/उस** |
| | | १.१.३ | १ | जोखिमयुक्त आयोजनाको जलाधार क्षेत्रको संरक्षण कार्यक्रम | पटक | सबै वडा | १ | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | **७५००** | **पालिका/प्रदेश/उस** |
| | | | २ | जलाधार क्षेत्रका पुरातात्विक तथा ऐतिहासिक कुवा तथा पोखरी संरक्षण कार्यक्रम | पटक | सबै वडा | १ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **पालिका** |
| २ | २.१ | २.१.१ | १ | विभिन्न खानेपानी योजनाहरूमा Treatment Plant को व्यवस्था | पटक | सबै वडा | १ | ९ | ५००० | ५००० | ५००० | ५००० | ५००० | **२५०००** | **पालिका/प्रदेश** |

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष | योजनाको कुल लक्ष्य | लगात (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| | २.२ | २.२.१ | १ | खानेपानी आयोजनाहरूको तथ्याङ्क सङ्कलन वर्गीकरण, गुणस्तर अनुसार महसुल निर्धारण र कार्यान्वयन | पटक | सबै वडा | ० | २ | २०० | ० | ० | २०० | ० | **४००** | **पालिका** |
| ३ | ३.१ | ३.१.२ | १ | कार्यनीति ३.२.३ ले समेट्ने | सङ्ख्या | पालिका | ० | १ | ० | ० | ० | ० | ० | **०** | **पालिका** |
| | ३.२ | ३.२.१ | १ | कुहिने र नकुहिने र अन्य फोहरलाई छुट्टा छुट्टै सङ्कलन गर्ने व्यवस्था | पटक | सबै वडा | ० | ५ | १५० | १५० | १५० | १५० | १५० | **७५०** | **पालिका** |
| | | ३.२.३ | १ | पूर्ण सरसफाइ अभियान सञ्चालन सबै वडा र पालिका | प्याकेज | सबै वडा | २ | ९ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **पालिका** |
| | | ३.२.४ | १ | विद्यालयका विद्यार्थी तथा समुदाय लक्षित सरसफाइ सम्बन्धी जनचेतनामूलक कार्यक्रम | प्याकेज | सबै वडा | १ | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | **१५००** | **पालिका** |
| | **जम्मा** | | | | | | | | **५२६५०** | **४६९५०** | **४६९५०** | **४७१५०** | **५०९५०** | **२४४६५०** | |
| | **पालिकाको हिस्सा** | | | | | | | | **१३३२५** | **१३१२५** | **१२६२५** | **१७३२५** | **१७६२५** | **७४०२५** | |
| | **प्रदेशको हिस्सा** | | | | | | | | **२२८७५** | **२२३७५** | **२२३७५** | **२१३७५** | **२१३७५** | **११०३७५** | |
| | **संघीय सरकारको हिस्सा** | | | | | | | | **१३२५०** | **८२५०** | **८२५०** | **४२५०** | **८२५०** | **४२२५०** | |
| | **गैरसरकारी संस्थाको हिस्सा** | | | | | | | | **१५००** | **१५००** | **२०००** | **२०००** | **१५००** | **८५००** | |
| | **उपभोक्ता समितिको हिस्सा** | | | | | | | | **१७००** | **१७००** | **१७००** | **२२००** | **२२००** | **९५००** | |

## ५.६.६ नतिजा

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| प्रभाव | आधारभूत तथा गुणस्तरीय खानेपानी र सरसफाइमा नागरिकको पहुँच वृद्धि भई स्वस्थ जनशक्ति उत्पादनमा योगदान पुगेको हुने | पाइप धाराको खानेपानी सुविधा पुगेको घरपरिवार | प्रतिशत | ८०.९ | ८५ | ८८ | ९० | ९५ | १०० | १०० | नगर प्रोफाइल | पूर्वाधार शाखा | |
| | | वडा तथा नगरपालिका पूर्ण सरसफाइ घोषणा कार्यक्रम सम्पन्न | सङ्ख्या | ० | ० | ० | २ | २ | २ | ६ | | | |
| असर १ | आधारभूत खानेपानी शतप्रतिशत घरपरिवारको पहुँच स्थापित भई गुणस्तरीय खानेपानी सुविधा पुऱ्याउने कार्य योजनाबद्ध रूपमा अगाडि बढेको हुने | आधारभूत खानेपानी पुगेको घरपरिवार | प्रतिशत | ८०.९ | ८५ | ८८ | ९० | ९५ | १०० | १०० | ,, | ,, | |
| | | व्यक्तिगत धारा प्रयोग गर्ने घरपरिवार | प्रतिशत | २६.९ | ३० | ४० | ५० | ६० | ८० | ८० | ,, | ,, | |
| | | शुद्ध खानेपानीको पहुँच पुगेको घरपरिवार | प्रतिशत | ० | १० | २० | ३० | ४० | ५० | ५० | ,, | ,, | |
| प्रतिफल १.१ | आधारभूत खानेपानी नपुगेको शतप्रतिशत घरमा खानेपानी पुगेको हुने | खानेपानी नपुगेको घरपरिवार | प्रतिशत | १९.१ | १७ | १२ | ९ | ५ | ० | ० | ,, | ,, | |
| प्रतिफल १.२ | पुराना खानेपानी योजनाहरूको मर्मतसम्भार भएको हुने | मर्मत सम्भार भएका खानेपानी योजना | सङ्ख्या | ० | | | | | | | ,, | ,, | |
| प्रतिफल १.३ | आधारभूत खानेपानी नपुगेका बस्तीहरूमा संघ प्रदेश गैर सरकारी संस्थासँगको सहकार्यमा खानेपानी योजना सञ्चालन भै खानेपानी सुविधा विस्तार भएको हुने | खानेपानी नपुगेको घरपरिवार | प्रतिशत | १९.१ | १७ | १२ | ९ | ५ | ० | ० | वार्षिक प्रतिवेदन | ,, | |

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| प्रतिफल १.४ | जोखिमयुक्त खानेपानी आयोजनाहरूको जलाधार स्रोतको संरक्षण भएको हुने | संरक्षित जलाधार क्षेत्र | सङ्ख्या | | | | | | | | ” | ” | |
| प्रतिफल १.५ | जलाधार क्षेत्रका पुरातात्विक तथा ऐतिहासिक कुवा तथा पोखरीहरूको संरक्षण भएको हुने | संरक्षित कुवा तथा पोखरी | सङ्ख्या | | | | | | | | ” | ” | |
| प्रतिफल १.६ | खानेपानी आयोजनाको मर्मतसम्भार र व्यवस्थापनको स्वामित्व उपभोक्ताहरूले लिएको हुने | उपभोक्ता समितिबाट व्यवस्थापन गरिएको योजना | सङ्ख्या | | | | | | | | ” | ” | |
| असर २ | गुणस्तरीय खानेपानीको सुविधा विस्तार भएको हुने | गुणस्तरीय खानेपानीको पहुँच पुगेको घरपरिवार | प्रतिशत | ० | १० | २० | ३० | ४० | ५० | ५० | ” | ” | |
| प्रतिफल २.१ | आधारभूत खानेपानी पुगेको बस्तीहरूमा पानी शुद्धीकरणको प्रविधि जडान भई खानेपानीको गुणस्तरमा सुधार भएको हुने | Treatment Plant लगायतका पानी शुद्धीकरण गर्ने प्रविधि जडान भएका योजना | सङ्ख्या | | | | | | | | ” | ” | |
| प्रतिफल २.२ | **एक घर एक धारा** कार्यक्रम कार्यान्वयन भई घरपरिसरमै खानेपानी पहुँच विस्तार भएको हुने | घरपरिसरमा खानेपानी सुविधा पुगेको घरपरिवार अनुपात | प्रतिशत | २६.९ | ३० | ४० | ५० | ६० | ७५ | ७५ | ” | ” | |
| प्रतिफल २.३ | खानेपानी आयोजनाहरूको तथ्याङ्क सङ्कलन भई उपभोक्ता समिति आफैले गुणस्तर अनुसार महशुल निर्धारण गरेको हुने | गुणस्तर सुधार खानेपानी योजना | सङ्ख्या | | | | | | | | ” | ” | |
| | | गुणस्तर अनुसार महशुल निर्धारण भएको खानेपानी योजना | सङ्ख्या | | | | | | | | ” | ” | |
| असर ३ | फोहर व्यवस्थापन व्यवस्थित भई टोल/गाउँबासीहरू व्यक्तिगत सरसफाइप्रति सचेत भएको हुने र नगरपालिका पूर्ण सरसफाइयुक्त घोषणा भएको हुने | चर्पी नभएको परिवार | प्रतिशत | २.२ | १.५ | १ | ० | ० | ० | ० | ” | ” | |
| | | आधारभूत शौचालय प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ३०.७ | २८ | २५ | २० | १५ | १० | १० | ” | ” | |
| | | आधुनिक र सुविधा सम्पन्न शौचालय प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ६७.१ | ७२ | ७५ | ८० | ८५ | ९० | ९० | ” | ” | |
| | | पूर्णसरसफाइ घोषणा वडा/पालिका | सङ्ख्या | ० | ० | ० | २ | २ | २ | ६ | ” | ” | |
| प्रतिफल ३.१ | सबै सामुदायिक भवन, सार्वजनिक स्थल, विद्यालय तथा व्यक्तिगत घरमा शौचालयको व्यवस्था भएको हुने | शौचालय प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ९७.८ | ९८ | ९९ | १०० | १०० | १०० | १०० | ” | ” | |
| | | शौचालय नभएका विद्यालय | सङ्ख्या | | | | | | | ० | ” | ” | |
| | | सार्वजनिक शौचालय | सङ्ख्या | | | | | | | | ” | ” | |
| प्रतिफल ३.२ | व्यक्तिगत सरसफाइ सम्बन्धी चेतना बस्तीस्तरसम्म पुगेको हुने | व्यक्तिगत सरसफाइ बुझेको जनसङ्ख्या | प्रतिशत | | | | | | | | ” | ” | |
| प्रतिफल ३.३ | प्रदूषण न्यूनीकरणका लागि Reuse, Recycle, Reduce प्रक्रियाबाट फोहरमैला व्यावस्थापन गर्ने कार्य अभियानको रूपमा सञ्चालन भएको हुने | छुट्टाछुट्टै बिन प्रयोग गर्ने परिवार | प्रतिशत | | | | | | | | ” | ” | |
| प्रतिफल ३.४ | पूर्ण सरसफाइयुक्त सबै वडा तथा नगरपालिका घोषणा भएको हुने | पूर्ण सरसफाइयुक्त घोषणा भएका वडा | सङ्ख्या | ० | ० | ० | २ | २ | १ | ५ | | | |
| | | पूर्ण सरसफाइयुक्त नगरपालिका घोषणा | सङ्ख्या | ० | ० | ० | ० | ० | १ | १ | | | |
| प्रतिफल ३.५ | बजार क्षेत्रको फोहर दिगो व्यवस्थापनका लागि ल्याण्डफिल साइटको व्यवस्था भएको हुने | ल्याण्डफिल साइट | सङ्ख्या | ० | ० | ० | १ | ० | ० | १ | ” | ” | |
| प्रतिफल ३.६ | सरसफाइमा विद्यार्थी तथा समुदाय सशक्त रूपमा परिचालित भएको हुने | तालिम प्राप्त विद्यार्थी | प्रतिशत | | | | | | | | ” | ” | |
| | | तालिम प्राप्त टोल विकास संस्था | प्रतिशत | | | | | | | | ” | ” | |

# परिच्छेद ६: भौतिक पूर्वाधार विकास क्षेत्र

## (क) पृष्ठभूमि

भौतिक पूर्वाधार समृद्धिको मुख्य सम्वाहक हो। आर्थिक तथा सामाजिक विकास र सेवा प्रवाहलाई प्रभावकारी रूपमा अघि बढाउनका लागि पूर्वाधार विकास प्रमुख तथा महत्वपूर्ण आधार हो। पूर्वाधार विकास क्षेत्र अन्तर्गत सडक, पुल, ऊर्जा, आवास, बस्ती विकास, भवन, सञ्चार जस्ता विषयहरू पर्दछन्। पूर्वाधारको विकासले उत्पादकत्व वृद्धि गर्न, स्वास्थ्य र शिक्षा सेवामा पहुँच उपलब्ध गराउँदै रोजगारी सिर्जना गर्न, गरिबी न्यूनीकरण गर्न र समग्र सामाजिक र आर्थिक विकासमा टेवा पुऱ्याउन उल्लेखनीय योगदान गर्दछ। बाह्रै महिना सञ्चालन हुने सडक सञ्जालले बस्तीसम्म आवश्यक सामग्री ढुवानी गर्न र स्थानीयस्तरका उत्पादनहरूलाई बजारीकरण गर्न मद्दत गर्दछ। ऊर्जाले दैनिक जीवनलाई सहज र सरल तुल्याउँछ। मापदण्ड अनुसार बनेका सरकारी तथा निजी भवनहरूले विपद् जोखिम न्यूनीकरणमा सहयोग पुऱ्याउँछ। सञ्चारले सूचना आदान प्रदानमा सहजता प्रदान गर्दछ। अतः भौतिक पूर्वाधारको विकास जीवनका हरेक क्षेत्रको समृद्धिका लागि अत्यावश्यक छ।

## (ख) विद्यमान अवस्था, अवसर र सम्भावना

राष्ट्रिय जनगणना, २०७८ अनुसार भीरकोट नगरपालिकाका ९९ प्रतिशत घरपरिवारमा विद्युत् सुविधा पुगेको छ। अझै ६२.२ प्रतिशत घरपरिवारले खाना पकाउन दाउराको प्रयोग गरिरहेका छन्। वैकल्पिक ऊर्जाको रूपमा सौर्य ऊर्जा र बायोग्याँस ज्यादै न्यून मात्रामा प्रयोग भएको छ। यस नगरपालिकामा हाल कुल २९५.०१ कि. मि. सडक रहेको छ। करिब बिच भागबाट छिचोलेको सिद्धार्थ राजमार्गले पोखरा, स्याङ्जा, वालिङ, गल्याङ, पाल्पा, बुटवल, भैरहवा जस्ता ठुला शहरहरूलाई जोडेको छ। अन्य शाखा सडकले राजमार्ग भित्रका विरुवा, चापाकोट जस्ता स्थानीय तहका बजार र पर्वत जिल्लासम्म पहुँच पुगेको छ। केही बस्तीहरूमा बाह्रैं महिना चल्ने सडकको पहुँच पुग्न सकेको छैन।

मापदण्ड बिना योजना छनोट हुनु, विद्युत् सेवा गुणस्तरीय हुन नसक्नु; भवन निर्माणमा भवन संहिताको पालना हुन नसक्नु जस्ता समस्याहरू विद्यमान भएपनि ग्रामीण यातायात गुरुयोजना, विद्युत् उत्पादन र प्रसारण लाइन विस्तार हुँदै जानु; घर नक्सा स्वीकृत गराएर मात्र पक्की घर निर्माण गर्ने व्यवस्था कार्यान्वयन हुनु जस्ता अवसरहरूले यस नगरपालिकामा भौतिक पूर्वाधार विकासमा प्रशस्त सम्भावना रहेको छ ।

## (ग) दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति

### दीर्घकालीन सोच

"वातावरण, प्रविधि तथा प्रयोगकर्तामैत्री पूर्वाधार भीरकोट नगरपालिकाको समृद्धिको आधार"

### लक्ष्य

५ वर्षभित्र सबै जनताको पहुँचमा वातावरणमैत्री आधारभूत पूर्वाधारको पहुँच सुनिश्चित गर्ने।

### उद्देश्य

- वातावरणीय सन्तुलन सहितका प्रविधिमा आधारित पूर्वाधार विकास गर्नु;
- उपभोक्तामैत्री गुणस्तरीय पूर्वाधार निर्माण गर्नु;
- ५ वर्षभित्रमा सबै घरपरिवारमा विद्युत् सुविधा पुऱ्याई खाना पकाउने इन्धनको रूपमा दाउरा माथिको निर्भरता घटाउनु;
- अब बन्ने सबै प्रकारका भवनहरू मापदण्ड अनुसार मात्र निर्माण गर्ने व्यवस्था मिलाई नगरपालिकाका बस्तीहरूलाई सुन्दर, सुरक्षित र व्यवस्थित बनाउनु;

- सबै बस्तीमा सञ्चार पूर्वाधारको गुणस्तरीय पहुँच सुनिश्चित गरी शासकीय प्रबन्धलाई विद्युतीय शासन प्रणालीमा परिणत गर्दै जानु ।

**रणनीति**

- पूर्वाधार निर्माणमा जनताको सहभागिता र उत्तरदायित्वको सुनिश्चितता गर्ने;
- उपभोक्तासँगको साझेदारीमा पूर्वाधार निर्माण गर्ने;
- पूर्वाधार निर्माणमा संघ तथा प्रदेश सरकार र अन्य विकास साझेदारहरूसँग समन्वय र सहकार्य गर्ने;
- छिमेकी स्थानीय तहहरूसँग साझेदारी गर्नुपर्ने पूर्वाधार निर्माणमा समन्वय र सहकार्य संयन्त्र बनाई साझेदारीमा पूर्वाधार निर्माण गर्ने;
- पूर्वाधार निर्माणमा बायो इन्जिनियरिङ् प्रविधि प्रयोगमा ल्याउने;
- नयाँ निर्माण हुने निजी आवासहरूलाई सम्भव भएसम्म परमपरागत मौलिकता झल्कने गरी बनाउन प्रोत्साहन गर्ने;
- विद्युत् सुविधा नपुगेका घरपरिवारमा विद्युत् सुविधा पुऱ्याउन नेपाल विद्युत् प्राधिकरणसँग समन्वय गर्ने;
- सञ्चार पूर्धाधारलाई भरपर्दो बनाउन सम्बन्धित निकायहरूसँग समन्वय गर्ने;

## ६.१ ऊर्जा (विद्युत् तथा वैकल्पिक ऊर्जा)

### ६.१.१ पृष्ठभूमि

ऊर्जाले औद्योगिकीकरण गरी समृद्धिको बाटोतर्फ अगाडि बढाउन मद्दत गर्दछ। भीरकोट नगरपालिकामा हालसम्म ९९ प्रतिशत घरधुरीमा विद्युत् सुविधा पुगेको छ । सबै घरधुरीमा विद्युत् सुविधाको पहुँच पुऱ्याउन बाँकी नै छ । विद्युत् सुविधाको उपयोगको हिसाबले ९८.८ प्रतिशतले बत्ती बाल्न प्रयोग गर्छन् भने खाना पकाउनमा जम्मा ०.१ प्रतिशतले मात्र विद्युत् प्रयोग गर्दछन् । वैकल्पिक ऊर्जाका स्रोतहरू सौर्य ऊर्जा प्रयोग गर्ने ०.९ प्रतिशत र खाना पकाउन बायोग्याँस प्रयोग गर्ने जम्मा १.३ प्रतिशत परिवार रहेको छ । खाना पकाउने इन्धनमा एल.पी. ग्याँस प्रयोग गर्ने ३६.३ प्रतिशत रहेको छ । खाना पकाउने इन्धनको रूपमा दाउरा माथिको निर्भरता अझै ६२.२ प्रतिशत कायमै छ । वैकल्पिक ऊर्जाका स्रोतको प्रयोग पनि नगण्य अवस्थामा नै छ । ऊर्जाको क्षेत्रमा अझै धेरै गर्न बाँकी नै छ ।

### ६.१.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती

**(१) विद्यमान अवस्था**

भीरकोट नगरपालिकामा खाना पकाउन दाउराको प्रयोग गर्ने अद्यापि झण्डै ६२.२ प्रतिशत रहेका छन् । गुइँठा/मट्टीतेलको प्रयोग गरी खाना पकाउने घरपरिवार अझै पनि छन् । ९९ प्रतिशत भन्दा बढीले बत्ती बाल्न विद्युत्को प्रयोग गर्ने भएपनि झण्डै १ प्रतिशत घरपरिवारमा विद्युत् पुगेको छैन । विद्युत् विस्तार गर्ने कार्य नेपाल विद्युत् प्राधिकरणको समन्वयमा मात्रै सम्भव छ । ऊर्जा सुरक्षामा वैकल्पिक ऊर्जाको योगदानको स्पष्ट लक्ष्य निर्धारण हुन नसक्नु; वैकल्पिक ऊर्जाको प्रवर्द्धन र विस्तारको लागि जोखिम, व्यवस्थापन र बिमाको व्यवस्था नहुनु; वैकल्पिक ऊर्जा विकासमा निजी क्षेत्रको लगानी अपेक्षाकृत आकर्षित हुन नसक्नु; वैकल्पिक ऊर्जाको प्रवर्द्धन विकास र व्यवस्थापनमा दक्ष जनशक्ति उपलब्ध नहुनु जस्ता समस्याहरूले वैकल्पिक ऊर्जाको अपेक्षाकृत विस्तार हुन सकेको छैन ।

**(२) सबल पक्ष**

(क) झण्डै ९९ प्रतिशत घरधुरीमा राष्ट्रिय ग्रीडको विद्युत् लाइन जडान भएको;

(ख) वैकल्पिक ऊर्जाको प्रयोग बढ्दै गएको;

**(३) दुर्बल पक्ष**

(क) विद्युत्को माग अनुसार ट्रान्स्फर्मरहरूको क्षमता कम भएकोले गुणस्तरीय विद्युत् आपूर्ति हुन नसक्नु;
(ख) वैकल्पिक ऊर्जा प्रति नगरबासीको रुची अभिवृद्धि गर्न नसकिनु ।

**(४) अवसर**

(क) बुटवल पावर कम्पनी र राष्ट्रिय प्रसारण लाइनबाट विद्युत् आपूर्ति हुनु;
(ख) देशको विद्युत् उत्पादन क्षमता वृद्धि हुँदै जानु;
(ग) नगरपालिकाको प्राय सबै बस्तीमा राष्ट्रिय ग्रीडको विद्युत् लाइनको पहुँच हुनु;
(घ) विद्युत् सबस्टेशन तथा प्रसारण लाइनको क्षमता वृद्धि तथा विस्तार हुँदै जानु;
(ङ) वैकल्पिक ऊर्जामा सरकारकोतर्फबाट अनुदान उपलब्ध हुनु;
(च) विश्व बजारमा नवीकरणीय ऊर्जाका प्रविधि परिस्कृत हुँदै आउनु ।

**(५) चुनौती**

(क) उद्योगधन्दा लगायत बढी क्षमताको विद्युत् लाइन जडानको लागि थ्री फेज लाइनको विद्युत् आपूर्ति विस्तार गर्नु;
(ख) सबै बस्तीमा गुणस्तरीय विद्युत् आपूर्ति सुनिश्चित गर्नु;
(ग) वैकल्पिक ऊर्जाको सम्बन्धमा बढी प्रयोगको चेतना अभिवृद्धि गर्नु ।

### ६.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"विद्युत् तथा नवीकरणीय ऊर्जाको विस्तार मार्फत दिगो आर्थिक तथा सामाजिक विकास"

**लक्ष्य**

गुणस्तरीय विद्युत् तथा नवीकरणीय ऊर्जाको विस्तार गरी आर्थिक तथा सामाजिक समृद्धिमा टेवा पुऱ्याउने ।

**उद्देश्य**

१ भरपर्दो र गुणस्तरीय ऊर्जाको पहुँच विस्तार गरी आर्थिक तथा सामाजिक समृद्धि हासिल गर्नु;
२ वैकल्पिक ऊर्जाको प्रयोग वृद्धि गर्नु ।

### ६.१.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: भरपर्दो र गुणस्तरीय ऊर्जाको पहुँच विस्तार गरी आर्थिक तथा सामाजिक समृद्धि हासिल गर्नु** | |
| १.१ विद्युत् लाइन नपुगेको घरपरिवारमा विद्युत् लाइन विस्तार गर्ने | १.१.१ नेपाल विद्युत् प्राधिकरणसँगको समन्वयमा विद्युत् लाइन विस्तार गरिनेछ । |
| १.२ विद्युत् आपूर्तिको गुणस्तर र क्षमता वृद्धि गरी उद्योग व्यवसाय लगायतका कार्य सञ्चालन योग्य बनाउने | १.२.१ नगरपालिकाका सम्पूर्ण काठेपोलहरू स्टील पोलले विस्थापित गरिनेछ;<br>१.२.२ नेपाल विद्युत् प्राधिकरणसँग समन्वय गरी उद्योग व्यवसायमा खपत गर्न उपयुक्त हुने गरी वितरण लाइन तथा ट्रान्सफर्मरहरूको क्षमता वृद्धि गराइनेछ;<br>१.२.३ विद्युत् जडान र मर्मत सम्भार कार्य गुणस्तरीय बनाउन दक्ष जनशक्ति उत्पादन गरिनेछ । |
| **उद्देश्य २: वैकल्पिक ऊर्जाको प्रयोग वृद्धि गर्नु** | |

| | |
|---|---|
| २.१ राष्ट्रिय प्रसारण लाइन नपुगेको र पुऱ्याउन सम्भव नभएका क्षेत्रमा नवीकरणीय ऊर्जाको माध्यमबाट विद्युत् पहुँच विस्तार गर्ने | २.१.१ बायो ग्याँस तथा सौर्य ऊर्जामा अनुदान उपलब्ध गराई शतप्रतिशत घरपरिवारमा विद्युत् पहुँच स्थापित गरिनेछ। २.१.२ वैकल्पिक ऊर्जाको प्रयोग बत्ती बाल्न तथा खाना पकाउनका अतिरिक्त उद्योग, व्यवसाय तथा खानेपानी तथा सिँचाइमा समेत प्रयोग गर्न प्रोत्साहन गरिनेछ। |

## ६.१.५ विस्तृत कार्यक्रम

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष | योजनाको कुल लक्ष्य | लागत (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| **क. ऊर्जा विकास कार्यक्रम** | | | | | | | | | | | | | | | |
| १ | १.१ | १.१.१ | १ | नेपाल विद्युत् प्राधिकरणसँगको सहकार्यमा विद्युत् विस्तार | पटक | सबै वडा | ० | ५ | ० | ५०० | ० | ५०० | ० | **१०००** | **पालिका** |
| | १.२ | १.२.१ | १ | काठेपोल प्रतिस्थापन कार्यक्रम | पटक | सबै वडा | १ | ५ | ० | १००० | ० | १००० | ० | **२०००** | **प्रदेश** |
| | | १.२.२ | १ | वितरण लाइन तथा ट्रान्सफर्मरको क्षमता वृद्धिमा सहजीकरण | पटक | सबै वडा | ० | ५ | ० | ० | ० | ० | ० | **०** | **पालिका** |
| | | | २ | थ्रिफेज लाइन विस्तार | पटक | सबै वडा | ० | ५ | ० | ० | ० | ० | ० | **०** | **पालिका** |
| | | १.२.३ | १ | हाउस वायरिङ तथा विद्युत् मर्मत तालिम | पटक | सबै वडा | ० | ५ | ३०० | ० | ३०० | ० | ३०० | **९००** | **पालिका** |
| २ | २.१ | २.१.१ | १ | वैकल्पिक ऊर्जा कार्यक्रम (विद्युत् नपुगेका तथा तत्काल सम्भव नरहेका घरहरूमा) | पटक | सबै वडा | ० | ५ | २०० | २०० | २०० | २०० | २०० | **१०००** | **पालिका** |
| | | २.१.२ | १ | घरेलु तथा पर्यटन उद्योगहरूको लागि सौर्य ऊर्जा जडान अनुदान सहयोग | पटक | सबै वडा | ० | २ | ० | ५०० | ० | ५०० | ० | **१०००** | **पालिका** |
| | | | २ | सौर्य ऊर्जामा आधारित लिफ्ट सिँचाइ कार्यक्रम | पटक | सबै वडा | ० | ५ | ० | ५०० | ० | ५०० | ० | **१०००** | **पालिका** |
| | | | ३ | सौर्य ऊर्जामा आधारित लिफ्ट खानेपानी योजना | पटक | सबै वडा | ० | ५ | ० | ० | ० | ० | ० | **०** | **पालिका** |
| | **जम्मा** | | | | | | | | **५००** | **२७००** | **५००** | **२७००** | **५००** | **६९००** | |
| | **नगरपालिकाको हिस्सा** | | | | | | | | **५००** | **१७००** | **५००** | **१७००** | **५००** | **४९००** | |
| | **प्रदेश सरकारको हिस्सा** | | | | | | | | **०** | **१०००** | **०** | **१०००** | **०** | **२०००** | |

## ६.१.६ नतिजा

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| प्रभाव | विद्युत् तथा नवीकरणीय ऊर्जाको उपभोगले आर्थिक तथा सामाजिक विकासमा टेवा पुगेको हुने | विद्युतीय उपकरणको प्रयोगले उत्पादकत्वमा भएको वृद्धि | प्रतिशत | | | | | | | | अध्ययन प्रतिवेदन | पूर्वाधार शाखा | |
| | | दाउरा माथिको निर्भरता | प्रतिशत | ७९.२ | ७५ | ७० | ६५ | ६० | ५५ | ५५ | | ,, | |
| असर १ | नगरपालिकाका सबै घरपरिवारमा विद्युत् सेवा पुगेको हुने | विद्युत् सेवा पुगेको घरपरिवार | प्रतिशत | ९५.३ | ९६ | ९७ | ९८ | ९९ | १०० | १०० | नगर प्रोफाइल | ,, | |
| प्रतिफल १.१ | बाँकी घरपरिवारमा विद्युत् सेवा पुगेको हुने | थप विद्युत् विस्तार भएको घरपरिवार | सङ्ख्या | ४.७ | ०७ | १ | १ | १ | १ | ४७ | ,, | ,, | |
| असर २ | वैकल्पिक ऊर्जाको प्रयोग वृद्धि भै उद्योग व्यवसाय तथा खानपानी तथा सिँचाइ योजनामा समेत प्रयोग भएको हुने | विद्युत्को पहुँच पुगेको घर परिवार | प्रतिशत | | | | | | | | अध्ययन प्रतिवेदन | ,, | |
| | | प्रतिव्यक्ति प्रति वर्ष विद्युत् खपत | युनिट | | | | | | | | | ,, | |
| | | कुल ऊर्जा खपतमा नवीकरणीय ऊर्जाको हिस्सा | | | | | | | | | | | |
| प्रतिफल २.१ | सबै काठेपोल प्रतिस्थापन भएको हुने | स्टील तथा सिमेन्ट पोलको कभरेज | प्रतिशत | | | | | | | | वार्षिक प्रतिवेदन | ,, | |
| प्रतिफल २.२ | वितरण लाइन तथा ट्रान्स्फरमरको क्षमता वृद्धि भएको हुने | विद्युत् ट्रिप हुने | प्रतिशत | | | | | | | | | ,, | |
| प्रतिफल २.३ | विद्युत् जडान तथा मर्मतमा स्थानीय जनशक्ति उपलब्ध भएको हुने | हाउसवायरिङ् तालिम प्राप्त व्यक्ति | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.४ | घरेलु प्रयोजनका अतिरिक्त उद्योग व्यवसाय तथा योजनाहरूमा समेत नवीकरणीय ऊर्जाको प्रयोग भएको हुने | नवीकरणीय ऊर्जाबाट सञ्चालित उद्योग | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | वैकल्पिक ऊर्जाबाट सञ्चालित योजना | सङ्ख्या | | | | | | | | ,, | ,, | |

## ६.२ सडक तथा पुल

### ६.२.१ पृष्ठभूमि

सडक पूर्वाधारको विकासले उत्पादकत्व वृद्धि गर्न, स्वास्थ्य र शिक्षा सेवामा पहुँच उपलब्ध गराउँदै रोजगारी सिर्जना गर्न, गरिबी न्यूनीकरण गर्न र समग्र सामाजिक र आर्थिक विकासमा टेवा पुऱ्याउन उल्लेखनीय योगदान गर्दछ। यस नगरपालिकामा हाल ३६.८६ कि. मि. कालो पत्रे, २७.८७ कि. मि. ग्राभेल, ३.९८ कि. मि. ढलान, २१८.४६ कि. मि. कच्ची र ६.३७ कि. मि. नयाँ ट्र्याक गरी कुल २९५.०१ कि. मि. सडक रहेको छ। करिब बिच भागबाट छिचोलेको सिद्धार्थ राजमार्गले पोखरा, स्याङ्जा, वालिङ, गल्याङ, पाल्पा, बुटवल, भैरहवा जस्ता ठुला शहरहरूलाई जोडेको छ। अन्य शाखा सडकले राजमार्ग भित्रका विरुवा, चापाकोट जस्ता स्थानीय तहका बजार र पर्वत जिल्लासम्म पहुँच पुगेको छ। सडक तथा पुल पूर्वाधारहरूको गुणस्तरीय स्तरोन्नति गर्न सकिएमा आवतजावतमा सुविधा भई स्थानीय उत्पादनको बजारीकरण तथा आवश्यक वस्तुहरूको आपूर्ति व्यवस्थापनमा सहजता आई समग्र आर्थिक समृद्धिमा महत्वपूर्ण योगदान पुग्ने देखिन्छ।

### ६.२.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती

**(१) विद्यमान अवस्था**

यस नगरपालिकामा हाल ३६.८६ कि. मि. कालो पत्रे, २७.८७ कि. मि. ग्राभेल, ३.९८ कि. मि. ढलान, २१८.४६ कि. मि. कच्ची र ६.३७ कि. मि. नयाँ ट्र्याक गरी कुल २९५.०१ कि. मि. सडक रहेको छ। करिब बिच भागबाट छिचोलेको सिद्धार्थ राजमार्गले पोखरा, स्याङ्जा, वालिङ, गल्याङ, पाल्पा, बुटवल, भैरहवा जस्ता ठुला शहरहरूलाई जोडेको छ। अन्य शाखा सडक मार्फत राजमार्गको दायाँबायाँ केही भित्र रहेका र नगरपालिकासँग जोडिएका र पायक पर्ने विरुवा, चापाकोट जस्ता स्थानीय तहका बजार र पर्वत जिल्लासम्म पहुँच पुगेको छ।

**(२) सबल पक्ष**

(क) सबै वडाहरू सडक सञ्जालसँग जोडिएको;

(ख) नदी तथा खोलाहरूमा पुल कल्भर्ट झोलुङ्गे पुलको निर्माणले आवतजावतमा सहजता आएको;

(ग) नगरपालिकाको यातायात गुरुयोजना निर्माण भै सडक मापदण्ड कायम भएको;

(घ) आम उपभोक्ताहरूमा सडक योजनाप्रति अत्याधिक चासो बढेको।

**(३) दुर्बल पक्ष**

(क) कच्चीसडकहरू वर्षायाममा यातायात सञ्चालनयोग्य नहुनु;

(ख) शाखा सडकहरूको सङ्ख्या तथा लम्बाइ अत्याधिक बढी भएकोले नगरपालिकाको स्रोतबाट स्तरोन्नति तथा मर्मत सम्भार व्यवस्थापन गर्न कठिनाइ हुनु;

(ग) पुल निर्माणको लागि लागत बढी लाग्ने भएकोले अत्यावश्यक स्थानमा पनि पुल निर्माण गर्न नसकिनु;

(घ) पक्की सडक निर्माण तथा पुल पुलेसाहरूको निर्माणको लागि संघीय तथा प्रदेश सरकारकै भर पर्नुपर्ने अवस्था रहनु;

(ङ) उपभोक्ता समितिको अनिवार्य लागत सहभागिता जुटाउन प्रोत्साहन गर्न नसकिनु।

**(४) अवसर**

(क) सडक सञ्जाल मार्फत सिद्धार्थ राजमार्गसँग यस नगरपालिका हुँदै छिमेकी स्थानीय तह र पर्वत जिल्लासँग पहुँच स्थापित हुनु;

(ख) रणनीतिक र प्रादेशिक सडकको निर्माण तथा स्रोत व्यवस्थापन संघीय र प्रदेश सरकारको जिम्मेवारीमा पर्नु;

(ग) तीनवटै सरकारको प्राथमिकतामा सडक निर्माण पर्नु।

**(५) चुनौती**

(क) शाखा सडकहरू बाह्रै महिना सञ्चालन योग्य बनाउनु;

(ख) खोल्सा तथा खोलाहरूमा पुल पुलेसा निर्माण गर्नु;

(ग) शाखा सडकहरूको स्तरोन्नति गर्नु;

(घ) यातायात गुरुयोजना अनुसारको मापदण्ड कार्यान्वयन गर्नु;

(ङ) ठेक्का व्यवस्थापनबाट सडक योजनाहरू गुणस्तरयुक्त ढङ्गले निर्माण गर्नु;

(च) सडक प्रति सर्वसाधारणको अपनत्व सिर्जना गर्नु।

### ६.२.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

“द्रूत सामाजिक विकास र आर्थिक समृद्धिको आधार, सबल यातायात पूर्वाधार”

**लक्ष्य**

गुणस्तरीय र सबल सडक पूर्वाधारको विकास, विस्तार र व्यवस्थापन गरी सामाजिक आर्थिक अवसरहरूमा नागरिकहरूको पहुँच वृद्धि गर्ने।

**उद्देश्य**

१ दिगो, भरपर्दो, सुरक्षित, वातावरणमैत्री र कम खर्चिलो सडक सञ्जाल विस्तार गर्नु;

२ सडक पूर्वाधारको संरक्षण, मर्मत सम्भार तथा व्यवस्थापन गरी सहज सञ्चालनयोग्य बनाउनु।

### ६.२.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: दिगो, भरपर्दो, सुरक्षित, वातावरणमैत्री र कम खर्चिलो सडक सञ्जाल विस्तार गर्नु** | |
| १.१ नगरपालिकाको आर्थिक तथा सामाजिक गतिविधिलाई सन्तुलित, समावेशी, गतिशील बनाउन योगदान पुऱ्याउन सक्ने गरी रणनीतिक सडक सञ्जाल सुदृढ गर्ने | १.१.१ वडा – वडा जोड्ने, स्वास्थ्य संस्था तथा विद्यालयहरूमा जाने सडक निर्माण एवं स्तरोन्नति गरिनेछ;<br>१.१.२ रणनीतिक तथा प्रादेशिक सडक सञ्जालहरूको निर्माण, मर्मत सम्भारको लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ;<br>१.१.३ वर्षैभरि निर्बाध यातायात सञ्चालनको लागि कल्भर्टहरू निर्माण गरिनेछ र ठुला पुलको निर्माणको लागि संघ र प्रदेशसँग पहल गरिनेछ। |
| १.२ छिटो, भरपर्दो र वातावरणमैत्री सडक सञ्जाल विकास गर्न सहयोगी हुने प्रविधि तथा उपायहरूको अवलम्बन गर्न | १.२.१ सडक निर्माण गर्दा खानेपानी पाइप, विद्युत् पोल तथा सञ्चार/इन्टरनेट वितरण लाइन आदिको समन्वय गरी निर्माण गरिनेछ;<br>१.२.२ सडक छेउछाउका पहिरो तथा भूक्षय नियन्त्रण गर्न भौतिक संरचनाको साथसाथै बायो इन्जिनियरिङ लगायतका गैरसंरचनात्मक वातावरणमैत्री प्रविधिहरूको प्रयोग गरिनेछ। |
| १.३ दुर्गम टोल बस्तीमा आवतजावतको पहुँच पुऱ्याउन झोलुङ्गेपुल निर्माण गर्ने | १.३.१ सडक सञ्जाल नपुगेको ठाउँहरूमा सम्भाव्यताको आधारमा झोलुङ्गेपुल निर्माण गरी पहुँच अभिवृद्धि गरिनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| **उद्देश्य २: सडक पूर्वाधारको संरक्षण, मर्मत सम्भार तथा व्यवस्थापन गरी सहज सञ्चालनयोग्य बनाउनु** | |
| २.१ सार्वजनिक, निजी तथा सामुदायिक क्षेत्रको सहभागितामा सडकको संरक्षण मर्मतसम्भार तथा व्यवस्थापन गर्ने | २.१.१ सडक पूर्वाधारको उचित संरक्षण, मर्मत सम्भार तथा व्यवस्थापन गर्न संस्थागत सुदृढीकरण गरिनेछ;<br>२.१.२ स्थानीय तहको जिम्मेवारी भित्र पर्ने सडक पूर्वाधारको संरक्षण, मर्मतसम्भार तथा व्यवस्थापन गरिनेछ;<br>२.१.३ सडक पूर्वाधारको संरक्षण, मर्मतसम्भार तथा व्यवस्थापनमा प्रयोगकर्ता तथा समुदायलाई पनि सहभागी गराई जनशक्ति तथा वित्तीय स्रोतको व्यवस्थापन गरिनेछ। |

## ६.२.५ विस्तृत कार्यक्रम

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र सं | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष | योजनाको कुल लक्ष्य | लागत (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| **क. यातायात पूर्वाधार निर्माण तथा स्तरोन्नति कार्यक्रम** | | | | | | | | | | | | | | | |
| १ | १.१ | १.१.१ | १ | बयरघारी बानेथोक विरुवा सडक स्तरोन्नति | कि. मि. | १,२, ३ र ४ वडा | १५ | २१ | १०००० | १०००० | १०००० | १०००० | १०००० | **५००००** | **प्रदेश/संघ** |
| | | | २ | बयरघारी मोहनडाँडा ठुलीभञ्ज्याङ जिमिरे हुँदै पर्वत सडक | कि. मि. | वडा नं. १, ६, ८ र ९ | ८ | १९ | २००० | १५०० | २००० | १५०० | ० | **७०००** | **पालिका** |
| | | | ३ | बयरघारी सुन्दरबजार तिलाहारनेटा स्वरेक मैदान पर्वत पर्यटकीय सडक स्तरोन्नति | कि. मि. | १, ५, ६ र ९ वडा | ८ | २१ | १०००० | १०००० | १०००० | १०००० | १०००० | **५००००** | **पालिका/प्रदेश** |
| | | | ४ | पाटपाटी सुन्दरचौर चिउरीखर्क सडक स्तरोन्नति | कि. मि. | ६ र ७ नं. वडा | १ | ६ | ५००० | ५००० | ५००० | ५००० | ५००० | **२५०००** | **संघ/प्रदेश** |
| | | | ५ | मुलपानी पासिन्डाँडा पाङछाङ सडक स्तरोन्नति | कि. मि. | ७ नं. वडा | २ | ६ | २५०० | २५०० | २५०० | २५०० | २५०० | **१२५००** | **पालिका** |
| | | | ६ | सुन्दरबजार ढापुकफेदी सानोभञ्ज्याङ पर्वत सडक | कि. मि. | ८ नं. वडा | ४ | १४ | ७५०० | ७५००० | ७५००० | ७५००० | ७५००० | **३०७५००** | **प्रदेश/संघ** |
| | | | ७ | आँधीखोला कोरिडोर स्तरोन्नति | कि. मि. | ५, ६, ७ वडा | २ | १३ | ७५०० | ७५०० | ७५०० | ७५०० | ७५०० | **३७५००** | **पालिका** |
| | | | ८ | बयरघारी विरखोला केघा बजादी चिप्लेटी सडक स्तरोन्नति | कि. मि. | १, २ र ३ नं. वडा | ३ | ११ | २५०० | २५०० | २५०० | २५०० | २५०० | **१२५००** | **पालिका** |
| | | | ९ | सुन्दरबजार बैरीखोला थालेखर्क स्वरेक मैदान सडक | कि. मि. | ५, ८ र ९ नं. वडा | १ | ६ | ० | २००० | २००० | १५०० | १००० | **६५००** | **पालिका** |
| | | | १० | बयरघारी ओसेक बानेथोक सडक | कि. मि. | २ र ३ नं. वडा | ३ | ९ | ४००० | ४००० | ४००० | ४००० | ४००० | **२००००** | **पालिका** |
| | | | ११ | जोगखोला ध्रुवदेउराली बानेथोक भञ्ज्याङ सडक | कि. मि. | २ र ३ नं. वडा | ०.५ | ७ | ० | २००० | २००० | १५०० | १००० | **६५००** | **पालिका** |
| | | | १२ | ढापुकफेदी खोरबार चिउरीखर्क खिलुङ सडक स्तरोन्नति | कि. मि. | ८ नं. वडा | २ | ५ | ५००० | ५००० | ५००० | ५००० | ५००० | **२५०००** | **संघ/प्रदेश** |
| | | | १३ | छाङ्छाङ्दी दभुङठाँटी सडक | कि. मि. | ४ नं. वडा | २ | ५ | ४००० | ४००० | ४००० | ४००० | ४००० | **२००००** | **संघ** |
| | | | १४ | बानेथोक लेहडा रिजु खुर्सानीडाँडा भुरुनडाँडा मालमुल सडक स्तरोन्नति | कि. मि. | ३ नं. वडा | ४ | १९ | ३००० | ३००० | ३००० | ३००० | ३००० | **१५०००** | **संघ/प्रदेश** |
| | | | १५ | बानेथोक देउराली रोजीखोला सडक स्तरोन्नति | कि. मि. | ३ नं. वडा | १.५ | ९ | ५००० | ५००० | ५००० | ५००० | ५००० | **२५०००** | **संघ/प्रदेश** |

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष | योजनाको कुल लक्ष्य | लागत (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| | | | १६ | दार्सिङ रानीपोखरी केघा बानेथोक हुँदै छाङ्छाङ्दी रिङरोड | कि. मि. | १, २ ३ र ४ नं. वडा | २ | १४ | २०००० | २०००० | २०००० | २०००० | २०००० | **१०००००** | **संघ/प्रदेश** |
| | | | १७ | छाङ्छाङ्दी झारखाम हुँदै बयरघारी कृषि सडक | कि. मि. | १,२ र ४ नं. वडा | २ | ५ | ० | १००० | १५०० | २००० | २००० | **६५००** | **पालिका** |
| | | | १८ | ढापुकफेदी सालिकोष गहनेखोला हुँदै पर्वत सडक | कि. मि. | ८ नं. वडा | २ | १३ | २००० | २००० | १५०० | १००० | ० | **६५००** | **पालिका** |
| | | | १९ | मोहनडाँडा बडहरे सालिकोश स्यानोभञ्ज्याङ हुँदै पर्वत सडक | कि. मि. | ८ नं. वडा | २ | १५ | २००० | २००० | १०३८ | १५०० | ० | **६८३८** | **पालिका** |
| | | | २० | विभिन्न सडक निर्माण/स्तरोन्नति/ मर्मत सम्भार | कि. मि. | सबै वडा | ४५.५ | ७८ | ८५००० | ८५००० | ८५००० | ८५००० | ८५००० | **४२५०००** | **पालिका** |
| | | १.१.२ | १ | ठूलीभञ्ज्याङ तारुकडाँडा पिपलडाँडा काभ्रे साउन्दी सडक | कि. मि. | वडा नं. ९ | २ | ११ | ५००० | ५००० | ५००० | ५००० | ५००० | **२५०००** | **प्रदेश** |
| | | | २ | ठूलीभञ्ज्याङ गडहरेगुफा सिरकोट चामथुङ पर्यटकीय सडक | कि. मि. | वडा न. ९ | २ | ७ | १००० | २००० | २००० | ० | १५०० | **६५००** | **पालिका** |
| | | | ३ | हेलु बलमाटा खिलुङ चिउरीखर्क हुँदै लामडाँडा सडक | कि. मि. | वडा नं. ७ | ३ | १० | २००० | २००० | १५०० | १००० | ० | **६५००** | **पालिका** |
| | | | ४ | दार्सिङ जगतपुर लेखनढुङ्गा ठाडोलाइन रिङरोड सडक | कि. मि. | वडा न. १ र २ | २ | ६ | ० | २००० | २००० | १००० | १५०० | **६५००** | **पालिका** |
| | | | ५ | भीरकोट रिङरोड (छाङ्छाङ्दी बानेथोक दार्सिङ हेलु खिलुङ, ढापुक, सानोञ्ज्याङ दिगुवा जिमिरे सिरकोट स्वेरेक सिम्ले छाङ्छाङ्दी सडक स्तरोन्नति) | कि. मि. | सबै वडा | | | १०००० | १०००० | १०००० | १०००० | १०००० | **५००००** | **पालिका** |
| | | | ६ | सिम्ले गडीभञ्ज्याङ कोट हुँदै मैदान सडक | कि. मि. | वडा नं. ५ | १ | ९ | २००० | २००० | १००० | ० | १५०० | **६५००** | **पालिका** |
| | | | ७ | पाटापाटी सुन्दरचौर चिउरीखर्क सडक | कि. मि. | ६ र ७ नं. वडा | २ | ९ | २००० | २००० | २००० | २००० | २००० | **१००००** | **प्रदेश** |
| | १.२ | १.२.१ | १ | सडक पूर्वाधार निर्माण गर्दा अन्य खानेपानी विद्युत् दूरसञ्चार जस्ता निकायहरूसँग समन्वय गर्ने | प्याकेज | | १ | १ | २० | २० | २० | २० | २० | **१००** | **पालिका** |

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्रम | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष | योजनाको कुल लक्ष्य | लागत (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| | | १.२.२ | १ | भू-बनोटको संरक्षण र वातावरणीय सन्तुलन कायम गर्न सडक निर्माण तथा स्तरोन्नति गर्दा आवश्यकता अनुसार बायो इन्जिनियरिङ प्रविधिको प्रयोग समेत गर्ने गरी कार्यविधि निर्माण | प्याकेज | | ० | १ | ५० | ० | ० | ० | ० | **५०** | **पालिका** |
| | १.३ | १.३.१ | १ | झोलुङ्गेपुल निर्माण आवश्यकतानुसार | सङ्ख्या | विभिन्न स्थान | ० | ३ | ० | ५००० | ५००० | ० | ५००० | **१५०००** | **प्रदेश** |
| २ | २.१ | २.१.१ | १ | सडक सम्पत्तिको संरक्षण तथा हेरचाह सम्बन्धी कार्यविधि निर्माण | सङ्ख्या | | ० | १ | ० | ० | ० | ० | ० | **०** | **पालिका** |
| | | २.१.२ | १ | स्थानीय सडकको मर्मत सम्भार | पटक | आवश्यकता अनुसार | नियमित | ५ | २००० | २००० | २००० | २००० | २००० | **१००००** | **पालिका** |
| | | २.१.३ | १ | सडक पहिचान वोर्ड | सङ्ख्या/ पटक | | ० | ५ | २०० | १००० | २०० | २०० | २०० | **१८००** | **पालिका** |
| | **जम्मा** | | | | | | | | **२०१२७०** | **२८२०२०** | **२७९२५८** | **२६८७२०** | **२७१२२०** | **१३०२४८८** | |
| | **पालिकाको हिस्सा** | | | | | | | | **१३४७७०** | **१४३०२०** | **१४०२५८** | **१३४७२०** | **१३२२२०** | **६८४९८८** | |
| | **प्रदेश सरकारको हिस्सा** | | | | | | | | **३७२५०** | **७६०००** | **७६०००** | **७१०००** | **७६०००** | **३३६२५०** | |
| | **संघीय सरकारको हिस्सा** | | | | | | | | **२९२५०** | **६३०००** | **६३०००** | **६३०००** | **६३०००** | **२८१२५०** | |

## ६.२.६ नतिजा

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| प्रभाव | गुणस्तरीय र सबल सडक पूर्वाधारको विकास, विस्तार र व्यवस्थापन भई सामाजिक, आर्थिक अवसरहरूमा नागरिकहरूको पहुँच वृद्धि भएको हुने | वर्षभरि सवारी साधन चल्नयोग्य सडकको २ कि. मि. को दूरीभित्र बस्ने जनसङ्ख्या | प्रतिशत | | | | | | | | अध्ययन प्रतिवेदन | पूर्वाधार शाखा | |
| | | घरबाट ३० मिनेटको पैदलयात्रामा सडकमा पहुँच भएको जनसङ्ख्या | प्रतिशत | | | | | | | | | ,, | |
| असर १ | दिगो, भरपर्दो, सुरक्षित, वातावरणमैत्री र कम खर्चिलो सडक सञ्जाल विस्तार भई नागरिकको जीवनमा सहजता आएको हुने | गुणस्तरीय यातायात सेवा छ भनी विश्वास गर्ने जनता | प्रतिशत | | | | | | | | ,, | ,, | |
| | | सडक निर्माणले कृषि उत्पादन वृद्धिमा योगदान गरेको छ भनी विश्वास गर्ने जनता | प्रतिशत | | | | | | | | ,, | ,, | |

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| | | पर्यटन आगमनमा सडकले उल्लेखनीय वृद्धि गर्न योगदान गरेको छ भनी विश्वास गर्ने जनता | प्रतिशत | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.१ | वडा देखि वडा जोड्ने, स्वास्थ्य संस्था, विद्यालय, बस्ती जोड्ने महत्वपूर्ण सडक स्तरोन्नति भई भरपर्दो यातायात सेवा सञ्चालन भएको हुने | निर्माण भएका स्थानीय सडक | कि. मि. | | | | | | | | वार्षिक प्रतिवेदन | ,, | |
| | | मर्मत सम्भार भएका स्थानीय सडक | कि. मि. | | | | | | | | | | |
| | | स्तरोन्नति तथा मर्मत सम्भार भएका रणनीतिक तथा प्रादेशिक सडक | कि. मि. | | | | | | | | | | |
| प्रतिफल १.२ | व्यावसायिक तथा व्यापारिक गतिविधिलाई गतिशील बनाउन भूमिका खेल्ने सडकहरूको निर्माण तथा स्तरवृद्धि भएको हुने | व्यावसायिक केन्द्रलाई मूल सडकसँग जोड्ने सडकको लम्बाइ | कि. मि. | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.३ | सडकको पहुँच पुगेको तर पुल अभावको कारण वर्षायाममा यातायात सञ्चालन हुन नसकेको सडक खण्डमा पक्की पुल निर्माण भएको हुने | मोटरेबल पुल निर्माण | सङ्ख्या | | | | | | | १५ | ,, | ,, | |
| | | कल्भर्ट निर्माण | सङ्ख्या | | | | | | | ६ | | | |
| | | कजवे निर्माण | सङ्ख्या | | | | | | | ३२ | | | |
| प्रतिफल १.४ | सडक निर्माण गर्दा खानेपानी, ढल निकास, विद्युत् तथा दूरसञ्चार निकायहरूसँग समन्वय भएको हुने | विभिन्न निकाय बिच समन्वयात्मक निर्माण कार्य | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.५ | भू बनोटको संरक्षण र वातावरणीय सन्तुलन कायम गर्न बायो इन्जिनियरिङ प्रविधिको प्रयोग समेत गर्ने कार्यविधि निर्माण भएको हुने | सडक निर्माण कार्यविध निर्माण | सङ्ख्या | | १ | | | | | १ | ,, | ,, | |
| | | बायो इन्जिनियरिङ प्रविधिको प्रयोग गरी निर्माण भएका सडक योजना | सङ्ख्या | | | | | | | | | | |
| प्रतिफल १.६ | सडक सञ्जाल नपुगेका ठाउँमा झोलुङ्गेपुलबाट आवागमन सहज भएको हुने | झोलुङ्गे पुल निर्माण | सङ्ख्या | | ० | १ | १ | ० | १ | ३ | ,, | ,, | |
| असर २ | सडक पूर्वाधारको उचित संरक्षण मर्मतसम्भार भई सहज सञ्चालनयोग्य भएको हुने | वर्षभरि यातायात सुचारु रहेका सडकको लम्बाइ | कि. मि. | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.१ | मर्मतसम्भारको संस्थागत व्यवस्था भई स्थानीय सडकहरू नियमित मर्मत सम्भारको व्यवस्थापन भएको हुने | सडक संरक्षण तथा हेरचाह सम्बन्धी कार्यविधि निर्माण | सङ्ख्या | | १ | ० | ० | ० | ० | १ | ,, | ,, | |
| प्रतिफल २.२ | यातायात पूर्वाधारको संरक्षण/ मर्मतसम्भार/ व्यवस्थापनमा प्रयोगकर्ता तथा समुदायको समेत सहभागिता भएको हुने | टोल विकास तथा उपभोक्ता समितिबाट सरसफाइ तथा मर्मत सम्भार भएको सडक | सङ्ख्या | | | २ | ० | ० | ० | २ | ,, | ,, | |

## ६.३ भवन निर्माण, आवास तथा शहरी विकास

### ६.३.१ पृष्ठभूमि

नेपालको संविधानले आवास सम्बन्धी हकलाई मौलिक हकको रूपमा व्यवस्था गर्दै व्यवस्थित बसोबास, योजनाबद्ध, पूर्ण पूर्वाधारयुक्त, वातावरणमैत्री आवासलाई नागरिकको सुरक्षित आवासको हकका रूपमा प्रत्याभूत गरेको छ। भौगोलिक हिसाबले छरिएर रहेका तथा विपद्को जोखिममा रहेका घर परिवारलाई सुविधासम्पन्न, वातावरणमैत्री आवासको व्यवस्थापन र विपन्न घरपरिवारले उचित बासको व्यवस्था र अनधिकृत तथा अव्यवस्थित रूपले बसोबास गरेका घर परिवारलाई उचित व्यवस्थापन गर्नुपर्ने हुन्छ। त्यसैगरी दिगो सामाजिक तथा आर्थिक विकासको लागि भवन निर्माण क्षेत्रको महत्वपूर्ण योगदान रहेको हुन्छ। शहरीकरणलाई व्यवस्थित गर्न तथा सुरक्षित भवन निर्माण गर्न राष्ट्रिय भवन संहितालाई स्थानीयस्तरमा संस्थागत गरी ग्रामीण तथा बजार क्षेत्रका बस्तीहरूमा सुरक्षित, स्वस्थकर, वातावरणमैत्री र किफायती भवन निर्माण गर्ने वातावरण तयार गर्नुपर्ने हुन्छ।

### ६.३.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती

**(१) विद्यमान अवस्था**

भीरकोट नगरपालिकाका ८९.२ प्रतिशत घरपरवार आफ्नै घरमा बस्छन्। यस नगरपालिकाका ५९.६ प्रतिशत घरहरू माटोको जोडाइ भएको ईँटा/ढुङ्गाको गारोबाट बनेका छन्। सिमेन्टको जोडाइ भएको ईँटा/ढुङ्गाको गारो भएका घरहरू जम्मा ३९.८ प्रतिशत मात्र रहेको छ। जस्तापाताका छाना भएका घरहरू ६८ प्रतिशत छन्। अझै २.१ प्रतिशत घरहरू खर/परालका छाना भएका छन्। सुविधासम्पन्नताको हिसाबले यहाँका अधिकांश घरहरू कमजोर अवस्थामा छन्। यस नगरपालिकामा भवन संहिता लागु भैसकेको भएपनि धेरै घरहरू अभिलेखीकरण हुन बाँकी छ। नयाँ भवन निर्माण गर्दा नक्सा पास गरेर मात्र निर्माण गर्नुपर्ने प्रावधान भएपनि अझै प्रचार प्रसार गर्नुपर्ने अवस्था छ।

**(२) सबल पक्ष**

(क) भवन निर्माण संहिता लागु भैसकेको;
(ख) पहिले नै बनिसकेका घरहरू अभिलेखीकरण हुन थालेको र नयाँ भवन निर्माण गर्दा नक्सा पास गर्नुपर्ने व्यवस्था भएको;
(ग) नगरपालिकाको प्रमुख प्रशासकीय भवन तथा वडा कार्यालयका भवनहरू निर्माण भैसकेको;
(घ) सबै स्वास्थ्य संस्थाहरूको भवन निर्माण भैसकेको;
(ङ) विभिन्न बस्तीहरूमा सामुदायिक भवनहरूको निर्माण भएको;
(च) सबै विद्यालयहरू आफ्नै भवनमा सञ्चालन भैरहेको।

**(३) दुर्बल पक्ष**

(क) ग्रामीण क्षेत्रमा भवन निर्माण गर्दा प्राविधिक परामर्श नलिनु;
(ख) नगरपालिकाभित्र निर्माण हुने भवनहरू सुरक्षित, स्वस्थकर र सुविधायुक्त नहुनु;
(ग) भवन संहिता पूर्ण रूपमा कार्यान्वयन हुन नसक्नु;
(घ) भवन निर्माण गर्ने कामदारको दक्षता कमजोर हुनु;
(ङ) सामुदायिक भवनहरू अव्यवस्थित तरिकाले निर्माण हुनु;
(च) अझै २.१ प्रतिशत घरपरिवार खरको छानायुक्त घरमा बस्नु।

**(४) अवसर**

(क) राष्ट्रिय भवन संहिता कार्यान्वयनमा हुनु;

(ख) भूकम्प प्रतिरोधी, वातावरणमैत्री, स्वस्थकर र किफायती भवन निर्माणमा जनचासो बढ्दै जानु;

(ग) भवन निर्माणमा प्राविधिकको संलग्नता बढ्दै जानु;

(घ) भवन निर्माण सम्बन्धी दक्ष कामदार उपलब्ध हुनु;

(ङ) भूमि सम्बन्धी समस्या समाधानका लागि आयोग गठन भई कार्य अगाडि बढाउनु;

(च) जनता आवास तथा सुरक्षित आवास जस्ता कार्यक्रम कार्यान्वयनमा हुनु ।

**(५) चुनौती**

(क) भवन संहिता पूर्ण रूपमा कार्यान्वयनमा ल्याउनु;

(ख) सरकारी तथा निजी आवासहरू भूकम्प प्रतिरोधी, वातावरणमैत्री, स्वस्थकर र किफायती बनाउनु;

(ग) निजी आवास निर्माणमा प्राविधिकको संलग्नता गराउनु;

(घ) अधिकांश भूभाग ग्रामीण क्षेत्र रहेको यस नगरपालिकामा भवन निर्माण सम्बन्धी दक्ष कामदार प्रयोग गर्नु;

(ङ) भूमिहीन घरपरिवारलाई जग्गा उपलब्ध गराउनु र अव्यवस्थित बसोबासीलाई व्यवस्थित गर्नु ।

### ६.३.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"दिगो विकासका लागि सुरक्षित आवास, पहिचानयुक्त भवन निर्माण"

**लक्ष्य**

सुरक्षित, किफायती र पहिचानयुक्त भवन निर्माण गर्ने ।

**उद्देश्य**

१ स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्नु;

२ ग्रामीण क्षेत्रका बजार उन्मुख क्षेत्रमा शहरी पूर्वाधारको विकास गर्नु;

३ एकीकृत सेवा प्रदायक बहु उपयोगी र बहुउद्देश्यीय भवन निर्माण गरी बहु उपयोगमा ल्याउनु;

४ विपन्न घरपरिवारको लागि सुरक्षित आवास निर्माण गर्नु ।

### ६.३.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्नु** | |
| १.१ स्थानीय पहिचान भएको सुरक्षित, वातावरणमैंत्री र किफायती भवनहरूको निर्माण गर्ने | १.१.१ नगरपालिकाभित्र बन्ने भवनहरूको डिजाइनमा एकरूपता ल्याउन भवन निर्माण मापदण्ड बनाई लागु गरिनेछ;<br>१.१.२ स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती निजी भवन निर्माण गर्न निजी क्षेत्र तथा समुदायलाई प्राविधिक सहयोग गरिनेछ;<br>१.१.३ सुरक्षित, किफायती, वातावरणमैत्री र पहिचानयुक्त भवन निर्माण बारे जनचेतना वृद्धि गर्न समुदाय लक्षित कार्यक्रम सञ्चालन गरिनेछ; |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.१.४ भवन डिजाइन निर्माण तथा सुपरीवेक्षणका कार्यमा संलग्न जनशक्तिको क्षमता विकास गरिनेछ;<br>१.१.५ स्थानीयस्तरमा उपलब्ध निर्माण सामग्रीको प्रयोगलाई अधिकतम प्रयोग गर्न प्रोत्साहन गरिनेछ। |
| **उद्देश्य २: ग्रामीण क्षेत्रका बजार उन्मुख क्षेत्रमा शहरी पूर्वाधारको विकास गर्नु** | |
| २.१ ग्रामीण क्षेत्रका बजारोन्मुख क्षेत्रमा शहरी विकासका पूर्वाधार विकास गर्ने | २.१.१ बजार उन्मुख क्षेत्रमा खानेपानी, सडक, बस स्टेशन, पार्किङ, ढल निकास जस्ता पूर्वाधार निर्माण गरिनेछ;<br>२.१.२ बाल उद्यान ,खुला क्षेत्र, पार्क, ओपन जिम आदिको निर्माण गरिनेछ;<br>२.१.३ सबै सार्वजनिक निर्माणमा मानवमैत्री संरचना सहितको पूर्वाधार निर्माण गरिनेछ;<br>२.१.४ प्रतिक्षालय तथा सार्वजनिक शौचालयहरू निर्माण गरिनेछ। |
| **उद्देश्य ३: एकीकृत सेवा प्रदायक बहु उपयोगी र बहुउद्देश्यीय भवन निर्माण गरी बहु उपयोगमा ल्याउनु** | |
| ३.१ सरकारी कार्यलाई सेवामूलक तथा कार्यमूलक बनाउन सरकारी भवनहरूको एकीकृत रूपमा डिजाइन र निर्माण गर्ने | ३.१.१ सरकारी भवनहरूको डिजाइनमा एकरूपता ल्याउन नगरपालिकाको पहिचान झल्कने गरी भवन निर्माण मापदण्ड बनाई लागु गरिनेछ;<br>३.१.२ सरकारी भवनहरूको डिजाइन र निर्माण गर्दा बहुउपयोगी हुने गरी गरिनेछ;<br>३.१.३ सामुदायिक भवनहरू बहु उपयोगी र बहुउद्देश्यीय हुने गरी निर्माण गरिनेछ। |
| ३.२ पुराना सरकारी भवनहरूलाई स्तरोन्नति गरी थप कार्यमूलक बनाउने | ३.२.१ मानवमैत्री, सुरक्षित र कार्यमूलक नरहेका सरकारी भवनहरूको पहिचान गरी सुधार तथा स्तरवृद्धि गरिनेछ। |
| **उद्देश्य ४: विपन्न घरपरिवारको सुरक्षित आवास निर्माण गर्नु** | |
| ४.१ आफ्नो सुरक्षित घर बनाउन नसक्ने घरपरिवारको आवास निर्माण गर्ने | ४.१.१ भीरकोट नगरपालिकामा स्थायी बसोबास गर्ने घरवार विहीन तथा सुरक्षित घर निर्माण गर्न नसक्ने घर परिवारलाई जनता आवास कार्यक्रम मार्फत आवास निर्माण गरिनेछ। |
| ४.२ खर वा खरजन्य सामग्रीबाट बनेको छानो हुने घरपरिवारलाई जस्तापाताको छानोद्वारा प्रतिस्थापन गर्ने | ४.२.१ खरको छानो भएका घरपरिवारलाई सुरक्षित आवास कार्यक्रम मार्फत जस्तापाताद्वारा खरको छानो प्रतिस्थापन गरिनेछ। |

## ६.३.५ विस्तृत कार्यक्रम

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष २०८२/८३ | योजनाको कुल लक्ष्य | लागत (रु हजारमा) २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **क. भवन निर्माण तथा शहरी विकास कार्यक्रम** | | | | | | | | | | | | | | | |
| १ | १.१ | १.१.१ | १ | भवन निर्माण मापदण्ड निर्माण | सङ्ख्या | पालिका | ० | १ | ५० | ० | ० | ० | ० | **५०** | **पालिका** |
| | | १.१.२ | १ | सुरक्षित र किफायती निजी घर निर्माण गर्न घर नक्सा स्वीकृत गर्ने र निर्माणका बखत प्राविधिक Supervision सहयोग | पटक | सबै वडा | १ | ५ | १५० | १५० | १५० | १५० | १५० | **७५०** | **पालिका** |
| | | १.१.३ | १ | सुरक्षित किफायती वातावरणमैत्री र पहिचानयुक्त भवन निर्माणका लागि चेतनामूलक कार्यक्रम | पटक | पालिका | ० | ३ | १५० | ० | १५० | ० | १५० | **४५०** | **पालिका** |
| | | १.१.४ | १ | भवन निर्माणमा काम गर्ने कामदार तथा सुपरीवेक्षण गर्ने प्राविधिक जनशक्ति क्षमता विकास कार्यक्रम | पटक | पालिका | ० | ३ | १०० | ० | १०० | ० | १०० | **३००** | **पालिका** |
| | | १.१.५ | १ | भवन निर्माणमा स्थानीय सामग्री प्रयोग प्रोत्साहन | पटक | पालिका | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| २ | २.१ | २.१.१ | १ | सुन्दरबजार एकीकृत पूर्वाधार निर्माण | सङ्ख्या | ६ नं वडा | ० | १ | १००० | ० | ० | ० | ० | **१०००** | **प्रदेश** |
| | | | २ | बगरेबजार एकीकृत पूर्वाधार निर्माण | सङ्ख्या | ६ नं वडा | ० | १ | ० | १००० | ० | ० | ० | **१०००** | **संघ** |
| | | | ३ | बयरघारी बजार एकीकृत पूर्वाधार निर्माण | सङ्ख्या | १ नं वडा | ० | १ | ० | ० | १००० | ० | ० | **१०००** | **प्रदेश** |
| | | | ४ | छाङ्छाङ्दी एकीकृत शहरी पूर्वाधार निर्माण | सङ्ख्या | ४ नं वडा | ० | १ | २५०० | २५०० | २५०० | २५०० | २५०० | **१२५००** | **संघ/प्रदेश** |
| | | २.१.२ | १ | बजार केन्द्र वरिपरि उपयुक्त स्थानहरूमा बाल उद्यान, पार्क, ओपन जिम आदि निर्माण | पटक | उपयुक्त स्थान | ३ | ५ | १००० | १००० | १००० | १००० | १००० | **५०००** | **पालिका** |
| | | २.१.४ | १ | बजार केन्द्र तथा अन्य आवश्यक स्थानमा प्रतिक्षालय निर्माण | पटक | उपयुक्त स्थान | ८ | १० | २०० | २०० | २०० | २०० | २०० | **१०००** | **पालिका** |
| | | | २ | बजार केन्द्र तथा अन्य आवश्यक स्थानमा सार्वजनिक शौचालय निर्माण | पटक | ,, | ३ | ५ | २००० | ० | २००० | ० | २००० | **६०००** | **पालिका** |
| ३ | ३.१ | ३.१.३ | १ | बहुउद्देश्यीय सामुदायिक भवन निर्माण | सङ्ख्या | सबै वडा | २ | ५ | २५०० | २५०० | २५०० | २५०० | २५०० | **१२५००** | **प्रदेश** |
| | ३.२ | ३.२.१ | १ | सरकारी भवन मर्मत, सम्भार, निर्माण, संरचनागत सुधार | पटक | ,, | नियमित | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **पालिका** |
| | ४.१ | ४.१.१ | १ | जनता आवास कार्यक्रम | सङ्ख्या | उपयुक्त | | ५० | ३००० | ३००० | ३००० | ३००० | ३००० | **१५०००** | **संघ** |

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष २०८२/८३ | योजनाको कुल लक्ष्य | लागत (रु हजारमा) २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थान | | | | | | | | | |
| | ४.२ | ४.२.१ | १ | सुरक्षित आवास कार्यक्रम | सङ्ख्या | | ० | ७५ | ११२५ | ११२५ | ११२५ | ११२५ | ११२५ | **५६२५** | **संघ** |
| | **जम्मा** | | | | | | | | **१४३७५** | **१२०७५** | **१४३२५** | **११०७५** | **१३३२५** | **६५१७५** | |
| | **पालिकाको हिस्सा** | | | | | | | | **४२५०** | **१९५०** | **४२००** | **१९५०** | **४२००** | **१६५५०** | |
| | **प्रदेश सरकारको हिस्सा** | | | | | | | | **४७५०** | **३७५०** | **४७५०** | **३७५०** | **३७५०** | **२०७५०** | |
| | **संघीय सरकारको हिस्सा** | | | | | | | | **५३७५** | **६३७५** | **५३७५** | **५३७५** | **५३७५** | **२७८७५** | |

## ६.३.६ नतिजा

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२/८३ | उपलब्धि २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | सुरक्षित, किफायती, वातावरणमैत्री र पहिचानयुक्त भवनको निर्माण भएको हुने | असुरक्षित आवासमा बसो बास गर्ने जनसङ्ख्या अनुपात | प्रतिशत | ३.४३ | ३ | २.५ | २ | १ | ० | ० | अध्ययन प्रतिवेदन | पूर्वाधार शाखा | |
| | | घरको छानो खरको भएको घरपरिवार | प्रतिशत | ३.४ | ३ | २.५ | २ | १ | ० | ० | नगर प्रोफाइल | ,, | |
| असर १ | स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग भई स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवन निर्माण भएको हुने | घर बनाउँदा स्थानीय निर्माण सामग्री प्रयोग भएका घरहरू | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.१ | निजी भवनहरूको डिजाइनमा एकरूपता ल्याउन भवन निर्माण मापदण्ड तर्जुमा भई कार्यान्वयन भएको हुने | भवन निर्माण मापदण्ड | सङ्ख्या | | १ | ० | ० | ० | ० | १ | ,, | ,, | |
| प्रतिफल १.२ | उपयुक्त भवन डिजाइनको विकास भएको हुने | नमूना भवन मोडेल अनुसार बनेका घर | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.३ | स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती निजी भवन निर्माण गर्न प्राविधिक सहयोग भएको हुने | घर नक्सा स्वीकृत | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | घर निर्माणमा प्राविधिक सहयोग प्रदान भएको घर | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.४ | सुरक्षित किफायती वातावरणमैत्री र पहिचानयुक्त भवन निर्माण बारे समुदाय लक्षित जनचेतना कार्यक्रम सञ्चालन भएको हुने | जनचेतनामूलक कार्यक्रम सञ्चालन | पटक | | १ | ० | १ | ० | १ | ३ | ,, | ,, | |
| प्रतिफल १.५ | भवन डिजाइन निर्माण तथा सुपरीवेक्षण कार्यमा संलग्न जनशक्तिको क्षमता विकास भएको हुने | जनशक्ति क्षमता विकास कार्यक्रम | पटक | | १ | ० | १ | ० | १ | ३ | ,, | ,, | |
| प्रतिफल १.६ | स्थानीय रूपमा उपलब्ध निर्माण सामग्रीको अधिकतम उपयोग भएको हुने | स्थानीय सामग्री प्रयोग भई निर्माण भएका घर | सङ्ख्या | | | | | | | | ,, | ,, | |

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| असर २ | बजार उन्मुख क्षेत्रमा शहरी पूर्वाधारको विकास भई बजार केन्द्रहरू व्यवस्थित भएको हुने | एकीकृत पूर्वाधार निर्माण भएका बजार केन्द्र | सङ्ख्या | | २ | १ | १ | १ | १ | ६ | ,, | ,, | |
| प्रतिफल २.१ | बजार केन्द्र वरिपरि बाल उद्यान, पार्क, ओपन जिम आदि निर्माण भएको हुने | निर्माण भएका बाल उद्यान | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | निर्माण भएका पार्क | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | निर्माण भएका ओपन जिम | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.२ | सार्वजनिक संरचनाहरू मानवमैत्री भई सबैको प्रयोग एवं पहुँचयोग्य भएको हुने | मानवमैत्री नभएका सार्वजनिक संरचना | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.३ | बजार केन्द्र तथा अन्य आवश्यक स्थानहरूमा प्रतिक्षालय निर्माण भएको हुने | निर्माण भएका प्रतिक्षालय | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.४ | बजार केन्द्र तथा अन्य आवश्यक स्थानहरूमा सार्वजनिक शौचालय निर्माण भएको हुने | निर्माण भएका सार्वजनिक शौचालय | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| असर ३ | एकीकृत सेवा प्रदायक बहुउपयोगी र बहुउद्देश्यीय सरकार तथा सामुदायिक भवन निर्माण भई एकीकृत सेवा प्रदान भएको हुने | एकीकृत सेवा प्रदायक सरकारी भवन | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | बहुउपयोगी तथा बहुउद्देश्यीय सामुदायिक भवन | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ३.१ | सरकारी भवन तथा आवासहरूको डिजाइन र निर्माण गर्ने कार्य एकीकृत रूपमा भएको हुने | पहिचानयुक्त एकीकृत सरकारी भवन | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ३.२ | सामुदायिक भवनहरू बहुउद्देश्यीय तथा बहुउपयोगी हुने गरी निर्माण भएको हुने | बहुउपयोगी सामुदायिक भवन | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ३.३ | मानवमैत्री, सुरक्षित र कार्यमूलक नरहेका सरकारी भवनको सुधार तथा स्तरोन्नति भएको हुने | मर्मत सम्भार तथा संरचनागत सुधार सरकारी भवन | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| असर ४ | विपन्न घरपरिवारको सुरक्षित आवास निर्माण भई सुरक्षित आवास सुविधा उपयोग गरेको हुने | घर निर्माण भएको विपन्न घरपरिवार | सङ्ख्या | | १० | १० | १० | १० | १० | ५० | ,, | ,, | |
| | | टिनको छानोबाट खरको छानो विस्थापन भएको घर | सङ्ख्या | | १५ | १५ | १५ | १५ | १५ | ७५ | ,, | ,, | |
| प्रतिफल ४.१ | घरबास नभएका वा कच्ची असुरक्षित घरमा बासोबास गर्ने घरपरिवारको घर निर्माण भई सुरक्षित आवास सुविधा प्राप्त गरेको हुने | सुरक्षित आवास सुविधा प्राप्त विपन्न घरपरिवार | सङ्ख्या | | १० | १० | १० | १० | १० | ५० | ,, | ,, | |
| प्रतिफल ४.२ | खरको छानो भएका विपन्न घरपरिवारको टिन/जस्ताबाट प्रतिस्थापन भई आवास सुरक्षित भएको हुने | जस्ता/टिनद्वारा खरको छानो प्रतिस्थापन भएको घर | सङ्ख्या | | १५ | १५ | १५ | १५ | १५ | ७५ | ,, | ,, | |

## ६.४ सूचना तथा सञ्चार प्रविधि

### ६.४.१ पृष्ठभूमि

नेपालको संविधानले सूचनाको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। सूचना तथा सञ्चारसँग सम्बन्धित विश्वव्यापी विकास एवं उपलब्धि अनुरूप सेवा पुऱ्याउँदै आर्थिक विकासका समग्र पक्षमा सूचना प्रविधि तथा सञ्चारको अधिकतम उपयोग बढाई आम नागरिकको जीवन पद्धतिलाई सहज र सरल बनाउन जरुरी छ। सूचना प्रविधि आम क्षेत्रमा सुशासन कायम गर्ने मूल आधार हो। सूचना प्रविधिले एकातर्फ हरेक क्षेत्रमा पारदर्शिता सुनिश्चित गर्दछ भने यसको प्रयोगले जीवनयापनका हरेक क्रियाकलापहरूलाई सहज बनाई दिन्छ। सूचना प्रविधिको प्रयोगले हरेक क्षेत्रमा रहेको अनियमितता एवं भ्रष्टाचार अन्त्य गर्न पनि सहज हुन्छ।

### ६.४.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती

**(१) विद्यमान अवस्था**

राष्ट्रिय जनगणना, २०७८ अनुसार भीरकोट नगरपालिकामा रेडियो हुने घरपरिवार १८४६, टेलीभिजन हुने ३८७७, कम्प्युटर हुने ७३६, इन्टरनेट सुविधा हुने २८३४, साधारण मोबाइल फोन प्रयोगकर्ता ५०७१, स्मार्ट मोबाइल फोन प्रयोगकर्ता ४८७७ रहेका छन्। इन्टरनेट सेवा लिने ४५.९ प्रतिशत घरपरिवार मात्र देखिएको छ। साधारण मोबाइल प्रयोगकर्ता कुल घर परिवारको झण्डै ८२ प्रतिशत रहेको देखिन्छ। स्मार्ट मोबाइल प्रयोगकर्ता कुल घर परिवारको ७९ प्रतिशत रहेको देखिन्छ। इन्टरनेट जडान भएको घरपरिवार कम भएपनि स्मार्ट मोबाइल फोन प्रयोगकर्ता ७९ प्रतिशत रहेकाले इन्टरनेट प्रयोग गर्न चाहेमा चलाउन पहुँच भएको घरपरिवार पनि झण्डै ७९ प्रतिशत रहेको अनुमान गर्न सकिन्छ।

**(२) सबल पक्ष**

(क) नगरपालिकामा मोबाइल फोन प्रयोगकर्ता ८० प्रतिशत भन्दा बढी रहेको;

(ख) इन्टरनेट सुविधा जडान वा प्रयोग गर्ने घरपरिवार वृद्धि भैरहेको;

(ग) सबै सरकारी कार्यालय तथा विद्यालयहरूमा इन्टरनेट सेवा जडान भएको;

(घ) विद्यालय शिक्षामा शिक्षण प्रक्रियामा सूचना प्रविधिको प्रयोग बढ्दै गएको;

(ङ) नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरूबाट हुने सेवा प्रवाहमा अनलाइन सफ्टवेयरको प्रयोग वृद्धि हुँदै गएको।

**(३) दुर्बल पक्ष**

(क) कतिपय बस्तीहरूमा मोबाइल नेटवर्क कमजोर हुनु;

(ख) ICT व्यवस्थापन गर्ने दक्ष जनशक्तिको अभाव हुनु;

(ग) प्रयोगमा आएका सफ्टवेयरहरूको नियमित सञ्चालन तथा अद्यावधिक हुन नसक्नु;

(घ) प्रविधिको दुरूपयोगले परिवार समाजमा नकारात्मक प्रभाव पर्नु;

(ङ) सूचना प्रविधिको नियमन सम्बन्धी प्रभावकारी कानूनी व्यवस्था हुन नसक्नु;

(च) तथ्याङ्कको सुरक्षित भण्डारणको व्यवस्था हुन नसक्नु;

(छ) साइबर सुरक्षाका लागि संस्थागत र प्राविधिक जनशक्तिको अभाव हुनु।

**(४) अवसर**

(क) सूचनाको हक मौलिक हकको रूपमा संवैधानिक व्यवस्था हुनु;

(ख) साइबर सुरक्षा कानूनहरू निर्माण हुँदै र परिमार्जन हुँदै जानु;

(ग) दूर सञ्चार सेवा प्रदायकहरूको सेवा ग्रामीण क्षेत्रमा पनि पहुँच हुँदै जानु;

(घ) सूचना प्रविधिको लागि आवश्यक विद्युत् आपूर्ति सुविधा उपलब्ध हुनु;

(ङ) सूचना तथा सञ्चार प्रविधि विस्तारका लागि निजी क्षेत्रका सेवा प्रदायकहरू उपलब्ध हुनु;

(च) इन्टरनेट सेवा प्रदायकहरूले ग्रामीण क्षेत्रमा पनि सेवा विस्तार गर्दै जानु;

(छ) सूचना प्रविधिको विकास प्रदेश तथा संघीय सरकारको प्राथमिकतामा पर्नु;

(ज) संघीय तथा प्रदेश सरकार विद्युतीय शासन पद्धति उन्मुख हुँदै जानु;

(झ) बहुसङ्ख्यक जनताको हातमा मोबाइल सेवा पुग्नु ।

### (५) चुनौती

(क) पहाडी भूभागमा सूचना तथा सञ्चार प्रविधि सेवा गुणस्तरीय र भरपर्दो बनाउनु;

(ख) सूचना प्रविधिको दुरूपयोग नियन्त्रण गर्नु;

(ग) सुरक्षित तथ्याङ्क भण्डारण गर्नु;

(घ) विद्युतीय शासन प्रणाली दिगो रूपमा अवलम्बन गर्नु;

(ङ) विद्युतीय सेवा प्रवाहमा सबै नागरिकको पहुँच स्थापित गर्नु ।

## ६.४.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

### दीर्घकालीन सोच

"सूचना प्रविधि तथा सञ्चार, सुशासनयुक्त भीरकोट नगरपालिकाको आधार"

### लक्ष्य

सूचना तथा सञ्चार प्रविधिको विकास गर्दै आम नागरिकको पहुँच तथा उच्चतम उपयोग सुनिश्चित गरी प्रविधियुक्त समाजको निर्माण गर्ने ।

### उद्देश्य

१ सूचना तथा सञ्चार प्रविधिलाई सर्वसुलभ, भरपर्दो र पहुँचयोग्य बनाउनु;

२ सूचना तथा सञ्चार प्रविधिको प्रयोग शिक्षा, स्वास्थ्य, कृषि, उद्योग व्यवसायमा समेत विस्तार गर्दै नगरपालिकालाई विद्युतीय शासनमा परिणत गर्दै जानु ।

## ६.४.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: सूचना तथा सञ्चार प्रविधिलाई सर्वसुलभ, भरपर्दो र पहुँचयोग्य बनाउनु** | |
| १.१ सञ्चार प्रविधिको सेवा प्रदायकहरूसँग समन्वय गरी सञ्चार प्रविधिको पहुँच गुणस्तरीय र सर्वसुलभ बनाउने | १.१.१ सञ्चार प्रविधिका सेवा प्रदायक नेपाल टेलिकम र एनसेलसँग समन्वय गरी नगरपालिकाको सबै भूभागमा सञ्चारको गुणस्तरीय पहुँच विस्तार गरिनेछ । |
| १.२ गुणस्तरीय इन्टरनेट सेवाको पहुँच विस्तार गर्ने | १.२.१ इन्टरनेट सेवा प्रदायकहरूलाई गुणस्तरीय सेवा विस्तारको लागि नियमन तथा समन्वय गरिनेछ । |
| **उद्देश्य २: सूचना तथा सञ्चार प्रविधिको प्रयोग शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, व्यवसायमा समेत विस्तार गर्दै नगरपालिकालाई विद्युतीय शासनमा परिणत गर्दै जानु** | |

| रणनीति | कार्यनीति |
|---|---|
| २.१ नगरपालिकाका भित्रका सबै विद्यालयमा इन्टरनेटको पहुँच गुणस्तरीय र दिगो बनाउने | २.१.१ नगरपालिका भित्र रहेका सबै सामुदायिक विद्यालयमा गुणस्तरीय र दिगो इन्टरनेटको पहुँच स्थापित गरी शिक्षण प्रक्रिया तथा व्यवस्थापनमा विद्युतीय सूचना प्रणालीको प्रयोग विस्तार गरिनेछ; |
| २.२ नगरपालिकाबाट प्रवाह हुने सबै सेवामा सूचना प्रविधिको प्रयोग बढाउने | २.२.१ नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा सबै सरकारी कार्यालयहरूबाट प्रवाह हुने सेवाहरूलाई सूचना प्रविधि प्रणालीमा आधारित बनाउँदै लगिनेछ;<br>२.२.२ सबै स्वास्थ्य संस्थाहरूमा इन्टरनेट सेवा पुऱ्याई कार्यालय व्यवस्थापन तथा अभिलेख प्रणालीलाई सुदृढ गरिनेछ; |
| २.३ कृषि, उद्योग, व्यवसाय क्षेत्रमा सूचना प्रविधिको प्रयोग अभिवृद्धि गरी लाभ लिन सक्ने बनाउने | २.३.१ कृषि, उद्योग, व्यवसायमा सूचना प्रविधिको प्रयोग सम्बन्धी सचेतना तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ। |

## ६.४.५ विस्तृत कार्यक्रम

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष | योजनाको कुल लक्ष्य | लगत (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| **क. सूचना तथा सञ्चार प्रविधि विकास कार्यक्रम** | | | | | | | | | | | | | | | |
| १ | १.१ | १.१.१ | १ | इन्टरनेट सेवा प्रदायक संस्थाहरूसँग पालिकाको सबै बस्तीमा मोबाइल नेटवर्क पहुँच विस्तार | सङ्ख्या | पालिका | ० | २ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | १.२ | १.२.१ | १ | इन्टरनेट सेवा प्रदायकहरूसँगको समन्वयमा सबै बस्तीमा इन्टरनेट सेवाको पहुँच विस्तार | पटक | सबै वडा | ० | २ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| २ | २.१ | २.१.१ | १ | सबै सामुदायिक विद्यालयका शिक्षकहरूलाई सिकाइमा सूचना प्रविधिको प्रयोग सम्बन्धी क्षमता अभिवृद्धि तालिम | पटक | पालिका | १ | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | **१५००** | **पालिका** |
| | २.२ | २.२.१ | १ | नगरपालिकाबाट प्रवाह हुने विभिन्न सेवाका सफ्टवेयर खरिद तथा सञ्चालन | पटक | पालिका | १ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **पालिका** |
| | | | २ | सफ्टवेयर सञ्चालन सम्बन्धी तालिम | पटक | पालिका | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | | | ३ | Digital Profile update | पटक | | १ | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | **१५००** | **पालिका** |
| | | | ४ | नगर कार्यपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरूमा Power Back-up | वडा | पालिका | २ | ७ | १००० | ० | ० | १००० | ० | **२०००** | **पालिका** |
| | | | ५ | विभिन्न सफ्टवेयरहरू नवीकरण | पटक | पालिका | १ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **पालिका** |
| | | | ६ | कार्यालयमा AI प्रयोग सम्बन्धी कर्मचारीहरूको क्षमता विकास तालिम | पटक | पालिका | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | | २.२.२ | १ | स्वास्थ्य संस्थाहरूमा DHIS र EHMIS प्रणाली सञ्चालन (क्षमता विकास तालिम) | प्याकेज | पालिका | १ | ३ | १०० | ० | १०० | ० | १०० | **३००** | **पालिका** |
| | २.३ | २.३.१ | १ | कृषि तथा उद्योग व्यवसायमा सूचना प्रविधिको प्रयोग सम्बन्धी कृषक तथा व्यवसायीहरूलाई क्षमता विकास कार्यक्रम | पटक | पालिका | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | **जम्मा** | | | | | | | | **३२००** | **२१००** | **२२००** | **३१००** | **२२००** | **१२८००** | |
| | **पालिकाको हिस्सा** | | | | | | | | **३२००** | **२१००** | **२२००** | **३१००** | **२२००** | **१२८००** | |

## ६.४.६ नतिजा

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| प्रभाव | सूचना तथा सञ्चार प्रविधिको विकास भई आम नागरिकको पहुँच र उच्चतम उपयोग सुनिश्चित भई प्रविधियुक्त समाजको निर्माण भएको हुने | सूचना प्रविधिको प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ९० | ९५ | ९७ | ९९ | १०० | १०० | १०० | अध्ययन प्रतिवेदन | सूचना प्रविधि शाखा | |
| | | सफ्टवेयर मार्फत प्रवाह भएका सेवा | सङ्ख्या | ९ | १० | १२ | १४ | १७ | २० | २० | | | |
| | | पालिकामा प्रयोग अनलाइन सेवा | सङ्ख्या | ८ | ९ | १० | १२ | १५ | १७ | १७ | ,, | ,, | |
| असर १ | सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार भई नगरपालिकाको सबै भूभागमा पहुँच पुगेको हुने | सञ्चारको पहुँच नपुगेको क्षेत्र | प्रतिशत | | | | | | | | ,, | ,, | |
| | | मोबाइल फोन प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ९० | ९५ | ९७ | ९९ | १०० | १०० | १०० | ,, | ,, | |
| प्रतिफल १.१ | सञ्चार प्रविधिको पहुँच विस्तार भै नगरपालिकाको सबै भूभागमा गुणस्तरीय पहुँच पुगेको हुने | सञ्चार प्रविधिको पहुँच नपुगेको बस्ती | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.२ | इन्टरनेट सेवाको पहुँच विस्तार भई सबै बस्तीमा इन्टरनेट सेवाको पहुँच विस्तार भएको हुने | इन्टरनेट सेवा नपुगेको बस्ती | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| असर २ | शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, व्यवसाय क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट लाभ लिएको हुने र नगरपालिका विद्युतीय शासन प्रणाली उन्मुख भएको हुने | ICT प्रयोग गर्ने कृषक, उद्योग व्यवसायी | प्रतिशत | | | | | | | | ,, | ,, | |
| | | पालिकामा प्रयोग अनलाइन सेवा | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | सफ्टवेयर मार्फत प्रवाह भएका सेवा | | | | | | | | | ,, | ,, | |
| | | सिकाइमा ICT प्रयग गर्ने विद्यालय | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.१ | नगरपालिका भित्रका सबै विद्यालयहरूमा इन्टरनेटको पहुँच पुगी शिक्षण सिकाइ प्रक्रियामा सूचना प्रविधिको प्रयोग भएको हुने | इन्टरनेट जडान नभएको विद्यालय | सङ्ख्या | | | | | | | | वार्षिक प्रतिवेदन | ,, | |
| | | ICT को प्रयोग गर्न नजान्ने शिक्षक | प्रतिशत | | | | | | | | | | |
| प्रतिफल २.२ | सबै सामुदायिक विद्यालयमा IEMIS सफ्टवेयर दक्षतापूर्वक सञ्चालन भएको हुने | IEMIS सञ्चालन नगर्ने विद्यालय | प्रतिशत | | | | | | | ० | ʹ | ,, | |
| प्रतिफल २.३ | सबै सामुदायिक विद्यालयमा ICT Lab को व्यवस्था भई प्रयोग भएको हुने | ICT Lab सञ्चालन नभएका विद्यालय | प्रतिशत | | | | | | | ० | ,, | ,, | |
| प्रतिफल २.४ | नगरपालिकाबाट हुने सेवा प्रवाहमा सूचना प्रविधि प्रणालीको प्रयोग भई विद्युतीय शासन प्रणालीतर्फ परिणत हुँदै गएको हुने | सफ्टवेयर मार्फत प्रवाह भएका सेवा | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | पालिकामा प्रयोग अनलाइन सेवा | | | | | | | | | ,, | ,, | |
| | | Digital Profile | | | | | | | | Uptodate | | | |
| प्रतिफल २.५ | सबै स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा व्यवस्थापन सम्बन्धी सूचना प्रणाली लागु भै व्यवस्थित भएको हुने | DHIS र EHMIS प्रयोग नगर्ने स्वास्थ्य संस्था | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.६ | कृषक, उद्योगी, व्यवसायीहरूले सूचना प्रविधिको प्रयोग गरी लाभ लिएको हुने | सूचना प्रविधिको प्रयोग गरी लाभ लिएको कृषक, उद्योगी, व्यवसायी | सङ्ख्या | | | | | | | | ,, | ,, | |

# परिच्छेद ७: वन, वातावरण तथा विपद् व्यवस्थापन

## (क) पृष्ठभूमि

नेपालको संविधानमा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार मौलिक हक कै रूपमा स्थापित गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ञ) ले स्थानीय तहको काम, कर्तव्य र अधिकारको रूपमा वातावरण संरक्षण र जैविक विविधताको संरक्षणलाई समावेश गरेको छ । त्यस्तै सोही उपदफाको खण्ड (न) मा विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई स्थानीय तहको काम, कर्तव्य र अधिकारको रूपमा व्यवस्था गरेको छ । बढ्दो यातायात साधन, प्लाष्टिकजन्य फोहरको निष्कासन, भूक्षय, अनियन्त्रित वन फडानी, अव्यवस्थित विकास निर्माण जस्ता कारकहरूले वातावरण प्रदुषण तथा विपद् प्रकोप बढ्दै गइरहेको छ र यसले वायुमण्डलमा तापक्रम बढाउन योगदान गरिरहेको छ । यही अवस्था कायम रहे वा बढ्दै गएमा हाम्रा हिमालहरूमा हिउँ देख्न नपाउने परिस्थिति आउने निश्चित छ । त्यसैले वातावरण संरक्षण तथा विपद् व्यवस्थापन नगरपालिकाको प्रमुख जिम्मेवारीको रूपमा रहेकाले यी विषयहरूमा नगरपालिकाले गम्भीर रूपमा व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

## (ख) विद्यमान अवस्था, अवसर र सम्भावना

बजारहरूको अव्यवस्थित विस्तार भू उपयोगमा आएको परिवर्तन, विस्तारित सडक सञ्जाल बढ्दो यातायात साधन र डिजेल पेट्रोलको खपत, फोहरमैला उत्सर्जन, प्लाष्टिक फोहरको निष्कासन तथा अव्यवस्थित भौतिक निर्माण, प्राकृतिक स्रोतको अत्याधिक दोहन, शहरी क्षेत्रमा धुलो र धुवाँले वायु प्रदुषण, प्रविधिको विकाससँगै रेडियोधर्मी वस्तुको उत्पादन, भुक्षय लगायतका कारण र पानीजन्य प्रदुषण, वनमासा, निलोगन्धे, मरट्ठी, माइकेनिया जस्ता बाह्य मिचाहा झारको प्रकोपमा वृद्धि, अनियन्त्रित वन फडानी जस्ता वातावरणीय समस्याहरूले वातावरण संरक्षणकार्यलाई जटिल बनाउँदै गइरहेको छ । यसरी नै विपद् व्यवस्थापनतर्फ पूर्व मनसुन र मनसुनको समयमा हुने चट्याङ्, मनसुनी वर्षाले नियमित रूपमा सिर्जना गर्ने बाढी, पहिरो, डुबानका अतिरिक्त विकासका लागि भइरहेको डोजरको जथाभावी प्रयोगले भूक्षय भई खेतबारी, सिँचाइ कुलोका बाँध पुरिने तथा भौतिक पूर्वाधारमा क्षति पुग्नु; विपद् व्यवस्थापनमा दक्ष जनशक्तिको अभाव हुनु; विपद् व्यवस्थापनको आधुनिकीकरण, प्रविधि तथा उद्धार सामग्रीको अभाव हुनु; उद्धार राहत र पुनर्स्थापनाका लागि प्रभावकारी संयन्त्रको कमी हुनु जस्ता समस्याहरू छन् ।

वन, वातावरण तथा जलस्रोतको उपयोग र संरक्षण स्थानीय तहको कार्यक्षेत्र भित्र पर्नु; प्रकृतिमा आधारित पर्यापर्यटनको सम्भावना रहनु; विकास निर्माणका कार्य गर्दा वातावरणीय अध्ययनको व्यवस्था हुनु; वातावरण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको नेपाल पक्ष राष्ट्र हुनु; स्थानीय तह आफैले यस सम्बन्धी नीति, कानून तथा योजना निर्माण गरी कार्यान्वयन गर्ने अधिकार हुनु जस्ता अवसरहरूले वातावरण संरक्षणमा नतिजामूलक कार्य गर्न सकिने सम्भावना रहेको छ । नदी कटान नियन्त्रण गर्ने तीनै तहको सरकारको दायित्वभित्र पर्नु; तीनै तहको सरकारको प्राथमिकतामा विपद् व्यवस्थापन पर्नु; पूर्वाधार निर्माण गर्दा बायो ईन्जनिनियरिङ् अवलम्बन गर्नुपर्ने व्यवस्था हुनु; विपद् उत्थानशील योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउन सकिने अवसर रहनु जस्ता अवसरहरूले विपद् व्यवस्थापनलाई योजनाबद्ध ढङ्गले कार्यान्वयन गर्न सकिने सम्भावना रहेको छ ।

## (ग) दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य र रणनीति

### दीर्घकालीन सोच

"नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकारको संरक्षण एवं विपद् उत्थानशील समाजको विकास"

### लक्ष्य

वातावरणमैत्री विकास मार्फत सफा स्वच्छ र हरित वातावरण सहितको समृद्धि हासिल गर्ने र प्राकृतिक तथा गैरप्राकृतिक विपद् एवं

जोखिम न्यूनीकरण गर्दै विपद् उत्थानशील समाज र अर्थतन्त्रको निर्माण गर्ने।

**उद्देश्य**

- उत्पादन तथा पूर्वाधार निर्माणका कार्यहरू वातावरणमैत्री बनाउनु;
- दिगो विकास लक्ष्यले निर्धारण गरेका वातावरण संरक्षण सम्बन्धी लक्ष्य हासिल गर्नु;
- जैविक विविधता संरक्षण गरी पर्यावरणीय सन्तुलन कायम गर्नु;
- प्रदूषणमुक्त र स्वच्छ वातावरण कायम गर्न जल, वायु, माटो, ध्वनी लगायत सबै प्रकारका प्रदूषणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्नु;
- जोखिम न्यूनीकरणका लागि विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्वचेतावनी प्रणाली सुदृढ गर्नु;
- विपद् पश्चात्को पुनर्लाभ, पुनर्स्थापना, पुनर्निर्माण र नवनिर्माणका कार्यलाई सबल र उत्थानशील बनाउनु।

**रणनीति**

- वातावरणीय जोखिम सिर्जना गर्ने उद्योग तथा पूर्वाधार निर्माण गर्नुपूर्व वातावरणीय अध्ययन गर्ने;
- नेपाल पक्ष भएका वातावरण सम्बन्धी महासन्धिहरू कार्यान्वयन गर्ने;
- विभिन्न पारिस्थितिकीय प्रणालीको संरक्षण गर्ने;
- जमिन, जल, वायु, ध्वनी लगायतका प्रदुषण नियन्त्रण गर्ने;
- विपद् रोकथाम मार्फत क्षति न्यूनीकरण गर्ने;
- विपद्, पूर्व सावधानी तथा पूर्व तयारीको व्यवस्था गर्ने;
- विपद् पश्चात् आधारभूत आवश्यकता परिपूर्ति सहितको आपतकालीन सेवाहरू व्यवस्था सहितको प्रतिकार्य गर्ने;
- विपद्मा परेका व्यक्ति तथा समुदायको पुनर्लाभ तथा उत्थानशील विकास गर्ने।

## ७.१ वन तथा जैविक विविधता

### ७.१.१ पृष्ठभूमि

नेपाल सरकार वन अनुसन्धान तथा सर्वेक्षण विभागले सन् २०१८ मा प्रकाशित गरेको Forest Cover Maps of Local Levels (753) of Nepal, 2018 अनुसार भीरकोट नगरपालिकाको कुल क्षेत्रफल ७८.०९ वर्ग कि. मि. मध्ये ३०.०१ वर्ग कि. मि. (३८.४ प्रतिशत) भागमा वन क्षेत्र रहेको छ। यहाँ ४७ वटा सामुदायिक वन रहेका छन्। वन सम्बन्धी संघीय तथा प्रदेश कानून र स्थानीय सरकार सञ्चालन ऐनमा केही बाझिने प्रावधानले गर्दा स्थानीय तहले वन व्यवस्थापन गर्न असहजताको स्थिति रहेको छ। जैविक विविधता पारिस्थितिकीय सन्तुलनका लागि अपरिहार्य विषय हो। पारिस्थितिकीय प्रणालीका सदस्यहरू कुनै न कुनै रूपमा एक आपसमा निर्भर रहेका छन्। प्रणालीको कुनै सदस्य लोप हुन जाँदा सिङ्गो प्रणालीमा नै असर पर्दछ। तर मानवीय क्रियाकलापबाट जैविक विविधतामा असन्तुलन पैदा हुँदै गइरहेको छ। हिजो अस्तित्वमा रहेका कतिपय वनस्पति तथा जीवनजन्तुहरू आज लोप भैसकेको अवस्था छ। यो क्रम जारी रहेमा मानव जीवन नै सङ्कटमा पुग्ने सम्भावना छ। अतः जैविक विविधतालाई संरक्षण गरी यथावत कायम राख्न यसको व्यवस्थित एवं वैज्ञानिक उपयोग हुन जरुरी छ। वन तथा जैविक विविधता सदुपयोग र संरक्षणबाट नगरपालिकाको दिगो विकास र समृद्धि हासिल गर्न मद्दत पुग्नेछ।

### ७.१.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती

**(१) विद्यमान अवस्था**

नेपाल सरकार वन अनुसन्धान तथा सर्वेक्षण विभागले सन् २०१८ मा प्रकाशित गरेको Forest Cover Maps of Local Levels (753) of Nepal, 2018 अनुसार भीरकोट नगरपालिकाको कुल क्षेत्रफल ७८.०९ वर्ग कि. मि. मध्ये ३०.०१ वर्ग कि. मि. (३८.४ प्रतिशत) भागमा वन क्षेत्र रहेको छ। यहाँ विभिन्न प्रजातिका वनस्पति तथा जडीबुटीहरू, चराचुरुङ्गीहरू एवं वन्यजन्तुहरू पाइन्छ। यहाँ ४७ वटा सामुदायिक वन जैविक विविधता संरक्षणका केन्द्रका रूपमा रहेका छन्। यहाँ मुख्य गरेर साल, सिसौ, सल्लो, चिलाउने, कटुश, खयर, बकाइनो, जामुन, बुढधयेंरो, सिमल जस्ता काष्ठजन्य वनस्पतिहरू पाइन्छन्। सालधूप, बेल, तेजपत्ता, सिउँडी, सजीवन, अभिजाले, मेहेल, बकाइनो, रिठो, शिकारी लहरा, ऐंसेलु, अमला, डुम्री, धयेंरो, भोर्ला, पानी अमला, खनिउं, मौवा, भकिम्लो, घोडटाप्रे, बादलपाते, उन्यु जस्ता महत्वपूर्ण जडीबुटी तथा गैर काष्ठ वन पैदावारहरू पाइन्छन्। यस्तै गरी यहाँ पाइने मुख्य वन्यजन्तुहरूमा चितुवा, बाँदर, फ्याउरो, मृग, दुम्सी, वनबिरालो, मलसाप्रो, स्याल, गोहोरो, बँदेल रहेका छन् भने चराचुरङ्गीहरूमा कालिज, वन कुखुरा, मलेवा, लामपुच्छ्रे, धोबिनी, भंगेरा, डांग्रे, काग, कोइली, चिल, ढुकुर, बट्टाइ, तित्रा, फिष्टेचरा, न्याउली, जुरेली, काफलपाक्यो, बिउकुह्यो, गौंथली, लाटोकोसेरो, चमेरो, लाहाचे आदि रहेका छन्। त्यसैले यो नगरपालिका जैविक विविधतामा पनि धनी छ।

**(२) सबल पक्ष**

(क) ४७ वटा सामुदायिक वनहरू जैविक विविधता संरक्षण केन्द्रका रूपमा रहेको;
(ख) सामुदायिक वन व्यवस्थापनका कारण वन संरक्षण र विस्तार भएको;
(ग) झण्डै ३८.४ प्रतिशत भूभाग वन जङ्गलले ढाकिएको,
(घ) जैविक विविधतामा धनी नगरपालिका।

**(३) दुर्बल पक्ष**

(क) वन पैदावारको व्यवस्थित उपयोग नभएको;
(ख) अनियन्त्रित वन फडानी हुने गरेको;
(ग) प्रत्येक वर्ष अनियन्त्रित डढेलो प्रकोप हुने गरेको;
(घ) सामुदायिक वन व्यवस्थापन नगरपालिकाको दायरामा ल्याउन नसक्नु;
(ङ) संस्थागत समन्वयको अभाव हुनु।

**(४) अवसर**

(क) इकोटुरिज्म, कार्बन व्यापार र जैविक कृषि प्रवर्द्धन गर्न सकिने;
(ख) वातावरणमैत्री पूर्वाधार विकास प्रविधिको विकास;
(ग) एग्रोटुरिज्मको विकास गर्न सकिने;
(घ) दिगो विकास लक्ष्यमा वन तथा जैविक विविधताको संरक्षण पर्नु;
(ङ) झण्डै ३८.४ प्रतिशत भूभाग वनले ढाकिनु;
(च) वन व्यवस्थापन समुदायमा हस्तान्तरण हुनु।

**(५) चुनौती**

(क) वन्यजन्तु-मानव अन्तरद्वन्द्व समाधान गर्नु;

(ख) डढेलो र अनियन्त्रित वन फडानी नियन्त्रण गर्नु;

(ग) जैविक विविधताको संरक्षण गर्नु;

(घ) Ecosystem (पारिस्थितिकीय प्रणाली) लाई सन्तुलनमा राख्नु;

(ङ) वन्यजन्तु तथा वनजन्य वस्तुको चोरी सिकारी नियन्त्रण गर्नु;

(च) मौजुदा प्राकृतिक स्रोत साधनको वातावरणमैत्री उपयोग गर्नु;

(छ) वातावरणमैत्री विकास निर्माण कार्य गर्नु।

### ७.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"वन तथा जैविक विविधताको दिगो व्यवस्थापन, भीरकोट नगरपालिकाको समृद्धिमा योगदान"

**लक्ष्य**

जैविक विविधताको संरक्षण र वातावरणीय सन्तुलन कायम राख्दै वन तथा वनजन्य स्रोतहरूको उत्पादकत्व वृद्धि गर्ने।

**उद्देश्य**

१ वन तथा पारिस्थितिकीय प्रणालीको संरक्षण र वैज्ञानिक व्यवस्थापन गर्नु;

२ वन लगायत प्राकृतिक स्रोत साधनलाई आय आर्जनको आधारको रूपमा विकास गर्नु।

### ७.१.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: वन तथा पारिस्थितिकीय प्रणालीको संरक्षण र वैज्ञानिक व्यवस्थापन गर्नु** | |
| १.१ वनलाई संरक्षणमुखी व्यवस्थापनबाट उत्पादनमुखी व्यवस्थापनमा रूपान्तरण गर्ने | १.१.१ समुदायमा आधारित वन व्यवस्थापन प्रणाली मार्फत वन तथा पारिस्थितिकीय प्रणालीको संरक्षण गरिनेछ;<br>१.१.२ प्रदेश डिभिजन वन कार्यालयसँग प्राविधिक सहयोग माग गरी मृत, क्षतिग्रस्त र रोगग्रस्त रूख तथा रूखका हाँगाहरू जङ्गलबाट हटाउन समुदायलाई सहयोग गरिनेछ;<br>१.१.३ वन जङ्गलमा फलफुलजन्य बिरूवाहरू लगाउने अभियान सञ्चालन गरिनेछ;<br>१.१.४ वन पोखरी तथा रिचार्ज पोखरीको निर्माण गरिनेछ;<br>१.१.५ सामुदायिक वन उपभोक्ता समितिहरूको व्यवस्थापन क्षमता अभिवृद्धि गरी वनको उत्पादकत्व वृद्धि गरिनेछ। |
| १.२ वन पैदावारमा आधारित उद्यमशीलता र रोजगारी वृद्धि गर्ने | १.२.१ सामुदायिक वनबाट उत्पादित काठजन्य वस्तुको उत्पादन, प्रशोधन र उपयोगमा विविधीकरण र प्रविधि विकास गरी नयाँ रोजगारी सिर्जना गरिनेछ;<br>१.२.२ गैरकाष्ठ वन पैदावारको खेती विस्तार तथा बजारीकरण गरिनेछ। |
| **उद्देश्य २: वन लगायत प्राकृतिक स्रोत साधनलाई आय आर्जनको आधारको रूपमा विकास गर्नु** | |
| २.१ वन लगायतका प्राकृतिक स्रोतको उपयोगलाई आय र रोजगारीसँग आबद्ध गर्ने | २.१.१ वन क्षेत्रमा जडीबुटी खेतीलाई प्रोत्साहत गरिनेछ;<br>२.१.२ जडीबुटीहरूको पहिचान गरी सङ्कलन र प्रशोधन गर्न प्रोत्साहन गरिनेछ;<br>२.१.३ पर्यापर्यटनको सम्भाव्यता अध्ययन गरी आवश्यक पूर्वाधारहरूको निर्माण गरिनेछ। |

## ७.१.५ विस्तृत कार्यक्रम

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष २०८२/८३ | योजनाको कुल लक्ष्य | लागत (रु हजारमा) २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **क. वन तथा जैविक विविधता संरक्षण कार्यक्रम** | | | | | | | | | | | | | | | |
| १ | १.१ | १.१.१ | १ | सामुदायिक वन कार्ययोजना कार्यान्वयन अनुगमन | पटक | सबै वडा | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका/ प्रदेश** |
| | | | २ | बाँझो तथा खाली क्षेत्रमा वृक्षारोपण (निःशुल्क बिरूवा वितरण) | पटक | सबै वडा | ० | ५ | २०० | २०० | २०० | २०० | २०० | **१०००** | **पालिका/ प्रदेश** |
| | | | ३ | वनजन्य पैदावार तथा वन्यजन्तुको चोरी निकासी नियन्त्रण कार्यक्रम | पटक | पालिका | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका/ प्रदेश** |
| | | | ४ | वनमा अग्निरेखा निर्माण | पटक | पालिका | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | | | ५ | बाँदर नियन्त्रण कार्यक्रम | पटक | पालिका | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | | | ६ | डढेलो नियन्त्रण तथा वन संरक्षण चेतनामूलक कार्यक्रम | पटक | पालिका | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | **२५०** | **पालिका** |
| | | १.१.२ | १ | डिभिजन वन कार्यालयसँग प्राविधिक सहयोग माग गरी जङ्गलका मृत क्षतिग्रस्त र रोगग्रस्त रूख हटाउने | पटक | पालिका | १ | ३ | १०० | ० | १०० | ० | १०० | **३००** | **पालिका** |
| | | १.१.३ | १ | सामुदायिक वन लगायत अन्य वन क्षेत्रमा फलफुल बिरूवा लगाउन निःशुल्क बिरूवा वितरण | पटक | पालिका | ० | ५ | २०० | २०० | २०० | २०० | २०० | **१०००** | **पालिका** |
| | | १.१.४ | १ | पोखरी तथा रिचार्ज पोखरी निर्माण | पटक | पालिका | १ | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **प्रदेश** |
| | | १.१.५ | १ | सामुदायिक वन उपभोक्ता समितिलाई तालिम | पटक | पालिका | ० | ३ | ० | १०० | ० | १०० | १०० | **३००** | **पालिका/ प्रदेश** |
| | १.२ | १.२.१ | १ | बहुमूल्य वन पैदावारको पहिचान र व्यावसायिक उत्पादनमा सहयोग | पटक | पालिका | ० | ३ | २०० | २०० | ० | ० | २०० | **६००** | **पालिका** |
| | | १.२.२ | १ | जडीबुटी नर्सरी स्थापना सहयोग | सङ्ख्या | पालिका | ० | १ | २०० | ० | ० | २०० | ० | **४००** | **पालिका** |
| २ | २.१ | २.१.१ | १ | सामुदायिक वनमा रैथाने जडीबुटी पहिचान संरक्षण र उत्पादन सहयोग कार्यक्रम | पटक | पालिका | ० | ५ | १५० | १५० | १५० | १५० | १५० | **७५०** | **पालिका** |
| | | २.१.२ | १ | जडीबुटी सङ्कलन प्रशोधन र बजारीकरण सहयोग | पटक | पालिका | ० | २ | ० | २०० | ० | २०० | ० | **४००** | **पालिका** |
| | | २.१.३ | १ | पर्यापर्यटनको सम्भाव्यता अध्ययन | पटक | पालिका | ० | १ | २०० | ० | ० | ० | ० | **२००** | **पालिका** |
| | | | २ | पर्यापर्यटन पूर्वाधार निर्माण | पटक | पालिका | १ | २ | २००० | २००० | २००० | २००० | २००० | **१००००** | **पालिका** |
| | **जम्मा** | | | | | | | | **४२००** | **४०००** | **३६००** | **४०००** | **३९००** | **१९७००** | |
| | **पालिकाको हिस्सा** | | | | | | | | **३५००** | **३२५०** | **२९००** | **३२५०** | **३१५०** | **१६०५०** | |
| | **प्रदेशको हिस्सा** | | | | | | | | **७००** | **७५०** | **७००** | **७५०** | **७५०** | **३६५०** | |

## ७.१.६ नतिजा

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| प्रभाव | जैविक विविधताको संरक्षण र वातावरणीय सन्तुलन कायम भई वनजन्य स्रोतहरूको उत्पादकत्वमा वृद्धि भएको हुने | वन क्षेत्रबाट उपभोक्ताको आयमा वृद्धि | प्रतिशत | | | | | | | | सर्वेक्षण प्रतिवेदन | योजना शाखा | |
| | | कुल भूभागको अनुपातमा वनक्षेत्र | प्रतिशत | ५०.७९ | | | | | | ५३ | ,, | ,, | |
| असर १ | वनक्षेत्रको संरक्षणमुखी व्यवस्थापनबाट उत्पादनमुखी व्यवस्थापनमा रूपान्तरण भएकोहुने | समुदायमा आधारित वन क्षेत्र | प्रतिशत | | | | | | | | ,, | ,, | |
| | | बृक्षारोपण भएको बाँझो जग्गा | हेक्टर | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.१ | सामुदायिक वनमा आधारित वन व्यवस्थापन प्रणाली वन तथा परिस्थितिक प्रणालीको संरक्षण भएको हुने | सामुदायिक वन उपभोक्ता समिति | सङ्ख्या | ४० | | | | | | | ,, | ,, | |
| | | समुदायिक वन क्षेत्र | हेक्टर | | | | | | | | ,, | ,, | |
| | | चोरी निकासी नियन्त्रण | प्रतिशत | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.२ | मृत, क्षतिग्रस्त र रोगग्रस्त रूख तथा हाँगाहरू जङ्गलबाट हटाउन प्राविधिक सहयोग प्राप्त भएको हुने | मृत, क्षतिग्रस्त र रोगग्रस्त रूख तथा रूखका हाँगाहरू हटाइएको | पटक | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.३ | वन जङ्गलमा फलफुल बिरूवा रोपण भई उपभोक्ताको आय आर्जनमा टेवा पुगेको हुने | फलफुल रोपण बिरूवा | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.४ | वन पोखरी तथा रिचार्ज पोखरी निर्माण भएको हुने | निर्माण भएको वनपोखरी तथा रिचार्ज पोखरी | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.५ | सामुदायिक वन उपभोक्ता समितिको वन व्यवस्थापन सम्बन्धी क्षमता विकास भई वनको उत्पादकत्व बढेको हुने | तालिममा सहभागी उपभोक्ता समिति | सङ्ख्या | | | | | | | ४० | ,, | ,, | |
| प्रतिफल १.६ | काठजन्य वस्तुको उत्पादन, प्रशोधन र उपयोगमा विविधीकरण भई रोजगारी सिर्जना भएको हुने | वनमा आधारित उद्यम स्थापना | सङ्ख्या | | | १ | | | | १ | ,, | ,, | |
| प्रतिफल १.७ | बहुमूल्य गैरकाष्ठ वन पैदावारको खेती विस्तार र बजारीकरण भएको हुने | जडीबुटी नर्सरी स्थापना | सङ्ख्या | | १ | ० | ० | १ | ० | २ | ,, | ,, | |
| | | बहुमूल्य वन पैदावारबाट भएको आम्दानी | रु हजारमा | | | | | | | | ,, | ,, | |
| असर २ | वन लगायतका प्राकृतिक स्रोत साधनको आय आर्जनको आधारको रूपमा विकास भएको हुने | वन पैदावरबाट भएको आय | रु हजारमा | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.१ | रैथाने जडीबुटीको उत्पादन, प्रशोधन र बजारीकरण भएको हुने | पहिचान र संरक्षण भएको रैथाने जडीबुटीको प्रकार | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.२ | पर्यापर्यटनको सम्भाव्यता अध्ययन भई पूर्वाधारको निर्माण भएको हुने | पूर्वाधार निर्माण भएका पर्यापर्यटन क्षेत्र | सङ्ख्या | | | | | | | | ,, | ,, | |

## ७.२ वातावरण संरक्षण र फोहरमैला व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

वातावरण निर्जीव वस्तु र सजीव प्राणीको एकीकृत घर हो। वातावरण संरक्षण आजको विश्वको प्रमुख आवश्यकता हो। अव्यवस्थित विकास गतिविधि बस्ती विकास तथा प्लाष्टिकजन्य वस्तुहरूको उच्च प्रयोग वातावरणलाई अहित हुने क्रियाकलापहरू हुन्। जथाभावी उत्पादन, अव्यवस्थित भौतिक निर्माण कार्यहरू, अव्यवस्थित बसोबास तथा शहरीकरण, अव्यवस्थित फोहरमैला व्यवस्थापन, औषधिजन्य फोहर उत्पादन, जथाभावी रासायनिक पदार्थ तथा विषादीको प्रयोग, जङ्गल मास्ने वनस्पतिहरूको प्रकोप, अनियन्त्रित मानवीय क्रियाकलाप जस्ता कुराहरूले वातावरणीय क्षयीकरण भइरहेका छन्। वातावरणको दिगो व्यवस्थापन गरी भावी पुस्तालाई स्वच्छ र सफा पृथ्वी हस्तान्तरण गर्नु पर्ने जिम्मेवारी चुनौतीपूर्ण बन्दै गइरहेको छ। यस परिस्थितिमा संविधान र कानूनले नै वातावरण संरक्षण र सन्तुलन कायम गर्ने महत्वपूर्ण जिम्मेवारी स्थानीय तहलाई सुम्पेको छ।

### ७.२.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती

**(१) विद्यमान अवस्था**

भीरकोट नगरपालिकामा केही बजार केन्द्रमा बाहेक शहरीकरणको असर परिसकेको छैन। बजार क्षेत्र बाहेक अन्य क्षेत्रमा घरायसी फोहर व्यवस्थापनको खासै समस्या देखिँदैन। कुहिने फोहरहरू धेरैजसो घरपरिवारले आफ्नै मलखादमा व्यवस्थापन गर्छन्। तर प्लाष्टिकजन्य तथा नकुहिने फोहर भने अज्ञानताका कारणले जथाभावी फाल्ने तथा जलाउने गरेको पाइन्छ, जुन वातावरणका लागि घातक व्यवस्थापन हो। खाना पकाउनका लागि झण्डै ६२.२ प्रतिशत घरधुरीले इन्धनको रूपमा दाउरा प्रयोग गरिरहेका छन्। व्यवस्थित ढङ्गले दाउरा सङ्कलनको व्यवस्था गरिएन भने यसको चाप सिधै वनमा पर्न गई वन विनास हुन सक्ने जोखिम बढ्न जान्छ। त्यसैले वातावरण संरक्षण र फोहरमैला व्यवस्थापनको उचित व्यवस्था गर्नुपर्ने अवस्था छ।

**(२) सबल पक्ष**

(क) प्राकृतिक स्रोतहरूको प्रचुरता हुनु;
(ख) अधिकांश घरपरिवारमा आधारभूत खानेपानी सुविधा पुग्नु;
(ग) सर्वसुलभ तरिकाले इन्धन उपलब्ध हुनु;
(घ) कुहिने फोहर आफ्नै घरको मलखादमा व्यवस्थापन गर्न सकिने;
(ङ) फोहरमैला व्यवस्थापन र वातावरण संरक्षण सम्बन्धी सचेतना बढ्दै जानु।

**(३) दुर्बल पक्ष**

(क) डढेलो नियन्त्रणको प्रभावकारी व्यवस्था नहुनु;
(ख) फोहरमैला व्यवस्थापनको उचित पूर्वाधारको अभाव हुनु;
(ग) बाँदर लगायत खेतीबालीमा क्षति पुऱ्याउने वन्यजन्तुहरूको नियन्त्रण गर्न नसक्नु;
(घ) फोहरको वैज्ञानिक व्यवस्थापन अवलम्बन गर्न नसकिनु;
(ङ) वनपोखरी तथा रिचार्ज पोखरी नहुनु;
(च) सार्वजनिक स्थलहरूबाट ढुङ्गा गिटी बालुवा माटोको अनियन्त्रित उत्खनन् र सङ्कलन हुनु;
(छ) वर्षेनी बाढी पहिरो भूक्षयको प्रकोप सामना गर्न पर्नु।

**(४) अवसर**

(क) वातावरण संरक्षण स्थानीय तहको अधिकार सूचीमा रहनु;

(ख) प्रकृतिमा आधारित पर्यापर्यटनको सम्भावना हुनु;
(ग) वातावरण संरक्षणको जिम्मेवारी तीनै तहको सरकारमा हुनु;
(घ) वातावरण संरक्षण सम्बन्धी स्थानीय कानून बनाउने अधिकार स्थानीय तहमा हुनु;
(ङ) विकास निर्माणमा वातावरण मूल्याङ्कनको व्यवस्था हुनु।

**(५) चुनौती**

(क) मानव-वन्यजन्तु द्वन्द्व समाधान गर्नु;
(ख) विकासका गतिविधिबाट हुने वातावरणीय प्रभाव कम गर्नु;
(ग) प्लाष्टिक प्रयोगलाई निरुत्साहित गर्नु;
(घ) बजार क्षेत्रमा फोहरमैला व्यवस्थापन गर्नु;
(ङ) नागरिकस्तरमा वातावरण संरक्षण सम्बन्धी दायित्वबोध गराउनु।

### ७.२.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकारः समृद्ध भीरकोटको आधार"

**लक्ष्य**

वातावरणमैत्री विकास मार्फत सफा, स्वच्छ र हरित वातावरण सहितको समृद्धि हासिल गर्ने।

**उद्देश्य**

१ वातावरण संरक्षण सहितको समृद्धि हासिल गर्नु;
२ फोहरमैलाको दिगो व्यवस्थापन गर्नु।

### ७.२.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: वातावरण संरक्षण सहितको समृद्धि हासिल गर्नु** | |
| १.१ उत्पादनमूलक उद्योग स्थापना तथा पूर्वाधार निर्माण गर्नु पूर्व वातावरणीय अध्ययन गर्ने व्यवस्था गर्ने | १.१.१ वातावरण संरक्षण सम्बन्धी कानून बनाई वातावरणीय अध्ययन गर्नुपर्ने र नपर्ने उद्योग तथा पूर्वाधार निर्माण कार्यको वर्गीकरण गरिनेछ;<br>१.१.२ वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयन अवस्थाको सुक्ष्म अनुगमन गरिनेछ। |
| १.२ वातावरणमैत्री प्रविधिको विकास तथा विस्तार गर्ने | १.२.१ वातावरणमैत्री उत्पादनहरूलाई विशेष सहयोग तथा प्रोत्साहन गरिनेछ;<br>१.२.२ योजना तर्जुमा तथा कार्यान्वयनमा अन्तर निकाय समन्वय गरिनेछ;<br>१.२.३ वातावरण शिक्षा तथा प्रचार प्रसार समुदाय तहसम्म गरिनेछ। |
| **उद्देश्य २: फोहरमैलाको दिगो व्यवस्थापन गर्नु** | |
| २.१ फोहरमैला व्यवस्थापनलाई आयआर्जनसँग जोड्ने | २.१.१ फोहरमैला व्यवस्थापन सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ;<br>२.१.२ घरेलु फोहरलाई 3Rs (Redue, Re-use and Recycle) सिद्धान्तको आधारमा व्यवस्थापन गर्न बस्तीस्तरसम्म अभियान सञ्चालन गरिनेछ। |
| २.२ जल, जमिन, ध्वनी तथा वायु प्रदूषण रोकथाम गर्ने | २.२.१ वातावरण प्रदूषण गर्ने वस्तुको उत्पादन कम गर्न पुनः प्रशोधन एवं पुनः प्रयोग गर्ने कार्यक्रम सञ्चालन गरिनेछ;<br>२.२.२ फोहरमैलाको दिगो व्यवस्थापनको लागि फोहरमैला व्यवस्थापन केन्द्र वा ल्याण्डफिल साइटको व्यवस्था गरिनेछ। |

## ७.२.५ विस्तृत कार्यक्रम

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष | योजनाको कुल लक्ष्य | लागत (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| **क. वातावरण संरक्षण कार्यक्रम** | | | | | | | | | | | | | | | |
| १ | १.१ | १.१.१ | १ | वातावरण संरक्षण सम्बन्धी ऐन र नियमावली तर्जुमा गर्ने | सङ्ख्या | पालिका | ० | २ | १०० | ५० | ० | ० | ० | **१५०** | **पालिका** |
| | | १.१.२ | १ | वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयन अनुगमन | पटक | पालिका | ० | ५ | १०० | १०० | ० | १०० | ० | **३००** | **पालिका** |
| | | | २ | वातावरण प्रदूषण गर्ने उद्योग तथा व्यवसायहरूको अनुगमन | पटक | पालिका | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | १.२ | १.२.१ | १ | वातावरणमैत्री उत्पादनलाई हरित प्रमाणपत्रको व्यवस्था | प्याकेज | पालिका | ० | १ | ० | ५० | ० | ५० | ० | **१००** | **पालिका** |
| | | | २ | वातावरणमैत्री प्रविधि प्रयोगमा प्रोत्साहन | पटक | सबै वडा | ० | ४ | ० | २०० | २०० | २०० | २०० | **८००** | **पालिका** |
| | | | ३ | साझेदारीमा सुधारिएको तथा विद्युत्तीय चुलो वितरण | पटक | सबै वडा | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **संघ/प्रदेश/ पालिका** |
| | | १.२.२ | १ | वातावरणमा प्रभाव गर्न सक्ने आयोजना सञ्चालन पूर्व सरोकारवाला निकायसँग छलफल | पटक | पालिका | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | | १.२.३ | १ | विद्यालय तथा टोल विकास संस्थाहरूमा वातावरण शिक्षा तथा प्रचारप्रसार कार्यक्रम | पटक | पालिका | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| **ख. फोहरमैला व्यवस्थापन कार्यक्रम** | | | | | | | | | | | | | | | |
| २ | २.१ | २.१.१ | १ | फोहरमैला व्यवस्थापन सम्बन्धी टोल विकास संस्थालाई सचेतना कार्यक्रम | पटक | सबै वडा | १ | ५ | १२५ | १२५ | १२५ | १२५ | १२५ | **६२५** | **पालिका** |
| | | | २ | प्लाष्टिकजन्य वस्तुको प्रयोग न्यूनीकरण सचेतना कार्यक्रम | पटक | पालिका | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | | २.१.२ | १ | घरेलु फोहर व्यवस्थापना 3Rs (Reduce, Reuse and Recycle) अभियान | पटक | सबै वडा | ० | ५ | २०० | २०० | २०० | २०० | २०० | **१०००** | **पालिका** |
| | | | २ | कवाडी व्यवस्थापन | पटक | पालिका | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष | योजनाको कुल लक्ष्य | लागत (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| | | | ३ | घरायसी फोहर तथा जैविक फोहरलाई मलमा रूपान्तरण तालिम | पटक | पालिका | ० | ५ | १२५ | १२५ | १२५ | १२५ | १२५ | **६२५** | **पालिका** |
| | | | ४ | उत्पादन स्थलमै फोहोर वर्गीकरण र व्यवस्थापन तालिम | पटक | पालिका | ० | ३ | १०० | ० | १०० | ० | १०० | **३००** | **पालिका** |
| | २.२ | २.२.२ | १ | फोहरमैला व्यवस्थापन केन्द्र वा ल्यण्डफिल साइटको व्यवस्था पूर्वाधार निर्माण र सञ्चालन | सङ्ख्या | पालिका | १ | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **पालिका** |
| | **जम्मा** | | | | | | | | **२२५०** | **२३५०** | **२२५०** | **२३००** | **२२५०** | **११४००** | |
| | **पालिकाको हिस्सा** | | | | | | | | **१८५०** | **१९५०** | **१८५०** | **१९००** | **१८५०** | **९४००** | |
| | **प्रदेश सरकारको हिस्सा** | | | | | | | | **२००** | **२००** | **२००** | **२००** | **२००** | **१०००** | |
| | **संघीय सरकारको हिस्सा** | | | | | | | | **२००** | **२००** | **२००** | **२००** | **२००** | **१०००** | |

## ७.२.६ नतिजा

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| प्रभाव | वातावरणमैत्री विकास मार्फत् सफा स्वच्छ र हरित वातावरण सहितको समृद्धि हासिल भएको हुने | वनले ढाकेको क्षेत्र | प्रतिशत | ५०.७९ | | | | | | ५३ | अध्ययन प्रतिवेदन | वान वातावरण शाखा | |
| | | फोहरमैला व्यवस्थापन केन्द्र | सङ्ख्या | ० | | | | | | १ | | | |
| असर १ | वातावरणमा क्षति नपुगी विकास निर्माण तथा आर्थिक क्रियाकलाप सञ्चालन भएको हुने | वातावरण सम्बन्धी कानून | सङ्ख्या | | १ | १ | **०** | **०** | **०** | **२** | | | |
| | | वातावरणीय प्रभाव मूल्याङ्कन भएको | सङ्ख्या | | | | | | | | वार्षिक प्रतिवेदन | ,, | |
| | | IEE, EIA कार्यान्वयन अनुगमन भएको | सङ्ख्या | | | | | | | | | ,, | |
| प्रतिफल १.१ | वातावरण संरक्षण कानून बनेको हुने | स्थानीय वातावरण संरक्षण ऐन नियम तर्जुमा | सङ्ख्या | | १ | १ | ० | ० | ० | २ | ,, | ,, | |
| प्रतिफल १.२ | वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयन र वातावरण प्रदुषण गर्ने उद्योगको अनुगमन भएको हुने | वातावरणीय प्रभाव मूल्याङ्कन भएको | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | IEE, EIA कार्यान्वयन अनुगमन भएको | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.३ | वातावरणमैत्री उत्पादनले हरित प्रमाणपत्र पाई विशेष प्रोत्साहन पाएको हुने | हरित प्रमाणपत्र प्राप्त गर्ने कृषक वा उद्यमी | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | सुधारिएको चुलो प्राप्त गर्ने घरपरिवार | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.४ | वातावरणमा प्रभाव पार्न सक्ने आयोजना सञ्चालन पूर्व सरोकारवालासँग छलफल भई | सञ्चालन पूर्व सरोकारवालाहरूको राय लिएको आयोजना | सङ्ख्या | | ० | १ | १ | १ | १ | ४ | ,, | ,, | |

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| | राय प्राप्त भएको हुने | | | | | | | | | | | | |
| प्रतिफल १.५ | विद्यालय/टोल विकास संस्थाहरूमा वातावरण शिक्षा/ प्रचार प्रसार कार्यक्रम सञ्चालन भएको हुने | वातावरण शिक्षा तथा प्रचार प्रसार कार्यक्रम भएको विद्यालय र टोल विकास संस्था | सङ्ख्या | | १ | १ | १ | १ | १ | ५ | ,, | ,, | |
| असर २ | फोहरमैलाको दिगो व्यवस्थापन भई स्वच्छ वातावरण कायम भएको हुने | फोहर व्यवस्थापनबाट प्राप्त आय | रु हजारमा | | | | | | | | ,, | ,, | |
| | | कवाडीबाट भएको आम्दानी | | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.१ | प्रत्येक टोल विकास संस्थाले फोहरमैला व्यवस्थापन सम्बन्धी जानकारी पाएको हुने | फोहरमैला व्यवस्थापन गर्ने टोल विकास संस्था | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | प्लाष्टिकजन्य वस्तुको प्रयोग कम भएको | प्रतिशत | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.२ | घरेलु फोहर व्यवस्थापनमा 3Rs अभियान सञ्चालन भई व्यवस्थित रूपमा व्यवस्थापन भएको हुने | 3Rs अभियान सञ्चालन भएको टोल विकास संस्था | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.३ | फोहरमैलाको वर्गीकरण भै पुनः प्रयोग भएको हुने | फोहरको पुनः प्रयोगको अवस्था | घट/बढ | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.४ | फोहरमैला व्यवस्थापन केन्द्र वा ल्याण्डफिल साइटको व्यवस्था भई व्यवस्थित रूपमा फोहर व्यवस्थापन भएको हुने | फोहरमैला व्यवस्थापन केन्द्र वा ल्याण्डफिल साइट | सङ्ख्या | ० | ० | ० | १ | ० | ० | १ | ,, | ,, | |

## ७.३ विपद् व्यवस्थापन र जोखिम न्यूनीकरण

### ७.३.१ पृष्ठभूमि

विभिन्न प्राकृतिक तथा मानव सिर्जित प्रकोपले धनजनको क्षति हुने जोखिम हुन्छ । अप्रत्यासित रूपमा आउने विपत्तिहरूको व्यवस्थापनको लागि पूर्व तयारी, विपद्का बखत तथा विपद्को घटना पछि उद्धार तथा पुनर्लाभको व्यवस्था गर्नुपर्ने हुन्छ । प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, पूर्व तयारी, उद्धार, राहत एवं पुनर्स्थापना जस्ता कार्यहरू गर्नुपर्ने हुन्छ । यसका अलावा जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्ने कार्य पनि आवश्यक हुन्छ । विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणका लागि नीतिगत, संरचनागत र संस्थागत विकास गरी प्रकोप प्रतिरोध तथा सहनशील क्षमताका माध्यमबाट प्रकोपको सामना गर्न र त्यसको असरबाट पुरानै अवस्थामा पुनर्स्थापित हुन सक्ने समाज र अर्थतन्त्र निर्माण गर्न आवश्यक हुन्छ ।

### ७.३.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती

**(१) विद्यमान अवस्था**

नेपालमा खासगरी पूर्व मनसुन र मनसुनको समयमा हुने चट्याङ्, बाढी, पहिरो जस्ता विपद्हरू बारम्बार सामना गर्नु परिरहेको हुन्छ । अव्यवस्थित भौतिक पूर्वाधारको निर्माणले भूक्षय भई खेतबारी नहर कुलो पानीको स्रोत जलाधार क्षेत्रमा क्षति पुऱ्याइरहेको छ । चेतनाको कमीले पनि कहिलेकाहीं विपद् आइपर्ने गरेको छ । वन जङ्गलमा डढेलो लगाउँदा डढेलो फैलिन गई कैयौं वन्यजन्तु तथा रूख बिरूवा नष्ट हुनुका साथै कहिलेकाहीँ बस्तीमा समेत क्षति पुगेको घटनाहरू पनि वर्षेनी हामीले सुनिरहेकै छौं । भीरकोट नगरपालिकामा पनि विपद्का यिनै घटनाहरू हुने गरेको छ । राष्ट्रिय जनगणना, २०७८ बमोजिम गणना हुनुभन्दा अघिको १२ महिनामा ४ जना विपद्को घटनाबाट मृत्यु भएको तथ्याङ्क छ ।

**(२) सबल पक्ष**

(क) झण्डै ४० प्रतिशत भूभाग जङ्गलले ढाकिनु;
(ख) जैविक विविधताको संरक्षण हुनु;
(ग) विपद् व्यवस्थापन तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी स्थानीय कानून निर्माण हुनु;
(घ) विपद् व्यवस्थापन सम्बन्धमा आम नागरिकमा जनचेतना विकास हुँदै जानु ।

**(३) दुर्बल पक्ष**

(क) वन फडानी नियन्त्रण हुन नसक्नु;
(ख) अव्यवस्थित र जोखिमयुक्त बस्ती हुनु;
(ग) नदी खोलानाला अनियन्त्रित दोहन हुनु;
(घ) जलवायु परिवर्तनको प्रभाव देखापर्नु;
(ङ) प्रकोप रोकथाम र नियन्त्रणको प्रभावकारी संयन्त्रको अभाव हुनु;
(च) विकास निर्माण गतिविधि सञ्चालन गर्दा जोखिम न्यूनीकरणको उपाय अवलम्बन नगर्नु ।

**(४) अवसर**

(क) विपद् व्यवस्थान सम्बन्धी तीनै तहको सरकारमा कानूनी व्यवस्था हुनु;
(ख) विपद् व्यवस्थापन सम्बन्धमा संघीय सरकार अन्तर्गत केन्द्र देखि जिल्ला तहसम्म संस्थागत संरचनाको व्यवस्था हुनु;
(ग) विपद् व्यवस्थापनमा नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरी लगायत सरकारी तथा गैरसरकारी संघसंस्थाहरू

परिचालन हुने व्यवस्था हुनु;

(घ) वातावरणमैत्री पूर्वाधार निर्माण सम्बन्धी प्रविधिहरूको विकास हुनु;

(ङ) वातावरणमैत्री पर्यटन, कार्बन व्यापार तथा जैविक कृषि प्रवर्द्धन जस्ता अवधारणाहरू विकास हुनु;

(च) दिगो विकास लक्ष्यमा विपद् उत्थानशील समाज निर्माण समावेश हुनु ।

**(५) चुनौती**

(क) विपद् पूर्वानुमान प्रणाली विकास गर्नु;

(ख) विपद् प्रतिकार्य तथा जोखिम न्यूनीकरण सम्बन्धी सचेतना समुदायस्तरसम्म पुऱ्याउनु;

(ग) एकीकृत विपद् व्यवस्थापन प्रणाली सहितको संयन्त्र निर्माण गर्नु;

(घ) विपद् व्यवस्थापनमा दक्ष जनशक्तिको व्यवस्था गर्नु;

(ङ) विपद् व्यवस्थापनमा आधुनिकीकरण, प्रविधि तथा उद्धार सामग्रीको व्यवस्था गर्नु;

(च) उद्धार, राहत र पुनर्स्थापनाको लागि प्रभावकारी संयन्त्रको व्यवस्था गर्नु

### ७.३.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"विपद् न्यूनीकरण र व्यवस्थापन गर्ने विपद् उत्थानशील समाजको विकास"

**लक्ष्य**

प्राकृतिक तथा गैरप्राकृतिक विपद् जोखिम न्यूनीकरण गर्दै विपद् उत्थानशील समाज र अर्थतन्त्र निर्माण गर्ने ।

**उद्देश्य**

१ जोखिम न्यूनीकरणका लागि विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्वानुमान प्रणाली सुदृढ गर्नु;

२ विपद् पश्चात्को पुनर्लाभ, पुनर्स्थापना, पुनर्निर्माण र नवनिर्माणका कार्यलाई सबल र उत्थानशील बनाउनु ।

### ७.३.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: जोखिम न्यूनीकरणका लागि विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्वानुमान प्रणाली सुदृढ गर्नु** | |
| १.१ विपद् रोकथाम मार्फत क्षति न्यूनीकरण गर्ने | १.१.१ विपद् पूर्वानुमान तथा पूर्वचेतावनी प्रणाली सम्बन्धमा सचेतना विस्तार गरिनेछ;<br>१.१.२ स्थानीय विपद् व्यवस्थापन समितिको गठन तथा परिचालन गरिनेछ;<br>१.१.३ क्षति न्यूनीकरणका लागि योजना तर्जुमा तथा कार्यान्वयन गरिनेछ;<br>१.१.४ नदी प्रकोप नियन्त्रण तथा भूव्यवस्थापन कार्य गरिनेछ । |
| १.२ प्रकोप तथा प्रकोपजन्य विपद्को प्रतिकूल असरलाई सीमित तुल्याउने अल्पकालीन तथा अनुकूलनका कार्यक्रम सञ्चालन गर्ने | १.२.१ विपद्बाट हुन सक्ने क्षति कम गर्ने जोखिम व्यवस्थापनलाई विकास निर्माणमा मूलप्रवाहीकरण गरिनेछ;<br>१.२.२ नदी किनारमा रहेका बस्तीहरूको अध्ययन गरी जोखिममा रहेकाहरूलाई स्थानान्तरण गरिनेछ । |
| १.३ अग्रिम सावधानी तथा पूर्वतयारी व्यवस्था गर्ने | १.३.१ विपद् जोखिम पूर्वतयारी र जोखिम न्यूनीकरणमा समुदायको क्षमता अभिवृद्धि गरिनेछ । |
| **उद्देश्य २: विपद् पश्चात्को पुनर्लाभ, पुनर्स्थापना, पुनर्निर्माण र नवनिर्माणका कार्यलाई सबल र उत्थानशील बनाउनु** | |
| २.१ विपद् पश्चात् आधारभूत आवश्यकता परिपूर्ति गर्नसक्ने अवस्था सुनिश्चित गर्न आपत्कालीन सेवाहरू व्यवस्था सहितको प्रतिकार्य गर्ने | २.१.१ स्थानीय आपत्कालीन सञ्चालन केन्द्र स्थापना र सञ्चालन गरिनेछ;<br>२.१.२ प्रभावित घर समुदायलाई जीवन रक्षाका लागि तत्कालीन आवश्यकताको पहिचान र प्रतिकार्यको लागि प्रारम्भिक तथ्याङ्कहरू सङ्कलन गरी राहत कार्य सञ्चालन गरिनेछ;<br>२.१.३ प्रारम्भिक विपद् लेखाजोखा गरी थप कार्य गरिनेछ । |
| २.२ विपद्मा परेका व्यक्ति तथा समुदायको पुनर्लाभ तथा उत्थानशीलता विकास गर्ने | २.२.१ विपद् पश्चात् क्षति तथा आवश्यकताको लेखाजोखा गरिनेछ;<br>२.२.२ समुदायको प्रकोपको सामना गर्न सक्ने र पुनःपूर्वअवस्थामा फर्कन सक्ने क्षमता विकास गरिनेछ । |

## ७.३.५ विस्तृत कार्यक्रम

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष २०८२/८३ | योजनाको कुल लक्ष्य | लागत (रु. हजारमा) २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **क. विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण कार्यक्रम** | | | | | | | | | | | | | | | |
| | | १.१.१ | १ | मौसम पूर्वानुमान महाशाखाबाट प्रवाह हुने पूर्व चेतावनी सम्बन्धी सचेतना प्रचार प्रसार कर्यक्रम | पटक | पालिका | ० | ५ | १०० | १०० | **१००** | **१००** | **१००** | **५००** | पालिका |
| | | १.१.२ | १ | स्थानीय विपद् व्यवस्थापन समिति परिचालन | पटक | पालिका | निरन्तर | निरन्तर | १०० | १०० | **१००** | **१००** | **१००** | **५००** | पालिका |
| | | १.१.३ | १ | विपद् जोखिम व्यवस्थापन, पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा | पटक | पालिका | १ | ५ | ५० | ५० | **५०** | **५०** | **५०** | **२५०** | पालिका |
| | | | १ | रोजीखोला भञ्ज्याङ संरक्षण | पटक | ३ नं. वडा | ० | आवश्यकता अनुसार | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | प्रदेश/पालिका |
| | | | २ | गुमार्दी स्यानीचौर संरक्षण | पटक | ३ नं वडा | ० | आवश्यकता अनुसार | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | प्रदेश/पालिका |
| | | | ३ | किसिम, मुल्का, श्यानधारा, पाश्रेढुंगा, वास्तारा खोला संरक्षण | पटक | ३ नं. वडा | ० | आवश्यकता अनुसार | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | प्रदेश/पालिका |
| | | | ४ | देउराली कोखे देउराली किसिम संरक्षण | पटक | ३ नं. वडा | ० | आवश्यकता अनुसार | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | प्रदेश/पालिका |
| | | | ५ | आँधीखोलाबाट जोखिम बस्ती संरक्षण | पटक | ४ नं. वडा | ० | आवश्यकता अनुसार | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | प्रदेश/पालिका |
| | | | ६ | सिरुखोला र बुढीआँधी नियन्त्रण | पटक | ४ नं. वडा | ० | आवश्यकता अनुसार | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | प्रदेश/पालिका |
| | | | ७ | समिडाँडादेखी कहिनेसम्म ढल तथा नहर निकास | पटक | ५ नं. वडा | ० | आवश्यकता अनुसार | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | प्रदेश/पालिका |
| | | | ८ | स्वेरेककोट दलित बस्ती संरक्षण | पटक | ५ नं. वडा | १ | आवश्यकता अनुसार | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **प्रदेश/पालिका** |
| | | १.१.४ | ९ | पकान स्वामीडाँडा देखी केदुवा सम्म | पटक | ५ नं. वडा | १ | आवश्यकता अनुसार | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **प्रदेश/पालिका** |
| | | | १० | ठाडोहटिया सिमलचौर एकुवार बस्ती संरक्षण | पटक | ६ नं. वडा | १ | आवश्यकता अनुसार | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **प्रदेश/पालिका** |
| १ | १.१ | | ११ | कोटाश्वारा दलित बस्ती संरक्षण | पटक | ७ नं. वडा | १ | आवश्यकता अनुसार | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **प्रदेश/पालिका** |

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष | योजनाको कुल लक्ष्य | लागत (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| | | | १२ | माझगाउँ बस्ती संरक्षण | पटक | ७ नं. वडा | १ | आवश्यकता अनुसार | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **प्रदेश/पालिका** |
| | | | १३ | मुल्का खाल्टेडाँडा | पटक | ६ नं. वडा | १ | आवश्यकता अनुसार | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **प्रदेश/पालिका** |
| | | | १४ | रिप पुरानो पँधेरा बस्ती संरक्षण | पटक | ८ नं. वडा | १ | आवश्यकता अनुसार | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **प्रदेश/पालिका** |
| | | | १५ | स्यानीभञ्ज्याङ चुच्चेढुङ्गा सडक खण्ड संरक्षण | पटक | ८ नं. वडा | १ | आवश्यकता अनुसार | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **प्रदेश/पालिका** |
| | | | १६ | स्वामीडाँडा पहिरो नियन्त्रण | पटक | ९ नं. वडा | १ | आवश्यकता अनुसार | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **प्रदेश/पालिका** |
| | | | १७ | लेडी गैहे पहिरो नियन्त्रण | पटक | ९ नं. वडा | १ | आवश्यकता अनुसार | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **प्रदेश/पालिका** |
| | | | १८ | धोवादी खोला नियन्त्रण | पटक | ९ नं. वडा | १ | आवश्यकता अनुसार | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **प्रदेश/पालिका** |
| | १.२ | १.२.१ | १ | विकास निर्माण योजना सञ्चालन पूर्व विपद् जोखिम आकलन सचेतना कार्यक्रम | पटक | पालिका | ० | ५ | १०० | १०० | **१००** | **१००** | **१००** | **५००** | **पालिका** |
| | १.३ | १.३.१ | १ | विपद् पूर्व तयारी र जोखिम न्यूनीकरण सम्बन्धी जनचेतना कार्यक्रम | पटक | सबै वडा | ० | ५ | १२५ | १२५ | **१२५** | **१२५** | **१२५** | **६२५** | **पालिका** |
| २ | २.१ | २.१.१ | १ | स्थानीय आपत्कालीन सञ्चालन केन्द्र स्थापना र सञ्चालन | सङ्ख्या | पालिका | ० | १ | ३०० | ३०० | **३००** | **३००** | **३००** | **१५००** | **पालिका** |
| | | २.१.२ | १ | उद्धार कार्य | पटक | पालिका | निरन्तर | आवश्यकता अनुसार | ३०० | ३०० | **३००** | **३००** | **३००** | **१५००** | **पालिका** |
| | | | २ | विपद् पश्चात् तत्काल प्रारम्भिक क्षतिको विवरण अद्यावधिक, आवश्यकताको प्रारम्भिक लेखाजोखा | पटक | पालिका | आवश्यकता अनुसार | आवश्यकता अनुसार | ० | ० | **०** | **०** | **०** | **०** | **पालिका** |
| | | | ३ | विपद् व्यवस्थापन कोष सञ्चालन | पटक | पालिका | ० | ५ | २५०० | २५०० | **२५००** | **२५००** | **२५००** | **१२५००** | **पालिका** |
| | | | ४ | जोखिमपूर्ण आवास स्थानान्तरण कार्यक्रम | प्याकेज | पालिका | ० | ५ | ५००० | ५००० | ५००० | ५००० | ५००० | **२५०००** | **पालिका/संघ /प्रदेश** |
| | | २.२.२ | १ | दीर्घकालमा गर्नुपर्ने पुनर्स्थापना तथा पुनर्निर्माण | पटक | पालिका | ० | ५ | १२०० | १२०० | **१२००** | **१२००** | **१२००** | **६०००** | **संघ/पालिका** |
| | | | २ | समुदायको प्रकोप सामना तथा पूर्वअवस्थामा फर्कन सक्ने क्षमता | पटक | पालिका | ० | ५ | १०० | १०० | **१००** | **१००** | **१००** | **५००** | **पालिका** |

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष | योजनाको कुल लक्ष्य | लागत (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| | | | | अभिवृद्धि कार्यक्रम | | | | | | | | | | | |
| | **जम्मा** | | | | | | | | **१८८७५** | **१८८७५** | **१८८७५** | **१८८७५** | **१८८७५** | **९४३७५** | |
| | **पालिकाको हिस्सा** | | | | | | | | **९७७५** | **९७७५** | **९७७५** | **९७७५** | **९७७५** | **४८८७५** | |
| | **प्रदेश सरकारको हिस्सा** | | | | | | | | **६५००** | **६५००** | **६५००** | **६५००** | **६५००** | **३२५००** | |
| | **संघीय सरकारको हिस्सा** | | | | | | | | **२६००** | **२६००** | **२६००** | **२६००** | **२६००** | **१३०००** | |

## ७.३.६ नतिजा

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२/८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | | | | |
| प्रभाव | प्राकृतिक तथा गैरप्राकृतिक विपद् जोखिम न्यूनीकरण भई विपद् जोखिम उत्थानशील समाज र अर्थतन्त्र निर्माण भएको हुने | विपद्का घटनाबाट मृत्यू वेपत्ता तथा घाइते हुनेको घटबढ | प्रतिशत | | | | | | | | वार्षिक प्रतिवेदन | विपद् व्यवस्थापन शाखा | |
| | | विपद्का घटनाबाट भएको धनसम्पत्तिको क्षति घटबढ | प्रतिशत | | | | | | | | | | |
| असर १ | जोखिम न्यूनीकरणका लागि विपद्का सम्भाव्य जोखिमको लेखाजोखा पहिचान अनुगमन र पूर्व चेतावनी प्रणाली सुदृढ भएको हुने | विपद् सम्भाव्य जोखिमको पूर्व लेखाजोखा र पहिचान | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | पूर्व चेतावनी प्रणाली सम्बन्धमा सचेत जनसङ्ख्या | प्रतिशत | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.१ | मौसम पूर्वानुमान महाशाखा तथा पूर्वचेतावनी प्रणाली सम्बन्धमा सचेतना कार्यक्रम भएको हुने | सचेतना कार्यक्रम सञ्चालन | पटक | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.२ | स्थानीय विपद् व्यवस्थापन समिति गठन भई परिचालन भएको हुने | स्थानीय विपद् व्यवस्थापन समिति | सङ्ख्या | १ | | | | | | १ | ,, | ,, | |
| प्रतिफल १.३ | विपद् जोखिम व्यवस्थापन, पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा भई कार्यान्वयन भएको हुने | विपद् जोखिम व्यवस्थापन, पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | ५ | ,, | ,, | |
| प्रतिफल १.४ | नदीजन्य प्रकोप नियन्त्रण कार्यक्रम सञ्चालन भएको हुने | नदीजन्य प्रकोप नियन्त्रण कार्यक्रम सञ्चालन | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.५ | योजना सञ्चालन पूर्व सम्भावित जोखिमको आकलन भएको हुने | योजना सञ्चालन पूर्व सम्भावित जोखिमको आकलन सचेतना कार्यक्रम सञ्चालन | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.६ | नदी किनारमा रहेका बस्तीहरूको पहिचान भई सुरक्षित स्थानमा स्थानान्तरण भएको हुने | स्थानान्तरित बस्तीका घरपरिवार | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.७ | विपद् जोखिम न्यूनीकरण सम्बन्धमा सामुदायिकस्तर मा जनचेतना कार्यक्रम सञ्चालन भएको हुने | विपद् जोखिम न्यूनीकरण जनचेतना कार्यक्रम सञ्चालन | सङ्ख्या | | | | | | | | ,, | ,, | |

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| असर २ | विपद् पश्चात्को पुनर्लाभ पुनर्स्थापना पुनर्निर्माण र नवनिर्माण कार्य सबल र उत्थानशील भएको हुने | उत्थानशील कुल जनसङ्ख्या | प्रतिशत | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.१ | स्थानीय आपत्कालीन सञ्चालन केन्द्र स्थापना भई सञ्चालनमा आएको हुने | स्थानीय आपत्कालीन सञ्चालन केन्द्र | सङ्ख्या | १ | | | | | | १ | ,, | ,, | |
| प्रतिफल २.२ | विपद् जोखिम व्यवस्थापन, पूर्व तयारी तथा प्रतिकार्य योजना बमोजिम उद्धार कार्य भएको हुने | विपद्का घटना | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | उद्धार कार्य | पटक | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.३ | विपद् पश्चात् तत्काल क्षतिको प्रारम्भिक विवरण सङ्कलन भएको हुने | धनजनको क्षतिको विवरण सङ्कलन | पटक | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.४ | विपद् पश्चात् तत्काल आधारभूत आवश्यकता सम्बोधनका लागि राहत वितरण भएको हुने | राहत प्राप्त गर्ने लाभग्राही | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.५ | विपद् पश्चात् क्षति तथा आवश्यकताको प्रारम्भिक लेखाजोखा भएको हुने | प्रारम्भिक लेखाजोखा अभिलेखको व्यवस्था | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.६ | विपद् पश्चात्को प्रारम्भिक लेखाजोखाबाट देखिएको थप कार्य भएको हुने | थप कार्यको विवरण | प्याकेज | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.७ | विपद् पश्चात् क्षतिको विस्तृत विवरण अद्यावधिक भएको हुने | क्षति विवरणको अभिलेख | प्याकेटज | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.८ | तत्काल गर्नुपर्ने र दीर्घकालमा गर्नुपर्ने पुनर्स्थापना तथा पुनर्निर्माण सम्बन्धी कार्यहरूको वर्गीकरण भएको हुने | वर्गीकृत अभिलेख | प्याकेज | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.९ | विपद् पश्चात् जोखिम न्यूनीकरणका लागि गर्नुपर्ने कार्य भएको हुने | विपद् जोखिम न्यूनीकरणका लागि विपत् पश्चात् तत्काल गरिएको कार्य | प्याकेज | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.१० | पुनर्स्थापना तथा पुनर्निमाण सम्बन्धी कार्य भएको हुने | पुनर्निर्माण कार्य | सङ्ख्या | | ३ | ३ | ३ | ३ | ३ | १५ | ,, | ,, | |
| प्रतिफल २.११ | समुदायमा प्रकोपको सामना गर्न सक्ने र पुनः आफ्नो पूर्वअवस्थामा फर्कन सक्ने क्षमताको विकास भएको हुने | पुनः आफ्नो पूर्व अवस्थामा फर्कन सक्ने क्षमताको विकास भएका व्यक्ति | सङ्ख्या | | | | | | | | ,, | ,, | |

# परिच्छेद ८: सुशासन तथा संस्थागत विकास

## (क) पृष्ठभूमि

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहका लागि एकल र साझा अधिकारहरू विभाजन गरी जिम्मेवारी दिएको छ। संघीय व्यवस्था अनुसार स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकारको रूपमा स्थापित गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख गरिएका अधिकारको प्रयोग गर्दै स्थानीय सरकारले प्रदान गर्ने सेवा प्रवाह र पूर्वाधार विकासका योजनाको जिम्मेवारीलाई विधि सम्मत प्रक्रियाबाट जनअपेक्षा अनुसार कुशल, पारदर्शी र जवाफदेही ढङ्गले सम्पादन गर्न आवश्यक छ। बदलिँदो परिस्थितिमा स्थानीय सरकारलाई प्राप्त अधिकार क्षेत्र र साधनस्रोतमा बढोत्तरीसँगै नागरिकहरूको आकाङ्क्षा पनि चुलिएको छ। स्थानीय सरकारको रूपमा संविधानतः स्थापित यस भीरकोट नगरपालिका भौगोलिक बनोटको विविधताले विकासका अवसरहरू र नगरपालिकाबाट प्रवाह हुने सेवा सबै क्षेत्रमा समान रूपले वितरण हुन नसकेको विद्यमान परिस्थितिलाई मध्यनजर गर्दै सबै क्षेत्र, वर्ग र समुदायमा विकासका प्रतिफलहरूलाई सन्तुलित रूपमा वितरण गर्नु नगरपालिकाको प्रमुख जिम्मेवारी हुन आएको छ।

## (ख) विद्यमान अवस्था, अवसर र सम्भावना

भीरकोट नगरपालिकाको आफ्नै मुख्य प्रशासनिक भवन निर्माण भई कार्यसञ्चालनमा आएको छ भने सबै वडाका वडा कार्यालय भवनहरू पनि निर्माण भई सञ्चालनमा आइसकेका छन्। नगरपालिका तथा वडा कार्यालयहरू एवं स्वास्थ्य, शिक्षा, कृषि तथा पशुपन्छी जस्ता विषयगत शाखाहरूबाट विषयगत सेवा प्रवाह भइरहेका छन्। नगरपालिकाको आर्थिक, प्रशासनिक कार्यहरूमा सूचना प्रविधिको प्रयोग बढ्दै गइरहेकोछ। पञ्जीकरण, आम्दानी तथा भूक्तानी प्रक्रिया (SuTRA), विद्यालय शिक्षा व्यवस्थापन सम्बन्धी प्रणाली (IEMIS), स्वास्थ्य सेवाको तथ्याङ्क प्रणाली (DHIS र EHMIS), नगरपालिकाको वस्तुगत विवरण (Digital Profile), प्रधानमन्त्री रोजगार कार्यक्रम, राजस्व सङ्कलन जस्ता सेवाहरूमा अनलाइन सफ्टवेयरहरूको प्रयोग भइरहेको छ। सूचना प्रविधिको द्रूत विकास भइरहेको वर्तमान परिप्रेक्षमा यसको अधिकतम प्रयोग गर्दै प्रदान गरिने सेवाहरूलाई क्रमशः अनलाइन सेवाको रूपमा आबद्ध गरी आम नागरिकहरूलाई सहज सरल र गुणस्तरीय सेवा प्रवाह गर्नुपर्ने अवस्था छ।

सुशासनका आधारस्तम्भ पारदर्शिता, निष्पक्षता, जबाफदेहिता तथा प्रभावकारितालाई आत्मसात गरी सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ जस्ता आम नागरिकको सहभागितामा गरिने कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। आम नागरिकको सूचनाको हकको सुनिश्चितता गर्न सूचना अधिकारी व्यवस्था गरी नगरपालिकाका गतिविधिहरू सार्वजनिक गरिएको छ। स्वतः प्रकाशन गर्नुपर्ने विषयहरू नगरपालिकाको आफ्नै वेब पेजमा नियमित रूपमा सार्वजनिक गरिँदै आइएको छ। ठेक्का प्रक्रियालाई पूर्ण प्रतिस्पर्धात्मक बनाई गुणस्तर र मितव्ययिता कायम गर्न E-Bidding प्रणाली पूर्ण रूपमा अवलम्बन गरिएको छ। सेवाग्राहीलाई सेवा सम्बन्धी सूचना प्रवाह गर्न नगरपालिका केन्द्र तथा वडा कार्यालयहरूमा नागरिक बडापत्रको व्यवस्था गरिएको छ। जनगुनासो व्यवस्थापनका लागि सुझाव पेटिकाको व्यवस्था तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ। सबै वर्ग र क्षेत्रको सन्तुलित विकासको लागि बस्तीस्तरबाट उपभोक्ता तथा आमनागरिकहरूको सहभागितामा योजनाहरूको माग सङ्कलन गरी वार्षिक बजेट तथा योजना तर्जुमा गर्ने प्रणाली अवलम्बन गरिएको छ।

स्थानीय तहको कार्य जिम्मेवारी बमोजिमको क्षमता अभिवृद्धि नहुनु; सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा प्रचलित विकास एवं प्रविधिको समुचित उपयोग गर्न नसक्नु; पारदर्शिता र जबाफदेहिता प्रणाली अपेक्षाकृत प्रभावकारी हुन नसक्नु; तीन तहको सरकारका बिच समन्वय र सहकार्य हुन नसक्नु जस्ता समस्याहरूले शासकीय प्रणालीमा सुशासन कायम गर्ने कार्यलाई चुनौतीपूर्ण बनिरहेकोछ।

नगरपालिकाको प्रशासनिक क्षमता दक्षता क्रमशः वृद्धि हुँदै जानु; साक्षरता दर बढ्नु, नागरिकले आफ्नै घरदैलोमा सरकारी सेवा र सुविधा

पाउने अवस्था सिर्जना हुनु; सरकारको कामकारवाहीमा नागरिकस्तरबाट निगरानी गर्न सक्ने वातावरण तयार हुनु; आयोजना छनोट प्राथमिकीकरण र कार्यान्वयनमा जनसहभागिता बढ्ने वातावरण बन्नु, अपेक्षित विकासको लक्ष्यमा पुग्न अनुकूल वातावरण तयार हुनु जस्ता अवसरहरूले नगरपालिकाको शासकीय प्रबन्धमा सुशासन कायम गर्न तथा नगरपालिकाको सन्तुलित विकास प्रक्रिया अगाडि बढाउन अनुकूल वातावरण तयार भइरहेको छ।

## (ग) दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति

### दीर्घकालीन सोच

“पारदर्शी, जवाफदेही, जनसहभागितामूलक, न्यायपूर्ण, सुशासनयुक्त शासन व्यवस्था, विविधतामा एकता”

### लक्ष्य

प्रविधिमैत्री, जनउत्तरदायी, न्यायपूर्ण, प्रभावकारी सेवा प्रवाह तथा सन्तुलित विकास मार्फत सुशासनको प्रत्याभूत गरी नागरिक एकता कायम गर्ने।

### उद्देश्य

- विविधताको उचित सम्बोधन र सम्मान गरी सामाजिक एकता सुदृढ गर्नु;
- मानव अधिकारको सम्मान, संरक्षण संवर्द्धन तथा उपभोग गर्नु;
- न्यायिक प्रक्रियालाई सरल अनुमानयोग्य पारदर्शी निष्पक्ष बनाउनु;
- संघीय शासन प्रणालीबाट प्राप्त हुने लाभको समन्यायिक वितरण गर्नु;
- भीरकोट नगरपालिकाको विकट र पिछडिएको क्षेत्र तथा वर्गमा समन्यायिक विकास गर्नु;
- नगरपालिकाको काम कारवाहीलाई भ्रष्टाचारमुक्त पारदर्शी जनउत्तरदायी नागरिकमैत्री तथा प्रविधिमैत्री बनाई शासन व्यवस्थामा जनविश्वास अभिवृद्धि गर्नु;
- नगरपालिकाको सार्वजनिक प्रशासनलाई पारदर्शी, परिणाममुखी, जवाफदेही बनाई सार्वजनिक सेवाप्रवाह प्रभावकारी बनाउनु;
- नगरपालिकाको सार्वजनिक आय र खर्च प्रणालीको प्रभावकारिता वृद्धि गर्नु।

### रणनीति

- विविधता विचको एकतालाई सुदृढ गर्ने;
- न्यायिक प्रणालीलाई पारदर्शी र निष्पक्ष बनाउन न्यायिक समितिको दक्षता अभिवृद्धि गर्ने;
- समावेशी तथा समन्यायिक विकासका लागि आवश्यक कानूनी र संस्थागत आधार तयार गर्ने;
- स्थानीयस्तरमा उपलब्ध स्रोत साधनको सम्भाव्यताको आधारमा लगानी वृद्धि गरी सन्तुलित विकास गर्ने;
- कानून तथा व्यवहारमा सुधार गरी सेवा प्रवाहलाई पारदर्शी र प्रभावकारी बनाउने,
- नगरपालिकाको प्रशासनलाई जनउत्तरदायी बनाउन आवश्यक व्यवस्था गर्ने;
- वित्तीय व्यवस्थापन प्रणाली सुदृढीकरण गर्ने;
- भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्ने।

## ८.१ न्याय प्रणालीको सुदृढीकरण

### ८.१.१ पृष्ठभूमि

संविधानले स्थानीय तहलाई स्थानीय सरकारको रूपमा स्वीकार गर्दै व्यवस्थापिका, कार्यपालिका र न्यायिक अधिकार प्रयोग गर्न सक्ने गरी अधिकार सम्पन्न बनाएको छ। न्याय सम्पादन प्रक्रियामा अदालती बन्दोबस्ततर्फको कुनै तहमा व्याख्या नगरिएको भएपनि केही सीमित अधिकार सहित स्थानीय तहमा न्याय सम्पादनका लागि स्थानीय न्यायिक समितिको व्यवस्था गरेको छ। खासगरी सामाजिक समस्याहरूलाई उद्‌गमस्थल मै समाधान गरी झन्झटिलो अदालती प्रक्रियामा पुग्न नपर्ने अवधारणाका साथ स्थानीय न्यायिक समितिको व्यवस्था गरिएको हो। समस्याको उद्‌गमस्थलमै न्याय सम्पादन हुने हुँदा समस्याको मूल जडमा पुगी सही समाधान हुन्छ भन्ने मान्यता रहेको छ। न्यायिक समितिको दक्षताको अभावमा कतिपय मुद्दाहरूमा विधिसम्मत न्यायिक निरूपण हुन नसकी कानूनी जटिलताहरू पनि देखिएका छन्। अतः न्यायिक समितिको क्षमता तथा दक्षता अभिवृद्धि गरी न्याय प्रणालीको प्रस्थान विन्दुको रूपमा विकास गर्नुपर्ने भएको छ।

### ८.१.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती

**(१) विद्यमान अवस्था**

सानातिना स्थानीय विवादहरू स्थानीयस्तरमा नै समाधान गर्ने उद्देश्यका साथ हरेक स्थानीय तहमा गाउँपालिका भए उपाध्यक्ष र नगरपालिका भए उपप्रमुखको संयोजकत्वमा एक न्यायिक समिति रहने व्यवस्था छ। सोही बमोजिम स्थानीयस्तरका सानातिना विवादहरू स्थानीय न्यायिक समितिबाट नै निरूपण हुँदै आएको छ। यसले झन्झटिलो अदालती न्यायिक निकायमा पुग्न नपर्ने भई मेलमिलापकै माध्यमबाट समस्या समाधान भएका छन्। मेलमिलापबाट भएको समस्या समाधानले पक्षहरूका बिचमा सौहार्दता कायम हुन गई विवादको दीर्घकालीन समाधान हुन्छ भन्ने मान्यता रहेको छ र हालसम्मको अभ्यासले प्रमाणित पनि भएको छ। तालिम प्राप्त मेलमिलापकर्ताको सहजीकरणमा बस्तीस्तरमै विवाद समाधानका प्रयासहरू पनि भएका छन्। तर दक्ष जनशक्तिको अभावमा कानूनी प्रक्रियागत त्रुटीहरू पनि यदाकदा देखिएका छन्। न्यायिक समितिको दक्षता अभिवृद्धि गर्न सकिएमा यसको औचित्यता अत्यन्त सान्दर्भिक सावित हुनेछ। हालसम्म यस नगरपालिकाले १७ वटा ऐन, ४ वटा नियमावली र ४९ वटा कार्यविधि, निर्देशिका बनाइसकेको छ।

**(२) सबल पक्ष**

(क) न्यायिक समितिका क्षमता अभिवृद्धिका कार्यक्रमहरू भएको;

(ख) बस्तीस्तरका समस्या समाधानका लागि मेलमिलाप केन्द्र र तालिम प्राप्त मेलमिलापकर्ताको व्यवस्था हुनु;

(ग) न्यायिक समितिका सदस्यहरू स्थानीय जनप्रतिनिधि नै हुने भएकोले समस्याको सन्दर्भमा बढी जानकारी हुनु;

**(३) दुर्बल पक्ष**

(क) स्थानीय न्यायिक समितिमा कानूनी विज्ञता भएको जनशक्ति नहुन सक्ने;

(ख) न्यायिक समितिका पदाधिकारीहरू राजनैतिक पृष्ठभूमिबाट आएका हुने भएकाले निष्पक्ष न्याय सम्पादनमा प्रश्न उठ्न सक्ने;

(ग) न्याय सम्पादन गर्ने कार्यविधिको पूर्णपालना हुन नसक्दा कार्यविधिगत त्रुटीहरू हुन गई न्यायिक जटिलताहरू देखिनु;

(घ) न्यायिक समितिका सदस्यहरू स्थानीय हुने भएकाले बाहिरी वातावरणको प्रभाव पर्न सक्ने।

**(४) अवसर**

(क) संविधानमा नै स्थानीय न्यायिक समितिको व्यवस्था हुनु;

(ख) न्यायिक समितिले न्याय सम्पादन गर्ने सम्बन्धी कार्यविधि बन्नु;

(ग) न्यायिक समितिको निर्णय उपर जिल्ला अदालतमा पुनरावेदन लाग्ने व्यवस्था हुनु;

(घ) छिमेकी स्थानीय तहका न्यायिक समितिहरूसँग अनुभव आदान प्रदान गरी असल अभ्यास आदानप्रदान हुन सक्ने ।

### (५) चुनौती

(क) विवादको न्यायपूर्ण निरूपण गर्नु;

(ख) कार्यविधिगत त्रुटीरहित विवाद समाधान गर्नु;

(ग) निष्पक्षतापूर्वक न्याय सम्पादन गर्नु ।

## ८.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

### दीर्घकालीन सोच

"निष्पक्ष र पारदर्शी न्याय प्रणालीको विकास"

### लक्ष्य

निष्पक्ष, पहुँचयोग्य, सरल, सबल र सुलभ न्याय प्रणालीको व्यवस्था गर्ने ।

### उद्देश्य

१ न्यायिक प्रक्रियालाई सरल अनुमानयोग्य पारदर्शी तथा निष्पक्ष बनाउनु;

२ स्थानीय तहको एक अधिकार सूचीभित्रका विषयमा कानून निर्माण गर्नु ।

## ८.१.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: न्यायिक प्रक्रियालाई सरल अनुमानयोग्य पारदर्शी तथा निष्पक्ष बनाउनु** | |
| १.१ न्यायिक प्रक्रियालाई सरल, निष्पक्ष, पारदर्शी र अनुमानयोग्य बनाउनु | १.१.१ न्यायिक प्रक्रियालाई छिटो, छरितो, प्रभावकारी र पूर्वानुमानयोग्य बनाउन न्याय सम्पादन कार्यविधि सम्बन्धी कानून समयानुकूल परिमार्जन गरी कार्यान्वयन गरिनेछ;<br>१.१.२ मेलमिलाप पद्धतिलाई प्रभावकारी बनाउन सबै वडामा मापदण्ड बमोजिम दक्षता भएका मेलमिलाकर्ता सहितको मेलमिलाप केन्द्रको व्यवस्था गरिनेछ;<br>१.१.३ न्यायिक निरूपण निष्पक्ष, सरल र छिटो छरितो बनाउन न्यायिक समितिका पदाधिकारीहरूको क्षमता र दक्षता अभिवृद्धि गरिनेछ । |
| **उद्देश्य २: स्थानीय तहको एकल अधिकार सूचीभित्रका विषयमा कानून निर्माण गर्नु** | |
| २.१ नगरपालिकाले निर्माण गर्नुपर्ने कानून सरोकारवाला समेतको सहभागितामा तर्जुमा गर्ने | २.१.१ स्थानीय तहको एकल अधिकार सूचीभित्रका विषयमा कानून तर्जुमा गर्दा प्रदेश कानून बमोजिम संविधान तथा संघ र प्रदेश कानूनसँग नबाझिने गरी बनाइनेछ;<br>२.१.२ कानून बनाउँदा सरोकारवालासँग पर्याप्त छलफल तथा परामर्श लिई सान्दर्भिक विषयहरूको अध्ययन र अनुसन्धान गरिनेछ । |

## ८.१.५ विस्तृत कार्यक्रम

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष २०८२/८३ | योजनाको कुल लक्ष्य | लागत (रु. जारमा) २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **क. न्याय प्रणाली सुदृढीकरण कार्यक्रम** | | | | | | | | | | | | | | | |
| १ | १.१ | १.१.१ | १ | न्यायिक समितिले न्याय सम्पादन गर्ने कार्यविधि कानून परिमार्जन र कार्यान्वयन | सङ्ख्या | पालिका | १ | १ | १०० | ० | ० | ० | ० | **१००** | पालिका |
| | | १.१.२ | १ | सबै वडामा मेलमिलाप केन्द्र सञ्चालन | सङ्ख्या | सबै वडा | ० | ९ | ३०० | ३०० | ३०० | ३०० | ५० | **१२५०** | पालिका |
| | | | २ | मेलमिलापकर्ता आधारभूत/ क्षमता वृद्धि तालिम | सङ्ख्या | पालिका | ० | १ | २०० | २०० | २०० | २०० | २०० | **१०००** | पालिका |
| | | १.१.३ | १ | न्यायिक समितिका पदाधिकारीहरूको क्षमता अभिवृद्धि तालिम | पटक | पालिका | १ | ५ | २०० | २०० | २०० | २०० | २०० | **१०००** | पालिका |
| २ | २.१ | २.१.१ | १ | कानून निर्माण प्रक्रिया सम्बन्धी तालिम | पटक | पालिका | ० | २ | १०० | ५० | **१००** | **१००** | **५०** | ४०० | पालिका |
| | **जम्मा** | | | | | | | | **९००** | **७५०** | **८००** | **८००** | **५००** | **३७५०** | |
| | **पालिकाको हिस्सा** | | | | | | | | **९००** | **७५०** | **८००** | **८००** | **५००** | **३७५०** | |

## ८.१.६ नतिजा

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | पहुँचयोग्य, सरल, सुलभ, अनुमानयोग्य, निष्पक्ष र सबल न्याय प्रणालीको व्यवस्था भएको हुने | न्यायिक समितिको निर्णय विरुद्ध पुनरावेदन | सङ्ख्या | | | | | | | | वार्षिक प्रतिवेदन | न्यायिक समिति | |
| | | मेलमिलापबाट निरूपण भएका उजुरी | सङ्ख्या | | | | | | | | | | |
| असर १ | न्यायिक प्रणाली सरल अनुमानयोग्य पारदर्शी भएको हुने | दर्ता भएका र निरूपण भएका निवेदन | सङ्ख्या | १३/९ | | | | | | | ,, | ,, | |
| | | न्यायिक समितिको निर्णयउपर पुनरावेदन परेको | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.१ | न्यायिक समितिले न्याय सम्पादन गर्ने कार्यविधि कानून परिमार्जन भई कार्यान्वयन भएको हुने | कार्यविधि कानून परिमार्जन | पटक | | १ | ० | ० | ० | ० | १ | ,, | ,, | |
| प्रतिफल १.२ | सबै वडामा मेलमिलाप केन्द्र स्थापना भई सञ्चालन भएको हुने | मेलमिलाप केन्द्र | सङ्ख्या | | ५ | ० | ० | ० | ० | ५ | ,, | ,, | |
| प्रतिफल १.३ | मापदण्ड बमोजिमको आधारभूत तालिम प्राप्त मेलमिलापकर्ताद्वारा उजुरी निवेदनमाथि छलफल गरी मेलमिलाप भएको हुने | मेलमिलापबाट निरूपण भएका निवेदन | सङ्ख्या | | | | | | | | ,, | ,, | |

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| प्रतिफल १.४ | न्यायिक समितिका पदाधिकारीहरूको क्षमता अभिवृद्धि भएको हुने | न्यायिक समितिका पदाधिकारीहरू क्षमता अभिवृद्धि तालिम | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| असर २ | संविधान तथा प्रदेश कानून बमोजिम कानून निर्माण भएको हुने | निर्माण भएका कानून | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.१ | नगरपालिकाले बनाएको कानून संविधान संघीय र प्रदेश कानूनसँग नबाझिने गरी बनेको हुने | संविधान संघीय र प्रदेश कानूसँग बाझिएको भनी परेको रिट | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.२ | सरोकारवालासँग पर्याप्त रायपरामर्श लिई कानून निर्माण भएको हुने | कानून निर्माण गर्दा आयोजना गरिएको सरोकारवालासँगको छलफल कार्यक्रम | सङ्ख्या | | | | | | | | ,, | ,, | |

## ८.२ संस्थागत विकास र सेवा प्रवाह

### ८.२.१ पृष्ठभूमि

नेपालको संविधानले स्थानीय तहलाई व्यवस्थापकीय (गाउँ/नगर सभा), कार्यकारिणी (कार्यपालिका) र सीमित अधिकार सहितको न्यायिक अधिकार (न्यायिक समिति) प्रदान गर्दै सरकारको रूपमा स्वीकार गरेको छ। भीरकोट नगरपालिकाको नगर सभामा प्रमुख, उपप्रमुख, वडा अध्यक्षहरू, वडासदस्यहरू र दलित तथा अल्पसङ्ख्यक समुदायबाट प्रतिनिधित्व गर्ने सदस्य गरी जम्मा २९ जना रहेका छन्। कार्यपालिकामा प्रमुख, उपप्रमुख, वडा सदस्यहरू र कार्यपालिका सदस्यहरू गरी जम्मा १३ जना रहेका छन्। उपप्रमुखको संयोजकत्वमा नगरसभाका सदस्यहरू मध्येबाट मनोनित २ जना गरी ३ सदस्यीय न्यायिक समिति रहेको छ। नगरसभा र नगर कार्यपालिकाको नेतृत्व प्रमुखले र न्यायिक समितिको नेतृत्व उपप्रमुखले गर्दछन्। यसरी नगरपालिकाको समग्र विकास निर्माण र सेवा प्रवाहको नेतृत्व नगरपालिका प्रमुखले गर्दछन्। प्रशासनिक संयन्त्रको नेतृत्व भने प्रमुख प्रशासकीय अधिकृतले गर्दछन्। नगरपालिकाको कार्यबोझ र विषय क्षेत्रको आधारमा सङ्गठन संरचना बनाई सोही अनुसार कार्यजिम्मेवारी तोकी कर्मचारी व्यवस्थापन गर्ने र कार्यसम्पादन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत रूपमा अवलम्बन गर्रिंदै आएको छ। सार्वजनिक शासन व्यवस्था स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक हुनु पर्दछ र नगरपालिकाबाट प्रवाह हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने जिम्मेवारी नगरपालिकाको रहेको हुन्छ।

चुलिँदै गएका जनआकाङ्क्षा पूरा गर्न परम्परागत सोच र विधिबाट सम्भव देखिँदैन। बदलिँदो परिवेश र प्रविधिको विकाससँगै सेवा प्रवाह र विकास व्यवस्थापनमा सिर्जनात्मक र नवीनतम उपायहरू अवलम्बन गर्न जरुरी छ। संगठन तथा क्षमता विकास, कर्मचारी व्यवस्थापन र अन्तरसरकार, निजी तथा गैरसरकारी संस्था साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउनेतर्फ नगरपालिकाले विशेष ध्यान दिन आवश्यक छ।

### ८.२.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती

**(१) विद्यमान अवस्था**

प्रमुख, उपप्रमुख सहित ४७ जना सदस्य रहेको नगर सभा, १९ जना सदस्य रहेको कार्यपालिका र ३ जना सदस्य रहेको न्यायिक समिति सहितको जनप्रतिनिधिहरूको संस्थागत व्यवस्थाबाट नगरपालिकाको समग्र विकास निर्माण तथा सेवा प्रवाहको नेतृत्व र परिचालन भइरहेको छ। अनुभव तथा संघीय, प्रादेशिक तथा नगरपालिकाको आफ्नै पहलकदमीमा भएका क्षमता विकास कार्यक्रमहरू र कार्यसञ्चालनका क्रममा भएका अभ्यासहरूबाट प्राप्त अनुभवबाट जनप्रतिनिधिहरूबाट हुने कार्यसम्पादन परिस्कृत हुँदै आएको छ। प्रशासनिक संयन्त्रतर्फ प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा प्रशासन, योजना, पूर्वाधार, शिक्षा, स्वास्थ्य, सामाजिक, राजस्व, सूचना प्रविधि, प्रधानमन्त्री रोजगार कार्यक्रम लगायतका विषयगत शाखाहरूबाट सेवा प्रवाह र विकास निर्माण कार्यहरू सञ्चालन भइरहेका छन्।

भौतिक सुविधातर्फ प्रमुख प्रशासकीय भवन तथा वडा कार्यालयहरू आफ्नै भवनबाट सञ्चालन भैरहेका छन् भने भौतिक सुविधाहरू पनि पर्याप्त नै छन्। विभिन्न अनलाइन तथा अफलाइन सफ्टवेयरहरूको प्रयोगबाट नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरूबाट हुने सेवा प्रवाह र विकास व्यवस्थापन सहज बनाउँदै नगरपालिका विद्युतीय शासन पद्धतितर्फ उन्मुख छ। विद्युतीय शासन पद्धति नै सुशासन कायम गर्ने महत्वपूर्ण औजार भएकोले पूर्ण रूपमा विद्युतीय शासन पद्धतियुक्त नगरपालिकाको रूपमा विकास गर्न आवश्यक छ।

**(२) सबल पक्ष**

(क) नगरपालिकाको कार्य जिम्मेवारी बमोजिमको क्षमता अभिवृद्धि हुँदै जानु;

(ख) प्रमुख प्रशासनिक भवन र वडा कार्यालय भवन निर्माण भइसक्नु;

(ग) विकास व्यवस्थापन र सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग बढ्दै जानु (विभिन्न सफ्टवेयरहरू प्रयोगमा आइसक्नु);

(घ) सूचना अधिकारीको व्यवस्था हुनु;

(ङ) आफ्नै वेबसाइट सञ्चालनमा आउनु;

(च) जनप्रतिनिधिहरू तथा प्रशासनिक संयन्त्रमा विकास व्यवस्थापन र सेवाप्रवाह प्रति दृढ इच्छाशक्ति हुनु;

(छ) विकास तथा सेवा प्रवाह प्रति नागरिकहरूबाट चासो र निगरानी बढ्दै जानु ।

**(३) दुर्बल पक्ष**

(क) अझै केही जनप्रतिनिधि र कर्मचारीहरू सूचना प्रविधि प्रयोग गर्न सक्षम नहुनु;

(ख) दरबन्दी अनुसार पदपूर्ति नहुनु तथा कर्मचारीहरूको सरुवा/काज छिटोछिटो हुनु;

(ग) सेवा प्रवाहलाई पूर्ण रूपमा डिजिटल/प्रविधिमैत्री बनाउन नसकिनु;

(घ) आवश्यक कानूनको कमी हुनु;

(ङ) संघीय निजामती कानून हालसम्म पनि नबन्नु;

(च) तथ्याङ्कीय प्रणाली अध्यावधिक नहुनु;

(छ) योजना तर्जुमाका बखत सूचना प्रविधिको प्रयोग पूर्ण रूपमा हुन नसक्नु ।

**(४) अवसर**

(क) संघीय र प्रदेश सरकारको समन्वयमा बजेट प्राप्त गर्न सकिने;

(ख) सूचना प्रविधिको द्रुत विकास हुनु;

(ग) प्रदेश तथा संघीय सरकारबाट जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकास कार्यक्रम हुनु;

(घ) सामाजिक सञ्जाल तथा आमसञ्चारका माध्यमबाट पृष्ठपोषण प्राप्त हुनु;

(ङ) संघीय तथा प्रदेश सरकारबाट रणनीतिक विकास बजेट प्रवाह हुनु;

(च) शासकीय अभ्यासमा अनुभव आर्जन हुनु ।

**(५) चुनौती**

(क) संघीय तथा प्रदेश सरकारबाट पर्याप्त बजेट प्राप्त गर्नु;

(ख) पूर्ण विद्युतीय शासन पद्धति अवलम्बन गर्नु;

(ग) कर्मचारीलाई पालिकामा टिकाई राख्नु;

(घ) भौगोलिक रूपले विकट क्षेत्रमा प्राविधिक जनशक्ति परिचालन गर्नु;

(ङ) जनप्रतिनिधि तथा कर्मचारीबाट दक्षतापूर्वक कार्यसम्पादन गराउनु;

(च) सेवा प्रवाहलाई नतिजामूलक र जवाफदेही बनाउनु;

(छ) विद्युतीय तथ्याङ्क प्रणालीलाई नियमित अद्यावधिक गर्नु;

(ज) सार्वजनिक क्षेत्रमा पारदर्शिता, निष्पक्षता, जबाफदेहिता र प्रभावकारिता कायम गर्नु;

(झ) विकास प्रशासनको क्षमता अभिवृद्धि गर्नु;

(ञ) सार्वजनिक व्यवस्थापनप्रति नागरिकको विश्वास बढाई जनतामा नगरपालिका प्रति उत्साह पैदा गर्नु;

(ट) शासन सञ्चालनमा सदाचार र मितव्ययिता कायम गर्नु ।

### ८.२.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"पारदर्शी, जवाफदेही, नागरिकमैत्री र जनसहभागितामूलक शासन व्यवस्था"

**लक्ष्य**

सार्वजनिक प्रशासनबाट प्रविधिमैत्री, जनउत्तरदायी, प्रभावकारी सेवा प्रवाहमार्फत सुशासनको प्रत्याभूति गर्ने।

**उद्देश्य**

१ नगरपालिकाको काम कारवाहीलाई भ्रष्टाचारमुक्त, पारदर्शी, जनउत्तरदायी, नागरिकमैत्री तथा प्रविधिमैत्री बनाई शासन व्यवस्थामा जनविश्वास अभिवृद्धि गर्नु;

२ नगरपालिकाको सार्वजनिक प्रशासनलाई पारदर्शी, परिणामुखी, जवाफदेही बनाई सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु।

### ८.२.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: नगरपालिकाको काम कारवाहीलाई भ्रष्टाचारमुक्त, पारदर्शी, जनउत्तरदायी, नागरिकमैत्री तथा प्रविधिमैत्री बनाई शासन व्यवस्थामा जनविश्वास अभिवृद्धि गर्नु** | |
| १.१ कानून तथा व्यवहारमा सुधार गरी सेवा प्रवाहलाई पारदर्शी र प्रभावकारी बनाउने | १.१.१ छिटो, छरितो, गुणस्तरीय र प्रभावकारी सेवा प्रवाह गर्ने कानूनी तथा नीतिगत आधार तयार गरिनेछ;<br>१.१.२ नगरपालिकामा E-Governance लागु गरी आधुनिक प्रविधिमैत्री र सेवाग्राहीमैत्री कार्यस्थलको रूपमा स्थापित गरिनेछ;<br>१.१.३ नगरपालिकाको वेबसाइटलाई सूचनामूलक रूपमा विकास गराइनेछ;<br>१.१.४ नगरपालिका वडा कार्यालयहरू तथा विषयगत शाखा तथा कार्यालयहरूमा नागरिक बडापत्र र सुझाव पेटिकाको व्यवस्था गरिनेछ। |
| १.२ विकास आयोजनाहरूको अनुगमन गरी कार्यान्वयनमा आइपरेका समस्यालाई तत्काल सम्बोधन गर्ने | १.२.१ विकास निर्माणमा आइपरेका समस्या तत्काल सम्बोधनका लागि प्रमुखको संयोजकत्वमा विकास समस्या समाधान समितिको व्यवस्था गरिनेछ;<br>१.२.२ वस्तुगत सूचकमा आधारित अनुगमन प्रणाली विकास गरिनेछ;<br>१.२.३ नागरिकको गुनासो समयमै सम्बोधन गर्न गुनासो अधिकारीको व्यवस्था गरिनेछ। |
| १.३ पदाधिकारी तथा कर्मचारीको कार्यसम्पादनलाई मापन योग्य बनाउने | १.३.१ सार्वजनिक पद धारण गरेका व्यक्तिले सदाचारलाई जीवनशैलीकै रूपमा अनुसरण गर्नुपर्ने व्यवस्था गरिनेछ;<br>१.३.२ कार्य सम्पादन मूल्याङ्कन पद्धतिलाई वैज्ञानिक र वस्तुपरक बनाइनेछ। |
| १.४ सरकारी काम कारवाहीप्रति जनविश्वास अभिवृद्धि गर्ने | १.४.१ सरकारी कामकारवाहीलाई मितव्ययी बनाउन र एकरूपता कायम गर्न खर्चको मापदण्ड र कार्यक्रम सञ्चालन निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ,<br>१.४.२ सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सूचना सम्प्रेषण, खर्चको विवरण सार्वजनिक गर्ने जस्ता पारदर्शिताका औजारहरूलाई अधिकतम प्रयोग गरिनेछ;<br>१.४.३ सुशासन नियमावली तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। |
| **उद्देश्य २: नगरपालिकाको सार्वजनिक प्रशासनलाई पारदर्शी, परिणाममुखी, जवाफदेही बनाई सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु** | |
| २.१ नगरपालिकाको प्रशासनलाई जनउत्तरदायी बनाउने | २.१.१ जवाफदेही, नागरिकमैत्री र जनउत्तरदायी सेवा प्रवाह गर्न O &M Survey गरी विद्यमान सङ्गठन संरचनामा परिमार्जन गरिनेछ;<br>२.१.२ प्रदेश सरकारसँगको समन्वयमा नगरपालिका अन्तर्गत कार्यरत कर्मचारीको क्षमता विकास |

| रणनीति | कार्यनीति |
|---|---|
| | तालिमको व्यवस्था गरिनेछ;<br>२.१.३ नगरपालिकाको प्रशासनलाई चुस्त सुशासनयुक्त बनाउन क्रमशः E-Governance अवलम्बन गरिनेछ;<br>२.१.४ संरचनागत (शाखागत) र प्रत्येक कर्मचारीको कार्य विवरण बनाई कार्यसम्पादन सम्झौताको व्यवस्था गरिनेछ। |
| २.२ योजना/कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि गर्ने | २.२.१ योजना/कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता ल्याउन जिम्मेवार पदधिकारीको कार्यजिम्मेवारी र जबाफदेहिता तोकी कार्यसम्पादन सूचक सहितको कार्यसम्पादन सम्झौता गर्ने कानूनी व्यवस्था गरिनेछ;<br>२.२.२ प्रत्येक वर्ष श्रावण महिनाभित्र योजना कार्यान्वयन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ;<br>२.२.३ योजना/कार्यक्रमको अनुगमन गरी प्राप्त पृष्ठपोषण अनुरूप कार्यान्वयनमा लगिनेछ। |
| २.३ प्रशासनिक सुशासन कायम गर्न कर्मचारीको प्रशासनिक क्षमता अभिवृद्धि गर्ने | २.३.१ कार्य प्रभावकारिताका लागि कर्मचारीलाई सक्षम र प्रतिस्पर्धी बनाउन क्षमता अभिवृद्धिका लागि तालिम तथा उत्प्रेरणाका कार्यक्रम सञ्चालन गरिनेछ;<br>२.३.२ भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अनुरूप प्रशासनमा सदाचारिता अभिवृद्धि गरिनेछ;<br>२.३.३ कार्यालय सञ्चालन तथा व्यवस्थापनका लागि पर्याप्त बजेट व्यवस्था गरिनेछ। |

## ८.२.५ विस्तृत कार्यक्रम

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष | योजनाको कुल लक्ष्य | लागत (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| **क. संस्थागत विकास तथा सुशासन प्रवर्द्धन कार्यक्रम** | | | | | | | | | | | | | | | |
| १ | १.१ | १.१.१ | १ | कार्यसम्पादन सूचकमा आधारित प्रोत्साहन कार्यविधि निर्माण | सङ्ख्या | पालिका | ० | १ | १०० | ० | ० | ० | ० | १०० | पालिका |
| | | १.१.२ | १ | नगरपालिका तथा सबै वडा र विषयगत शाखाहरूलाई सूचना प्रविधिमैत्री बनाउने | पटक | पालिका | निरन्तर | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | पालिका |
| | | १.१.३ | १ | नगरपालिकाको वेबसाइटलाई अत्याधिक सूचना मूलक बनाउन नियमित अद्यावधिक गर्ने | पटक | पालिका | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | पालिका |
| | | १.१.४ | १ | नगरपालिका वडा कार्यालयहरू तथा सबै विषयगत शाखाहरूमा नागरिक बडापत्र र सुझाव पेटिका राख्ने | पटक | पालिका | निरन्तर | निरन्तर | ० | ० | ० | ० | ० | ० | पालिका |
| | १.२ | १.२.१ | १ | विकास समस्या समाधान समितिको गठन र कार्यान्वयन | सङ्ख्या | पालिका | ० | १ | ० | ० | ० | ० | ० | ० | पालिका |
| | | १.२.२ | १ | अनुगमन सूचक निर्माण तथा कार्यान्वयन | पटक | पालिका | ० | १ | ५० | 0 | 0 | 0 | 0 | ५० | पालिका |
| | | १.२.३ | १ | गुनासो सुन्ने अधिकारीको व्यवस्था | सङ्ख्या | पालिका | ० | १ | ० | 0 | 0 | 0 | 0 | ० | पालिका |
| | १.३ | १.३.१ | १ | सदाचार/सकारात्मक सोच सम्बन्धी उत्प्रेरणा कार्यक्रम | पटक | पालिका | ० | २ | ५० | ५० | ५० | ५० | ५० | २५० | पालिका |
| | | | २ | कर्मचारी क्षमता विकास तालिम | पटक | पालिका | १ | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | पालिका |
| | | १.३.२ | १ | कार्यसम्पादन सूचक निर्माण | पटक | पालिका | ० | १ | २५ | ० | ० | ० | ० | २५ | पालिका |
| | १.४ | १.४.१ | १ | खर्चको मापदण्ड/कार्यक्रम सञ्चालन निर्देशिका तर्जुमा र कार्यान्वयन | सङ्ख्या | पालिका | ० | २ | ० | १०० | ० | ० | ० | १०० | पालिका |
| | | १.४.२ | १ | प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाइ कार्यक्रम (वडास्तर तथा पालिकास्तर) | पटक | पालिका/वडा | ३ | १८ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | पालिका |
| | | | २ | नगरपालिका तथा वडाहरूबाट प्रवाह हुने सेवाको विषयमा वार्षिक १ पटक सामाजिक परीक्षण | पटक | पालिका | ० | ५ | १५० | १५० | १५० | १५० | १५० | ७५० | पालिका |

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष | योजनाको कुल लक्ष्य | लागत (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| | २.१ | २.१.१ | १ | O & M Survey अद्यावधिक | पटक | पालिका | १ | १ | ३०० | ० | ० | ० | ० | ३०० | पालिका |
| | | २.१.२ | १ | कर्मचारीहरूको सेवाकालीन तालिम | जना | पालिका | निरन्तर | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | पालिका |
| | | २.१.३ | १ | विद्युतीय शासन पद्धतिका लागि सूचना प्रविधि तालिम | सङ्ख्या | पालिका | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | पालिका |
| | | २.१.४ | १ | शाखागत तथा कर्मचारीगत कार्य विवरण तयारी र कार्यसम्पादन सम्झौता | पटक | पालिका | १ | १ | १०० | १०० | १०० | १०० | १०० | ५०० | पालिका |
| | २.२ | २.२.१ | १ | योजना/कार्यक्रम कार्यान्वयन कार्यसम्पादन सम्झौता सम्बन्धी कार्यविधि निर्माण | सङ्ख्या | पालिका | १ | १ | १०० | ० | ० | ० | ० | १०० | पालिका |
| | | २.२.२ | १ | योजना/कार्यक्रम कार्यान्वयन वार्षिक कार्यतालिका निर्माण | सङ्ख्या | पालिका | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | पालिका |
| २ | | २.२.३ | १ | योजना अनुगमनको पृष्ठपोषण कार्यान्वयन | पटक | पालिका | ० | ५ | ० | ० | ० | ० | ० | ० | पालिका |
| | २.३ | २.३.१ | १ | योजना/कार्यक्रम कार्यान्वयन अभिमुखीकरण कार्यक्रम | पटक | पालिका | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | पालिका |
| | | | २ | उत्कृष्ट कर्मचारी प्रोत्साहन पुरस्कार | पटक | पालिका | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | पालिका |
| | | २.३.२ | १ | कर्मचारी आचार संहिता निर्माण र कार्यान्वयन | सङ्ख्या | पालिका | ० | १ | ५० | ० | ० | ० | ० | ५० | पालिका |
| | | २.३.३ | १ | कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | पटक | पालिका | | ५ | १०७३८५ | १०८००० | १०९००० | ११०००० | १११००० | ५४५३८५ | पालिका |
| | **जम्मा** | | | | | | | | **११०९१०** | **१११०००** | **१११९००** | **११२९००** | **११३९००** | **५६०६१०** | |
| | **पालिकाको हिस्सा** | | | | | | | | **११०९१०** | **१११०००** | **१११९००** | **११२९००** | **११३९००** | **५६०६१०** | |

## ८.२.६ नतिजा

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | | | | |
| प्रभाव | सार्वजनिक प्रशासनबाट प्रविधिमैत्री, जनउत्तरदायी, प्रभावकारी सेवा प्रवाह मार्फत सुशासन कायम भएको हुने | सूचना प्रविधिमैत्री वडा कार्यालय तथा विषयगत शाखा | सङ्ख्या | | | | | | | | वार्षिक प्रतिवेदन | सूचना प्रविधि शाखा | |
| असर १ | नगरपालिकाको कामकारवाही भ्रष्टाचारमुक्त पारदर्शी जनउत्तरदायी नागरिकमैत्री तथा प्रविधिमैत्री भई शासन व्यवस्थामा जन विश्वास अभिवृद्धि भएको हुने | आवधिक योजना तर्जुमा | सङ्ख्या | २ | ० | ० | ० | ० | ० | २ | ,, | | |
| | | मध्यमकालीन खर्च संरचना | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | अनलाइन प्रतिवेदन प्रणाली प्रयोग गर्ने वडा तथा शाखा | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | कुल वार्षिक खर्चमा बेरुजु | प्रतिशत | २.५८ | | | | | | | ,, | ,, | |
| | | भ्रष्टाचार सम्बन्धी उजुरी | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.१ | छिटो छरितो गुणस्तरीय प्रभावकारी सेवा प्रवाहका लागि कानूनी तथा नीतिगत आधार तयार भएको हुने | कर्मचारी प्रोत्साहन कार्यविधि निर्माण | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | प्रोत्साहन पुरस्कार पाउने कर्मचारी | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.२ | नगरपालिका, वडा कार्यालय, विषयगत शाखाहरू आधुनिक र सेवाग्राहीमैत्री कार्यस्थलको रूपमा स्थापित भएको हुने | प्रविधिमैत्री, कार्यालय, वडा, शाखाहरू | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.३ | नगरपालिकाका गतिविधिहरूको विवरण वेबसाइटमा नियमित प्रकाशन तथा अद्यावधिक भएको हुने | नगरपालिकाको वेबसाइट Visit गर्ने Viewers | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.४ | नगरपालिका र अन्तर्गतका सबै कार्यालय शाखाहरूमा नागरिक बडापत्र र सुझाव पेटिकाको व्यवस्था भएको हुने | नागरिक बडापत्र र सुझाव पेटिका हुने कार्यालय/शाखा | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.५ | विकास समस्या समाधान समितिको गठन भई विकास सम्बन्धी समस्याहरूको तत्काल सम्बोधन भएको हुने | विकास समस्या समाधान समितिले सम्बोधन गरेका योजना | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.६ | वस्तुगत सूचकमा आधारित अनुगमन प्रणाली विकास भएको हुने | अनुगमन गरिएका योजना | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.७ | गुनासो सुन्ने अधिकारीबाट गुनासो सम्बोधन भएको हुने | सम्बोधन भएको गुनासो | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.८ | सार्वजनिक पद धारण गरेको व्यक्तिले सदाचारलाई जीवनशैलीकै रूपमा अनुसरण गर्नुपर्ने व्यवस्था भएको हुने | आचार संहिता उल्लङ्घनको उजुरी | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.९ | मूल्याङ्कन पद्धति वस्तुपरक भएको हुने | कार्यसम्पादन सूचक निर्माण | सङ्ख्या | | १ | ० | ० | ० | ० | १ | ,, | ,, | |
| प्रतिफल १.१० | सरकारी कामकारवाहीलाई मितव्ययी बनाउन आधुनिक सूचना प्रविधिको प्रयोग गर्ने तथा निश्चित मापदण्डका आधारमा खर्च गर्ने व्यवस्था भएको हुने | खर्चको मापदण्ड र कार्यक्रम सञ्चालन कार्यविधि निर्माण | सङ्ख्या | | २ | ० | ० | ० | ० | २ | ,, | ,, | |
| प्रतिफल १.११ | सार्वजनिक सुनुवाइ सामाजिक परीक्षण सूचना सम्प्रेषण खर्चको विवरण सार्वजनिक गरी नगरपालिकाको कामकारवाही पारदर्शी भई नगरपालिकाको सकारात्मक छवि निर्माण भएको हुने | सार्वजनिक सुनुवाइ कार्यक्रम | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | सामाजिक परीक्षण कार्यक्रम | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | व्यवस्थापन परीक्षण | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.१२ | सुशासन नियमावली निर्माण भई सार्वजनिक प्रशासनमा सुशासन कायम भएको हुने | सुशासन नियमावली निर्माण | सङ्ख्या | | १ | ० | ० | ० | ० | १ | " | " | |

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२/८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | | | | |
| असर २ | नगरपालिकाको सार्वजनिक प्रशासन पारदर्शी, परिणाममुखी र जवाफदेही भई सार्वजनिक सेवा प्रवाह प्रभावकारी भएको हुने | सेवाग्राही सन्तुष्टी | प्रतिशत | | | | | | | | ,, | ,, | |
| | | भ्रष्टाचार सम्बन्धी उजुरी | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.१ | O & M Survey भई विद्यमान संगठन संरचनामा परिमार्जन भएको हुने | O & M Survey | पटक | | १ | ० | ० | ० | ० | १ | ,, | ,, | |
| प्रतिफल २.२ | नगरपालिकामा कार्यरत कर्मचारीहरूले सेवाकालीन तालिम प्राप्त गरी सेवा प्रवाह प्रभावकारी भएको हुने | सेवाकालीन तालिममा सहभागी कर्मचारी | सङ्ख्या | | २ | २ | २ | २ | २ | १० | ,, | ,, | |
| प्रतिफल २.३ | नगरपालिकाबाट प्रवाह हुने सेवामा क्रमशः अनलाइन तथा अफलाइन सफ्टवेयर प्रयोग भई विद्युतीय शासन प्रणालीतर्फ अगाडि बढेको हुने | अनलाक्षन तथा अफलाइन सफ्टवेयर प्रयोग भएको सेवा | सङ्ख्या | ९ | १ | २ | १ | १ | १ | १५ | ,, | ,, | |
| प्रतिफल २.४ | शाखागत र कर्मचारीगत कार्यविवरण तयार भई सोही बमोजिम कार्यसम्पादन सम्झौता भई सार्वजनिक प्रशासन जिम्मेवार र जवाफदेही भएको हुने | तयार भएको कार्यविवरण | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | कार्यसम्पादन सम्झौता | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.५ | योजना/कार्यक्रम कार्यान्वयन कार्यसम्पादन सम्झौता सम्बन्धी कार्यविधि निर्माण भई सोही बमोजिम योजना/कार्यक्रमको प्रमुख जिम्मेवारीमा रहेका पदाधिकारीलाई जिम्मेवार बनाइएको हुने | योजना/कार्यक्रम कार्यान्वयन कार्यसम्पादन सम्झौता सम्बन्धी कार्यविधि निर्माण | सङ्ख्या | | १ | ० | ० | ० | ० | १ | ,, | ,, | |
| प्रतिफल २.६ | योजना/कार्यक्रम कार्यान्वयन वार्षिक कार्यतालिका निर्माण भई सोही बमोजिम कार्यसम्पादन भएको हुने | वार्षिक कार्यतालिका निर्माण | सङ्ख्या | | १ | १ | १ | १ | १ | ५ | ,, | ,, | |
| प्रतिफल २.७ | योजना/कार्यक्रमको अनुगमनबाट प्राप्त पृष्ठपोषण बमोजिम परिमार्जन भएको हुने | पृष्ठपोषण प्राप्त योजना/कार्यक्रम | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | पृष्ठपोषण बमोजिम परिमार्जित योजना | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.८ | योजना/कार्यक्रम कार्यान्वयन अभिमुखीकरणबाट कार्य सम्पादनमा सुधार आई प्रभावकारी कार्यान्वयन भएको हुने | अभिमुखीकरण कार्यक्रम | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.९ | कार्यसम्पादनमा उत्कृष्ट कर्मचारी पुरस्कृत भई अन्य कर्मचारीमा उत्प्रेरणा जागेको हुने | पुरस्कृत कर्मचारी | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.१० | कर्मचारीको आचार संहिता बनी कर्मचारीमा सदाचारिता कायम भएको हुने | कर्मचारी आचार संहिता | सङ्ख्या | | १ | ० | ० | ० | ० | १ | ,, | ,, | |

## ८.३ वित्तीय सुशासन

### ८.३.१ पृष्ठभूमि

सार्वजनिक स्रोतको मितव्ययी र अधिकतम परिचालन गरी उच्चतम प्रतिफल हासिल गर्नु हरेक सरकारको दायित्व हुन्छ। यसका लागि हरेक सरकारमा वित्तीय सुशासन कायम गर्नु आवश्यक छ। आयव्ययको वित्तीय प्रतिवेदन तथा लेखापरीक्षण मार्फत वित्तीय व्यवस्थापनमा पारदर्शिता र जबाफदेहिता अभिवृद्धि गरी नागरिकलाई वित्तीय सुशासनको प्रत्याभूति दिनु पर्ने हुन्छ। सार्वजनिक आय र व्ययको अद्यावधिक स्थिति लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई नियमित र एकरूपता कायम गरी प्रभावकारी बनाउँदै लैजानका लागि सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापन प्रणाली प्रयोगमा आएको छ। सार्वजनिक खर्चको पारदर्शिता अभिवृद्धि गर्न सरकारी निकायका कार्यक्रम तथा खर्चलाई सार्वजनिकीकरण गर्ने पद्धतिको समेत विकास भएको छ।

### ८.३.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती

**(१) विद्यमान अवस्था**

भीरकोट नगरपालिकाले आय र व्ययको लेखाङ्कन तथा प्रतिवेदन प्रणाली विद्युतीय प्रणाली (SuTRa) प्रयोग गर्दै आइरहेको छ। भुक्तानी प्रणाली पूर्ण रूपमा विद्युतीय भुक्तानी प्रणाली (EFT) प्रयोग गरेको छ। यस प्रणाली अनुसार भुक्तानी प्राप्तकर्ताको बैंक खातामा सिधै रकम ट्रान्स्फर हुने हुनाले चेक साट्नुपर्ने झन्झट हुँदैन। राजस्व सङ्कलनका लागि पनि अनलाइन सफ्टवेयर प्रयोग गरेको छ। यी विद्युतीय प्रणालीहरूमा लेखाङ्कन र प्रतिवेदन प्रणालीबाटै प्राप्त गर्न सकिने भएकाले सबै आर्थिक कारोबारहरू सहज र सरल भएको छ। चुहावटको नियन्त्रण गर्न पनि सहज हुने हुनाले वित्तीय सुशासनमा पनि सुधार हुँदै गएको छ। साथै सार्वजनिक खरिदको ठेक्का प्रक्रियामा पूर्णरूपमा E-Biddibg प्रयोगमा आउँदा प्रतिस्पर्धामा प्रोत्साहन र पारदर्शिता कायम भएको छ।

**(२) सबल पक्ष**

(क) आम्दानी र खर्चमा पूर्णरूपमा विद्युतीय प्रणालीको प्रयोग हुनु;
(ख) भुक्तानी प्रणालीमा Electronic Funds Transfer (EFT) को पूर्ण प्रयोग हुनु;
(ग) स्थानीय खरिद नियमावली बन्नु;
(घ) सार्वजनिक खरिदको ठेक्का प्रक्रियामा पूर्णरूपमा E-Bidding प्रयोगमा आउनु;
(ङ) प्रणालीबाट प्रतिवेदन प्राप्त गर्न सकिने हुँदा नियमित सार्वजनिकीकरणमा सहजता आउनु।

**(३) दुर्बल पक्ष**

(क) चालु खर्चमा भएको बढोत्तरीसँगै वित्तीय सुशासनको स्थिति खस्कँदै जानु;
(ख) बेरुजुको मात्रामा वृद्धि हुँदै जानु;
(ग) आर्थिक उत्तरदायित्व तथा जबाफदेहिताको अवस्था कमजोर हुनु;
(घ) विकास खर्च अपेक्षित गति र परिमाणमा नहुनु।

**(४) अवसर**

(क) नगरपालिकाको आय र व्यय अनुमान प्रत्येक वर्षको आषाढ १० गतेभित्र नगरसभामा पेश गर्ने कानूनी व्यवस्था हुनु;
(ख) आय व्ययको लेखाङ्कन प्रणाली संघीय सरकारबाटै उपलब्ध हुनु;
(ग) जिन्सी आम्दानी खर्च संघीय सरकारबाटै उपलब्ध अनलाइन सफ्टवेयरमा आधारित हुनु;

(घ) संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने बजेटको कार्यतालिका हुनु ।

**(५) चुनौती**

(क) संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान समयमै प्राप्त गर्नु;

(ख) तोकिएको समयमै कार्यक्रम र बजेट स्वीकृत गर्नु;

(ग) समयमा ठेक्का बन्दोबस्त गर्नु;

(घ) पुँजीगत खर्च वृद्धि गर्नु;

(ङ) आन्तरिक लेखापरीक्षण र आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण गर्नु;

(च) खरिद कार्यलाई सार्वजनिक खरिद ऐनको मर्म अनुरूप मितव्ययी र प्रतिस्पर्धी बनाउँदै आर्थिक वर्षको अन्त्यमा मात्रै अत्याधिक खर्च गर्ने प्रवृत्तिमा रोक लगाउनु,

(छ) बेरुजुको मात्रा घटाउनु;

(ज) वित्तीय पारदर्शिता कायम गर्नु ।

### ८.३.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"प्रभावकारी सार्वजनिक खर्च व्यवस्थापन मार्फत वित्तीय सुशासन"

**लक्ष्य**

सार्वजनिक आय र व्ययलाई व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाई समग्र विकास प्रक्रियालाई प्रभावकारी बनाउने ।

**उद्देश्य**

१ नगरपालिकाको सार्वजनिक आय र व्यय प्रणाली पारदर्शी एवं प्रभावकारी बनाउनु ।

### ८.३.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: नगरपालिकाको सार्वजनिक आय र व्यय प्रणाली पारदर्शी एवं प्रभावकारी बनाउनु** | |
| १.१ वित्तीय व्यवस्थापन प्रणाली सुदृढीकरण गर्ने | १.१.१ वित्तीय व्यवस्थापन प्रणाली सुदृढ गरी राजस्व परिचालन क्षमता अभिवृद्धि गरिनेछ;<br>१.१.२ वित्तीय व्यवस्थापनका सबै क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ;<br>१.१.३ आयव्यय सार्वजनिक गरी पारदर्शिता कायम गरिनेछ । |
| १.२ सार्वजनिक खरिदलाई पारदर्शी, प्रतिस्पर्धी र प्रभावकारी बनाउने | १.२.१ नगरपालिकाको खरिद कानून तथा गुरुयोजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ,<br>१.२.२ विकास आयोजनाहरूको ठेक्का निर्धारित समयभित्रै गर्ने तथा पूर्ण रूपमा विद्युतीय बोलपत्र प्रयोगमा ल्याइनेछ,<br>१.२.३ निर्धारित समय अगावै काम सम्पन्न गर्ने ठेकेदारलाई प्रोत्साहनको व्यवस्था गरिनेछ । |

## ८.३.५ विस्तृत कार्यक्रम

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष | योजनाको कुल लक्ष्य | लागत (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| **क. वित्तीय सुशासन सुदृढीकरण कार्यक्रम** | | | | | | | | | | | | | | | |
| १ | १.१ | १.१.१ | १ | प्रत्येक वर्ष राजस्व सम्बन्धी अध्ययन गर्ने (राजस्व परामर्श समितिले) | पटक | पालिका | निरन्तर | ५ | ५० | ५० | ५० | ५० | ५० | **२५०** | **पालिका** |
| | | | २ | कर्मचारीको राजस्व परिचालन क्षमता अभिवृद्धि गर्ने | पटक | पालिका | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | | १.१.२ | १ | बजेट तथा योजना सूचना प्रणालीको विकास सुदृढ गर्ने | सङ्ख्या | पालिका | १ | ३ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | | | २ | वित्तीय व्यवस्थापन तथा लेखाङ्कन सम्बन्धी तालिम | जना | पालिका | ० | २ | ० | १०० | ० | १०० | ० | **२००** | **पालिका** |
| | | १.१.३ | १ | खर्च विवरण प्रत्येक ३ महिनामा कार्यपालिकामा पेश गर्ने र सार्वजनिक गर्ने | पटक | पालिका | ० | ४८ | ० | १०० | ० | ० | ० | **१००** | **पालिका** |
| | १.२ | १.२.१ | १ | सार्वजनिक खरिद नियमावली तर्जुमा | सङ्ख्या | पालिका | १ | १ | ५० | ० | ० | ० | ० | **५०** | **पालिका** |
| | | | २ | खरिद गुरुयोजना निर्माण | सङ्ख्या | पालिका | १ | १ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | | १.२.२ | १ | ठेक्का सम्बन्धी वार्षिक कार्यतालिका बनाइ कार्यान्वयन गर्ने | पटक | पालिका | १ | ५ | ० | ० | ० | ० | ० | **०** | **पालिका** |
| | | | २ | ई-बिडिङ् सम्बन्धी तालिम | पटक | पालिका | ० | ३ | १०० | ० | १०० | ० | १०० | **३००** | **पालिका** |
| | | १.२.२ | १ | समयमै काम सम्पन्न गर्ने ठेकेदारलाई प्रोत्साहन गर्ने कार्यविधि बनाई लागु गर्ने | पटक | पालिका | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | **जम्मा** | | | | | | | | **६००** | **६५०** | **५५०** | **५५०** | **५५०** | **२९००** | |
| | **पालिकाको हिस्सा** | | | | | | | | **६००** | **६५०** | **५५०** | **५५०** | **५५०** | **२९००** | |

## ८.३.६ नतिजा

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| प्रभाव | सार्वजनिक खर्च व्यवस्थापन पारदर्शी र अनुमानयोग्य बनी समग्र विकास प्रक्रिया प्रभावकारी भई वित्तीय सुशासन कायम भएको हुने | औसत वार्षिक पुँजीगत खर्च | प्रतिशत | | ७० | ७५ | ८० | ८५ | ९० | ९० | वार्षिक प्रतिवेदन | आर्थिक प्रशासन शाखा | |
| | | कुल खर्चमा औसत वार्षिक बेरुजु | प्रतिशत | २.५८ | १ | ०.५ | ०.२५ | ०.१ | ० | ० | | | |
| असर १ | नगरपालिकाको सार्वजनिक आय र खर्च प्रणाली पारदर्शी र प्रभावकारी भएको हुने | निर्धारित समयमा वार्षिक बजेट स्वीकृत | पटक | | १ | १ | १ | १ | १ | ५ | ,, | | |
| | | वार्षिक योजना/कार्यक्रम वेबसाइटमा | पटक | | १ | १ | १ | १ | १ | ५ | ,, | ,, | |
| | | आयव्ययको अद्यावधिक विवरण वेबसाइटमा | पटक | | ४ | ४ | ४ | ४ | ४ | २० | ,, | ,, | |
| प्रतिफल १.१ | वित्तीय व्यवस्थापन प्रणाली सुदृढ भई राजस्व परिचालन क्षमता वृद्धि भएको हुने | आन्तरिक राजस्व आम्दानीमा वार्षिक वृद्धि | प्रतिशत | | | | | | | | ,, | राजस्व शाखा | |
| | | राजश्व अध्ययन प्रतिवेदन | सङ्ख्या | | १ | १ | १ | १ | १ | ५ | | | |
| प्रतिफल १.२ | वित्तीय व्यवस्थापनका सबै क्षेत्रमा विद्युतीय कारोबार विस्तार भएको हुने | EFT बाट भुक्तानी | प्रतिशत | | | | | | | | ,, | आर्थिक प्रशासन शाखा | |
| | | आय सफ्टवेयर प्रयोग | सङ्ख्या | | | | | | | | ,, | | |
| | | भुक्तानी सफ्टवेयरको प्रयोग | संखया | | | | | | | | ,, | | |
| | | प्रणालीबाटै प्राप्त प्रतिवेदन सार्वजनिक | पटक | | ४ | ४ | ४ | ४ | ४ | २० | ,, | | |
| प्रतिफल १.३ | नगरपालिकाको सार्वजनिक खरिद नियमावली र ५ वर्षे खरिद गुरुयोजना निर्माण भई कार्यान्वयन भएको हुने | सार्वजनिक खरिद नियमावली निर्माण | सङ्ख्या | | १ | ० | ० | ० | ० | १ | ,, | ,, | |
| प्रतिफल १.४ | विकास आयोजनाहरूको ठेक्का प्रक्रिया निर्धारित समयमा भई समयभित्रै सम्पन्न भएको हुने र ठेक्का प्रक्रिया पूर्ण रूपमा विद्युतीय प्रणालीमा आधारित भएको हुने | ठेक्का सम्बन्धी वार्षिक कार्यतालिका | सङ्ख्या | | १ | १ | १ | १ | १ | ५ | ,, | ,, | |
| | | इ-विडिडमा आधारित ठेक्का | प्रतिशत | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.५ | निर्धारित समय अगावै काम सम्पन्न गर्ने ठेकेदारलाई प्रोत्साहनको व्यवस्था भएको हुने | समयमा ठेक्का सक्ने ठेकेदारलाई प्रोत्साहन कार्यविधि | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | पुरस्कृत निर्माण व्यवसायी | सङ्ख्या | | | | | | | | ,, | ,, | |

## ८.४ स्रोत परिचालन तथा योजना व्यवस्थापन

### ८.४.१ पृष्ठभूमि

नेपालको संविधानले स्थानीय तहलाई आर्थिक अधिकार क्षेत्रभित्रका सीमित क्षेत्रमा कर तथा शुल्क लगाई राजस्व सङ्कलन गर्न, संघीय तथा प्रदेश सरकारबाट राजस्व बाँडफाँट र अनुदान प्राप्त गर्न तथा ऋण लिन सक्ने अधिकार प्रदान गरेको छ । आन्तरिक आयका यिनै स्रोत तथा संघीय र प्रदेश सरकारबाट आउने अनुदानहरू र राजस्व बाँडफाँटबाट प्राप्त हुने आम्दानीको परिचालन गरी स्थानीय तहले आफ्नो सार्वजनिक खर्च व्यवस्थापन गर्नु पर्दछ । स्थानीय तहलाई संघ र प्रदेशबाट समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान गरी चार/चार प्रकारका अनुदान प्राप्त हुन्छ । राजस्व बाँडफाँट अन्तर्गत संघीय सरकारबाट मूल्य अभिवृद्धि कर, अन्तः शुल्क र रोयल्टी शीर्षक, प्रदेश सरकारबाट सवारी साधन कर शीर्षकको आम्दानीको हिस्सा प्राप्त हुन्छ भने स्थानीय तहबाट घरजग्गा रजिष्ट्रेशन, दहत्तर बहत्तर, विज्ञापन कर, पर्यटन शुल्क शीर्षकको राजस्व प्रदेशसँग बाँडफाँट गर्नुपर्ने हुन्छ । संविधान प्रदत्त स्थानीय तहले उठाउन पाउने कर, शुल्क, दस्तुरको दर र दायरा विवेकपूर्ण र न्यायपूर्ण रूपमा आम नागरिकको कर तिर्ने क्षमता भन्दा बोझिलो नहुने गरी सङ्कलन गर्नु पर्ने हुन्छ ।

सन् २०३० सम्मका लागि तय गरिएको दिगो विकास लक्ष्य पूरा गर्न, संवैधानिक दायित्व पूरा गर्न तथा यस आवधिक योजनाले राखेको सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रमहरू सञ्चालन गरी अधिकतम उपलब्धि हासिल गर्न विवकेपूर्ण लगानी र अधिकतम स्रोत परिचालन गरी व्यवस्थापन गर्नुपर्ने हुन्छ । जनताको करबाट प्राप्त हुने स्रोतको विनियोजन तथा लगानी गर्ने विषय अत्याधिक संवेदनशील हुने हुनाले यो कार्य अत्यन्त विवेकपूर्ण ढङ्गले गर्नु पर्ने हुन्छ ।

### ८.४.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती

**(१) विद्यमान अवस्था**

संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान प्रस्ताव गरिएको भन्दा वास्तविक आय कम हुनु हुँदैन र प्रतिवर्ष बढ्दो क्रममा आउनु पर्नेमा विगत आर्थिक वर्षको संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदान प्रस्तावित अङ्कको औसत ९६.१७ प्रतिशत मात्र प्राप्त भएको छ । प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान प्रस्तावित अङ्कको ८२.६७ प्रतिशत र राजस्व बाँडफाँटतर्फ राजस्व बाँडफाँटबाट प्राप्त हुने आम्दानी प्रस्तावित अङ्कको ८१.३० प्रतिशत मात्र प्राप्त भएको छ । यसै गरी आन्तरिक प्रस्तावित आयको ८१.१५ प्रतिशत मात्र वास्तविक आय भएको छ । यसरी सबै क्षेत्रबाट लक्ष्य भन्दा कम आम्दानी हुँदा योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति बमोजिम लगानी सुनिश्चित हुन नसकी अपेक्षित नतिजा हासिल गर्न बाधा पुग्ने अवस्था हुन्छ ।

**(२) सबल पक्ष**

(क) कानूनले तोकेकै समयमा बजेट पेश हुनु;

(ख) वार्षिक कार्यक्रम तथा बजेट निर्माण गर्दा बस्तीस्तर र वडास्तरबाट योजना सङ्कलन गरी विषयगत समिति र कार्यपालिकाबाट अन्तिम टुङ्गो लगाई नगरसभामा पेश गर्नु;

(ग) आर्थिक ऐन तर्जुमा पूर्व राजस्व परामर्श समितिमा व्यापक छलफल भई करका दर तथा सिद्धान्त तय हुनु;

(घ) राजस्वको शीर्षकगत वार्षिक लक्ष्य निर्धारण हुनु;

(ङ) मध्यमकालीन खर्च संरचना तर्जुमा हुनु ।

**(३) दुर्बल पक्ष**

(क) संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा आन्तरिक आय लक्ष्य अनुसार प्राप्त हुन नसक्नु;

(ख) आन्तरिक स्रोतको पूर्ण परिचालन हुन नसक्नु;

(ग) राजस्व सङ्कलनमा दक्ष जनशक्ति नहुनु;

(घ) राजस्व प्रशासनलाई पूर्ण रूपमा प्रविधिमैत्री बनाउन नसक्नु;

(ङ) बजेट तर्जुमामा विद्युतीय प्रणाली लागु गर्न नसकिनु;

(च) बजेटको अभावमा योजनाहरूको भुक्तानी अर्को आर्थिक वर्षमा जिम्मेवारी सार्नु पर्ने हुनु;

(छ) बजेट/कार्यक्रम तर्जुमा गर्दा पूर्वाधारमा मात्र बढी केन्द्रित हुनु ।

**(४) अवसर**

(क) बजेट पेश गर्ने मिति कानूनद्वारा निर्दिष्ट हुनु;

(ख) वित्तको प्रमुख स्रोत संघीय र प्रदेश सरकारबाट प्राप्त हुने व्यवस्था हुनु;

(ग) राष्ट्रिय प्राकृतिक तथा वित्त आयोगबाट अनुदान निर्धारण गर्ने व्यवस्था हुनु;

(घ) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन कार्यान्वयनमा आउनु;

(ङ) स्थानीय तहले प्राप्त गर्ने स्रोतका सम्बन्धमा संविधानमै व्यवस्था हुनु;

(च) स्थानीय विशिष्टता, आवश्यकताका आधारमा योजना तथा कार्यक्रम तय गरी बजेट विनियोजन गर्न सकिनु;

(छ) स्थानीय करदाताको क्षमता अनुसार आन्तरिक कर व्यवस्थापन गर्न पाइनु ।

**(५) चुनौती**

(क) अनुमानित (प्रस्तावित) आय बमोजिम वास्तविक आय प्राप्त गर्नु;

(ख) आन्तरिक आयका स्रोतहरूको पहिचान र परिचालन गर्नु;

(ग) बजेट तथा कार्यक्रम यथार्थपरक बनाउनु;

(घ) आवधिक योजनाका आधारमा वार्षिक योजना निर्माण गर्नु;

(ङ) वार्षिक बजेट तथा कार्यक्रम दक्षतापूर्वक कार्यान्वयन गर्नु;

(च) टुक्रे योजनालाई निरुत्साहित गरी परिणाममुखी योजना तर्जुमा गर्नु ।

### ८.४.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति

**दीर्घकालीन सोच**

"वित्तीय स्रोतको अधिकतम् परिचालन र विवेकपूर्ण विनियोजनबाट भीरकोटको समृद्धि"

**लक्ष्य**

राजस्वको कुशल परिचालन र दक्षतापूर्ण विनियोजनबाट दिगो समृद्धि हासिल गर्ने ।

**उद्देश्य**

१ राजस्व परिचालन प्रणालीको सबलीकरण गर्नु;

२ उत्पादनशील रोजगारी सिर्जना र उत्पादकत्व वृद्धि हुने गरी योजना तर्जुमा गर्नु;

३ सामाजिक न्याय सहितको लगानीको वितरण गर्नु ।

### ८.४.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: राजस्व परिचालन प्रणालीको सबलीकरण गर्नु** | |
| १.१ नगरपालिकाको आन्तरिक राजस्व प्रणालीको सबलीकरण गरी आन्तरिक आयबाट चालु खर्च धान्न सक्ने बनाउनु | १.१.१ राजस्व सम्भाव्यता अध्ययन तथा राजस्व सुधार कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ;<br>१.१.२ राजस्व शाखाका कर्मचारीको क्षमता विकास गरिनेछ;<br>१.१.३ करदाताको तथ्याङ्क प्रविष्टि गरिनेछ;<br>१.१.४ राजस्व प्रशासनमा सूचना प्रविधिको प्रयोग गरिनेछ;<br>१.१.५ करदाता शिक्षा सञ्चालन तथा कर सम्बन्धी जानकारी/सूचना प्रचार गरी करदाता प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ। |
| **उद्देश्य २: उत्पादनशील रोजगारी सिर्जना र उत्पादकत्व वृद्धि हुनेगरी योजना तर्जुमा गर्नु** | |
| २.१ रोजगारीका अवसरको सिर्जना, उत्पादन र उत्पादकत्वमा वृद्धि एवं पुँजी निर्माण हुने गरी स्रोतको महत्तम परिचालन गर्ने | २.१.१ कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन जस्ता क्षेत्रको विकासका लागि सबल पूर्वाधार निर्माण गर्नेगरी योजना प्राथमिकीकरण गरी वार्षिक योजना तर्जुमा गरिनेछ;<br>२.१.२ आवधिक योजना र वार्षिक योजना बिच तादात्म्यता कायम गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गरी कार्यान्वयन गरिनेछ। |
| **उद्देश्य ३: सामाजिक न्याय सहितको लगानीको वितरण गर्नु** | |
| ३.१ पूर्वाधार विकास तथा सामाजिक क्षेत्रमा लगानी गर्दा समाजका सबै वर्ग र क्षेत्रमा समन्यायिक वितरण गर्ने | ३.१.१ सार्वजनिक निर्माण र सामाजिक क्षेत्रबाट प्राप्त लगानीको प्रतिफल समाजका सबै वर्ग र क्षेत्रमा समन्यायिक वितरण हुने प्रबन्ध मिलाइनेछ। |
| ३.२ नगरपालिकाको आर्थिक नीतिको मूल प्रवाहमा आउन नसकेका नागरिकलाई सामाजिक संरक्षणका माध्यमबाट मूल प्रवाहीकरण गर्ने | ३.२.१ आर्थिक र सामाजिक रूपले पछाडि परेका नागरिकलाई सामाजिक संरक्षणका कार्यक्रम मार्फत संरक्षण गरिनेछ। |

## ८.४.५ विस्तृत कार्यक्रम

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं. | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष | योजनाको कुल लक्ष्य | लागत (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| **क. स्रोत परिचालन तथा योजना व्यवस्थापन कार्यक्रम** | | | | | | | | | | | | | | | |
| १ | १.१ | १.१.१ | १ | राजस्व सम्भाव्यता अध्ययन तथा राजस्व सुधार कार्ययोजना निर्माण | सङ्ख्या | पालिका | ० | १ | ३०० | ० | **०** | **०** | **०** | **३००** | **पालिका** |
| | | १.१.२ | १ | राजस्व शाखा/वडा सचिवको कर्मचारीको क्षमता विकास कार्यक्रम | पटक | पालिका | ० | ३ | १०० | ० | **१००** | **०** | **०** | **२००** | **पालिका** |
| | | १.१.३ | १ | करदाता तथ्याङ्क सङ्कलन र प्रविष्टि | पटक | पालका/वडा | ० | ५ | ५० | ५० | ५० | ५० | ५० | **२५०** | **पालिका** |
| | | १.१.५ | १ | करदाता शिक्षा कार्यक्रम | पटक | पालिका | ० | ५ | १०० | १०० | **१००** | **१००** | **१००** | **५००** | **पालिका** |
| | | | २ | करदाता सेवा सम्बन्धी स्थानीय तहमा व्यवस्थापन | पटक | पालिका | ० | १ | २५० | ० | **१५०** | **०** | **१५०** | **५५०** | **पालिका** |
| | | | ३ | कर सम्बन्धी सूचना तयारी तथा प्रचार प्रसार | पटक | पालिका | १ | ५ | १०० | १०० | **१००** | **१००** | **१००** | **५००** | **पालिका** |
| | | | ४ | उत्कृष्ट करदाता सम्मान कार्यक्रम | पटक | पालिका | ० | ५ | ५० | ५० | **५०** | **५०** | **५०** | **२५०** | **पालिका** |
| | | | ५ | तोकिएको समयमा कर तिर्ने करदातालाई छुट | पटक | पालिका | ० | ५ | ० | ० | **०** | **०** | **०** | **०** | **पालिका** |
| २ | २.१ | २.१.२ | १ | मध्यमकालीन खर्च संरचना तर्जुमा | सङ्ख्या | पालिका | १ | २ | ३०० | ३०० | ३०० | ३०० | ३०० | **१५००** | **पालिका** |
| ३ | ३.१ | ३.१.१ | १ | लैङ्गिक तथा समावेशी उत्तरदायी बजेट निर्माण सम्बन्धी तालिम (विषयगत समिति तथा शाखा) | पटक | पालिका | ० | २ | १०० | ० | **०** | **१००** | **०** | **२००** | **पालिका** |
| | ३.२ | ३.२.१ | १ | नगरपालिकाको आर्थिक नीतिमा सामाजिक संरक्षण कार्यक्रम एकीकृत गर्ने | पटक | पालिका | ० | ५ | ० | ० | **०** | **०** | **०** | **०** | **पालिका** |
| | **जम्मा** | | | | | | | | **१३५०** | **६००** | **८५०** | **७००** | **७५०** | **४२५०** | |
| | **पालिकाको हिस्सा** | | | | | | | | **१३५०** | **६००** | **८५०** | **७००** | **७५०** | **४२५०** | |

## ८.४.६ नतिजा

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| प्रभाव | उपलब्ध स्रोत साधनको कुशल परिचालन र दक्षतापूर्ण विनियोजनबाट दिगो समृद्धि हासिल भएको हुने | आर्थिक वृद्धि दर | प्रतिशत | | | | | | | | अध्ययन प्रतिवेदन | आर्थिक प्रशासन शाखा | |
| | | लगानीको प्रतिफल वर्ग र क्षेत्रमा वितरण अवस्था | प्रतिशत | | | | | | | | | | |
| असर १ | राजस्व परिचालन प्रणाली सबल भई आन्तरिक आयले चालु खर्च धान्न सक्ने अवस्था सिर्जना भएको हुने | आन्तरिक आय | रु हजारमा | | | | | | | | वार्षिक प्रतिवेदन | राजस्व शाखा | |
| | | चालु खर्च | रु हजारमा | | | | | | | | | आ.प्र. शाखा | |
| प्रतिफल १.१ | नगरपालिकाको राजस्व प्रणाली सबल भई आन्तरिक आयबाट चालु खर्च धानेको हुने | राजस्व सुधार योजना तर्जुमा | सङ्ख्या | | १ | ० | ० | ० | ० | १ | ,, | आर्थिक प्र. शाखा | |
| प्रतिफल १.२ | राजस्व प्रशासन शाखाका कर्मचारीको क्षमता वृद्धि भई राजस्व सङ्कलनमा सुधार भएको हुने | आन्तरिक आयमा वृद्धि | प्रतिशत | | | | | | | | ,, | राजस्व शाखा | |
| प्रतिफल १.३ | करदाताको तथ्याङ्क प्रविष्टि भई कर आकलन अनुमान योग्य भएको हुने | करदाता प्रविष्टि | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल १.४ | राजस्व परिचालन सूचना प्रविधिमा आधारित भएको हुने | राजस्व ट्र्याकिङ प्रविधिको प्रयोग | सङ्ख्या | | १ | | | | | १ | ,, | राजस्व शाखा | |
| प्रतिफल १.५ | करदाता शिक्षा कार्यक्रम र कर सम्बन्धी सूचना प्रचार प्रसार भई करदातामा कर तिर्न तत्परता आएको हुने र तोकिएको समयमा कर तिर्ने करदाताले कर छुट पाएको हुने | करदाता शिक्षा सञ्चालन कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | ५ | ,, | योजना शाखा | |
| | | कर सम्बन्धी प्रचार सामग्री तयार | पटक | | १ | १ | १ | १ | १ | ५ | ,, | ,, | |
| | | कर छुट पाउने कर दातान | सङ्ख्या | | | | | | | | | | |
| असर २ | योजना तर्जुमा सम्बन्धी तालिम पाई उत्पादनशील रोजगारी सिर्जना र उत्पादन वृद्धि हुने गरी योजना तर्जुमा भएको हुने | योजना तर्जुमा तालिम कार्यक्रम | पटक | | | | | | | | ,, | आर्थिक वि. शाखा | |
| | | मध्यमकालीन खर्च संरचना निर्माण | सङ्ख्या | | १ | ० | ० | १ | ० | २ | | | |
| प्रतिफल २.१ | टोल विकास तथा वडा समितिका पदाधिकारीले योजना तर्जुमा सम्बन्धी तालीम पाई उत्पादनशील रोजगारी सिर्जना र उत्पादकत्व वृद्धि हुने गरी योजना तर्जुमा भएको हुने | योजना तर्जुमा तालिम | सङ्ख्या | | | | | | | | ,, | योजना शाखा | |
| प्रतिफल २.२ | मध्यमकालीन खर्च संरचना तर्जुमा भई आवधिक योजना र वार्षिक योजनाको बिच तादात्म्यता कायम भएको हुने | मध्यमकालीन खर्च संरचना तर्जुमा | सङ्ख्या | | १ | ० | ० | १ | ० | २ | | आ.प्र. शाखा | |
| असर ३ | लगानीको वितरणले समाजका सबै वर्ग/क्षेत्र समेटेको हुने | लगानीले नसमेटेका वर्ग र क्षेत्र | सङ्ख्या | | | | | | | | अध्ययन प्रतिवेदन | योजना शाखा | |
| प्रतिफल ३.१ | लगानीको प्रतिफल समाजका सबै वर्ग र क्षेत्रमा समन्यायिक वितरण हुने प्रबन्ध भएको हुने | लगानीले नसमेटेका वर्गहरू | सङ्ख्या | | | | | | | | | ,, | |
| प्रतिफल ३.२ | आर्थिक र सामाजिक रूपले पछाडि परेका नागरिकको सामाजिक संरक्षणका कार्यक्रम मार्फत संरक्षण भएको हुने | सामाजिक संरक्षण कार्यक्रमले समेटेको समुदाय | सङ्ख्या | | | | | | | | ,, | ,, | |

# परिच्छेद ९: तथ्याङ्क प्रणाली, योजना तर्जुमा र कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

## ९.१ तथ्याङ्क प्रणाली

### ९.१.१ पृष्ठभूमि

तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण योजना तर्जुमा प्रक्रियाको पूर्वाधार हो । योजना तर्जुमा प्रक्रियालाई प्रभावकारी बनाउन तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषणको संस्थागत संरचनाको आवश्यकता पर्दछ। भीरकोट नगरपालिकाले Online System मा आधारित Digital Profile तयार गरेको छ। नगरपालिकाका सबै प्रकारका खण्डीकृत तथ्याङ्कहरू यस प्रणालीबाट सङ्कलन गर्न सकिने गरी यो प्रणाली परिमार्जन गर्न सकिने हुनाले यस नगरपालिकाको तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषणको लागि भरपर्दो आधार तयार भएको छ। सूचना प्रविधि शाखाको प्रमुख जिम्मेवारीभित्र राखिएकोले यसलाई नियमित अद्यावधिक गर्न सकिन्छ। अतः नगरपालिकाले यस प्रणालीलाई प्राथमिकतापूर्वक नियमित परिमार्जन र अध्यावधिक बनाउनु आवश्यक छ।

### ९.१.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्वल पक्ष अवसर र चुनौती

**(१) विद्यमान अवस्था**

नगरपालिकाले भरखरै प्रयोगमा ल्याएको तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण प्रणालीलाई आवश्यकता अनुसार परिमार्जन तथा नियमित अध्यावधिक गर्नुपर्ने हुन्छ। शुद्धीकरण नगरी तथ्याङ्क प्रयोग गर्नु हुँदैन। तथ्याङ्क शुद्धीकरण तथा नियमित अध्यावधिक गर्नका लागि सूचना प्रविधि शाखामा कार्यरत कर्मचारी तथा वडा सचिवहरूको दक्षता अभिवृद्धि गर्नु जरुरी छ।

**(२) सबल पक्ष**

(क) Online System मा आधारित Digital Profile कार्यान्वयनमा आउनु;
(ख) व्यक्तिगत घटना दर्ता Online System बाट हुनु;
(ग) नगरपालिकामा सूचना प्रविधि अधिकृतको व्यवस्था हुनु।

**(३) दुर्बल पक्ष**

(क) Online System मा आधारित Digital Profile शुद्धीकरण र अद्यावधिक नहुनु;
(ख) वडा सचिव तथा वडा कार्यालयका कर्मचारीमा Digital Profile अद्यावधिक गर्ने ज्ञानको कमी हुनु;
(ग) तथ्याङ्क सङ्कलन प्राथमिकतामा नपर्नु;
(घ) तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण गर्न दक्ष जनशक्ति उपलब्ध नहुनु।

**(४) अवसर**

(क) राष्ट्रिय तथ्याङ्क कार्यालयबाट विभिन्न विषयगत क्षेत्रको वडास्तरसम्मका खण्डीकृत तथ्याङ्क उपलब्ध हुनु;
(ख) प्रदेश स्थानीय शासन सहयोग कार्यक्रमबाट सहयोग उपलब्ध हुनु;
(ग) तथ्याङ्क सङ्कलन, प्रशोधन र वितरण गर्न सघाउ पुग्ने नयाँ नयाँ प्रविधिहरूको विकास हुनु;
(घ) संघीय तथा प्रदेश सरकारका विभिन्न प्रतिवेदन तथा दस्तावेजहरूमा राष्ट्रिय, प्रदेशस्तरीय तथा नगरपालिकास्तरीय खण्डीकृत तथ्याङ्कहरू उपलब्ध हुनु।

**(५) चुनौती**

(क) अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्न सघाउ पुग्ने आवश्यक तथ्याङ्कहरूको सङ्कलन र व्यवस्थापन गर्नु;

(ख) तथ्याङ्कमा आधारित योजना तर्जुमा गर्ने र योजनाहरूको प्राथमिकीकरण गर्ने परिपाटीको आधारशिला तय गर्नु;

(ग) संघ, प्रदेश र स्थानीय तहले लिने तथ्याङ्क सङ्कलन र प्रशोधन मानहरूमा एकरूपता कायम गर्नु;

(घ) तथ्याङ्कको मूल्य र महत्व बारे सचेतना जगाउनु,

(ङ) तथ्याङ्कको प्रयोगमा एकरूपता कायम गर्नु ।

### ९.१.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति

**दीर्घकालीन सोच**

"योजना तर्जुमाका लागि गुणस्तरीय तथ्याङ्क"

**लक्ष्य**

नीति निर्माणका लागि आवश्यक विश्वसनीय र गुणस्तरीय तथ्याङ्क उपलब्ध गराउने ।

**उद्देश्य**

१ नगरपालिकाको तथ्याङ्क प्रणालीलाई सबल बनाउनु;

२ तथ्याङ्क प्रणालीलाई आधुनिकीकरण गर्नु;

३ विश्वसनीय तथ्यपरक गुणस्तरीय र समयमै तथ्याङ्क उपलब्ध गराउनु ।

### ९.१.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: नगरपालिकाको तथ्याङ्क प्रणालीलाई सबल बनाउनु** | |
| १.१ दिगो विकासका लागि नगरपालिकाको तथ्याङ्क प्रणालीलाई सुदृढ बनाउने | १.१.१ सूचना प्रविधि शाखालाई तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषणको नेतृत्वदायी भूमिका प्रदान गरिनेछ र वडाहरूलाई तथ्याङ्क अद्यावधिक गर्ने प्रस्थान विन्दुको रूपमा विकास गरिनेछ;<br>१.१.२ सूचना प्रविधि शाखा विषयगत शाखा र वडामा कार्यरत कर्मचारीहरूको तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण र व्यवस्थापन गर्न दक्षता र क्षमता वृद्धि गरिनेछ । |
| १.२ तथ्याङ्क सङ्कलन, प्रशोधन, व्यवस्थापन र प्रकाशनलाई व्यवस्थित बनाउने | १.२.१ तथ्याङ्क सङ्कलन र प्रशोधन राष्ट्रिय मापदण्डको आधारमा गरिनेछ;<br>१.२.२ तथ्याङ्क सङ्कलन प्रणालीमा सम्भव भएसम्म नगरपालिकामा प्रयोग भएका सबै सूचना व्यवस्थापन प्रणालीहरू जोडी कम्तीमा प्रत्येक वर्ष तथ्याङ्क अध्यावधिक गरी प्रशोधन, व्यवस्थापन र प्रकाशन गरिनेछ;<br>१.२.३ आयोजना सञ्चालन, मध्यकालीन र अन्तिम अवस्थाको तथ्याङ्क सङ्कलन र विश्लेषण कार्यलाई नियमित रूपमा सञ्चालन गरिनेछ । |
| **उद्देश्य २: तथ्याङ्क प्रणालीलाई आधुनिकीकरण गर्नु** | |
| २.१ तथ्याङ्क सङ्कलन प्रशोधन व्यवस्थापन र प्रकाशन प्रणालीको आधुनिकीकरण गर्ने | २.१.१ नगरपालिकाले प्रयोगमा ल्याएको GIS मा आधारित अनलाइन तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन प्रणालीलाई आवश्यक तथ्याङ्कको आधारमा परिमार्जन गरिनेछ । |
| **उद्देश्य ३: विश्वसनीय, तथ्यपरक र गुणस्तरीय तथ्याङ्क समयमै उपलब्ध गराउनु** | |
| ३.१ सूचना प्रविधि शाखाबाट प्रशोधित तथ्याङ्कलाई भरपर्दो माध्यम मार्फत सार्वजनिक गर्ने | ३.१.१ सूचना प्रविधि शाखाबाट प्रशोधित र अध्यावधिक तथ्याङ्कलाई कार्यपालिका बैठकबाट स्वीकृत गरेर मात्र वेब पोर्टल र प्रकाशन मार्फत प्रयोगकर्ता समक्ष पुऱ्याउने कार्यलाई नियमित रूपमा सञ्चालन गरिनेछ । |

## ९.१.५ विस्तृत कार्यक्रम

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष | योजनाको कुल लक्ष्य | लागत (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| **क. तथ्याङ्क व्यवस्थापन सुदृढीकरण कार्यक्रम** | | | | | | | | | | | | | | | |
| १ | १.१ | १.१.१ | १ | तथ्याङ्क सङ्कलन सम्बन्धी सूचना प्रविधि शाखा, विषयगत शाखा र वडाको कार्यविवरण निर्माण र कार्यान्वयन | प्याकेज | पालिका | ० | १ | ० | ५० | ० | ५० | ० | **१००** | **पालिका** |
| | | १.१.२ | १ | तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण र व्यवस्थापन सम्बन्धी क्षमता विकास तालिम | पटक | पालिका | ० | ३ | १०० | ० | १०० | ० | १०० | **३००** | **पालिका** |
| | १.२ | १.२.१ | १ | राष्ट्रिय मापदण्ड अनुसार तथ्याङ्क अध्यावधिक | पटक | सबै वडा | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | **२५०** | **पालिका** |
| | | १.२.२ | १ | नगरपालिकाको अन्य विषयगत सफ्टवेयरसँग Profile को सम्बन्ध स्थापित गर्न Profile सफ्टवेयर परिमार्जन र अद्यावधिक | पटक | पालिका | १ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | **पालिका** |
| | | | २ | तथ्याङ्क अध्यावधिक, प्रशोधन र व्यवस्थापन | पटक | पालिका/वडा | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | **पालिका** |
| | | १.२.३ | १ | आयोजना सञ्चालन, मध्यकालीन र अन्तिम अवस्थाको तथ्याङ्क सङ्कलन र विश्लेषण | पटक | पालिका | ० | ५ | ५० | ५० | ५० | ५० | ५० | **२५०** | **पालिका** |
| ३ | ३.१ | ३.१.१ | १ | प्रत्येक वर्ष अध्यावधिक तथ्याङ्क कार्यपालिकाबाट स्वीकृति तथा प्रकाशन | पटक | पालिका | ० | ५ | ५० | ५० | ५० | ५० | ५० | **२५०** | **पालिका** |
| | **जम्मा** | | | | | | | | **८५०** | **८००** | **८५०** | **८००** | **८५०** | **४१५०** | |
| | **पालिकाको हिस्सा** | | | | | | | | **८५०** | **८००** | **८५०** | **८००** | **८५०** | **४१५०** | |

## ९.१.६ नतिजा

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| प्रभाव | विश्वसनीय तथ्याङ्कको प्रयोगले गुणस्तरीय योजना तथा कार्यक्रम विकास गर्न सघाउ पुगेको हुने | नीति निर्माण तथा योजना तर्जुमा गर्ने तथ्याङ्क प्रयोगकर्ता | सङ्ख्या | | | | | | | | वार्षिक प्रतिवेदन | सूचना प्रविधि शाखा | |
| असर १ | नगरपालिकाको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन प्रणाली सबल भएको हुने | सूचना प्रविधि शाखाबाट उत्पादित तथ्याङ्क प्रकाशन | सङ्ख्या | | १ | १ | १ | १ | १ | ५ | ,, | | |
| प्रतिफल १.१ | तथ्याङ्क सङ्कलन सम्बन्धी सूचना प्रविधि शाखा, विषयगत शाखा तथा वडा कार्यालयहरूको कार्य विवरण तयार भएको हुने | कार्यविवरण सूची | सङ्ख्या | | १ | ० | ० | ० | ० | १ | ,, | ,, | |

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| प्रतिफल १.२ | सूचना प्रविधि शाखा, विषयगत शाखा र वडामा कार्यरत कर्मचारीहरूले तथ्याङ्क, सङ्कलन, प्रशोधन, विश्लेषण र व्यवस्थापन गर्न दक्षता हासिल भएको हुने | तथ्याङ्क सङ्कलन सम्बन्धी तालिम प्राप्त कर्मचारी | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | नियमित तथ्याङ्क अध्यावधिक | पटक | | १ | १ | १ | १ | १ | ५ | | | |
| प्रतिफल १.३ | नगरपालिकाले प्रयोगमा ल्याएका अन्य सफ्टवेयरहरूसँग प्रोफाइलको सम्बन्ध स्थापित भई प्रणालीबाटै तथ्याङ्क अध्यावधिक भएको हुने | कार्यालयमा प्रयोगमा रहेका अन्य सफ्टवेयरसँग प्रोफाइल सफ्टवेयर अन्तरसम्बन्धित भएको हुने | पटक | | १ | ० | ० | १ | ० | २ | ,, | ,, | |
| प्रतिफल १.४ | आयोजनाहरूको सञ्चालन, मध्यकालीन र अन्तिम अवस्थाको तथ्याङ्क उपलब्ध भई विश्लेषण भएको हुने | योजना मूल्याङ्कन | सङ्ख्या | | १ | १ | १ | १ | १ | ५ | ,, | ,, | |
| असर २ | नगरपालिकाको तथ्याङ्क प्रणाली आधुनिकीकरण भएको हुने | आवश्यक तथ्याङ्कको आधारमा GIS मा आधारित Online Profile परिपार्जन | पटक | | ० | १ | ० | ० | १ | २ | ,, | ,, | |
| प्रतिफल २.१ | GIS मा आधारित Online Profile नियमित रूपमा परिमार्जन भएको हुने | तथ्याङ्क सङ्कलन तथा प्रशोधन प्रणाली परिमार्जन | पटक | | ० | १ | ० | ० | १ | २ | ,, | ,, | |
| असर ३ | प्रत्येक वर्ष नगरपालिकाको परिमार्जित तथ्याङ्क कार्यपालिकाबाट स्वीकृत भई प्रकाशन भएको हुने | Profile प्रकाशन | पटक | | १ | १ | १ | १ | १ | ५ | ,, | ,, | |
| प्रतिफल ३.१ | नगरपालिकाको अध्यावधिक तथ्याङ्क कार्यपालिकाबाट स्वीकृत भई वेब पोर्टल र पुस्ताकाकारमा प्रकाशन भएको हुने | वेब पोर्टल र Profile पुस्तिका | पटक | | १ | १ | १ | १ | १ | ५ | ,, | ,, | |

## ९.२ योजना तर्जुमा र कार्यान्वयन

### ९.२.१ पृष्ठभूमि

योजनाबद्ध विकासका लागि तथ्यगत अध्ययन अनुसन्धान र विश्लेषण गर्दै विषयगत विद्यमान अवस्था अवसर र सम्भावनाहरूको पहिचान गरी त्यसका आधारमा विषय केन्द्रित रणनीति र व्यावहारिक कार्यनीतिसहितको योजना आवश्यक पर्दछ । भीरकोट नगरपालिकाको दोस्रो आवधिक योजनाको दीर्घकालीन सोच **"समृद्ध भीरकोटको आधार: कृषि, पर्यटन र सबल शहरी पूर्वाधार" लाई** 'कृषिमा व्यवसायीकरण, गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता र पर्यटन क्षेत्रको विकासका लागि दिगो पूर्वाधारको विकास गर्ने' दीर्घकालीन लक्ष्यका साथ यस नगरपालिकाको दोस्रो पञ्चवर्षीय योजना तर्जुमा गरिएको छ । योजनाहरूलाई तथ्य र प्रमाणमा आधारित र नतिजामुखी बनाउन हरेक आयोजनाको नतिजा खाका विकास गर्ने र सोको आधारमा योजनाको नियमित रूपमा मूल्याङ्कन गरी उपलब्धि सार्वजनिक गर्ने परिपाटी बसाउन आवश्यक भएको छ ।

### ९.२.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती

**(१) विद्यमान अवस्था**

नगरपालिकाको पहिलो आवधिक योजना अवधि सकिएको छ । पहिलो आवधिक योजनाले परिमाणात्मक समष्टिगत दीर्घकालीन लक्ष्य उल्लेख नगरेकोले तथ्याङ्कगत समीक्षा गर्न सकिएन । तर पनि पहिलो योजना कार्यान्वयनमा आएपछि सडक पूर्वाधार, आधारभूत खानेपानीको आपूर्ति, सिँचाइको पूर्वाधार, पर्यटन क्षेत्र, कृषि तथा पशुपन्छी, शिक्षा, स्वास्थ्य, सामाजिक विकास, प्रशासकीय तथा वित्तीय शासन व्यवस्थामा धेरै कामहरू भएका छन् । यसबाट आंशिक रूपमा योजनाका लक्ष्य हासिल उन्मुख देखिन्छ । यस नगरपालिकामा पनि साना लागतका योजनाहरू धेरै हुने गरेको छ । नेपाल सरकारको वि.सं. २१०० मा हासिल गर्न तय भएको दीर्घकालीन सोच **"समृद्ध नेपाल, सुखी नेपाली"**, सोह्रौं योजनाको "**सुशासन, सामाजिक न्याय र समृद्धि"**, गण्डकी प्रदेश सरकारको दोस्रो योजनाको सोच "**आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी नागरिक"** र दिगो विकास लक्ष्यसँग तादात्म्यता हुने गरी **"समृद्ध भीरकोटको आधार: कृषि, पर्यटन र सबल शहरी पूर्वाधार"** भन्ने दीर्घकालीन सोच तय गरिएको छ । यस दीर्घकालीन सोचलाई हासिल गर्न कृषिमा व्यवसायीकरण, गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता र पर्यटन क्षेत्रको विकासका लागि दिगो पूर्वाधारको विकास गर्ने दीर्घकालीन समष्टिगत लक्ष्य निर्धारण गरिएको छ । उल्लेखित दीर्घकालीन सोच, दीर्घकालीन लक्ष्य तथा उद्देश्य पूरा गर्न रणनीति तथा कार्यनीतिहरू र कार्यक्रमहरू तय गरिएका छन् ।

**(२) सबल पक्ष**

(क) भीरकोट नगरपालिकाको प्रथम आवधिक योजना तर्जुमा हुनु;

(ख) नियमित रूपमा तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषणको लागि GIS र Online Software मा आधारित Profile उपलब्ध हुनु;

(ग) योजना तर्जुमा प्रति आम समुदायको चासो र सहभागिता बढ्दै जानु;

(घ) प्रदेश सरकारबाट योजना तर्जुमा सम्बन्धी क्षमता विकास कार्यक्रम भई जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकास हुनु;

(ङ) विगत ८ वर्षको योजना तर्जुमा सम्बन्धी अभ्यासबाट अनुभव प्राप्त हुनु ।

**(३) दुर्बल पक्ष**

(क) आवश्यकता सम्बोधन गर्नेगरी बजेटको अभाव हुनु;

(ख) वार्षिक योजना निर्माण गर्दा आवधिक योजनालाई आधार लिने अभ्यास नहुनु;

(ग) योजना छनोट र प्राथमिकीकरण सम्बन्धमा पर्याप्त ज्ञान नहुनु;

(घ) टुक्रे साना योजनाहरू छनोट हुनु;

(ङ) संघीय र प्रादेशिक योजनासँग तादात्म्यता हुने गरी योजना निर्माण गर्न नसकिनु;

(च) योजना तर्जुमालाई मार्गनिर्देश गर्न आवश्यक स्थानीय तहस्तरको खण्डीकृत तथ्याङ्कको उपलब्धता नहुनु।

**(४) अवसर**

(क) राष्ट्रिय योजना आयोगबाट स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन उपलब्ध हुनु;

(ख) संघीय तथा प्रादेशिक योजना आयोगहरूबाट नियमित योजना तर्जुमा हुनु;

(ग) राष्ट्रिय तथ्याङ्क कार्यालयबाट वडास्तर सम्मको खण्डीकृत केही तथ्याङ्कहरू उपलब्ध हुनु;

(घ) अनुभव उपयोग गर्न सक्ने सम्भावना रहनु।

**(५) चुनौती**

(क) नियमित रूपमा विषयगत तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण गरी योजना छनोट प्रणालीको आधारशिला तयार गर्नु;

(ख) आवधिक योजनाको आधारमा वार्षिक योजना तर्जुमा गर्नु;

(ग) आर्थिक समृद्धि हासिल हुने गरी योजना छनोट र प्राथमिकीकरण गर्नु;

(घ) वार्षिक विकास कार्यक्रम र मध्यमकालीन खर्च संरचना बिचको सामन्जस्य कायम गर्दै योजना कार्यान्वयन प्रभावकारी बनाउनु;

(ङ) योजना कार्यान्वयन गर्ने संयन्त्रको क्षमता र दक्षता अभिवृद्धि गरी योजना कार्यान्वयन गर्नु।

### ९.२.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति

**दीर्घकालीन सोच**

"नतिजामुखी योजना तर्जुमा र कार्यान्वयन प्रणाली, सामाजिक तथा आर्थिक विकासको आधार स्तम्भ"

**लक्ष्य**

योजनाहरूको लक्ष्य र परिणाम बिच सामन्जस्य कायम गर्ने।

**उद्देश्य**

१ तथ्यमा आधारित परिणाममुखी योजना तर्जुमा गर्नु;

२ योजनाको प्रभावकारी कार्यान्वयन गर्नु;

३ योजनाहरूको अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्नु।

### ९.२.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
| --- | --- |
| **उद्देश्य १: तथ्यमा आधारित परिणाममुखी योजना तर्जुमा गर्नु** | |
| १.१ तथ्याङ्कको वैज्ञानिक प्रयोग गर्दै परिणाममुखी नीति तथा योजना निर्माण गर्ने | १.१.१ तथ्यपूर्ण तथ्याङ्कहरूको उपयोग गरी योजना निर्माणमा उपयोग गरिनेछ;<br>१.१.२ योजना निर्माणलाई परिष्कृत र सहभागितामूलक बनाउन आन्तरिक तथा बाह्य विषयगत विज्ञ व्यक्तितत्वहरू र विकास साझेदारहरूसँग निरन्तर सहकार्य र समन्वय गरिनेछ;<br>१.१.३ नगरपालिकाको योजना निर्माणका लागि संघीय तथा प्रादेशिक निकायहरूसँग निरन्तर सहकार्य र समन्वय गरिनेछ;<br>१.१.४ नगरपालिकाको नीति र योजना उत्पादन, उत्पादकत्व र रोजगार वृद्धितर्फ लक्षित मध्यमकालीन खर्च संरचना र वार्षिक योजना तर्जुमा गरिनेछ। |
| **उद्देश्य २: योजनाको प्रभावकारी कार्यान्वयन गर्नु** | |
| २.१ विषयगत मापदण्ड बनाई विषयगत शाखागत सम्बन्ध र अन्तर सरकारी समन्वय कायम गर्ने | २.१.१ हरेक योजनाको समय तालिका, लागत, स्थान, सहभागिता, स्रोत, गुणस्तर र परिणामको बारेमा मापदण्ड बनाई कार्यान्वयन गरिनेछ;<br>२.१.२ योजना कार्यान्वयन गर्ने निकायको संस्थागत सुधार तथा क्षमता र दक्षता अभिवृद्धि गरिनेछ;<br>२.१.३ भौगोलिक र क्षेत्रगत सन्तुलन कायम हुने गरी आयोजनाको पहिचान, छनोट र प्राथमिकीकरण गरिनेछ। |
| **उद्देश्य ३: योजनाहरूको अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्नु** | |
| ३.१ योजना अनुगमन निर्देशिका र संयन्त्र बनाई नियमित अनुगमन र समीक्षा गर्ने तथा तेस्रो र स्वतन्त्र पक्षबाट विशेष आयोजनाहरूको मूल्याङ्कन गर्ने | ३.१.१ स्थानीय तहस्तरीय, वडास्तरीय र उपभोक्ता समितिस्तरीय अनुगमन अनुगमनका लागि योजना अनुगमन निर्देशिका बनाई कार्यान्वयन गरिनेछ;<br>३.१.२ विशेष आयोजनाहरूको तेस्रो पक्षबाट पनि मूल्याङ्कन गराई सुझावहरूलाई योजना तर्जुमा गर्दा समावेश गरिनेछ;<br>३.१.३ उपलब्धि मापनको लागि परियोजनाको नतिजा सूचकसहितको प्रत्येक आयोजनाको नतिजा खाका तयार गरी कार्यान्वयन गरिनेछ। |

## ९.२.५ विस्तृत कार्यक्रम

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्रम | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष | योजनाको कुल लक्ष्य | लागत (रु. हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| **क. योजना तर्जुमा तथा कार्यान्वयन व्यवस्थापन कार्यक्रम** | | | | | | | | | | | | | | | |
| १ | १.१ | १.१.१ | १ | GIS मा आधारित Online Profile मार्फत् तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण | पटक | पालिका | ० | ५ | ० | ० | ० | ० | ० | **०** | पालिका |
| | | | २ | Spatial based आवधिक योजना तर्जुमा | पटक | पालिका | १ | १ | ० | ० | ० | ० | १००० | **१०००** | पालिका |
| | | १.१.२ | १ | पालिकाभित्र उपलब्ध तथा थप विज्ञता आवश्यक परेमा बाह्य विज्ञहरूसँग छलफल | पटक | पालिका | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | पालिका |
| | | १.१.३ | १ | संघीय तथा प्रादेशिक निकायहरूसँग छलफल | पटक | पालिका | निरन्तर | ५ | ५० | ५० | ५० | ५० | ५० | **२५०** | पालिका |
| | | | २ | वार्षिक योजना/कार्यक्रम निर्माण | सङ्ख्या | पालिका | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | **५००** | पालिका |
| २ | २.१ | २.१.१ | १ | योजनाको वर्गीकरण गर्न मापदण्ड निर्माण | प्याकेज | पालिका | ० | १ | ५० | ० | ० | ० | ० | **५०** | पालिका |
| | | २.१.२ | १ | विषयगत शाखाहरूलाई अभिमुखीकरण कार्यक्रम (कार्यक्रम कार्यान्वयन निर्देशिका) | पटक | पालिका | ० | ५ | ५० | ५० | ५० | ५० | ५० | **२५०** | पालिका |
| | | २.१.३ | १ | योजनाको पहिचान, छनोट र प्राथमिकीकरण सम्बन्धी तालिम | पटक | सबै वडा | ० | ३ | २५० | ० | २५० | ० | २५० | **७५०** | पालिका |
| ३ | ३.१ | ३.१.१ | १ | अनुगमन तथा मूल्याङ्कन निर्देशिका तर्जुमा | सङ्ख्या | पालिका | १ | १ | ५० | ० | ० | ० | ० | **५०** | पालिका |
| | | | २ | अनुगमन सूचक निर्माण | पटक | पालिका | ० | १ | ५० | ० | ० | ० | ० | **५०** | पालिका |
| | | | ३ | अनुगमन तथा पृष्ठपोषण | पटक | पालिका/वडा | १ | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | **१५००** | पालिका |
| | | | ४ | आवधिक योजनाको समीक्षा | पटक | पालिका | ० | १ | ० | ० | ० | ० | ३०० | **३००** | पालिका |
| | | ३.१.२ | १ | चौमासिक तथा वार्षिक समीक्षा | पटक | पालिका | नियमित | २० | २०० | २०० | २०० | २०० | २०० | **१०००** | पालिका |
| | | | २ | विशेष आयोजनाहरूको तेस्रो पक्षबाट मूल्याङ्कन | पटक | पालिका | ० | २ | ० | ० | ३०० | ० | ३०० | **६००** | पालिका |
| | | ३.१.३ | १ | प्रत्येक आयोजनाको नतिजा खाका तयार गर्ने | पटक | पालिका | ० | १ | ० | ० | ० | ० | २०० | **२००** | पालिका |
| | **जम्मा** | | | | | | | | **१२००** | **८००** | **१३५०** | **८००** | **२८५०** | **७०००** | |
| | **पालिकाको हिस्सा** | | | | | | | | **१२००** | **८००** | **१३५०** | **८००** | **२८५०** | **७०००** | |

## ९.२.६ नतिजा

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| प्रभाव | योजनाहरूको लक्ष्य र उपलब्धि बिच सामान्जस्यता कायम भएको हुने | राष्ट्रिय तथा प्रादेशिक लक्ष्यसँग तुलना गर्न मिल्ने स्थानीय तहको लक्ष्य | | | | | | | | | योजना दस्तावेज | योजना शाखा | |

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| असर १ | तथ्याङ्कको वैज्ञानिक प्रयोग मार्फत परिणाममुखी नीति तथा योजनाको निर्माण भएको हुने | तथ्यपरक योजना निर्माण भएको छ भनी विश्वास गर्ने जनता | प्रतिशत | | | | | | | | अध्ययन प्रतिवेदन | ,, | |
| प्रतिफल १.१ | GIS मा आधारित Online Profile बाट तथ्यपूर्ण तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण गरी योजना तर्जुमाका सरोकारवालालाई उपलब्ध भएको हुने | तथ्याङ्कहरूको सूची | सङ्ख्या | | | | | | | | वार्षिक प्रतिवेदन | ,, | |
| | | आवधिक योजना तर्जुमा | सङ्ख्या | २ | ० | ० | ० | ० | १ | ३ | ,, | ,, | |
| प्रतिफल १.२ | योजना निर्माणलाई परिष्कृत र सहभागितामूलक बनाउन आवश्यकता र विशिष्टताको आधारमा आन्तरिक तथा बाह्य विज्ञ तथा विकास साझेदारहरूसँग निरन्तर सहकार्य र समन्वय भएको हुने | आन्तरिक तथा बाह्य विज्ञ तथा विकास साझेदारहरूसँग छलफल कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | ५ | ,, | ,, | |
| प्रतिफल १.३ | नगरपालिकाको योजना निर्माणका लागि संघीय तथा प्रादेशिक निकायहरूसँग सहकार्य र समन्वय भएको हुने | संघीय तथा प्रादेशिक निकायहरूसँग छलफल कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | ५ | ,, | ,, | |
| प्रतिफल १.४ | नगरपालिकाको नीति तथा योजना उत्पादन, उत्पादकत्व र रोजगार वृद्धि गर्नेतर्फ लक्षित मध्यमकालीन खर्च संरचना र वार्षिक योजना तर्जुमा भएको हुने | उत्पादन, उत्पादकत्व र रोजगार वृद्धि | प्रतिशत | | | | | | | | अध्ययन प्रतिवेदन | ,, | |
| | | मध्यमकालीन खर्च संरचना तर्जुमा | सङ्ख्या | | १ | ० | ० | १ | ० | २ | वार्षिक प्रतिवेदन | ,, | |
| | | वार्षिक योजना/कार्यक्रम तर्जुमा | सङ्ख्या | | १ | १ | १ | १ | १ | ५ | ,, | ,, | |
| असर २ | विषयगत मापदण्ड बनी प्रभावकारी कार्यान्वयन भएको हुने | विषयगत योजना वर्गीकरण मापदण्ड निर्माण | सङ्ख्या | | १ | ० | ० | ० | ० | १ | ,, | ,, | |
| प्रतिफल २.१ | हरेक योजनाको समय तालिका, लागत, स्थान, सहभागिता, स्रोत, गुणस्तर र परिणामको बारेमा मापदण्ड बनी कार्यान्वयन भएको हुने | योजनाको वर्गीकरण गर्न मापदण्ड निर्माण | सङ्ख्या | | १ | ० | ० | ० | ० | १ | ,, | ,, | |
| प्रतिफल २.२ | योजना कार्यान्वयन गर्ने निकायको संस्थागत सुधार तथा क्षमता र दक्षता अभिवृद्धि भएको हुने | विषयगत शाखाहरूलाई योजना कार्यान्वयन सम्बन्धी तालिम | पटक | | १ | १ | १ | १ | १ | १ | ,, | ,, | |
| प्रतिफल २.३ | नगरपालिकाको भौगोलिक तथा विषयक्षेत्रगत सन्तुलन कायम हुने गरी आयोजनाको पहिचान छनोट र कार्यान्वयन भएको हुने | वडागत सरदर योजना | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| | | विषय क्षेत्रगत सरदर योजना | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| असर ३ | योजनाहरूको अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास भई मूल्याङ्कन भएको हुने | अनुगमन तथा मूल्याङ्कन गरिएको आयोजना | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ३.१ | योजना अनुगमन तथा मूल्याङ्कन निर्देशिका बनी कार्यान्वयन भएको हुने | अनुगमन तथा मूल्याङ्कन निर्देशिका | सङ्ख्या | | १ | ० | ० | ० | ० | १ | ,, | ,, | |
| | | अनुगमन सूचक निर्माण | पटक | | १ | ० | ० | ० | ० | ० | ,, | ,, | |
| | | अनुगमन तथा पृष्ठपोषण | पटक | | १ | १ | १ | १ | १ | ५ | ,, | ,, | |
| | | चौमासिक तथा वार्षिक समीक्षा | सङ्ख्या | | ४ | ४ | ४ | ४ | ४ | २० | ,, | ,, | |
| प्रतिफल ३.२ | विशेष आयोजनाहरूको तेस्रो पक्षबाट पनि मूल्याङ्कन भई सुझावहरू योजना तर्जुमा गर्दा समावेश भएको हुने | तेस्रो पक्षबाट मूल्याङ्कन गरिएको आयोजना | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ३.३ | उपलब्धि मापनको लागि परियोजनाको नतिजा सूचक सहित प्रत्येक आयोजनाको नतिजा खाका तयार भएको हुने | नतिजा खाका तयार भएका आयोजना | सङ्ख्या | | | | | | | | ,, | ,, | |

## ९.३ अनुगमन तथा मूल्याङ्कन

### ९.३.१ पृष्ठभूमि

अनुगमन आयोजना कार्यान्वयनको चरणमा गरिने निरन्तर चलिरहने प्रक्रिया हो । आयोजना कार्यक्रमको कार्यान्वयनको मध्यम तथा अन्तिम चरणमा मूल्याङ्कन गरिन्छ । अनुगमनको मुख्य उद्देश्य चालु परियोजनाको प्रगति र समस्याहरूको विषयमा सरोकारवालाहरूलाई समयमा नै जानकारी गराई परियोजनालाई सही बाटोमा हिँडाउनु हो । नगरपालिकाका चालु परियोजनाहरूलाई सक्रिय र परिणाममुखी बनाउन नगरपालिकामा अनुगमन प्रणालीको विकास गर्न जरुरी छ । अनुगमनले विकास कार्यक्रम र आयोजनाहरूको नतिजा खोज्ने र कार्यान्वयन गर्ने पक्षलाई बढी जिम्मेवार बनाउनुका साथै जवाफदेही पनि बनाउँछ । अनुगमन तथा मूल्याङ्कनले कार्यक्रम तथा आयोजनाका सबल तथा दुर्बल पक्ष पत्ता लगाई समयमै सुधार गर्न सूचना उपलब्ध गराउँछ । अनुगमन तथा मूल्याङ्कनको परिणामले वर्तमान र भविष्यका पहलहरू मानव जीवन सुधार गर्न र आफ्ना छनोटहरू विस्तार गर्ने निर्णय लिन मद्दत पुर्‍याउँछ ।

### ९.३.२ विद्यमान अवस्था, सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती

**(१) विद्यमान अवस्था**

भीरकोट नगरपालिकामा नगरपालिकाका उपप्रमुखको संयोजकत्वमा एक अनुगमन समिति रहेको छ । यसले नगरपालिकाभित्रका योजना तथा कार्यक्रमहरूको नियमित रूपमा अनुगमन कार्य गर्दै आएको भए तापनि मूल्याङ्कन सम्बन्धी कार्यविधि बनिनसकेकोले व्यवस्थित अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास भएको छैन । वार्षिक तथा आवश्यकता अनुसार समीक्षा कार्यक्रम हुँदै आएकोले धेरथोर अनुगमन तथा मूल्याङ्कन कार्यहरू भइरहेका छन् । हालसम्म तेस्रो पक्षबाट विशेष योजनाहरूको मूल्याङ्कन गरिएको अवस्था छैन ।

**(२) सबल पक्ष**

(क) कानूनमा नै स्थानीय तहस्तरीय अनुगमन समितिको व्यवस्था हुनु;

(ख) उपभोक्ता समिति गठन र सञ्चालन सम्बन्धी कानून बनी कार्यान्वयन हुनु;

(ग) स्थानीय तहस्तरीय, वडास्तरीय तथा उपभोक्ता समितिस्तरीय अनुगमन संयन्त्रबाट अनुगमन अभ्यास हुनु ।

**(३) दुर्बल पक्ष**

(क) तथ्याङ्कको कमजोर आधार हुनु;

(ख) आवश्यक तथ्याङ्क र सूचनाहरू उपलब्ध र व्यवस्थित नहुनु;

(ग) कर्मचारीको स्थायित्व नहुनु ।

**(४) अवसर**

(क) अनुगमन तथा मूल्याङ्कन बारे संस्थागत धारणा बन्नु,

(ख) संघ, प्रदेश, जिल्ला समन्वय समितिबाट पनि अनुगमन हुनु;

(ग) आम सञ्चार र सामाजिक सञ्जाल मार्फत पृष्ठपोषण प्राप्त हुनु।

**(५) चुनौती**

(क) स्थानीय तहस्तरीय, वडास्तरीय तथा उपभोक्ता समितिस्तरीय अनुगमन संयन्त्र परिचालन गर्नु;

(ख) प्रभावकारी रूपमा अनुगमन तथा मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु;

(ग) नतिजामूलक तथ्यहरूको पहिचान गरी आयोजनामा समावेश गर्नु ।

### ९.३.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति

**दीर्घकालीन सोच**

"आयोजनाको प्रभावकारी कार्यान्वयन र लाभग्राहीमा सकारात्मक प्रभाव"

**लक्ष्य**

आयोजनाहरूको नतिजा तथा प्रभावहरूको मापन गर्ने ।

**उद्देश्य**

१ अनुगमन तथा मूल्याङ्कन संरचनाको सबलीकरण र नीतिगत व्यवस्था गर्नु;

२ योजनाहरूको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनु;

३ आयोजनाहरूको प्रतिफल, नतिजा र प्रभावहरूको मापन गर्नु ।

### ९.३.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: अनुगमन तथा मूल्याङ्कन संरचनाको सबलीकरण र नीतिगत व्यवस्था गर्नु** | |
| १.१ अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नीति बनाई लागु गर्ने | १.१.१ अनुगमन तथा मूल्याङ्कन निर्देशिका बनाई कार्यान्वयन गरिनेछ । |
| १.२ अनुगमन तथा मूल्याङ्कन कार्य प्रभावकारी रूपमा कार्यान्वयन गर्ने | १.२.१ नगरपालिकास्तरीय विकास समस्या समाधान समिति र अनुगमन तथा मूल्याङ्कन समिति तथा वडास्तरीय अनुगमन समितिलाई प्रभावकारी बनाइनेछ,<br>१.२.२ उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाहरूमा सबै उपभोक्ता समितिमा अनुगमन समितिको व्यवस्था गरी अनुगमन प्रतिवेदनलाई भुक्तानीको आधार बनाईनेछ । |
| **उद्देश्य २: योजनाहरूको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनु** | |
| २.१ जनशक्तिको क्षमता अभिवृद्धि गर्ने | २.१.१ अनुगमन तथा मूल्याङ्कन निर्देशिका प्रयोगबारे नगरपालिकास्तरीय अनुगमन समिति वडास्तरीय अनुगमन समिति र उपभोक्ता समितिका अनुगमन समितिका पदाधिकारीहरूलाई अभिमुखीकरण गरिनेछ । |
| २.२ योजना तथा कार्यक्रमहरूको हरेक पक्षलाई आधारमानी अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने | २.२.१ रु. ५ लाख भन्दा बढी लागतका योजनाहरूमा नगरपालिकास्तरीय अनुगमन समितिको प्रतिवेदनलाई आधार बनाइनेछ,<br>२.२.२ दीर्घकालीन लक्ष्य, आवधिक योजना, आर्थिक नीति, बजेट तथा कार्यक्रम दस्तावेज तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताका आधारमा सूचक तयार गरी अनुगमन गरिनेछ;<br>२.२.३ अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त सूचनाको विश्लेषणका आधारमा योजना तर्जुमा र कार्यान्वयनलाई परिणाममुखी र प्रभावकारी बनाइनेछ । |
| **उद्देश्य ३: आयोजनाहरूको प्रतिफल, नतिजा र प्रभावहरूको मापन गर्नु** | |
| ३.१ नीति कार्यक्रम योजना र आयोजनाहरूको मूल्याङ्कन गर्दा सान्दर्भिकता, प्रभावकारिता, कार्यकुशलता, प्रभाव, दिगोपना, समावेशिता, लैङ्गिक समता र लाभग्राहीको सन्तुष्टी जस्ता विषयका आधारमा गरिनेछ | ३.१.१ सोच तालिका, नतिजा तालिका, सूचना व्यवस्थापन प्रणाली र अनुगमन तथा मूल्याङ्कन, योजना तर्जुमा गरी आफैले वा तेस्रो पक्षबाट मूल्याङ्कन गरिनेछ;<br>३.१.२ अनुगमन प्रणालीलाई नियमित र प्रभावकारी बनाउन नीति, कार्यक्रम, योजना वा आयोजना निर्माण तहमा नै सूचकहरू निर्धारण गरी आयोजना सञ्चालन अगावै पूर्व मूल्याङ्कन, कार्यान्वयनको चरणमा चालु मूल्याङ्कन र आयोजना सम्पन्न भएपछि उपलब्धिहरूको मापन गर्ने प्रणालीको विकास गरिनेछ,<br>३.१.३ दोस्रो आवधिक योजनामा विकास भएको नतिजा खाकालाई प्रत्येक नीति, कार्यक्रम, योजना तथा आयोजना मूल्याङ्कनको आधार मानिनेछ । |

## ९.३.५ विस्तृत कार्यक्रम

| उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | क्र.सं | कार्यक्रम | एकाइ | योजना स्थल | आधार वर्ष | योजनाको कुल लक्ष्य | लागत (रु हजारमा) | | | | | | लगानीको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८२/८३ | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| **क. अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढीकरण कार्यक्रम** | | | | | | | | | | | | | | | |
| १ | १.१ | १.१.१ | १ | योजना तर्जुमा तथा कार्यान्वयनको कार्यनीति ३.१.१ ले समेट्ने | सङ्ख्या | पालिका | ० | १ | ० | ० | ० | ० | ० | ० | पालिका |
| | १.२ | १.२.१ | १ | नगरपालिकास्तरीय वडास्तरीय र उपभोक्ता समिति स्तरीय अनुगमन समिति गठन | पटक | पालिका | १ | निरन्तर | ० | ० | ० | ० | ० | ० | पालिका |
| | | १.२.२ | १ | नियमित अनुगमन र भुक्तानी सिफारिश | पटक | पालिका | निरन्तर | ५ | ० | ० | ० | ० | ० | ० | पालिका |
| २ | २.१ | २.१.१ | १ | अनुगमन मूल्याङ्कन अभिमुखीकरण | सङ्ख्या | पालिका | ० | १ | १०० | ० | ० | १०० | ५० | २५० | पालिका |
| | २.२ | २.२.१ | १ | नगरपालिकास्तरीय अनुगमन समितिबाट अनुगमन | पटक | पालिका | निरन्तर | निरन्तर | ० | ० | ० | ० | ० | ० | पालिका |
| | | २.२.२ | १ | अनुगमन सूचक तयारी | पटक | पालिका | ० | १ | ० | ० | ० | ० | ० | ० | पालिका |
| | | २.२.३ | १ | चौमासिक तथा वार्षिक समीक्षा कार्यक्रम | पटक | पालिका | निरन्तर | २० | १०० | १०० | १०० | १०० | १०० | ५०० | पालिका |
| ३ | ३.१ | ३.१.१ | १ | छनोट भएका योजनाहरूको प्रभाव मूल्याङ्कन | पटक | पालिका | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | पालिका |
| | | ३.१.३ | १ | दोस्रो आवधिक योजनाको सिकाइ अभिलेख तयार गरी तेस्रो आवधिक योजनालाई पृष्ठपोषण गर्ने | पटक | पालिका | ० | १ | ० | ० | ० | ० | ३०० | ३०० | पालिका |
| | **जम्मा** | | | | | | | | **३००** | **२००** | **२००** | **३००** | **५५०** | **१५५०** | |
| | **पालिकाको हिस्सा** | | | | | | | | **३००** | **२००** | **२००** | **३००** | **५५०** | **१५५०** | |

## ९.३.६ नतिजा

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ | २०८७।८८ | | | | |
| प्रभाव | आयोजनाहरूको नतिजा तथा प्रभावको प्रभावकारी मापन भएको हुने | प्रभाव मूल्याङ्कन प्रतिवेदन | सङ्ख्या | | | | | | | | अध्ययन प्रतिवेदन | योजना शाखा | |
| असर १ | अनुगमन तथा मूल्याङ्कन संरचनाको निर्माण तथा नीतिगत व्यवस्था भई लागु भएको हुने | अनुगमन तथा मूल्याङ्कन निर्देशिका निर्माण | सङ्ख्या | | १ | ० | ० | ० | ० | १ | वार्षिक प्रतिवेदन | ,, | |

| नतिजास्तर | नतिजा | सूचक | एकाइ | आधार वर्ष २०८२।८३ | उपलब्धि | | | | | योजना अवधिको उपलब्धि | पुष्ट्याइँको स्रोत | जिम्मेवार निकाय | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | | | | |
| | | अनुगमन तथा मूल्याङ्कन गरिएका आयोजना | सङ्ख्या | | | | | | | | | | |
| प्रतिफल १.१ | अनुगमन तथा मूल्याङ्कन निर्देशिका तयार भएको हुने | अनुगमन तथा मूल्याङ्कन निर्देशिका निर्माण | सङ्ख्या | | १ | ० | ० | ० | ० | १ | ,, | ,, | |
| प्रतिफल १.२ | नगरपालिकास्तरीय वडास्तरीय तथा उपभोक्ता समितिस्तरीय अनुगमन समिति गठन भई प्रभावकारी बनेको हुने | अनुगमन समिति | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| असर २ | योजनाहरूको अनुगमन तथा मूल्याङ्कन प्रभावकारी भएको हुने | समस्या समाधान समितिले पहिचान गरेका र समाधान भएका समस्याको अनुपात | प्रतिशत | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.१ | अनुगमन तथा मूल्याङ्कन निर्देशिका प्रयोगबारे अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको हुने | अनुगमन तथा मूल्याङ्कन तालिम | सहभागी सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.२ | रु ५ लाख भन्दा बढी लागतका योजनाहरूको नगरपालिकास्तरीय अनुगमन समितिबाट भुक्तानीपूर्व अनुगमन भएको हुने | नगरपालिकास्तरीय अनुगमन समितिको मासिक बैठक | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.३ | अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य गर्ने जनशक्तिको नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन सम्बन्धी मेट्रिक्स प्रयोग गर्ने दक्षता हासिल भएको हुने | अनुगमन तथा मूल्याङ्कन सूचक | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल २.४ | योजना तथा कार्यक्रमहरूको चौमासिक तथा वार्षिक समीक्षा भई प्राप्त पृष्ठपोषण पछिल्ला योजनाहरूको तर्जुमामा प्रयोग भएको हुने | पृष्ठपोषण सूची | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| असर ३ | नीति, कार्यक्रम, योजना र आयोजनाहरूको मूल्याङ्कन सान्दर्भिकता, प्रभावकारिता, कार्यकुशलता, प्रभाव, दिगोपना, समावेशिता, लैङ्गिक समता र लाभग्राही सन्तुष्टी जस्ता मापदण्डको आधारमा भएको हुने | मूल्याङ्कन भएका आयोजना | सङ्ख्या | | | | | | | | ,, | ,, | |
| प्रतिफल ३.१ | योजना आयोजनाहरूको मूल्याङ्कन भएको हुने | तेस्रो पक्षबाट मूल्याङ्कन भएका योजना आयोजना | सङ्ख्या | | | | | | | | अध्ययन प्रतिवेदन | ,, | |
| | | प्रभाव मूल्याङ्कन भएका योजना आयोजना | सङ्ख्या | | | | | | | | ,, | ,, | |

## सन्दर्भ सामग्री


१ गण्डकी प्रदेश नीति तथा योजना आयोग (२०८१)। *दोस्रो पञ्चवर्षीय योजना (आर्थिक वर्ष २०८१/८२ – २०८५/८६)*। https://ppcgandaki.vtechnepal.com/list/plans/second%20five%20year%20planning

२ नेपाल कानून आयोग (२०८१)। *नेपालको संविधान २०७२। https://lawcommission.gov.np/content/13437/nepal-s-constitution/*

३ नेपाल सरकार अर्थ मन्त्रालय (२०८१)। *अन्तर - सरकारी वित्त व्यवस्थापन ऐन, २०७४।* https://lawcommission.gov.np/content/13411/intergovernment-finance-management-act--2074/

४ नेपाल सरकार अर्थ मन्त्रालय (२०८३)। *आर्थिक सर्वेक्षण, २०८२/८३*। https://mof.gov.np/content/1738/economic-survey-2082-83/

५ नेपाल सरकार अर्थ मन्त्रालय (२०८२)। *आर्थिक सर्वेक्षण, २०८१/८२*। https://giwmscdnone.gov.np/media/pdf_upload/आर्थिक%20सर्वेक्षण%202081-82_ksjdgmv.pdf

६ नेपाल सरकार अर्थ मन्त्रालय (२०८१)। *आर्थिक सर्वेक्षण, २०८०/८१*। https://giwmscdnone.gov.np/media/pdf_upload/आर्थिक%20सर्वेक्षण%202081-82_ksjdgmv.pdf

७ https://mof.gov.np/content/210/economic-survey-2080-81-fsubs/

८ नेपाल सरकार अर्थ मन्त्रालय (२०८१)। *प्रदेश तथा स्थानीय तहका लागि लैंगिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७*। https://mof.gov.np/content/121/langical-good-good-good-branching-budget-directory-for-state/

९ नेपाल सरकार अर्थ मन्त्रालय (२०८१)। *राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४। https://mof.gov.np/content/28/national-natural-resources-and-finance-commission-act-/*

१० नेपाल सरकार भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (२०७६)। *आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६*। https://mofaga.gov.np/detail/1702

११ नेपाल सरकार भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (२०७६)। *सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४*। https://mofaga.gov.np/detail/1701

१२ नेपाल सरकार भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (२०७६)। *स्थानीय सरकार सञ्चालन ऐन, २०७४*। https://lawcommission.gov.np/content/12760/12760-local-government-regu-/

१३ नेपाल सरकार महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय (२०८१) । *बालबालिका सम्बन्धी ऐन, २०७५*। https://mowcsc.gov.np/content/25/children-s-act--2075/

१४ नेपाल सरकार वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र (२०७५)। *Forest Cover Maps of Local Levels (753) of Nepal, 2018* । http://frtc.gov.np/downloadfiles/o4-1702616412.pdf

१५ नेपाल सरकार राष्ट्रिय तथ्याङ्क कार्यालय। *नेपाल जीवनस्तर सर्भेक्षण, २०२२-२३*। https://nsonepal.gov.np/content/12061/12061-nepal-living-standards-survey/

१६ नेपाल सरकार राष्ट्रिय तथ्याङ्क कार्यालय (२०८०)। *राष्ट्रिय आर्थिक गणना २०७५ प्रमुख नतिजाहरु*। https://nsonepal.gov.np/content/7468/7468-national-economic-census-2075/

१७ नेपाल सरकार राष्ट्रिय तथ्याङ्क कार्यालय। *राष्ट्रिय कृषिगणना २०७८ प्रमुख नतिजा*। https://nsonepal.gov.np/content/7507/7507-national-sample-census-of-agri/

१८ नेपाल सरकार राष्ट्रिय तथ्याङ्क कार्यालय। *राष्ट्रिय जनगणना २०७८ पोर्टल*। https://censusresults.nsonepal.gov.np/

१९ नेपाल सरकार राष्ट्रिय तथ्याङ्क कार्यालय (२०८२)। *Small Area Estimation of Poverty 2023 (Monetary poverty at the municipality and district levels* https://nsonepal.gov.np/content/13420/sea-23/

२० Government of Nepal National Planning Commission (2018) । *Women in Nepal Statistical Highlights 2018*

२१ नेपाल सरकार राष्ट्रिय योजना आयोग (२०७९) । *आयोजना विकास, छनौट तथा प्राथमिकीकरण सम्बन्धी एकीकृत मापदण्ड, २०७९* । https://npc.gov.np/content/5021/5021/

२२ नेपाल सरकार राष्ट्रिय योजना आयोग (२०७५) । *दिगो विकासका लक्ष्यहरु*। https://giwmscdnone.gov.np/media/app/public/56/posts/1684516777_72.pdf

२३ नेपाल सरकार राष्ट्रिय योजना आयोग (२०७५) । *नेपालको दीर्घकालीन सोच २१०० (२०४३)*। https://giwmscdnone.gov.np/media/app/public/56/posts/1684321721_97.pdf

२४ नेपाल सरकार राष्ट्रिय योजना आयोग (२०७७) । *नेपाल दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिका*। https://npc.gov.np/content/5078

२५ नेपाल सरकार राष्ट्रिय योजना आयोग (२०७७) । *नेपाल मानव विकास प्रतिवेदन २०२०।* https://npc.gov.np/content/4987/4987-nepal-human-development-report/

२६ नेपाल सरकार राष्ट्रिय योजना आयोग (२०८१) । *सोह्रौँ योजना (आर्थिक वर्ष २०८१/८२ – २०८५/८६)*। https://npc.gov.np/content/6461/sixteen-plan

२७ नेपाल सरकार राष्ट्रिय योजना आयोग (२०७८) । *स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन*। https://npc.gov.np/content/5107/5107

२८ भीरकोट नगरपालिका (२०७७) । *आवधिक विकास रणनैतिक योजना (२०७६/०७७ – २०८०/०८१)* । https://bheerkotmun.gov.np/sites/bheerkotmun.gov.np/files/आवधिक%20विकास%20रणनैतिक%20योजना_0.pdf

२९ भीरकोट नगरपालिका (२०८१) । *Rural Municipal Transport Master Plan (RMTMP) Final Report*। https://bheerkotmun.gov.np/sites/bheerkotmun.gov.np/files/road-mtmp%20of%20bheerkot%20municipality.pdf

३० भीरकोट नगरपालिका । *डिजिटल प्रोफाइल सिस्टम*। https://bheerkot.municipalprofile.org/

३१ भीरकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय (२०७८) । *भीरकोट नगरपालिकाका चार वर्ष उपलब्धि विवरण* https://bheerkotmun.gov.np/sites/bheerkotmun.gov.np/files/documents/Book%20Final.pdf


३२ भीरकोट नगरपालिकाका विगतका वार्षिक नीति तथा कार्यक्रम, वार्षिक बजेट तथा कार्यक्रम, प्रगति प्रतिवेदन । https://bheerkotmun.gov.np/


३३ अन्य स्थानीय तहहरुमा कार्यान्वयन भइरहेका आवधिक योजना दिगो विकास लक्ष्यको साङ्केतीकरण ।

## Land Use Zoning Map

**Gandaki Province**

**Bheerkot Municipality**




भीरकोट नगरपालिका
(वडा अनुसार जनसङ्ख्या)
भीरकोट नगरपालिका
वडा अनुसार जनसङ्ख्या
३९६१
३३६३
२७८४
२७०२
२६६९
२०१९
१९९१
१८१६
१३४०
१
२
३
४
५
६
७
८
९
28°5'0"N
83°45'0"E
83°50'0"E
28°0'0"N
N
तथ्याङ्क स्रोत: राजग २०७८
नक्सा स्रोत: नापी विभाग
तयार गर्ने:
राम वाग्ले
0 0.5 1 2 3 कि.मि.